रवि शाक्य, इखाछेँ, यल

# स्थाननाम-कोश

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

# स्थाननाम-कोश

कृष्णप्रकाश श्रेष्ठ

…ाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं, नेपाल ।

**प्रकाशक**

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं, नेपाल ।

**प्रथम संस्करण २०४४**

HIMALAYAN BOOK CENTRE
Rs.52.00

**मुद्रक**

साझा प्रकाशनको छापाखाना
पुलचोक, ललितपुर,
नेपाल ।

# यस कोशका सन्दर्भमा

१. नेपाल अधिराज्यभित्रका कुनै न कुनै प्रकारले व्युत्पत्ति ठम्याउन सकिने वा अर्थ्याउन सकिने स्थाननाम (ठाउँका नाउँ) मात्र प्रस्तुत स्थाननाम-कोशमा वर्णानुक्रमअनुसार सङ्कलित गरिएको छ ।

२. यहाँ स्थाननामलाई केही व्यापक अर्थमा लिइएको छ । स्थाननाम भन्नाले कुनै बस्ती, गाउँ, नगर वा जिल्ला मात्र नभई पाखापर्वत, लेकबेंसी, नदीनाला, तालतलैया, भीरपहराका साथसाथै कुनै विशेष घर, मन्दिर, देवदेवीका मूर्ति इत्यादि समेत बुझ्नुपर्दछ ।

३. वर्णानुक्रमअनुसार स्थाननाम दिँदै एउटै मूलशब्दमा आधारित स्थाननामलाई सम्बद्ध-शृङ्खलाको रूपमा प्रस्तुत गरिएको छ र लिखित रूपमा विभिन्न भेदहरू पनि एकै शीर्षकमा दिइएका छन् । प्रत्येक स्थाननामको व्याख्या गर्न यथासम्भव निम्न क्रमलाई ग्रहण गरिएको छ :

क. स्थाननाम अर्थात् ठाउँको नाउँ ।

ख. अवस्थिति अर्थात् त्यो ठाउँ रहेको इलाका ।

ग. व्युत्पत्तिको भाषिक व्याख्या ।

घ. ऐतिहासिक, लौकिक वा अन्य व्याख्या ।

ङ. थप सामग्री ।

४. स्थाननामको व्याख्या एकभन्दा बढी किसिमबाट हुन सक्ने भएमा व्याख्याको क्रमसंख्या पनि दिइएको छ, तर प्राथमिकता चाहिं भाषिक व्याख्यालाई नै दिइएको छ । त्यो स्थाननाम मूल कुन भाषाबाट आएको हो भन्ने पनि सङ्केत गरिएको छ । व्याख्याको क्रममा मूल स्थाननामको सट्टा (~) चिह्न प्रयोग गरिएको छ ।

५. स्थाननामको व्युत्पत्ति र क्रमिक रूप-परिवर्तन पनि सूत्ररूपमा यथासम्भव जनाइएको छ । व्युत्पत्तिको विश्लेषण गर्दा (+) चिह्नको प्रयोग गरिएको छ भने अपभ्रंश भई रूप-परिवर्तन भएको सङ्केत (>) चिह्नले गरिएको छ ।

६. स्थाननामको व्याख्यासित सम्बन्धित विशेष उद्धरण (श्लोक वा पद्य) पनि यथासम्भव दिने जमर्को गरिएको छ । यस्तो उद्धरण पादटिप्पणीको रूपमा प्रस्तुत गरिएको छ ।

७. कोशको अन्त्यमा सन्दर्भ-ग्रन्थसूचीको पनि समावेश गरिएको छ ।

८. प्रत्येक स्थाननामको व्याख्या कुन स्रोतको आधारमा गरिएको हो भन्ने सङ्केत गर्न सन्दर्भ-ग्रन्थसूचीको सहायता लिइएको छ ।

क. स्रोतको सङ्केत गर्न कोष्ठचिह्न ( ) भित्र सन्दर्भ-ग्रन्थसूचीको क्रमसंख्या र त्यसपछि बट्टे चिह्न ( / ) राखेर पृष्ठ संख्या दिइएको छ ।

ख. यदि कुनै सन्दर्भ-ग्रन्थ विभिन्न भाग वा खण्डहरूमा विभाजित छ भने सन्दर्भ-ग्रन्थको क्रमसंख्या बुझाउने अङ्कलाई ( – ) चिह्नले अलग्याएर त्यसको भाग वा खण्डको अङ्क लेखिएको छ ।

ग. यसै गरी विभिन्न पृष्ठहरूको सङ्केत पनि ( – ) चिह्नले वा 'र' शब्दले छुट्टयाइएको छ ।

घ. दुई वा त्यसभन्दा बढी स्रोतहरू छन् भने विश्राम चिह्न ( , ) ले छुट्टयाइएको छ ।

९. अज्ञात व्युत्पत्ति, स्रोत, पृष्ठ आदिको सङ्केत गर्न प्रश्नवाचक चिह्न ( ? ) को प्रयोग गरिएको छ ।

१०. स्थाननामको व्युत्पत्ति जनाउँदा विभिन्न भाषाको सङ्केत गर्न यसरी संक्षिप्त रूपमा उल्लेख गरिएको छ :

| | | | |
|---|---|---|---|
| अंग्रेजी | अं० | नेवारी | नेवा० |
| अरबी | अ० | मगर | म० |
| किराँती | कि० | राई | रा० |
| गुरुङ | गु० | लाप्चा | ला० |
| तामाङ | ता० | लिम्बू | लि० |
| तिब्बती | ति० | शेर्पा | शे० |
| नेपाली | ने० | संस्कृत | सं० |

११. प्रस्तुत स्थाननाम-कोशमा रहन गएका त्रुटिहरूको सूचना र यसमा नपरेका स्थाननामहरूको व्याख्या-सहित विवरण तथा अन्य अमूल्य सुझाउ र सल्लाह पठाउनुहुन समस्त विज्ञ जनमा अनुरोध गरिन्छ ।

—लेखक

# नेपाली स्थाननामको नालीबेली

जनताजनार्दन नै स्थाननामको स्रष्टा हो । त्यसैले स्थाननाम हाम्रो भाषिक तथा सांस्कृतिक निधि हो। वास्तवमा भन्ने हो भने जुनसुकै भौगोलिक नाम पनि कुनै न कुनै जनजातिको रचनात्मक सिर्जनाको परिचायक हो ।

कुनै निश्चित ठाउँको सूचना दिने भौगोलिक नाउँलाई स्थाननाम (Toponym) भन्दछन्। ग्रीक भाषाको Topos अर्थात् स्थान र **Onyma** अर्थात् नामको संयोगबाट Toponym अर्थात् स्थाननाम भन्ने पारिभाषिक शब्द अस्तित्वमा आएको छ । स्थाननाम अर्थात् ठाउँको नाउँ भौगोलिक स्थितिको द्योतक हुन्छ । मुख्यतया यो कुनै भौगोलिक स्थलको ठेगाना हो र त्यसले निश्चित स्थानको बोध पनि गराउँछ । त्यसैले स्थाननामको ठूलो व्यावहारिक महत्त्व हुने कुरा निर्विवाद नै छ ।

स्थाननामहरू विभिन्न युगमा विभिन्न जनभाषाहरूबाट प्रादुर्भाव हुन्छन् । कतिपय स्थाननामको व्युत्पत्ति सहजै पत्ता लगाउन सकिन्छ भने अधिकांश स्थाननामहरू चाहिं यस्ता हुन्छन् जसलाई सहजै अर्थ्याउन सकिंदैन । स्थाननामहरू खास गरी प्राचीन कालदेखि नै प्रचलित हुँदै हामीसम्म आइपुग्ने हुनाले तिनको नालीबेली पहिल्याउन गाह्रो नै पर्छ । कारण, त्यो नाउँ जुन भाषामा राखिएको थियो त्यो भाषा नै लोप भएर गैसकेको हुनु कुनै अनौठो कुरा हुँदैन । फेरि कालक्रमअनुसार उच्चारण भेदले गर्दा पनि स्थाननामहरू नचिनिने किसिमबाट अपभ्रंश हुँदै जान्छन् र तिनको व्युत्पत्तिको भेउ समेत पाउन मुश्किल पर्छ । जे होस्, स्थाननाम अर्थरहित चाहिं अवश्य हुँदैनन्, यद्यपि तिनको अर्थ ठम्याउन हतपती सकिंदैन । जुनसुकै स्थाननामले पनि भौगोलिक अवस्थिति वा त्यस स्थानसित सम्बन्धित कुनै न कुनै ऐतिहासिक, सांस्कृतिक, धार्मिक, नृवंशात्मक, सामाजिक आदि तथ्यको सङ्केत दिन्छ नै ।

यहाँ छोटकरीमा नेपाली स्थाननामहरूको नालीबेली पत्ता लगाउने केही आधारहरूको चर्चा गर्नु युक्तिसङ्गत हुनेछ ।

**स्थाननामको विश्लेषण र व्याख्या**

स्थाननामहरूको विश्लेषण र व्याख्या मुख्यतया भाषिक आधारमा नै गर्नु जरूरी हुन्छ, किनभने यो कुनै न कुनै भाषाकै अभिन्न अङ्ग हो । परन्तु भौगोलिक तथा ऐतिहासिक आधारलाई पनि ध्यान नदिन सकिंदैन । भौगोलिक अवस्थिति अर्थात् दिक् र ऐतिहासिक घटनाक्रम अर्थात् काल नै प्रायशः स्थाननामहरू अस्तित्वमा आउने मुख्य कारण हुन् । फेरि देशकालअनुसार स्थाननाममा हेरफेर पनि भइ नै रहन्छ । यिनै तथ्यहरूलाई ध्यानमा राखेर नेपाली स्थाननामहरूको विश्लेषण र व्याख्या गर्दै तिनको व्युत्पत्ति खोतल्नुपर्ने हुन्छ ।

**१. स्थाननामको भाषिक व्याख्या**

स्थाननाम पनि कुनै न कुनै जनभाषाकै शब्द भएको हुँदा सर्वप्रथम भाषिक आधारमा नै त्यसको व्याख्या **गर्नु आवश्यक** देखिन्छ अर्थात् स्थाननामको मूल स्रोत, संरचना, व्युत्पत्ति, उच्चारण आदि भाषागत आधारमा **नै स्थाननामलाई** अर्थ्याउनुपर्छ ।

नेपालका स्थाननामहरूको स्रोतलाई मुख्यतया दुई भागमा विभाजित गर्न सकिन्छ । देशको उत्तरी भेकतिर तिब्बत-बर्मेली भाषा परिवारसित सम्बद्ध स्थाननामहरू बहुसंख्यामा पाइन्छन् भने दक्षिणी भेकतिर चाहिं भारोपेली भाषा परिवारसित सम्बद्ध स्थाननामहरूको प्राचुर्य छ । पहिलो वर्गका स्थाननामहरू किराती (राई-लिम्बू), मगर, गुरुङ, तामाङ, तिब्बती (सेर्पा, भोटे, सौका), थकाली, नेवारी आदि भाषाहरूमा छन् भने दोस्रो वर्गका स्थाननामहरूको मुहान नेपाली (खस), मैथिली, भोजपुरी, थारू, अवधी, हिन्दी, अरबी र संस्कृत भाषाहरू हुन् । प्रथम वर्गमा पर्ने स्थाननामहरूको अन्तमा 'लङ' ('लुङ'), 'जोंग' ('जुंग'), 'ला', 'लग्ना', 'दी', 'खु' आदि प्रत्यय रहन्छन् । मोटामोटी रूपमा 'ङ' कारमा अन्त हुने सबै स्थाननामहरू यसै वर्गभित्र पर्दछन् । दोस्रो वर्गका स्थाननामहरूको अन्त्यमा 'टार', 'बेंसी', 'चौर', 'गढी', 'कोट', 'गन्ज', 'पुर', 'बजार', 'गाउँ' आदि आउँछन् । यसरी स्थाननामको रूपतत्त्वको दृष्टिले नेपाली स्थाननामहरूलाई मुख्यतः दुई वर्गमा विभाजित गर्न सकिन्छ ।

भौगोलिक नाउँ लगायत जुनसुकै शब्दले पनि कुनै न कुनै अर्थ बोकेको हुन्छ । स्थाननामहरूको अर्थ खुलाउन मुख्यतया शब्द-रचनाको दृष्टिले विश्लेषण गर्नु युक्तिसंगत हुन्छ । अधिकांश स्थाननामहरू संज्ञा शब्द नै हुन्: किनभने ती सबै व्यक्तिवाचक संज्ञाअन्तर्गत नै पर्न आउँछन् । तर विशेषण शब्द पनि यदाकदा स्थाननामको रूपमा उपयोग भएको पाइन्छ (जस्तै—बुधबारे, शनिबारे, माछापुच्छ्रे आदि) । जे होस्, शब्दका संरचनाको दृष्टिले स्थाननामहरू मुख्यतः सरल र समस्त शब्दमा विभाजित गर्न सकिन्छ र अधिक मात्रामा चाहिं समस्त शब्द नै प्रचलित भएको पाइन्छ । खास गरी विशेषण र संज्ञाको योगद्वारा स्थाननाम बनेका भेट्टाइन्छ (जस्तै—चिसापानी, सिरानचोक, नुवाकोट, गलकोट, धादिङ, सैलुङ, मर्स्याङदी इत्यादि) । यस किसिमबाट बनेका स्थाननामहरूमा अगिल्ला विशेषण शब्दले चाहिं विशेषतः निम्नलिखित कुराहरूको बोध गराउँछन्—

| | विवरण | विशेषण | उदाहरण |
|---|---|---|---|
| १. | कालबोधक | नयाँ, पुरानो | नयाँबजार, पुरानोदफ्तर, नयाँसडक (न्यू रोड), पुरानो कोट |
| २. | सतहबोधक | तल्लो, उपल्लो | तल्लो स्वराड, उपल्लो स्वराड |
| | | (थः, क्वः) | ठहिटी, क्वहिटी |
| ३. | आकारबोधक | ठूलो, सानो, | सानो ठिमी, |
| | | लामो, गहिरो, छोटो | गैरीधारा |
| ४. | रङ्गबोधक | सेतो, कालो, | सेती गण्डकी, कालीगण्डकी कालीमाटी |
| | | (श्वेत, कृष्ण) | श्वेतगंगा, कृष्णागण्डकी |
| | | रातो, हरियो, नीलो, पहेंलो | रातो मच्छेन्द्रनाथ |
| ५. | संख्याबोधक | पाँच, छ, तेह्र, दश, सय | पाँचमाने, छथुम, तेह्रथुम, सोह्रखुट्टेपाटी, दशगजा, सैलुङ |

दुई वा त्यसभन्दा बढी शब्दको योगबाट निर्मित स्थाननामको पछिल्लो अंश खास गरी संज्ञा शब्द हुन्छ र प्रत्ययको रूपमा प्रयोग हुने त्यस शब्दले निम्न अवस्थितिहरूको बोध गराउँछन्—

| | विवरण | संज्ञा—प्रत्यय |
|---|---|---|
| १. | स्थलनामसूचक | टार, डाँडा (गिरि, गुँ), चौर (खेल), भन्ज्याङ (च्यौराली), फेदी, बेंसी (उपत्यका) |
| २. | जलनामसूचक | खोला (गाड, खुसि, दी), नदी (गंगा, खु), ताल (दह, कुण्ड, सरोवर), धारा (हिटी) |
| ३. | वनस्पतिसूचक | वन, घारी, झाडी, चहुर (ख्यः), खर्क |

| | | |
|---|---|---|
| ४. | सामाजिक स्थितिसूचक | गाउँ (ग्राम), टोल (त्वाः), सडक (पथ, मार्ग), बजार, नगर(पुर, गन्ज) |
| ५. | ऐतिहासिक राजनीतिक स्थितिसूचक | गढ (गढी), कोट, खलंगा, दरा, प्रगन्ना, जिल्ला, अञ्चल |
| ६. | धार्मिक स्थितिसूचक | धाम, स्थान (थान), नाथ, ईश्वर, बहाल (बही,) चैत्य (चेर्तोन), गुम्बा, तीर्थ, घाट, कुण्ड |
| ७. | स्मृतिबोधक | पुर, गन्ज, पथ, मार्ग, नगर |

भाषान्तर र उच्चारण भेद. जस्ता कारणहरूले गर्दा स्थाननामको व्युत्पत्ति सधैं अचूक रूपले ठम्याउन सकिंदैन र गलत निष्कर्ष निकालिने पनि डर रहन्छ। परन्तु भाषिक विश्लेषणकै आडमा अन्ततोगत्वा स्थाननामको मूल अर्थ पत्ता लाग्ने हुन्छ भन्नु अत्युक्ति हुँदैन। व्युत्पत्तिको आधारमा स्थाननामको वर्गीकरण गर्दा मोटामोटी रूपमा सार्थक (अर्थ लाग्ने) र निरर्थक (अर्थ नलाग्ने) भनेर कुनै पनि देशका सबै स्थाननामहरूलाई दुई भागमा विभाजित गर्न सकिन्छ। जे होस्, अर्थ स्पष्ट भएपछि मात्र स्थाननामहरूको वर्गीकरण गर्नु युक्तिसङ्गत देखिन्छ र निरर्थक ठानिएका स्थाननामहरूको पनि अर्थ खोतल्दै जानु जरूरी हुन्छ। मोटामोटी रूपमा सार्थक स्थाननामहरूको भाषिक वर्गीकरण निम्न प्रकारले गर्न सकिन्छ :

**क पर्यायवाची र जुम्ल्याहा स्थाननाम**

केही भौगोलिक नाउँहरूमा कालक्रमानुसार भाषागत अन्तर मात्र हुने नभई मौलिक अन्तर समेत पाइन्छ अर्थात् एउटै ठाउँको पनि विभिन्न कालहरूमा फरक फरक नाउँहरू राखिएको हुन सक्छ। यस परिप्रेक्ष्यमा संसारको सबभन्दा अग्लो हिमचुलीको उदाहरण प्रस्तुत गर्नु युक्तिसङ्गत हुनेछ। तिब्बती भाषामा झोमोलुङ्मा (चोमोलुङ्मा), नेपालीमा सगरमाथा र अंग्रेजीमा चाहिं एभरेष्ट भनिने शिखरको पहिला दुई नाउँ निकै पुराना हुन् भने पछिल्लो नाउँ चाहिं बीसौं शताब्दीको प्रारम्भतिर मात्र भारतीय नापी विभागमा तत्कालीन प्रमुख जोर्ज एभरेष्टको नाममा राखिएको हो। यसरी विभिन्न भाषाहरूमा एउटै ठाउँका विभिन्न नाउँहरू अस्तित्वमा रहेका उदाहरण थुप्रै भेट्टिन्छन्। नेपाली स्थाननामहरूमध्ये नेपाली र संस्कृत, नेपाली र नेवारी, संस्कृत र नेवारी तथा नेपाली वा संस्कृत र तिब्बती गरी दोहोरो पर्यायवाची स्थाननामहरूको लामो तालिका नै प्रस्तुत गर्न सकिन्छ।

नेपाली र नेवारी कतिपय पर्यायवाची स्थाननामको नमना यस प्रकार छः–

| नेपाली | नेवारी | अवस्थिति |
|---|---|---|
| काठमाडौं (कान्तिपुर) | यें | काठमाडौं उपत्यका |
| जसीदेवल | मजिपात | काठमाडौं |
| देउपाटन (द्यौपाटन) | ग्वल | ,, |
| पाटन (ललितपुर) | यल | काठमाडौं उपत्यका |
| बनेपा | भोत | काभ्रे |
| बालाजु | ल्हुति | काठमाडौं |
| बुढानीलकण्ठ | भुइजःसि | काठमाडौं उपत्यका |
| भक्तपुर (भादगाउँ) | खोप (ख्वप) | ,, ,, |
| नागार्जुन | जामाच्व | ,, ,, |

संस्कृत र नेवारी केही पर्यायवाची स्थाननामहरू यस्ता छन्–

| **संस्कृत** | **नेवारी** | **अवस्थिति** |
|---|---|---|
| कच्छपाल | च्वबहाः | चोभार, काठमाडौं |
| मयूरवर्ण महाविहार | भिन्छेबहाः | पाटन |
| यूपग्राम | यल | ,, |
| लज्जापीठ (भद्रकाली) | लुँमढी (लुँमडी) | काठमाडौं । |
| शोणितपुर | थक्वाः | थानकोट, काठमाडौं |

नेपाली वा संस्कृत र तिब्बती केही पर्यायवाची स्थाननामहरू चाहिं यस प्रकार छन्–

| **नेपाली वा संस्कृत** | **तिब्बती** | **अवस्थिति** |
|---|---|---|
| अरुण नदी | फुङचु | कोसी अंचल |
| कर्णाली नदी | मापचु | पश्चिमाञ्चल |
| छायानाथदह | यापलाङ | सेती अंचल |
| दूधकुण्ड (दुग्धकुण्ड) | गोक्यो | खुम्बु हिमाल |
| पाँचसय खोला | सलाङखु | धैबुङ, नुवाकोट |
| वरुण नदी | चुकचु | कोसी अंचल |
| बेत्रावती नदी | फलाङखु | धैबुङ, नुवाकोट |
| सगरमाथा | झ्यामोलुङमा (चोमोलुङमा) | सोलुखुम्बु |

कुनै एक भाषामा प्रचलित स्थाननामको अर्को भाषामा अनुवाद हुँदा पनि पर्यायवाची स्थाननामहरू अस्तित्वमा आउँछन् । यसको उदाहरण काली गण्डकी र सेती गण्डकीले प्रस्तुत गरिरहेका छन् जसको संस्कृतमा उल्था हुँदा क्रमशः कृष्णगण्डकी र शुक्ला गङ्गा हुन गएको छ । मूलशब्द कुन भाषामा थियो भन्ने ठम्याउन पनि सधैं सजिलो हुने गर्दैन । संस्कृत र नेपालीका केही स्थाननामहरूको नेवारी अनुवाद चाहिं यस प्रकार छन्–

| **संस्कृत वा नेपाली** | **नेवारी** | **अवस्थिति** |
|---|---|---|
| इन्द्रदह | यंकिदह | दहचोक, काठमाडौं |
| इक्षुमती | तुखुचा (टुकुचा) | काठमाडौं |
| दोलागिरि (दोलाद्रि) | चाँगु | काठमाडौं उपत्यका |
| धान्यकुण्ड | सहबुंगा (सहबोंगा) | ,, ,, |
| धान्यगिरि | वाडों | थानकोट, काठमाडौं |
| बाग्मती | ह्लखु (ह्लखुसि) | काठमाडौं |

कालक्रममा उच्चारणभेदले गर्दा पनि एउटै ठाउँका विभिन्न स्थाननामहरू देखा पर्ने गर्दछन् र भाषान्तर पनि हुन सक्छ । संस्कृतबाट नेपाली र नेवारीमा र नेपालीबाट नेवारीमा यसरी विभिन्न पर्यायवाची स्थाननामहरू देखा परेका छन ।

संस्कृतबाट उच्चारणभदले गर्दा नेपालीमा देखा परेका केही स्थाननामहरू यस्ता छन्–

| संस्कृत | नेपाली |
| --- | --- |
| काष्ठमण्डप | काठमाडौं |
| गोशृङ्गतीर्थ | गोदावरी |
| अचिरावती | राप्ती (रापती) |
| चम्पापुर | चापागाउँ |
| चारुपर्वत | चाँगु |
| फुल्लोच्चगिरि | फुलचोक (फुलचोकी) |
| वनेपुर (वह्निकापुर) | बनेपा |
| भक्तग्राम | भादगाउँ |
| रोषमती | रोसी |
| शंखपुर | साँखु |
| श्रीखण्डपुर | खड्पु |

संस्कृतबाट नेवारीमा उच्चारणभेदबाट अस्तित्वमा आएका केही स्थाननामहरू यस्ता छन्–

| संस्कृत | नेवारी | अवस्थिति |
| --- | --- | --- |
| कीर्तिपुर | किपू (क्यपू, क्यपुलि) | काठमाडौं उपत्यका |
| खोप्राङ | खोप (ख्वप) | ,, ,, |
| चक्रविहार | चाकबही | पाटन |
| जमालग्रन्थिविहार | जनबहाः | काठमाडौं |
| जातमात्रोच्च | जामाच्व | नागार्जुन, काठमाडौं |
| धूमावतीविहार | धुम्बाहा | ललितपुर |
| नन्दविहार | नःबही | ,, |
| यलम्बु | यल | ,, |
| श्रीविहार | सीबहाः | ,, |
| स्वयम्भू | सिंगु | काठमाडौं |

नेपाली र नेवारीमा उच्चारण-भेदले गर्दा देखा परेका पर्यायवाची स्थाननामहरूको केही नमूना यस्तो छः–

| नेपाली | नेवारी | अवस्थिति |
| --- | --- | --- |
| खड्पु | खंपु | काभ्रे |
| गुच्चाटोल | गुँचात्वाः | काठमाडौं |
| चितलाङ | चिलिम | मकवानपुर |
| थानकोट | थक्वा (थक्वात) | काठमाडौं |
| धुलिखेल | धौख्यः | काभ्रे |
| पनौती | पन्ति | ,, |
| पाकोपोखलड्चाङ | पाःकोपुखूद्यां | काठमाडौं |
| पुलचोक | पूचो (पूच्वः) | पाटन |

| | | |
|---|---|---|
| फपिङ | फंपि | काठमाडौं उपत्यका |
| शिवपुरी | सिपूच्व | ,, ,, |
| साँखु | सको (सक्वः) | ,, ,, |

भाषान्तरबाट पर्यायवाची नाउँहरू अस्तित्वमा आउँछन् भने एउटै स्रोतबाट विभिन्न ठाउँको नाउँ राखिँदा जुम्ल्याहा स्थाननामहरू देखा पर्छन् । कुनै समयमा दिल्लीको सम्झना दिलाउने चहलपहलपूर्ण नयाँ बजार बनेको हुँदा काठमाडौंमा पनि डिल्लीबजार भन्ने नाउँ अस्तित्वमा आएझैं पश्चिमी तराईमा बसाइएको नयाँ बस्ती चाहिं 'नेपालगन्ज' भनिन थाल्यो । भारतको भोजपुर र पूर्वी नेपालको भोजपुरमा पनि यस्तै सम्बन्ध भएको अनुमान हुन्छ । यसै गरी नेपालमा तातोपानी र चिसापानी भन्ने नाउँहरू भएका विभिन्न स्थानहरू पाइन्छन् वा नेपालको पूर्वमा (संखुवासभा) र पश्चिममा (जुम्ला) दुवैतिर चैनपुर भन्ने ठाउँ छन् । तर दुई ठाउँको एउटै नाउँ हुनमा भौगोलिक नामको स्थानान्तरण मात्र कारण हुन्छ भन्न सकिँदैन । उदाहरणार्थ काठमाडौं उपत्यकाको पाटन र बैतडी जिल्लाको पाटनबीच यस्तो कुनै सम्बन्ध छैन । ललितपत्तन भन्ने शब्दको अन्तिम अंशको अपभ्रंशबाट पहिलो स्थाननाम अस्तित्वमा आएको हो भने पहाडमा रहेको सानो उपत्यका भन्ने अर्थमा दोस्रो स्थाननाम देखापरेको हो । पश्चिमी नेपालतिर यस्ता पाटनहरू यत्रतत्र प्रशस्तै छन् । जे होस्, यस्ता जुम्ल्याहा नाउँहरूले कुनै खास ठेगाना पत्ता लगाउनमा चाहिं बाधा हाल्छन् ।

**ख. शृङ्खलाबद्ध र समानान्तर स्थाननाम**

एकातिर कुनै मूल भौगोलिक नाउँको आधारमा क्रमशः त्यस नाउँको शृंखला नै उत्पन्न हुन्छ भने अर्कोतिर कुनै एउटा भौगोलिक नाउँको हाराहारीमा त्यसको समानान्तर स्थाननाम पनि प्रचलनमा आउँछ । उदाहरणार्थ, कुनै पहाडको टाकुरामा रहेको सानो दहको नाउँबाट त्यो सिंगै डाँडो, त्यस दहबाट बग्ने नदी, त्यो नदीको प्रवाहक्षेत्र, त्यसै नदीको किनारामा बसाइएको गाउँ वा बस्ती, अन्ततोगत्वा त्यो बस्ती रहेको जिल्ला वा पूरै प्रदेशको समेत नामकरण हुन सक्छ । यी शृंखलाबद्ध स्थाननाम हुन् । उदाहरणस्वरूप काष्ठमण्डप भनिने एउटा काठको मन्दिरको नाउँबाट शहरको नाउँ, जिल्लाको नाउँ र उपत्यकाकै नाउँ काठमाडौं रहन गएको छ भने विभिन्न नदीहरूको नामबाट अञ्चलहरूको नाम राखिएको छ ।

भौगोलिक नाउँहरूको समानान्तरता पनि चासोपर्दो छ । यस्तो समानान्तर स्थाननामले आफ्नो जोडा नामको अस्तित्वबोध गराउँछ । धरातल (उपल्लो र तल्लो, नेवारीमा थः र क्वः), आकार (ठूलो र सानो, लामो र छोटो), दिशा (पूर्व र पश्चिम, उत्तर र दक्षिण), रंग (कालो र सेतो), समय (नयाँ र पुरानो), दूरता (वल्लो र पल्लो, सुदूर र निकट) इत्यादि भौगोलिक अवस्थितिको चारित्रिक पार्थक्यद्वारा समानान्तर भौगोलिक नाउँहरू अस्तित्वमा आउने गर्छन् । उदाहरणको रूपमा भनौं: पूर्वाञ्चल भन्ने स्थाननामले अवश्य पनि पश्चिमाञ्चल भनिने स्थाननाम पनि प्रचलित होला भन्ने अनुमान लगाउन सकिन्छ । यसै गरी सुदूर पश्चिमाञ्चलमा रहेको उपल्लो स्वराड भन्ने स्थाननामले तल्लो स्वराडको अस्तित्वको पनि बोध गराउँछ । काठमाडौं नगरभित्रकै ठहिटी (माथिल्लो धारा) र क्वहिटो (तल्लो धारा) भनिने टोलहरू पनि भूसतहको अग्लाइ र होचाइमा आधारित छन् । दिशाको आधारमा सात सालअघिसम्म पूर्व १,२,३ र ४ नम्बर जिल्लाहरूको हाराहारीमा पश्चिम १,२,३ र ४ नम्बर जिल्लाहरू पनि थिए भने दूरताको आधारमा चाहिं वल्लोकिरात, माझकिरात, पल्लोकिरात भनिने इलाकाहरू पनि मौजूद थिए ।

सबै समानान्तर नाउँहरूको जोडी भेट्टाउन भने सकिँदैन । उदाहरणार्थ, काठमाडौंमा नयाँबजार र नयाँ सडक (न्यू रोड) त अस्तित्वमा छन् तर यसैको आधारमा पुरानो बजार र पुरानो सडक (ओल्ड रोड) को खोजी गर्नु हास्यास्पद हुनेछ । नयाँ भन्ने विशेषणयुक्त स्थाननामहरूले हालसालै देखा परेको भन्ने बोध गराउँछ तापनि यस्ता सबै स्थाननामहरू नयाँ नै हुनुपर्छ भन्ने कुनै ग्यारेन्टी छैन । नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) भन्ने नाउँ अहिले पुरानो मात्र भएको

नभई अप्रचलित समेत भैसकेको छ। यसै गरी नुवाकोट (नवकोट) पनि अब नयाँ बस्ती होइन। काठमाडौंमा पुरानो दफ्तर भन्ने एउटा टोल छ तर नयाँ दफ्तर भन्ने कुनै ठाउँ अस्तित्वमा छैन अथवा सानो ठिमी भन्ने गाउँ भए पनि ठूलो ठिमी भन्ने चलन छैन। भित्री मधेस भन्ने भौगोलिक नाउँ भए तापनि बाहिरी मधेस खोज्न नसकिएझैं सुदूर पश्चिमाञ्चल छ भन्दैमा निकट पश्चिमाञ्चल खोज्नु युक्तिसङ्गत हुँदैन। यसै गरी कालीमाटी भन्ने ठाउँ अस्तित्वमा भएको हुनाले सेतीमाटीको पनि खोजी गर्नु मूर्खता हुनेछ, यद्यपि कालीगण्डकी र सेतीगण्डकी चाहिं अस्तित्वमा छन्। स्मरणीय कुरा के त भने कतिपय यस्ता समानान्तर स्थाननामहरूको जोडी अवधारणामा मात्र अस्तित्वमा रहेका हुन्छन्।

## २. स्थाननामको ऐतिहासिक व्याख्या

कुनै स्थाननामको अर्थ के हो भन्ने कुरा भाषिक विश्लेषणको आधारमा टम्याउन सकिने भए तापनि त्यो नाउँ किन रहन गयो भन्ने कुरा चाहिं इतिहासको गर्भमा लुकेको हुन्छ। तसर्थ स्थाननामको व्याख्या गर्दा ऐतिहासिक पद्धति अपनाउनु जरूरी हुन्छ। सबै स्थाननामहरू विभिन्न ऐतिहासिक युगहरूमा नै अस्तित्वमा आएका हुन्छन् र तिनमा तत्कालीन ऐतिहासिक युगको छाप परेको पाइन्छ। खास गरी काठमाडौं उपत्यकाका स्थाननामहरूलाई यस आधारमा किरातकालीन, लिच्छविकालीन, मल्लकालीन, शाहकालीन र आधुनिक गरी मुख्यतः पाँच कालमा सहजै विभाजित गर्न सकिने देखिन्छ। हुन त विभिन्न कारणवश केही स्थाननामहरूको काल निर्धारण गर्न निकै गाह्रो पर्न सक्छ।

नेपालका प्रागैतिहासिक स्थाननामहरूको उल्लेख गर्न नसकिने भए तापनि कतिपय किरातकालीन र अधिकांश लिच्छविकालीन भौगोलिक नाउँहरू अद्यापि अस्तित्वमा रहेको चाल पाइन्छ। करीब सवा चार सय वर्ष (इ. सं. ४६४–८७६) संस्कृतभाषामा लेखिएका झन्डै दुई सय लिच्छविकालीन शिलाभिलेखहरूमा संस्कृतेतर भाषाका अन्दाजी २५० शब्दहरू परेका छन् जुन मुख्यतया स्थाननाम हुन्। लिच्छवि अभिलेखमा उत्कीर्ण यस्ता स्थाननामहरूमध्ये असी प्रतिशतभन्दा बढी किरातभाषाबाट लिइएको प्रतीत हुन्छ। केही यस्ता स्थाननामहरू त किञ्चित् रूप-परिवर्तनका साथ अद्यापि नेवारीभाषामा प्रचलित नै छन् (जस्तै–यम्बुँ वा यम्बुक्रमा–यँ, खोप्राङ–ख्वप वा खोप, यलम्बु–यल) किरातकालीन नदीवाचक स्थाननामको अन्तमा प्रायः खु प्रत्यय रहेको देखिन्छ जुन हाल नेवारीमा 'खुसि' बन्न पुगेको छ। लिच्छविकालीन शिलालेखहरूमा अङ्कित याप्रिङग्राम, दुप्रङग्राम, खूलपिङग्राम जस्ता शब्दहरूमा पनि पहिलो खण्ड त किरातकालीन नै प्रतीत हुन्छ जसमा लिच्छविकालमा 'ग्राम' जोडिएको हुनु ज्यादै सम्भव छ।

लिच्छविकालीन स्थाननामहरूको आधुनिक पर्याय दिन नसकिए तापनि तिनको रूप कस्तो हुन्थ्यो भन्ने कुराको बोध निम्न केही स्थाननामहरूबाट सहजै हुन सक्नेछ।

१. छत्र चण्डेश्वरअभिलेख, पशुपति : खूलपिङग्राम, पागुभक, पिग्रूग्राम, पोग्राम, षाफनादूलक।
२. बलम्बुमध्य मुलखु भेकतिरको अभिलेख: ग्रोष्ठङ्म्, काम्शुशान, जोल्पृङग्राम, नितिदुल्, ह्नाशुममार्ग।
३. जिष्णुगुप्तको बोडे अभिलेख (भादगाउँ बोडे भेक): दुप्रङग्राम, बैद्धमद्गुदि, याप्रिङग्राम, लुन्श्रीप्रदेश।
४. नदीवाचक केही स्थाननाम :
   क. चुल्लुंखु (मंगलबजार, पाटन, ई. सं. ७४६)
   ख. जप्तिखु (नारायणचौर, नक्साल, ई. सं. ७१३–३३)
   ग. तेङखु (विष्णुदेवल, लगन, ई. सं. ६९५)
   घ. पिखु (छत्र चण्डेश्वरस्तम्भ, पशुपति, ई. सं. ६३१–३३)
   ङ. हुडिखु (नारायणचौर, नक्साल, ई. सं. ७१३–३३)।

यस प्रकार थेन्चो, पहन्चो, लुम्बन्चो, शलङखा, श्रम्बिदुल् आदि लिच्छविकालमा प्रचलित स्थाननाम

किरातकालीन हुन् भने लिच्छविकालमा 'ग्राम' र 'द्रंग' प्रत्यय जोडिएर कूग्राम, पिखूग्राम, पोग्राम वा दक्षिणको लीग्रामद्रंग जस्ता नामहरू अस्तित्वमा आएको बुझिन्छ ।

काठमाडौं उपत्यकाका विभिन्न शहरहरू (गाउँहरू) र तिनका टोलहरूको नाममा मल्लकालको छाप परेको पाइन्छ । चोछें, ताहाननी, (थानकोट) गाःबहा, च्यासः, त्यागल (पाटन), भौलाछें वा भोल्वाछें (भक्तपुर) आदि स्थान-नामहरू यसका नमूना हुन् । काठमाडौंका केही टोलहरूका नाम यस्ता छन् : क्वहिटी (तल्लो ठाउँको धारा भएको टोल), ठँहिटी (माथिल्लो ठाउँको धारा भएको टोल), ख्यूँलँ (अँध्यारो बाटो भएको टोल), ज्याठा (काम गर्ने ज्यासल भएको टोल), झोछें (लहरै घरहरू भएको टोल, तेबहाः (ठूलो विहार भएको टोल), थायमरू (ठाउँ नभएको टोल), नँछें (फलामे घर भएको टोल), पाकोपुखूद्यां (थुम्कोमुनि पोखरीको डील भएको टोल), फसीकेब (फर्सी धेरै फल्ने बारी भएको टोल), भोटाहिटी (बनेपाको मानिसले बनाएको धारा भएको टोल), मखँ (नदेखिएको टोल), लायकुसाः (दरवारको तेल पेल्ने कोल भएको टोल) इत्यादि ।

नेपालका कतिपय लौकिक स्थाननामहरूको संस्कृत रूप पनि पाइन्छ । यस्ता केही पर्यायवाची स्थाननामहरूको छोटो सूची यहाँ प्रस्तुत गर्नु युक्तिसङ्गत नै हुनेछ ।

| | नेपाली | संस्कृत | अवस्थिति |
|---|---|---|---|
| | काठमाडौं | कान्तिपुर | काठमाडौं उपत्यका |
| नगरबस्ती | चापागाउँ | चम्पावती | ,, ,, |
| | टिस्टुङ | एकापुर | मकवानपुर |
| | तौलिहवा | कपिलवस्तु | लुम्बिनी अंचल |
| | थानकोट | शोणितपुर | काठमाडौं उपत्यका |
| | दोलखा | राजग्राम | सिन्धुपाल्चोक |
| | पनौती | पांचालदेश | काभ्रे |
| | पाटन | ललितपुर | काठमाडौं उपत्यका |
| | बनेपा | बनेपुर (वह्निकापुर) | काभ्रे |
| | बुङ्गमती | अमरावतीपुर | काठमाडौं उपत्यका |
| | भादगाउँ | भक्तपुर (भक्तग्राम) | ,, ,, |
| | साँखु | शंखपुर | ,, ,, |
| डाँडा–पर्वत | कीर्तिपुरको डाँडो | पद्मकूटगिरि | काठमाडौं उपत्यका |
| | चाँगु | चारुपर्वत (दोलागिरि) | ,, ,, |
| | चोभार | कच्छपाल | ,, ,, |
| | दहरे लेक | नीलकण्ठपर्वत | बाग्लुङ, पर्वत |
| | नागार्जुन | जातमात्रोच्च | काठमाडौं उपत्यका |
| | फुलचोक (फुलचोकी) | फुल्लोच्चगिरि | ,, ,, |
| | शिवपुरी | मृगेन्द्रशिखर | ,, ,, |
| नदी–नाला | चेपे | चम्पावती | गोर्खा (लमजुङ) |
| | झिमरुक | धर्मावती | प्यूठान |
| | टूकुचा | इक्षुमती | काठमाडौं |

| | | |
|---|---|---|
| तादी | सूर्यावती | नुवाकोट |
| कालीगण्डकी | कृष्णगण्डकी | नारायणी अञ्चल |
| धोबीखोला | रुद्रमती | काठमाडौं |
| नक्खुखोला | प्रभावती | काठमाडौं उपत्यका |
| भाचाखुसि | भद्रमती | ,, ,, |
| मनहरा | मणिमती | ,, ,, |
| माडी | माण्डवी | नारायणी अञ्चल |
| मादी | माहेन्द्रीगङ्गा | लमजुङ |
| म्याग्दी | मङ्गला | पर्वत |
| राप्ती (रापती) | अचिरावती | नारायणी अञ्चल |
| रोसी | रोषमती | काभ्रे |
| लिखुखोला | हेमगङ्गा | कोशी अंचल |
| लुङ्ग्री | सुवर्णमती | रोल्पा |
| सेतीगण्डकी | शुक्लागङ्गा | नारायणी अञ्चल |
| हनुमन्ते | हनुमती | भक्तपुर |

जनभाषामा प्रचलित स्थाननामहरूको संस्कृतीकरण गर्ने प्रवृत्तिको छाप पनि यत्रतत्र भेट्टाइन्छ । उदाहरणार्थ, कोसी नदीलाई कौशिकी भन्ने जमर्को गरिन्छ भने नेपाललाई नेमनिद्वारा पालित देश भनेर व्याख्या गर्ने खोजिन्छ । यसको साथै तेह्रौं शताब्दीतिर भारतबाट उत्तरतर्फ लागेका हिन्दू धर्मावलम्बीहरू नेपालका पहाडतर्फ उक्ली बसोबास गर्न थालेपछि उनीहरूले अनेकौं स्थाननामहरूलाई संस्कृत रूप दिने वा संस्कृतभाषामा ढाल्ने समेत चेष्टा गरेको पाइन्छ। यसको एउटा ज्वलन्त उदाहरणको रूपमा गोरखा नामको उल्लेख गर्न सकिन्छ । इतिहासविद् सूर्यविक्रम ज्ञवालीको भनाइमा खर्क, गर्ख र गर्खा इत्यादि रूपान्तरणबाट बनेको गोर्खा नामलाई गोरक्षा अथवा गोरखनाथसँग जोडेर अर्थ्याउने प्रयास गरिन्छ । ज्ञातव्य कुरा के छ भने सुदूर पश्चिमाञ्चलको बैतडी, दार्चुला र डँडेलधुरा जिल्लातिर अद्यावधि विभिन्न इलाकाहरूलाई गर्खा नै भनिन्छ (जस्तै दुहुँगर्खा, मार्मागर्खा, स्वराडगर्खा, लेकमगर्खा आदि) ।

राणाकालमा (खासगरी वीरशमशेरको प्रधानमन्त्रित्व कालमा) नेपालको पहाडी भागलाई २३ तहसील र मधेश क्षेत्रका १२ जिल्लालाई चारवटा सर्कलअन्तर्गत राख्ने व्यवस्था गरिनुको साथै जिल्लाहरूलाई नम्बर दिने क्रममा राजधानीबाट पूर्व र पश्चिमतर्फ क्रमशः १,२,३ र ४ नम्बर भन्ने गरिएको थियो । हालसालै मात्र पनि नेपालमा कैयौं भौगोलिक नाउँहरू चलनचल्तीमा ल्याइएका छन् । वि. स. २०१९ मा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजित गर्ने क्रममा नयाँ नामहरूको आवश्यकता पर्न गयो र नेपालका प्रमुख नदी (मेची, महाकाली, कोसी, बाग्मती, नारायणी, सेती, गण्डकी, भेरी, राप्ती, कर्णाली), पर्वत (सगरमाथा, धौलागिरी), ऐतिहासिक स्थान (जनकपुर लुम्बिनी) को नामबाट अञ्चलहरूको नामकरण गरियो। यसै गरी कतिपय जिल्लाहरूका नयाँ नाउँ पनि अस्तित्वमा आए। यसै गरी संखुवा र सभा नाउँका दुई नदीहरू बग्ने क्षेत्रको नाम संखुवा-सभा रहन गयो भने साबिकको नाउँ फेरेर पहिले तौलीहवा भनिने जिल्लाको नाम कपिलवस्तु र पहिले माझखण्ड भनिने नवलपुर र परासी भूभाग मिलेर बनेको जिल्लाको नाम नवलपरासी रहन गयो ।

### ३. स्थाननामको लौकिक व्याख्या

भौगोलिक नाउँहरूको लौकिक व्याख्यामा पनि ध्यान दिनु आवश्यक हुन्छ। यद्यपि कतिपय ठाउँको सम्बन्धमा जनधारणा कल्पनातीत समेत हुन्छ। सर्वसाधारण मानिसहरूले कुनै भौगोलिक नाउँको व्याख्या गर्दा विभिन्न किंवदन्ती र

अनुश्रुतिहरूको सहारा लिने गर्छन् र कतिपय स्थाननामहरूको व्याख्या गर्ने यस्ता अनुश्रुतिहरू निकै मिल्दाजुल्दा र एकै किसिमका समेत पाइन्छन् ।

नेपाली स्थाननामहरूबारे यस्ता कैयौं किंवदन्ती र अनुश्रुतिहरू चलनचल्तीमा हुनु कुनै अचम्मको कुरा होइन । देशको नामकै सम्बन्धमा पनि कुनै ने वा नेमि भन्ने नाउँ भएका मुनिद्वारा पालन गरिएको देश हुनाले नेपाल नाउँ रहन गएको हो भन्ने 'नेपाल माहात्म्य' को कथन छ । कुनै कुनै स्थाननामको व्याख्या गर्न त निकै लामो अनुश्रुतिको समेत सहारा लिनुपर्ने हुन जान्छ ।

पुराना भौगोलिक नाउँहरूको व्युत्पत्ति पत्ता लगाउन धार्मिक ग्रन्थहरू र लोकमा प्रचलित पुराकथा, किंवदन्ती वा अनुश्रुतिमा पच्चीसै आना भर पर्न चाहिं सकिंदैन, तर तिनको अध्ययन र विश्लेषण गर्नु अनिवार्य नै हुन्छ । जे होस्, स्थाननामको लौकिक व्याख्या पनि निकै रोचक हुने गर्छ ।

## स्थाननामको उत्पत्तिको आधार

कुनै पनि ठाउँको नाउँ अस्तित्वमा आउनुमा भौगोलिक, नृवंशात्मक, सामाजिक, ऐतिहासिक, धार्मिक आदि विभिन्न आधारहरू हुन्छन् । उत्पत्तिको आधारमा पनि स्थाननामहरूको वर्गीकरण गर्न सकिन्छ।

### १. भौगोलिक अवस्थितिबोधक स्थाननाम

जनताले कुनै पनि ठाउँको भौगोलिक अवस्थितिको विशेषतालाई ज्यादै अचूक रूपमा ठम्याउँछ र तुलनात्मक पद्धतिको सहारा लिएर मान्छे वा पशुपक्षीको शरीरका विभिन्न अवयव वा घरगृहस्थीका वस्तुहरूको आधारमा नै कुनै नयाँ ठाउँको नाउँ राखिदिन्छ । उदाहरणार्थ, नाकको डाँडीलाई सम्झाउने गरी पृथ्वीमा अग्लो उठेको भागलाई डाँडो भन्ने नाउँ दिनु उपयुक्त नै देखिन्छ भने माथिबाट हुर्रिएर तल्तिर झर्झर झर्ने पानीको प्रवाहलाई झरना भन्ने नाउँ कति सुहाउँदो छ । यस्तै तुलनाको आधारमा माछाको पुच्छर जस्तो देखिने हिउँचुलीलाई माछापुच्छ्रे भन्ने नाउँ दिइएको पनि अति नै सार्थक छ ।

भौगोलिक अवस्थितिअनुसार स्थाननामहरूलाई स्थलनाम र जलनाम गरी मुख्यतः दुई भागमा बाँड्न सकिन्छ र स्थलनाममध्ये त्यहाँ उम्रेको वनस्पतिको आधारमा चाहिं एक थरी बेग्लै स्थलनामहरू पनि छुट्याउन सकिन्छ ।

### क. स्थलनाम

खास भौगोलिक स्थिति र त्यहाँ उम्रेको वनस्पतिको आधारमा देखा पर्ने स्थलनामहरूको राम्रो बोध तलको तालिकाबाट हुनेछ–

| विवरण | शब्द/प्रत्यय | उदाहरण |
|---|---|---|
| १. पृथ्वीमा अग्लो उठेको भाग | डाँडो | लामीडाँडा, दहचोक डाँडा |
| | धुरा | डँडेलधुरा |
| | चुली | हिउँचुली |
| क. संस्कृत | गिरि | चन्द्रगिरि, धौलागिरि |
| | अद्रि | दौलाद्रि, |
| | शिखर | मृगेन्द्रशिखर |
| ख. नेवारी | गुँ | चाँगु, सिगु, च्वापुगुँ |
| ग. तिब्बती | लुङ | सैलुङ |

| | | |
|---|---|---|
| २. दुई डाँडा बीचको साँगुरो सोता | खोंच | |
| ३. दुई डाँडा बीचको फराकिलो समथर ठाउँ | बेंसी (ब्याँसी) | धुनीबेंसी, चुँदीबसी |
| क. संस्कृत | उपत्यका | काठमाडौं उपत्यका |
| ४. डाँडो उक्लेर ओरालो लाग्ने ठाउँ | भन्ज्याङ द्यौराली | साँगाभन्ज्याङ, चारभन्ज्याङ |
| क. तिब्बती | ला | नांगपाला, नाम्जाला, लार्केला |
| ख. तिब्रीकोट, हुम्लातिर | लग्ना | न्यालुलग्ना, नारालग्ना |
| ५. पहाडको घाँच (फेद) | फेदी | भीमफेदी, जीतपुर फेदी |
| ६. पहाडको अग्लाइमा रहेको ठाउँ | लेख (लेक) | दैलेख, शशीलेक, स्वर्गद्वारी लेख, |
| ७. पहाड माथिसम्म परेको ठाउँ | पाटन | चिनीपाटन, लालपाटन, चौरीबुकीपाटन ढोरपाटन |
| ८. नदीको सतहभन्दा माथि पर्ने सम्म परेको ठाउँ | टार | लमजुङ : भोर्लेटार, अल्काटार, बरेटार, रागिनासटार, तनहुँ : फाउँदीटार, दमौलीटार |
| ९. नदीको कुलो लाग्ने ठाउँ | डोल | ह्लेडोल, कुपुन्डोल |
| १०. एउटा पानीढलोको इलाका | दरा | अठारदरा (जुम्ला), सिंजादरा |
| ११. हिमालभित्र पर्ने उच्च उपत्यका | भोट | छार्काभोट, डोल्पाभोट, मनाङभोट, मुस्ताङभोढ |
| १२. दुबो उम्रेको मैदान | चौर (चहुर) | लैनचौर, बाटुलेचौर |
| क. नेवारी | ख्यः (खेल) | काभ्रे : धुलिखेल, थानकोट : चुनीखेल, इटाखेल, इमाखेल, लगनखेल, जावलाखेल, चखेल, भुरुंखेल, टुँडिखेल |
| १३. खरघाँस प्रशस्त पाइने लेक | खर्क, डोर | ढोरपाटन |
| १४. बुकीघाँस पाइने ठाउँ | बुकी | |
| १५. रूख र बुटाहरू उम्रेको ठाउँ | वन | रानीवन, |
| | पातल | |
| | घारी | सल्लाघारी, बाँसघारी |
| | झाडी | चारकोसे झाडी |
| १६. कुनै खानी भएको ठाउँ | खानी | म्याग्दी : नर्जाखानी, बुङखानी, मच्छिमखानी, खवाङखानी, सुर्जाखानी, मलमपारखानी, मल्कावाङखानी, कुइनेखानी, रूपखानी, खुङखानी, डाँडाखानी, अर्मनखानी, वरङजाखानी |
| १७. कुनै एक जात वा कुलका मान्छे बस्ने ठाउँ (कर्णाली अं.) | बाडो | आचार्यबाडो, बाहुनबाडो, ओडबाडो, राचुबाडो, जचौरीबाडो, बिटालूबाडो, दमाईबाडो, ढोलबाडो |
| १८. गाउँको बीचको स्थान (क.अ.) | बारो | |

## ख. जलनाम

जलस्रोतसित सम्बद्ध स्थाननामहरू पनि विभिन्न प्रकारका हुन्छन् । निम्न तालिकाबाट यसको राम्रो बोध हुनेछ –

| विवरण | शब्द/प्रत्यय | उदाहरण |
|---|---|---|
| १. बग्ने पानीको प्रवाह | खोला | धोबीखोला, खहरेखोला |
| क. पश्चिमी नेपालतिर | गाड | ईश्वरीगाड |
| ख. संस्कृतमा | नदी | मेचीनदी, महाकालीनदी |
| ग. नेवारीमा | खुसि | भाचाखुसि |
| घ. मगरभाषा (गण्डकी अंचल) | दी (डी) | मादी, मोदी, मर्स्याङदी, मैंदी, मल्याङदी, म्याग्दी, मर्दी, मिर्दी, सरादी, सुरौदी, सींदी, पौंदी, लुब्दी, दोर्दी, ज्याग्दी, गुडी, कैलादी, हर्दी, क्याङ्दी, खुदी, छाङ्छाङ्दी, ङादी, लुदी, च्याङ्दी, चूँदी, याउँदी, स्याङ्खुदी, पार्दी, दरौंदी, ग्डिी इत्यादि । |
| २. एकै ठाउँमा जमिरहने पानी | ताल<br>सरोवर<br>दह<br>कुण्ड | फेवाताल, बेगनासताल, सुर्मासरोवर, राकससरोव र रारादह, टौदह, कट्वालदह, गोसाईंकुण्ड, दूधकुण्ड, सूर्य (सूरज) कुण्ड, रक्तकुण्ड, सरस्वतीकुण्ड, भैरवकुण्ड, नागकुण्ड |
| ३. पानीको ढुंगेधारा भएको ठाउँ | धारा | सुनधारा, बाइसधारा, धोबीधारा, गुर्जुधारा, कालधारा |
| क. नेवारीमा | हिटी | ठहिटी, क्वहिटी, गाहिटी, भोटाहिटी, नारायणहिटी |
| ४. धार्मिक महत्त्वको जलस्रोत | तीर्थ | राजतीर्थ, मातातीर्थ, स्वप्नतीर्थ |
| ५. नदीको किनारा | घाट | आर्यघाट, देवीघाट, दोलालघाट, झुलाघाट, राम्दीघाट |
| ६. खोलाको द्योतक | मती | वाग्मती, विष्णुमती, इक्षुमती |

तालतलैया या पानीपोखरीहरूको बाहुल्य भएको एउटा रमणीय उपत्यका नै पोखरा भनिनु जलनामको राम्रो उदाहरण हो। अनि आफूलाई मन लागेको ठाउँबाट बग्ने हुनाले नेवारीमा नदीलाई खुसि भनिएको नभई कोसीको अपभ्रंशबाट खुसि भएको प्रतीत हुन्छ र प्राचीन नेवारीमा त 'खु' मात्र प्रत्यय लागेर नदीको नाम रहेको पाइन्छ। पूर्वी नेपालमा बग्ने सबै नदीहरूको नाम कोसी रहनु पनि किराती भाषामा नदीको नै द्योतक हो कि भन्ने प्रतीत हुन्छ। सुदूर पश्चिमाञ्चलमा चाहिं खोलाको निमित्त गाड प्रचलित छ जुन संस्कृतको गर्त (अर्थात् खोल्सो) को अपभ्रंश होला। गण्डकी अञ्चलमा नदीको नाममा दी (डी) प्रत्ययको जुन प्राचुर्य छ सो पानी भन्ने अर्थ बुझाउने मगरभाषाको शब्द हो।

काठमाडौं उपत्यकामा विभिन्न ढुङ्गेधाराहरूको नामबाट पनि स्थाननामहरू देखा परेका छन् र यस्ता स्थाननामहरू नेपालीमा धारा-प्रत्ययान्त र नेवारीमा चाहिं हिटी-प्रत्ययान्त हुन्छन्। यस्तो गैरीधाराको आधारमा नामकरण भएको

पाटन शङ्खमूल जाँदा बाटैमा पर्ने इटहीसँगै गाहिटी (गाहिति) लगायत विभिन्न ठाउँहरूमा रहेका ढुंगेधाराहरूको अहिले कुनै अत्तोपत्तो नभए तापनि स्थाननाममा तिनको अस्तित्व कायमै छ र खोजी भएको खण्डमा ढुंगेधारा पनि भेट्टाउन सकिने सम्भावना छ ।

## २. नृवंशात्मक स्थाननाम

कुनै जनजातिको नामबाट पनि स्थाननाम अस्तित्वमा आउने कुरा कम चासोपर्दो छैन । उदाहरणको रूपमा खस जातिको वासस्थान खसान भनिन्छ भने मगरजातिको निवासस्थान मगरात, किराती जातिको वासस्थान किरात (वल्लो किरात, माझ किरात, पल्लो किरात) लिम्बूजातिको वासस्थान लिम्बुवान, थारूजातिको वासस्थान थरुहट, थापाहरूको निवासस्थान थापाथली कहलाउँछ । यसै गरी तामाङहरूको बसोबास भएको ठाउँ नेवारीमा 'सँयुगाँ' (थानकोट) भनिन्छ भने भट्ट ब्राह्मणहरू बस्ने गाउँ भट्टीगाउँ (बैतडी) र धामीहरूको बसोबास रहेको ठाउँ धामीगाउँ (बैतडी) भनिन्छ ।

एउटै इलाकामा पनि कुनै एक जात वा कुलका मान्छेहरू बस्ने ठाउँको नाउँ त्यसैको आधारमा राखिएको पाइन्छ । कर्णाली अञ्चलमा यसको लागि 'बाडो' को प्रयोग गरिन्छ, जस्तै– आचार्यबाडो, बाहुनबाडो, दमाईबाडो, सार्कीबाडो ढोलबाडो, ओडबाडो (कामी बस्ने ठाउँ), मुक्तिबाडो (मुक्तिनाथबाटो आएका बाहुन बस्ने ठाउँ), राचुबाडो (राजुबाडो, अर्थात् जालन्धरी राजाका सन्तान बस्ने ठाउँ) बिटालु बाडो (जातबाट च्युत भएका ठकुरीहरू बस्ने ठाउँ), जचौरीबाडो इत्यादि ।

कहिलेकाहीं त भौगोलिक नाउँ पहिलो हो कि जनजातिको नाउँ पहिलो हो सो नै छुट्ट्याउन धौ धौ पर्छ । उदाहरणार्थ, मेची नदीको किनारामा बस्ने जाति हुनाले मेचे नाउँ रहन गएको हो कि मेचे जातिले चर्चेको इलाकामा बग्ने नदी हुनाले मेची नाउँ रहन गएको हो ? यस्तो प्रश्नको सही उत्तर पाउन गाह्रो पर्छ । ठाउँको नाउँबाट जनसमूह वा जनजातिको नाउँ रहन गएको उदाहरण प्रशस्त पाइन्छ । नेपालमा बस्ने सबै नेपाली भनिएझैं डोटीका डोटयाल, जुम्लाका जुम्ली, गोर्खाका गोर्खाली, पाटनका पाटने, मधेसका मधिसे, पहाडपर्वतका पर्वते । भौगोलिक नामकै आधारमा कैयौं नेपाली थरनामहरू पनि रहन गएका छन्, जस्तै– पौडीबाट पौडेल, सिग्दीबाट सिग्देल, दहचोकबाट दहाल आदि । उपनाम समेत स्थाननामबाट राखिएको उदाहरण चाहिं पिंडाबाट पिंडाली त यँ (काठमाडौंको नेवारी नाम) बाट यमि इत्यादिले प्रस्तुत गर्दछन् ।

कतिपय जनजातिहरूको र उनीहरूले बोल्ने गरेको भाषाको समेत लोप भइसक्ता पनि भौगोलिक नाउँहरूमा त्यसको अवशेष आजसम्म बाँकी नै रहन गएको पाउन सकिन्छ । खास गरी जलनामहरू ज्यादै प्राचीन हुन्छन् । काठमाडौं उपत्यकाका कतिपय स्थाननामहरूमा प्राचीन किराती भाषा जीवितै रहेको छ भने खानीको काम गर्ने छन्तेल जातिका गाउँहरूको नाममा चाहिं 'खानी' शब्द जोडिएको देखिन्छ, जस्तै रूपाखानी, गुर्जाखानी इत्यादि । नेवार जाति र नेपाल नाममा समेत निकट सम्बन्ध रहेको कुरा सर्वविदितै छ ।

## ३. सामाजिक–ऐतिहासिक स्थाननाम

एक कृषिप्रधान देश भएको हुनाले नेपालमा गाउँसूचक नाउँहरू प्रशस्त हुनु कुनै अनौठो कुरो होइन । अझ शहरको नाउँमा समेत 'गाउँ' शब्द जोडिएको उदाहरण भादगाउँले प्रस्तुत गरिरहेको छ भने कैयौं गाउँहरूको नाउँमा शहरको द्योतक 'पुर' शब्द जोडिएको पनि पाइन्छ । फेरि गाउँसूचक नाउँ पनि विभिन्न जनभाषामा विभिन्न हुन सक्छ, जस्तै नेवारीमा गाँ त धिमालभाषामा देरा इत्यादि । कुनै जमानामा नेपाल कैयौं राज्यहरूमा विभाजित थियो र पश्चिमी नेपालमा बाइसी र चौबिसी भनिने राज्यसमूहहरू अस्तित्वमा थिए । ती राज्यका राजधानीहरूमा किल्लाको रूपमा गढी र कोट रहनुको साथै बजार पनि देखा परेका थिए । त्यसैले नेपाली स्थाननामहरूमा किल्लासूचक गढी (जस्तै -सिन्धुलीगढी,

चिसापानीगढी, धनगढी) र कोट (जस्तै—नुवाकोट, नगरकोट, थानकोट, जाजरकोट, तिब्रीकोट, बस्कोट) र बजारसूचक पुर (जस्तै—मकवानपुर, कीर्तिपुर, बिजेपुर, चैनपुर) शब्दको योगबाट बनेका स्थाननामहरू छ्यासछ्यामती पाइनु कुनै अस्वाभाविकता होइन। फेरि प्राचीन कालमा पुर शब्द त किल्लाकै द्योतक पनि थियो अर्थात् यो शब्द किल्लाभित्र बसाइएको बस्ती भन्ने अर्थमा प्रयुक्त हुन्थ्यो। यसको साथै शहरकै अर्थ बुझाउने गरी अरबीभाषाको 'गन्ज' (जस्तै— बीरगन्ज, नेपालगन्ज, गौरीगन्ज, महाराजगन्ज) र संस्कृत भाषाको 'नगर' (जस्तै-विराटनगर, सिद्धार्थनगर, वाल्मीकिनगर) जोडिएर पनि विभिन्न स्थाननामहरू बनेका छन्।

## ४. धार्मिक स्थाननाम

नेपालमा धार्मिक स्थाननामहरूको बाहुल्य छ भन्नु अत्युक्ति हुनेछैन। जुनसुकै पर्वत, नदी, पोखरी आदि प्राकृतिक वस्तुलाई ईश्वरीय शक्तिको रूपमा पूजा गर्ने धर्मभीरु नेपालीहरूले नदीको नाम विष्णुमती, नारायणी, महाकाली, कुण्डको नाम गोसाइँकुण्ड, गणेशकुण्ड, सरस्वतीकुण्ड, आदि मात्र नराखेर प्रत्येक जलनामलाई 'तीर्थ' शब्दद्वारा विभूषित गर्नु कुनै नौलो कुरो होइन। अन्तमा तीर्थ, धाम, थान (स्थान), नाथ, ईश्वर आदि शब्द जोडिएका स्थाननामहरू प्रत्यक्षतः धार्मिक चरित्रका हुन् (जस्तै मातातीर्थ, जनकपुरधाम, भीमसेनथान, कालिकास्थान, मुक्तिनाथ, बानेश्वर आदि)। काठमाडौं र ललितपुरका कतिपय टोलहरूको नाममा 'बहाल' वा 'बही' शब्द जोडिएको-बाट यहाँ कुनै जमानामा बौद्ध धर्मका विहारहरू प्रशस्त रहेको कुरा प्रस्टिन्छ (जस्तै— ओमबहाल, इटुंबहाल, चक्रबही इत्यादि)। तिब्बती भाषामा यसैको लागि 'माने' 'चोर्तेन' 'गुम्बा', आदि जोडिएको पाइन्छ (जस्तै पाँचमाने, हल्जीगुम्बा आदि)। विभिन्न देवदेवीका मूर्ति, मन्दिर र वा स्थानको आधारमा पनि कैयौं स्थाननामहरू अस्तित्वमा आएका छन् (जस्तै—दक्षिणकाली, गोकर्ण, बुढानीलकण्ठ, बौद्ध आदि)। नदीतटको अर्थमा 'घाट' पनि धार्मिक पुट भएको जलनाम हो (जस्तै आर्यघाट)।

## ५. स्मृतिबोधक स्थाननाम

कुनै ठाउँको नामकरण कुनै जातिविशेषको नामबाट मात्र नभई कुनै व्यक्तिविशेषको नामबाट समेत भएको पाइन्छ। कुनै व्यक्ति वा ऐतिहासिक घटनाको स्मृतिस्वरूप ठाउँको नाउँ राख्ने चलन हाल निकै लोकप्रिय भइरहेको छ र प्राकृतिक स्थलहरू (तालतलैया, पर्वत, नदी, तलाउ)को पनि यसरी नयाँ नाउँ राखिएको पाइन्छ, तर यसरी सगरमाथा-लाई एभरेष्ट भन्नमा कुनै औचित्य देखिंदैन। पुरानो नाउँको सट्टा यसरी नयाँ नाउँ राख्नाले एकातिर ऐतिहासिक र सांस्कृतिक महत्त्व राख्ने पुराना स्थाननामहरूको लोप भएर जाने डर रहन्छ भने अर्कोतिर जताततै एकै किसिमका नाउँहरू देखा पर्ने पनि सम्भावना रहन्छ। तसर्थ अनावश्यक रूपमा नाउँ फेर्नु उचित हुँदैन। नयाँ बस्ती बसाइएको वा नयाँ बाटो र सडक बनाइएकोमा यसरी स्मृतिबोधक नाम राख्नु युक्तिसंगत हुन्छ (जस्तै—वीरगन्ज, जयपृथ्वीनगर, महेन्द्रनगर, जुद्धसडक, त्रिभुवनराजपथ, पृथ्वीराजमार्ग, अरनिकोराजमार्ग, सिद्धार्थराजमार्ग आदि)। शहीदहरूको नाममा राजधानीका सडकहरू र केही बस्तीहरूको नामकरण गरिनुको औचित्य अवश्य नै छ। जुनसुकै नयाँ नाम राख्दा पनि ऐतिहासिक र सांस्कृतिक महत्त्वलाई ध्यानमा राखेर स्थाननामको प्रचलन, नियमितता र लोकव्यवहारको राम्रो बोध हुनु खाँचोपर्दो छ। तालमेल नमिल्ने जथाभावी नाम राख्नुभन्दा भौगोलिक स्थितिको राम्रो अभिव्यक्ति गर्ने चिटिक्क परेको श्रुतिमधुर नाउँ खोज्नु युक्तिसङ्गत देखिन्छ।

यस परिप्रेक्ष्यमा साहित्यिक कृतिहरूमा र कुनै कुनै शोधग्रन्थहरूमा जुन काल्पनिक स्थाननामहरू राखिन्छ त्यसको पनि चर्चा गर्नु युक्तिसङ्गत हुनेछ। यस्ता काल्पनिक स्थाननामहरूमध्ये नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको अध्ययन-टोलीले कर्णाली (जुम्ला) भेकका विभिन्न पक्षको अध्ययनको सिलसिलामा सल्लाका बोटहरू प्रशस्त भएको

ठाउँ भन्ने अर्थमा 'दियारगाउँ' भन्ने काल्पनिक नाउँको सिर्जना गरेको निकै घतलाग्दो छ। यसै गरी 'नेपालका गुरुङहरू' (The Gurungs of Nepal, England, 1976, p. 29) भन्ने पुस्तकमा डोनाल्ड मेस्सेरश्मिथले (Donald A. Messerschmidt) 'घै' र 'सु' भन्ने दुई काल्पनिक नाउँको आधारमा 'घैसु' भन्ने गुरुङ गाउँको त उत्पत्तिकथा समेत रोचक पाराले प्रस्तुत गरेका छन्।

माथिको विवेचनाबाट के कुरा स्पष्ट हुन जान्छ भने स्थाननामहरू जनजीवनसित सम्बन्धित हुन्छन् र तिनले जनताको इतिहास बक्तछन्। यस परिप्रेक्ष्यमा इतिहास-शिरोमणि बाबुराम आचार्यले "जिल्लाको नाम पनि ऐतिहासिक आधारमै" राखी नेपालको इतिहास लेख्ने सिलसिलामा भनेका कुरा मननीय हुन आउँछ। उनको भनाइ थियो : "..... एउटा जिल्लाको नाम के राख्ने हो मैले निधो गर्न सकेको छैन। नामै पाएको छैन। हाम्रो देशको भूगोल ठीक नभएकोले नै त्यसको सिर्जना गर्नुपरेको हो। साँच्चो भूगोलको अभावमा इतिहासको खोजी गर्न गाह्रो र कति ठाउँमा त असम्भव प्रायः पनि हुन जान्छ" हेर्नुस्, आनन्ददेव भट्ट, 'हाम्रा प्रतिभाहरू' वि. सं. २०१६, पृष्ठ १८)। यस भनाइलाई राम्ररी हृदयङ्गम गरेर हामीले भावी पुस्ताको निमित्त आफ्ना स्थाननामहरूको जगेर्ना गर्नुपर्छ, किनभने स्थाननामहरू हाम्रा भाषिक तथा सांस्कृतिक सम्पत्ति हुन्।

—**कृष्णप्रकाश श्रेष्ठ**

# अ

**अछाम** (**सेती अञ्चल**)

१. [ ?, अस्माम्बु > अस्माम्ब > अच्छाम्भ > अछाम] पास्तोली गाउँका पूर्वी किनारास्थित तीन छहराको पानीको मूललाई प्राचीन कालमा 'अस्माम्बु' भनिन्थ्यो । यसैको अपभ्रंश भई 'अस्माम्ब','अच्छाम्भ' हुँदै ~ भयो। (१२५/?) *

यी तीन छहराहरूमध्ये एक छहरा अझै पनि यथावत् छ ।

२. [ सं० अक्षाम–अछाम ] परापूर्व कालमा आश्वालयन नामका ऋषि खेचराद्रि पर्वतमा तपस्या गर्न आउँदा उनका सँगमा आएका अक्षाम नामका ब्रह्मचारी शिष्यले कैलाश नदीको उद्गमस्थलमा तपस्या गरेको प्रभावले आसपासको प्रदेश शस्यश्यामला भएको हुँदा उक्त तपस्वीकै नामबाट त्यस धरतीको नाम 'अक्षाम' रहन गयो र कालान्तरमा यसैको अपभ्रंश भई ~ भनियो । (५१/?)

जनश्रुतिअनुसार करीब पन्द्र–सोह्र सय वर्षअघि मदनसिंह नाम गरेका राजाले ~ मा राज्य गरेका थिए । साथै थापाहरूले पनि राज्य गरेका थिए भन्ने लोकोक्ति छ । सम्भवतः यी थापाहरू खसिया मल्लहरूका सामन्त थिए । मल्लकालको ~ को इतिहासबारे तीनवटा वंशावलीहरू (हेर्नुस्, योगी नरहरिनाथ (सं.), 'इतिहास प्रकाश', अंक २, भाग ३, पृष्ठ ३८७–३९४) प्रकाशित छन् । कन्नौजबाट नेपाल पसेका भास्कर भट्ट (षत्याडा), प्रभाकर भट्ट (लेषम, दार्चुला), लल्ल भास्कर (गोताम) र विलल्ल भास्कर (जुम्ला) चार भाइमध्ये कान्छोको विवाह जुम्ली महाराज समुद्रवंशी सिजापतिकी छोरी हारमतासँग भएको थियो । महाराजले नाति जन्म्यो भने आफ्नो राज्यको कुनै भागको राजा बनाइदिने बाचा गरेर ज्वाइँ–छोरीलाई जुम्ला अम्मलमध्ये चार हजार सामा चवर गाउँ दाइजो दिए । पछि हारमताले देवचन्द्र नामको पुत्र जन्माइन् र आफ्ना पिताबाट बाचाअनुसार अछाम पाइन् । देवचन्द्र शक संवत् १३९२ (इ. सं. १४७०) मा सेरा नगरमा राजा थिए । अछामी राजाको वंशावलीमा देवचन्द्रपछि क्रमशः ५१ राजाको नाम उल्लेख गरिएको छ । (८८–४/८३४–३५)

**अजमेरकोट** (डोटी)

१. [नेे. अजयमेर + कोट] डोटीका राजा अजयपाल (चौद्धौं शताब्दी) द्वारा निर्मित किल्ला हुनाले "अजयमेरकोट" नाउँ रहन गएको र पछि ~ भनिएको हो। (८८–४/१०६९)

**अनुपरमेश्वर** (?, काठमाडौं)

१. [सं. अनुपरम + ईश्वर] लिच्छविकालका कवि अनुपरमको नामबाट उनकी पत्नी आभीरी गोमिनीले आफ्ना पतिको पुण्य बढोस् भनी स्थापना गर्न लगाएको शिवलिङ्ग हुनाले ~ नाम रहन गयो। (९५/?)

**अन्नपूर्ण हिमाल** (पोखरा)

१. [सं. अन्न + पूर्ण + हिम + आलय] धानको रास चुलिएको जस्तो देखिने हिउँचुली हुनाले ~ भनिएको हो। (४३/२५२)

"कृषकले सेती गण्डकीको मूल अन्नपूर्ण हिमाललाई आफ्नै खले गहराको कल्पना गर्छ । उहिले राम र सीताले अन्नपूर्ण हिमालको गहरोमा दाइँ हाल्ने गर्दथे भन्ने कथाको सम्झना गर्छ । अन्नपूर्ण हिमालमा धानको रास भर्ने माना-पाथी, छिरलिएका परालको थुप्रो देख्छ । फाँटमा धानको दाइँ हाल्दा आजको सह पनि माथि अन्नपूर्ण हिमालमै छ भनी किसानले आफ्नो कुन्यूको धानको रासलाई पूर्व फर्काउँछ । धानको रासमा उत्तर मुख पारेर हँसिया गाडेपछि अन्नपूर्ण हिमालकी सिमलचरीलाई बोलाउँछ । खरानीले धानको रासलाई छेको हाल्छ । यसो गर्दा खोल्साखोल्सीमा लुकेका भूतप्रेतले सह लिन सक्तैनन् रे । अन्नपूर्ण हिमालको ढिस्को

* यसरी कोष्ठभित्र दिइएको संख्यामध्ये पहिलोले सन्दर्भ ग्रन्थसूचीको क्रमसंख्या र / को अगाडि दिइएको अंकले चाहिँ त्यसै ग्रन्थको पृष्ठसंख्या बुझाउँछ ।–सं०

जुन साल हिउँले पुस्टिन्छ त्यस सालमा अन्नको सह बढ्छ भन्ने विश्वास गरिन्छ।" (४३/२५२–२५३)

**अन्नपूर्णा** (असन, काठमाडौं)

१. [सं. अन्न+पूर्ण] एउटा ठूलो पाथीको रूपमा पूजा गरिने 'अन्नकी देवी' हुनाले ~ नाउँ रहन गयो। (१६१/३१२)

~ थकूजुजु नेवारहरूकी कुलदेवी मानिएकी छन्। (१६१/३१२)

**अन्नपूर्णेश्वर कुण्ड** (मुगु)

१. [सं. अन्न+पूर्ण+ईश्वर+कुण्ड] **ऋणमोक्षदह**को समूहमा पर्ने सबभन्दा माथिको कुण्डमा स्नान गरी पूजा गर्नाले खेतीपातीको बाली बिग्रँदैन भन्ने विश्वासअनुसार कुण्डको नाउँ नै ~ रहन गएको छ। (८८–४/३४०)

**अमरनारायण** (अम्बरनारायण) (पाल्पा)

१. [सं० अम्बर+नारायण] भीमसेन थापाका बाबु अम्बरसिंह थापा (सुदूर पश्चिमविजेता अम्बरसिंह होइन) ले वि० सं० १८६३(ई० सं० १००६) मा स्थापित गरेको नारायण हुनाले ~ नाम रहन गएको हो (६/१४७,६७ क/१२)।

अम्बरसिंह थापा (उन्नाइसौं शताब्दीको आरम्भ) ले आफू पाल्पाका तैनाथवाला हुँदा जग्गा खेतबारीको गुठीद्वारा यसको प्रबन्ध गरेका थिए। (६७ क/१२)

**अमलेखगन्ज** (बारा)

१. [अ० अमलेख + गन्ज] दासत्वबाट मुक्ति पाएका अर्थात् अमलेख गरिएका मानिसहरूलाई बसोबास गर्न दिइएको ठाउँमा बसाइएको शहर हुनाले ~ भन्ने नाउँ रहन गयो। (११७/३६४)

वि० सं० १९८१ साल (ई० सं० १९२४) मा नेपाल अधिराज्यभरका ५९८७३ दासदासीहरूमध्ये ४६५१ आफ्नै मालिकहरूद्वारा र ११४ ले आफ्नो मूल्य आफैंले तिरेर दासत्वबाट मुक्ति पाएका थिए। बाँकी ५१७८२ कमारा-कमारीहरूलाई पशुपतिको गुठीबाट ३६ लाख ७० हजार रुपियाँ व्यय गरेर अमलेख गरिएको थियो र ती 'शिवभक्त' भनिएका थिए। उनीहरूलाई बसोबास गर्न दिइएको यो ठाउँ पहिले भिच्छाखोरी भनिन्थ्यो। (११७/३६४)

**अम्बरगन्ज** (पाल्पा)

१. [ने० अम्बर+गन्ज] अम्बरसिंह थापा (पाल्पाका तैनाथवाला) द्वारा उन्नाइसौं शताब्दीको शुरुतिर स्थापित बस्ती हुनाले ~ नाम रहन गएको हो। (६७ क/१२)

यहाँ पाल्पा भैरवको मन्दिर छ।

**अमृतपानी** (कास्की)

१. [ने० अमृत+पानी] कास्की जिल्लाको पूर्वी भेकमा सबभन्दा मीठो पानी भएको तीनवटा सुन्दर रह (तलाउ) हुनाले ~ नाम रहन गएको हो।

"सुनटिकी माछो सुना झाँक्रीको रूपमा यस जलाशयमा रहन्छ भन्ने विश्वास गरिन्छ। ठूलो खडेरी परी पानीको हाहाकार भएको वेला सुनाझाँक्रीलाई सम्झी यही दहमा नारा र जाँड राखिदिंदा दहलाई चोखो पार्न सुनाझाँक्रीले तत्काल भल चल्ने पानी बर्साउँछ र खडेरी भाग्दछ भन्ने जनविश्वास छ। होम गर्दा अमृतपानीको सुनाझाँक्री भनी फलाको हाली होम दिइन्छ।" (१४६/३६–३८)

**अरगजा** (धनुषा)

१. [?] जानकीमन्दिरको उत्तरतिर पर्ने यस पोखरीमा पर्दा राखेर सीताले स्नान गर्ने गरेको हुनाले ~ भनिएको हो।

यस पोखरीको पानीले अनेक प्रकारको चर्मरोग निको पार्दछ भन्ने विश्वास गरिन्छ। (८८–२/२५६)

**अर्घा** (अर्घाखाँची)

१. [अर्घ्य >अर्घा] असल ठाउँ अथवा पवित्र भूमि हुनाले यो ठाउँ अर्घ्य भनिन्थ्यो। यही शब्द बिग्रेर पछि ~ नाउँ रहन गयो।

मध्यकालमा चौबिसी राज्यहरूमध्येको एक ~ राज्यभित्र जम्मा १९ मौजाहरू थिए। (८८–३/८२७)

**अर्घाकोट** (अर्घाखाँची)

१. [अर्घा+कोट] अर्घा राज्यको राजधानी रहेको

हुनाले ~ भनिन्छ।

सदरमुकाम नरपानीबाट पाँच कोस (करीब १६ किलोमीटर) उत्तरमा करीब १८२६ मीटर (६००० फीट) अग्लो डाँडाको टुप्पामा ~ अवस्थित छ। यहाँ राजदरबार तथा भगवतीको मन्दिर छ। दसैंमा यहाँ भोग दिने र सराय खेल्ने गरिन्छ। 'यस कोटको पूजाआजाको निम्ति गुठीको व्यवस्था छ। यस गुठीको नियमअनुसार विभिन्न जात र पेशाका स्थानीय व्यक्तिहरूले गुठीको जग्गा कमाई कोटको पूजाआजा चलाउन विभिन्न वस्तु वा आफ्नो पेशागत सेवा कोटलाई चढाउँछन्।' (८८–३/८३३)

**अर्घाखाँची** (लुम्बिनी अंचल)

१. [अर्घा+खाँची] अर्घा र खाँची भनिने दुई पुराना चौबीसी राज्यहरूको नामबाट विक्रम संवत् २०१९ सालमा सिर्जना गरिएको जिल्लाको नाम ~ रहन गएको हो।

'प्रसिद्ध ऐतिहासिक कोटहरू रहेको यस जिल्लामा रामायण र महाभारत कालसँग सम्बद्ध केही स्थानहरू पाणिनि ऋषिको तपोभूमि पनि रहेको जनश्रुति पाइन्छ।" (८८–३/८१७)

**अर्घारजस्थल** (अर्घाखाँची)

१. [अर्घा+राज+स्थल] कुनै समय अर्घाका राजा बस्ने टाउँ हुनाले **अर्घाकोट** नजीकैको एउटा ठूलो मैदान ~ भनिएको हो। (८८–३/८३३)

**अरुणनदी**

सिम्बुङ भन्ने ठाउँ (अरुण र वरुणको दोभान) मा माघे संक्रान्तिको दिन ठूलो मेला लाग्छ।

**अशोकचैत्य** (ललितपुर)

१. [अशोक+चैत्य] पाटनको पिंथविहारका पश्चिममा स्थित चैत्य भारतका सम्राट् अशोक (इ० पू० तेस्रो शताब्दी) द्वारा निर्मित भएको मानिन्छ र यसैले गर्दा त्यसको नाम ~ रहन गएको हो। भनिन्छ, पाटनमा भएका चारै वटा स्तूप अशोकले नै निर्माण गराएका थिए। हेर्नुस् अशोक स्तूप।

पिंथ विहारका पश्चिममा स्थित चैत्यको जीर्णोद्धार गर्ने महापात्र मेघपाल वर्माले राखेको ने.सं. ४७७ (इ. १३५७) को शिलालेखबाट सुलतान शमशुद्दीनद्वारा यो चैत्य नष्ट गरिएको कुरा चाल पाइन्छ।

**अशोकपत्तन** (ललितपुर)

१. [अशोक+पट्टन] मौर्य राजा अशोकले नेपालमा तीर्थ गर्न आउँदा जुन ठाउँमा चारवटा बौद्ध चैत्यको निर्माण गराई शहरको स्थापना गरेका थिए त्यो ~ भनिन थाल्यो। (४७/४१) हेर्नुस् पाटन।

**अशोकस्तम्भ** (लुम्बिनी)

१. [अशोक+स्तम्भ] भारतका सम्राट् अशोकले गौतम बुद्धको जन्मस्थान लुम्बिनीमा स्थापित गराएको स्तम्भ हुनाले ~ भनिन्छ।

लुम्बिनीनजीकै निगलीहवा नामक स्थानमा पनि अर्को एउटा ~ छ। त्यसमा ब्राह्मी लिपिमा कनक मुनि बुद्ध-सम्बन्धी अभिलेख अङ्कित छ।

**अशोकस्तूप** (ललितपुर)

१. [अशोक+स्तूप] इशापूर्व २५० तिर नेपालको यात्रा गर्ने सम्राट् अशोकले वर्तमान पाटन शहरका चार कुनामा चार युगका प्रारम्भिक दिन* पारी चार स्तूप खडा गराएको हुँदा ~ नामले प्रसिद्ध भए। बीचको केन्द्रीय स्तूपको अतिरिक्त कीर्तिपुरको स्तूप पनि अशोकले नै खडा गराएको मानिन्छ। (११७/६८–६९) यी चार स्तूपहरू क्रमशः लगन ताँडा, त्रैतास ताँडा, पुलच्च ताँडा र जिम्पी ताँडा भनिन्छ। (१६४/२५)

**असीदरा** (जुम्ला)

१. [ने० असी+दरा] सम्भवतः असी घरधुरी भएको इलाका हुनाले ~ भन्ने नाम रहन गएको होला। (१२७।३४)

---

* सत्ययुगादि–कार्तिक शुक्ल नवमी, त्रेतायुगादि–माघ पूर्णिमा, द्वापरयुगादि–वैशाख शुक्ल तृतीया, कलियुगादि भाद्र कृष्ण त्रयोदशी।

**आइतबारे** (इलाम)

१. [आइत+वार] इलामबजारबाट माईखोलापार पूर्वदक्षिण दिशामा रहेको स्थायी बजारमा प्रत्येक आइतबार ठूलो हाट लाग्ने हुँदा यो बजार ~ भनिन्छ।

**आढियामाल** (मोरङ)

१. [धि० आन्डे+माल] पहिले कुनै आन्डे भन्ने धिमाल राजाले बसोबास गरेको समथर जग्गा भएको तराईको गाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (४५/१८)

**आढ्याबारी** (मोरङ)

१. [धि० आढ्या+बाडी] आढ्या वा आन्ढे नाम गरेको कुनै धिमालले सबभन्दा पहिले 'बाडी' अर्थात् 'बस्ती, बसाएको हुनाले ~ नाम रहन गयो। (४५/१८)

**आदिग्राम** (सुनागुठी, काठमाडौं)

१. [सं० आदि+ग्राम] सम्भवतः काठमाडौं उपत्यकाको ज्यादै पुरानो गाउँबस्ती भएको हुनाले – अर्थात् पहिलो गाउँ भन्ने नाउँ रहन गएको होला।

भृङ्गेश्वर मन्दिरनेर पाइएको शिवदेव द्वितीयको अभिलेख (इ० ७०१) मा 'भृंगेश्वरदेवकुल'को उल्लेख हुनुको साथै ~ को पनि उल्लेख छ। यसबाट गोपाल वंशावलीमा भनिएजस्तो पशुपतिको मन्दिरभन्दा पनि भृंगेश्वरको मन्दिर पुरानो मान्न सकिन्छ। हिजोआज **सुनागुठी** नामले सम्बोधन गरिने ठाउँको ऐतिहासिक महत्त्व पनि यसबाट प्रस्टिन्छ। (९५ क/ १२८)

**आनन्दकुटी** (स्वयम्भू, काठमाडौं)

१. [आनन्द+कुटी] स्वयम्भूको उत्तरपट्टि डाँडाको काखमा रहेको कुटी (धर्मशाला) अति सानो भएको हुनाले आगन्तुक उपासक–उपासिकाहरूलाई बस्ने ठाउँ नपुगेको हुँदा पछि त्यसलाई बढाएर चारैतिर ठाउँ सफासुग्घर समेत गरेपछि भिक्षुहरू र उपासकहरू सबै आनन्दित भएको हुँदा कुटीको नाउँ नै ~ रहन गयो।

वि० सं० १९९९ साल श्रावण १३ गते मंगलवारका दिन स्वयम्भू घ्याङ गुठीका अमानतले त्यस ठाउँमा कुटी बनाउन धम्मालोक महास्थविरलाई बहालीपूर्जी दिएपछि त्यहाँ शुरुमा छ्वालीको छाना हालिएको सानो कुटी बनाइएको थियो। ने०सं० १०६३ (इ० १९४३) मा कुशीनगरका भिक्षु चन्द्रमणि महास्थविरले त्यहाँ विहार बनाइएमा कुशीनगरमा रहेको सिंहमर्मरका २ बुद्धमूर्तिमध्ये एउटा प्रदान गर्ने वचन दिएकाले त्यहाँ विहार पनि बनाइयो र सो मूर्ति ने० सं० १०६५ मा (सकिमलापुन्हीका दिन) ~ मा आइपुग्यो। (८७/१५)

**आपनकुण्ड** (कफल्ले, पीलकोट, डोटी)

१. [आपन+कुण्ड] आपन अर्थात् आगोको कुण्ड रहेको ठाउँ हुनाले ~ भनिन्छ।

"कफल्यमा रहेको मन्दिरभित्र भगेश्वरको लिंगनेर रहेको कुण्डमा बाह्र वर्षसम्म आगो रहन्छ। हरेक बाह्र वर्षमा त्यहाँ भगेश्वरको लक्ष्यहोम हुन्छ। त्यहाँका पूजाहारीले मूर्छा परिन्छ भनेर आँखामा पट्टी बाँधी पूजा गर्छन्। मालिकाको शिखरमा शिर, कफल्यमा नितम्ब र सेतीको छालमा चरण छन् भन्ने विश्वास गरिन्छ। एक चोटि भोटका राजा झम्पलले डोटी पसेर सबै स्थानस्थानका देवताहरूलाई लुटेर भोटतर्फ लैजाने गरेझैं भगेश्वरलाई पनि मन्दिरै समेत उप्काई लैजान खोज्दा असफल भएकोले लाचार भएर निनाली देवल भन्ज्याङमा र कफल्यमा एकै रात कुवा खनाई मन्दिर बनाएर गुरु रिम्बोर्छे स्थापना गरी भागेको चिह्न अद्यापि त्यहाँ छँदै छन्।" (४४/४०६–४०७)

**आमागुफा** (मुस्ताङ)

१. [आमा+गुफा] लो गेकार गुम्बानजिकैको यस गुफामा कुनै समयमा एउटा सानो बच्चा बेपत्ता भएको थियो र आज पनि आधा रातमा यस गुफातिरबाट कुनै बच्चाले आफ्नी आमालाई बोलाएको जस्तो सुनिने एक तीखो आवाज वरिपरिका पहाडकन्दराहरूमा प्रतिध्वनित हुन्छ भन्ने स्थानीय विश्वासअनुसार ~ नाम रहन गएको हो। (८८–३/५१८)

**आर्नाखाडी** (मोरङ)

१. [धि० अर्ना+खाडी] अर्ना आहाल बस्ने पोखरी

भएको ठाउँमा बसेको धिमाल गाउँ हुनाले ~ भनिएको हो। (४५/१८)

**आशापूरेश्वर** (काभ्रेपलान्चोक)

१. [आशा + पूर+ईश्वर] चण्डासुरको वधबाट हर्षित र आशान्वित भएका देवताहरूले डाँडोमुनि नदीको दोभानमा स्थापना गरेको लिङ्ग हुनाले ~ भनियो । (५२/४४) *

**इटुंबहाल** (काठमाडौं)

१. [इटुम्+विहार] हेर्नुस् पारावत महाविहार ।

**इन्द्रचोक** (काठमाडौं)

१. [ने० इन्द्र+चोक] इन्द्रजात्राको दिन इन्द्रको विशेष प्रतिमा प्रदर्शित हुने एक मुख्य केन्द्रीय स्थान हुनाले ~ नाम रहन गएको हो। (३० क/१०)

भाद्र–शुक्ल–द्वादशीका दिनदेखि विशेषत: ~ मा र मरुटोलका अन्य प्राङ्गणहरूमा पनि लामा–लामा खम्बाहरू ठड्याई माथिल्लो भागमा मन्दिरशैलीको मचान बनाएर त्यहाँ दुई हात पसारेका इन्द्रका भव्य मूर्तिहरू ध्वजापताका सहित प्रदर्शित गरिन्छन् । इन्द्रजात्रा भाद्र शुक्ल द्वादशीका दिन प्रारम्भ भई पूर्णिमाका दिन पराकाष्ठामा पुगेर आश्विन-कृष्ण-चौथीका दिन विसर्जन हुन्छ। (३० क/१४)

२. [ने० इन्द्र+चोक] स्वर्गका देवताहरूसहित देवराज इन्द्रले स्नान गरेको दुई पवित्र नदीहरूको सङ्गमस्थल हुनाले कालान्तरमा यस ठाउँको नाम नै ~ रहन गयो (१६७/१२)

पहिले यसै ठाउँमा बागमती र कलामती (विष्णुमती) को दोभान थियो भनिन्छ। हेर्नुस् वङ्गल ।

**इन्द्रचोक** (काठमाडौं)

१. [इन्द्र+चोक] स्वर्गका देवताहरूसहित देवराज इन्द्रले दुई पवित्र नदीको सङ्गमस्थलमा स्नान गर्न आएको हुनाले कालान्तरमा यस ठाउँको नाउँ ~ रहन गयो। भनिन्छ, पहिले यसै ठाउँमा बाग्मती र कलामती (विष्णुमती) को दोभान थियो। (१६७/१२) हेर्नुस् वंगल ।

**इन्द्रडाँडो** (हंसपुर, पोखरा)

१. [ने० इन्द्र+डाँडो] इन्द्रद्वार भनिने गुफा रहेको पहाड हुनाले ~ भन्ने नाम रहन गएको हो। (१४६/३५)

**इन्द्रदह** (दहचोक, काठमाडौं)

१. [इन्द्र+दह] देवराज इन्द्रले स्नान गरेको दह हुनाले दहचोक भनिने डाँडामा रहेको सानो कुण्ड ~ भनिन्छ। हेर्नुस् यंकिदह।

हरेक वर्ष इन्द्रजात्राको तेस्रो दिन काठमाडौं मरुहिटीबाट वर्षदिनभरिमा मरेका मानिसका नातेदार आइमाईहरू डाकिनी (डाँगी) को भेष लिएको एक जना महर्जनको पछि लाग्दै बोमत (माटाका दियाहरू बालिएको लामो बाँस) लिएर ~ सम्म जान्छन्। इन्द्रकी आमाद्वारा छलिएर पृथ्वीमै छोडिएका मृतात्माहरूलाई यस बत्तीले बाटो देखाउँदै स्वर्गसम्म पुर्‍याइदिन्छ भन्ने जनधारणा छ।

**इन्द्रपुरी** (काठमाडौं)

१. [सं० इन्द्र+पुरी] इन्द्रध्वज (लिङ्गो) उठाउने ठाउँनेर बनाइएको मण्डपशैलीको भव्य मन्दिर हुनाले ~ नाउँ रह्यो। (३० क/१०)

**हनुमानढोका**नेर–मन्दिरको पेटीनेरै भाद्र–शुक्ल-द्वादशीको दिन बिहान शुभ मुहूर्तमा राजकीय सम्मानपूर्वक विधि पुर्‍याई इन्द्रध्वज (लिङ्गो) उभ्याउने चलन छ।

**इन्द्रद्वार** (हंसपुर, पोखरा)

१. [इन्द्र+द्वार] हंसपुर गाउँको अग्लो डाँडाको एउटा भेकमा चट्टाङ परेर खोपिएको एउटा लामो गुफालाई ~ अर्थात् इन्द्रको स्वर्ग जाने ढोका भन्दछन्। (१४६/३५)

**इन्द्रावती** (काभ्रेपलान्चोक)

१. [इन्द्र+वती] इन्द्रले पृथ्वीमा आएर तपस्या गरेको स्थान (उत्तरमा पाँचपोखरीस्थित मुहान) बाट

---

* चण्डासुरवधोत्पन्नहर्षनिर्भरमानसाः ।
त्रिदशाः शैलमुत्तीर्य सरितोः संगमे शुभे ॥
आशापूरेश्वरं लिंगं स्थापयामासरुत्तमम् ।
'नेपालमाहात्म्य', अ० ५, श्लो० १९–२०।

बगेको नदी हुनाले ~ नाउँ रहन गयो। (८८–२/४७३) दोलालघाटमा यो नदी सुनकोसीसँग मिल्दछ।

**इन्द्रेश्वर** (काभ्रेपलान्चोक)

१. [इन्द्र+ईश्वर] नीरमती र रोषमती (रोसी)को दोभानमा इन्द्रद्वारा स्थापना गरिएको लिङ्ग हुँदा ~ भनियो। (५२/४४)*

**इबहीटोल** (ललितपुर)

१. [नेवा० यम्पी+विहार+त्वाः] यम्पी नामक विहार रहेको टोल हुनाले नेवारीमा 'यम्पीविहारत्वाः' भन्ने नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाउँ हुन गएको हो। (४६/४२)

**इलाम** (मेची अंचल)

१. [लिम्बू० इ+लाम] लिम्बू भाषामा 'इ' भनेको 'घुमाउरो' र 'लाम' भनेको 'बाटो' हुन्छ। यस जिल्लाको भू-भागमा घुमाउरा बाटाहरू धेरै भएको हुँदा ~ भन्ने नाम सार्थक पनि देखिन्छ। हेर्नुस् चारखोला।

२. ईमानसिंह चेमजोङको भनाइअनुसार "पसिका मानिसहरू आफ्नो देशलाई ~ भन्दथे र त्यहाँका केही मानिसहरू लडाइँमा हारेर भाग्दा यस ठाउँमा आइपुगे र यहाँको जङ्गल फडानी गरी बस्ती बसाले। आफ्नो पुरानो देशको सम्झनामा उनीहरूले यसलाई ~ र आफूलाई 'इलाम्भू' भन्ने गरे। लिम्बूहरू इलामका आदिवासी लाप्चा-हरूलाई 'इमेम्पा' भन्दछन्।" (८८–१/१४७)

**ईंटेशंखु** (काभ्रे)

१. [ईंट+शंखु] यस ठाउँको शुद्ध नाम 'शंखु' हो, तर यस ठाउँको जमीनमुनिबाट सयौं घरहरू बनाउन पुग्ने गरी ईंट निस्किसकेको र अझै पनि हज्जारौं घरहरू बनाउन पुग्ने गरी ईंट पाइने सम्भावना देखेर मानिसहरूले यस ठाउँको नाम नै ~ राखिदिए। (१०३/१२)

---

*नीरमत्या रोषमत्याः संगमे सुमनोहरे।
इन्द्रेश्वरमहालिंगं स्थापयामास सिद्धिदम्॥(५२/४४)

हनूमान्ढोकाबाट अन्दाजी ७।८ कोश पूर्वतर्फ रहेको यो ठाउँ महात्यागी तथा महाकरुणाधारी राजकुमार श्री महासत्त्वको अस्थिसहितको चैत्य 'नमोबुद्धचैत्य' जाने बाटोमा पर्छ।

**उग्रतारा** (साँखु, काठमाडौं)

१. [उग्र+तारा] मणिचूड पर्वतमा दुईथ्रोटा पहराको बीचबाट रश्मि (प्रचण्ड ज्योति)–को रूपमा प्रकट भएकी वज्रयोगिनी हुनाले ~ नाम रहन गयो। हेर्नुस् वज्रयोगिनी।

साँखुमा वज्रयोगिनीको मन्दिरमा ~ को मूर्ति राखिएको छ।

**उग्रतीर्थ** (बनेपा)

१. [उग्र+तीर्थ] स्कन्दपर्व पर्वतको तलतिर रहेको एउटा थुम्कोमा बसी च्यवन नामक ब्राह्मणले निराहार रही वायुभक्षक भएर जितेन्द्रिय भई योगासन धारण गरेर बाह्र वर्ष पर्यन्त उग्र तपस्या गरी आश्विन महीनाका शुक्लपक्षका दिन शिवजीबाट वरदान पाएको पवित्र ठाउँ हुनाले ~ नाम रहन गयो। (१०६/३–५)

**उत्तरगङ्गा** (बागलुङ)

१. [उत्तर+गंगा] उत्तरतर्फ बगेको सानो खोलालाई ~ भन्दछन्। (८८–३/६६४)

ढोरपाटन उपत्यकाको बीचोबीच भएर चुयानेटानिर उत्तर बरा (बराह ?) क्षेत्र नामको मन्दिरबाट यो खोला उत्तरतर्फ बगेको छ। "यहाँ–वरास्थानमा जनैपूर्णिमामा मेला लाग्छ। यहाँ एउटा गोरुको मूर्ति छ र वर्षको ८ सय जति बलि चढाइन्छ भन्ने स्थानीय व्यक्तिहरूको भनाइ छ।" (८८–३/६७७)

**उदयपुर** (सिन्धुली)

१. [उदय+पुर] कुनै समयमा उदय नाम गरेका राजा बस्ने ठाउँ भएको हुनाले ~ नाम रहन गयो।

यहाँ एउटा गढी पनि रहेको छ जुन ~ गढी भनिन्छ। यहाँ पुरानो टुँडिखेल नजीकै पञ्चावती माईको मन्दिरमा

प्रत्येक वर्ष मेला लाग्दछ। (८८–१/७७३) "अझै पनि उदय राजा अरू घोडचढीहरू लिई ↜ गढीमा हरेक वष दशैंमा एक दिन आउने गर्छन् भन्ने जनश्रुति छ।" (८८–१/७५७–७५८)

**उन्मत्तेश्वर भैरव** (काठमाडौं)

१. [उन्मत्त+ईश्वर+भैरव] पशुपतिनाथ नजिकै एउटा मन्दिरमा रहेको पाँच फीट जति अग्लो नग्न मूर्ति ↜ भनिन्छ।

↜ को दर्शनमात्रले कामेच्छा जाग्दछ भन्ने विश्वास गरिन्छ। बालबच्चा नहुने आइमाईहरू ↜ को पूजा गर्छन्। (१६१/३०४)

**उपल्लोकोट** (गोर्खा)

१. [उपल्लो+कोट] पहाडको माथि रहेको किल्ला हुँदा ↜ भनियो।

↜ मा नै प्राचीन दरबार र मनकामनादेवी तथा गोरखनाथको मन्दिर पनि छ। ↜ देखि पोखरीथोकसम्म गोरखानगर रहेको छ। (१३८–१/१९०)

**ऋणमोक्षदह** (मुगु)

१. [ऋण+मोक्ष+दह] मुगु जिल्लाको दक्षिणी सीमामा रियानपर्वतश्रृङ्खलाको अन्दाजी ४४२१ मीटर (१४५०० फीट) को उचाइमा अवस्थित **धर्मकुण्ड** (मुख्य दह), **पापकुण्ड** र **अन्नपूर्णेश्वरकुण्ड** (सबभन्दा माथि) नामक तीनवटा दहहरूको समूह ↜ भनिन्छ। धर्मकुण्डमा स्नान गरी पूजा गरेपछि आफूले बोकिराखेको ऋणबाट मुक्त हुने विश्वासअनुसार ↜ नाम रहन गएको हो।

यी तीनैवटा कुण्डहरूको भिन्नाभिन्नै धार्मिक महत्त्व छ। "यो दहमा साउने पूर्णिमाको दिन ठूलो मेला लाग्छ। सो मेलामा धर्मकुण्डको पश्चिमकिनारमा रहेको भगवतीको मन्दिरमा गम श्रीनगरका ब्राह्मण पुजारीले धातुको मूर्ति लगेर थापना गर्दछन्। सो बेला विभिन्न ठाउँहरूबाट धामीहरू गई भगवतीसँग शक्ति माग्ने भनी पतुर्ने (झाँक्री काम्ने) गर्दछन्। छोरा नभएको दम्पतिले यो दहमा स्नान गरी पूजापाठ गराएमा छोरा पनि वरदान पाइन्छ भन्ने जनविश्वास छ।" (८८–४/३४०)

**ऋषिकेश** (ऋषिकेशव) (पाल्पा)

१. [सं. ऋषि+केशव] रिडीक्षेत्रमा बग्ने **कालीगण्डकी** र **रिडीखोला**को पश्चिमी तटमा स्थित कालो शालिग्रामबाट बनेको नारायणको मूर्ति हुनाले ↜ नाम रहन गएको हो। (६७ क/४९ र ६६, ९/१४९)]

यो मूर्ति मुकुन्दसेन राजाले कृष्णगण्डकीमा पाएर ल्याई स्थापना गरेका हुन् भन्ने जनश्रुति छ। हरेक वर्ष कार्तिक शुक्लद्वादशी हरिबोधनी एकादशीको दिन रिडी गण्डकीवारिपारि घुमाएर ↜ को रथयात्रा भव्य रूपमा मनाइन्छ। (९/१४८)

**एभरेस्ट** (एवरेस्ट) (सगरमाथा अञ्चल)

१. [अंग्रेजी० एवरेस्ट (Everest)]। भारतको सर्भे विभागका सर्भेयर-जनरल सर जर्ज एभरेस्ट (George Everest) (इ० १८८७–१९००) को सम्मानार्थ महालंगूर हिमालशैलको यो संसारको सर्वोच्च श्रृङ्गको नाम सन् १९१३ मा लन्डनको रायल ज्योग्रफिकल सोसाइटीले ↜ भन्ने राखेको हो।

विश्वको सबभन्दा अग्लो चुचुरो महालंगूर हिमालयमा छ भन्ने कुरा सन् १८५२ मा तात्कालिक भारतीय नापी कार्यालय (सर्भे विभाग) का बंगाली कर्मचारी राधानाथ सिकदारले पत्ता लगाएका थिए। त्यस बेला यस चुचुरोको नाम '१५ वाँ चुली' राखिएको थियो। उक्त हिमचुलीलाई पूर्वी नेपालको किरातप्रदेशमा **सगरमाथा** र भोटमा **च्यामोलोङमा** वा **चोमोलोङमा** भनिन्थ्यो। (८८–१/५८४) कर्णेल जोन हन्टको नेतृत्वमा गएको ब्रिटिश एभरेस्ट अभियानका सदस्य एडमन्ड हिलारी र तेन्जिङ नोर्के शेर्पा सन् १९५३ को वसन्तमा (२९ मईका दिन) विश्वको सर्वोच्च चुचुरामा पुग्न सफल भए। अहिलेसम्म विश्वका १ सयभन्दा बढी पर्वतारोहीहरू यस शिखरमा पुगिसकेका छन्। नेपालीहरू-मध्ये फु दोर्जे (सन् १९६५), छोतारे शेर्पा, शम्भु तामाङ, ह्लाक्पा तेन्जिङ, सोनाम ग्याल्जेनले पनि यस शिखरमा पदार्पण गरेका छन्।

**ऐरावती** (प्यूठान)

१. [सं० अचिरा+वती] प्यूठान जिल्लाको

बांगेलास गाउँनेर जहाँ झिमरुक (धर्मावती) र माडी (माण्डवी) नदी मिल्दछ त्यो ठाउँ ~ भनिन्छ । यो अचिरावतीको अपभ्रंश प्रतीत हुन्छ । हेर्नुस् रापती ।

**ओखलढुङ्गा** (सगरमाथा अञ्चल)

१. [ने० ओखल + ढुङ्गा] बीचमा ओखलजस्तो खोपिल्टो परेको अन्दाजी ६ वर्गफीटको एउटा ढुङ्गा र त्यसभन्दा बीस गज दक्षिण-पश्चिममा ढुङ्गाकै एक मुसल पनि रहेको ठाउँ हुनाले ~ भनिन्छ । यसैको नामबाट बजारको नाम ~ बजार र जिल्लाको नाम पनि ~ जिल्ला रहन गएको छ ।

बूढापाकाहरूको भनाइअनुसार महाभारतयुगमा भीमसेन यहाँ आई ढुङ्गामा ओखली बनाई ढुङ्गाकै मुसलले धान कुटेर खाएका हुनाले यस ठाउँको नाम ~ रहेको हो ।

२. [ओखल + ढुङ्गा] भीम मल्ल (भीमल काजी) को फौजले किरातहरूलाई धपाएपछि लुटेर ल्याएको धान एउटा खोपिल्टा परेको ढुङ्गामा कुटेर खाएको ठाउँ हुनाले ढुङ्गाको ओखलबाट यस ठाउँको नाउँ ~ रहन गयो । (८८–१/७०६)

दूधकोसी, लिखुखोला (हेमगङ्गा र सुनकोसी नदीहरूले तीनतिरबाट ~ जिल्लालाई घेरेका छन् ।

**ओलाङचुङगोला** (ताप्लेजुङ्ग)

१. [तिब्बती० वलुङ + चुङ + गोला] तिब्बती-भाषामा वलुङ भनिने ठाउँमा रहेको बजार हुनाले ~ भनिन्छ ।

यो उगेरी र अचिङ्ल डाँडाहरूको उपत्यकामा रहेको ताप्लेजुङ्ग जिल्लाको सबैभन्दा ठूलो बजार हो । यहाँ एउटा गुम्बा छ । त्यहाँ बलिरहेको अन्दाजी ४ सय वर्ष पुरानो बत्तीलाई यहाँका मानिसहरू 'सत्ययुगको बत्ती' भन्दछन् । त्यो बत्ती गुम्बाको निर्माण भएदेखि निभेको छैन भन्ने भनाइ छ । गुम्बामा धेरै संख्यामा महत्त्वपूर्ण धार्मिक पुस्तकहरू र मूर्तिहरू छन् ।

**ओल्लोकिराँत** (कोसी अञ्चल)

१. [ने० ओल्लो+किराँत] राजधानी काठमाडौंबाट **किराँत प्रदेशको** सबभन्दा नजीक रहेको भूखण्ड हुनाले ~ भनिएको हो ।

ओखलढुङ्गा, उदयपुरगढी ~ मा नै पर्दछन् । काठमाडौं उपत्यकादेखि पूर्वको दूधकोसीसम्म यो भूभाग फैलिएको छ ।

## क

**ककनी** (ओखलढुङ्गा)

१. [?] ककनीदेवी (चम्पादेवी)को मन्दिर रहेको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो ।

ओखलढुङ्गा जिल्लाको सदरमुकामबाट सात कोस (२२ किलोमिटर) जति पश्चिममा रहेको मन्दिरमा ऋषि-तर्पणीको दिन लाग्ने धामीहरूको मेला र लक्ष्मीपूजादेखि लाग्ने १५ दिने मेला हेर्न वरिपरिका जिल्लाहरूबाट पनि मानिसहरू आउँछन् । यहाँका झरनाहरू पनि रमणीय छन् । (८८–१/७२४)

**कच्छपालपर्वत** (काठमाडौं)

१. [सं० कच्छप + आलय + पर्वत] काठमाडौं उपत्यकाको जुनसुकै ठाउँबाट अवलोकन गर्दा पनि कछुवाको आकारको देखिने हुँदा चोभारको डाँडो ~ भन्ने नामले विभूषित भइरहेको छ ।

"अन्दाजी २५ हजार वर्गगज जति क्षेत्रफलयुक्त यस डाँडाको चौडा टाकुरा समुद्रतलबाट करीब ५५०० फुट माथि रहेको छ । त्यो टाकुरा आनन्दधारी लोकेश्वर नामक देवताको मन्दिर, विहार तथा साना साना बौद्ध चैत्य-हरूले युक्त भई अति रमणीय छ ।" (१०४/२७)

**कन्चनजङ्घा (कन्चनजङ्घा)** (मेची अञ्चल)

१. [तिब्बती० कन् + चेन् + जु + ङगा] तिब्बती भाषामा 'कन्' माने 'हिउँ', 'चेन' माने 'ठूलो', 'जु', माने भण्डार' र 'ङगा' माने 'पाँच' हुन्छ । तसर्थ 'पाँच भण्डार भएको ठूलो हिउँ' भन्ने अर्थमा यस हिमचुलीको नाम नै

रहन गएको छ। (१५२/६६)

नेपाल र सिक्किमको सीमामा पर्ने यस हिमचुलीमा पाँच शिखर छन् र प्रत्येकको आफ्नै बेग्लाबेग्लै नाउँ पनि छन्। ती क्रमशः यस प्रकार छन्–१) त्सा अर्थात् नून, २) सेर जंग इए अर्थात् सुन र यूँ, ३) धाम चोइ जंग नोर अर्थात् धर्मग्रन्थ र धनसम्पत्ति, ४) म्तसोन अर्थात् हतियार वा अस्तु र लो थोग जंग मेन अर्थात् अन्न र जडीबूटी वा औषधि। (१५२/६६)

२. [सं० कञ्चन + जङ्घा] संस्कृतभाषामा 'कञ्चन' माने 'सुन' र 'जंघा' माने 'जाँघ' हुन्छ। 'सुनको जाँघ' जस्तो पर्वत भन्ने अर्थमा ~ नाम रहन गएको हो। (६५/१०४) हेर्नुस् फकताङलुङमा।

संस्कृत-ग्रन्थहरूमा 'सुनको पर्वत' भन्ने अर्थमा 'काञ्चनाद्रि' (योगिनीतन्त्र), 'सुवर्णाद्रि' (पद्मपुराण, कार्तिकमाहात्म्य") वा 'स्वर्णाद्रि' (मिथिलामाहात्म्य) भन्ने नाम अंकित पाइन्छ।* (६५/१०४)

**कटुवाल** (काठमाडौं)

१. [?] मञ्जुश्रीले आफ्नो खड्गले काटेको ठाउँ हुनाले ~ भन्ने नाउँले प्रसिद्ध भयो।

नागह्रदलाई घेर्ने पर्वतमालाको दक्षिणतर्फ रहेको सबभन्दा होचो चोभारडाँडालाई काटेको यसै ठाउँबाट नागह्रदको पानी वेगसाथ बाहिर निस्केर उपत्यकामा मानिसहरूको बसोबास हुन थाल्यो।

**कपिलवस्तु** (लुम्बिनी अञ्चल)

१. [सं० कपिल + वस्तु] कपिल ऋषि (सम्भवतः सांख्यदर्शनका प्रवर्तक कपिल मुनि) को आश्रम रहेको ठाउँमा शाक्यवंशका पूर्वपुरुषहरूले निज ऋषिको आज्ञानुसार नगर बसाएको हुनाले ~ अर्थात् कपिलको ठाउँ भन्ने नाम रहन गयो। यसैको आधारमा जिल्लाको नाम पनि ~ रहेको छ। (८८–३/१४ र ६६६)

पहिले यो जिल्ला तौलिहवा भनिन्थ्यो। कपिल ऋषिको कुटी तिलौराकोटबाट बगिरहेको भागीरथी (हाल वाणगङ्गा) को किनारामा थियो। कौशलदेशबाट निष्कासित इच्छाकुवंशका राजा ओकाकका सन्तानले शाक्यवंशको नामबाट शाक्य-गणराज्यको स्थापना गरेर ~ नगर पनि बसालेका हुन् भनिन्छ।

**कमलपोखरी** (रुकुम)

१. [कमल+पोखरी] रुकुम जिल्लामा उत्तर-दक्षिण भएर बसेको यो दह चारैतिर कमल फुलेको समयमा अति सुन्दर देखिने हुनाले ~ भनिन्छ।

जनश्रुतिअनुसार "अघि यहाँ गैरी नामको एक गाउँ थियो। एक दिन साँझमा शिवजी त्यस गाउँमा आउँदा एक बूढीले बाहेक अरू कसैले बास दिएनन्। शिवजीलाई ती गाउँलेहरूको व्यवहारले रिस उठ्यो। भोलिपल्ट बिहान उनले बूढीलाई आफूमाथि डाँडामा नउक्लुन्जेल झोपडीमा बसिराख्नू भने। त्यति भनेर शिवजी डाँडामाथि पुगे र कमण्डलु घोप्ट्याए। त्यसबाट बगेको पानीले गैरी गाउँ डुबेर पोखरी बन्यो। बूढीको झोपडी मात्र पानीमा उत्रँदै माथि आयो।" यस दहको पश्चिमी किनारामा ईंट आदिको जुन गारो देखिन्छ त्यसैलाई स्थानीय मानिसहरू 'कुटुनी बूढीको घर' भन्दछन्। (८८–४/६४) यस दहको उत्तरमा शिवजीको र वराहको मन्दिर छ। यहाँ खास गरी तीजको अवसरमा ठूलो मेला लाग्दछ।

**कमलामाईस्थान** (सिन्धुली)

१. [ने० कमला+माई+स्थान] सिन्धुलीगढीनेर ग्वाङ्खोला र कमलानदीको दोभानमा रहेको ठाउँ हुनाले ~ भनिएको हो। (३० क/११२)

यहाँ माघे संक्रान्तिमा मेला लाग्छ।

**करापुटार** (लमजुङ)

१. [ने० करापु + टार] मादी र मिदिम खोलाको दोभानमा पर्ने टारलाई ~ भन्दछन्।

ईशानेश्वर महादेवको मन्दिर रहेको यस ठाउँमा शिवरात्रिका दिनमा ठूलो मेला लाग्छ। (३० क/११३)

---

*नेपालस्य काञ्चनाद्रिं ब्रह्मपुत्रस्य सङ्गमम्।
करतोयां समारभ्य यावद् दिकरवासिनाम्
कामरूप इति ख्यातः सर्वशास्त्रेषु निश्चितः।
–योगिनीतन्त्र, पटल ११

**करुणामय चुक** (ललितपुर)

१. [सं० करुणामय+नेवा० चुक] यम्पीविहारमा बस्ने विद्वान् कलाकार सुनश्री मित्रले जुन ठाउँमा बसी करुणामय (रातो मच्छेन्द्रनाथ)को पहिलो मूर्ति बनाएका थिए त्यस चोकलाई आज पनि ~ भन्दछन्। (४६/४२)

यो ऐतिहासिक चोक इबहीटोलमा अद्यापि छँदैछ ।

**कर्णाल नदी** (कर्णाली अञ्चल)

१. [कर्णाल+नदी] कर्णाली झैं कलनाद गर्ने नदी हुनाले ~ नाउँ रहन गयो ।

**कर्णाली अञ्चल**

१. [कर्णाली+अञ्चल] कर्णाली नदीको जलाधार-क्षेत्रमा अवस्थित अञ्चल हुनाले ~ नाम राखिएको हो ।

पहाडतर्फका हुम्ला, मुगु, कालीकोट, जुम्ला, डोल्पा ५ जिल्लाहरू भएको ~ को क्षेत्रफल २१६३२ वर्गकिलोमिटर छ (१६६/७) ।

**काक्रेविहार** (सुर्खेत)

१. [काँक्रे (काँग्रे) + विहार] बाह्रौं–तेह्रौं शताब्दीतिर एउटा डाँडामा निर्मित (हाल भग्न अवस्थामा रहेको) एउटा प्रख्यात बौद्धबिहारको नाम काँग्राको नामबाट काँग्रे विहार राखिएको अनुमान हुन्छ । त्यसैको अपभ्रंश-स्वरूप ~ नाम रहन गएको देखिन्छ। (३५/५०)

यहाँ प्राचीन तर उत्कृष्ट रूपमा कुँदिएका बुद्ध, शिव आदिका ढुंगे मूर्ति तथा भग्नावशेष पाइन्छन्। नजीकै रहेको मङ्गलगढी भन्ने ठाउँमा पनि बौद्धविहार र मन्दिरहरू जीर्णावस्थामा रहेका छन्। ~ बाट एक माइलको दूरीमा दर्शनढुंगे देवल रहेको छ। (८८–४/६१६)

**काकबेनी** (बाऱ्ह गाउँ)

१. [काक+बेनी] तिब्बती शब्द 'काक' अर्थात् 'खण्ड' वा 'अवरोध' र नेपाली शब्द 'बेनी' अर्थात 'दुई नदीको सङ्गम'को योगबाट ~ नाम रहन गएकोहो। कालीगण्डकी र मक्तिनाथ खोलाको दोभान ~ भनिन्छ। (१५३/१५७)

**काँठ**

१. [?] शिवपुरी र नगरकोट, बिसंखु र चन्द्रगिरी, रानीबन र फुलचोकीले घेराहालेको राजधानीका खाल्डोको छेउछाउलाई ~ भन्दछन् । (४३/५०)

**काठमाडौं**

१. [सं० काष्ठ+मण्डप > काठमाडौं] नेपाली प्राचीन शैलीमा काठ बढी हाली बनाइएको भव्य मण्डप रहेको शहर हुनाले **काष्ठमण्डप** नाउँ रहन गएको थियो । यसैको अपभ्रंश भई ~ नाम प्रचलित भयो । हर्नुस् कान्तिपुर र यें।

भाषा–वंशावलीअनुसार ~ को निर्माण कलिगताब्द ३८२४ (इसाको (३८२४–३१०१) ७२३ सन्) मा गुणकामदेव (प्रथम) ले गरेका हुन् । अन्य ऐतिहासिक प्रमाणको आधारमा गुणकामदेव (प्रथम) वि० सं० १०४३ तिर राजा बनेका हुन् र उनको शासनकाल इसाको दशम शताब्दीको मध्यतिर ठहर्दछ। अत: काठमाडौंको निर्माणकाल लगभग यही समय देखा पर्दछ। (११७/२०–२१) ~ को निर्माण राजा हरिहर मल्लद्वारा ने० सं० ७१५ (ई० १५९५) मा भएको हो भन्न पनि कसै-कसैको मत छ। प्राचीन ~ शहरको ढाँचा मन्जुश्रीको खड्गको आकृतिको थियो जसको बीँड वसन्तपुरपट्टि र चुच्चो ठमेलपट्टि थियो । लिच्छवि राजाहरूका पालामा या शहर दुई भागमा बाँडिएको थियो जुन उसवेला **कोलिग्राम र दक्षिणकोलिग्रामद्रङ्ग भनिन्थ्यो ।** यसैको आधारमा पछि उत्तरी भेकको बस्ती (सेतो मत्स्येन्द्रनाथ भएतिरको भाग) नेवारी भाषामा '**थः न**' र दक्षिणको बस्ती (हालको लगन, यङ्गालटोल आदि) '**क्वः ने**' भनिए। यी दुई भागलाई हनूमान्ढोका दरबारले जोडेको छ । पहिलेदेखि चलिआएको जात्रा जति पनि छन् (जस्तै-कुमारीजात्रा, गाईजात्रा आदि) यही क्षेत्रमा घुम्ने चलन अद्यापि चलिरहेको छ। पुरानो किल्लारूपी शहरको पर्खाल-बाहिर काठमाडौंका बासिन्दाहरू 'उपगु' भनेर दियो चढाई घुम्ने चलन पनि छ। मध्यकालमा भक्तपुर, ललितपुर जस्तै ~ पनि एक मजबूत गढको रूपमा थियो। चारैतिर खाई पर्खालले शहर घेरिएको थियो। बीच–बीचमा किल्लाको

रूपमा बुर्जाहरू थिए। ग्रोल्डफिल्डको भनाइमा ~ शहर एक माइल लामो थियो र यो ३२ टोलमा विभक्त थियो,अनि हरेक टोलको बेग्लाबेग्लै ढोका हुन्थे । हालको असन र कमलाक्षी पस्ने ठाउँहरूमा पनि पहिले एक-एक ढोका थिए । एक प्रवेशद्वार हालको मखनटोल इन्द्रचोकको माझस्थित छेडोमा थियो र सो ढोकाको अवशेषस्वरूप ढुङ्गाको दुई सिंहमूर्ति अझ त्यहाँ देखिन्छन्। यस्ता गोपुर (ढोका) मध्ये एउटा सत्तर ठबहिलमा र अर्को कोहिटीमा पनि भएको अनुमान गरिन्छ । यी ढोकाहरू बन्द गरिएपछि शहरभित्र कोही पस्न सक्तैनथे । बाबुराम आचार्यको भनाइअनुसार गोरखाली फौजलाई मल्लहरूले शहरका गोपुर (ढोका) हरू बन्द गरेर पस्न दिएका थिएनन् र राती बन्चराले तीनवटा गोपुर काटेर मात्र गोरखाली फौज शहरभित्र छिर्न सकेको थियो । (८८–२/७२८–७२९)

**काठेसिम्भू** (काठमाडौं)

१. [काशी+स्वयम्भू > काठेसिम्भू] कान्तिपुर तक्षबहाल बस्ने समन्तभद्र गुभाजुले आफ्नो तान्त्रिक बलद्वारा काशीबाट ल्याएर स्थापित गरेको स्वयम्भूको बौद्ध मन्दिरसँग मिल्दोजुल्दो चैत्य हुनाले काशीस्वयम्भू नामले प्रख्यात भयो र कालान्तरमा यसैको अपभ्रंश भई ~ नाउँ रहन गयो।

नघल टोलमा रहेको यस बौद्धचैत्यको निर्माण ने०सं० ७९०/७९४(ई०१६७०–७४) तिर भएको अनुमान गरिन्छ।

**कात्तीडबली** (ललितपुर)

१. [सं० कार्तिक+नेवा० दबुलि] कार्तिक नाच नचाइने डबली हुनाले पाटन कृष्णमन्दिरको पश्चिम नारायण-स्थानको आँगनको रूपमा रहेको डबली कार्तिकदबुलि भनिन्थ्यो । त्यसैको अपभ्रंश भई ~ नाम रहन गयो। (३२/ख)

सिद्धिनरसिंह मल्ल (ने० सं० ७४२–७७७) को पालामा यहाँ कार्तिक महीनाभरि सात दिन पौराणिक (कृष्ण, सुदामा, वराह, नृसिंह चरित्र आदि) र सामाजिक (बाठोहरूको खेल) नाटक हुन्थ्यो । पछि श्रीनिवास मल्ल (ने० सं० ७७७–८०५) को पालामा १५ दिन नचाउने गरियो र योगनरेन्द्र मल्ल (ने० सं० ८०५–८२६) ले कार्तिक पूर्णिमादेखि मङ्सीर पूर्णिमासम्म एक महीनाभर नचाउने व्यवस्था गरे। पछि त्यहाँ कार्तिकशुक्लद्वादशीमा वराहनृत्य र त्रयोदशीमा नृसिंहनृत्य मात्र नचाइने भयो। तर आजकाल कार्तिक नाच प्रबन्ध समितिको प्रबन्ध र सो नाचका संस्थापक गुरु श्री हरिवंश शर्माका वंशज गुरु श्री चक्रधर शर्माको निर्देशनमा आठ दिनसम्म नाच चल्न थालेको छ। (३८/९६)

**कानदेवता** (ललितपुर)

१. [कान+देवता] कानको रोगबाट छुटकारा पाइन्छ भन्ने विश्वास गरेर पाटननजीकै एउटा प्वालमा पूजा गरिने हुनाले त्यसलाई ~ भन्ने गरिएको छ। (१६१/३३१)

**कान्तिपुर** (काठमाडौं)

१. [कान्ति+पुर] राजा गुणकामदेवले वागमती र विष्णुमतीको दोभानमा कान्तीश्वर महादेवको स्थापना गरी खड्गाकार नगर बसाएर त्यसैलाई राजधानी तुल्याएको हुनाले ~ नाम रहन गएको हो।

पहिले इन्द्रचोकसम्म मात्र फैलिएको शहरलाई गुणकामदेवले महालक्ष्मीद्वारा सपनामा बताइएका कुराहरू-अनुसार बढाई खड्गाकार नगर बसाएर ~ भनी नामकरण गरे। (१०५/९१, १९/१६)

२. [काम+पुर–कान्तिपुर] 'काम' र 'कान्ति' दुवै शब्द संस्कृतको 'कम' धातुबाट बनेको हुनाले ~ को निर्माणको प्रसंग निकै अघि भएका राजा गुणकामदेवसित सम्बद्ध गराइएको हुन सक्छ। (११७/२१)

**काभ्रेपलान्चोक** (वाग्मती अञ्चल)

१. [काभ्रे+पलान्चोक] पनौतीका काभ्रे डाँडा र पलान्चोक डाँडाको आधारमा ~ नाम रहन गएको हो।

अघि पूर्व एक नम्बर चौताराबाट प्रशासित २८ मोजाहरूमध्ये काभ्रे र पलान्चोक भनिने दुई मौजाको आधा-रमा जिल्लाको नाम नै ~ रहन गयो। (८८–२/४८१)

**कालभैरव** (काठमाडौं)

१. [काल+भैरव] कालो रंगको भैरवको मूर्ती हुनाले ~ नाम रहन गएको हो।

प्रताप मल्लको पालामा (ई० १६३९–६९) बूढानील-कण्ठका नारायणस्थानबाट **हनूमान्‌ढोका भण्डारखाल**सम्म पानी ल्याउन कुलो खन्दा फेला परेका ढुङ्गाहरू जोडेर हेर्दा यो मूर्ति तयार भएको हुनाले त्यसलाई राजदरबार अगाडिको चोकमा स्थापना गरियो। अघि झगडियाहरूलाई यस मूर्तिसामु उभ्याई बयान लिन्इथ्यो र झूठो बयान दिएमा रगत छादेर मरिन्छ भन्ने विश्वास गरिन्थ्यो। (१३०/७१)

**कालिका** (बागलुङ)

१. [ ? ] कालिकादेवीको नाउँबाट बागलुङलाई ~ पञ्चायत भन्ने संज्ञा दिइएको छ।

पाल्पाली राजा मुकुन्दसेनले पर्वतका राजा प्रतापी **नारायण** मल्लसित आफ्नी छोरीको बिहे गरिदिए र कालिकादेवी दाइजो दिएर पठाएका थिए भनिन्छ। बागलुङ–बजारनजीक डेढ किलोमिटर जति दक्षिणतर्फ कृष्णागण्डकी र काठेखोलाको दोभानतिर एउटा हात्तीसूँढे आकारको रमणीय बनमा राजा प्रतापी नारायण मल्लले स्थापना गरेको कालिकादेवीको मन्दिरको पूर्व ढोका खोल्नु हुँदैन भन्ने जनधारणा अझै पनि प्रचलित छ। देवीका साथ पाल्पाबाट खड्ग समाती आउने खड्गा क्षेत्रीलाई पुजारी बनाएर भगवतीको पूजाखर्चको निमित्त राजा प्रतापी नारायणले गुठी पनि राखिदिएका थिए। चैत्री अष्टमीको दिन यहाँ ठूलो मेला लाग्छ र पञ्चवलि चढाई देवीको पूजा गरिन्छ। (८८–३/६७२–६७३–६७५)

**कालिन्चोक** (कोसी अञ्चल)

१. [ ? ] करीब १२२०६ फीटको अग्लाइमा रहेको कुण्डलाई ~ माई भनेर पूजिन्छ।

यस कुण्डबाट उत्तरतिर झरेको पानीलाई तामाकोशी र पश्चिमतिर झरेको पानीलाई सुनकोशी भनिन्छ। सुन्द्रावती र चरणावती पनि यही कुण्डबाट बगेका खोला हुन्। धार्मिक दृष्टिले ठूलो महत्त्व पाएको यस कुण्डमा ठूलो मेला लाग्नुको साथै पूजाआजा गरिन्छ। (८८–२/८४)

**कालीगण्डकी** (पाल्पा)

१. [ने० कालो+गण्डकी] नदीको वर्ण वा रूप कालो भएको हुनाले ~ नाम रहन गएको हो।

२. [सं० कृष्ण+गण्डकी] 'कृष्ण' अर्थात् 'कालो रङ्गको गण्डक' अर्थात् 'शालिग्राम' पाइने र नदी हुनाले संस्कृतमा 'कृष्णगण्डकी' वा 'कृष्णागण्डकी' भनिएको र त्यसैको उल्थाबाट नेपालीमा ~ नाम रहन गएको हो।

संस्कृतमा **चक्रनदी** पनि भनिने यस नदीको उत्पत्ति **मुक्तिक्षेत्र**को एक कन्दराबाट भएको छ र **कागबेनी**मा नरसिंह खोलासँग मिसिई ~ नामले बग्दै हरिहरक्षेत्र (सोनपुर) मा पुगेर भागीरथी गङ्गामा झर्छ। यस नदीका किनारामा कतिपय तीर्थहरू (**मुक्तिक्षेत्र**, **रुरुक्षेत्र**, हरिहरक्षेत्र आदि) तथा घाटहरू (गाईघाट, **रानीघाट**, **रामदीघाट**, केलादीघाट, नारायणघाट आदि) को साथै वेणीहरू (**काकवेणी**, मधुवेणी, सेतीवेणी, रुद्रवेणी, **त्रिवेणी** आदि) पर्छन्।

**कालिपार** (रिडी, स्याङजा)

१. [काली+पारि] रिडी बजारको कालीगण्डकी पारिपट्टिको डाँडो (पखेरो) भएको हुँदा ~ भनिन्छ। (१२७/७०)

**कालीह्रद** (काठमाडौं)

१. [काली+ह्रद] कालो अथवा गाढा नीलो पानी भएको दह वा सरोवर हुनाले ~ नाम रहन गएको हो।

यो सरोवर निकै गहिरो भएको हुनाले त्यसको पानी गाढा नीलो अथवा कालो रङ्गको देखिन्थ्यो। स्वयम्भू पुराण (दशौं शताब्दी) मा उल्लेख गरिएअनुसार पहाडहरूको बीचमा ७ कोस लामो र ७ कोस चौडा यस दहको पानी स्वच्छ, सुगन्धदार, शीतल, स्वादिष्ठ, निर्मल, शान्त, सुरम्य र स्वास्थ्यप्रद आदि आठ गुणले सम्पन्न थियो। (१४६/३७)

२. [काली+ह्रद] नागहरूका राजा कर्कोटक नाग आफ्नी पत्नी कालीनागको साथमा बस्ने भएकोले परापूर्व कालमा **नागह्रद** नाउँले प्रसिद्ध ठूलो तलाउ कालीनागको नाउँबाट कहिलेकहीं ~ पनि भनिन्छ। (१२०/६–१०)

**कालोसिस्टो मस्टो** (विनायक गाउँ, अछाम)

१. [ने० कालो + शिला + मस्टो] विनायक गाउँको उच्च स्थलमा ढुङ्गा (कालो शिला) को छाना र

ढुङ्गाकै गारो भएको वनथान (सानो घर) ∽ भनिन्छ। (१२५ क/ ५८)

त्यहाँ कुनै मूर्ति छैन । बर्सेनि मालिका चतुर्दशी (भाद्र शुक्ल चतुर्दशी) र ऋषितर्पणी (जनैपूर्णिमा)का दिन भव्य मेला लाग्छ । (१२५क/५८)

**काष्ठमण्डप** (काठमाडौं)

१. [सं० काष्ठ+मण्डप] काष्ठमय मण्डप अर्थात् काठको मन्दिर हुनाले ∽ नाम रहन गएको हो ।

सिद्ध लोई पावा (Loi Pawa) ले बनाएको गोरखनाथको यसै मण्डपको नामले नै नेपालको राजधानीको नाम ∽ रहन गएको थियो । (१४२/७०) इस्वीको एघारौं शताब्दीको 'नामसंगीति' नामक हस्तलिखित पुस्तकमा यसको उल्लेख भएकोले पशुपतिलाई छाडेर यो काठमाडौंको सबैभन्दा पुरानो मिति तोक्न सकिने मण्डप हो। शुरूमा नगरको एक प्रमुख अंग रहेको यसै मण्डपमा पछि कापालिक सम्प्रदायको अखाडा बन्यो । नाथ र कापालिक सम्प्रदायमा मेल हुँदा यहाँ गोरखनाथको प्रस्तरमूर्ति स्थापित गरियो । यहाँ भित्री भागमा एक शिवलिंग र चार गणेश तथा माथिल्लो तलामा देवीको मूर्ति पनि छन् । चारैतिर २० मीटर भएको चौकुने आयताकार यस ∽ को अर्को नाउँ **मरुसतल** पनि हो । (८८–२/७३५) किम्बदन्ती-अनुसार मच्छिन्द्रयात्राको अवसरमा सुरतरु कल्पवृक्ष पनि मच्छिन्द्रको दर्शनार्थ मनुष्य रूपमा आएको थियो । कुनै ज्यापूले उसलाई चिनेर पक्रँदा उसले काठको रूपमा प्रकट भएर त्यस ज्यापूको कीर्ति अक्षुण्ण राख्ने प्रतिज्ञा गरेको थियो। भोलिपल्ट निर्दिष्ट स्थानमा एक विशाल वृक्ष देखियो र त्यस एकै वृक्षको काठले एउटा घरको निर्माण गऱ्यो । प्रतिज्ञाअनुसार ज्यापूले यस घरमा कुनै देव प्रतिमाको स्थापना गरेन र यो केवल सत्तलकै रूपमा कायम रह्यो। (११७/२१-२२)

**कास्की** (गण्डकी अञ्चल)

१. [सं० काश्यपी>कासकी>कास्की] **कश्यप ऋषिले** तपस्या गरेको भूमि हुनाले 'काश्यपी क्षेत्र' भनिएको र कालान्तरमा भाषाको हेरफेरले क्रमशः काशकी क्षेत्र, कासकी क्षेत्र र कास्की क्षेत्र भई पछिबाट संक्षेपमा ∽ भनिएको हुनुपर्छ। (२२/५–६)

**कास्कीकोट** (कास्की)

१. [कास्की+कोट] कास्की डाँडामा बनाइएको किल्ला हुनाले नाउँ ∽ रहन गयो ।

**कास्की डाँडा** (गण्डकी अञ्चल)

१. [कास्की+डाँडो] कास्कीकोटनेरको वाँसतिरको अग्लो डाँडाको नाउँ ∽ रहन गएको छ ।

वृद्ध समाजमा प्रचलित श्रुतिपरम्पराअनुसार यसै डाँडामा नै कश्यप ऋषिले तपस्या गरेका थिए । यसै डाँडा र त्यसमा बनेको ऐतिहासिक कोट (किल्ला) को आधारमा नै जिल्लाको नाउँ पनि कास्की रहन गयो ।

**कास्की–पोखरा** (गण्डकी अञ्चल)

१. [सं० काश्यपी+कुण्ड>कास्की–पोखरा]काश्यपी क्षेत्रमा रहेको जलकुण्ड हुनाले 'काश्यपीकुण्ड' भनिएको र कालान्तरमा यसैबाट ∽ नाम रहन गएको प्रतीत हुन्छ। (२२/१२)

**किटिनी** (गोदावरी, ललितपुर)

१. [कीट+इनी] 'कीट' शब्दमा 'इनी' प्रत्यय लागेर बनेको ∽ शब्दको अर्थ हुन्छ–'फलामखानी' । जमीन समेत 'कीट' अर्थात् 'फलाम' जस्तै साह्रो भएको हुनाले ठाउँको नाम नै ∽ रहन गएको छ।

अगि अगि यहाँबाट फलाम निकालेर फलामका औजार बनाउने चलन थियो । (६९/४०)

**किपट** (किराँतप्रदेश)

१. [किराती० कि+पत्–किपट] किराँतीभाषामा 'कि' को अर्थ 'किराँती' र 'पत्' को अर्थ 'रहे–भएको, बसेको, उपभोग गरेको वा छ' भन्ने हुन्छ । यसैले किराँतीहरू रहे–भएको, उनीहरूले बसोबास गरेको वा उपभोग गरेको जग्गा भन्ने अर्थमा 'किपत' भनिएको र पछि अपभ्रंश भई ∽ भएको हो ।

किराँतीको 'कि' र 'पत्'को रूपान्तरित रूप 'पट' भई ∽ हुन गएको हो । 'किराँती' को अरू लोप भई रहेको

'कि' भन्ने कुरोमा विद्वान्हरूको एकै मत छ, तर 'पट' को अर्थ 'पट—बाँझो' लगाउँछन् जुन अनर्थ हो, किनभने किराँती भाषामा 'ट' को अक्षर नै नभएकोले उच्चारण समेत नहुने हुन जान्छ । (१४/५६)

**किम्पुरुषदेश** (नेपाल)

१. [सं० किम्पुरुष+देश] सम्भवतः 'किम्पुरुष' अर्थात् 'किराँतहरू' बसोबास गर्ने प्रदेश हुँदा प्राचीन कालमा नेपाल देशको नाम नै ~ रहन गयो होला । (१५४/१००)

**किरात प्रदेश** (पूर्वी नेपाल)

१. [किरात+प्रदेश] किरात जातिको बसोबास भएको ठाउँ हुनाले काठमाडौं उपत्यकादेखि पूर्वको पहाडी भाग ~ भनिन्छ।

यो प्रदेश निकै अगाडिदेखि नै वल्लो किरात, माझ किरात र पल्लो किरातमा विभाजित थियो ।

**किरातराजमार्ग** (ललितपुर)

१. [किरात+राज+मार्ग] किरात राजाहरू आपना पूर्वी इलाकातर्फ जाने बाटो भएको ~ नाम रहन गयो ।

वंशावलीमा वर्णन गरिएअनुसार पाटनदेखि लुभु-सम्मको एउटा पुरानो बाटो ~ भनिन्छ । (१६७/८७)

**किरातीछाप** (दोलखा)

१. [कि० किराती+छाप] किरातहरूले पाएको बिर्ता वा थलो हुनाले ~ भन्ने नाम रहन गएको हो । (८८–२/१४३)

बाबुराम आचार्यको भनाइअनुसार दोलखानेर रहेको ~ भन्ने ठाउँका खण्डहरहरूमा पछिल्ला लिच्छवि-कालका कुटिल लिपिको शिलालेख छ ।

**किराती देश**

१. [किराती+देश] किरात जातिले बसोबास गर्ने प्रदेश भएको हुनाले नेपालको सारा पहाडी खण्ड ~ भनिन्थ्यो।

'वर्तमान समयमा लिम्बू र राई मात्र किराती भनी प्रख्यात भएको भए तापनि किरात इतिहासमा नेपालका सबै जाति, आसामप्रदेशका सारा पहाडी जाति, बर्मा, थाइल्यान्ड अथवा श्याम, अनामका ताई र भियतनाम जाति, फिलि-पाइनका खाम्बोज जाति अौ युनानी चीनिया जाति सबैलाई किराती वंशमा गणना गरिएको छ ।' (८८-१/१५)

**किलागल** (काठमाडौं)

१. [नेवा० किसि+गल] नेवारीभाषामा हात्तीलाई 'किसि' र 'गोठ' लाई 'गल' भन्छन् । तसर्थ उहिले हात्तीसार रहेको ठाउँ हुनाले 'किसिगल' भन्ने नाउँ रहन गएको र त्यसैबाट अपभ्रंश भई ~ भनिएको हो । (३० क/३२)।

इन्द्रजात्राको आठौं दिन अर्थात् आश्विन-कृष्ण-चतुर्थीका दिन कुमारी रथयात्राको वेला नगर-परिक्रमाको सिलसिलामा कुमारीको रथ ~ मै पुग्ने समयमा पुलुकिसि (मान्द्रोबाट बनाइएको र आभूषणद्वारा सिंगारिएको हात्ती) नाच पनि धूमधामसँग प्रदर्शन हुन्छ । पुलुकिसि सम्भवतः इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीक हो । पुलुकिसिनाच (भित्र दुईजना मान्छे बसेर दौडधूप गर्ने र नृत्यभाव गर्ने) घण्टाको धूनमा बडो कलात्मक मनोरञ्जनको पराकाष्ठामा पुग्छ र दर्शकहरू टोपी फुकालेर पुलुकिसिप्रति सम्मान भाव प्रकट गर्छन् । यस्तो सम्मान प्रकट नगर्ने व्यक्तिको टोपी पुलिकिसिले फिर्ता नदिने गरी खोसेर लैजान्छ ।

**किसान नगर** (महोत्तरी)

१. [किसान+नगर] 'किसान' उपनामले विख्यात नन्दलाल सुसलिङ्गले तात्कालिक बिर्तावालसँग संघर्ष गरेर जंगल फडानी गरी बस्ती बसाएकोले ~ नाउँ रहेको हो।

नेपाल किसान सङ्घमा काम गरेकोले नै 'किसान' उपनामले विख्यात नेता नन्दलाल सुसलिङ्गको हत्या ५४ वर्षको उमेरमा वि० सं० २०३६ असोज ११ गते भयो । (९/१)

**कीचकवध** (झापा)

१. [सं० कीचक+वध] भीमसेनले विराट राजाका महामन्त्री कीचकलाई पछारेर मारेको ठाउँ भएको हुँदा ~ नाम रहन गएको हो ।

महेशपुर पञ्चायतभित्र पर्ने यो स्थान एउटा तीर्थ-स्थलको रूपमा रहेको छ । नागाहिलका नागाहरूले पनि यहाँबाट माटो लिएर जान्छन् । हाल **भीम नगर** भनी नामकरण गरिएको छ । (८८–१/२२१ र २५१)

**कीर्तिपुर** (काठमाडौं)

१. [सं० कीर्ति+पुर] यस ठाउँमा रहेकी गाईले र मानिसले पशुपतिनाथ पत्ता लगाएर ठूलो कीर्ति रहने काम गरेकोले 'यस जग्गाको कीर्ति ठूलो छ भनी जान्नेपंडित-हरूका सम्मतले' ~ भन्न नाउँ राखियो । (६८/५)

वंशावलीमा लेखिएअनुसार राजा शिवदेव वा सदाशिवदेव (बाह्रौं शताब्दीको पूर्वार्द्ध) ले कान्तिपुर र ललितपुर दुवै शहरका समीप पद्मकाष्ठगिरिमा कलिगताब्द ३६४२ मा एक नयाँ शहर बसाएका थिए जसको नाम ~ राखियो । (१६/२३, ६८/५)

**कुइरेभीर** (रुपन्देही)

१. [ने० कुहिरो+भीर] बुटवलबाट हेर्दा शिरमा कुइरोको मुस्लो उठिरहेको जस्तो देखिने पहाड हुनाले ~ नाम रहन गयो । (८८–३/६५५)

तिनाउ नदीको किनारैमा रहेको भीरको काखमा अवस्थित तातोपानीको कुण्डका वरिपरि सधैं कुइरो लागि-रहने हुँदा यस भीरको नाउँ ~ रहन गएको हो । सोही कुइरोलाई कुइरेबाबाले खाएको गाँजाको धूवाँ भन्ने किंवदन्ती रहेको छ । (८८–३/७६७) बुटवलको नजीकै उत्तरतिर चिडिया खोलाको किनारामा सिद्धबाबाको मन्दिर छ । यो स्थानलाई राजा भर्तृहरि तपस्या गरी समाधिस्थ भएको स्थान भन्ने जनश्रुति छ । यसै आसपास सहस्रधारा छ जहाँ माघे सङ्क्रान्तिमा नुहाउने मानिसको भीड हुन्छ । (८८–३/६५५)

**कुच्यामारी** (मोरङ)

१. [धि० कुच्या+मारी] कुच्या (?) प्रशस्त हुने ठाउँ भएको हुनाले ~ भनिएको हो । (५४/१८)

**कुटिसौग** (ललितपुर)

१. [नेवा० कुति+सः+वः] नेवारीमा 'कुतिसःवः' अर्थात् 'ढिकीको शब्द आउँछ भन्ने' अर्थमा 'कुटिसःवःत्वा' भनिएको टोल हाल ~ भनिन्छ ।

उहिले मल्ल राजाहरूको पालामा एउट चित्रकार (नेवारीमा पूँ) ढिकीमा धान कुट्न गयो । उसले धान कुट्दा "भ्वाथः पूँ" (झुत्रे चित्रकार) भन्ने शब्द मात्र दोहोरिएको सुन्यो । भोलिपल्ट राम्रो लुगा लगाएर फेरि ऊ धान कुट्न गयो । यसपल्ट उसको कानमा "भ्वासिपूँ" (आडम्बरी चित्रकार) भन्न शब्द मात्र गुन्जिरह्यो । उसलाई खूब रिस उठ्यो र त्यो ढिकी नै झिकेर फ्याँक्न लग्यो । बाटोमा ढिकी तानेर लाँदा "खाराखारापूँ" (गोज्याङ्ग्रे चित्रकार) भन्ने शब्द निस्कियो । रिसले चूर भएर त्यस चित्रकारले ढिकी एउटा पोखरीमा फ्याँकिदियो । पानीमा ढिकी बज्रिनासाथ "ध्वांपूँ" (हुस्सू चित्रकार) भन्ने ठूलो शब्द आयो । छिपाको कन्सिरी नै तातेर आयो र उसले त्यो ढिकी पोखरीबाट निकालेर बन्चरोले टुक्रा-टुक्रा पारी भात पकाउन चुलोमा हालिदियो । भिजको दाउरा बल्न लाग्दा पनि "पूँ" शब्द निस्कि नै रह्यो । यसैले गर्दा ढिकीको विचित्र शब्द आउने टोलको नाम नै "कुटिसः वः त्वा" अर्थात् ~ टोल रहन गयो । (८४/२५-२६)

**कुन्नादरा** (बाजुरा)

१. [कुन्ना+दरा] कुन्ना भनिने खोलाको नामबाट यसको वरपरका जग्गाहरू अर्थात् इलाकाको नाम ~ रहन गएको हो ।

कुन्ना खोला ताउली सेज डाँडाको दक्षिण-पूर्वी भागबाट शुरू भई पूर्वतर्फ बगेको छ । (८८–४/७८६)

**कुभिन्डेदह** (चारखुवा थारा गाउँ, सल्यान)

१. [ने० कुभिन्डो+दह] कुभिन्डोको जस्तो आकार भएको जलाशय हुनाले ~ नाम रहन गएको हो । (१३/?)

सल्यान जिल्लाको सदरमुकामदेखि तीन कोस (करीब १० किलोमीटर) पश्चिमतिर चार खुवा थारा गाउँमा पहाडैपहाडले घेरिएको खाल्डोमा डेढ किलोमिटर लामो र झन्डै एक किलोमिटर चौडा निकै सुन्दर दह छ । यस दहको निकास कतै पनि देखिंदैन । यहाँ रहेको वराह मन्दिरमा मेला लाग्छ र हजारौं कुखुरा तथा भेडाको बलि चढाइन्छ ।

यस ठाउँमा गई पूजा आदि गरी सन्तानप्राप्तिको लागि कामना गर्नेले सन्तान पाउँछ भन्ने जनश्रुति छ । (८८–४/१६७)

**कुमाखा** (सल्यान)

१. [?] कुमाखा देवताको मन्दिर रहेको ठाउँ हुनाले ~ भनिन्छ ।

करीब २४३९ मिटर(८,००० फीट) को उचाइमा रहेको कुमाखा देवताको मन्दिरमा कुखुरा र भेडाको बलि चढाई पाठपूजा गरिन्छ । (८८–४/१६७)

**कुमारीचोक** (काठमाडौं)

१. [कुमारी+चोक] कुमारीमन्दिरभित्रको चोक हुनाले कुमारी (जीवितदेवी) को नामबाट चोकको नाउँ ~ रहन गयो।

नेपाल उपत्यका कुमारीदेवीको भएकोले प्रत्येक साल कुमारीको रथयात्रामा राजाले राज्य चलाउने स्वीकृति कुमारीसँग लिनुपर्छ भन्ने नेवारहरूको धारणा छ। राजाहरूबाट निकालिने मुद्राको हिसाब-किताब राख्न यहाँ स्थापित गरिएको अड्डा पनि ~ अड्डा भनिन थाल्यो । पहिले-पहिले नयाँ मुद्राहरू निकाल्नुपर्दा कुमारीदेववीलाई चढाइसकेपछि मात्र बजारमा चलनचल्तीमा ल्याइने गरिन्थ्यो ।

**कुमालगाउँ** (अछाम)

१. [कुमाले+गाउँ] कुमालेहरू बस्ने गाउँ हुनाले रिडीकोटको फेदीमा रहेको गाउँ ~ भनिन्छ। (४३/३३२)

**कुम्भेश्वर** (ललितपुर)

१. [सं० कुम्भ+ईश्वर] पुराणकालमा गोसाइँ-कुण्डमा नुहाउँदा एक श्रद्धालु भक्तजनको अचानक पानीभित्र खसेको 'कुम्भ' अर्थात् 'लोटा'केही कालपछि १०८ पत्र पहाड मुनिमुनिबाट आएर ललितपुर शहरको उत्तरतिर पर्ने कुण्डमा देखा परेको हुनाले ~ नाम रहन गयो।

पवित्र **गोसाइँकुण्ड**को पानी ~ को कुण्डमा जम्मा हुन आएको छ भन्ने धारणा राखी गोसाइँकुण्ड जान नसक्ने हजारौं भक्तजनहरू श्रावण शुक्लको जनैपूर्णिमाका दिन त्यहाँको पोखरीमा स्नान गरी कुण्डको पानी पनि अचाउँछन्।

२. [सं० कुम्भ+ईश्वर] कुम्भ (घैंटो) बाट जन्मेका मुनि (अगस्त्य) ले कठोर तपस्या गरी शिवको आराधना गरेर लिंग स्थापना गरेको हुनाले ~ भनियो।* (५२/१६७)

**कुल्लेकोट** (बैतडी)

१. [कुल्याल+कोट] सम्भवतः कुल्यालवंशी राजाहरूको किल्ला हुनाले 'कुल्यालकोट' नाउँबाट अपभ्रंश भई ~ रहन गएको नाउँ हो।

बैतडी जिल्लाको सदरमुकामबाट आधा कोस दक्षिणमा हाटेश्वर महादेवका ७ वटा मन्दिरहरू रहेको उपत्यकाको नजीकै पूर्वतर्फको एउटा पहाडको थुम्कोलाई ~ भन्छन् । त्यहाँ किल्ला र दर्बारको भग्नावशेष रहेको छ । चन्द्रवंशको उत्पत्ति यहींबाट भएको मानिन्छ । बैतडीका ज्योतिषीहरू पात्रो अथवा जन्मकुण्डलीमा'कुल्लेकोटदुर्गनिकटे' भनी अद्यापि लेख्दै छन् । ~ दरबारलाई चन्द्रवंशका रजवारहरूले इन्साफ गर्ने ठाउँ पनि भनिन्छ । यसको नजीकै उत्तरपट्टि एउटा कुवा छ जसमा वर्षायाममा जम्मा भएको पानी पछि पिउने काममा लगाइन्थ्यो भन्ने भनाइ छ। भग्नावशेषको केही पर दुर्गाभवानीको मन्दिर रहेको छ । आसपासमा फलामका केही त्रिशूलहरू र देवदेवीका मूर्तिहरू रहेका छन् । यहाँ बडा दशैंमा बलि चढाइन्छ र फागुन महीनामा मेला लाग्दछ । (८८–४/१०३४) बृहत् नेपाल अधिराज्य सिर्जना गर्न अगाडि बढेको नेपाली फौजसँग मुठभेड गर्न बैतडीअवस्थित कुल्लेकोटका तत्कालीन सामन्त झुलीचन्दले कठपत्तेका डाँडा (बैतडी खलंगादेखि पूर्व) मा एउटा किल्ला बनाएका थिए । तर लडाइँमा झुलीचन्द पकडिए र पछि मारिए। (८८–४/१०३१)

**कुश्मा** (पर्वत)

[सं० कुसुम > कुश्मा] सुन्दर कुसुमहरू अर्थात् फूलहरूले ढकमक्क भएको देखेर मुक्तिनाथ जाने एक योगीले कुसुम नामकरण गरेको स्थान पछि अपभ्रंश भई ~ भनिन थाल्यो ।

---

*कुम्भोद्भवेन मुनिना तपस्तप्त्वा सुदारुणम् ।
समाराध्य हरं यस्माल्लिंगसंस्थापनं कृतम्
अत: कुम्भेश्वरं नाम प्रवदन्ति मनीषिणः ।।
—नेपालमहात्म्य १५/३४

पर्वत जिल्लाको दक्षिणी भागमा काली र मोदी नदीको सङ्गम **मोदीबेनी** नामक तीर्थस्थलबाट केही उच्च टारमा यो स्थान रहेको छ। (८८–३/४५७)

**कृष्णगण्डकी / कृष्णागण्डकी** (पाल्पा)

१. [सं० कृष्ण+गण्डकी] संस्कृतमा 'कृष्ण' अर्थात् 'कालो' र 'गण्डक' अर्थात् 'गगन्यान' वा 'शालिग्राम' पाइने नदी हुनाले ~ भनिएको हो। हेर्नुस् कालीगण्डकी ।

**केल्छेरजोंग** (मुस्ताङ)

१. [तिब्बती० केल्छेर+जोंग] तिब्बतीभाषामा 'केल्छेर' भनेको गोलो र 'जोंग' भनेको किल्ला हुन्छ। पहाडको टाकुरामा आमे पाल (मुस्ताङ राज्यका संस्थापक) ले एउटा वृत्ताकार किल्ला बनाएको हुँदा त्यसको नाम ~ रहन गयो।

शुरूमा यो किल्ला चारकुने आकारकै बनाइएको थियो। तर त्यसको एक कुना कुनै एक स्थानीय शासकको किल्लातर्फ निर्दिष्ट हुँदा घर वा किल्लाको कुनामा भूतप्रेतको वास रहन्छ भन्ने विश्वासअनुसार उसले अशुभ ठानेर विरोध जनायो र आमे पालले पहिलेको भन्दा पनि ठूलो गोलाकार किल्ला बनाए र त्यसै किल्लाबाट उनले पछि आसपासका सबै शासकहरूलाई जितेर मुस्ताङ राज्य खडा गरे। (१६२/१६१)

**केपू** (काठमाडौं)

१. [सं० कीर्ति+पुर>किपू>केपू] **कीर्तिपुर** नामको अपभ्रंश भई नेवारीमा ~ नाउँ रहन गएको हो। 'किपू' लाई ~ भनेका हुन्।

**केवलपुर** (धादिङ)

१. [केवल+पुर] हेर्नुस् नुप्पुन्नद्रङ्ग ।

लिच्छविकालमा नुप्पुन्नद्रङ्ग भनिने यो ठाउँ पश्चिम-पट्टिको मूलबाटो र व्यापार आदिको केन्द्र रहेको अड्कल गर्न सकिन्छ। (९५/४७)

**कैलाली** (महाकाली अञ्चल)

१. [?] धनगढीदेखि पूर्वतर्फ चुरे डाँडाको फेदीबाट उत्पन्न भएको कैलाली भनिने खोला र त्यसै खोलाको किनारामा अवस्थित कैलाली नामको गाउँको आधारमा जिल्लाको नाम पनि ~ रहन गएको हो। (८८–४/६२५)

यो इलाका सन् १८६० मा **नयाँ मुलुक**को रूपमा ब्रिटिशहरूबाट नेपालले फिर्ता लिएको हो।

**कैलालीगाउँ** (महाकाली अञ्चल)

१. [कैलाली+गाउँ] कैलाली खोलाको किनारामा बसेको गाउँ हुनाले ~ भनिन्छ।

धनगढीदेखि पूर्वतर्फ रहेको ~ मा वि० सं० १९६८ देखि १९७८ सम्म गोस्वारा बसेको थियो। यसको नाउँ कैलाली गोस्वारा थियो। पछि यसै नाउँबाट जिल्लाको नाउँ पनि कैलाली रहन गयो। (८८–४/६२१)

**कोइलाटारी** (पाल्पा)

१. [ने० कोयला+टार+ई] आली खन्दा कोइला निस्कने ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको छ।

२. [ने० कोयला+टारी] रामले कक्कड खाँदै रामघाटमा नुहाउन गइरहेका बखत कक्कडमाथिको कोइला बीच बाटोमा फ्याँकिको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो।

**कोटगाउँ** (डोल्पा)

१. [त्रिपुराकोट+गाउँ] त्रिपुरासुन्दरीको मन्दिर रहेको ठाउँमा बसेको गाउँ हुनाले त्रिपुराकोटगाउँ भनी नाम रहन गएको थियो। हाल छोटकरीमा ~ भनिन्छ।

भेरीनदी र ढलगाड (खोला) को सङ्गमनिर रहेको उच्च टाकुरामा (समुद्रको सतहबाट २१५९ मिटरमाथि) अवस्थित प्राचीन कालको किल्ला (कोट) भएको ठाउँमा बसेको गाउँ हुनाले ~ भनिन्छ। काजी शिवनारायण खत्री र सरदार प्रबल रानाको नेतृत्वमा पश्चिममा गएका गोरखाली फौजले वि० सं० १८४६ तिर यसै ठाउँमा बसी कोट बनाई तात्कालिक जुम्ला राज्य सर गरेको भन्ने जनश्रुति छ। (८८–३/५७२) हेर्नुस् तिब्रीकोट।

**कोटिल्ला** (दैलेख)

१. [सं० कोटिलेश्वर > कोटिल्ला] कोटिलेश्वर महादेवको मन्दिर रहेको ठाउँ हुनाले 'कोटिलेश्वर' भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो। (११/२१)

तरताङ बाघखोर क्षेत्रभित्र छामगाड खोलाको पूर्वी किनारामा कोटिलेश्वर महादेवको मन्दिर छ। बर्सातमा पानी नपरे यस मन्दिरमा गई पानी मागेमा पानी पर्छ भन्ने विश्वास गरिन्छ। (८८–४/५६३)

**कोलीग्राम** (काठमाडौं)

१. [सं० कोली+ग्राम] कोली जातिको बस्ती हुनाले लिच्छविकालमा ~ भन्ने नाउँ रहन गएको प्रतीत हुन्छ। हेर्नुस् दक्षिणकोलीग्राम।

कौसलका राजा प्रसेनजित्‌ले शाक्यवंशकी मठ्याहा कन्या बासभखतिया (वासवदत्ता) सँग विवाह गरेर जन्मेका सन्तान विरुद्धक आफ्नो मावली कपिलवस्तु आउँदा शाक्यहरूले जातीय अभिमान देखाई उनको अपमान गरे। उनले शाक्यहरूमाथि बदला लिने विचार गरे। मौका पाएपछि विरुद्धकले कपिलवस्तुमाथि हमला गरे। शाक्यहरू भागाभाग भए। कोही वैशाली र छिमेकका राज्यहरूमा भागे, कोही काठमाडौं उपत्यका आए। सम्भवतः यसै समय कोलीहरू पनि भागी काठमाडौं उपत्यकामा आई बसे। यिनीहरूले बसोबास गरेको क्षेत्र नै लिच्छविकालमा ~ वा दक्षिण ~ भनिन्थ्यो। (८८–३/१६)। लिच्छविकालका ५ शिलालेखमा यसको उल्लेख भएको छ।

**कोसी** (पूर्वी नेपाल)

१. [किराती० कोसी] किरातबोलीमा नदीलाई ~ भन्ने गरिएको बुझिन्छ। यसको अपभ्रंश रूप 'खुसि' शब्द नदीकै अर्थमा नेवारीभाषामा व्यवहार हुँदै छ। (४६/२)

२. [सं० कौशिक >कोशी >कोसी] कौशिक ऋषिको आश्रम रहेको ठाउँबाट बग्ने नदी हुनाले कौशिक नाम रहन गएको थियो र पछि अपभ्रंश भई ~ नाम प्रचलित भयो।

३. [सं० कुशिक>कौशिकी>कोशी>कोसी] कुशिक ऋषिको नामबाट कौशिकी नामकरण भएको नदी ~ भनिन्छ*। (२२/४)

४. [सं० कुशिक>कौशिकी>कोशी>कोसी] कुशिकका वंशजहरू जुन नदीको आसपासमा रहन्थे त्यसको नाम कौशिकी रहन गएको हो र त्यसको अपभ्रंश रूप ~ हो। (४६/२)

५. [सं० कौशिकी>कोशी>कोसी] विश्वामित्रकी दिदी कौशिकीको नामबाट नदीको नाम कौशिकी रहन गएको वर्णन वाल्मिकीय रामायण (बालकाण्ड ३३/१०) मा पाइन्छ।

६. [सं० कोश>कौशिकी>कोशी>कोसी] पार्वतीको शरीरको कोशबाट पैदा भएकी हुनाले नदीको नाम कौशिकी रहेको हो जुन पछि ~ भनिन थाल्यो**। (४६/४)

**कोसी अञ्चल** (पूर्वी नेपाल)

१. [कोसी + अञ्चल] कोसी नदीको नाउँबाट नामकरण गरिएको अञ्चल हुनाले ~ भनिएको हो।

पहाडतर्फ संखुवासभा, धनकुटा, तेह्रथुम, भोजपुर र तराईतर्फ मोरङ र सुनसरी जिल्लाहरू समावेश भएको ~ को क्षेत्रफल १०१३८ वर्गकिलोमिटर छ। (१६६/७)

**कृष्णागण्डकी** (पाल्पा)

१. [सं० कृष्णा+गण्डकी] कालो रङका शालिग्रामहरू प्रशस्त पाइने नदी हुनाले ~ भन्ने नाम रहन गएको हो।

नेपालीमा कालीगण्डकी भनिने यो नदी मुक्तिक्षेत्रको एक कन्दराबाट निस्केको छ र कागबेनीमा नरसिंह खोलासँग मिसिई ~ नामले बग्छ। ~ का तटमा **रानीघाट, देलाथुम, हुङ्गी, राम्दी, गाईघाट** आदि अनेक **घाटहरू** छन्। (६७क/६)

**कृष्णपुर** (चित्तौन)

१. [कृष्ण+पुर] राप्ती दून विकास विभागका डाइरेक्टर कृष्णबम मल्लको प्रयासबाट बसालिएको बस्ती हुनाले ~ नाम रहन गएको हो।

---

* कुशिकेन त्वया यस्मात्प्रसेविता ह्यहं मुदा।
तस्मादहं सुताद्यादिः कौशिकीति भवामि वै॥
–हिमवत्खण्डपुराण, अ. ४०, श्लो. ४४

**शरीरकोशाद्यत्तस्याः पार्वत्या निःसृताम्बिका।
कौशिकीति समस्तेषु ततो लोकेषु गीयते॥
–सप्तशती, अ० ५

**क्व: ने** (काठमाडौँ)

१. [नेवा० क्व+ने] नेवारीभाषामा 'क्व:' भनेको 'तल' र 'ने' भनेको 'ठाउँ' हुन्छ। तल्लो अर्थात् होचो ठाउँमा भएको बस्ती हुँदा ~ भनिएको हो।

काठमाडौं शहरको हालको लगन, यङ्गालटोल आदि रहेको इलाकालाई ~ भनिन्छ। यो इलाका दक्षिणतर्फ पर्ने हुनाले लिच्छविकालमा **दक्षिणकोलिग्रामद्रङ्ग** भनिन्थ्यो।

**क्वहिटी** (काठमाडौँ)

१. [नेवा० क्व: + हिति] नेवारीभाषामा 'क्व:' भनेको 'तल' र 'हिति' भनेको 'धारा' हुन्छ। तल होचो ठाउँमा रहेको ढुंगेधारा हुनाले ~ भनिएको हो।

**क्वहिटीटोल** (काठमाडौँ)

१. [नेवा० क्व: +हिति+त्वाल] तल्लो अर्थात् होचो ठाउँमा धारा भएको टोल हुनाले नेवारीमा क्व: हितित्वाल नाउँ रहन गएको हो। यसैको अपभ्रंश भई ~ हुन गयो।

यहाँ ढुंगेधारा अद्यापि छ। पहिले एउटा गोपुर (ढोका) यहाँ भएको अनुमान हुन्छ।

**क्वाथ** (काठमाडौँ उपत्यका)

१. [सं० कोट्ट>क्वाथ] नगरको सुरक्षाहेतु गढ–किल्लाको रूपमा निर्मित भवन अर्थात् संस्कृतभाषामा 'कोट्ट' को अपभ्रंशबाट नेवारीभाषामा मल्ल राजाहरूको पालामा ~ भनिएको प्रतीत हुन्छ।

काठमाडौं उपत्यकामा यत्रतत्र पाइने यस्ता धेरै ~ हरूमध्ये ललितपुर दरबारको दक्षिण–पश्चिम दिशातिर रहेको चौक्वाथ र पाटनदरबार क्षेत्रको दक्षिणभागमा रहेको बत्तीसकवले **ताहाफलेक्वाथ** उल्लेख्य छन्। यसै गरी **थक्वाथ** (थानकोट) र **नवक्वाथ** (नुवाकोट) को पनि नाम लिन सकिन्छ।

**क्वालखु** (ललितपुर)

१. [नेवा० क्वाथ+लखु] किराती राजा पतुकाको किल्ला अर्थात् 'क्वाथ' वा 'क्वा:' बाहिर पर्ने ठाउँ हुनाले नेवारीमा क्वाथलखु भनिन्थ्यो। त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो।

**क्वाबहा** (**क्वा: बहा:**) (ललितपुर)

१. [नेवा० क्वाथ+लखु+विहार] **राजदरबारको** किल्ला नजीकै रहेको विहारलाई नेवारीमा **क्वाथलखुबहाल** भन्ने गरिएको थियो। त्यसको अपभ्रंश हुँदा **क्वाथबहाल** र अझ छोटकरीमा ~ नाम रहन गयो।

२. [कोट+विहार>कोटबहाल>**क्वाथबहाल**>क्वा: बहा:] कोट अर्थात् किल्लाको नजीकै बनेको विहार हुँदा कोट-विहार भन्ने नाउँ रहन गयो। त्यसैको अपभ्रंश भई कोट-बहाल, क्वथबहाल हुँदै ~ नाम रहन गयो। (१६७/८६)

ललितपुर शहरको निर्माण गर्दै लग्दा शहरको छेउमा किराती राजा पतुकाको दरबारको किल्लानजीकै **हिरण्यवर्ण महाविहार** बनाइएको ठाउँ हाल ~ भनिन्छ।

# ख

**खड्पु** (काभ्रे)

१. [सं० श्रीखण्डपुर> खण्डपुर> खड्पु] प्राचीन श्रीखण्डपुरको अपभ्रंश भई खण्डपुर र खडपुर हुँदै ~ नाम रहन गएको हो।

यो गोलाकार बजारमा प्रवेश गर्ने उत्तर ढोका ढुङ्गाको बनेको छ र त्यहाँ श्वेतभैरवको पुरानो मन्दिर छ। (८८–२/४८५)

**खत्याङ उपत्यका** (मुगु)

१. [ने० खत्याङ+उपत्यका] खत्याङ खोलाद्वारा सिञ्चित उपत्यका हुनाले ~ भनिएको हो।

रारादहबाट निस्केको यस खोलाले ~ मा धेरै

जग्गाको सिंचाइ गरिएको छ ।

**खप्तड** (सेती अञ्चल)

१. [ सं० खेचराद्रि > खप्तड ] संस्कृतमा **खेचराद्रि** भनिने पर्वतको आधारमा ~ नाम रहन गएको हो ।

उमाकान्त भट्टद्वारा लेखिएको र डमरुवल्लभद्वारा अनुवाद गरिएको 'खेचराद्रिमाहात्म्यम्' नामक पुस्तकमा ~ को माहात्म्य-वर्णन गरिएको छ । (५८/१०१)

**खप्तड गाउँ** (सेती अञ्चल)

१. [सं० खेचराद्रि+ग्राम] पर्वतको नाउँबाट नै गाउँको नाम पनि ~ रहन गएको हो ।

~ मा निगालासम्बन्धी कुटीर उद्योग रहेको छ ।

**खप्तड ताल** (सेती अञ्चल)

१. (खप्तड+ताल) खप्तडको लेकमा रहेको जलाशय हुनाले ~ नाउँ रहन गएको हो ।

निगालाले ढाकिएको वनमा रहेको यस तालको आधा पानी कालो र आधा पानी सेतो देखिन्छ । यो ताल सिलगढीबजारबाट करीब १२ कोस टाढा पर्दछ । यहाँ घोडा चढेर जान हुँदैन तथा भात खान हुँदैन भन्ने विश्वास गरिन्छ । (८८-४/८८३)

**खप्तडलेक** (सेती अञ्चल)

१. [सं० खेचराद्रि > खप्तड लेक] संस्कृतमा खेचराद्रि भनिने पर्वत हुनाले ~ नाउँ रहन गएको हो ।

डोटी, बझाङ, बाजुरा र अछाम जिल्लाको बीचमा सबैको साँधमा रहेको यस लेकको थाप्लोमा अति रमणीय पाटन (मैदान) हरू र ठाउँ-ठाउँमा खण्ड-खण्ड परेका पाटाहरू छन् । यस लेकको सबभन्दा अग्लो भाग ३२७६ मिटर (१०७४५ फीट) को उचाइमा पर्दछ । ~ जरीबूटी र निगालोको निम्ति निकै ख्यातिप्राप्त छ । (८८-४/७५६)

**खप्पो** (भक्तपुर)

हेर्नुस् ख्वप ।

**खम्बुवान** (पूर्वी नेपाल)

१. [ खम्बू+वान ] खम्बूहरूको बस्ती भएको प्रदेश हुनाले ~ नाम रहन गएको हो ।

दूधकोसीदेखि अरुणकोसीसम्मको यो प्रदेश माझकिरात पनि भनिन्छ । उहिले चौदण्डी गढीबाट सेनवंशी राजाद्वारा यस प्रदेशको प्रशासन गरिन्थ्यो । धरै कालअगाडि-देखि यो प्रदेश खम्बू अर्थात् राई ( वि० सं० १८३१ को आसपास पृथ्वीनारायण शाहले दिएको उपाधि ) का वंशजहरूको पितृभूमिको रूपमा सुपरिचित रहेको छ ।

**खलङ्गा**

१. [?] नेपालीमा ~ को अर्थ हुन्छ छाउनी । नेपालको एकीकरणको सिलसिलामा गोरखाली फौजको छाउनी रहेका गढीहरू ~ भनिन्थे ।

नेपाल-अंग्रेज युद्धको समयमा (इ० १८१४-१८१६) बलभद्र कुँवरले देहरादूनबाट अढाई कोस उत्तर-पूर्वमा (मसूरीको बाटोमा पर्ने) नालापानी भन्ने पहाडी टाकुरामा गोरखाली फौजको खलङ्गा (छाउनी वा शिविर) हालेका थिए । यसैलाई अंग्रेजहरूले कलङ्गा उच्चारण गर्दै ठाउँको नाउँ दिए । (१३७/२३२,२०/२)

**खसान** (पश्चिमी नेपाल)

१. [ने० खस+आन] खस जातिले बसोबास गर्ने ठाउँ अर्थात् खसप्रदेश हुनाले ~ नाउँ रहन गएको हो ।

कुनै समयमा खस राज्य लद्दाखदेखि लिएर पोखरासम्म फैलिएको अनुमान हुन्छ । यसै राज्यको दक्षिणी भेक ~ नाउँले प्रसिद्ध थियो । उत्तरी भागलाई **जडचान** भन्ने चलन थियो । सम्पूर्ण खसान आज कर्णालीप्रदेशको नाउँले विख्यात छ । ~ को पूर्वी क्षेत्र **मगरात** भनिन्थ्यो ।

**खस्यौली** (बुटवल)

१. [ने० खस+यौली] खस शब्दमा यौली प्रत्यय लागेर बनेको ~ शब्दको अर्थ हुन्छ : खसहरू बसेको ठाउँ ।

बुटौलको नाम ~ पनि छ । यसबाट खस राज्य पाल्पाको तलमाथिसम्म फैलिएको थियो भन्ने सिद्ध हुन्छ । (१४०/४८)

**खहरे** (पोखरा)

१. [?] हर्पन र अँधेरी खोलाका दुई दोभानले पहिरो ल्याउँदा पहिले हर्पनको पुछारमा रहेको सानो ताल पुरिन गएकोले ~ नाम रहन गएको हो। (४३/१३०)

**खाँचीकोट** (अर्घाखाँची)

१. [खाँची+कोट] खाँची राज्यको राजधानी र किल्ला रहेको ठाउँ हुनाले ~ नाम रहन गएको हो।

यो ठाउँ सदरमुकाम नरपानीबाट एक कोस पश्चिममा करीब १६७७ मिटर (५५०० फीट) अग्लो डाँडाको टुप्पामा अवस्थित छ। यहाँ अझ पनि पहिले चौबिसे राज्यहरू-मध्येको एक खाँची राज्यका राजाको दरबारका भग्नावशेष-हरू देखिन्छन्। यहाँ भगवतीको मन्दिर, पौवा र पानी जम्मा गरिराख्ने एउटा सानो इनार पनि छ। (८८–३/८३३) यहाँ बडादशैंमा बलि दिने र सराय खेल्ने गरिन्छ। दशैंको त्रयोदशीको दिन ठूलो मेला लाग्दछ। (८८–३/८३४)

**खाँचीकोट मैदान** (अर्घाखाँची)

१. [खाँची+कोट+मैदान] खाँचीकोटको केही तल पर्ने भन्ज्याङमा रहेको एउटा सानो मैदान हुनाले ~ भनिन्छ। (८८–३/८३४)

**खाँदबारी** (संखुवासभा)

१. [ने० खाँडो+बारी] भोटसँगको लडाइँ (वि० सं० १९४८) मा नेपाली फौजले संग्राममा प्रयोग भएको खाँडो (हतियार) यहाँको एक पोखरीमा आई पखालेको हुनाले खाँडबारी भन्ने नाम रहन गएको थियो। त्यसैको अपभ्रंश भई हाल संखुवासभा जिल्लाको सदरमुकाम ~ भनिन्छ। (८८–१/२९७)

**खार्पुनाथ** (हुम्ला)

१. [? खार्पु+नाथ] हुम्ला कर्णाली र दोजाम खोलाको दोभाननजीकै रहेको पवित्र तीर्थस्थान हुनाले ~ भनिएको हो।

कर्णालीको नीलो पानी र दोजाम खोलाको सेतो पानी मिलेको दोभानमा बर्सेनि माघे संक्रान्ति र शिवरात्रीमा ठूला मेलाहरू लाग्छन्। यस ठाउँको वरिपरि अग्निकुण्ड, दूधकुण्ड र रक्तकुण्ड नामका तातोपानीका मूलहरू छन्। (८८–४/२९८)

**खारीप्रदेश** (पश्चिमोत्तर नेपाल)

१. [सं० क्षार+प्रदेश] संस्कृतमा 'क्षार' भनेको 'नून' र 'प्रदेश' भनेको 'इलाका' हुन्छ। नून पाइने इलाका हुनाले क्षारप्रदेश भनिएको हुनुपर्दछ। यसैको अपभ्रंश भई ~ नाम रहन गयो।

हाल यो प्रदेश मुख्यत: तिब्बतमा पर्दछ। दशौं–एघारौं शताब्दीतिर दक्षिणमा पर्ने खसानका खसहरू कर्णालीनदीको किनार हुँदै जडानमा बस्ने जाड (भोटे) हरूमाथि आक्रमण गरी पुराङप्रदेश (तिब्बतको मानसरोवर अञ्चल) को राजधानी ताकलाकोट (ताकलाखार) र त्यसभन्दा पनि अझ माथि गूगेप्रदेशको राजधानी त्सपराङ पनि कब्जा गरे। पछि गूगेप्रदेशको हाँगो उँभोबाट उँधो सऱ्यो र प्रतापी राजा नागराजले सिंजाखोला-उपत्यकामा नयाँ राजधानी खडा गरी नागवंशको राज्य कायम गरे। पुराङ प्रदेश (मानसरोवर अञ्चल) मा चाहिं आदिपालका वंशजहरूले आदित्यवंशका नामले र पछि गेलावंशका नामले राज्य चलाए।

**खास्टीबौद्ध** (काठमाडौं)

१. [नेवा० खसुति+बौद्ध] नेवारीमा 'खसुति' भनेको 'शीतको थोपा' हुन्छ। राजकुमार मानदेवलाई पितृहत्याको पाप लागेको हुनाले बाह्र वर्षसम्म अनावृष्टि हुन जाँदा राति राति कपडामा शीत थापी जम्मा गरी बाह्र वर्ष लगाएर बुद्धको मन्दिर बनाइएको हुनाले यसको नाम खसुतिबौद्ध रहन गएको र पछि अपभ्रंश भई ~ हुन गएको हो।

**खुदीबजार** (लमजुङ)

१. खुदीखोलाको उत्तर-पूर्व किनारमा (मर्स्याङदी नदीमा मिसिने दोभानदेखि केही माथि) रहेको बजार हुनाले ~ भनिन्छ। (८८–३/१८८)

**खुम्बु** (सगरमाथा अञ्चल)

१. [शेर्पा० खुम्+बु] शेर्पा भाषामा 'खुम्' भनेको

सुरक्षित', 'आश्रित', वा 'पवित्र' र 'बु' भनेको भूमि हुन्छ। पवित्र आश्रित वा सुरक्षित भूमि भन्ने अर्थमा ⁓ नाम रहन गएको हो।

२. [शे० खुम्+बु+ह्यू+ला>खुम्बू] खुम्बु-ह्यूला नाम गरेको पर्वत-चुली रहेको ठाउँ हुनाले ⁓ भनिएको हो।

३. [शे० खुम्बुङ+वा>खुम्बु] शेर्पा भाषामा 'खुम्बुङवा' अर्थात् पश्चिमतिरबाट आएका मानिसहरू बसेको इलाका हुनाले 'खम्बू' वा 'खुम्बू' भनिएको हुनुपर्छ।

शेर्पाहरू पहिले सोलुमा बस्थे। गोर्खालीहरूले किरातहरूमाथि विजय प्राप्त गरेपछि उनीहरू ⁓ मा पनि बस्न थाले (१५८/७०)। माझकिरातका बासिन्दाहरू अद्यापि 'खम्बुङवा' भनिन्छन्।

**खुम्बुयुला** (सोलुखुम्बु)

१. [शेर्पा० खुम्+बु+ह्यु+ला] शेर्पा–भाषामा 'खुम्' भनेको 'पवित्र', 'बु' भनेको 'भूमि,' 'ह्यु' भनेको 'हिउँ' र 'ला' भनेको 'पर्वत' हुन्छ। तसर्थ 'पवित्र भूमिको हिउँचुली' भन्ने अर्थमा 'खुम्बुह्यूला' भनिएको र त्यसैबाट ⁓ नाम रहन गएको हो।

समुद्र–सतहबाट करीब ६ हजार मिटर अग्लो यस हिउँचुलीलाई शेर्पाहरू जुनसुकै चाडपर्वमा पनि देवताको रूपमा मान्छन्। सेतो घोडामा सेतो अनुहार भएको घोड-चढीको रूपमा यस देवताको पूजा हुन्छ। शेर्पाहरूका बस्तीहरू र नाम्चेबजार पनि यसै हिउँचुलीको दक्षिणी पाखोमा रहेको छ।

**खुरेश्वर** (काभ्रेपलान्चोक)

१. [सं० खुर+ईश्वर] 'खुर' अर्थात् 'कामधेनु' ले इच्छित फल दिने लिंगको स्थापना गरेको हुँदा ⁓ भनियो।* (५२/४३)

---

* कामधेनुस्ततो लिङ्गम् सर्वकामफलप्रदम्।
नाम्नासंस्थापायमास खुरेश्वरमनुत्तमम्॥
–नेपाल-माहात्म्य, अ० ५, श्लो० ७

**खोपासी** (काभ्रे)

१. [सं० कूप्पसिक>कूर्प्पासी>खोपासी] संस्कृतको 'कूप्पसिक' अर्थात् 'कपासको लुगा' भन्ने शब्दबाट अपभ्रंश भई 'कूर्प्पासी ग्राम' भनिएको र कालान्तरमा त्यसैबाट ⁓ नाम रहन गएको प्रतीत हुन्छ। (६५ क/३८)

शिवदेव प्रथमको खोपासी अभिलेख (नोली पृ० ४१–४२) मा चर्चा गरिएको 'कूर्प्पासी ग्राम' सम्भवतः लिच्छविकालमा कपडा-उद्योग वा लुगा बुन्ने केन्द्र रहेको हुनुपर्छ।

**खोटाङ** (सगरमाथा अञ्चल)

१. [खोटे+अंग] खोटे भन्ने किराती राजाद्वारा शासित प्रदेश भएकोले ⁓ नाम रहन गएको हो। (८८–१/६५७)

सगरमाथा अञ्चलको एउटा जिल्लाको नाम पनि यसैको आधारमा ⁓ रहन गएको छ।

**खोटाङकोट** (खोटाङ, सगरमाथा अञ्चल)

१. [खोटे+अङ्ग+कोट] उहिले किराती राजा खोटेको किल्ला रहेको ठाउँ हुनाले ⁓ नाम रहन गएको हो। (८८–१/६५७)

**ख्वप** (भक्तपुर)

१. [माखोपृम्>खृपुम्>खृपुङ>खृपम्बुमा>खुप्वमृ>खोपृम>ख्वप] लिच्छविकालमा 'मा' वा 'माखो' उपसर्ग र 'पृम्' वा 'पुङ' वा 'दुलु' अनुसर्ग लागेर विभिन्न समयमा विभिन्न रूपमा प्रचलित नाउँको आधारमा नेवारी-भाषामा अद्यापि ⁓ भनिन्छ। हेर्नुस् भादगाउँ र भक्तपुर।

लिच्छविकालमा यो शहरी रूपमा थिएन। शिवदेव प्रथमको गोलमाधिटोल (भादगाउँ) को अभिलेख (इ० ५६४) मा 'माखोपृम्' को उल्लेख पाइन्छ। अनि उनै राजाको तुलाच्छेटोल (भादगाउँ) को अभिलेखमा 'खृपुङ' ग्रामको उल्लेख गरिएको छ। फेरि कुमालेटोल (भादगाउँ) को अभिलेखमा पनि 'माखोदुलु' को उल्लेख भएको छ। यसरी

मूल रूपमा तीनै नाउँ ध्वनिको आधारमा एकै थरीका देखिन आउँछन् । लिच्छविकालका यी तीनै नाउँ मध्यकालीन ख्वपु र आजको खोपका पूर्वरूप हुन् । इ० ११३४ तिर **भक्तग्राम** र इ० ११५८ तिर **भक्तपुर** अनि इ० १५०० तिर भक्तपट्टनगर र इ० १७५३ तिर भक्तपुरमहानगर जस्ता संस्कृत नाउँहरू पनि देखा पर्दछन् । (६५/१०६)

**ख्यूजोङ्ग** (मनाङ)

१. [? ख्यू+जोंग] सम्भवतः 'ख्यू' भनिने डाँडामा बनाइएको किल्ला हुनाले ~ भन्ने नाम रहन गएको हो ।

ङावल र ध्यारुबीचको डाँडाको कोखामा घले राजाको दरबार बनाइएको थियो । सुरक्षाको दृष्टिकोणबाट डाँडाको चुचुरोमा ढुङ्गाहरूले बनेको दरबारका भग्नावशेषहरू अझ पनि उक्त ठाउँमा छँदै छन् । पश्चिममा मुस्ताङ जिल्ला, पूर्वमा चामेको सुकेखोला, उत्तरमा तिब्बत राज्य र दक्षिणमा अन्नपूर्ण र लमजुङहिमालसम्म घलेराज्य फैलिएको थियो । अहिलेका घलेहरू तिनै घलेराजाका सन्तान हौं भन्दछन् । (८८–३/१२६)

**ख्यूँलटोल** (काठमाडौं)

१. [नेवा० ख्यूँ+लँ+त्वाः] नेवारीभाषाका 'ख्यूँ' को अर्थ 'अँध्यारो', 'लँ' को अर्थ 'बाटो' र 'त्वाः' को अर्थ 'टोल' हुन्छ । तसर्थ अँध्यारो बाटो भएको टोलको अर्थ दिने 'ख्यूँलँत्वाः' नाउँबाट ~ भनिएको हो ।

# ग

**गङ्गाजमुना** (धादिङ)

१. [सं० गंगा+यमुना] करीब ५ सय गजको उचाइबाट तल झरी जमीनमा कुण्ड बनेर भिन्नभिन्नै दबी धेरै परबाट निस्की बगेको नदी हुनाले राजा भगीरथको तपस्याले स्वर्गबाट पृथ्वीमा झरेकी भागीरथी गङ्गाको अर्थमा यस झरनालाई ~ भन्दछन् । (६२/१२६)

यो झरना पवित्र तीर्थस्थल हो र यहाँ हरिबोधिनी एकादशीको दिन ठूलो मेला लाग्दछ ।

**गङ्गासागर** (जनकपुर, धनुषा)

१. [सं० गङ्गा + सागर] वर्तमान तिलौराकोट (प्राचीन कपिलवस्तु) को पश्चिमतिर बग्ने वाणगङ्गा र यस प्रदेशमा रहेका सरोवर, तलाउ, झील, पुष्करिणी आदि जलराशिलाई संकेत गर्ने सागर शब्दको संयोगबाट ~ नाम रहन गएको प्रतीत हुन्छ । (६७/६३)

नेपालतराईमा रहेको कपिलवस्तुमा ~ नामक स्थान थियो भन्ने देवपालको अभिलेखबाट र नलिनीनाथदास गुप्तको भनाइबाट ज्ञात हुन्छ । (६७/६३)

२. [सं० गंगा+सागर] गङ्गा प्रभृति नदीहरूको पानीले बनेको समुद्र हुँदा ~ नाम रहन गयो ।

निःसन्तान राजा निमिको मृत्युपछि गौतम, याज्ञवल्क्य, विश्वामित्र आदि महामुनिहरूले राजा नभएको देशमा तपस्या गर्न नहुने भएको हुँदा निमिको मृत शरीर मथन गरी बालक उत्पन्न गर्ने निधो गरे । यसको लागि गङ्गा, जमुना आदि पवित्र नदीहरूको आवाहन गरेर एउटा ठूलो जलाशय निर्माण गरे । (८८–२/२५८–२५९)

**गढ** (बारा)

१. [?] कुनै समयमा किल्ला रहेको स्थान हुनाले ~ भनिएको हो ।

बारा जिल्लाको सीमान्तमा अवस्थित गोलागन्ज उचिडी, अमृतगन्ज र हरिहरपुरको संयुक्त नाउँ ~ रहेको छ । (१२६/ ) ५२ गढहरूमा विभक्त भएको हुनाले प्राचीन केदारखण्ड (भारत) क्षेत्र बावनीगढ वा गढवाल भनिन थाल्यो ।

**गढी**

१. [गढ] किल्ला रहेको ठाउँलाई नेपालीमा ~ भन्दछन् ।

**गढीदेवी** (कोडकडेनी, ओखलढुङ्गा)

१. [गढी + देवी] पृथ्वीनारायण शाहको पूर्वी अभियानको सिलसिलामा रामकृष्ण कुँवरले आफ्नो फौजको निमित्त एक गढी (किल्ला) बनाई देवी स्थापना गरेको ठाउँ हुनाले ~ भनिएको हो ।

ओखलढुङ्गा बजारभन्दा करीब तीन कोस (आठ किलोमिटर) पूर्वमा पर्ने कोडकडेनी भन्ने ठाउँमा रहेको एक गुम्बजलाई ~ को रूपमा पूजा गर्ने परम्परा छ । (८८–१/७२४)

**गणेशकुण्ड** (धादिङ)

१. [सं० गणेश+कुण्ड] गणेशहिमालको फेदीमा रहेको जलाशय हुनाले ~ भनिएको हो ।

गणेश हिमालको फेदीमा ~ र भैरवकुण्ड नामक प्रसिद्ध कुण्डहरूमा दशैं र जनैपूर्णिमाका दिन मेला लाग्दछ । पौराणिक कालमा ~ को आसपासमा भृङ्गी ऋषिको आश्रम थियो भन्ने विश्वास गरिन्छ ।

**गणेशगुफा** (तिब्रीकोट)

१. [ने० गणेश+गुफा] तीजको भोलिपल्ट गणेश-चौथी (भाद्र शुक्ल चौथी) का दिन मेला लाग्ने गुफा हुनाले ~ भनिएको होला।

यो गुफा जुमला खलङ्गाबजारनजीकै रहेको छ । (३० क / ११५)

**गण्डकी** (मध्यनेपाल)

१. [सं० गण्डक+ई] गण्ड वा गण्डक नामक ऋषिले पहिले स्नान गरी तपस्या गरेको हुनाले ~ नाम रहन गयो* । (२२/३–४)

२. [सं. गण्ड+की] विष्णुको 'गण्ड' अर्थात् 'गाला' बाट पसीनाको रूपमा बगेर आएको नदी हुनाले ~ नाम पर्न गएको हो ।

---

* गण्डेनादौ हि संस्नातं गण्डकीति वदिष्यति ।
लोकाश्च सप्त गण्डक्यो वदिष्यन्तीति सन्ततम् ॥
–हिमवत्खण्ड, अ. ४४, श्लो. ३३

**गण्डकी अञ्चल** (मध्यनेपाल)

१. [गण्डकी+अंचल] गण्डकी नदीको प्रवाहक्षेत्रमा रहेको इलाका हुनाले ~ नाम राखिएको हो ।

पहाडतर्फका मनाङ, कास्की, स्याङ्जा, लमजुङ, तनहुँ र गोर्खा समेत छ जिल्लाहरूको समावेश भएको ~ को क्षेत्रफल १०८७१ वर्गकिलोमिटर छ । (१८९/५)

**गद्दीचौतारो** (तनहुँ)

१. [गद्दी+चौतारो] सेन राजाको गद्दी रहेको चौतारो हुनाले ~ भनिन्छ ।

तनहुँसुरमा सेनराजाको दरबारको भग्नावशेष नजीकै रहेको चौतारोलाई राजगद्दी ठानेर बटुवाहरू यसमा बस्तैनन् । (८८–३/२४६)

**गद्दीबैठक** (काठमाडौं)

१. [ने० गद्दी+बैठक] गद्दी अर्थात् राजसिंहासन राखिएको बैठक हुनाले ~ भनिन्छ ।

श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको राज्याभिषेक-समारोह मनाउन आधुनिक ढङ्गले यसको निर्माण गरिएको हो ।(१५५/३६)

**गह्लाउने भुँडीफुट्टा ताल** (थाकुरे, बाग्लुङ)

१. [ने० गह्लाउने + भुँडी + फुट्टा + ताल] तालको नजीकबाट हिंड्दा भुँडी फुटेको जस्तै गरी असाध्य गह्लाउने हुनाले ढोरपाटनबाट तारकोट जाने बाटोमा थाकुरे भन्ने ठाउँमा रहेको तलाउ ~ भनिन्छ । (८८–३/६६५)

**गमगढी** (मुगु)

१. [ने० गम+गढी] गमराज्यको किल्ला रहेकोले नै ठाउँको नाम ~ रहेको हो।

समुद्रको सतहबाट अन्दाजी २०४३ मिटर (६७०० फीट)को उचाइमा मुगु जिल्लाको सदरमुकाम ~ रहेको छ। सिंजाली मल्लराज्यको उत्तरार्धतिर कर्णालीप्रदेशका

विभिन्न टाकुरेराज्यहरूमध्ये गममा पनि एक राज्य रहेको थियो भन्ने लोककथन छ। गढी भन्ने डाँडामा कालिका र मालिका भन्ने दुई धार्मिक स्थलहरू छन्। (८८–४/३४८-३४९)

**गरुडनाहिनी** (तिब्रीकोट)

१. [गरुड+नुहाउनु] गरुडले नुहाएको ठाउँ भनी मानिएको यो स्थान ~ भनिन्छ।

तिब्रीकोट जिल्लाको पूर्व सीमानामा अवस्थित लेक नजीकै धार्मिक दृष्टिले महत्त्वपूर्ण यस ठाउँमा साउनको एकादशीदेखि लिएर पूर्णिमासम्म मेला लाग्दछ। (८८–४/४००)।

**गलकोट** (बागलुङ)

१. [ने० गोलो+कोट] गोलाकार परेको ठाउँमा राजा डिम्ब (दिलीपबम मल्ल) का कान्छा छोराले कोटघर बनाएकोले यसको नाउँ गोलोकोट रहेको र पछि अपभ्रंश भई ~ हुन गएको हो। (८८–३।६७५)

यो स्थान बागलुङ बजारबाट आठ कोस पश्चिममा छ।

**गलकोट खोला** (बागलुङ)

१. [ने० गोलो+कोट+खोला] गलकोट नजीकैबाट बगेको खोला हुनाले किमिचौर र रुमको धुरीदेखि पश्चिम बगेको दरमखोलालाई ~ पनि भन्दछन्। (८८–३।६६५)

**गलेश्वर** (म्याग्दी)

१. [ने० गले + ईश्वर] गलेगोरुलाई यहाँ एक जोडी रातासेता ध्वजा बाँधिदिंदा त्यो गोरु हलोमा सरासर हिंड्ने गरेकोले ~ भनिएको हो।

२. [ने० गलो+ईश्वर] शिवले सतीदेवीको लाश-लाई काँधमा राखेर डुलाउँदै यहाँनिर आइपुग्दा सतीदेवीको गलो खसेको ठाउँमा महादेवको उत्पत्ति भएको हुनाले ~ नाउँ रहन गएको हो।

३. [?] गलेश्वर देवता रहेको ठाउँ हुनाले ~ भनिएको हो।

कालीगण्डकी र राहुखोलाको दोभाननिर साह्रै ठूलो र भव्य शिलामाथि एउटा शालिग्राम छ। यसैलाई गलेश्वर महादेव भन्दछन्। गलेश्वरको मन्दिरको पूर्वपट्टिको किनारमा जडभरतको शिला छ। यो ठाउँ जडभरतले तपस्या गरेको हो भन्ने धेरैको भनाइ छ। यहाँ बालाचतुर्दशीमा ठूलो मेला लाग्छ। (८८–३/६२७)

**गाइनेगाउँ** (बाटुलेचौर, पोखरा)

१. [ने० गाइने + गाउँ] गाइनेहरूको ठूलो बस्ती हुनाले ~ भनिएको हो।

बाटुलेचौरका गाइनेहरू कास्कीका राजा जगती खानसित आएका हौं भन्दछन्। यहाँ वि० सं० २०२३ सालमा ३२ घरमा १२० जना गाइनेहरू बसोबास गर्दथे। तिनीहरूमा जम्मा ८ वटा थरहरू मात्र थिए। (८८–३/३२६)

**गाइनेडाँडो** (कास्की)

१. [ने० गाइने + डाँडो] विजयपुर खोला तरी अघौं ठूलाकोटमा बसाइँ सरेका गाइनेहरूको बस्ती भएको ठाउँ हुनाले ~ नाम रहन गएको हो। (५४/५९)

प्रायः असोज-कार्तिकमा घनघोर असीना पर्ने र माछाको शिकार गर्ने खोला र ताल टाढा पर्ने हुँदा सुविधासाथ जीविका गर्ने उपयुक्त क्षेत्र नपाउनाले गाइनेहरू यहाँबाट अघौं फाँट (पौवा) तर्फ बसाइँ सरे। (५४/५९)

**गाउँशहर** (लमजुङ)

१. [ने० गाउँ + शहर] लमजुङ राजाको राजधानी भएको हुनाले ~ नाम रहन गएको हो।

यस डाँडामा लमजुङ राज्य नेपाल अधिराज्यमा समावेश गराइनुअघि (ई० १७८२) राजा बस्ने दरबार अद्यापि छँदै छ। यस दरबारको सँगै कालिकाको मन्दिर रहेको छ र भीमसेनको एउटा सानो मन्दिर पनि छ। (८८–३/१८७)

**गाड**

१. सं० [गर्त>गाड] संस्कृतभाषाको 'गर्त' शब्दबाट अपभ्रंश भई ~ बनेको हो। यसको अर्थ हुन्छ : 'खोलो' वा 'खोल्सो'। पश्चिमी नेपालमा खोलालाई ~ भन्ने चलन छ। (८८–४/३८७)

**गा: बहा:** (ललितपुर)

१. [नेवा० गाड>गार+बहाल>गालबहाल > गा: बहा:) नेवारीभाषामा 'गा:' (गाड, गार, गाल) भनेको 'खाल्टो' र 'बहा:' (बहाल) भनेको विहार हुन्छ। खाल्टो परेको ठाउँमा बनेको विहार भन्ने अर्थमा ~ नाम रहन गएको हो।

**गिरिखोला** (तिब्रीकोट)

१. [सं० गिरि+खोला] गिरि (सिरान)मा रहेको ठूलो गिरी नामक दहबाट निस्केको नदी हुनाले ~ नाम रहन गएको हो (८८–४/३८८)

यो खोला तिब्रीकोट जिल्लाको दक्षिण–पश्चिम कुनामा भूरचूला र ठाकुरजी लेकको बीचबाट उत्पन्न भई तिलानदीमा मिल्न पुग्छ।

**गुइँत:बही** (ललितपुर)

१. [नेवा० गुइँ+त:+बही] नेवारी भाषामा 'गुइँ' भनेको 'नौ', 'त': भनेको 'तला' र 'बही' भनेको 'विहार' हुन्छ। 'नौतला भएको विहार' हुनाले ~ नाउँ रहन गएको हो। (८२क/१७)

यो विहार लिच्छविकालमा 'गुल्लतङ्ग' भनिन्थ्यो। त्यहाँ रहेको भित्तेचित्र, लिच्छविकालको नभए पनि उक्त ठाउँमा चित्राङ्कन गर्ने परम्परा लिच्छविकालदेखि नै चलिरहेको हुन सक्छ। एक विशेष चित्रपटमा नौतल्लासहितकै विहार अङ्कित गरिएको छ (हेर्नूस्– मेरी स्लूसरलिखित 'नेपाल-मण्डल', भाग १।२)।

**गुच्चात्वा** (काठमाडौं)

१. [नेवा० गुँ+चाक:+त्वा>गुँचा: त्वा>गुच्चात्वा:] नेवारीभाषामा 'गुँ'को अर्थ 'नौ', 'चाक:' को अर्थ 'मण्डल' वा 'घेरा' र 'त्वा:' को अर्थ 'टोल' हुन्छ। 'गुगू चाक दुगु त्वा:' 'अर्थात् ' नौवटा मण्डल (चोक) भएको टोल' भन्ने अर्थमा ~ नाम रहन गएको हो।

**गुच्चाटोल** (काठमाडौं)

हेर्नुस् गुच्चात्वा।

**गुञ्जनगर** (चितौन)

१. [गुञ्ज+नगर] सरदार गुञ्जमान सिंहले १०० बिघा जग्गा प्राप्त गरेर वि० सं० २०१३ सालतिर बसाएको बस्ती हुनाले ~ नाउँ रहन गएको हो।

**गुत्वित:** (ललितपुर)

१. [नेवा० गुँ+त्वा:] नेवारीमा 'गुँ' भनेको 'वन' र 'त्वा:' भनेको 'टोल' हुन्छ। पहिले शहरबाहिर किंशुक-वननजीकै रहेको एकान्तको टोल हुनाले 'गुँत्वा' (वननेरको टोल) भन्ने नाउँ रहन गयो र पछि यसैको आधारमा ~ भनिन थाल्यो।

२. [नेवा० गुंग:+तुं] नेवारीभाषामा 'गुंग:' भनेको 'नौ' र 'तुं' भनेको 'इनार' हुन्छ। यहाँ नौवटा इनार भएकोले टोलको नाम नै 'गुंग: तुं' रहन गयो र त्यसैको अपभ्रंश भई ~ हुन गयो।

३. [नेवा० गुत>देग:) मल्लकालभन्दा पहिले नौतले देवल (गुताजागु देग:) भएको विहार रहेको ठाउँ हुनाले ~ अर्थात् 'नौतला' भन्ने नाम रहन गएको हो।

**गुप्तिक्षेत्र** (पर्वत)

१. [सं० गुप्ति+क्षेत्र] कुस्माबजारमुनि ५ हजार फीट परिधिमा फैलिएको गुफा हुनाले ~ भनिन्छ।

श्रीमद्भागवतमा, उल्लिखित कृष्ण र जाम्बवान् (भालु) को भेट यहीं नै भएको थियो भन्ने मान्यता छ। तसर्थ यसलाई भालूको दूलो पनि भन्दछन्। भित्र साततले कोठा छन्।

**गुप्तेश्वर** (धादिङ)

१. [सं० गुप्त+ईश्वर] गुफाभित्र 'गुप्त' अर्थात् लुकिरहेका 'ईश्वर' अर्थात् महादेव रहेको विश्वासअनुसार ~ नाम रहेको हो।

धादिङ जिल्लाको सुनौली बजारनेर रहेको गुफामा शिवरात्रि र तीजमा मेला लाग्छ। पर्वत जिल्लाको कुस्मा-बजारनेर र पाँचथर जिल्लाको श्रोयाममा र अन्यत्र पनि ~ भनिने गुफाहरू छन्।

**गुप्तेश्वर**

१. [सं० गुप्त+ईश्वर] मेचीदेखि महाकालीभित्र जताततैका गुफाहरूमा 'गुप्त' अर्थात् 'लुकिरहेका' महादेव रहने विश्वासअनुसार ~ नाम रहेको हो।

**गुफाकन्दरा**

१. [ने० गुफा+कन्दरा] पहाडमुनि भित्र पस्न हुने प्राकृतिक सुरुङलाई ~ भन्दछन्। नेपालमा यस्ता ~ हरू प्रशस्त छन्।

**गुफाघर** (मुस्ताङ)

१. [ने० गुफा+घर] पहाड खोपेर बस्न हुने गुफा बनाइएको हुनाले ~ भनिएको हो।

मुस्ताङका विभिन्न ठाउँमा टुकुचेबाट उँभो लागेपछि विभिन्न ठाउँमा पहाडका ठाडा भित्तामा जमीनबाट करीब ६० मिटर(४०० फीट) सम्मको उँचाइमा बनेका ~ प्रशस्त देखिन्छन्। कालीगण्डकीको मुहानभन्दा अलि तल पूर्वपट्टिको उपत्यकाबाट करीब ३०० मिटर (१००० फीट) ठाडै उठेको डाँडाको भित्तामा पनि धेरै अग्ला-अग्ला ठाउँसम्म मान्छे छिर्न हुने आकारका अनेकौं चारकुने र काला टोड्काहरू छन्। उहिले कुनै जमानामा यो डाँडाभित्र मानिसहरू गुम्बा बनाएर बस्थे र ती नै तलैतलाका गुफाका ओडारमा छिर्ने यी टोड्काहरू हुन् भन्ने विश्वास गरिन्छ। यसै डाँडामा प्रख्यात निम्फु गुम्बा पनि रहेको छ। यहाँका गुफाहरूको माझमा एउटा विशाल गुम्बा पहाडको भित्ताबाट बाहिर उछिट्टिएर आएको छ र हावामा त्यहाँ झुन्डिरहेको आभास प्रदान गर्दछ। (८८–३/५१७)

**गुमविहार** (काठमाडौं)

१. [नेवा० गुम्+विहार] नेवारीभाषामा 'गुम्' शब्दको अर्थ 'पहाड' हुन्छ। पहाडमाथि अवस्थित विहार हुनाले ~ नाम रहन गएको अनुमान हुन्छ। (१९/२८३)

अंशु वर्मा (सप्तम शताब्दी) को एउटा शिलालेखमा यसको उल्लेख पाइएको छ। यो स्वयम्भूनाथको अञ्चलमा भएको अनुमान हुन्छ। (१९/२८३)

**गुम्बातारा** (डोल्पो)

१. [तिब्बती गुम्बा+तारा] तिब्बतीभाषामा विहारलाई गुम्बा र बस्तीलाई सम्भवतः तारा भन्दछन्। प्रसिद्ध गुम्बा रहेको गाउँ हुनाले ~ नाम रहन गयो।

यस गाउँमा रहेको गुम्बाको नाम धाडश्रसा (टीका) गुम्बा हो। तसर्थ यस गाउँलाई टीकातारा वा टीकागुम्बा पनि भन्दछन्। डोल्पोमा 'तारा' प्रत्यय लागेका अरू पनि अनेकौं बस्ती छन् (जस्तै कोटतारा वा ताराकोट, शहरतारा, टुप्पातारा इत्यादि) (१११/१३८) ध्याबोरु हिमालको काखमा निकै रमाइलो ठाउँमा ~ गाउँ छ। (१११/१३६)

**गुर्जुधारा** (काठमाडौं)

१. [ने० गुरुज्यू+धारा] कुनै गुरुज्यूले बनाइदिएको ढुंगेधारा रहेको ठाउँ हुनाले ~ नाम रहन गएको हो।

डिल्लीबजारको उकालोलाई ~ भन्ने गरिन्थ्यो। त्यहाँ सबैले पानी खाने एउटा ढुंगेधारा थियो। (११५–४२) मातातीर्थनजीकै पनि यस्तै ढुंगेधारा रहेको ठाउँ ~ भनिन्छ।

**गुरुमापाको मैदान** (टुँडिखेल, काठमाडौं)

१. [ने० गुरुमापा+मैदान] गुरुमापा भनिने राक्षस बस्ने मैदान भएको हुनाले **टुँडिखेल**को नाम ~ रहन गएको हो।

टुँडिखेलको दक्षिण–पूर्वी कुनानिर भएको एउटा रूखलाई गुरुमापाको रूख भन्दछन्। घोडेजात्राको राती बलि गरिएको एउटा राँगो र एक पाथी भात लिएर एक थरी मानिसहरू त्यहाँ पूजा गर्न जान्छन्। त्यहाँ पूजा गरेपछि शहरका केटाकेटीहरूलाई गुरुमापाले खाँदैन भन्ने विश्वास गरिन्छ। घोडेजात्राको दिन त्यहाँ घोडदौड गरिने हुनाले त्यो दिन उठ्न खोज्ने गुरुमापा राक्षस ती घोडाहरूको टापले कुल्चिन जान्छ र उठ्न सक्तैन भन्ने धारणा छ। (८८–२/७३८)

**गुलरिया** (बर्दिया)

१. [?] हेर्नूस्: पृथ्वीनगर।

**गुह्येश्वरी** (काठमाडौं)

१. [सं० गुह्य+ईश्वरी] दक्षप्रजापतिको यज्ञमा

आफ्ना पतिको अपमान भएको सहन नसकी अग्निकुण्डमा हाम्फालेर मरेकी सतीदेवीको लाश बोकेर हिंडेका महादेव श्लेष्मान्तकवनमा पुग्दा लाशमा कीरा लागेर सतीदेवीको गुह्य अर्थात् योनि पतन भएको ठाउँमा उत्पन्न भएकी देवी हुनाले ~ नाम रहन गएको हो ।

गुह्यकाली नामले पनि प्रसिद्ध ~ कुण्डको रूपमा रहेको छ । त्यसलाई पद्मयन्त्राकार आकृतिमा बनाइएको फटिकको कलशले छोपिएको छ । ~ को मन्दिर प्रताप मल्लले बनाएका हुन् भनिन्छ । ने० सं० ७४४ वैशाखशुक्ल एकादशी बृहस्पतिवारका दिन कुँदिएका शिलालेख र श्लोकहरू प्राप्य छन् । मार्गकृष्णदशमीका दिन मेला लाग्छ ।

२. [गुह्य+ईश्वरी] संस्कृतमा 'गुह्य' कोअर्थ 'गूढ' हुन्छ । आदिबुद्ध (ज्योति) विराजमान भएको कमलको जरा रहेको ठाउँ हुनाले ~ नाम रहन गएको हो ।

बौद्धमार्गीहरूको मतानुसार ज्योति रूपमा प्रकट भएका आदिबुद्धको आदिशक्तिको रूपमा ~ को पूजा हुन्छ । ~ उर्वराशक्तिको प्रतीक हो । (१६१/३०७)

**गोकर्ण** (काठमाडौं)

१. [?] चन्द्रभागा नदी र वाग्मतीको सङ्गममा रहेको ब्रह्मतीर्थ (उत्तरगया) नेरै वाग्मतीको किनारामा गोकर्णेश्वर रहेकोले ठाउँको नाम पनि ~ रहन गयो। (११/५२ र ६२)

२. [गोकर्ण] पाञ्चाल देशका राजा वृषकर्णका छोरा गोकर्णले आफ्ना बाबु र आफ्नो समेत मुक्तिका लागि गोकर्णेश्वर महादेवको स्थापना गरेको ठाउँ हुनाले ~ भनिएको हो।

वृषकर्ण र गोकर्ण सधैँ एक अर्कालाई "यमपुरीको वास होस्" भनी सरापेर झगडा गर्थे । दुवै मरेपछि यमपुरीमा वास बस्न पुगे । पछि गगनगन्ज बोधिसत्त्वको आज्ञानुसार गोकर्णले वाग्मतीको तीरमा गई गोकर्णेश्वरको स्थापना गरेर भाद्रकृष्णऔंसी (गोकर्णऔंसी) का दिन आफ्नो बाबुको नामबाट जलदान, पिण्डदान आदि गरेर नारकीय दुःखबाट आफ्नो बाबुलाई र आफूलाई समेत मुक्त तुल्याए । (१०५/६७)

**गोकुले** (लेकम् गर्खा, दार्चुला)

१. [सं० गोकुलेश्वर > गोकुले] चौलाने नदीको किनारमा गोकुलेश्वर महादेवको स्थान रहेको हुँदा गाउँको र बजारको नाउँ ~ रहन गएको हो ।

यो ठाउँ दार्चुला खलङ्गाबाट करीब ६१ किलोमीटर (१६ कोस) टाढा पर्दछ । यहाँ प्रत्येक वर्ष महाशिवरात्रिका दिन ठूलो मेला लाग्छ । (८८–४/६६१)

**गोग्रहा** (विराटनगर)

१. [सं० गो+गृह] संस्कृतभाषामा 'गोगृह' अर्थात् 'गाईगोठ' भएको ठाउँ भन्ने अर्थमा ~ नाम रहन गएको हो। हाल **विराटनगर** यसै ठाउँमा रहेको छ।

महाभारतको अध्यायको अन्त्यमा 'इति श्रीमहाभारते विराटपर्वणि गोहरणपर्वणि उत्तरगोग्रहे' इत्यादि लेख्ने गरेको छ । (१३५/?)

**गोटिहवा** (कपिलवस्तु)

१. [गोटी+हवा] गाउँको बीचमा रहेको स्तूप र **अशोकस्तम्भ**को माथिल्लो भाग टुक्रा-टुक्रा भई गोटीजस्तो यताउति परिरहेकोले यस गाउँको नाम ~ अर्थात् गोटीहरू छरिएको बस्ती भन्ने रहन गएको हो ।

तौलिहवा बजारदेखि डेढ कोसजति दक्षिण-पश्चिममा रहेको यस गाउँको स्तूप ऋकुच्छन्द बुद्धको अस्थिस्तूप र स्तम्भ चाहिं ऋकुच्छन्द बुद्धको जन्मस्थलमा अशोकले खडा गरेको जन्मस्तम्भ मानिएको छ। (८८–३/१०१८–१०१९)

**गोठीचौर** (तिब्रीकोट)

१. [ने० गोठ+चहुर] प्रशस्त घाँस पाइने हुँदा सम्भवतः गाईगोठ रहेको चहुर भएको यस ठाउँलाई ~ र पहाडको उच्च भागमा पनि फराकिला मैदानी भाग भएकोले ~ पाटन भन्दछन्।

यो चौर एउटा खाल्डो परेको मालभूमि जस्तो देखिन्छ। यसका बीचबाट बगेको खोलाले यस चौरलाई दुई-टुक्रा पारिदिएको छ जसमध्ये एकलाई ~ र अर्कोलाई माचौर भन्ने गर्दछन् । ~ को बीचोबीच एउटा मुग्राहा (ढुंगेधारा) छ । त्यसलाई कोही-कोही मल्लकालीन धारा पनि भन्दछन् ।

त्यो मुग्राहामाथि ढुंगाको देवल छ। यी धारा र देवल एउटा लामाले बनाएको भनी प्रसिद्ध छ। (८८–४/३६६)

**गोदावरी** (ललितपुर)

१. [सं० गोदावरी+कुण्ड] गौतम ऋषिले तपस्या गरिरहेको वेलामा एउटा दैत्य गाईको रूप धारण गरी ऋषिको तपोभंग गर्न आउँदा ऋषिले त्यस गाईको वध गर्दा लागेको गोहत्याबाट मुक्त हुन स्नान गरेको कुण्ड हुनाले ~ नाम रहन गयो।

२. [सं० गोदावरी+कुण्ड] भारतको दक्षिणमा रहेको गोदावरीमा तप गरिरहेका ऋषिको मृगचर्म (पादुका) र कमण्डलु उत्रिएको कुण्ड हुनाले ~ नाम रहन गयो।

'नेपालमाहात्म्य' (हस्तलिखित ग्रन्थ, ने० सं० ८४३) मा 'गोभ्राटेश्वर गोशृङ्गतीर्थ' भनी उल्लेख गरिएको यो कुण्ड ६४ तीर्थमध्येको एक हो। वसुलक्ष्मीदेवीको प्रभावबाट उत्पन्न भएको तीर्थ ~ भनिन्छ। बाह्र वर्षमा भाद्र महीनामा सूर्य र बृहस्पति सिंहराशिमा पुग्दा श्रावण संक्रान्तिदेखि एक महीनासम्म ~ कुण्डमा मेला लाग्छ (३० क/११६)। बौद्धधर्मावलम्बीहरू वसुन्धराको प्रतीक मानी ~ मा स्नान गर्न जान्छन्। पानीमा तेल राखी हेर्दा सरासर तल जाने दिन नै ~ मा स्नान गरी मेला भर्न जाँदा बढी पुण्य प्राप्त हुन्छ भन्ने बूढापाकाहरूको विश्वास छ।

**गोपालेश्वर** (काठमाडौं)

१. [सं. गोपाल+ईश्वर] गोपाल अर्थात् कृष्णले स्थापना गरेको शिवलिंग हुनाले ~ भनिएको हो।* (५२/१२६)

आफ्ना पुत्र (प्रद्युम्न) र मुनि (नारद) सहित तीर्थयात्राको निमित्त प्रस्थान गरेर जाँदा-जाँदा गोपाल (बिष्णु) एउटा फाँटमा पुगे। थकाइ मार्न भनी एउटा वृक्षको छहारीको आश्रय लिई बसिरहेका बखत कामधेनुले नजीकैको एउटा ढिस्कुरामा आफ्नो स्तनको दूध एकनाससँग बगाइरहेको देखे। कामधेनु लोप भएपछि त्यस ठाउँमा गई हेर्दा महादेव फेला पारे। तसर्थ त्यो महादेव ~ नामले प्रसिद्ध भयो।** हिमवत्खण्डमा उल्लेख भएअनुसार सो महादेव विष्णुको करकमलबाट भाद्र कृष्ण चतुर्दशीका दिन उत्पन्न भएको हो। फर्पिङ शहरमा हुने हरिशंकर यात्राका साथ सो महादेवको रथयात्रा पनि धूमधामका साथ मनाइन्छ। सोही महादेवस्थानदेखि केही पर रहेको खेतमा गोरुले जोत्दैनन्। गोरुले जोत्यो भने सो खेतको गहरैभरि र हलोमा समेत सर्पले घेर्दछ भन्ने जनविश्वास छ। (१२१/४८)

**गोमतीतीर्थ** (फर्पिङ, काठमाडौं)

१. [सं. गो+मती+तीर्थ] गोपालेश्वर महादेवस्थान नजीकै फेला परेको जलकुण्ड हुनाले ~ नाम रहन गयो। (१२१/४६)

रोगाइरहेका साना बालबच्चालाई लाएको लुगै समेत ~ मा नुहाइदिंदा सुकेरोग आदि हराउँछ भन्ने जनविश्वास छ। यसरी नुहाइदिएपछि भिजेको लुगा चाहिं त्यहींकै कुनै रूखमा पानी चुहाउँदै झुन्ड्याइदिने चलन छ। (१२१/४६)

**गोरखपादुका** (गोरखा)

१. [ने० गोरख+पादुका] हनुमान्भन्ज्याङमाथि पहराको सिरानमा गोरखनाथको पादुका भनिने दुइटा ठूला पादुकालाई ~ भन्दछन्। (१२८ ग/ १५३)।

**छ्वास** (काठमाडौं उपत्यका)

१. [सं० क्षेत्र+पाल+ स्थल >(?) छ्वास] संस्कृत भाषामा 'क्षेत्र' अर्थात् 'गाउँ' वा 'बस्ती', 'पाल' अर्थात् 'संरक्षक' र 'स्थल' अर्थात् 'स्थान' भन्ने अर्थमा 'क्षेत्रपालस्थल" भनिएको र त्यसैको अपभ्रंश भई नेवारी भाषामा 'छ्वासल' वा 'छ्वास' नाउँ रहन गएको हो (?)।

काठमाडौं उपत्यकाभरि गाउँ र बस्तीहरूमा प्रायशः दोबाटोमा ~ भन्ने ठाउँ रहेको हुन्छ। नेवारसमाजको जनजीवनमा मान्छेको जन्मदेखि मृत्युपर्यन्त ~ को विशेष महत्त्व रहन्छ। सालनालसहित जन्मेको बच्चाको सालनाल काटिए-

---

* कृष्णेन स्थापितं लिङ्गम् गोपालेश्वरमुत्तमम्।
—नेपालमाहात्म्य, अ० १२, श्लो० ३

** ततोऽतितुष्टो गोविन्दः सपुत्रो मुनिसंयुतः।
लिङ्गम् संस्थापयामास गोपालेश्वरमुत्तमम्॥
—नेपालमाहात्म्य, अ० १२, श्लो १

पछि सो भिगोटमा राखी ~ मा फाल्न लैजान्छन् । नवजात शिशुको नामकरणको विधिविधानअनुसार अजी (सुँडेनी) ले शिशुलाई नुहाई उसको वस्त्र मानामा राखी ~ मा नै फाल्न लगिन्छ । पास्नी (अन्नप्राशन) नभएसम्म सानोतिनो रोग लागेमा पनि ~ मा कनिका पन्छाउने चलन छ । पास्नीका दिन अन्न (भात) तस्मै (खीर) सहित विभिन्न प्रकारका व्यञ्जन बनाई पञ्च-पकवान, पान, दही, दूध, फुल, माछा आदि बच्चालाई खान दिएर अन्नप्राशन सकिएपछि बच्चाको जूठो भोजन आमाले केही खाई बाँकी रहेको सबै ~ मा फाल्न लगिन्छ । यसरी नै पुरुषको जीवनचक्रका सबै कर्मकाण्डहरू (चूडाकर्म, व्रतबन्ध, विवाह, बूढो पास्नी, चन्द्रारोहण, भीमरथारोहण, देवारोहण आदि) को कुनै पनि भोजको फ्याँकिने जूठो खाना र स्त्रीको बिहासम्मको क्रियामा हुने माथि उल्लेख गरिएबमोजिमको जूठो खाना सबै–फाल्नुपर्ने चलन छ । अन्तमा मान्छे मरेपछि मृतकको लुगा, ओछ्यानको रूपमा सुकुल सबभन्दा पहिले ~ मा फाल्न लगेपछि मात्र शवयात्रा गरी दाहसंस्कार गरिन्छ । काठमाडौं मरुसत्तलको पूर्वपट्टिको ~ वा भुईंसतहमा चाहिं प्रत्येक १२ वर्षमा आश्विन शुक्ल पञ्चमी (पचलिमलः दिन) मा पचलिभैरव र श्री ५ महाराजाधिराजको खड्ग साट्ने कार्य सम्पन्न हुन्छ ।

**गोरखा** (गोर्खा)

१. [नि० खर्क > गर्खे > गर्खा > गोर्खा] नेपालीभाषाको 'खर्क' अर्थात् 'घाँस' शब्दबाट क्रमशः गर्ख, गर्खा हुँदै ~ नाम रहन गएको हो । सुदूर पश्चिम नेपालमा अद्यापि 'इलाका' भन्ने अर्थमा 'गर्खा' शब्द प्रयोग हुँदै छ । (१६/२११)

२. [सं० गो + रक्षा > गोर्खा] संस्कृतभाषाको 'गोरक्षा' अर्थात् 'गाईको रक्षा गर्ने देश' भन्ने अर्थमा 'गोरक्षा' को अपभ्रंश भई ~ भएको हो ।

३. [सं० गोरखनाथ > गोर्खा] योगी गोरखनाथको नामबाट ठाउँको नाम ~ भएको देखिन्छ । (८८–३/७०)

४. (ने. नागराज > नागार्चा > गर्चा > गोर्खा) नागराज वा नागार्चा अर्थात् नागवंशीय खस राजाको नामबाट अपभ्रंश भई गर्चा र पछि ~ नाम रहन गयो । (६५/१३)

जयदेव द्वितीयको गोर्खा अभिलेखमा ~ इलाकालाई 'जनपद' अर्थात् सामन्ती इलाका नभई केन्द्रबाट शासित इलाका भनी उल्लेख गरिएको छ । (८८–३/७०)

**गोर्खागाउँ** (गोरखा)

१. [ने० गोरखा + गाउँ] गोरखनाथको मूर्ति रहेको ठाउँमा बसाइएको गाउँ हुनाले ~ नाउँ रहन गएको हो । (६/३–४)

द्रव्यशाह (ई० १५५९–७०) ले नयाँ ठकुराइको रजस्थल बनाउन दक्षिण र उत्तर दुवैतर्फ खेत भएका र पश्चिमपट्टि दरौंदीको धनहर ब्याँसी समेत भएको हुनाले ज्यादै उपयोगी ठहरिएको डाँडामा आफू रहने कच्ची छाना भएको पत्थरको घर बनाए । त्यसै ताका काली पश्चिमका प्रदेशमा आवादी बढेर बसाईंको खोज गर्दै पूर्वतिर लागेका अनेक परिवारहरूमध्ये इस्माका नारायणदास अर्ज्याल, अर्घाका सर्वेश्वर खनाल, कुमाउँका गणेश पाँडे र भगीरथ पन्थलाई पनि त्यसै डाँडामा बसाए । लिच्छविकालमा आबाद गुल्जार भएको बस्ती उजाड भएर केही शताब्दी पछि नाथ सम्प्रदायका योगीहरूले एक 'नाथ' को मूर्ति बनाई शिलापत्र समेत स्थापना गरेको त्यस डाँडामा रहेको 'नाथ' मूर्तिलाई 'गोरखनाथ' को मूर्ति मानेर नयाँ बसाइएको बस्तीको नाउँ पनि ~ राखे । पछिबाट सल्यानतिरका केशव बोहरा र यसै डाँडाका आसपासका गङ्गाराम राना (मगर) ले समेत यसै डाँडामा बसाइँ सरेर यसलाई गुल्जार गराए । (६/३–४) मर्स्याङ्दीदेखि पूर्वपट्टि काठमाडौंबाट २५ कोस पश्चिममा रहेको यसै डाँडाको चुचुरोमा काली र गोरखनाथको मन्दिर छ ।

**गोसाइँकुण्ड** (रसुवा)

१. [गो + साइँ + कुण्ड] 'गो' भनेको 'गाई' अर्थात् 'जीवजन्तु' र 'साइँ' भनेको 'मालिक' अर्थात् जीवजन्तुका मालिक पशुपति रहेको कुण्ड हुनाले ~ नाम रहन गएको हो ।

सागर-मन्थनपछि देव र दानवको कलह साम्य पार्न विषपान गर्दा घाँटी नै नीलो हुन गएकोले नीलकण्ठ कहलाइएका शिव हलाहल विषको प्रभाव सहन नसकेर उत्तराखण्डमा रहेको पर्वतको चापमा जोडले आफ्नो त्रिशूलले प्वाल पारी निस्केको पानी भरिन गएको जलाशयमा उत्तानो परेर सुतेको हुनाले ~ नाम रहन गयो । करीब काठमाडौंको टुँडिखेल जत्रो यस निर्मल कुण्डको बीचमा एउटा लामो शिला घाम लाग्ने वेला टाढाबाट हेर्दा कुनै भीमकाय व्यक्ति पल्टिरहेको जस्तो भान पर्छ ।

२. [गोसाइँ+कुण्ड] गोसाइँहरूको तीर्थस्थल हुनाले दहकै नाम ~ रहन गयो ।

मल्लकालमा नाथ-सम्प्रदायका गोसाइँ जोगी महन्तहरू यहाँ प्रशस्त आवतजावत गर्थे । अहिलेसम्म पनि भारतका जोगी-संन्यासीहरूको डफ्फा जनै पूर्णेताका ~ को यात्रामा आएका देखिंदै छन् । (१२८/२१) कान्तिपुरका मल्ल राजाहरूले राजगद्दीमा बसेको पहिलो अथवा दोस्रो वर्षमा ~ स्नान गर्ने चलनबारे इतिहासमा उल्लेख गरिएको छ । श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट वि.सं. १८०१ मा नुवाकोट विजय गरिएपछि आफ्नो आधिपत्यलाई सुदृढ गर्ने उद्देश्यले ~ मा स्नान गरेका थिए । (८८–२/५४६–५४७) यस कुण्डको पूर्व र पश्चिममा सरस्वतीकुण्ड, भैरवकुण्ड, सूर्यकुण्ड, गणेशकुण्ड आदि नौ कुण्डहरू छन् । त्यस इलाकामा १०८ वटा कुण्डहरू छन् । हरेक वर्ष दशहरा र भाद्र पूर्णिमामा ~ मा ठूलो मेला लाग्छ ।

**गोसाइँकुण्ड लेख** (रसुवा)

१. [गोसाइँ+कुण्ड+लेख] गोसाइँकुण्डको उत्तरमा रहेको हुनाले लामटाङ हिमालमा रहेको अग्लो पर्वत (१६,७९९ फिट) ~ भनिन्छ । (१६८/८)

**गोसाइँथान** (रसुवा)

१. [गोसाइँ+स्थान] हेर्नुस् : गोसाइँकुण्ड लेख र नीलकण्ठ । तिब्बततर्फ पर्ने यो पर्वत शिशा पाङ्मा भनिन्छ । (१६८/८)

**गौखुरी** (मोराहाङ, मेची अञ्चल)

१. [सं० गो+खुर] खोरुङ्गा खोलाको छेउमा (मोराहाङ र पौठाक गाउँको बीचमा) एउटा ठूलो ढुंगामा गाईको खुरको आकार पाइएकोले यो ठाउँ ~ भनिन्छ । (८८–१/३३६–३३७)

मोराहाङमा गौखुरी देवीप्रति ठूलो भक्तिभाव देखाइन्छ । यहाँ प्रत्येक वर्ष माघे संक्रान्तिमा ~ मेला लाग्दछ ।

**गौमुखी** (प्यूठान)

१. [सं० गौ+मुख] गाईको मुखको आकृतिको चट्टानबाट निस्केको नदीको मुहान हुनाले त्यस मुहानलाई ~ भनिन्छ । (८८–४/१३९)

बागलुङ जिल्लाको अर्खानिरको पचासेको धुरी प्यूठान जिल्लाको झिमरुक (धर्मावती) नदीको सिर (उद्गम स्थान) हो ।

**गौर** (तराई)

१. [सं. गोरक्ष>गोरख>गौर] गोबरबाट गोरख-नाथको जन्म भएको ठाउँहुनाले गोरक्षबाट गोरख हुँदै ~ नाम रहन गएको हुनु सम्भव छ । (१२२/३)

२. [गौड>गौर] गौड देशबाट अपभ्रंश भई नाम ~ रहन गएको हुन सक्ने धेरै सम्भावना देखिन्छ । (१२२/३)

**गौरीशङ्कर** (दोलखा)

१. [सं. गौरा+पार्वता>गौरीशङ्कर] रोल्वालिङ हिमाल शृङ्खलामा दुई थुम्का परेको सर्वोच्च शिखरको सबभन्दा अग्लो चाहिं शृङ्ग 'गौरा' (७१४६ मिटर) र अर्को चाहिं शृङ्ग 'पार्वता' भनिन्छ तर दुवै नामको संयुक्त रूप ~ हो । (११७/६, १६८/८)

शङ्करले मर्त्यलोकमा आफ्ना सम्पूर्ण लीलाहरू सिद्ध्याएपछि हिमालमा गई आफूलाई पार्वतीसहित अमर शिलामा परिणत गरेको पर्वत भएकोले यस चुचुरोको नाम ~ रहन पुगेको हो । हिन्दूहरूका साथै बौद्धधर्मावलम्बी शेर्पा तथा तामाङ जातिका मानिसहरूले समेत ~ हिमाललाई आफ्नो ज्यू, धन र बस्तुभाउको संरक्षकको रूपमा ध्वजा उठाई पूजा गर्ने गर्दछन् । यिनै धार्मिक विश्वासको आधारमा कुनै पनि पर्वतारोहीलाई यस टाकुरामा चढ्नको लागि स्वीकृति प्रदान गरएको छैन । (८८–२/८१)

# घ

**घटमौरा** (डडेलधुरा)

१. [नि. घट्ट+महरो] जौ-गहुँ पिंध्ने घट्टे ढुङ्गोलाई एउटा महरोले धामी काम्दै यौढुङ्गा बताएको हुँदा ~ भन्नै नामले प्रसिद्ध भयो । (४३/४१७–४१९)

एउटा घट्टे ढुङ्गाको साह्रै खाँचो भएकोले खोज्दै जाँदा **सिउनाथ**को खोल्सामा यौटा फेला पारेर दिनभर छिनोले खोपी प्वाल पारेपछि नोल लगाई हाट गाउँदेखि आधा कोस तल चम्सालमन्तिर खोलाको माझमा राखिएको थियो । भोलिपल्ट उचाल्नै नसकेको हुँदा एउटा महरोले धामी काम्दै त्यसलाई द्यौढुंगा बताएको थियो। (४३/४१७–४१६)

**घटाल** (मर्कटे गाउँ, डोटी)

१. [सं० घट्ट+आलय] घट्टको आकारको ढुङ्गा रहेको ठाउँ हुनाले ~ भनिएको हो। (४३/४१६)

त्यो ढुङ्गो इन्द्रको भानिज र भीमसेनको छोरो घटालको रूपमा पुजिन्छ । त्यस घटालको दुलो (प्वाल) मा खडेरी पर्दा मुरीका मुरी पानी खन्याए पनि भित्रै बिलाउने र वर्षाको समयमा एक लोहटा पानी तुर्काए पनि त्यो प्वाल भरिने विश्वास गरिन्छ। घटालको हेरचाह धामीले गर्छ । भाक्कल गर्नेहरू ठूलो लट्टा पालेको टुपीवाल त्यस धामीको टुपीमा सुनका किलिपसम्म पनि टाँसिदिन्छन् । धामीले आफ्ना हातका पाखुराभरि सुनचाँदीका बाला लगाएको हुन्छ । (४३/४१६)

**घट्टेश्वर** (डँडेलधुरा)

१. [सं. घट्ट+ईश्वर] घट्टे ढुङ्गालाई द्यौढुङ्गा अर्थात् ईश्वरको रूपमा मानेर स्थापना गरिएको हुनाले ~ भनिएको हो। हेर्नू स्: घटमौरा।

**घण्टाघर** (काठमाडौं)

१. [नि० घण्टा+घर] ठूलो घण्टा अर्थात् घडी जडान गरिएको बुर्जा अर्थात् घर हुनाले ~ नाम रहन गएको हो।

वीरशमशेरको प्रधानमन्त्रित्वकाल (ई० १८८५–१९०१) मा ~ बनाइएको हो।

**घण्टेश्वर** (डोटी)

१. [सं० घण्ट+ईश्वर] डाँडाहरूमा घण्टी मात्र झुन्ड्याएर महादेवको रूपमा पूजित स्थानहरू ~ नामले पुकारिन्छन्। (४३/४१६)

**घाङ्ग-ला** (सोलुखुम्बु)

१. [शे+घाङग+ला] शेर्पा भाषामा 'घाङ्ग' को अर्थ 'हिउँ' र 'ला' को अर्थ 'भन्ज्याङ' हुन्छ। तसर्थ ~ को अर्थ 'हिमभन्ज्याङ' हुन्छ । (१५२/१६)

कुनै समयमा ग्यालपो भाङ्ग र ग्यालपो कुङ्गको फौजमा यहाँ ठूलो लडाइँ चलेको थियो जसमा ग्यालपो कुङ्गको विजय भयो । उनैको फौजमा तेन्जिङ शेर्पाका पुर्खाले लडेका थिए र यो ठाउँ बिर्ता पाएका थिए। तेन्जिङको थर पनि यसै ठाउँको नामबाट रहन गएको हो। (१५२/२४–२५)

**घाङ्गला गुम्बा** (सोलुखुम्बु)

१ [शे. घाङ्ग+ला+गुम्बा] 'घाङ्गला' अर्थात् 'हिमभन्ज्याङ' नजीकै बनाइएको 'गुम्बा' अर्थात् '**बौद्ध** विहार' हुनाले ~ नाम रहन गएको हो।

गुम्बानजीकैको पहरो बुद्धको टाउकोजस्तो देखिन्छ। धर्मात्माले त्यसलाई स्पर्श गरेमा पहिरोबाट पानी बग्छ, पापीले छोएमा बग्दैन भन्ने जनश्रुति छ । त्यसको वरिपरि सानातिना तालतलैयाहरू छन्, जसको पानी चिया रङको छ। भनिन्छ, बुद्धको लागि त्यो पानी चिया बनेको थियो रे। बुद्धलाई प्यास लाग्दा यिनै तालतलैयाबाट पानी झिकेर खाने गरेका थिए रे । (१५२/२४–२५)

**घार खोला** (पर्वत)

१. [नि० घार+खोला] घार भन्ने गाउँनेरबाट बग्ने खोला हुनाले ~ नाम रहन गएको हो। (८८–३/४४४)

यो खोला घार गाउँबाट डेढ कोस जति तल कालीगण्डकीमा मिसिन्छ।

# च

**चक्कंद्यः** (काठमाडौं)

१. [सं० चक्रमणशील + देव>चक्रशील देव> चक्रदेव > चक्कंद्यः] ठबहिलमा चक्रमणशील (चक्रशील) महाविहारमा रहेको देवता हुनाले चक्रमणशील (चक्रशील) देव भनिएको हुनाले कालान्तरमा अपभ्रंश भई नेवारीमा 〜 नाम रहन गएको हो ।

चक्कंद्यःको मूर्ति सम्यक् वा पञ्चदानहरूमा प्रदर्शित हुने दीपङ्करको अर्धमूर्तिको आकार-प्रकारको छ तर त्यसको मुख रातो र हस्तमुद्रा पनि अलि पृथक् किसिमको छ । यो मूर्ति मल्लकालीन प्रतीत हुन्छ । होलीपूर्णिमापछिको प्रतिपदाको दिन 〜 को मूर्तिलाई नगर-परिक्रमा गराएर जात्रा गरिन्छ । किंवदन्तीअनुसार सिंहसार्थवाहु ल्हासाबाट सकुशल स्वदेश फर्केको उपलक्ष्यमा गरिएको सिंदूरजात्राको सम्झनामा प्रतिवर्ष यो जात्रा गर्ने चलन चलेको हो ।

**चक्रनदी**

१. [सं० चक्र+नदी] चक्रअङ्कित शालिग्राम पाइने हुनाले कृष्णागण्डकीलाई 〜 पनि भन्दछन् ।

**चक्रमणशील (चक्रशील) महाविहार** (काठमाडौं)

१. [सं० चक्रमणशील+महाविहार] चक्रमणशील (चक्रशील वा चकँद्यः) देवता रहेको विहार हुनाले 〜 भनिएको हो । हेर्नुस् चकँद्यः ।

**चखुँतीर्थ** (काठमाडौं)

१. [नेवा० चखुँ+तीर्थ] नेवारीभाषामा 'चखुँ' अर्थात् 'भँगेरा' बसेको ओडार हुनाले चोभारको दुईवटा गुफामध्ये एउटा 〜 भनिन्छ ।

**चण्डेश्वर** (बनेपा, काभ्रे)

१. [सं० चण्ड+ईश्वर] रक्तचन्दन वनमा चाँप (चम्पकतरु)को रूखबाट प्रकट भएकी देवीद्वारा मारिएको चण्ड नामक दैत्यको शरीरबाट उत्पन्न भएको तेजोमय लिंग हुँदा 〜 नाम रहन गयो* । (५२/४०)

**चण्डेश्वरी** (बनेपा, काभ्रे)

१. [सं० चन्दन+ईश्वरी>चन्दनेश्वरी>चण्डेश्वरी] रक्तचन्दनको वृक्षबाट उत्पन्न भएकी देवी हुनाले चन्दनेश्वरी नाउँले प्रख्यात भएकी देवीको नाम कालान्तरमा अपभ्रंश भई 〜 रहन गएको अनुमान गरिन्छ ।

२. [सं० चण्ड+ईश्वरी] चण्डासुरलाई नाश गर्न प्रकट भएकी देवी हुनाले 〜 नाम रहन गयो ।

चण्डासुरले उग्रतीर्थमा तपस्या गरी शिवजीबाट वर पाएपछि स्वर्ग, मर्त्य, पाताल दिग्विजय गरी शिवजीसँग नै युद्ध गर्न आएको हुँदा रक्तचन्दनको रूखबाट देवी प्रकट भएकी थिइन् ।

**चन्दनप्रभातेश्वर** (इटाखेल, थानकोट)

१. [सं० चन्दन+प्रभात+ईश्वर] चन्द्रागिरिको फेदीमा बसी बिहान-बिहान पार्वतीले चन्दन घोटेको ठाउँमा उत्पन्न भएको महादेव हुनाले 〜 नाम रहन गएको हो ** । (५२/१२८)

**चन्द्रगन्ज** (सप्तरी)

१. [चन्द्र+गन्ज] चन्द्रशमशेरको प्रधानमन्त्रित्व-काल (वि०सं०१९५८–१९८६)मा स्थापित गरिएको शहर हुनाले 〜 नाम रहन गयो । (११८/२९७)

**चन्द्रगढी** (झापा)

१. [चन्द्र+गुरी] राजवंशीभाषामा 'गुरी' को अर्थ

---

* अस्य दैत्यस्य देहात् तु तेजोरूपमनुत्तमम् ।
जातं लिङ्गं महापुण्यं नाम्ना चण्डेश्वराभिधम् ॥
—नेपालमाहात्म्य, अ० ४, श्लो० ५५ ।

** चन्दनागिरिमूले तु पश्य तीर्थप्रकामदम् ।
अत्र पुत्र महादेव्या स्वयं घृष्टं च चन्दनम् ॥
—नेपालमाहात्म्य, अ० ११, श्लो० ११९ ।

'गाउँ" हुन्छ। सम्भवतः चन्द्रशमशेरको प्रधानमन्त्रित्वकालमा बसाइएको गाउँ हुनाले 'चन्द्रगुरी' नाम रहन गएको र पछि अपभ्रंश भई ~ नामले प्रख्यात भएको हो। (१६८/१६३)

**चन्द्रनगर** (धरान)

१. [ चन्द्र + नगर ] चन्द्रशमशेरको शासनकालमा निर्मित भएको हुँदा धरान शहरको पुरानो खण्ड ~ भनिन्छ। (१६८/१६०)

**चन्द्रनिगाहापुर** (रौतहट)

१. [चन्द्र+निगाहा+पुर] प्रधानमन्त्री चन्द्रशमशेरको स्वीकृतिबाट रौतहट जिल्लाको उत्तरी भागमा बसेको बस्तीको नाउँ ~ रहन गएको हो। (८८–२/१०३४)

**चन्द्रभोगा** (सप्तरी)

१. [सं० चन्द्र+भोग] गुप्तवंशका संस्थापक चन्द्रगुप्तले भोगचलन गरेको ठाउँ हुनाले ~ नाम रहन गएको प्रतीत हुन्छ। (१८/५७)

सप्तरी उत्तरका चुरे पहाडमा ~ नामको भग्नावशेषबाट प्राप्त ग्रानाइट ढुङ्गाको छपाटे (Xexagonal) एक स्तम्भको खण्ड स्वयम्भूनाथ (सप्तरी) मन्दिरमा शिवलिंगका रूपमा स्थापित गराइएको छ। त्यहाँ निस्केका गुप्तकालीन विभिन्न मूर्तिहरू रूपनगरमा छन्।"~ नै त कदाचित् गुप्तवंशका आदिस्थान होइन?" मातृकाप्रसाद कोइरालाको प्रश्न छ। चन्द्रगुप्तका विवाह लिच्छवि राजाकी छोरीसित भएको कुरामा उनले गौरव ठानी आफ्ना मुद्रामा आफूसहित आफ्नो पत्नीका आकृति र नाम समेत उत्कीर्ण गराएका थिए। (१८/५७)

**चन्द्रागिरि** (थानकोट, काठमाडौं)

१. [ सं० चन्दन+गिरि ] चन्दनको वन भएको पर्वत हुनाले 'चन्दनगिरि' नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो* । (५२/६१)

**चन्द्रेश्वर गाउँ** (लमजुङ)

१. [ चन्द्र+ईश्वर+ग्राम ] चन्द्रेश्वर महादेव स्थापना गरिएको ठाउँमा रहेको गाउँ हुनाले ~ नाम रहन गएको हो। (८८–३/१६०)

चन्द्रेश्वरको स्थापना **चिहानपाटामा** वि० सं० २००२ सालमा गरिएको थियो।

**चमेरो ओडार** (पोखरा)

१. [ने०+चमेरो+ओडार] चमेरोको गुँड रहेको ओडार हुनाले ~ नाम रहन गएको हो।

यस ओडारको अर्को नाउँ साहूको भ्वान पनि हो र हाल महेन्द्रगुफा भनिन्छ।

**चरीकोट** (दोलखा)

१. [ ने० चरी+कोट ] एउटा लामाको दाह्रीमा चरीले गुँड लगाएको ठाउँमा बनाइएको किल्ला हुनाले ~ नाउँ रहन गएको हो। (८८–२/६५)

उहिले एउटा लामा यहाँ रहेको गुफाभित्र पसेर कैयौं वर्षसम्म त्यहाँ तपस्या गरिरहँदा त्यस लामाको दाह्री जुँगा बढेर निकै लामो भएछ। त्यसै दाह्रीको गुजुल्टोमा चरीले गुँड समेत बनाउन पुगिछ। दोलखामा प्रशासकीय केन्द्र राख्न दोलखालीले नमान्दा त्यसै ठाउँमा राणाकालदेखि नै अड्डा-अदालत र कोट रहन गए। (८८–२/६५)

**चरीकोट गुम्बा** (दोलखा)

१. [चरी+कोट+गुम्बा] चरीकोटमा रहेको **बौद्ध** विहार हुनाले ~ नाउँ रहन गएको हो। (८८–२/६५)

यहाँ एउटा गुम्बाको भग्नावशेष मात्र रहेको छ।

**चाकबही** (ललितपुर)

१. [सं० चक्र+विहार>चक्रबहाल>चाकबही] चक्रविहार रहेको ठाउँ हुनाले पाटनका तमोटहरूको घरको घेराभित्र परेको टोल नेवारीमा ~ भनिन्छ।

**चरपाडा** (झापा)

१. [ धि० चपरा + पाडा > चरपाडा ] चपरा जातको

---

* चन्दनाशैलशिखरम्

–नेपालमाहात्म्य, अ० ११, श्लो० ११७।

माछा धेरै पाइने ठाउँ हुनाले धिमालभाषामा ~ नाउँ रहन गएको हो । (४५/१८)

**चाँगु** (काठमाडौं)

१. [ नेवा० चं+गुँ ] पुरानो नेवारीभाषामा 'चं' (भक्तपुरे उच्चारणमा) 'चां' को अर्थ 'पिङ' र 'गुँ' को अर्थ 'पर्वत' हुन्छ। सम्भवतः संस्कृत भाषाको 'दोलागिरि', 'दोलाद्रि' वा 'दोलाशिखर'को नेवारी उल्था गरिंदा ~ नाम रहन गएको होला । (३८ क/१२)

२. [ सं० चम्पक+नेवा० गुँ ] 'चम्पक' अर्थात् चाँपको 'गुँ' जंगल वा पर्वत हुनाले ~ नाम रहन गएको हो ।

३. [ चाँगुनारायण > चाँगु ] चाँगुनारायणको मन्दिर रहेको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो । (११/६२)

यसै गाउँको निकट मनोहरा नदी बग्दछ ।

**चाँगुनारायण** (काठमाडौं)

१. [ सं० चम्पक+नारायण ] 'चम्पक' अर्थात् 'चाँप'को रूखबाट निस्केको विष्णु हुनाले ~ नाम रहन गएको हो*। (५२/११)

**चापागाउँ** (काठमाडौं)

१. [ चम्पापुर + ग्राम > चापागाउँ ] चम्पापुर वा चम्पावती ग्रामको अपभ्रंश भई ~ नाम रहन गएको हो ।

यो गाउँ चन्द्रागिरिदेखि दक्षिणपूर्व र ललितपुरदेखि सोझै दक्षिणमा पर्दछ ।

**चाभेल** (काठमाडौं)

१. [ सं० चारुमती+ विहार >चाबही > चाभेल ] सम्राट् अशोकको पुत्री चारुमतीले प्रवज्या-ग्रहण गरी विहार निर्माण गराई भिक्षुणी भएर बसेकोले चारुमती विहार भन्ने नामले प्रसिद्ध भएको बौद्धविहार नेवारीमा चाबही भनिन थाल्यो र त्यसैको अपभ्रंश-रूप ~ हुन गएको हो। (१६/२४३)

चारुमती बसेको विहारको ध्वंसावशेष अद्यापि छँदै छ।

---

* दोलागिरेश्चम्पकवृक्षनिर्गतो ।
भक्तानुकम्पी गरुडध्वजो हरिः ॥
—नेपालमाहात्म्य, अ. २, श्लो० ३ ।

**चार केदार** (बैतडी)

१. [ ने० चार + केदार ] बैतडी खलङ्गाबाट चारैतिर आँखा घुमाउँदा जो चार अग्ला चुचुराहरू देखिन्छन ती ~ भनिन्छन् । (४३/४४४) पहाडलाई केदार भनिन्छ ।

ती चुचुराहरू क्रमशः थल, ध्वज (धज), सिद्ध र केदार भनिन्छन् । यसमध्ये महाकाली पारको धजकेदार (भारत) भन्ने थुम्को अति सुन्दर देखिन्छ ।

**चारकोसे झाडी** (तराई)

१. [ ने० चार + कोस + झाडी ] चुरे पहाडको दक्षिणी फेदमा मेचीदेखि महाकालीसम्म फैलिएको चार कोस चौडाइ भएको जङ्गल ~ भनिन्छ ।

यस जङ्गलमा साल सिसौ, खयर, आबनूसका मूल्यवान् रूखहरू, हात्ती, बाघ, गैंडा, अर्ना, हरिण आदि जीवजन्तु र अनेक प्रकारका चराहरू पाइन्छन् ।

**चारखोला** (इलाम)

१. [ ने० चार + खोला ] महामाई, जोगमाई, पूवामाई र देउमाई यी चार खोला बग्ने इलाका हुनाले नै ~ नाम रहन गएको हो । यो इलाका इलाम पनि भनिन्छ ।

नदीलाई देवीको रूपमा माई भनिएको हुन सक्छ । वर्षको दुई पल्ट उँभौली (उत्तरायण) र उँधौली (दक्षिणायन) पर्वमा खोलाका तीरमा पूजा गरिन्छ । नेपालीहरू भोट-मधेस गर्दा भोट जाँदा उँभौली र मधेस झर्दा उँधौली पूजा गर्थे । सूर्य उत्तरायण र दक्षिणायन भएझैं संसारीमाई पनि मधेस पहाड गर्छिन् भन्ने विश्वास गरिन्छ। महामाई खोलालाई प्रत्यक्ष माई ठकुरानी भन्दछन् र मागेको वरदान पाइन्छ भन्ने धारणा छ। महामाई र जोगमाईको सङ्गममा माघेसंक्रान्तिमा १५ दिनसम्म ठूलो मेला लाग्छ।

**चारढुङ्गे** (नक्साल, काठमाडौं)

१. [ ने० चार + ढुङ्गा ] एउटा दोबाटोमा चारवटा ढुङ्गाहरू भएको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो ।

चार ढुङ्गा कुनै प्राचीन स्तम्भ वा भवनको जग प्रतीत हुन्छ । यस ठाउँमा फुटेका माटाका भाँडाकुँडा आदि फाल्ने गरिन्छ।

**चार नारायण** (काठमाडौं)

१. [ने० चार+नारायण] चाँगु, विसंखु (विशंकु), शिखर (फर्पिङ) र इचंगु नामका काठमाडौं उपत्यकाभित्रका चार गाउँमा रहेका यिनै नामका नारायणहरू ~ भनिन्छन्। (११८/३०९)

यी चारै गाउँको परिधि २२ कोसको छ र दिनभरिमा चारै गाउँका ~को दर्शन गर्नाले ठूलो पुण्य प्राप्त हुन्छ। (११/६२)

**चार भन्ज्याङ** (काठमाडौं उपत्यका)

१. [ने० चार+भन्ज्याङ] काठमाडौं उपत्यकालाई चारैतिरबाट घेरेर रहेका चार दिशाका पर्वतहरूलाई छिचोल्ने चार घौरालीहरू (पूर्वमा साँगा, पश्चिममा पाँचमाने, उत्तरमा पाटी र दक्षिणमा खरी वा चन्द्रागिरि भन्ज्याङ) लाई समष्टिमा ~ भन्दछन्। (११/८,११८/३०९)

यी ~ भित्रको जग्गालाई नेपाल खाल्डो वा सदर राजधानी वा खास नेपाल भन्दछन्।

**चार वाराही** (काठमाडौं)

१. [ने० चार+वाराही] काठमाडौं उपत्यकाभित्र रहेका वज्रवाराही, धूमवाराही, धनतले (श्वेत) वाराही र नीलवाराही संयुक्त रूपले ~ भनिन्छन्। (११८/३०९–३१०)

**चार विनायक** (काठमाडौं)

१. [ने० चार + विनायक] काठमाडौं उपत्यकाभित्र रहेका सूर्यविनायक (भक्तपुर), जलविनायक (चोभार), अशोकविनायक (काठमाडौं) र चन्द्रविनायक (चाबहिल) नामक प्रसिद्ध चार गणेशहरू ~ भनिन्छन्। (११८/३१०)

**चाराङ** (मुस्ताङ)

१. [ति० चापलुङ+संस्त्राङ>चाराङ] तिब्बती-भाषामा 'चापलुङ संस्त्राङ' भनेको 'भालेको सिउर' हो। एक गहिरो, कहालीलाग्दो खाडीबाट उठेको भालेको सिउरजस्तो अग्लो पहाड हुनाले 'चापलुङ संस्त्राङ' नाम रहन गएको र पछि अपभ्रंश भई ~ हुन गएको हो। (८८–३/५१७)

यस पहाडको टुप्पोमा पाँचतले किल्ला भएको यो बस्ती अवस्थित छ। त्यसैको भव्य पृष्ठभूमि बनाएर मुस्ताङको सबैभन्दा ठूलो चौकुने किल्ला खडा छ। यो कुनै समय मुस्ताङ राजाको दरबार थियो। यस किल्लाको नजीकै अर्को अझ प्राचीन भवनको भग्नावशेष छ र किल्लाको दाहिनेपट्टि अलि होचो ठाउँमा रङ्गीबिरङ्गी गुम्बा निर्मित छ।

**चित्तोक** (पाँचथर, मेची अञ्चल)

१. [लि० जित+तोक>चित्तोक] लिम्बू भाषामा 'जित' अर्थात् 'विजय' र 'तोक' अर्थात् 'भात' दुई शब्द मिलेर जिततोक भन्ने नाउँ रहेको हो। लिम्बूहरूले भोटेहरू-लाई जितेर भात पकाई खाएको ठाउँ हुनाले जिततोक नाउँ रहन गएको हो र कालान्तरमा यसैको अपभ्रंश भई ~ नाउँ हुन गयो।

यस गाउँका थरी सुब्बाहरूसँग लिम्बूहरूको पवित्र झन्डा रहेको छ। उनीहरू पालै सान्ति १ वर्षको निम्ति यो झन्डा आफूसँग राख्ने गर्छन्। अनि हरेक वर्ष दशैंमा अष्टमी-नवमीका दिन त्यो झन्डा लिएर तरबार बोकी मौलोमा राँगा-बोका भोग दिएर लिम्बूहरू उत्सव मनाउँछन्।

**चितवन (चितौन)** (नारायणी अञ्चल)

१. [ने० चितुवा+वन] कुनै समयमा असंख्य चितुवा पाइने घना जङ्गल रहेको ठाउँ हुनाले 'चितुवावन' भनिएको यो ठाउँ बिस्तारै रूपान्तर हुँदै ~ भनिन थाल्यो।

२. [सं० चित्र+वन] पुरानो नाम 'चित्रवन' को अपभ्रंश भई ~ नाम रहन गएको देखिन्छ। (८१/१३)

कुनै कुनै संस्कृत ग्रन्थमा 'अस्ति गण्डकीतीरे चित्रवनं नाम नगरम्' भन्ने उल्लेख पाइन्छ।

३. [? चितपावन>चितवन>चितौन] नेपालको एक अप्रकाशित वंशावलीमा 'चितपावन' नाम पनि पाइन्छ र यसैको अपभ्रंश भई ~ हुन गएको हुन सक्तछ। (८१/१३)

४. [सं० जेतवन>चितवन] पुरानो 'जेतवन' नामको विकृतिबाट ~ नाम रहन गएको हो कि भन्ने आशङ्का गर्न सकिन्छ। (८१/१३–१४)

५. [सं० सीता + वन>चितवन] सीताजीको वनवासकाल यहींको वनजङ्गलमा व्यतीत भएकोले शुरूमा

यसलाई 'सीतावन' भनिन्थ्यो र पछि आएर ~ नाम रहन गएको हो। (८८–२/१२०७)

यस जिल्लाका ठाउँ-ठाउँमा पोखरी, इनार तथा इँटका भग्नावशेषहरू भेट्टाइएको हुँदा हाल जङ्गलले ढाकिएको यस भूभागमा पहिले घना बस्ती थियो भन्ने अनुमान हुन्छ। पहिले १६ हजार जनसंख्या भएकोले यस जिल्लालाई सोह्र हजार चितवन पनि भन्दछन्। राप्ती नदीले यस जिल्लालाई दुई भागमा बाँडेको छ।

**चितितिलाहार** (लमजुङ)

१. [?] लक्ष्मी आई यहाँका मानिसहरूलाई सदा सम्पन्न भई बस्ने वरदान दिएकी हुनाले मर्स्याङ्दी र दोर्दी खोलाको बीचको डाँडामा रहेको यस ठाउँको नाम ~ राखिएको हो। (८८–३/१८७)

**चित्रसारी** (रापती उपत्यका)

१. [नेo चित्र+सार] माटाका केही पशुमूर्तिहरू पाइएको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो। (८१/१७)

यहाँ पाइएका मूर्ति चिनियाँ माटो (चइना क्ले) जस्ता गहकिला र खँदिला पनि छन्। मनौरीको किनारमा आधा माइल लामो पर्खाल र ढुंगे मूर्ति पनि पाइएका छन्। यस स्थानलाई प्राचीन इतिहाससित जोड्ने लोककथा पनि छन्। यहाँ सालको एकपटक दसैंतिर मेला लाग्छ। (८१/१७)

**चियाबारी** (उदयपुर)

१. [नेo चिया+बारी] पहिले चियाको खेती गरिने ठाउँ भएकोले ~ नाम रहन गएको हो। (८८–१/७७३)

यो ठाउँ उदयपुर गढीको दक्षिणमा **नेपालटार** उपत्यकाको केही दक्षिणमा छ। आजभोलि यहाँ चियाको खेती गरिंदैन।

**चिसापानी गढी** (मकवानपुर)

१. [नेo चिसो+पानी+गढी] चिसापानी भनिने खोलाको नामबाट डाँडामा बनाइएको गढीको नाम पनि ~ रहन गएको हो।

कुनै समयमा नेपालको राजधानीमा पस्ने मुख्य द्वार नै यो ~ थियो। नेपालमाहात्म्यमा नेपालको दक्षिणी सीमा 'शीतलोदका' (चीसो पानी बग्ने नदी) लेखिएको छ।

**चिसापानी भन्ज्याङ** (मोरङ)

१. [नेo चिसो+पानी + भन्ज्याङ] चिसो पानीका धेरै मूलहरू भएको ठाउँमा रहेको देउराली हुनाले ~ भनिएको हो। (८८–१/४३८)

महाभारत पर्वतको टुप्पामा (करीब २१२१ मिटर) मोरङ जिल्लाको उत्तर-पूर्व सिमानामा अवस्थित यस भन्ज्याङमा सानो बजार छ। यो ठाउँलाई मावा तथा रतुवा नदीको उद्गम स्थान भने पनि हुन्छ।

**चिहानपाटा** (लमजुङ)

१. [नेo चिहान + पाटा] दुराहरूको मुर्दा गाड्ने ठाउँ हुनाले दुरा डाँडाको माथिल्लो भाग ~ भनिन्छ। (८८–३/१९०)

**चुँदी खोला** (तनहुँ)

१. [?] सम्भवतः संस्कृतको 'चन्द्रावती'बाट अपभ्रंश भई 'चुँदी' नाम रहन गएको हो।

मिर्लुङकोट, ज्यामरुक, चोक तथा लौडारी भन्ज्याङको दक्षिणी पखेरोबाट बग्ने खोल्साहरू मिलेर बनेका म्याकुरे र अँधेरी भनिने दुई वटा खोलाहरू चन्द्रवती महादेवस्थान नजीकै मिसिएपछि ~ भनिन्छ। (८८–३/२३६)

**चुत्राबेंसी** (अर्घाखाँची)

१. [नेo चुत्रा+बेंसी] 'चुत्रा' अर्थात् 'साना नदीहरू' बगेर बनेको 'बेंसी' अर्थात् 'उपत्यका' हुनाले ~ भन्ने नाम रहन गएको हो। (८८–३/८३५) हेर्नुस् त्रिवेणीपुर।

**चुनीखेल** (थानकोट, काठमाडौं)

१. [?, चुनि+ख्यः] चुनीदेवीको स्थान रहेको चौर हुनाले नेवारीमा 'चुनिख्यः' भनिएको र त्यसैबाट ~ नाम रहन गएको हो।

**चुरे** (महाकालीदेखि कोसीको कछारसम्म)

१. [संo चूड>चुरे] बालुवा र पत्थरका टुक्राहरूले बनेको पहाड हुनाले संस्कृतमा 'चूड' भनिएको र त्यसैको अपभ्रंशबाट ~ नाम हुन गयो।

महाभारत पर्वतको श्रृङ्खलाको, दक्षिणमा त्यसैको हाराहारी तराई मैदानको तलदेखि २ सयदेखि ६ सय फीटसम्म मात्र अग्लो (समुद्री तलदेखि दुई वा तीन हजार फीट अग्लो) पहाडी श्रृङ्खला रहेको छ। सप्तकोसीभन्दा पूर्वतर्फ मैदानमा नै ~ पहाडको अनुरूप भौगर्भिक बनावट देखिए तापनि पहाडको प्रतिनिधित्व गर्ने उच्च जमीन पाइँदैन। सामान्यतः जति जति पश्चिम गयो उति उति ~ पहाडको उचाइ पनि बढ्दै गएको देखिन्छ। यसको सरदर उचाइ १२१६ मिटर छ। यसको सर्वोच्च शिखर (१६५६.८ मिटर) कैलाली जिल्लामा पर्दछ।

**चेतरट्ट** (तराई)

१. [सं० चेति+राष्ट्र] बेस्सन्तर जातकअनुसार हिमालय जाँदा बाटोमा पर्ने जेतुत्तरनगरबाट ३० योजन टाढा रहेको ~ आधुनिक नेपालको दक्षिणी सीमाभित्र नै रहेको थियो। (१५७/४१)

**चेपे** (गोर्खा)

१. [सं० चम्पावती>चेपे] प्राचीन नाम चम्पावतीको अपभ्रंश भई ~ नाउँ रहन गएको हो।

सधैं सुकिलो लार्के हिमाल यसको उत्तरमा पर्दछ।

**चैनपुर** (संखुवासभा, कोशी अञ्चल)

१. [सं० चन्द्र+पुर>चैनपुर] चन्द्रपुर भन्ने नामको अपभ्रंश भई ~ नाम रहन गएको हो।

मेजरपाटी भन्ने घरमा रहेको शिलालेखअनुसार वि० सं० १८४८ मा यहाँ भोटको सेना र नेपाली सेनाको युद्ध भएको थियो। भोटेहरूले यस ठाउँको नाम गोला बजार राखेका थिए। यससम्बन्धी एउटा शिलालेख बजारको एउटा किनारामा अद्यापि छ। नजीकै बानेश्वर नामको पहाड छ। यहाँ प्राचीन गुफाहरू पनि छन्। सतीदेवीको दाहिने आँखा यहाँ खसेको थियो भन्ने किंवदन्ती छ।

**चोछें** (धुलिखेल)

१. [नेवा० च्व+छें] नेवारीभाषामा 'च्व' वा 'चो' भनेको 'माथि' र 'छें' भनेको 'घर' हुन्छ। कुनै बस्तीको सबभन्दा माथि रहेको घरलाई ~ भन्ने गरिन्छ।

**चोछेंत्वाः** (थानकोट)

१. [नेवा० च्व+छें+त्वाः] सबभन्दा माथि रहेका घरहरू भएको टोल हुनाले ~ भनिएको हो।

**चोभार** (काठमाडौं)

१. [नेवा० च्व+बहाल>चोभार] नेवारीभाषामा 'च्व' वा 'चो' भनेको 'माथि' र 'बहाल' भनेको 'विहार' हुन्छ। डाँडाको टुप्पामा रहेको विहार भन्ने अर्थमा 'च्वबहाल' नाम रहन गएको हो र त्यसैको अपभ्रंश भई ~ भयो। (१०४/२८)

काठमाडौंभन्दा दक्षिणतिर रहेको यस ठाउँमा चारैतिर घरहरू भएको एउटा पुरानो बौद्धविहार (बहाल) पनि छ। (११/६०)

**चोमोलोङ्मा** (सगरमाथा अञ्चल)

१. [ति० चो+मो+लुङ+मा] हेर्नुस् झोमोलुङ्मा।

**चौकीटार** (दहचोक, काठमाडौं)

१. [ने० चौकी+टार] पृथ्वीनारायण शाहद्वारा निर्मित चौकी रहेको समथर परेको ठाउँ हुनाले ~ नाम रहन गएको हो।

पृथ्वीनारायण शाहबाट दरबार बनाउने इच्छा प्रकट गरिएको यस ठाउँबाट गोरखा देखिन्छ। यहाँ कालु पाण्डेको टाउको गाडिएको छ भनिन्छ।

**चौकोट** (काभ्रेपलान्चोक)

१. [ने० चकोर+कोट>चौकोट] चकोर ऋषिको आश्रम रहेको स्थाननेर बनेको किल्ला हुनाले चकोरकोट नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाम हुन गएको हो। (१६/३७)

यो बस्ती आनन्दमल्लले बसाएका थिए।

**चौक्वाठ** (ललितपुर)

१. [नेवा० चौ + क्वाथ] नेवारीभाषामा 'चौ' भनेको 'चारपाटे' र 'क्वाथ' भनेको किल्ला हुन्छ। आक्रमण-प्रत्याक्रमण भइरहने हुनाले किल्लाको रूपमा बनाइएको

पाटनको राजदरबारको एक भागको नाम नै ~ अर्थात् 'चारपाटे किल्ला' रहन गएको छ। (६७/१३१)

**चौतारा** (सिन्धुपाल्चोक)

१. [?] एउटा चौताराबाट जस्तै चारैतिर मनोहर दृश्य भएका हिमशैलहरू, लेकहरू र हरिया डाँडाहरू छर्लङ्ग देखिने अग्लो रमणीय डाँडोमा (५००० फीट) अवस्थित बजार हुनाले ~ नाम रहन गएको हो। (२९/९२–९३)

यो बजार काठमाडौंबाट १४ कोस टाढा पर्छ।

**चौदण्डीगढी** (बेलटार)

१. [ने० चौदण्डी+गढी] पहिले सेन राजाहरूका चौदण्डी राज्यको राजधानी रहेका ठाउँ हुनाले ~ नाम रहन गएको हो। (८८–१/७७३)

बेलटार बजारका झन्डै उत्तर-पूर्वमा करीब ९१५ मिटर (३००० फीट) को उचाइमा रहेको ~ वि० सं० १८८७ सम्म जिल्लाको सदरमुकाम रहेको थियो। यहाँ देवीको मन्दिर र पुराना भग्नावशेष छन्। बेलका राजा बेलका रानी भन्ने यहाँका मुख्य देव-देवी हुन्। निरौला, थानी, भण्डारे, सुसारे, विकुले, नसरम, पसरम, त्रिजुगा राजा, त्रिजुगा रानी आदिको पनि पूजा गर्ने चलन छ।

**चौधबीसखोला** (तिब्रीकोट)

१. [ने० चौधबीस+खोला] तिब्रीकोट जिल्लाको उत्तरपूर्व कुनास्थित पतरासी हिमालको केही दक्षिणमा पर्ने चौधबीस भन्ने डाँडाबाट उत्पन्न भएको नदी हुनाले नै ~ नाम रहन गएको हो। (८८–४/३८७)

चौधबीसडाँडाबाट पश्चिम बगेर जाने यो नदी उर्थु गाउँबाट सीधा दक्षिण झरी तिलानदीसित दानसाँगुमा मिल्ने बेला जवानदी भनिन्छ। दानसाँगुसम्म यस नदीको लम्बाइ करीब ४० किलोमिटर छ।

**चौधबीसदरा** (जुम्ला)

१. [ने० चौध+बीस+दरा] सम्भवतः घरधुरीको संख्या 'चौधबीस' अर्थात् दुईसय अस्सी हुनाले ~ नाम रहन गएको हो। (१३७/३४)

**चौबीसी राज्य** (गण्डकीप्रदेश)

१. [ने० चौबीस+राज्य] धवलागिरि र गोसाइँथानको मध्यभागस्थित सप्तगण्डकी प्रदेशका २४ राज्यहरूको समूह ~ भनिन्थ्यो।

मुकुन्दसेनले पाल्पालाई राजधानी बनाई गण्डकी-प्रस्रवण क्षेत्रका निकै ठूलो क्षेत्रभित्र आफ्नो अधिकार कायम गरेका थिए। तर उनको शेषपछि यो राज्य टुक्रियो र त्यहाँ सेन, शाह, चन्द, समाल आदिका अनेक राज्य खडा भए। तीमध्ये पाल्पा, तनहुँ, बुटौल, मकवानपुर, रिसिंग, राजपुरमा सेनहरूको, पर्वत, घिरिङ, गलकोटमा समालहरूको, प्यूठानमा चन्दको, खाँचो, धुरकोटमा मेधासीको, गुल्मी, अर्घा, इस्मामा काला मकवानीका, ढोर, गरहुँ, भीरकोट, सतहुँ, नुवाकोट, कास्की, लमजुङ, गोर्खामा शहरहरूका राज्य खडा भए। (१००/९९) ~ राज्यको एउटा सूची यस प्रकार छ: तनहुँ, रिसिङ्ग, घिरिङ्ग, गजकोट, पाल्पा, भिर्कोट, गह्रौं, ढोर, पैयुँ, पल्लो नुवाकोट, सुतुङ्ग, कास्की, लम्जुङ, गुल्मी, अर्घाखाँची, पर्वत, गलकोट, मुसीकोट, धुर्कोट, इस्मा, प्यूठान, खुंग्रीकोट, भिंग्रीकोट।

**चौभानचौर** (सुर्खेत)

१. [ने० चौभान+चहुर] हेर्नुस् वीरेन्द्रनगर।

**चौरजाहारी** (रुकुम)

१. [?] सम्भवतः ५०० हेक्टर (१० हजार रोपनी) क्षेत्रमा फैलिएको टारमा जाजरकोटे राजाले आफ्नो निवासस्थान बनाई कुलो निर्माण गर्दै **बिजेश्वरी डाँडासम्म** ल्याइपुऱ्याउँदा संयोगवश एउटा सर्प अर्थात् जहरी काटिएको हुँदा ~ नाम रहन गएको हो।

यो ठाउँ मुसीकोटबाट पश्चिममा भेरीनदीको पूर्वी किनारमा स्थित छ। सिंचाइका लागि कुलोको निर्माण नाग काटिएको भनी स्थगित गरिएको थियो। (८८–४/६५)

**चौंरीकोट** (डोल्पा)

१. [ने० चौंरी+कोट] चौंरीपालनको काम अधिक हुनाले ~ नाम रहन गयो होला। (१११/४२)

२. [ने० चौंरी+गोठ > चौंरीकोट] गाउँका

मानिसहरूले आफ्ना पशुधन ल्याएर राख्ने ठाउँ हुनाले चौंरीगोठ भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको होला। (१११/४२)

यो खम्बाहरूको बस्ती हो। यहाँ गाउँको सिरानमा पूर्वपट्टि एउटा गुम्बा छ।

**चौलाने नदी** (बैतडी)

१. [ने० चौलानी + नदी] चामल पखालेको चौलानी जस्तै सफेद खालको पानी बग्ने नदी हुनाले ~ भन्ने नाम रहन गएको हो।

पानीभित्रका सबै चीजहरू छर्लङ्ग देख्न सकिने ~ मार्मा गर्खाको छेती भन्ने ठाउँको एप नामक हिमालयबाट बगेर आई सेरा भन्ने ठाउँमा **महाकाली नदी**सँग मिल्दछ। महाकाली-लाई स्वास्नी र ~ लाई लोग्ने नदी हुन् भन्ने कथन छ। यी दुवै नदीको संगमस्थानमा ~ को पानीको लहर महाकालीको लहर (धारा) माथि चढेको देखिन्छ।

**च्यवनगिरि** (लमजुङ)

१. [सं० च्यवन + गिरि] च्यवन ऋषिले तपस्या गरेको गुफा रहेको पर्वत हुनाले ~ नाम रहेको हो।

**च्यवनगुहा** (लमजुङ)

१. [सं० च्यवन + गुहा] हिमाल पर्वतको फेदीमा रहेको गुफामा बसेर च्यवन ऋषिले तपस्या गरेको ठाउँ हुनाले ~ भनिएको हो।

**च्यवननदी** (लमजुङ)

१. [सं० च्यवन + नदी] च्यवन ऋषिले तपस्या गरेको ठाउँ नजीकैबाट बग्ने र च्यवन ऋषिले स्नान गर्ने गरेको नदी हुनाले ~ नाम रहन गएको हो।

**च्यासः (च्यासल) टोल** (ललितपुर)

१. [नेवा० च्या + सल + त्वाल] नेवारीभाषामा 'च्या' भनेको 'आठ' 'सः' वा 'सल' भनेको 'सय' र 'त्वाल' भनेको टोल हुन्छ। किरात-शासनकालमा जनविद्रोह हुँदा जुन ठाउँमा किरातहरूमा आठ सय मानिस मारिएका थिए त्यो ठाउँमा रहेको टोल नै ~ भनिन थाल्यो। (५७/५)

# छ

**छत्रगन्ज** (उलूक, अर्घाखाँची)

१. [छत्र + गन्ज] छत्रराजाको राजधानी रहेको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो।

यो गाउँ नरपानीबाट पाँच कोस (१६ किलोमिटर) उत्तर-पूर्वमा गुल्मीको सिमानानेर रहेको छ। (८८–३/८३७)

**छत्रस्थान** (उलूक, अर्घाखाँची)

१. [सं० छत्र + स्थान] छत्रराजाको शिर राखेको ठाउँ हुनाले ~ भनिएको हो।

उहिले उलूकमा एकलव्य नाम गरेका बडा प्रतापी राजा थिए। महाभारतको लडाइँ हुँदा कमजोर पक्षलाई मद्दत गर्छु भनी ती राजा कुरुक्षेत्र पुगे। कृष्णजीले तिनको टाउको काटी एउटा लट्ठीमा उनेर रणक्षेत्रको एक छेउमा राखी लडाइँ हेर्न दिए। लडाइँ समाप्त भएपछि ती राजाले लडाइँको सबै वृत्तान्त भनेको हुँदा तिनलाई बर्बरे राजा भनिन थाल्यो। कृष्णजीले राजालाई छत्रराजा भन्ने उपाधि दिए र तिनको शिर उलूकमै ल्याई विधिपूर्वक समाविष्ट गरिदिए। (८८–३/८२६) छत्रस्थानको पूजाआजाको लागि गुठीको व्यवस्था छ। त्यहाँ बडादसैंको नवमीका दिन बाँसमा ध्वजापताका टाँगिन्छ। त्यसको लागि आधा कोस पर केरुङ्गा चौर झुन्डा भन्ने ठाउँमा उम्रेको बाँसको घारीबाट र बलकोट नजीकको ~ वरिपरिका बाँसघारीबाट बाँस ल्याउने चलन अद्यापि छ। अरू देवदेवीको भाकल गरेझैं छत्रराजाको पनि भाकल गर्ने चलन छ र भाकलमा धेरैजसो घ्यू चढाइन्छ। (८८–३/८३७)

**छसूम** (मनाङ)

१. [ति० छ + सूम] स्थानीय भाषामा 'छसूम'को अर्थ हुन्छ 'छवटा गाउँ'। कुनै समयमा यहाँ रहेका छवटा गाउँहरूको समूह ~ भनिएको हो। (८८–३/१३७)

अहिले गाउँको संख्या बढिसकेको छ। जस्तै : खङसार,

मनाङ, म्राकां, ङावल, घ्यारु, पिसाङ, नार, फू, टङ्की आदि। (८८–३/१३७)

**छान्ना** (खप्तड)

१. [?] 'छान्ना' अर्थात् 'गोठ' रहेको इलाका हुनाले ~ नाम रहन गएको हो। गाउँको नाम पनि ~ नै छ। (४३/३५८)

**छान्ना खोला** (खप्तड)

१. [ने० छान्ना+खोलो] छान्ना भनिने इलाकामा बग्ने खोलो हुनाले ~ नाम रहन गएको हो। (४३/३५८)

यस प्रदेशमा बग्ने गडरा, धामी, बयान, धोलीगाड समेत मिलेर ~ बनेको छ।

**छाप**

१. [ता० छाप] तामाङभाषामा 'छाप' भनेको 'बस्ती, 'गाउँ' वा 'थलो' हुन्छ। यस्तो प्रत्यय लागेर बनेका स्थाननामहरू प्रशस्त छन्, जस्तैः– **थिछाप, नयाँ छाप, रामेछाप, किरातीछाप** आदि। (८८–२/१४३)

२. [कि० छाप] किरातीभाषामा नयाँ बिर्ता सृजना गरी बाँडिएको ठाउँलाई ~ भन्दछन्।

**छाब्दी** (तनहूँ)

१. [म० छाप+दी] मगरभाषामा 'छाप' भनेको 'थलो' र 'दी' भनेको नदी हुन्छ।

यो खोला बन्दीपुरको उत्तर-पश्चिमपट्टिको पहाडी शृङ्खलामा पर्ने महिबल र कर्लुङ क्षेत्रबाट पश्चिमतिर बगेर सेती र मादीको सङ्गमस्थलभन्दा दक्षिणपट्टि मिसिन पुग्छ।

**छाब्दी बराह** (तनहूँ)

१. [छाब्दी+बराह] छाब्दीखोलाको तीरमा रहेको बराहदेवी हुनाले ~ नाम रहन गएको हो। (८८–३/२५०)

दमौलीबाट अढाई कोस पूर्वतिर ~ को मन्दिर छ। ~ लाई भाकल गरेर पूजा गऱ्यो भने मनोरथ पूर्ण हुन्छ भन्ने विश्वास गरिन्छ। त्यसको नजीकै दाहिनेपट्टि एउटा सानो पोखरी छ। यहाँका मगर पुजारीले बराहलाई बलि चढाएर हाँस तथा परेवाहरू यस पोखरीमा फालिदिन्छन् र त्यहाँ रहेका रजवाम र शहरजस्ता ठूलठूला माछाहरूले लुछाचूँड गरेर खान्छन्।

**छायाछत्र** (सल्यान)

१. [सं० छाया+छत्र] चारदाही खलङ्गाबजार-बाट चार कोस (१३ किलोमिटर) दक्षिणपूर्वमा अवस्थित डाँडाको टाकुरामा रहेको उत्तर फर्केको एउटा ठूलो ढुङ्गालाई नियाली हेरेमा चारदाही खलङ्गाबजार र शारदाखोलाको छाया देखिन्छ भन्ने जनश्रुतिको आधारमा यस ठाउँको नाम नै ~ रहन गएको प्रतीत हुन्छ। (८८–४/१९६)

यो सतीदेवीको शेष पतन भएको ठाउँ मानिन्छ। शिवरात्रीमा यहाँ निकै ठूलो मेला लाग्दछ।

**छायानाथ दह** (तिरहार, मुगु)

१. [सं० छाया+नाथ+दह] उच्च ठाउँ (अ० ६३७५ मिटर)मा अवस्थित जलाशयमा पर्वत-शृङ्खलाको छाया परेको देखिने हुनाले ~ भनिन्छ।

मुगाल जातिका मानिसहरू ~ लाई 'यापलाङ' भन्दछन्। यस दहलाई बौद्ध र हिन्दू (मस्टो मान्ने) दुवै थरी धर्मा-वलम्बीहरू ठूलो तीर्थस्थलको रूपमा मान्दछन्।

**छिउला** (ब्यास, दार्चुला)

१. [?] छिउला भन्ने एक राजाको प्रदेश हुनाले ~ नाम रहन गएको प्रतीत हुन्छ।

ब्यास गाउँमुनिको थुम्को ~ भनिन्छ। सम्भवतः यहाँ नै छिउलाको कोट अर्थात् दरबार थियो। छिउलाले मलय-नाथकी रानी भाकासिरीलाई हरण गरेर ल्याई आफ्ना सय भाइहरूलाई बाटोभरि बिख फिंजारी बस्ने आज्ञा दिएको थियो। आफ्नी रानीको खोजमा निस्केका मलयनाथ विष लागेर मूर्छा परे। उनकी बहिनी सूर्यबतीले छाया पार्ने सेउली (अमृतको घडा) लिएर आई भाइ मलयनाथलाई मूर्छाबाट ब्यूँझाई छिउलाका कोटतिर पठाइन् र यसरी मलयनाथले आफ्नी पत्नीलाई छिउलाको घेराबाट उम्काई ल्याए। (४३/४३१)

**छिन्ताङ** (धनकुटा)

१. [?] छिन्ताङदेवीको मन्दिर रहेको वन हुनाले ~ नाम रहन गएको हो।

धनकुटाबजारबाट करीब ५ कोस (१६ किलोमिटर) पश्चिममा रहेको ~ देवीको मन्दिरमा रजस्वला भएका आइमाईहरू जान् हुँदैन र देवीको प्रसाद पनि डाँडापारिसम्म लान ~ हुँदैन भन्ने परम्परा चलिआएको छ। त्यस भेकका मानिसहरू ~ देवीलाई पञ्चवलि दिने र बोका वलि चढाउने गर्दछन्। (८८–१/३७८)

**छुमेगङ्या** (मुस्ताङ)

१. [ति० छु + मे + ग + ङ्या] तिब्बतीभाषामा 'छु' भनेको 'एक सय', 'मे' भनेको 'आगो', 'ग' भनेको 'पानी' र 'ङ्या' भनेको 'धारा' हुन्छ। मुक्तिनाथ र ज्वालामाईको मन्दिरनजीकै **मुक्तिनाथ क्षेत्र**मा १०८ वटा धाराहरू भएको हुनाले लामाधर्मीहरू यस प्रदेशलाई ~ भन्दछन्। (८८–३/५१६)

**छुं ह्मगणेश** (भक्तपुर)

१. [नेवा० छुं + ह्म + गणेश] नेवारीभाषामा 'छुं' भनेको 'मूसो' र 'ह्म' भनेको 'शरीर' हुन्छ। मूसोको शरीर भएको गणेश हुनाले ~ नाम रहन गएको हो।

एकपल्ट राजा आनन्द मल्लले मूसो र बिरालोको भिडन्त देखे। विजयी मूसो ठूलो विरालोलाई जङ्गलको बीचसम्म तानीकन एक ठूलो रूखको प्वालभित्र अदृश्य भयो। राजाले त्यस रूखभित्र के रहेछ भनी प्वालबाट भित्र हेर्दा गणेशको दर्शन पाए र त्यस ठाउँमा गणेशको मूर्ति स्थापना गरी देवल बनाइदिए।

**छेत्रपाटी** (काठमाडौं)

१. [ने० छत्र + पाटी] छत्र अर्थात् छाताको जस्तो आकार भएको पाटी अर्थात् पौवा बनेको ठाउँ हुनाले टोलको नाम नै छत्रपाटी रहन गयो र त्यसैको अपभ्रंश भई ~ नाम हुन गयो।

# ज

**जक्तिपुर** (जगतीपुर) (जाजरकोट)

१. [जक्ति + पुर] जाजरकोटे राजा जगतीसिंह (जुमलेश्वर वंशावली अनुसार जकीसिंह वा जक्तिसिंह) ले आफ्नो राजधानी कायम गरेको ठाउँ हुनाले ~ नाम रहन गयो। (८८–४/५१५)

यो ठाउँ जिल्लाको सदरमुकाम खलङ्गाबाट तीन कोस (१० किलोमिटर) दक्षिणपट्टि छ। जगतीसिंहको पालामा बनेको दरबारको भग्नावशेष र करीब अढाई मिटर (आठ फीट) अग्लो खम्बामा भोटेलिपिमा लेखिएको शिलालेख पनि छ। यहाँ कात्तिक पूर्णिमाको दिन पटांग्री भन्ने ठूलो मेला लाग्छ।

**जङ्गेश्वर** (बागलुङ)

१. [जङ्ग + ईश्वर] प्रधानमन्त्री जङ्गबहादुर राणा (ई. १८४६–१८७७) ले बनाउन लगाएको महादेवको मन्दिर हुनाले ~ नाम रहन गएको हो। (८८–३/६७५)

अलौ पर्व (वि० सं० १९३८) पछि सो पर्वमा साथ दिने पर्वते राजाका कुनै एक सन्तानलाई पक्रन र मुक्तिनाथ क्षेत्रको समेत दर्शन गर्न जङ्गबहादुर बागलुङ पुगेका थिए। उनले कृष्णागण्डकीको किनारमा नोरहेघाटमा महादेवको मन्दिर बनाउन लगाएका थिए। यहाँ कात्तिकको ठूलो एकादशीको दिन मेला लाग्दछ। (८८–३/६७५)

**जटापोखरी** (स्यामागाउँ, दोलखा)

१. [ने० जटा + पोखरी] शिवजीको जटा (जुरो) झरेको ठाउँनेरको पोखरी हुनाले ~ नाउँ रहन गएको हो। (१३६/११४)

अघि भस्मासुरलाई वरदान दिंदा शिवजीलाई उसले लखेट्दै ल्यायो। जीउज्यान जोगाउन शिवजी बेतोडसित भाग्दै एउटा होचो ओडारमा लुक्नको लागि दौडेर पस्दा उनको जटा (जुरो) ओडारको भित्तामा ठोकिन पुग्यो र कपालका रौं झरे (१३६/११४)। यस ठाउँलाई गौरीशङ्करको वासस्थान भनेर विश्वास गरिन्छ। विष्णुजीसँग बिहा हुन

**लाग्दा सँगिनीहरूले पार्वतीलाई लुकाएको ठाउँ पनि यही** हो भनिन्छ। यहाँ जनै पूर्णिमा (श्रावण-शुक्ल-पूर्णिमा) का दिन ठूलो मेला लाग्छ। यस पोखरीको छेउछाउमा पाँचपोखरी, भालेपोखरी, बौलाहापोखरी, कालपोखरी, भूतपोखरी आदि पोखरीहरू छन्। सन्तान नहुनेले त्यहाँ गएर छोराछोरी पाउँछन् ∽ तर पेट बोकेको बेला त्यस ठाउँमा स्वास्नीमानिसहरूले जान हुँदैन भन्ने विश्वास रहेको छ। (८८–२/६६)

**जडघान** (भोट)

१. [ने० जाडो+आन] 'जाडो' शब्दमा 'आन' वा 'यान' प्रत्यय लागेर बनेको यस स्थाननामको शाब्दिक अर्थ हुन्छ ∽ जाडो हुने ठाउँ। उत्तराखण्डको भोटप्रदेशमा खूब जाडो हुने हुनाले ∽ नाउँ रहन गएको प्रतीत हुन्छ।

२. [? जाड+यान] 'जाड' अर्थात् 'भोटे' वा 'तिब्बती' जातिका मानिसहरू बस्ने ठाउँ हुनाले ∽ नाउँ रहन गएको हो।

**जनकपुर** (धनुषा)

१. [सं० जनक+पुर] मिथिला (विदेह)का राजा सीरध्वज जनकको राजधानी रहेको ठाउँ हुनाले ∽ भनिन थाल्यो। (८८–२/२६५)

पौराणिक मतले यस प्राचीन नगरको घेरा पाँच कोसको मानिन्छ। पूर्वमा कमला नदी बग्दछिन्। नगरका पूर्वद्वारको रक्षा कपिलेश्वर, दक्खिनद्वारको रक्षा कल्याणेश्वर, पश्चिमद्वारको रक्षा जलेश्वर र उत्तरद्वारको रक्षा क्षीरेश्वरले अद्यापि गर्दछन्। सत्रौं शताब्दीको आधाआधीदेखि संन्यासी चतुर्भुज गिरि र वैष्णव सुरकिशोर दासले यहाँ राम र सीताको मूर्ति फेला पारेदेखि यता फेरि यस स्थानको गौरव बढ्दै गयो। रणबहादुर शाहका सेनापति अमरसिंह थापाले राममन्दिर, हनुमान्मन्दिर, श्रीजनकमन्दिर, गङ्गासागर, धनुषसरको जीर्णोद्धार गरेका थिए। (८८–२/२६६) यहाँ मार्गशुक्ल पञ्चमीका दिन राम र जानकीको विवाह उत्सव मेला र चैत्र-शुक्लनवमीका दिन रामचन्द्रको जन्मोत्सव मेला लाग्दछन्। श्रावण-शुक्ल-परेवादेखि पूर्णिमा-सम्म हरेक मन्दिरमा राम-जानकीको प्रतिमालाई झूलामा राखी झुलाउने गर्दछन्। प्रत्येक वर्ष फागुन-शुक्ल-परेवादेखि कचुरी गाउँ (जनकपुरबटा साढे छ किलोमिटर उत्तर) **बाट मिथिला बिहारी**को मूर्तिसहितको डोला ल्याई जनकपुरका विभिन्न मन्दिरमन्दिरहरूका मूर्तिहरू समेतको डोला समावेश गरी जनकपुरको चारैतिर १५ दिनसम्म परिक्रमा गरी फागुन पूर्णिमाको दिन जनकपुरधाम परिक्रमा गरी विसर्जन हुने गर्दछ। (८८–२/२६७)

**जनकपुर अंचल** (तराई)

१. [जनकपुर+अंचल] जनकपुरधामको आधारमा अञ्चलको नाम पनि ∽ रहन गयो।

पहाडतर्फ दोलखा रामेछाप, सिधुली र तराईतर्फ महोत्तरी, धनुषा र सर्लाही गरी ६ जिल्लाहरू समावेश भएको ∽ को क्षेत्रफल ९१५० वर्गकिलोमिटर (३७७० वर्गमाइल) छ।

**जनबहाल** (काठमाडौं)

१. [सं० जमलेश्वर+विहार] जमलेश्वर अर्थात् जन्माद्यः राखिएको विहार हुनाले 'जमलेश्वरविहार' भनिएको र कालान्तरमा त्यसैको अपभ्रंशबाट ∽ नाम रहेको हो (३० क/८२)

**जन्माद्यः** (काठमाडौं)

१. [सं० जमलेश्वर+महादेव] उहिले जमल भन्ने ठाउँमा कृषकहरूले जमीन खन्दा उत्पन्न भएको महादेव हुनाले जमलेश्वर महादेव भनिएको र त्यसैको अपभ्रंशबाट नेवारीमा ∽ भन्ने नाम रहन गएको हो। (३० क/३९)

शैवहरूको लागि जमलेश्वर शिव, बौद्ध धर्मावलम्बी-हरूका लागि लोकेश्वर वा करुणामय र नाथ-सम्प्रदायका योगीहरूको लागि मत्स्येन्द्रनाथ (मच्छिन्द्रनाथ) को रूपमा पूज्य ∽ को मूर्ति सेतो मच्छिन्द्रनाथको रूपमा प्रसिद्ध छ। चैत-दसैंका दिन कनफट्टा जोगीहरू चक्रपूजानामक विशेष पूजा गर्छन् र त्यसै वेला चारदिने रथजात्रा शुरू हुन्छ। (३०क/३८–३९)

**जमल** (काठमाडौं)

१. [सं० जमलेश्वर > जमल] जमलेश्वर (जन्माद्यः) **को**

मूर्ति प्रकट भएको ठाउँ हुनाले ~ नाम रहन गएको हो। (३० क/३६)

रानीपोखरी, तीनधारा, पाकशालानेर रहेको यस ठाउँमा पहिले वनजङ्गल थियो। यहींबाट चैत-दसैंका दिन जमलेश्वर (सेतो मच्छेन्द्रनाथ) को रथजात्रा प्रारम्भ हुन्छ भने बडादसैं फूलपातीका दिन गोरखा दरबारको दसैंघरबाट उखु, केराको बोट, सयपत्री र अन्य मङ्गलमय वस्तुहरू एकत्रित गरी ल्याइएको फूलपाती सदर टुँडिखेलमा फूलपातीको बडाइँ शुरू भएपछि विधिवत् स्वागत गरी हनुमान्ढोका भित्र्याइन्छ। (३० क/३६)

**जम्बुझार** (जाम्बुझार) (दमक, झापा)

१. [धि॰ जाम्बु+झाडी] 'जाम्बु' अर्थात् 'जामुनाको रूख' को 'झाडी' अर्थात् 'जङ्गल' भएको ठाउँमा बसाइएको गाउँ हुनाले 'जाम्बुझाडी' नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो। (४५/१८)।

**जयगढ** (अछाम)

१. [ने. जय+गढ] गोरखाली फौजले अछाम सर गर्दा (वि. सं. १८४७) सर्वप्रथम विजयध्वजा फहराई चौकी स्थापना गरेको ठाउँ हुनाले ~ नाउँ रहन गयो। (८८-४/८३६)

समुद्रको सतहबाट १४३३ मिटर (४७०० फीट) उचाइमा स्थित उत्तर फर्केको यस बस्तीमा अछामका राजाहरूको दरबारका भग्नावशेष छन्। (८८–४/८३६)

**जयपृथ्वीनगर** (बझाङ)

१. [जय+पृथ्वी+नगर] बझाङका प्रबुद्ध राजा जयपृथ्वीबहादुर सिंह (वि॰ सं॰ १९३४–१९९७) ले बसाएको नगर हुनाले ~ भनिन्छ। (८८–४/७५६)

बझाङको सदरमुकाम चैनपुरबाट सात कोस (करीब २२ किलोमिटर) दक्षिण-पश्चिममा उच्च ठाउँमा रहेको यो ठाउँ पहिले भैल्लेक भनिन्थ्यो। निकै रमाइलो र स्वास्थ्यकर ठाउँ भएकोले जयपृथ्वीबहादुर सिंहले ग्रीष्मकालीन दरबार बनाई यहाँ बस्ती बसाल्ने योजना बनाएका थिए। (८८–४/७५८)

**जलजलाधुरी** (रोल्पा)

१. [ने॰ जलजला+धुरी] आफैं पानी उम्रिरहने अथवा जलैजल भएको तीस पैंतीस सय भेडा अटाउने ठूलो ओडार रहेको पर्वत हुनाले ~ नाम रहन गएको हो।

यो ओडार लिवाङबाट उत्तरतिर लगभग २२ कोस (७० किलोमिटर) टाढा करीब ३४९४ मिटर (११४५९ फीट) को उचाइमा रहेको छ। त्यहाँको पानी कतै बगेको देखिदैन। (८८–४/१०७) यो ओडार भामा ओडार भनिन्छ।

२. [ने॰ जलजला+धुरी] पानी उम्रिरहने ओडारमा बनाइएको मन्दिरको वरिपरिको भाग अहिले नै खस्ला जस्तो गरेर हल्लिने हुँदा ~ भनिन्छ। (८८–४/१०७)

~ मा बजु (बज्यू), बराह र कैले बराहका तीनवटा मन्दिर छन्। मगरजातिको कुलदेवता मानिने बजु र वराहको मन्दिरमा वर्षको दुई पटक (जेठपूर्णिमा र साउन जनैपूर्णिमा) तीन दिने ठूलो मेला लाग्छ। वराह देवताको पूजामा हजारौं भेडा, बोकाहरूको बलि दिइन्छ। (८८–४/१०७)

सधैं जलजलामाथि शिकार खेल्ने मगरजातिका कर्मपाल र धर्मपाललाई एक दिन बजु (बज्यू) र वराहले सपनामा भने: 'पानी, बतास र मेघ जताजता जान्छ उतैतिर धन् हान्नू।' दुवैले सपनामा भने झैं गरी धनु हाने। झ्याखी भन्ने ठाउँमा विशाल सर्पहरू टुक्रा-टुक्रा भएर मरे। त्यस वेला सातसल्ले देवताको हार भई भागाभाग भयो। पश्चिमतर्फ बग्ने झ्याखी खोला समेत त्यस दिनको आक्रमणले गर्दा पश्चिमको सट्टा र पूर्वतर्फ बग्न थाल्यो। त्यही दिनदेखि नै बजु (बज्यू), वराह र सातसल्लेकी छोरी त्यहाँ रहन थाले। (८८–४/१०७)

**जलेश्वर** (महोत्तरी)

१. [सं॰ जल+ईश्वर] शिवलिंग जहिले पनि पानीमा डुबिरहने भएकोले ~ नाम रहन गएको हो। (७/२४, ८८–२/३१४)

~ महादेवको अगाडि र पछाडि दुवैतिर पोखरीहरू छन्। अगाडि रहेको ठूलो पोखरीलाई वरुणसर र पछाडिको पोखरीलाई क्षीरेश्वर भनिन्छ। ~ को पानी र वरुणसरको पानी मिलेको छ भन्ने किंवदन्ती छ। महादेवको प्रतिमाबाट पसीना निस्केर कूपाकार मन्दिरभित्र पानी भरिन्छ र शिवलिंग सदा जलमग्न रहन्छ भन्दछन्। (७/२४) जगदीशबाबा नाम गरेका एक योगीले सपनाअनुसार सुनउखडागढबाट सुन ल्याई मानिस जम्मा गरी जङ्गल फडानी गरेर जमीन खन्दा जलमग्न शिवलिङ्ग उत्पन्न भएको हुँदा ~ नामले प्रख्यात भएको हो भन्ने किंवदन्ती छ। (८८–२/३१६) गीर्वाणयुद्ध विक्रम शाहबाट यस महादेवको पूजा चलाउन

४०० बिघा जमीन विर्ताको रूपमा राखिएको थियो जुनपछि वि० सं० २००३ मा रैकरमा परिणत गरियो। छठको दिन व्रत बस्ने मानिसहरू यहाँको पोखरीमा नुहाउछन्।(८८–२/३१४)

२. [जल+ईश्वर] जलमग्न महादेव रहेको ठाउँ हुनाले गाउँको नाम पनि ~ रहन गएको हो। (७/२४)

यो प्राचीन जनकपुरको पश्चिमे ढोका मानिन्छ।

**जाजरकोट** (रापती अञ्चल)

१. [ने० जाजर+कोट] नागराज (सिंजाली साम्राज्यका संस्थापक)का निकै पुस्ताअघिका जाजर नामका पूर्वजद्वारा निर्मित किल्ला हुनाले ~ नाम रहन गएको हो।

यो ठाउँ वैकल्पिक रूपमा **जक्तिपुर** नामले समेत इतिहास प्रसिद्ध छ।

**जानकीमन्दिर** (जनकपुर)

१. [जानकी+मन्दिर] (टिकमगढका राजा प्रतापनारायण सिंहले) जानकी (सीता)को मन्दिर बनाएको हुनाले ~ भनियो।

वि० सं० १९६८ मा निर्माण शुरू गरिएको यस मन्दिरको लागि जम्मा १५ लाख रुपियाँ खर्च भएको थियो। पहिले यहाँको राम र जानकी दुवै मन्दिरहरू एउटै सरह मानिन्थ्यो। पछि जानकीपट्टि र रामपट्टि भनी दुई भागमा छुट्टयाइयो र **जानकीमन्दिर**का महन्त वैष्णव छन् भने **राममन्दिर**मा प्रबन्धक संन्यासी छन्। वि० सं० १९९० सालमा वैदेहीशरणले विभिन्न कुवा र पोखरीहरू पत्ता लगाए। (८८–२/२६७)

**जामाच्व** (काठमाडौं)

१.[सं० जातमात्रोच्च>जामाच्व] बन्धुमतीनगरबाट आएका विश्वपी बुद्धले **नागह्रद**को उत्तर-पश्चिमको कुनातिर रहेको पर्वतमा निवास गरेर अलौकिक प्रेरणावश यसै सरोवरमा चैत्री पूर्णिमाको दिन एक कमलबीज रोपेको हुँदा जातमात्रोच्च नाम राखिएको थियो जसको अपभ्रंश भई नेवारीमा ~ हुन गयो। (११७/५५)

अग्लाइ २१८८ मिटर (७१८०) फीट)भएको यसै चुचुरोमा शिखी बुद्धले तपस्या गरेको मानिन्छ। अलौकिक कमल रोपिएको दिनको संस्मरणमा चैत्री पूर्णिमाको दिन अद्यावधि यस पर्वतमा जात्रा हुन्छ। हाल यो पर्वत **नागार्जुन** नामले प्रसिद्ध छ।

**जाहादा** (झापा)

१. [धि० जाहा+दा] पानी जम्ने ठाउँमा रहेको धिमाल बस्ती ~ हुनाले नाउँ रहन गएको हो। (४५/१८)

**जीतगढी** (**जीतागढी**) (रुपन्देही, बुटवल)

१.[ने० जीत+गढी] पाल्पाका तैनाथवाला कर्णेल उजिरसिंह थापाको मातहतमा रहेको नेपाली फौजले गोरखपुरबाट मेजर जनरल उडको नेतृत्वमा बुटवल र पाल्पा कब्जा गर्ने हेतुले अघि बढेको ब्रिटिश फौजलाई सन् १८१५ (वि० सं० १८७१)- मा हराएको ठाउँमा रहेको किल्ला हुनाले ~ नाम रहन गयो।(११/१८,८८–३/६५१)

सन् १८१४ को मार्चमा गभर्नर जनरल हेस्टिंग्सले नेपाल सरकारलाई १५ दिनभित्र बुटवल र स्यूराजको भूभाग छाडिदिने पत्र लेखिपठाएका थिए। म्याद सकिनासाथ गोरखपुरका ब्रिटिश मजिष्ट्रेटले विवादग्रस्त इलाका कब्जा गर्न फौज पठाए। त्यस फौजलाई पाल्पाली सेन राजाका नोकरहरूले बाटो देखाउँदै बुटवलतिर ल्याएका थिए। नेपाली फौजको प्रहारले केही अंग्रेज सेनानीहरू (ब्रिगेड मेजर कप्तान ह्रेट र इन्जीनियर लेफ्टिनेन्ट मोरिसन) नराम्रोसित घाइते भए। नेपालीहरूको अद्भुत पराक्रम देखेर १२,००० नेपाली फौज पाल्पामा दुश्मनको सामना गर्न तयार भइबसेका छन् भन्ने खबर पाएपछि जनरल उड त्यहाँबाट पछि हटेका थिए।

**जीतपुरफेदी** (काठमाडौं)

१. [ने० जीत+पुर+फेदी] नेपाल–चीन युद्ध (सन् १७९२) मा नेपाली फौजले चिनियाँ फौजलाई हराएको स्थानमा पहाडको फेदीमा बसेको शहर हुनाले ~ नाम रहन गएको हो।

नवनियुक्त चिनियाँ अफिसर फु–काङ–आन चिनियाँ सेनाको प्रधान भागको साथ त्रिशुलीको किनार हुँदै नुवाकोट-सम्म आइपुग्यो। नेपाली फौजले अनेक स्थलमा चिनियाँ-हरूलाई रोक्ने प्रयत्न पनि गऱ्यो तर पछि हट्दै जान बाध्य भयो। चिनियाँहरू सरासर पाँचमाने भन्ज्याङसम्म आइपुगे। काठमाडौंमा जम्मा दुई सय (?) जवान सिपाही भन्दा अधिक नभएकोले शीघ्र नै राजधानी पनि दुश्मनको हात पर्ने भइसकेको थियो। सन् १७९२ को १९ सेप्टेम्बरको रात

थियो। दुश्मन भन्ज्याङ नाघी फेदीसम्म पुगिसकेको थियो। नेपालीहरूले चिनियाँ फौजका तीनैतिरका जङ्गली रूख र बूटाहरूमा बल्दा राँकाहरू बाँधिदिए, साथै घरेलु जन्तुका सिङमा पनि यसै गरियो। भ्रमवश आफूलाई तीनतिरबाट अगणित शत्रुद्वारा घेरिएको सम्झी चिनियाँहरू भागाभाग गर्दै पछि हटे। यसरी नेपालीहरूले अदभुत चतुरता देखाएको हुनाले चिनियाँ फौजको बाढी एक्कासि रोकियो। (११७/२४३)

**जिमीपोखरी** (ताप्लेजुङ)

१. [? जिमी+पोखरी] जिमीपोखरी नाम गरेको एउटा पोखरी भएको हुनाले ताप्लेजुङको सदरमुकाम **फुङलिङको** पल्लो बजारलाई पहिले ~ भन्ने चलन थियो।

**जिरी** (दोलखा)

१. [?] अधिकांश जिरेल जातका मानिसहरू बस्ने उपत्यका भएको हुनाले ~ नाम रहन गएको हो। (८८–२/६७)

यहाँ प्रत्येक शनिवार हाट लाग्दछ र टाढा-टाढाका मानिसहरू समेत आई चीजबीजहरू बेच-बिखन गर्दछन्।

**जुद्धनगर** (धरान)

१. [ने० जुद्ध + नगर] जुद्धशमशेरको पालामा बनेको हुनाले धरान शहरको अपेक्षा नयाँ हिस्सा ~ भनिन्छ। (१६८/१६०)

**जुद्धसडक** (काठमाडौं)

१. [ने. जुद्ध+सडक] जुद्धशमशेरको शासन-कालमा सन् १९३४ (वि० सं० १९९०) को महाभूकम्प-पछि आधुनिक ढङ्गले निर्मित काठमाडौंको केन्द्रीय सडक ~ भनिन थाल्यो। (१५५/४०)

**जुम्ला** (कर्णाली अञ्चल)

१. [ने० जुम्ल्याहा>जुम्ली>जुम्ला] जुम्ली डाँडा अर्थात् जुम्ल्याहा (दुईवटा) डाँडाहरू भएको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो। (९३/१५)

स्थानीय चलनअनुसार ~ अठार दरामा विभाजित छ: उत्तरतर्फ हुम्ला, मुगु, करान, गम र चौधबीस पूर्वतिर त्रिपुराकोटदेखि लिएर पश्चिम हुँदै असी, पाँचसय, रकाल, बाह्रबीस, सिंजा, खत्याड, सोरुगल्फा, पलाँता, सान्नी, रासकोट र कालिकोट। अर्को कुडनादरा राणाकालमा बझाङ राज्यमा गाभिएको थियो। (१२७/३४) पश्चिम नेपाल हान्ने सिलसिलामा बहादुर शाहको नायबीमा काजी शिवनारायण खत्री र सरदार प्रबल रानाको नेतृत्वमा गोरखाली फौजको दुई कम्पनीलाई वि० सं० १८४२ तिर जुम्ला सर गर्न पठाइएको थियो। तर जुम्ला विजय गर्न गोरखालीहरूलाई निकै बल र जुक्ती जुटाउनुपरेको थियो। तीन वर्षपछि वि० सं० १८४६ असोज ३ गतेका दिन जुम्लाको राजधानी छिनासिम दखल गर्न गोरखालीहरू सफल भए। जुम्ला राज्यका तात्कालिक शासक शोभन शाही हुम्लातर्फ भागेका थिए र पछि तिब्बतमा पसी मरेको अनुमान गरिएको छ। (१३१/६५, ८८–३/५७०)

**जुम्ली खलङ्गा** (रुकुम)

१. [ने० जुम्ली+खलङ्गा] जुम्ली राजाले बसोबास गरेको स्थान हुनाले ~ नाम रहन गयो। (८८–४/६३)

जुम्ला नेपाल अधिराज्यमा एकीकृत भएपछि जुम्ली राजालाई पुरानो मुसीकोट राज्य छाप घरबासको रूपमा दिइएको थियो। जुम्ली राजाले मुसीकोटमा आफ्नो साथै चन्दननाथलाई ल्याई स्थापना गरेका हुन्। खलङ्गामा चन्दननाथको मन्दिरको साथै पञ्चायन देवताको मन्दिर तथा सिद्धको मन्दिर र कोटमा कालीको मन्दिर पनि रहेका छन्। (८८–४/६३)

**जोमसोम** (मुस्ताङ)

१. [ति० जोङ्ग+साम्बा] तिब्बतीभाषामा 'जोङ्ग' भनेको 'किल्ला' र 'साम्बा' भनेको 'नयाँ' हुन्छ। नयाँ किल्ला बनाइएको ठाउँ हुनाले 'जोङ्गसाम्बा' नाउँ रहन गएको र कालान्तरमा अपभ्रंश भई ~ हुन गएको हो। (१५३/८६)

कालीगण्डकीको तीरमा अवस्थित यस बजार (सदरमुकाम) को प्राचीन नाउँ **ठिनी** हो। बजारमास्तिर हाल पनि ठिनीगुम्बा सहितको एक गाउँ छ। (८८–३/५१४)

**जोरसाल बजार** (भोजपुर)

१. [ने० जोडी+साल+बजार] एक जोडी सालका रूखहरू भएको ठाउँमा बसालिएको बजार हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (८८–१/११०)

बलभद्र ओझाले धर्मकीर्ति राख्न एउटा धर्मशाला बनाउन भनेर भोजपुरबाट कुह्मालेहरू डाकेर यहाँ रहेको सालका दुई रूख ढाल्दा एक जोर नाग त्यहाँबाट निस्केर थाङसाङ खोलातिर गएका थिए भनिन्छ। उक्त धर्मशाला अहिलेसम्म पनि छँदैछ।

**जोरायल** (डोटी)

१. [ने० जोर+आयल] जोरायल नदी (सम्भवतः जोर अर्थात् दुई नदी) बग्ने उपत्यका हुनाले ~ नाम रहन गएको हो। (८८–४/८८३)

चिलगढीबाट करीब १४ कोस (४५ किलोमिटर) दक्षिण–पश्चिममा पर्ने यस सुन्दर उपत्यकामा राम, लक्ष्मण र सीता १४ वर्षको निमित्त वनवासमा निस्कँदा बसेका थिए भन्ने किंवदन्ती छ। यहाँ कर्मनाश र धननाश नामक दुई नदीहरू बगेका छन्।

**ज्यामिरघाट** (बागलुङ)

१. [ने० जयमुनि+घाट] जयमुनि ऋषिले तपस्या गरेको नदीतीर हुनाले 'जयमुनिघाट' भनिएको र त्यसैबाट अपभ्रंश भई ~ नाउँ रहन गएको हो। (३० क/ ११६)

यो घाट कालीगण्डकी र कालुङ खोलाको दोभानमा रहेको छ।

**ज्याठा टोल** (काठमाडौं)

१. [नेवा० ज्यासल + त्वाः] नेवारीभाषामा 'ज्यासल' भनेको काम गर्ने ठाउँ र 'त्वाल' भनेको 'टोल' हुन्छ। काम गर्ने ज्यासल भएको टोल हुनाले 'ज्यासलत्वाल' नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो।

**ज्वालादेवी** (दैलेख)

१. [सं० ज्वाला+देवी] नाभिखोला र छामगाड खोलाको दोभानमा रहेको ज्वालादेवीको शिरको रूपमा मानिने हुनाले ~ नाम रहन गएको हो। (८८–४/५६२)

दैलेख बजारदेखि डेढ कोस पश्चिमस्थित यस **शिरस्थान**को मन्दिरमा मात्र होइन, बाहिर खोलाको तीरमा र **नाभिस्थान** तथा **पादुकास्थान**मा पनि यस ज्वाला उठ्छन्। (१२७/६०) ~ को मन्दिरमा प्रतिवर्ष शिवरात्रीमा ठूलो मेला लाग्छ। मृत व्यक्तिको दाहसंस्कार यहाँ भएमा त्यसको पुण्य फलले तर्छन् भन्ने विश्वास गरिन्छ। (८८–४/५६२)

**ज्वालामाई** (मुस्ताङ)

१. [ने०+ज्वाला+माई] ढुङ्गा, पानी र माटोबाट दिनरात निस्किरहने बल्दो दीपशिखालाई देवीको रूपमा पूजा गरिने हुँदा ~ नाम रहन गएको हो। (८८–३/५१५)

मुक्तिनाथ क्षेत्रमा रहेको ~ को मन्दिर के हिन्दू, के बौद्ध दुवै धर्मका जनताको निम्ति एक प्रमुख तीर्थस्थलको रूपमा प्रख्यात भएको छ। यहाँ प्राचीन झारकोट दरबारको भग्नावशेष र **रानीपौवा** पनि छन्। (८८–३/५१६)

## झ

**झाँक्रीस्थान** (प्यूठान)

१. [ने० झाँकी+स्थान] बलि चढाएर पूजा गरिने बटुकभैरवको तीर्थस्थल हुनाले ~ नाम रहन गएको हुन सक्छ।

प्यूठान खलङ्गाको दक्षिण-पूर्वतर्फ कान्द्रो खोलाको किनारामा रहेको यस स्थानमा प्रायः प्रत्येक दिन बलि चढाइन्छ र टाढा-टाढाका मानिसहरू पूजाआजा गर्न र वनभोज मनाउन आउँछन्। (८८–४/१४७)

**झापा** (मेची अञ्चल)

१. [रा० झाप>झापा] राजवंशीभाषामा 'झाप' को अर्थ 'ढकनो' वा 'बिर्को' हुन्छ। शताब्दियौंदेखि वनजंगलले ढाकिएको वा छोपिएको ठाउँ हुनाले ~ नाम रहन गएको बुझिन्छ। (१२३/५)

**झापा गाउँ** (कुमरखोद, झापा)

१. [ने० झापा+गाउँ] पहिले छोटी गोश्वारा

(पछि पूरै गोश्वारा) स्थापना गरिएको हुँदा यस इलाकाको सदरमुकाम हुन गएको ∽ को आधारमा नै जिल्लाको नाम पनि झापा रहन गयो ।

**झिमरुक** (प्यूठान)

१. [?] हेर्नुस् धर्मावती ।

**झोछें टोल** (काठमाडौं)

१. [नेवा० ज्वः + छें + त्वाः] नेवारीभाषामा 'ज्वः' भनेको 'लहर' वा 'पंक्ति', 'छें' भनेको 'घर' र 'त्वाः' भनेको 'टोल' हुन्छ। लहरै पंक्तिबद्ध घरहरू भएको टोल हुनाले ∽ नाम रहन गएको हो ।

**झोमोलुङमा (झ्यामोलोङमा)** (सोलुखुम्बु)

१. [ति० + झो + मो + लुङ + मा] तिब्बतीभाषामा 'झो' वा 'झ्या' भनेको 'चरा', 'मो' भनेको 'उडेर नाघ्नु', 'लुङ' भनेको 'पहाड' र 'मा' भनेको 'नसक्नु' हुन्छ । चराले पनि उडेर नाघ्न नसक्ने पहाड भन्ने शाब्दिक अर्थमा ∽ नाम रहन गएको हो ।

महालंगूर हिमालको यस शिखरमा सुनको चरा र सुनकै याल भएको यूँको सिंह छ भन्ने शेर्पाहरूको धारणा छ । (१५२/२३८)

२. [ति० झ्यामो + लोङमा] तिब्बतीभाषामा 'झोमो' वा 'झ्यामो' को अर्थ 'देवताहरू' र 'लोङमा' को अर्थ 'आमा' हुन्छ। देवताहरूकी आमा अर्थात् देवमाता भन्ने अर्थमा पर्वतको नाम ∽ रहन गएको हो । (१५०/६८)

नेपालीहरू विश्वको यस सर्वोच्च शिखरलाई **सगरमाथा** र यूरोपेलीहरू **एभरेष्ट** भन्दछन् । तिब्बतीहरू **चोमोलुङमा** पनि भन्दछन् ।

# ट

**टक्सार** (तानसेन, पाल्पा)

१. [ने० टक + सार] टक लगाउने घर रहेको ठाउँ हुनाले ∽ भनिएको हो ।

सेनवंशी राजाहरूको पालामा टक लगाउने ठाउँमा राणाकालसम्म पनि टक्सार रहेको थियो। यहाँ टक लगाइएको मुद्रा गोरखपुर (भारत) सम्म पनि चलनचलतीमा रहेको पाइन्छ । यहाँ हाल ढलोटका भाँडाकुँडा बनाइने गरिन्छ। (८८–३/७७६) ।

**टक्सार** (गुल्मी)

१. [सं० टक + शाला > टकसाल > टक्सार] गुल्मीको राजधानी रहेको ठाउँमा उहिले सिक्काको टक मार्ने कार्यालय पनि रहेको हुनाले संस्कृतमा 'टकशाला' भनिएको र त्यसैको अपभ्रंश भई 'टकसाल' वा ∽ नाउँ रहन गएको हो । (१३७/१४६) ।

**टक्सार बजार** (भोजपुर)

१. [ने० टक्सार + बजार] पहिले टक्सार रहेको ठाउँमा बजार देखापरेको हुनाले ∽ नाउँ रहन गएको हो। (८८–१/६१७) ।

**टक्सारटोल** (पाल्पा)

१. [ने० टक्सार + टोल] पहिले टक्सार रहेको ठाउँमा पर्ने टोल हुनाले ∽ नाउँ रहन गयो (६७ क/१२)।

एकपल्ट सरकारी गोलाबारुदखाना (आर्जिनाल) मा आगलागी हुँदा बासिन्दाहरू कुनै हताहत नभई बाँचेकोले स्थानीय गणेशले रक्षा गरेका थिए भन्ने लोककथनअनुसार बर्षेनी यहाँ गणेशजात्रा गरिन्छ ।

**टार**

१. [ने० टार] नदीका सङ्गममा पानी नलाग्ने अग्लो तर निकै विस्तृतसम्म परेको फाँटलाई ∽ भन्दछन् । जस्तः पालुङटार, सल्लेनटार, बटार, रुम्जाटार तुर्मलिगटार आदि।

**टाशीराका** (ओलाङ्चुङ)

१. [ति० तासी + रक्का] यसै ठाउँको कुनै गोठालो चौंरीगाई हराएकोले खोज्दै ओलाङचुङबाट याङमा घाँटी (उपत्यका) तिर आएको हुनाले ∽ भनिएको हुन सक्छ ।

यो ठाउँ ओलाङ्चुङ गोलाबाट एकै दिनमा पुगिने भोटको क्षेत्रमा पर्दछ । किरातीहरू हिमालयपारीबाट नेपाल

पसेका हुन् भन्ने प्रचलित विश्वास पनि छ । ग्रोलाङ्चुङको टिप्ताला डाँडाबाट निस्केको तमोर नदीको उपत्यका नै प्राचीन कालदेखि किरातीहरूको सबभन्दा घनाबस्ती भएको इलाका हो ।

**टिस्टुङ** (मकवानपुर)

१. [ ? ] यस बस्तीको पुरानो नाउँ एकापुर थियो। प्राप्त शिलालेखग्रनुसार ग्रंशुवर्माको समयदेखि नै यो ठाउँ ～ भनिन्थ्यो। यसको मध्यभागमा एउटा सानो थुम्को माथि किल्ला, दरबार र तलेजुको मन्दिर रहेको छ। सिमरोन-गढ (तिरहुत) बाट भक्तपुरमा तलेज्यू भवानी लैजाँदा एक रात यहीं नै भवानीलाई वास बसाइएकोले यहाँ तलेज्यूको मन्दिर बनाइएको हो भनिन्छ । स्थानीय ग्राचार्यहरूलाई बाहेक ग्ररूलाई तलेज्यूभित्र जान मनाही छ। तर बडादशैंको बेलामा भने मन्दिरभित्र रहेका पुराना हात-हतियारहरू बाहिर ग्राँगनमा प्रदर्शित गरिन्छन् । तलेज्यूस्थानमा रहेको ने. सं. ८५९ को विष्णु मल्लको शिलालेखग्रनुसार यो पाटन राज्यको मातहतमा थियो भन्ने प्रमाणित भएको छ।(८८–२/९७९) हेर्नुस् सातसय टिस्टुङ ।

**टुकुचा** (काठमाडौं)

१. [नेवा० तु+खु+चा] नेवारीभाषामा 'तु' भनेको 'उखु' (संस्कृतमा 'इक्षु'), 'खु' भनेको 'नदी' क्षुद्रताबोधक प्रत्यय 'चा' भनेको चाहिं 'सानो' हुन्छ। तसर्थ 'सानो उखु-खोला' (संस्कृतमा 'इक्षुमती') भन्ने ग्रर्थमा 'तुखुचा' नाउँ रहन गएको र त्यसैको ग्रपभ्रंशबाट ～ भन्ने नाम रहन गएको हो। (३८ क/१३)

**टुकुचे** (धौलागिरी अञ्चल)

१. [ ति० टुकु+चे ] तिब्बतीभाषामा 'टुकु' को ग्रर्थ 'बजार' र 'चे' को ग्रर्थ 'नून' हुन्छ। नूनको व्यापार हुने ठाउँमा रहेको बस्ती हुनाले ～ भन्ने नाम रहन गएको हो।(१५३/८१)

२. [ थ० ढु+चे>टुचे>टुकुचे ] थकालीभाषामा 'ढु' को ग्रर्थ 'ग्रन्न' र 'चे' को ग्रर्थ 'चौर' हुन्छ । भोटको नून र नेपालको ग्रन्न ग्रदली-बदली हुने चौर हुनाले 'ढुचे' नाउँ रहन गएको हो र त्यसैलाई ग्ररू भाषाभाषीले बंग्याएर उच्चारण गर्दा 'टुचे' भई पछि यसैबाट ～ हुन गएको हो। (१३४/९६)

कुनै समयमा यो बजार थाक सातसय क्षेत्रको राजधानी मानिन्थ्यो । थकालीहरू तिब्बततिर ग्रनाज पुऱ्याएर साटी ल्याएको नून नेपालीहरूसँग धान, गहुँ, मकै ग्रादि ग्रन्नसँग साटेर सटही व्यापार गर्दथे। त्यसवेला नूनको व्यापार थकालीहरूको एकलौटी ग्रधिकारमा थियो ।

**टुँडालदेवी** (काठमाडौं)

१. [सं० तोरण+देवी>टुँडालदेवी] लिच्छवि-कालमा विशालनगरको वहिर्द्वार ग्रर्थात् तोरण रहेको ठाउँमा स्थापित गरिएकी देवी हुनाले 'तोरणदेवी' भनिएको र पछि गएर जनजिब्रोले यसैलाई ～ भनेको हुन सक्छ। (१११/१८१, ११३/३०–३१)

यो ठाउँ काठमाडौं नगरको उत्तरपूर्वी भागमा विशाल-नगरभन्दा उत्तरमा पर्दछ ।

**टुँडिखेल** (काठमाडौं)

१. [नेवा० तिंन्हुइगु+ख्यल] नेवारीभाषामा 'तिंन्हु-इगु' भनेको 'उफ्रनु' र 'ख्यल' भनेको 'चहुर' हुन्छ। उफ्रेर खेल्ने ग्रर्थात् कवाज ग्रादि खेल्ने मैदान हुनाले 'तिंन्हुइगुख्यल' भन्ने नाउँ रहन गएको र त्यसैको ग्रपभ्रंश भई ～ नाउँ रहन गएको हो ।

हरेक जिल्लाको सदरमुकाममा पनि ～ रहेका छन् । काठमाडौंमा ठूलो र सानो टुँडिखेल थिए। सानो ～ मा हाल दशरथ रंगशाला बनेको छ। ठूलो ～ करीब १२० वर्षग्रघि ग्रोल्डफिल्डले देख्दा २/३ माइल लामो र ३ सय गज जति चौडा थियो। हाल यसको लम्बाइ करीब ८०० मिटर र चौडाइ २०६ मिटर छ । (८८–२/७३८) यसैको एक हिस्सामा हाल रत्नपार्क रहेको छ।

**टौदह** (काठमाडौं)

१. [नेवा० तव+दह] नेवारीमा 'तव' वा 'तःगो' को ग्रर्थ 'ठूलो' हुन्छ। ठूलो ग्राकारको जलाशय हुनाले यसको नाम 'तवगुदह' रहन गएको होला र यसैको ग्रपभ्रंश भई 'तः दह' बाट ～ भनिएको होला।

२. [ नेवा० ताहा+दह ] नेवारीमा 'ताहा' भनेको 'सर्प' हुन्छ । सर्प अर्थात् नागहरूले वास गरेको जलाशय भन्ने अर्थमा नेवारीमा यसको नाम 'ताहादह' वा 'ताःदह' रहन गएको हो । यसैको अपभ्रंश भई ~ हुन गयो ।

३. [ सं० कर्कोटक+दह ] मञ्जुश्री बोधिसत्त्वले कटुवाल नामक स्थानमा पहाड काटेर **नागह्रद**को पानी बाहिर पठाए-पछि कर्कोटक नाग पनि अन्य नागहरूको साथमा बाहिर निस्कन लागेको हुँदा अनर्थको सम्भावना देखी **नागह्रद**का अधिपति कर्कोटक नागलाई यस जलाशयमा आश्रय दिई सम्पूर्ण वैभवको स्वामी बनाएर राखेको हुँदा 'कर्कोटकदह' भन्ने नाम रहन गएको थियो । कालान्तरमा त्यसैको अपभ्रंश भई छोटकरीमा ~ नाम रह्यो । (१०४/३०)

यो दह **चोभार**को डाँडाबाट उत्तर-पश्चिम कोणमा रहेको छ । फ्रेन्च विद्वान् सिल्वेन लेवीले ~ लाई ऐतिहासिक दृष्टिकोणबाट महत्त्वपूर्ण स्थान मानेका छन् ।

**टौमडी** (भक्तपुर)

१. [ सं० तिल+माधव ] तिलको थुप्रोबाट उत्पत्ति भएको नारायण हुनाले तिलमाधव भन्ने नाउँ रहन गएको हो । यसैको अपभ्रंश भई ~ हुन गयो ।

टौमडी टोल (भक्तपुर)

१. [ नेवा० तौमह्रि+त्वाल ] तिलमाधव अर्थात् तौमह्रि नारायणको मन्दिर रहेको टोल हुनाले त्यसैबाट ~ नाम रहन गएको हो ।

# ठ

**ठमेल** (काठमाडौं)

१. [ नेवा० +थःने+महा+विहार+स्थमबहिल > थमबहिल > ठमबहिल > ठमेल ] 'थःने' अर्थात् शहरको अग्लो हिस्सामा बनेको महाविहार रहेको ठाउँ हुनाले 'थःने महाविहार', 'स्थमविहार', 'थमबहिल' हुँदै ~ नाम रहन गएको हो । (८८–२/७३५)

विक्रमशील विश्वविद्यालयबाट वि० सं० १०९८ मा तिब्बतमा धर्मप्रचार गर्न जाँदा महायान मतका विद्वान् दीपङ्कर काठमाडौंमा एक वर्ष बसेको बेला उनैले यो विहार बनाएको हो भनिन्छ । यस चैत्यमा सुनका अक्षरले लेखिएका पुराना बौद्ध ग्रन्थहरू (तीमध्ये प्रमुख ग्रन्थ मञ्जुश्रीले स्वयं लेखेको भनिने 'प्रज्ञापारमितासूत्र' पनि) संग्रहीत छन् । गाईजात्राभन्दा अघि एक सातासम्म ती ग्रन्थहरूको प्रदर्शन गर्ने र जात्रा चलाउने परम्परा छ । (८८–२/७३५)

**ठँहिटी** (काठमाडौं)

१. [ नेवा० थँ+हिति ] नेवारीभाषामा 'थँ' वा 'थने' भनेको 'माथि' र 'हिति' भनेको धारा हुन्छ । माथिल्लो ठाउँमा रहेको धारा हुनाले 'थँहिति' नाम रहेको र त्यसैबाट ~ हुन गएको हो ।

**ठँहिटीटोल** (काठमाडौं)

१. [ नेवा० थँ+हिति+त्वाल ] माथिल्लो ठाउँमा रहेको धारा भएको टोल हुँदा 'थँहितित्वाल' नाम रहेको र त्यसैको अपभ्रंश भई ~ नाउँ रहन गएको हो ।

**ठाकुरद्वार** (बर्दिया)

१. [ था० ठाकुर+द्वार ] थारूभाषामा 'ठाकुर' भनेको 'भगवान्' र 'द्वार' भनेको 'मन्दिर' हुन्छ । त्यसैले भगवान्को मन्दिर रहेको ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको प्रतीत हुन्छ । (१२८ग/६)

यहाँ एउटा साधारण मन्दिरमा चारहाते विष्णुको मूर्ति होइन, बरु अष्टभुज विष्णुमूर्ति रहेको छ । मन्दिरभित्र उज्यालो प्रशस्त नहुँदा सबै हातका आयुधहरू प्रष्ट छुट्याउन गाह्रो छ तापनि चक्र र गदा चाहिं प्रष्टै छन् । दुइ-नागसहित गरुड-माथि उभिएको अन्दाजी दुई-अढाई फोट अग्लो कालो ढुङ्गाको विष्णुमूर्ति कलाको दृष्टिले पनि अध्ययन गर्न लायकको छ । मन्दिरबाहिर छरिएर रहेका मूर्तिहरूमा ढुङ्गाका गणेश र कल्की अवतारका द्योतक घोडचढी मूर्तिहरू छन् । साथै उभिएका नारी मूर्तिहरू पनि चारओटा छन् । तिनीहरू सँग-सँगै पुराना खिइएका शिवलिङ्गहरू तीन-चारवटा पनि छन् । **एउटा कलात्मक शिवलिङ्ग चाहिं पुजिएको छ जसलाई चिसा-**

पानी महादेव फाँटबाट ल्याएर स्थापित गरिएको कुरा सुनिन्छ। यहाँ रहेका धेरै मूर्तिहरू टुटे-फुटेका अवस्थामा छन्। यी मूर्तिका ढुङ्गा भने सुर्खेत **काँक्रीविहार**का ढुङ्गाहरू सित सहजै दाँजिन्छन्। माघे संक्रान्तिका दिन यहाँ अस्थायी मेला लाग्दछ।

२. [था० ठाकुर+द्वार] भारतीय मैदानबाट कर्णाली प्रदेशको मध्यकालिक खसराज्यमा पस्ने पहिलो 'द्वार' अर्थात् केन्द्र हुनाले ~ भनिएको हो। (१२८ ग/६)

~ पुगनको निमित्त एउटा सानो नदी ओरईनाला तर्नुपर्छ। बर्सातमा मात्र कहिलेकाहीं दुःख दिने यो खोला आखिरमा गेरुवामा आएर मिसिन्छ।

**ठाकुरीदह** (तिब्रीकोट)

१. [ने० ठाकुर+दह] स्वामिकार्तिक ठाकुरज्यूको मन्दिरनजीकै रहेको उच्च लेखमा अवस्थित ताल हुनाले ~ भन्ने नाउँ रहन गएको हो।

यहाँ श्रावणशुक्ल एकादशीदेखि पूर्णिमासम्म मेला लाग्छ। पूर्णिमाका दिन धामीहरू यहाँ एकत्रित भई पतुर्ने गर्छन्। (३० क/१३७)

**ठाडाढुङ्गा** (यारी, हुम्ला)

१. [ने० ठाडो+ढुङ्गा] एउटा भीमकाय ढुङ्गो ठडिएको ठाउँ हुनाले यारीको विशाल फाँट नै ~ भनिन्छ। (१२९/२७)

नेपालको अन्तिम गाउँ यारीमा नारा लाग्ना (भन्ज्याङ) नेर ठडिएको यस भीमकाय ढुङ्गामा तिब्बतीमा ठूलठूला अक्षरले 'ओं मणिपद्मे हुं' कुँदिएको छ।

**ठिनी** (मुस्ताङ)

१. [?] ठिनी नामक गुम्बा रहेको गाउँ हुनाले ~ नाउँ रहन गयो। (८८–३/५१४) हेर्नुस् जोमसोम।

**ठिमी** (काठमाडौं उपत्यका)

हेर्नु० मध्यपुर।

**ठूलो गाड** (सल्यान)

१. [ने० ठूलो+गाड] रोल्पा जिल्लास्थित निगाल-पानीभन्दा केही पूर्वमा पर्ने खोंचबाट उत्पत्ति भएको ठूलो खोला हुनाले ~ नाम रहेको हो। (८८–४/१९६)

सहायक खोलाहरू हिम, खारागार, चिल्चा, खाली, मोखला लटेगाड, टिने, ब्राङ्ग, झारगाड नामका खोलाहरू मिलेपछि यो शारदा खोला भनिन्छ।

# ड

**डँडेलधुरा** (महाकाली अञ्चल)

१. [ने० डँडेल+धुरा] स्थानीय बोलीमा ढाडलाई डँडेल (द्रष्टव्य : डँडेल्नो) र अग्लो स्थान वा डाँडालाई धुरा भनिने हुँदा मान्छेको ढाड जस्तो ठाउँमा रहेको बजार ~ भनिएको हो। (८८–४/१०६९) र १७७९)

चौधौं शताब्दीमा डोटीका राजा अजयपालले यहाँ **अजमेरकोट** बनाएका थिए।

**डाकिनी** (मोरङ)

१. [?] 'डाकिने' भनिने खोलाको नाउँको आधारमा धिमाल गाउँको नाउँ पनि ~ रहन गएको हो। (४५/१८)

**डुक्ने पानी** (बालाजु, काठमाडौं)

१. [ने० डुक्नु+पानी] बसाहा (साँढे) डुक्दा पानी पर्ने ठाउँ भएकोले ~ भन्ने नाम रहन गयो। (११४/६९–७०)

सम्भवतः पहिले गौचरभूमि रहेको यस ठाउँमा एउटा ढुङ्गाको बसाहा (साँढे) छ ~ कुनै वर्ष वर्षा हुन विलम्ब हुनासाथ त्यहाँका कृषकहरू मिलेर त्यस ढुङ्गाको बसाहालाई नोलले खूब ठटाउँछन् र लडाएर उत्तानो पार्दछन्। यसरी कुटेर उत्तानो पारेको राती त्यो बसाहा उठेर डुक्न थाल्छ र वर्षा पनि हुन्छ भन्ने विश्वास गरिन्छ।

**डुम्राकोट** (डोटी)

१. [?, उदुम्बरपुरी>डुम्राकोट] पुरानो नाउँ

'उदुम्बरपुरी' को अपभ्रंश भई 'डुम्रा' हुन गएको प्रतीत हुन्छ। यहाँ किल्ला पनि रहेकोले ~ भन्ने नाम पर्न गएको हो। (८८-४/८७६)

**सिलगढीबजार**को नजीकै रहेको यो स्थान खसिया मल्लवंशक. राजा अभय मल्लको ताम्रपत्र (ई. सं. १३७६, शक संवत् १२९८) अनुसार उक्त राजाकै अधीनमा थियो।

**डेविडफल** (पोखरा, कास्की)

१. [अं० डेविड + फल] फेवातालबाट बाहिर निस्केको पानी जमीनमुनि दबेर जाने ठाउँमा डेविड भन्ने एक व्यक्ति खसेर मृत्यु भएको हुनाले ~ भन्ने नाम दिइएको हो। (८८–३/३१४) हेर्नुस् फड्के छाँगो।

**डोङग्राहा** (मोरङ)

१. [?, डोङगा + ग्राम] सम्भवतः प्राचीन नाम 'डोङगाग्राम'को अपभ्रंश भई ~ नाम रहन गएको हो। (४९/९)

बुध गुप्त (वि. सं. ५३३–५५७)का पालाको ताम्रपत्रअनुसार पुण्ड्रवर्द्धन भूमिमा महाराज जयदत्त (प्रान्तपति) को शासनकालमा त्यहींका नगरश्रेष्ठी रिभुपालले तीन दीनार (स्वर्णमुद्रा) को एक कुल्यवाप (?) का दरले खेत किनेर वराहक्षेत्रमा रहेका कोकामुख भगवान्‌लाई चार र श्वेतवराह भगवान्‌लाई सात गरी जम्मा एघार कुल्यवाप खेत 'डोङगाग्राम' मा गुठी राखेका थिए। (४९/९)

**डोटी** (सेती अञ्चल)

१. [?] डँडेलधुरामा बग्ने डोटी खोलाको नाउँबाट नै त्यसको आसपासको प्रदेशको नाउँ पनि ~ रहन गएको होला। (७४/६)

मध्यकालमा **बाइसी** राज्यहरूमध्ये डोटी एक प्रभावशाली राज्य थियो। उक्त समयमा डोटी राज्यको फैलावट पश्चिममा कालीकुमाउँदेखि पूर्वमा कर्णाली र उत्तरमा ठाकुरजीदेखि दक्षिणमा तराईसम्म थियो। यहाँ राजालाई 'रैकाज्यू' (राजाधिराज) भन्ने चलन थियो। कुमाउँका राजा सोमचन्द्र (सन् ९५३–९७४) र उनका उत्तराधिकारीहरू डोटीका राजाका अधीनमा थिए। डोटीका शासक कत्युरवंशका राजा सुभिक्षराज (सन् १०४५–१०६५) पश्चिमी नेपाल, अलमोडा र गढवाल समेत मिली बनेको राज्यका शासक थिए। कत्युरवंशी वीरदेव भन्ने शासकको हत्या भएपछि सो कत्युर वंशद्वारा शासित प्रदेश ६ वटा राज्यहरूमा विभाजित भयो। ती राज्यहरूमध्ये वर्तमान डोटी र डँडेलधुरा मिलेर एक राज्य बन्यो। (८८–४/८७६–८७७) डोटीका शासकहरूका बारेमा तीनवटा वंशावलीहरू- (आटकिन्सनले कुमाउँको इतिहाससम्बन्धी आफ्नो पुस्तकमा दिएको वंशावली र योगी नरहरिनाथले डोटी शिलदेवीका पुजारी जगन्नाथ उमाकान्त भट्ट उपाध्यायबाट प्राप्त गरेका दुई वटा वंशावली (८९/७४६,–७४७) पाइएका छन्। आटकिन्सनका भनाइअनुसार काली कुमाउँमा उद्यानचन्द्रका समयमा (सन् १४२०–१४२१) डोटीराज्यका अधीनमा शिरा, सोर, अस्कोट र भोटियाहरूका जुहर र दर्मा उपत्यकाहरू थिए। त्यसपछि भारतीचन्द्रले काली कुमाउँमा शासन गरेका वेलामा (सन् १४३७–१४५०) उनले डोटीमाथि हमला गर्न शुरू गरे। यो लडाइँ १२ वर्षसम्म चलिरह्यो। भारतीचन्द्रका छोरा रतनचन्द्रले छिमेकी राजाको मद्दतले निर्णायक युद्ध गरी डोटीलाई हराए। डोटीका राजा नाग मल्लले सन् १४६१ मा काली कुमाउँमाथि आफ्नो प्रभुत्व पुनः कायम गर्न खोजेका थिए, तर उनको हार भयो र उनी मारिए (८८-४/८७६–८७७)। योगी नरहरिनाथले प्रकाशित गराएका वंशावलीमा डोटीका १८२ शासकहरूको नामको उल्लेख छ। ती १८२नामहरू मध्ये अनेक देवदेवताका र पौराणिक नामहरू छन्। डोटीका शासकहरूको सम्बन्धमा केही स्थानीय पुरातात्त्विक सामग्रीहरू पनि पाइएका छन्। उक्त पुरातात्त्विक सामग्रीहरूमा उल्लिखित राजाका नामहरू र वंशावलीमा लेखिएका नामहरू मिलाएर हेर्दा वंशावलीकारले राजाहरूका नामहरू क्रमानुसार राखेको देखिंदैन। पुरातात्त्विक सामग्रीहरूका आधारमा राजाहरूका नाम यस प्रकार छन्: सन् १५५८ तिर डोटीका राजा भूपति मल्ल थिए (राजा भूपति मल्लको ताम्रपत्रमा उनका बाबु अर्जुन मल्लको सपिण्ड श्राद्धको दिनमा जग्गादान गरेको उल्लेख छ)। सन् १६३७ (शक संवत् १५५९) मा रुद्र शाही डोटीका राजा थिए (जग्गादान गरेको एक ताम्रपत्रमा उनका छोरा युवराज पहाडी शाहीको नामको पनि साक्षीको रूपमा उल्लेख छ)। पहाडी शाही डोटीका राजा भएपछि उनका दुईवटा

पुरातात्त्विक सामग्रीहरू- एउटा सन् १६४८ (शक संवत् १५७०)को अभिलेख र अर्को विक्रम शाहीलाई साक्षी भनी उल्लेख गरिएको सन् १६४९ (शक संवत् १५७१)को स्याहा मोहर भएको कागज पाइएका छन्। वंशावलीमा दिइएको रुद्र शाही, पहाड (पहाडी) शाही र विक्रम शाहीका शासन-क्रमलाई उपर्युक्त ऐतिहासिक सामग्रीहरूले पनि प्रमाणित गरेको देखिन्छ। वंशावलीहरूअनुसार एक प्रतापी राजा विक्रम शाहीपछि डोटीमा मान्धाता शाही राजा भएको देखिन्छ। तर आटकिन्सनले सन् १६८५ ताका डोटीमा देवपाल भन्ने राजा भएको र उक्त वर्षमा डोटी र काली कुमाउँबीच ठूलो लडाइँ भएको उल्लेख गरेका छन्। सन् १६९७ मा मान्धाता शाही राजा भइसकेका देखिन्छन्। उनीपछि रघुनाथ शाही र त्यसपछि हरि शाही (सन् १७१८ को ताम्रपत्रअनुसार ज्यूहरि शाही) राजा भए। ज्यूहरि शाहीपछि उनकै भाइ कृष्ण शाही [सन् १७६८ (शक संवत् १६९०)] र सन् १७७८ (शक संवत् १७००) का पुरातात्त्विक सामग्रीहरू पाइएका छन्) डोटीका राजा भए। सन् १७९० (शक संवत् १७१२) मा कप्तान रणवीर खत्रीको फौजले डोटीमाथि विजय प्राप्त गर्दा त्यहाँ दीप शाही राजाको रूपमा देखिन्छन्। (८८–४/८७८–८८०)। बाबुराम आचार्यको भनाइअनुसार "अहिलेको डोटीको इतिहास इ.सं. ७००/८०० भन्दा परको छैन। डोटी कसलाई भन्ने ? अहिलेको डोटी धेरै पछिको आवादी हो जस्तो लाग्छ। अहिलेको डँडेलधुरा पो डोटी हो त।" (७४/६)

**डोल्पा** (धवलागिरि अञ्चल)

१. [?. धो+ल्पा>डोल्पा] छार्का भोटतर्फ रहेको धो तराप गाउँको नामबाट यस इलाकाको नाम 'धोल्पा' रहन गएको थियो र पछि सोही नामको अपभ्रंशबाट ~ हुन गएको हो। (८८–३/५५५)

२. [?, धवला+पा>धोलापा>धोल्पा>डोल्पा] अग्लो तथा प्रसिद्ध धवलागिरि हिमालको उत्तरी खण्डमा स्थित ठाउँ हुनाले 'धवलापा' नाउँ रहन गएको र क्रमशः 'धोलापा', 'धोल्पा' हुँदै ~ नाम रहन गएको हुन सक्छ।

यसलाई छार्का भोट पनि भनिन्छ। धवलागिरिको उत्तरी भागमा रहेको एउटा सानो भोटलाई धोतराप भन्दछन्।

# ढ

**ढोकाटोल** (काठमाडौं)

१. [ने०ढोका+टोल] पहिले नगरको प्रवेशद्वार अर्थात् ढोका रहेको ठाउँमा बसेको टोल हुनाले ~ नाम रहन गएको हो।

काठमाडौं शहरमा ३२ ढोकाहरू थिए भनिन्छ।

**ढुङ्गेगढी** (मकवानपुर)

१. [ने०ढुङ्गा+गढी] ढुङ्गाले बनाइएको किल्ला हुनाले ~ नाम रहन गएको होला।

मूलगढीको तल्लो थुम्कोमा चारैतिर पानीका खाडल-हरू र बीचमा उत्तरतर्फ एकमात्र प्रवेशद्वार भएको सानो गढी बनाइएको छ। गढीभित्र वत्सगोपालको ढलोटको मूर्ति र भग्न अवस्थामा रहेको दरबार छ। दरबारको पूर्व-पश्चिममा दुई पोखरी छन्। मूलगढी चाहिं नरवीर महत नामक वास्तु-कलाविद्ले तयार पारेबापत ३१ बिघा जमीन बिर्ता बकस पाएका थिए रे। (८८–२/६८२)।

**ढोर** (म्याग्दी)

[ने०?] लेकाली खर्कहरूलाई ~ भन्दछन्। (८८–३ ६१७)

म्याग्दीका धेरैजसो पाल्तु पशुहरू वर्षाको याममा ~ नै पुऱ्याइन्छन्। त्यहाँ गाईगोठ, भैंसीगोठ, भेडागोठ आदि रहेका हुन्छन्।

**ढोरपाटन** (म्याग्दी)

१. [ने. ढोर+पाटन] लेकाली खर्कलाई 'ढोर' र पहाडमा समथर परेको ठाउँलाई 'पाटन' भन्दछन्। यी दुवै शब्दको संयोगबाट ~ नाम रहन गएको हो।

**ढोरपाटन** (बोवाङ, बागलुङ)

१. [ने०ढोर+पाटन] लेकाली खर्कलाई 'ढोर' र पहाडमा समथर परेको ठाउँलाई 'पाटन' भन्दछन्। यी दुवै शब्दको संयोगबाट ~ भन्ने नाम रहन गएको हो।

करीब ३०४६ मिटर (१०,००० फीट)को उचाइमा चारैतिर पहाडले घेरिएको र बीचमा पूर्वपश्चिम लामो भएर उत्तरतिर पसेको हुँदा अंग्रेजी अक्षर ' ' जस्तो आकारको ६ किलोमिटर जति सम्म परेको चाक्लो मैदान ~ भनिन्छ। यसको दक्षिणमा सुर्तीवाङ्को धुरी र उत्तरमा फागुनेको धुरी छन् ।

**ढोरवाराही** (तनहुँ)

१. [ने० ढोर+वाराह+ई] ढोर फिर्दी गाउँमा रहेको वाराही भएको हुनाले ~ भन्ने नाम रहन गएको हो । (८८–३/२५०)

खैरेनीटारको ठीक पश्चिमपट्टिको सेती नदी पार गरेपछि ~ पुगिन्छ । यहाँ वाराहीमन्दिरमा प्रत्येक आधा घण्टामा 'गुडगुड' गर्दै पानी निस्कन्छ र सुक्छ । यसलाई वराह भगवान् समुद्रमा पृथ्वी झिक्न हाम्फाल्दा आएको छालको आवाज हो भन्ने विश्वास गरिन्छ । (८८–३/२५०)

# त

**तःझ्याः** (ललितपुर)

१. [नेवा. तव+झ्याल] नेवारीभाषामा 'तव' भनेको ठूलो र 'झ्याल' भनेको 'झ्याल' हुन्छ। भारादार काजीहरूको ठूलठूला झ्याल हालिएका घरहरू रहेको हुँदा ठाउँको नाम नै ~ रहन गएको हो ।(८४/२४)। हेर्नुस् महापाल ।

**तनहुँ (तन्हौं)** (गण्डकी अञ्चल)

१. [सं० त्रि+तुङ्ग>तनहुँ] संस्कृतभाषामा 'त्रितुङ्ग' अर्थात् 'तीनवटा पहाड' भन्ने प्राचीन नाउँको अपभ्रंश भई ~ नाउँ रहन गएको हो ।(८३/७)

**तनहुँसुर** (पाल्पा)

१. [?, तनहुँ+सुर] भृङ्गी सेन (पाल्पाली राजा मुकुन्द सेनका छोरा) ले तनहुँ राज्यको श्रीगणेश गरी यही सुरलाई आफ्नो राजधानी कायम गरेको हुँदा ~ नाम रहन गएको हो । (८८–३/२४६)

यस ठाउँमा सेन राजाको दरबारको भग्नावशेष छ। यसै जीर्ण दरबारको दक्षिणपट्टि पुरानो मन्दिर छ जसलाई बूढी भगवतीको मन्दिर भनिन्छ । यस मन्दिरभित्रको सानो कुवाको पनी कहिल्यै घटबढ हुँदैन भनिन्छ । ~ हटियाको एउटा घरको कोठा कहिल्यै खोलिएको छैन । तनहुँ राजाको एकजना विश्वासपात्रको घर हुनाले सधैं बन्द राखिएको हो भन्ने स्थानीय मानिसहरूको भनाइ छ। वि० सं० १८२७ को फागुन महिनामा गोरखाली सैन्यले अचानक ~ लाई घेर्दा तनहुँका तत्कालीन राजा कामारिदत्त सेनले आत्महत्या गरेको कोठा यही नै त होइन ? (८८–३/२५०) त्यस कोठाभित्र के राखिएको छ भन्ने कुरा घरको मालिकलाई पनि थाहा छैन ।

**तपोवन** (दार्चुला)

१. [सं० तप+वन] प्राचीन कालमा ऋषिमुनिहरूले साधनामा लीन भई तपस्या गर्ने वन भएकोले ~ नाम रहन गएको हो । (८८–४/६६१)

दार्चुला खलङ्गाबाट केही उत्तर दिशातिर महाकाली नदीको किनारामा धारो गाउँको श्रीबगड भन्ने ठाउँमा रहेको ~ मा महाशिवरात्रिको दिन ठूलो मेला लाग्छ । यहाँ एउटा तातो पानीको धारा निस्केको छ जहाँ तीर्थयात्रीहरू स्नान गर्दछन् । (८८–४/६६१) ।

**तमान** (बागलुङ)

१. [?] म्याग्दी जिल्लामा पर्ने सोलेको धुरीबाट झर्ने तमान नामक खोलाको किनारमा रहेको गाउँ हुनाले ~ भनिन्छ । (८८–३/६७८)

**तराई** (मधेश)

१. [अ०तर+आई] पर्सियालीभाषामा ~ को अर्थ हुन्छ : ओसिलो वा धापिलो जग्गा । निकै गर्मी र वर्षा हुने ठाउँ हुनाले 'आर्द्र भूमि' को अर्थमा ~ नाम रहन गएको हो।

२. [ ?,तल + आई ] 'तल' अर्थात् 'पहाडको फेदीको समतल भूमि' हुनाले 'तलाई' भन्ने नाम रहन गएको र त्यसैबाट ~ हुन गएको हो । (११८/४६२)

चुरे पर्वतको श्रृङ्खलाको दक्षिणपट्टिको समतल भूमि ~ वा **मधेस** पनि भनिन्छ ।

**तराईखण्ड** (मधेस)

१. [ ने० तराई + खण्ड ] **चुरे** पर्वत श्रृङ्खलाको दक्षिणपट्टि समुद्रको सतहबाट अधिकतम उच्चाइ ३०५ मिटरसम्ममा रहेको २६ देखि ३२ किलोमिटरसम्मको **चौडा** समथर भूखण्ड ~ भनिन्छ (१६६।२) ।

पूर्वी तराईको चौडाइ बढी फराकिलो छ भने पश्चिमी तराई साँगुरिंदै गएको छ । यो नेपालको सम्पूर्ण क्षेत्रफलको १७ प्रतिशत हुन आउँछ ।

**तरापगाड** (डोल्पो)

१. [ ने० तराप + गाड ] तराप भोट हुँदै बगेर आएको खोला हुनाले ~ भनिएको हो । (१११।१९५)

डोल्पो जिल्लाको यो एक प्रसिद्ध खोला छाँदुल गुम्बानिर आएर भैरवीमा मिल्छ । अतः यसलाई भैरवीको सहायक नदी भन्नु उपयुक्त हुन्छ । ~ को किनारैकिनारा धो, तराप, तिन्जे र पाजाङ जाने बाटो छ । (१११/१९५)

**तलेजु** (काठमाडौं)

१. [ सं०तुलजा>तलेजु ] तुलजाको अपभ्रंश भई नेवारीमा ~ नाम रहन गएको हो ।

काठमाडौं उपत्यकाका भक्तपुर, काठमाडौं, पाटन र कीर्तिपुरका प्राचीन राजदरबारभित्र ~ का भव्य मन्दिर रहेका छन् । मल्ल राजाहरूकी इष्टदेवी तुलजा भवानी राजा हरिसिंहदेवले दिल्लीका सुल्तान गयासुद्दीन तुगलकले बङ्गालमा आक्रमण गरी फर्कंदा सन् १३१४ (ने० सं० ४४४) तिर **सिम्रोनगढमा** पनि हमला गरेकोले त्यहाँबाट नेपाल ल्याएका हुन् भन्ने विश्वास गरिन्छ । मल्ल नेवारहरू अहिले पनि ~ लाई आफ्नो कुलदेवता मान्छन् । नवरात्रिको बेला बलि दिइन्छ ।

**तल्लोकोट** (गोर्खा)

१. [ ने० तल्लो + कोट ] पहाडको फेदीमा निकै तल रहेको दरबार हुनाले ~ भनिएको हो । (१३८/१९०)

**तहाफलेक्वाथ** (**ताहाफलेक्वाथ**) (ललितपुर)

१. [ नेवा० ताहा + फले + क्वाथ ] नेवारीभाषामा 'ताहा' भनेको 'लामो', 'फले' भनेको 'पाटी' र 'क्वाथ' भनेको 'कोत' हुन्छ । तसर्थ ललितपुर दरबारक्षेत्रको दक्षिण भागमा गढ-किल्ला वा कोतघरको रूपमा निर्मित सम्भवतः नेपालको सबभन्दा लामो (३२ कवले) पाटी हुनाले ~ भन्ने नाम रहन गएको हो ।

राजा श्रीनिवास मल्लले इ० सं० १६७८ (ने० सं० ७९८–९९) तिर दरबार र नगरको सुरक्षाहेतु निर्माण गराएको (हेर्नु० डेनियल राइटको 'हिस्ट्री अफ नेपाल', डिल्लीरमण रेग्मीको 'मिडियभल नेपाल' (भाग दुई), ओल्फ गाङ्ग क्लर्कको 'द ट्राडिशनल आर्किटेक्चर अफ काठमान्डू भ्याली') ~ लाई बत्तीस लक्षणले युक्त गराई धर्मशास्त्रका विधिअनुसार प्रतिष्ठा गरिएको कुरा ३२ कवलको रूपबाट स्पष्ट हुन्छ । नगरवासीहरूको सुरक्षाको लागि यहाँ भीमसेनको मूर्ति पनि स्थापना गरिएको छ ।

**ताकम** (म्याग्दी)

१. [ ? ] ताकम भन्ने ठाउँमा रहेको कोट हुनाले ~ भनिएको हो । (८८–३/६२७)

यहाँ हालसम्म पनि पुरानो कोटको भग्नावशेष छ । उक्त कोटमा पुराना हातहतियारहरू पाइन्छन् । ~ मा जगन्नाथ, अन्नपूर्णा, वदान देवता आदिका मन्दिरहरू छन् । यस ठाउँमा बडादशैंको पर्वमा चौधै गाउँका निवासीहरूको मेला लाग्ने हुनाले यसलाई १४ गाउँको मौलो पनि भनिन्छ । ~ देखि केही माथि रहेको पहाडको धुरीमा अनेक सुरुङ र चौताराहरू छन् । ती सुरुङहरूमा पहिले राजा र सैनिकहरू लुक्ने गर्दथे भन्ने जनश्रुति पाइन्छ । (८८–३/६२७) ।

**तातोपानी** (सिन्धुपाल्चोक)

१. [ ने० तातो + पानी ] तातो पानी बगिरहने

धारा र पोखरी भएको हुनाले ~ भन्ने नाम रहन गएको हो । (८८–२/४३५)

चौताराबाट १४ कोस (करीब ४५ किलोमिटर) टाढा अरनिको राजमार्गको छेउमा तातो पानीको मूलबाट १४ वटा ढुंगेधारामा अविरल रूपले तातो पानी बगिरहन्छ । धेरै टाढा-टाढाबाट चर्मरोगले सताइएका मानिसहरू यहाँ आई स्नान गर्दछन् । कार्तिक र चैत्र महीनामा र माघ र जेठ महीनामा यहाँ ठूलो मेला पनि लाग्छ । (८८–२/४३५)

**तातोपानी** (पुलाचौर, म्याग्दी)

१. [ने० तातो+पानी] म्याग्दी खोलाको तीरमा रहेको तातो पानीको कुण्ड हुनाले ~ नाम रहन गएको हो । (८८–३/६१६)

यस कुण्डबाट सधैं गन्धकको गन्ध आउने तातो पानी बगिरहन्छ । यस कुण्डको पानीमा नुहाउनाले चर्मरोग निको हुने विश्वास गरिन्छ । यहाँ फागु पुर्णेका दिन ठूलो मेला लाग्छ ।

**तातोपानी गाउँ** (जुम्ला)

१. [ने० तातो+पानी+गाउँ] गन्धकको गन्ध भएको तातो पानी आउने पाँचवटा धाराहरू भएको ठाउँमा रहेको गाउँ हुनाले ~ भनिएको हो । (८८–४/४५७)

जुम्ला खलङ्गाबाट करीब साढे तीन कोस (११ किलोमिटर) जति पश्चिममा रहेको धारासँगै माथितिर एक निकै राम्रो कलात्मक मन्दिर पनि छ ।

**तातोपानी बजार** (दाना, मुस्ताङ)

१. [ने० तातो+पानी+बजार] कालीगण्डकीको किनारमा रहेका दुई तप्त कुण्डहरू नजीकै रहेको बजार हुनाले ~ भनिन्छ । (८८–३/५१६)

यो बजार दानाभन्दा करीब २ किलोमिटर दक्षिणमा रहेको छ ।

**तादी** (नुवाकोट)

१. [म० ता+दी] (?) हेर्नुस् सूर्यावती ।

**तानसेन** (पाल्पा)

१. [ने० ताम्रसेन>तानसेन] सेनवंशी राजा ताम्रसेनले बसालेको बस्ती हुँदा ताम्रसेन कहलिएको र कालान्तरमा अपभ्रंश भई ~ नाम रहन गएको हो । (८८–३/७७८)

माडीफाँट नयाँ पाटीको बेंसीबाट उत्तरतर्फ उठेको पारिलो पाखोमा श्रीनगर डाँडाको काखमा खानसेन (साना-तिना राज्यहरूलाई आफ्नो अधीन गराउँदै बल्ढचाङबाट राजकाज चलाउने र एक राजपुत्र) का छोरा ताम्रसेनले यो बस्ती बसालेका हुन् । ~ बजारमा ११ वटा टोलहरू छन् जसको केन्द्रबिन्दुको रूपमा यहाँको शीतलपाटी रहेको छ । यस नगरको शिरको रूपमा रहेको श्रीनगरको डाँडामा सेनवंशी राजाको दरबारको भग्नावशेष छ (इसाको सोह्रौं शताब्दीतिर पाल्पामा सेनवंशको उदय भएको थियो) ~ दरबारको नजीकै भगवतीको भव्य मन्दिर (सम्भवतः वि० सं० १८७२ मा तात्कालिक तैनाथवाला कर्णेल उजीर-सिंह थापाले बनाउन लगाएको ) रहेको छ ।

**ताप्लेजुङ** (मेची अञ्चल)

१. [ति० ताप्ले+जोङ्] तिब्बतीभाषामा 'ताप्ले' को अर्थ 'राजाको' र 'जोङ्'को अर्थ 'किल्ला' वा 'गढ' भन्ने हुन्छ । राजाको किल्ला रहेको ठाउँ हुनाले ~ नाम रहन गएको हो । यसैबाट जिल्लाको नाम पनि ~ पर्न गएको हो ।

नेपाल अधिराज्यको सुदूर उत्तर-पूर्वी भागमा अवस्थित यस जिल्लाको उत्तरी क्षेत्रमा तीनतिर पश्चिमबाट पूर्वमा क्रमशः लुम्बासुम्बा, उम्भेक तथा सिङ्गलीला अथवा कुम्भकर्ण हिमालहरूले घेरिएका छन् ।

**ताराकोट** (डोल्पा)

१. [म० तारा+कोट] तराली मगरभाषामा 'तारा' भनेको 'बस्ती' हुन्छ । भेरी नदीको पश्चिमी भागमा पर्ने डाँडाको पूर्वी ढालमा रहेका **शहरतारा, गुम्बातारा, टुप्पातारा** आदि गाउँहरू मिलेर बनेको र पहिले डोल्पा जिल्लाको सदरमुकाम अर्थात् कोट समेतरहेकोले यो ठाउँ ~ भनिन्छ । (८८–३/५७२)

समुद्रको सतहबाट करीब २७४४ मिटर माथि अवस्थित यस ठाउँमा डोल्पा जिल्लाका महत्त्वपूर्ण गुम्बाहरू (टुप्पो गुम्बा, तल्लो माधाङ गुम्बा, माथिल्लो माधाङ गुम्बा, नामग्याल गुम्बा, समथलिङ गुम्बा, घाङसा गुम्बा, टेवा गुम्बा, खारुङ गुम्बा, धाइसा गुम्बा, मनिपेमे गुम्बा, ह्रिसोल गुम्बा, लोमजुङ गुम्बा) रहेका छन्। यी सबै गुम्बाहरू ताराकोटको वरपरका गाउँहरूको माथिल्ला भागमा छरिएर रहेका छन्। (८८–३/५७३)

**तालबारा** (पोखरा)

१. [ने० ताल+वराह] फेवातालको माझमा एउटा स्यानु मझुवा जमीनमा रहेको वराहको मन्दिर हुनाले तालवराह भनिएको र पछि अपभ्रंश भई ~ नाम रहन गएको हो। (६०/८६)

पहिले यहाँ एउटा मामुली झुप्रो मात्र थियो, तर अहिले नेपाली पगोडा शैलीमा बनेको सुन्दर मन्दिर रहेको छ। ~ का दर्शनार्थीहरू नौकाविहारको आनन्द पनि प्राप्त गर्दछन्।

**तिडीबिडी** (खप्तड)

१. [सं० त्रिवेणी>तिडीविडी] तीनवटा खोलाहरूको सङ्गम अर्थात् त्रिवेणी भन्ने नाउँबाटै खोलाको नाम पनि ~ रहेको प्रतीत हुन्छ। (५८/६७)

त्रिवेणी सङ्गममा प्रतिवर्ष भाद्र चतुर्दशीका दिन मेला लाग्दछ। त्यसै सङ्गमको उत्तरपट्टि १२००० फीटको उचाइमा सहस्रलिंगेश्वर शिवजीको पूजा गर्ने मेला लाग्दछ र उक्त दिनमा मखन चढाउने पनि चलन छ। (५८/६७)

**तिब्रिकोट** (तिब्रीकोट) (डोल्पो)

१. [सं० त्रिपुरा+कोट>त्रिपुरीकोट>त्रिपुरकोट> तिब्रिकोट] त्रिपुरासुन्दरी देवीको मन्दिर रहेको ठाउँमा प्राचीन कोट हुनाले त्रिपुराकोट नाम रहन गएको र त्यसैको विकृत रूप ~ हो (१११/७४, ८८–३/५७२)

यो ठाउँ भेरी नदी र ढलगाड खोलाको सङ्गमनिर रहेको उच्च टाकुरामा रहेको छ। कल्याल राजा भानसाई (सन् १५२९–१५८५) को ऐतिहासिक ताम्रपत्रमा यस ठाउँलाई 'त्रिपुरकोट रजस्थान' भनेर उल्लेख गरिएको छ (८८–४/३९६)। यहाँ रहेको त्रिपुरासुन्दरीको मन्दिरभित्र मुख्य मूर्ति भगवतीको भए पनि यसमा भैरव तथा अनेक हिन्दू देवदेवीका मूर्तिहरूको साथै एउटा बुद्धको मूर्ति पनि पाइन्छ। (८८–३/५७२)

**तिमकोठिया** (गुलरिया, बर्दिया)

१. [?, तिम+कोठी+या] गुलरिया बजारको उत्तर-पश्चिममा रहेको ~ भन्ने ठाउँको पूर्वमा रुपैयाँले भरिएका ठूलठूला दुई वटा घडा जमीनभित्र गाडिएका छन् भन्ने विश्वास गरिन्छ भने पश्चिममा चाहिं एउटा जाँतो र केही माटाका मूर्तिहरू छन्। घडा निकाल्न खोज्ने व्यक्ति तुरुन्त मृत्युको मुखमा पर्छ भन्ने विश्वासअनुसार अहिलेसम्म कसैले पनि सो घडा झिक्ने साहस गरेको छैन भने जाँतो रहेको ठाउँमा बिहान सबेरै हेर्न गयो भने वरिपरि पीठो छरिएको हुन्छ भनिन्छ। (८८–४/७११)

**तिरहुत** (जनकपुर)

१. [सं० तीर+भुक्ति] 'तीर' अर्थात् 'नदी तीरको' 'भुक्ति' अर्थात् 'प्रशासनिक भाग' हुन.ले नदीतीरको प्रदेश अर्थात् सीमान्त क्षेत्र भन्ने अर्थमा 'तीरभुक्ति' नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो। (६५/६६)

दक्षिणमा गङ्गा, पूर्वमा कोशी र पश्चिममा गण्डकी भित्रको प्रदेशलाई पहिले ~ वा विदेह भनिन्थ्यो। मुख्यतः आजको दरभङ्गा जिल्ला (भारत) ले ~ को प्रतिनिधित्व गरेको मानिन्छ। (६५/६६)

**तिलखोला** (हुम्ला)

१. [ने० तिल+खोला] तिलगाउँनजीकै बग्ने खोला हुनाले ~ नाउँ रहन गएको हो। (१२८ ख/२८)

**हुमला**को पश्चिमोत्तर कुनामा रहेको २४०६४ फीट अग्लो नालकंकर हिमालको हिउँ पग्लेर बनेको ~ नेपाल सरहदमा पसेपछि पूरै **लिमी** उपत्यकालाई सिंचेर बग्ने टाकचे गङ्गामा मिसिन्छ र हुम्ला कर्णालीको पहिलो सहायक नदी बन्छ। यसैको किनारामा समुद्रसतहबाट करीब १२७०० फीटमाथि ३५ ध्वाङ (घरधुरी) भएको तिलगाउँ रहेको छ। (१२८ख/२८)

**तिलमाधव** (भक्तपुर)

१. [ सं० तिल+माधव ] तिलको थुप्रोबाट उत्पन्न भएको विष्णु हुनाले ~ भन्ने नाम रहन गयो*।(५२/६७)

**तिलौराकोट** (तौलिहवा)

१. [ ने० तिलौरा+कोट ] तौलीहवा बजारदेखि डेढ कोस जति उत्तरमा वाणगङ्गाको पूर्वी किनारामा रहेको किल्ला अर्थात् कोट ~ भनिन्छ। (८८–३/१०१८)

यो ठाउँ गौतम बुद्धका पिता राजा शुद्धोदनको राजधानी मानिएको छ। उत्तरदक्षिण करीब ४८७ मिटर(१६०० फीट) लामो र पूर्व-पश्चिम ३०५ मिटर (१००० फीट) चौडाइ भएको यो प्राचीन स्थल चारैतिर ईटको पर्खालले घेरिएको छ। पर्खालदेखि बाहिर चारै दिशामा ढोकाहरूका अवशेषहरू पनि भेटिएका छन्। पर्खालदेखि बाहिर चारैतिर खाल्टो वा पोखरी खनिएको छ। कोटभित्र प्राचीन भवनका भग्नावशेषहरू प्रशस्त मात्रामा फेला परेका छन्। यहाँ दुईवटा पोखरीहरू र एउटा माईको मन्दिर पनि छन्। पर्खालबाहिर नजीक-नजीकै जहाँतहीं थुम्काहरू देखिन्छन्। यहाँ उत्खनन गरेमा स्तूप, मन्दिर तथा भवनहरू पाइने आशा गरिन्छ। (८८–३/१०१८)

**तीनधारा** (बनेपा)

१. [ ने० तीन+धारा ] शहरको केन्द्रमा तीन वटा ढुंगे धारा बनाइएको ठाउँ हुनाले ~ भनिन्छ। (१६०/६०)

यसै ठाउँबाट चण्डेश्वरीको रथयात्रा शुरू गरिन्छ। त्यस जात्राको समयमा त्यहाँ अग्निज्वाला राक्षसको छ्वालीको ठूलो पुतला पनि जलाइन्छ। (१६०/६०)

**तीनधारा पाकशाला** (काठमाडौं)

१. [ तीन+धारा+पाकशाला ] तीनवटा ढुंगे धारा रहेको ठाउँमा बनाइएको पाकशाला (संस्कृत पाठशालाको छात्रावास)को आधारमा नै ठाउँको नाम समेत ~ रहन गएको हो।

---

* तिलराशेः समुद्भूतो यतो देवो जनार्दनः।
तिलमाधवनामेति ततस्तस्य प्रतिष्ठितम् ॥
–नेपालमाहात्म्य, अ० ७, श्लो० १३–१४

**तीनपाटन** (जनकपुर)

१. [ ?, त्रि + पट्टन > तीनपाटन ] सम्भवतः हरिसिंहदेवको राजधानी **पट्टनपुरी**को आधारमा त्रिपट्टन वा ~ भनिएका हो।

जनकपुरको ईशानपट्टि चूरे उत्तरको भित्री मधेशको घाँचमा पर्ने यो ठाउँ सिम्रौनगढका राजाहरूको ग्रीष्मकालीन राजधानी थियो।

**तीनपानी** (काठमाडौं)

१. [ ने० तीन+पानी ] बाग्मती नदीको नजीकै काठमाडौंबाट दक्षिणतर्फ रहेको भन्ज्याङ ~ भनिन्छ। (१५५/१६)

**तोलाठी** (सप्तरी)

१. [ ने० तीन+लठ्ठी ] त्रिदण्डी (सम्भवतः तीनपल्ट व्रतबन्ध गराई तीन पटक दण्ड अर्थात् लठ्ठी धारण गरेकोले यस्तो नाम रहेको होला) भन्ने गोसाईं पण्डितले आफू वैदिक रूपमा अशुद्ध भएको सम्झी आफ्नो व्रतबन्ध संस्कार तीनपटक गराएको र तीनपटक लठ्ठी (लाठी) लिएको ठाउँमा रहेको गाउँको नाम नै ~ रहेको हो।(८८–१/८२२)

यो ठाउँ राजविराजदेखि ७ किलोमिटर दक्षिणमा रहेको छ।

**तेबहाल टोल** (काठमाडौं)

१. [नेवा० तगो+बहाल+त्वाल ] नेवारी भाषामा 'तगो' वा 'तः' भनेको 'ठूलो', 'बहाल' भनेको 'विहार' र 'त्वाल' भनेको 'टोल' हुन्छ। ठूलो विहार भएको ठाउँमा रहेको टोल हुनाले "तः बहालतत्वाल' नाम रहन गएको र यसैबाट अपभ्रंश भई ~ हुन गएको हो।

**तेरथुम** (तेह्रथुम) (कोसी अञ्चल)

१. [ ने० तेह्र+थुम ] लिम्बुवान प्रदेशका जम्मा १७ थुम अर्थात् इलाकाहरूमध्ये १३ थुम अलग्याई वि० सं० १९५२ मा त्यस क्षेत्रको जग्गाको तिरो उठाउन एउटा अलग्ग माल अड्डा खडा गरिएको इलाका हुनाले जिल्लाको नाम समेत ~ रहन गएको हो। (८८–१/३२५)

**तौतर** (सिराहा–सप्तरी)

१. [ ? ] ~ प्रगन्नाभित्र पहिले हिउँदमा चौदण्डीका राजाहरू गएर बस्ने अम्बरपुर भन्ने प्रसिद्ध बस्ती थियो। (८८–१/६६८)

**तौमढी टोल** (भक्तपुर)

१. [सं० तिल+माधव+ने० टोल] **तिलमाधव** नामक नारायण स्थापना गरिएको ठाउँमा रहेको टोल हुनाले तिलमाधवटोल भन्ने नाउँको अपभ्रंश भई (नेवारी टाँचामा) ~ भनिन थालेको हो।

**तौलिहवा** (कपिलवस्तु)

१. [सं० तौलेश्वर+हवा > तौलिहवा ] तौलेश्वर नाथ रहेको 'हवा' अर्थात् 'बस्ती' हुनाले शहरको नाउँ नै तौलेश्वरहवा रहेको र त्यसैको अपभ्रंश भई ~ भनिन थालेको हो। (८८–३/१०१५)

समुद्रको सतहबाट १०३ मिटर (३४० फीट) को उचाइमा पूर्वमा जमवार र पश्चिममा वाणगङ्गा नदीको बीचमा यो बजार अवस्थित छ। बजारको बीचमा ठिङ्ग उभिएको तौलेश्वरनाथको मन्दिर छ। यो शहर प्राचीन कालमा **कपिलवस्तु** नामले प्रख्यात थियो।(८८–३/१०१५)

**तौलेश्वर** (कपिलवस्तु)

१. [? तौल+ईश्वर] वाणगङ्गाबाट लोटामा पानी भरेर (अर्थात् तौलेर) खडेरी परेको वेला महिलाहरूले स्तुति गाउँदै जल चढाइने हुँदा यी शिवजीको नाम ~ रहेको होला।

यहाँ महिलाहरूले लोटामा गाईको दूध (बच्चा भएका महिलाहरूले आफ्नो स्तनको दूध र अझ वि.सं० २०२९ मा समेत औंलाको टुप्पा काटी रगत समेत) शिवजीमा चढाउने प्रथा छ। (८८–३/१०२९)

**त्रिभुवनबजार** (सर्लाही)

१. [ने० त्रिभुवन+बजार] श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवको नाउँबाट रहेको बजार ~ भनिन्छ।(१६८/१५३)

यो बजार मलङ्गवाबाट १२ माइल दक्षिण-पूर्वतर्फ रहेको छ।

**त्रिभुवन विमानघाट** (गौचर, काठमाडौं)

१. [ने० त्रिभुवन+विमान + घाट ] श्री ५ त्रिभुवनको स्मृतिमा गौचर हवाइअड्डाको नाम ~ राखिएको हो। (७०/२७४)

वि० सं० २००७ साल कार्तिक २६ गते सर्वप्रथम राजपरिवारका सबै सदस्यहरूसहित श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवबाट दिल्ली (भारतको राजधानी)-तर्फ प्रस्थान गरिएको र त्यसै साल फागुन ४ गते स्वदेश-फिर्ती सवारी भएको हवाईअड्डा हुनाले ~ भन्ने नाम राखिएको हो। श्री ५ महेन्द्रबाट वि० सं० २०१२ साल जेठ ३० गते ~ को उद्घाटन भयो। (७०/२७४)

**त्रिवेणी** (पाल्पा)

१. [सं. त्रि+वेणी] काली, त्रिशूली र मर्स्याङदी समेत तीन नदीको सङ्गमस्थल हुनाले ~ भनिन्छ। (१८८/४८४)

**त्रिवेणी** (नवलपरासी)

१. [सं० त्रि+वेणी] नारायणीनदीमा पञ्च र सोना (तमांसा) नदीहरू मिल्ने ठाउँ हुनाले ~ भनिएको हो।

यहाँ माघे औंसीका समयमा तीन दिनसम्म ठूलो मेला लाग्दछ। अधिराज्यका उत्तरी क्षेत्रका व्यापारीहरूका साथै भारत र सिक्किमका व्यापारीहरूको पनि ठूलो संख्यामा यहाँ भेला हुन्छ। त्यस वेला यहाँ घोडा र कुकुरहरूको पनि किनबेच हुन्छ। भारतका पण्डाहरू पनि पूजाआजा गराउन आउँछन्। (८८–३/६०३)

**त्रिवेणी बजार** (नवलपरासी)

१. [ने० त्रिवेणी+बजार] पञ्च खोला र तमांसा (सोना) खोला नारायणी नदीमा मिसिने ठाउँनिर रहेको बजार हुनाले ~ भनिएको हो। (८८–३।८९४)

**त्रिवेणीपुर** (अर्घाखाँची)

१ [ सं० त्रि+वेणी+पुर ] बागीखोला, घोचोखोला र भद्रखोलाको त्रिवेणी परेको ठाउँमा रहेको बस्ती हुनाले ~ भन्दछन्। (८८–३/८३५)

समुद्र सतहदेखि करीब ९१५ मिटर (३००० फीट)

को उचाइमा अवस्थित यो बजार सदरमुकाम नरपानीबाट ४ कोस (१३ किलोमिटर) उत्तरमा रहेको छ। यो ठाउँ चुत्रावेंसी पनि भनिन्छ। त्रिवेणीसङ्गम परेकोले तीर्थस्थल मानिएको हुँदा यहाँ शिवमन्दिर र दुर्गामन्दिरहरू रहेका छन्। यहाँ शिवरात्रि, माघे संक्रान्ति, फागु पूर्णिमा र कात्तिक महीनाको ठूलो एकादशीमा मेला लाग्छ। बडादशैंको द्वादशीका दिन लाग्ने ठूलो मेलामा सराय पनि खेलिन्छ। (८८–३/८३५)

**त्रिशूलगिरि** (रसुवा)

१. [ सं० त्रिशूल+गिरि ] नीलकण्ठ शिवले विषको पीडा सहन नसकी आफ्नो त्रिशूलले चट्टान प्वाल पारेर चिसो पानी निकालेको पर्वत हुनाले ~ नाम रहन गएको हो। (५२/४५)

**त्रिशूली** (नुवाकोट)

१. [ सं० त्रि+शूल+ई ] शिवले आफ्नो त्रिशूलले पहाड प्वाल पारेर निकालेको पानी बग्ने नदी हुनाले ~ भन्ने नाम रहन गएको हो।

'नेपाल माहात्म्य'–मा यस नदीलाई 'त्रिशूलभेदजा गङ्गा' भनिएको छ। यो नदी **गोसाइँकुण्ड**बाट निस्केको छ। रसुवाजिल्लामा चुले ढुङ्गाजस्तो भई बसेका सबैभन्दा उच्चा तीन हिमाल ~ लामटाङ हिमाल (जसको घाँचबाट **लामटाङखोला**) निस्कन्छ), गणेशहिमाल (जसबाट थोमोजेखोला निस्केको छ) र गोसाइँकुण्ड हिमाल (जसको फेदीमा रहेको **गोसाइँकुण्ड**बाट त्रिशूली नदी निस्केको छ) बाट बग्ने लेन्दी इत्यादि सबै खोलानालाहरू तिब्बतक्षेत्रबाट आएको **भोटेकोशी**मा नै मिसिई नुवाकोट जिल्लाको बीचबाट त्रिशूलीको नामले बगेको छ।

**त्सा–चु** (सोलो-खुम्बु)

१. [ शे० त्सा+चु ] शेर्पाभाषामा 'त्सा' भनेको 'तातो' र 'चु' भनेको 'पानी' हुन्छ। मकालु पर्वतनजीकै रहेको यस ठाउँमा तातो पानीको मुहान रहेको हुनाले यस गाउँको नाम ~ रहन गएको हो। (१५२/२४)

सर्वप्रथम सन् १९५३ को मईमा सगरमाथा आरोहण गर्ने एक जना तेन्जिङ नोर्गे शेर्पाको जन्म यसै गाउँमा भएको थियो।

# थ

**थक्वा** (थानकोट)

१. [ नेवा० थव+क्वाथ ] नेवारीभाषामा 'थव' वा 'थः' भनेको 'माथि' र 'क्वाथ' भनेको 'किल्ला' हुन्छ। गोपालवंशी राजाहरूको सबभन्दा अग्लो ठाउँमा रहेको दर्बार वा किल्ला हुनाले 'थवक्वाथ' भनिएको र त्यसैको अपभ्रंश हुँदै 'थः क्वात' र 'थः क्वाः' बाट ~ नाम रहन गएको हो*। हेर्नुस् थानकोट।

**थर्पु** (गमदरा, जुम्ला)

१. [?] सम्भवतः 'थर्पु' शब्द 'स्थान' को द्योतक हो। त्यसैले गमदराको एउटा गाउँ नै ~ भनिन्छ।

'थर्पु' प्रत्यय लागेका अरू स्थाननामहरू पनि प्रशस्त छन्। जस्तै– स्वरुदराको नाथर्पु र पुण्य मल्लको ताम्रपत्र (सं० १३९४) मा उल्लिखित विउथर्पु (विउथर्पु राजकरि अक्र्या' भन्ने लेखिएको छ) इत्यादि।

**थरुहट** (तराई)

१. [ था. थारु+हट ] थारू जातिको बसोबा भएको इलाका हुनाले ~ नाम रहन गएको हो।

पर्सा जिल्लाको उत्तरी भागमा वस्तीको हिसाबले थारू जातिको बहुलता भएकोले यो इलाका ~ र दक्षिणतर्फ चाहिं गैरथारू जातिको बहुलता भएको प्रदेश बाझियान भनिन्छ।

**थाकखोला** (धौलागिरि अञ्चल)

१. [ ने. थाक+खोला ] थकाली जातिको बसोबास

---

* लिच्छवियुगको "थेन्चोग्रामः"।
नेबारीमा 'थक्वा' छ नाम ॥
— प्रकाश

भएको उपत्यकामा बग्ने खोला हुनाले ~ नाम रहन गएको होला।

**थाकगाउँ** (मुस्ताङ)

१. [ने. थाक+गाउँ] थकाली जातिको निवासस्थान हुनाले ~ भनिन्छ।

**थाकसातसे (थाकसातसय)** (धौलागिरि अञ्चल)

१. [ने. थाक + सात+सय] थाकखोलाको उपत्यकामा थकालीहरूको सात सय घर धुरी भएको क्षेत्र हुनाले थकाली जातिको परम्परागत वासस्थान ~ भनिएको होला। (१५३/८१)

**थानकोट** (काठमाडौं)

१. [नेवा. थः + क्वाथ>थक्वात> थक्वा: > थानकोट] गोपालवंशी राजाहरूका दर्वारहरूमध्ये सबभन्दा अग्लो ठाउँमा रहेको दर्बार हुँदा नेवारीमा 'थक्वाथ' भनिएको र त्यसैको अपभ्रंश हुँदै 'थक्वात' बाट ~ नाम रहन गएको हो। (८४/३३)

२. [कि. थेन्चो>थेन्>थान+कोट] लिच्छविकालमा थेन्चोग्राम' भनिने यस ठाउँमा पछि कोट बनाइएको हुनाले 'थेन्जो'को अपभ्रंश रूप 'थेन्' को 'थान' भई ~ नाउँ रहन गएको होला। (९५/५७)

३. [सं. स्थान+कोट] 'थान' अर्थात् 'देवताको स्थान' वा 'ठाउँ' र 'कोट' अर्थात् 'दरबार' को योगबाट स्थानकोट' नाम रहन गएको र पछि अपभ्रंश भई ~ नाम हुन गएको हो। (११०/७)

पं. मुरलीधर भट्टराईले ~ लाई वाणासुरको राजधानी बताएका छन्। हिन्दी भाषाको 'नालन्दा' विशाल शब्द सागरमा चाहिं देवकोट अथवा देवीकोटलाई वाणासुरको राजधानी भनिएको छ। (११०/७)

**थापाथली** (काठमाडौं)

१. [ने. थापा+स्थली] थापाहरू बस्ने ठाउँ भएको हुनाले ~ नाम रहन गएको हो। (११/५९)

यहीं नै प्रधानमन्त्री भीमसेन थापा (मृत्यु ई. १८३९) को दरबार रहेको थियो। नेपालको प्रधानामात्य पद पाएपछि जङ्गबहादुरले पनि यसैलाई आफ्नो वासस्थान बनाएको हुँदा उनलाई जनसर्वसाधारणबाट ~ महाराज भनी सम्बोधन गरिन्थ्यो।

**थाय्मरु टोल** (काठमाडौं)

१. [नेवा. थाय्+मरु+त्वाल] नेवारी भाषामा 'थाय्' भनेको 'ठाउँ', 'मरु' भनेको 'छैन' र 'त्वाल' भनेको 'टोल' हुन्छ। घर बनाउन बढी जग्गा नभएको भन्ने अर्थमा टोलको नाम नै 'थाय्मरुत्वा:' रहन गएको र त्यसैको आधारमा ~ हुन गएको हो।

**थिंछाप** (काभ्रेपलान्चोक)

१. [ता. थिं+छाप] 'थिं' थरका तामाङ जातिको 'छाप' अर्थात् 'बिर्ता थलो' हुनाले ~ नाम रहन गएको हो। (८८–२/१४३)

**थीमत्योदब्** (काठमाडौं)

१. [नेवा. थी+मत्यो+दबुलि] वि. सं. २००७ साल अघिसम्म प्रहरीले छुन समेत नदिने डबली भएको हुनाले बेलायती दरबार अगाडिको डबलीलाई नेवारी भाषामा ~ भन्दछन्। (३८/९७)

पृथ्वीनारायण शाहले इन्द्रजात्राको दिन काठमाडौं सर गरेपछि कुमारीघर अगाडिको यसै डबलीमा गद्दी राखी कुमारीको दर्शन गरेको परम्पराअनुसार त्यहाँ राजाको गद्दीमा श्री ५ राज हुने (पछि श्री ५ को खड्ग राख्ने) परम्परा थियो। (३८/९७)

**थोतेमस्टो** (गिरीचौका डोटी)

१. [ने० थोते+मस्टो] दाह्रो फुक्लिएको वा भाँचिएको मस्टो अर्थात् देवता हुनाले ~ नाम रहन गएको हो।

उहिले थलाराका राजाले **दाडे (दाह्रे) मस्टोले** दाँतले बोको काट्छ रे भन्ने सुनेर एउटा सानो बोको किनेर सानैमा गर्धनभरिको फलामको पातो खुकुलो गरी बाँध्न लगाएछन्। बोको ठूलो भएर मोटाउँदा सो फलामको

पातो गर्धनभरिको भएछ र त्यस पातालाई रौंले पनि छोपेछ। अनि राजाले मौका पारेर सो बोको दाडे मस्टोको धामीलाई काट्न भनेर दिएछन्। धामीले देउता बोकेर **काम्दै** उक्त बोको दाँतले काट्न त काटेछ तर उसका दाँत (दाह्राहरू) सबै नै भाँचिएछन्। त्यसै बेलादेखि त्यो दाँत भाँचिएको मस्टोलाई ~ भन्न थालेछन्।

**थ्याङ्गबोचे** (सोलुखुम्बु)

१. [ति० थाङ्ग+बोचे] तिब्बती भाषामा 'थाङ्ग' माने 'ठूलो' र 'बोचे' माने 'मैदान' हुन्छ। हिमालयको काखमा नभन्दै निकै ठूलो मैदानमा रहेको बौद्धविहार हुनाले ~ भनिएको हो।

समुद्र-सतहबाट ३८६७ मिटर अग्लो सम्म परेको ठाउँमा बौद्धविहारको निर्माण सन् १९२३ मा भएको हो। लम्बाइ र चौडाइ १२/१२ मिटर भएको तीनतले यस बौद्धमन्दिरमा पहिलो तलामा मात्र काठका खम्बाहरू भएको एउटा ठूलो कोठा छ। मन्दिरभित्र पस्ने ढोकामा रक्षकको रूपमा ५ वटा चितुवाका मूर्तिहरू छन्। दोस्रो तलामा धर्मग्रन्थहरू–'कान्जुर' (१०८ भाग) र 'तान्जुर' (२२५ भाग) आदिको साथै धर्मग्रन्थ छाप्ने काठका साँचाहरू पनि राखिएका छन्।

# द

**दक्षिणकाली** (फर्पिङ, काठमाडौं)

१. [सं० दक्षिण+काली] सूर्योदय हुँदा पूर्वतर्फ फर्केर हेर्दा दाहिने हाततिर पर्ने ठाउँ अर्थात् दक्षिणतर्फ रहेको कालीको स्थान भएको ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (१६१/३०८)

त्यहाँ मङ्गोल बान्कीको एउटा देवीको मूर्ति रहेको छ।

**दक्षिणकोलीग्राम (दक्षिकोलीग्रामद्रंग)** (काठमाडौं)

१. [सं० दक्षिण+कोलीय+ग्राम+द्रंग] दक्षिण-पट्टिको कोली (सम्भवतः कोलीय) जातिको बस्ती र 'द्रंग' हुनाले ~ भनिन थालेको प्रतीत हुन्छ (९५/४१)। हेर्नुस् क्वः ने।

"दक्षिणकोलीग्राममध्ये गीटा भन्ने पञ्चायतका रैतीहरूलाई सम्बोधन गरी लेखिएको अभिलेखको स्थिति (State) को आधारमा यस गाउँलाई काठमाडौं शहरी इलाका भित्रै रहेको मान्न सकिन्छ" (९५/४१)। सम्भवतः नेपाल र गोरखपुरको सीमामा पर्ने धमौली भन्ने इलाकामा बस्ने प्राचीन भारतको एक जनजाति कोलीय (कोली) ले उपत्यकामा पनि आई बसोबास गरेको थियो।

**दन्तकाली** (मोरङ)

१. [सं० दन्त+काली] दाँतको आकारको कालीको मूर्ति भएकोले ~ भनिएको हो। (४८/६६)

यसलाई सतीदेवीको दाँत पतन भएको पीठ भन्ने चलन छ। सेन राजाहरूले तुलाराम भन्ने व्यक्तिलाई ~ का पुजारी बनाई बिर्ता राखिदिएका थिए। (४८/६६)

**दन्तकाली डाँडा** (मोरङ)

१. [ने० दन्तकाली+डाँडो] दन्तकालीको स्थान रहेको डाँडो हुनाले ~ नाम रहन गएको हो। (४८/८६)

**दनेपाचो** (भक्तपुर)

१. [नेवा० दने+पा+चो] नेवारी भाषामा 'दने' भनेको 'बनाउनु' 'पा' भनेको 'पहाड' र 'चो' भनेको 'उच्च' वा 'अग्लो' हुन्छ। माटाका डल्लाहरू जम्मा पारेर बनाइएको अग्लो थुम्को हुनाले ~ नाम रहन गएको हो।

गगनसिंहदेव (हरिसिंहदेवका छोरा) भक्तपुरको गद्दीमा बसेपछि श्री तुलजा भवानीलाई हरेर लैजानलाई भोटेहरू धेरै लश्करहरू लिएर आएका थिए। सबै लश्करहरू खासांखुसुं खोलामा पुग्दा श्री तुलजा भवानीको मायाले गर्दा भक्तपुर शहर नै दनदन बलिरहेको भोटेहरूले देखे। अनि आश्चर्य मानी एक एक डल्लो माटो सबैले राख्दा पहाड नै बन्यो तैपनि आगो नै बलेको देखेर सबै त्यसै फर्की गएका थिए। त्यसै बेला भोटेहरूले राखेको माटाका डल्लाहरूको पहाड आजसम्म ~ नामले प्रख्यात भएको छ।

**दमाईथोक** (भार्से, गुल्मी)

१. [ने० दमाई+थोक] टुँडिखेलको केही दक्षिणतिर कवाज खेल्दा बाजा बजाउने दमाईहरू बसेको ठाउँलाई ~ भन्दछन् । (८८–३/७२८)

भार्से अर्कुलकोटमा मगर राजाको दरबारमुनि सेन बस्ने घरको भग्नावशेष र कवाज खेल्ने सानो टुँडिखेल पनि रहेको छ ।

**दमौली** (तन्हौं)

१. [?] मादी नदीको किनारामा रहेको ~ मा नै पराशर ऋषिले तपस्या गरेका थिए र कालान्तरमा उनको तपस्या भङ्ग भएर वेदव्यास जन्मेका थिए भनिन्छ । यहीं नै महर्षि व्यासले पनि तपस्या गरेका थिए रे । (६४/८)

**दरबार देवीस्थान** (गुल्मी)

[ने. दरबार+देवी+स्थान] एउटा पुरानो दरबार र देवीस्थान पनि भएकोले यो ऐतिहासिक ठाउँ ~ भनिन्छ । (८८–३/७२७)

चौबीसे राज्यहरूमध्येको एक गुल्मीका राजाका सन्तान-हरू अद्यापि यहाँ बसेका छन् । यहाँ मगरहरूको बाक्लो बस्ती छ । यहाँको दरबारमा पुराना भाँडाकुँडा, खड्ग, तोप आदि अझै छन् र देवीस्थानमा चाहिं बडा दशैं र चैते दशैं, वैशाख पूर्णिमा र मङसीरमा पूजा हुन्छ । (८८–३/७२७)

**दरबार स्कूल** (काठमाडौं)

१. [दरबार+स्कूल] राणाकालमा दरबारिया बालकहरूलाई अंग्रेजी पढाउनको लागि खोलिएको स्कूल हुनाले ~ नाम रहन गएको हो ।

**दरौं खोला** (स्याङजा)

१. [?] दरौं भन्ने गाउँबाट निक्लेको खोला हुनाले ~ भनिएको हो । (८८–३/३७८)

डहरे लेख र खानी गाउँनिरको पहाडबाट निक्लेको यो खोला ४ कोस लामो छ र सतौं हटियानेर आँधी खोलामा मिसिन्छ । (८८–३/३७८)

**दशधिमाल** (झापा र मोरङ)

१. [दश+धि+माल] किरातइङ्वाका दश भाइ छोराहरूमध्ये कान्छा थाङदावाका जेठा छोरा धिकोकपाका सन्तान धिमालहरू दश दिशातिर छरिएर बसोबास गरेको क्षेत्र हुनाले ~ भनिएको हो । (४५/४)

मोरङ जिल्लाको लोहोन्द्रा खोलादेखि पूर्व र झापा जि-ल्लाको रतुवा खोलाको पश्चिमतिरको भूखण्डभित्र धिमाल-हरू बस्छन् । आफ्नो बसोबास क्षेत्रको चार किल्ला बाँध्दा धिमालहरू चिसाङ (लोहोन्द्रा) खोला पूर्व, मेची खोला पश्चिम, बबिया बिर्तालेती गोविन्दपुर उत्तर र माल-लाख सिमाना दक्षिण बताउँछन् । यो चार किल्लाको क्षेत्रभित्र धिमालहरू मोरङ जिल्लाअन्तर्गत हरैंचा, कसैनी, डागीहाट, बाहुनी, केरोन, बयरबना, अमरदह, राजघाट, लेटाङ, मधुमल्ला, बबिया बिर्ता, गोविन्दपुर आदि १४ गाउँ र झापा जिल्लाअन्तर्गत दमक, गौरादह, तोपगाछी, पारा-खोपी, अनारमनी, शनिश्चरे, धाइजन, दुहागडी, शान्तिनगर, नकलबन्दा, बाहुनडाँगी, ज्यामिरगढी, धुलाबारी आदि १३ गाउँ गरी जम्मा २७ गाउँहरूमा छरिएर बसेका छन् । (४५/४)

**दशलिम्बुवान** (दसलिम्बुवान) (पल्लो किरात)

१. [ने. दश+लिम्बु+वान] दश थुममा विभाजित लिम्बूहरू बस्ने प्रदेश हुनाले ~ नाम रहन गएको हो । (२७)

यिनै दश थुममा बस्ने लिम्बूहरूले आफ्नो जातिलाई नै संयुक्तरूपमा 'याकाथुम्बा' अर्थात् 'दश थुमका निवासी' भन्ने चलन चलाए । दश थुमहरूमध्ये पाँच थर थुममा यासोक फेदेन गढी बनाई यिङासो पापो हाङ राजाले राज्य गरेका थिए । (२७/१)

२. [दश+लिम्बु+वान] कुनै समयमा दश जना लिम्बू राजाहरूद्वारा शासित प्रदेश भएको हुनाले ~ भन्ने नाम रहन गयो । (८८–१/३३२)

चीनको युनान प्रदेशका शान जातिहरू लडाइँमा हारी पूर्वी भारतको आसाममा आई बसेका थिए । पछि धमाधम पश्चिमतिर सर्दै दश जना सरदारहरूले आठ जना किरात राजाहरूलाई धनुर्वाणको सहाराले मारेर हात पारेको क्षेत्र-लाई आपसमा बाँडी शासन चलाउन थाले । दश जना धनुर्धारी

शासकहरूले शासन चलाएको प्रदेश हुनाले अरुण नदीको पूर्व र टिस्टा नदीको पश्चिमतर्फको यो क्षेत्र ~ भनियो। यो प्रदेश नेपाल अधिराज्यमा मिलाइएपछि गाउँका प्रमुख लिम्बूहरूलाई 'सुब्बा' भन्ने मानपदवीले विभूषित गरिएको थियो। (८८–१/३३२)। यस इलाकामा कोसी अञ्चलका तेह्रथुम, संखुवा सभा र धनकुटा जिल्ला तथा मेची अञ्चलका ताप्लेजुङ पाँचथर र इलाम जिल्ला रहेका छन्। (१५३/४०)

**दसगजा** (तराई)

१. [ने. दश+गज] सन् १८१६ को सुगौली सन्धि-पश्चात् पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बनाइएको सीमा रेखाको चौडाइ १० गज राखिएको हुनाले ~ भनिएको हो। (११७/२)

यस सीमा रेखामा सिमाना छुट्याउन अनिश्चित अन्तरमा विभिन्न आकार र उचाइका खम्बाहरू पनि बनाइएका छन्।

**दहचोक** (काठमाडौं)

१. [ने. दह+च्व] माथि अग्लो ठाउँमा कुण्ड रहेको भन्ने अर्थमा नेवारीमा 'दहच्व' भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो।

२. [सं. दह+उच्च] डाँडामाथि दह रहेको हुनाले पहाडको नाम नै ~ रहन गएको हो।

यसै डाँडामा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका सर गर्नुअघि बनाएको एउटा किल्ला पनि रहेको छ। बडा दसैंमा त्यसै किल्लाबाट थानकोटमा पनि फूलपाती लगिन्छ।

**दहरेलेक** (पर्वत, धौलागिरि अञ्चल)

१. [ने. दहर+ए+लेक] सोली घोप्ट्याएको जस्तो आकारको शिखरमा छिद्र भएको हुँदा पर्वतको नाम नै ~ रहन गएको हो। (११६/४७)

शिखरमा रहेको छिद्रबाट पैसा आदि खसालिदिए छिन्द्रिङ छिन्द्रिङ बज्दै निकै तल पुगेको सुनिन्छ। ~ लाई **नीलकण्ठ पर्वत** पनि भन्दछन्। (११६–४७)

**दाङ** (भित्री मदेश)

१. [? दङ्गीशरण>दाङ्ग] थारू जातिका पुर्ख्यौली राजा दङ्गीशरणले भित्री मदेशमा डुङ्गाको आकार जस्तो परेर बसेको भयावह जङ्गल भएको रमणीय उपत्यकालाई सुरम्य, समृद्धिशाली र गुल्जार बनाएको हुनाले उनकै नामबाट उपत्यकाको नाम ~ रहन गएको हो। (१६/३०)

राजा दङ्गीशरण दाङ उपत्यकाकै सुकौरा भन्ने ठाउँमा बस्दथे।

**दाडेमस्टो** [दाह्लेमस्टो] (कौराडी, बबिनागाउँ, डोटी)

१. [ने. दाह्रा+मस्टो] दाह्रा भएको मस्टो देवता हुनाले ~ भनिएको हो। (२६/१२६)

~ ले हतियार बिना नै दाँतले बोका काट्ने गर्दछ भन्ने भनाइ छ। यसको प्रसिद्ध मन्दिर (माणौं) र धामी कोराडी (बबिनागाउँ) भन्ने ठाउँमा छ।

**दानसाँघु** (तिब्रिकोट)

१. [ने. दान साँगु ?] तिलानदी र जवानदी मिल्ने ठाउँ ~ नामले प्रसिद्ध छ। यसलाई त्रिवेणी मसानघाट पनि भनिन्छ। (८८–४/३९५)

जुम्ला र तिब्रिकोट वरपरका १३ गाउँका मानिसहरूले यो स्थान घाटको रूपमा प्रयोग गर्दछन्। त्रिवेणीमा महादेवको मन्दिर स्थापित छ। खडेरी परेको वेला यस भेकका मानिसहरू भेला भई शिव पूजा गरी पानी माग्ने चलन छ। हरेक ठूलठूला पर्वहरूमा यहाँ नुहाउन आउने मानिसहरूको घुइँचो लाग्दछ। विशेष गरी तीजको दिन यहाँ महिलाहरूको मेला लाग्दछ। (८८–४/३९६)

**दाबगाछी** (दमक, झापा)

१. (धि. दाब+गाछी) धिमालभाषामा 'दाब' भनेको 'बडहर' र 'गाछी' भनेको रूख हुन्छ। बडहरका रूखहरू धेरै भएको ठाउँ हुनाले ~ नाम रहन गएको हो। (४५/१८)

**दार्चुला** (महाकाली अञ्चल)

१. [ति. दार्चु+ला] तिब्बतीभाषामा 'ला' माने 'भन्ज्याङ' हुन्छ। सम्भवतः तिब्बत जाने 'दार्चु' भनिने एउटा भन्ज्याङ भएकोले ठाउँको नाम नै ~ हुन गएको अनुमान लगाउन सकिन्छ। (८८–४/६७९)

२. [ने. धार+चूला] 'धार' अर्थात् 'चुचुराहरू' को

'चूला' अर्थात् 'चुल्हो' भन्ने अर्थमा ठाउँको नाम 'धारचूला' रहन गएको र पछि अपभ्रंश भई ~ हुन गएको हो। (४३/४४४)

यहाँ भीमसेनलाई खाजा ख्वाउने तीते फापरका रोटी हालेका धारचूलाहरू छन् ।

३. [ने० धार+चूलो] व्यास ऋषि हिमालयबाट तपस्या गरी तल ओर्लेको समयमा यस ठाउँमा 'धार' अर्थात् 'चुचुराहरू'को चूलो बनाई भात पकाएकोले ठाउँको नाम नै 'धार्चुला' रहेको र पछि ~ भनिन थालिएको हो। (८८–४/६७६)

**दारुगाउँ** (छान्ना, बझाङ)

१. [ने० दारु+गाउँ] बझाङ्गी र थलाराका राजाहरूको दरबार कलात्मक ढंगले बनाइदिएबापत 'दारु' भन्ने पदवी पाउने दैलेखतिरबाट बस्न आएका भोजराज नामका खँड्काको गाउँ हुनाले ~ भनी प्रसिद्ध भयो। (४३/३६१)

यस गाउँमा खँड्का, राउल र बाहुनहरू बसेका छन् ।

**दारे मस्टो (दाह्रे मस्टो)** (दुल्लु)

१. [ने० दाह्रे+मस्टो] धामीले देवता चढेका बखत बिना हतियार आफ्नै दाह्रा निकालेर मङ्सीर पूर्णिमाका दिन बलि दिइने बोकाको रगत खान्छन् भन्ने जनविश्वासअनुसार मस्ट देवताको नाउँ नै ~ रहन गएको छ। (७२/६६)

**दिक्तेल बजार** (खोटाङ)

१. [?] समुद्रको सतहबाट लगभग १८२८ मिटर (६००० फीट) अग्लो पहाडको काँधमा अवस्थित यस बजारको नजीक जङ्गलको बीचमा सात कन्या कालीदेवीको स्थान छ। नजीकै डाँडामा कालिकाको स्थान र बूढेश्वर महादेवको स्थान पनि छ। वैशाख पूर्णे र कार्तिक पूर्णेको दिन निकै ठूलो मेला लाग्छ। (८८–१/६७१)

**दिङला** (भोजपुर)

१. [कि० दिङ+ला] एक थरी किरातीको भाषामा चोयाको पातलाई 'दिङ' र घारीलाई 'ला' भनिने हुँदा पहिले चोया प्रशस्त पाइने यस ठाउँको नाम ~ रहन गएको हो।

भोजपुर बजारदेखि करीब ८ कोस (२६ किलोमिटर) उत्तर-पूर्वमा मूलपानी बजार रहेको छ। यहाँ प्रसिद्ध शिवराममन्दिर छ। वि० सं० १६३२ मा नै यहाँ षडानन्द संस्कृत पाठशाला र छात्रावास खोलिएको थियो।

**दी**

१. [सं० नदी] मगरभाषामा 'दी' को अर्थ हुन्छ : 'पानी'। गण्डकीप्रदेशका नद-नदीहरूको नाममा 'दी' प्रत्यय लागेको पाइन्छ। सम्भवतः नदी-नालाहरूको पानीको स्वाद र रङ (लक्षण) अनुसार मगरभाषाबाट यस्ता नामहरू राखिएका हुन्। जस्तै– मादी, मर्स्याङदी, इँदी, खुदी, लमलादी, पार्दी, छब्दी, चिरगादी, रिडी इत्यादि। (२२/६)

**दुग्धवती** (जनकपुर, धनुषा)

१. [सं० दुग्ध+वती] संस्कृतमा 'दुग्ध' भनेको 'दूध' हो। सीता पृथ्वीबाट उत्पन्न हुँदा कामधेनुले प्रेम विह्वल भई सीताको मुखमा आफ्नो थुनबाट दुग्धधारा चुहाउँदा केही दूध भुइँमा खस्न गई नदीको रूपमा बगेकोले ~ अर्थात् 'दूधको भएकी' (नदी) भन्ने नाम रहन गयो। (८८–२/२५८)

यो नदी जनकपुरको राममन्दिरबाट करीब एक कोस पश्चिममा पर्दछ।

**दुग्धेश्वर** (शिखरबेंसी, नुवाकोट)

१. [सं० दुग्ध+ईश्वर] गाईले दूध बगाएको पहरामा महादेव भएको विश्वास गरी 'दुग्धेश्वर' भन्ने नाम रहन गएको र कालान्तरमा त्यसको अपभ्रंश भई ~ नाम हुन गएको हो। (८८–२/५६७)

कुनै समयमा शिखरबेंसीको तादी खोला नजीकैको पाखोमा गोठालेहरूलाई गाई चराउन आए। एकपटक एउटा गोठालाको गाई हरायो। त्यो गोठालो आफ्नो गाई खोज्दै एउटा पहरो नजीकै पुग्यो। त्यो पहरानेर उसले आफ्नो गाई दूध बगाएर बसिरहेको देख्यो। तत्पश्चात् सबै गाउँलेहरू भेला भएर त्यहाँ महादेव छन् भन्ने विचार गरी दुग्धेश्वर महादेवको नामले पूजा गर्न थाले। यहाँ प्रत्येक धान्यपूर्णिमाको दिन ठूलो मेला लाग्छ। (८८–२/५६७)

**दुपाः** (ललितपुर)

१. [नेवा० दोह्+पा > दोह्पात > दोपात > दुपात > दुपाः]

खेतका डोल-डोलमा गएर 'दोहँ' अर्थात् 'साँढे' को 'पा:' अर्थात् 'पालो' बस्नुपर्ने ठाउँ हुनाले 'दोलपात' या 'दोपा:' नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो। त्यसै ठाउँमा बसेको टोल ~ टोल भनिन्छ।

मल्लकालदेखि नै ललितपुरको ज्यापू समाजमा खेतमा बाली खान आउने साँढेबाट बालीको रक्षा गर्न पालो बस्नुपर्ने चलन थियो।

**दुम्जा** (सिंधुली)

१. [ता० दुम+जा] तामाङभाषामा 'दुम' को अर्थ 'पुच्छर' र 'जा' को अर्थ 'डाँडो' वा 'पहाड' हुन्छ। कुनै जनावरको पुच्छर जस्तो आकारको डाँडो हुनाले ~ नाउँ रहन गएको अनुमान हुन्छ।

'जा' प्रत्यय लागेका स्थाननामहरू अरू पनि प्रशस्त छन्। जस्तै– स्याङ्जा, रुम्जा इत्यादि।

२. [ने. दुम+जा] कसैलाई कुनै समयमा 'दुम' अर्थात् 'पुच्छर' जस्तो डाँडो'मा 'जा' अर्थात् 'गएर बस्' भनेको हुँदा त्यसमा बसेको गाउँ ~ भनिएको हो।

भीमलगुफाभन्दा डेढ कोस पर ~ गाउँ पर्छ। यहाँ एउटा बौद्ध पाषाण मन्दिर छ। मन्दिरको मूल कलङ्गमा बौद्ध त्रिशूल र शिखरमा दुइटा छत छन्(११/६५)। यहाँ हिमवत्खण्ड गरुड पुराणमा उल्लेख गरिएको प्रसिद्ध कुशेश्वर महादेवको स्थान छ। मार्गकृष्ण बालाचतुर्दशीको दिन यहाँ ठूलो मेला लाग्छ। यस अवसरमा विभिन्न टोलीले मादले नाच-गान जस्तो लोकसंस्कृति प्रदर्शन गर्दछन् र रातभर जाग्राम बसेर भजन-कीर्तन पनि गर्दछन् (८८–२/२१६)। यो गाउँ नै कवि धरणीधर कोइरालाको जन्मस्थल हो।

**दुर्वा** (खिदिम, मणिकुट, अर्घाखाँची)

१. [दुर्वासा>दुर्वा] पणेनाको वायव्य दिशामा करीब १ कोस टाढा रहेको गुफामा प्राचीन कालमा दुर्वासा ऋषिले आश्रम बनाई तपस्या गरेको हुँदा यस ठाउँको नाम ~ हुन गयो। (४१/५७)

**दुराडाँडा** (लमजुङ)

१. [ने० दुरा+डाँडो] दुरा नामक सानो जनसमुदायको आबादी रहेको डाँडो भनिएकोले ~ भएको हो। (६/२, ८८–३/१६०)

यहाँको बस्ती पनि ~ नै भनिन्छ। हाल त्यसको नाम **चन्द्रेश्वर गाउँ** राखिएको छ।

**दुल्लु (दुल्लू)** (दैलेख)

१. [सं० दुर्लंघ्य>दुल्लु] प्राचीन नाम दुर्लंघ्यनगरको अपभ्रंश भई ~ नाम रहेको हो। (५६/७७, ८८–४/५६१)

दैलेखबजारबाट चार कोस (करीब १३ किलोमिटर पश्चिममा करीब १४२६ मिटर (४६७८ फीट) को उचाइमा रहेको यो ठाउँ खसिया मल्लहरूको शीतलकालीन राजधानी थियो। पृथ्वी मल्लले स्थापना गरेको महत्त्वपूर्ण ऐतिहासिक कीर्तिस्तम्भ अद्यापि यहाँ छँदै छ। दुल्लुकोट भन्ज्याङनेर रहेको यस कीर्तिस्तम्भमा रहेका अभिलेख पुरानो देवनागरी लिपिमा संस्कृतभाषामा श्लोकबद्ध छन्। यस कीर्तिस्तम्भलाई सम्पूर्ण सुदूरपश्चिमक्षेत्रको मध्यकालीन सभ्यताको परिचायक मानिन्छ। पृथ्वी मल्लको ताम्रपत्र (वि० सं० १४१५) यहींबाट जारी गरिएको थियो। (८८–४/५६१) ~ लाई **वैश्वानर ज्वालाक्षेत्र** मानिएको छ। (५५/१४४)

**दुलेपानी** (कास्की)

१. [ने० दुलही+पानी] तिर्खाएका बटुवालाई साह्रै सन्तुष्ट पार्ने दुलही जस्तै प्यारो (मीठो, चिसो) पानी भएको ठाउँ हुनाले ~ भनिएको हो। (१/६)

यहाँ पुगेर चीसो पानी खानासाथ यात्रुहरूको थकाइ एकै छिनमा मेटिन्छ।

२. [ने० दुलही+पानी] दुलही झैं घुम्टोबाट अलिकति मात्र देखिने ठाउँमा उम्रिरहेको पानी हुनाले ~ भनिएको हो। (१/६)

३. [ने०+दुलही+पानी] विवाह गरेर लिएर आएकी दुलही पिसाब गर्ने निहुँले घारीतर्फ गएकी धेरै बेरसम्म पनि फर्केर नआउँदा जन्तीहरू खोजी गर्न गएका बखत पहराबाट झरेको चिसो पानी खान लागेको भेट्टाएर पहिलोपल्ट दुलहीले पत्ता लगाएको पानी भएकोले ~ नाउँ रहेको हो। (१/य)

मादीको किनारामा रहेको पहराको बीचबाट उम्रेको पानीलाई सानो कुवाको रूप दिइएको छ। "पाथा फाँट काटेर सीधा बेंसीको रमाइलो हेर्दा नहेर्दै ~ आइपुग्छ।

माछापुछ्रे र अन्नपूर्ण हिमालको अतिरिक्त कास्की र लमजुङ जिल्लाका पनि गाउँबस्तीलाई एकैसाथ देख्न सकिने यो ठाउँ सानो भएर पनि रमाइलो छ ।" (१/६)

**दूधकुण्ड** (सोलुखुम्बु)

१. [ने० दूध+कुण्ड] पानी सफा भएर पनि अन्यत्र जस्तो नीलो नभई दूध जस्तै सेतो हुनाले ~ नाम रहन गएको बुझिन्छ। (७६/४६)

२. [सं० दुग्ध+कुण्ड] प्राचीन समयमा पानी नभई दूध नै जम्ने दह भएको हुनाले 'दुग्धकुण्ड' अर्थात् ~ भनिएको हो । (७६/४६)

कुनै समयमा एक दरिद्र बाहुनले श्राद्ध खानेबित्तिकै यहाँबाट बगेको दूधकोसीको दूधमा खीर पकाएकोले दूध पानीमा परिणत भएर बग्न थालेको हो भनिन्छ। (७६/४६) महालंगूर हिमालको काखमा १४,००० फीट जति उँचाइमा रहेको यस तलाउको क्षेत्र करीब डेढ कोसजति छ। यो ठाउँ सधैंजसो हिउँले ढाकिएको हुन्छ। वैशाख पूर्णिमा र श्रावणपूर्णिमामा यहाँ मेला लाग्छ। (७६/४७)

**दूधकोसी** (सोलुखुम्बु)

१. [ने० दूध+कोसी] सल्लेरीबाट अन्दाजी ५ कोस उत्तरमा रहेको दूधकुण्डबाट बग्ने नदी हुनाले ~ नाम रहन गएको हो। (७६/४७)

दूधकुण्डको दक्षिणी भागबाट झरेको झर्ना (समाहा) नै ~को शिर हो भन्ने धेरैको भनाइ भए पनि त्यो झर्ना खास दूधकोसीको सहायक खोला सोलुको शिर हो (७६/४७)। सप्तकोसी नदी प्रणालीको एक प्रमुख सहायक नदी ~को उत्पत्ति सीमावर्ती हिमाल पर्वतहरू छोयू, ग्याचुङखाङ्गका दक्षिणी ढालका हिमनदीहरूबाट भएको छ र गाराखानी गाउँको दूधपोखरीबाट निस्केको पानी मिसिएपछि त्यो ~ भनिन्छ।

**दूधखोला** (मनाङ)

१. [ने० दूध+खोला] दूधजस्तै सेतो (सफा) पानी बग्ने खोलो भएको हुनाले ~ भन्ने गरेको हुनुपर्दछ। (८८–३/१२१)

हिमलुङ तथा चिसो हिमालको दक्षिणी ढालबाट उत्पत्ति भई पोंकार तालको पानीसहित दक्षिण-पूर्वतिर बग्दै लार्केतर्फबाट बगेर आउने खोलाहरू समेत मिलेपछि ~ दक्षिण-पश्चिम मोडिन्छ र थोंचेनजीकै मर्स्याङ्दी नदीमा मिसिन्छ।

**दूधधारी महादेव** (डँडेलधुरा)

१. [ने० दूध+धारी+महादेव] गाईले दूध किन दिन्नन् भनी चियो गर्दा एक दिन भागेश्वरले चोरेर गाई दुहुन लागेको देखी गोठालोले हँसियाले हिर्काउँदा भागेश्वर शिला भएको हुनाले ~ भन्ने नाम रहन गएको हो। (४३/४१६–४१७)

डोटी गाउँको शिरानमा रहेको भागेश्वरलाई नै ~ पनि भन्दछन्। खोल्सामा भागेश्वरको शरीरबाट निस्केर बगेको रगत सुकेर रातो भएको अहिलेसम्म देखिन्छ। (४३/४१६–४१७)

**दूधपोखरी** (गाराखानी, सोलुखुम्बु)

१. [ने० दूध+पोखरी] हेर्नुस् दूधकुण्ड।

खुम्बुहिमालमा कोन्यालुङ (अग्लाइ २१९२० फीट)को फेदीमा समुद्र सतहबाट १६००० फीट माथि ~ अवस्थित छ। तिब्बतीभाषामा यसलाई गोक्यो (Gokyo) भन्दछन्।

**दूधे मस्टो** (डोटी)

१. [ने० दूध+मस्टो] दूध खाने अर्थात् शाकाहारी मस्टो देवता हुनाले ~ भनिएको हो। (२६/१२६)

**दुधेसिलो मस्टो** (बझाङ)

१. [ने० दूध+शिला+मस्टो] कुनै समयमा बासकोटाको वनमा स्फटिकको एउटा ढुङ्गाको रूपमा बसिरहेको मस्टो देवतालाई बाहुनकी एउटा कन्याकेटीले दूधको धाराले अर्घ्य दिंदा त्यो ढुङ्गो अग्लिन पुगेको हुनाले ~ नामले प्रसिद्ध भयो।

**दूने (दूनै)** (डोल्पो)

१. [?] ठाँगेको लेकको कापमा प्रायः चारैतिर पहाडको बीचमा दूनोजस्तो आकारको ठाउँमा रहेको बस्ती

हुनाले ~ नाम राखिएको सार्थक जस्तो लाग्छ। (१११/६०)

भैरवीनदीको दाहिने पाटामा दुई गाउँ बसेका छन्: माथिल्लो दूने र तल्लो दूने। माथिल्लो दूनेमा नदी देब्रेपट्टि ढेपिएर बगेको छ भने तल्लो दूनेमा चाहिं नदी बीचबाट बगेको हुँदा केही फराकिलो देखिन्छ र यसको बनावट दूनो जस्तो छ। माथिल्लो दूनेमा ५–६ घर ठकुरीको बस्ती छ। तल्लो दूने डोल्पो जिल्लाको सदरमुकाम हो। (१११/६६)

**देउढुङ्गा** (द्यौढुङ्गा) (कोसी अञ्चल)

१. [देव+ढुंङ्गो] एकपल्ट भोटेकोसी-सुनकोसी छेउछाउका मानिसहरू नून लिन भोट जाँदा साँझ बास बसेको ठाउँमा देउताका भाँडाहरूमा भात पकाई खाएर भोलिपल्ट ती भाँडा जुठै छाडिहिंडेकोले ती भाँडाहरू पत्थर (ढुङ्गो) भैरहेको देखिएकोले देउता बसेको ढुङ्गा भएको ठाउँको नाम ~ राखियो। (४३/२२)

**देउपाटन** (**द्यौपाटन**) (काठमाडौं)

१. [सं० देव+पट्टन] अशोकपुत्री चारुमतीले नेपालका एक क्षत्रिय देवपालसित विवाह गरी मञ्जुश्रीले बसाएको **मञ्जुपत्तन** नगरको पुनर्निर्माण गराई आफ्ना पतिको नामबाट 'देवपट्टन' भन्ने नाम राखेकी थिइन् र यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो।

पशुपतिको निकटवर्ती यही स्थल लिच्छवि राजाहरूको शासनकेन्द्र र यतै अंशुवर्माको कैलासकूटभवन पनि रहेको सम्भावना छ।

**देउलहाट** (**देवलहाट**) (बैतडी)

१. [देवालय+हाट] हाटेश्वर महादेवको देवालय (मन्दिर) रहेको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो। (४३/४४३)

**कुल्लेकोट**को नजीकै रहेका यी शिवालयहरू एक थरीको भनाइअनुसार कुल्लेकोटका रजवारले एकै रातमा बनाउन लगाएको तर त्यस रातभरमा चारवटा मन्दिरको मात्र निर्माण पूरा भई एउटा मन्दिर अधूरो रहन गएको हो भन्ने छ भने अर्को थरीको भनाइअनुसार यहाँ डोटीमा बसेका जाड जातिका राजाले सात देवलहरू स्थापना गरी छाडेका हुन्। उक्त मन्दिरहरूको निर्माण पाण्डवहरूले यस ठाउँमा आएर गराउन लगाएका हुन् भन्ने पनि किंवदन्ती छ। यी सातैवटा देवलहरू कलाले पूर्ण छन्। ती मन्दिरहरूमा जडिएका बुट्टेदार ढुङ्गा ईश्वरीगङ्गाको सिरान स्वदेगाडबाट ल्याइएको हो भनिन्छ। सफेद पत्थरमा कुँदिएका कमलका फूल र पुच्छर कन्याउन लागेका परेवा, गौरीशंकर, विष्णु र गरुडका मूर्तिहरूले चौधौं शताब्दीका कलाकारहरूको सीपलाई बताइरहेका छन्। अहिले ती सातै देवलका गजूर सबै भुँमा लडिरहेका देखिन्छन्। किंवदन्तीअनुसार सोर (पिथौरागढ) को एक जना गाउँलेले मध्यरातको वेला सबैभन्दा छेउको गजूरमा नीलो बत्ती बलेको देखेर सो मन्दिरको गजूर भत्काई ७ घडा असर्फी पाएथ्यो रे (४३/४४३–४४४)। यी मन्दिरहरू कुल्लेकोटका रजौटाका इष्टदेवताका मन्दिर हुन् भनिन्छ। मन्दिरहरूभित्र विभिन्न समयमा चढाइएका तरवार, तामाका भाँडा आदि राखिएका छन्। तिनको सम्पूर्ण जिम्मा यहींकै पुजारी भट्टहरूलाई दिइएको छ। यस ठाउँमा शिवरात्रिका दिन मेला लाग्छ। (८८–६/१०३४–१०३५)

**देउलिंगेश्वर** (गोंगर गाउँ, दोलखा)

१. [सं० देव+लिङ्ग+ईश्वर] महादेवले सतीदेवीलाई विवाह गरी ल्याउँदा बीच बाटामा आएपछि खरको सानो घर सिर्जना गरी हाम्रो घर यही हो भनी देखाएको र पछि उक्त घरको भित्तामा लात्ताले हानी कैलाशको दर्शन दिएको स्थान हुनाले ~ भनिएको हो। (८८–२/६६)

यहाँ खरको छाना भएको एउटा मन्दिरभित्र शिवलिंग रहेको छ। गाई, भैंसी र भेंडा-बाख्रा हराएमा ~ महादेवको दर्शन गरेमा भेट्टाइन्छ भन्ने र छोराछोरी नहुनेले यस मन्दिरमा आई दर्शन गरे छोराछोरी पाउँछ भन्ने विश्वास गरिन्छ।

**देउघाट** (**देवघाट**) (तनहुँ)

१. [सं० देव+घट्ट] कालीगण्डकी र त्रिशूली नदीको सङ्गमस्थलमा स्वर्गबाट देवताहरू आई रमेको हुनाले यसको नाम ~ रहन गएको हो। (२५/८)

गण्डकी, लुम्बिनी र नारायणी अञ्चलहरूको बीचमा पर्ने

**चितवन** र **तनहूँ** दुवैतर्फका नदीछेउको अग्लो भू-भागलाई ⌒ भन्ने गरिन्छ। यहाँबाट उत्तर हिमालको दृश्य छर्लङ्ग देखिन्छ। यहाँ अनेक प्राचीन भग्नावशेष पनि छन्। दबेका भग्नावशेष-बाहेक भूमिसात् हुन लागेका प्रस्तरका पाँच मनोहर मन्दिर पनि छन्। यी मन्दिरका वरिपरि अनेक अरक्षित मूर्तिहरू छन् जसमध्ये एउटा चतुर्बाहु नारायणको मूर्तिको शैली ईसाको तेस्रो वा चौथो शताब्दीतिरको हुन सक्तछ। यसका हातमा शङ्ख, चक्र, गदा र एउटा मणि छ, साथै व्याघ्र-मुकुटधारी छ र शिरको मध्यमा ब्रह्मरन्ध्र पनि निर्मित छ। यस्तो मणि, व्याघ्रमुकुट र ब्रह्मरन्ध्र हुनु प्राचीनताको लक्षण हो। यसको नजीकै एउटा अर्को पुरुषमूर्ति छ जो यज्ञोपवीतधारी छैन। यस्तो अनुपवीत मूर्ति भेट्टिनु पनि प्राचीनताको ठूलो लक्षण हो (८१/१६)। सम्भवत: जातकवर्णित देवपुर वा देवघट्ट यही नै हो कि? हिमवत्-खण्डमा आदि प्रयाग हरिहरक्षेत्र त्रिवेणी इत्यादि नामले पुकारिने ⌒ को वर्णन स्कन्दपुराणमा पनि गरिएको छ। यसको नजीकै वसिष्ठगुफा र सीतागुफा पनि रहेका छन्।* पाल्पाका राजा मुकुन्दसेनले तपस्या गरेको ठाउँ पनि यही नै हो। यहाँ माघे संक्रान्तिका दिन ठूलो मेला लाग्दछ। (८८–३/२५२)

**देवग्राम** (काठमाडौं)

१. [सं० देव+ग्राम] तीर्थक्षेत्रको साथै सांस्कृतिक केन्द्रको रूपमा रहेको बस्ती हुनाले ⌒ भन्ने नाउँले प्रख्यात भएको हो। (९५ क/१२०–१२१)

यही ⌒ नै **देउपाटन द्यौपाटन**को रूपमा विकास भएको देखिन्छ। ई० ५३३ भन्दा धेरै अघिका अभिलेखमा अङ्कित कैयौं शिवलिङ्गहरू पनि यस भेकमा पाइएका छन्। ऐतिहासिक साक्ष्यको आधारमा भन्ने हो भने ई० ५३३ को पशुपतिभस्मेश्वर अभिलेखमा नै पहिलोपल्ट **पशुपति**को चर्चा भएको छ। (९५ क/१२०–१२१)

---

* देवघट्टे मृता ये च जन्तव: कालचोदिता:।
चतुर्भुजा: स्युर्वैकुण्ठे ते पीताम्बरधारिण:॥
—स्कन्दपुराण

**देवचुली** (पाल्पा)

१. [सं० देव+चुली] माईको मन्दिर रहेको एउटा अग्लो डाँडोको सुसुरो हुनाले ⌒ भनिएको हो। (८८–३/७८१)

पाल्पाको पूर्वमा रहेको यस चुलीकी माई (देवी) ले पहिले प्रत्यक्ष रूपले दर्शन दिन्थिन् रे। तर पछि त्यहाँको डाडु, पन्यौ चोरी दिएको रिसले क्रुद्ध भई देवी पत्थर बनेकी हुन् भनिन्छ। त्यहाँ बाहिरबाट आगो ल्याउन हुँदैन। यस डाँडोमा डढेलो लागेको दिन वरपर गाउँमा काम नगर्ने चलन छ। (८८–३/७८१)

**देविकानदी** (महाकाली अञ्चल)

१. [सं० देविका+नदी] देविकालोकबाट झरेको नदी हुनाले ⌒ भनिएको हो। (११०/६–७)

'कालिकापुराण'मा महाकाली नदीको नाम नै ⌒ भनिएको छ।

**देवीघाट** (नुवाकोट)

१. [सं० देवी+घट्ट] त्रिशूलीगङ्गा र तादी (सूर्यमती) नदीको सङ्गमस्थलमा देवी भैरवी (जालपादेवी को मन्दिर भएकोले यो स्थान ⌒ भनिन्छ। (११/६३)

यस मन्दिरमा कुनै प्रतिमा स्थापित छैन। तर यात्रीहरू आउने बेलामा नुवाकोटकी देवीको प्रतिमा ल्याएर स्थापित गरिन्छ (११/६३)। नेपालनिर्माता पृथ्वीनारायण शाहको अन्तिम दाहसंस्कार ⌒ नै भएको थियो।

**देवीपाटन** (नुवाकोट)

१. [सं० देवी+पट्टन] देवी भैरवीको नाउँबाट नुवाकोटबाट डेढ माइल पर रहेको गाउँ ⌒ भनिन्छ। (११/६३)

**देशेमद्‌ङ्या** (यतखा, काठमाडौं)

१. [नेवा० देशे+मदु+ङ्याल] नेवारीभाषामा 'देशेमदुङ्या' को अर्थ हुन्छ– देशभरि अन्यत्र कतै पनि नभएको झ्याल। पुरानो शैलीको आँखी झ्यालमा अत्यन्त

सुन्दर बुट्टा कुँदिएको कलात्मक झ्याल भएको घर रहेको ठाउँ हुनाले नै त्यसको नाम ~ रहन गएको हो।

**देही** (तल्लोस्वराड, बैतडी)

१. [ सं० देवी–देही ] **मेहेलसैनी**देवीको स्थान रहेको हुनाले पर्वतको नाम नै ~ रहन गएको छ। (४३/४०९)

**देहीमाण** (देहीमाडौं) (बैतडी)

१. [ सं० देवी+मण्डप ] **निगाला सैनी**देवीको मण्डप अर्थात् माडौं वा मन्दिर रहेको ठाउँ हुनाले ~ भनिएको हो।(४३/४०८, २६/१२८)

राजा नागमल्लका छोरा-छोरी नभएको हुनाले एक एक केटा र केटी किनेर निगालासेनीदेवीलाई चढाई मन्दिरमा देउकी (देवदासी) राख्ने चलन चलाइएको थियो भन्दछन्। (३६/१२८)

**देहीमाडौं** (महादेवस्थान, डोटी)

१. [ सं० देवी+मण्डप ] देवीको मन्दिर रहेको ठाउँ हुनाले ~ भन्ने नाम रहन गएको हो। (२६/१२३)

~ को मन्दिर भोटका राजाले बनाएका हुन् भन्ने एक थरी छन् भने कुमाउँका राजाले बनाएका हुन् भन्ने अर्का थरी छन्। यहाँ देवी–शक्ति र शिव-शक्ति एकै ठाउँमा पूजिन्छन्। यही माणौंमा दुर्गाका साथै तेडी पनि स्थापना गरिएका छन्। यस मन्दिरको काठ र शिलामा विभिन्न देवी-देवता (विष्णु, गणेश र बुद्धको चित्र पनि) अङ्कित छन्। (२६–३२३)

**दैलेख** (भेरी अञ्चल)

१. [ ने० दही+लेख ] फागुनमा लेखमा झर्ने हिउँका लटा-जटाहरू नाहिरा लिस्ने काँधका भन्ज्याङदेखि तल तल चम्लाय र नाउलीसम्म लर्किरहेका अर्थात् दही नै दही छयाल्लब्याल्ल भएको जस्तो दृश्य देखिने हुनाले अर्थात् दहीको लेख भन्ने नाम रहन गएको होला। (४२/३९)

२. [ सं० दधीचि+लेख ] दधीचि ऋषिले तपस्या गरेको थुम्को हुनाले 'दधीचिलेख' नाउँ रहन गएको र कालान्तरमा त्यसको अपभ्रंश भई 'दधीलेख' बाट ~ हुन गएको होला। (४२/३९,८८–४/५४५)

३. [ सं० देव+लोक ] पर्वतीय देवदेवताहरूको लोक वा निवासस्थान भन्ने अर्थमा 'देवलोक' नाम रहन गएको र पछि त्यसैको अपभ्रंश भई 'देवलेक' र त्यसैबाट ~ नाम भएको होला। (८८–४/५४५)

प्राचीन कालदेखि नै ~ जिल्ला पञ्चकोसीको नामले प्रसिद्ध पवित्र तीर्थस्थल हो। यस जिल्लाका पञ्च तीर्थ-स्थलमध्ये **शिरस्थान, नाभिस्थान, पादुकास्थान**मा बलिरहेका ज्वालाहरू र धूलो निस्कने मुहान र अरू प्राकृतिक विशेषता-हरूको आधारमा मृतज्वालामुखीको अवशेष रहेको अनुमान गरिन्छ (८८–४/५४५)। यहाँ प्राकृतिक ग्यासका स्रोत र भण्डार रहेको पनि अनुमान गर्न सकिन्छ। उक्त स्थानका खोलामा कतै कतै पानीमा सालको पात बेरेर सुल्पा जस्तो बनाई गाडेर आगो लगाएमा बल्ने ठाउँहरू पनि छन्।(८८–४/५५५)

**दोलखा** (कोसी अञ्चल)

१ [ ?, दोला+घाट ] सम्भवतः तामाकोसीको दोभान नजीकैको ठाउँ हुनाले दोलाघाट भनिएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो।

यस ठाउँलाई ताम्रचूड पर्वत पनि भन्दछन्।

२. [ हि० दो+लाख ] दुई लाखपल्ट चक्कर मार्दा पनि घुमीफिरी त्यहीं नै पुगिने ठाउँ हुनाले 'दोलखा' नाम राखिएको र त्यसैबाट ~ हुन गएको हो।

कुनै समयमा मुसलमानहरूको अत्याचारबाट भागेर आएको एउटा जोगी गौरीशङ्कर हिमालको आश्रयमा रहेको एउटा गुफाभित्र कसैले नदेख्ने गरी तपस्या गर्न थाल्यो। उसको धेरै वर्षको तपस्याबाट खुशी भएर शिवजीले त्यस जोगीलाई वरदान दिए। वरदान पाएर खुशी भएको जोगी एकबाजि सबैतिर चक्कर लगाएर आउँछु भनी हिंड्यो, तर जति घुमे पनि त्यसै ठाउँमा पुग्दथ्यो। अनि दुईलाखपल्ट चक्कर मार्दा पनि कहीं पुग्न सकिनँ भनेर पहिले आफूले तपस्या गरेकै गुफामा बस्न थाल्यो। जति चक्कर लगाउँदा

पनि पार हुन नसकिने ठाउँ भन्ने अर्थमा त्यस ठाउँको नाम नै ~ रहन गयो (८८–२/७७)। सातौं शताब्दीमा तिब्बतबाट हिमालय छिचोली कुतीमा झर्ने बाटो खुलेपछि तामाकोसीका किनारबाट सिंधुली उत्रेर उत्तर भारतका मैदानमा झर्ने वाणिज्य मार्ग खुल्दा काठमाडौं उपत्यकाका मानिसहरू गएर ~ मा उपनिवेश स्थापना गरेको अनुमान हुन्छ। किरातछापमा रहेको पुरानो ~ को बस्ती चौधौं शताब्दीमा समसुद्दीनको आक्रमणबाट ध्वस्त भई अचेलको ~ बसेपछि भीमेश्वरको स्थापना भएको अनुमान हुन्छ (८८–२।८६) यहाँ भीमेश्वर र त्रिपुरासुन्दरीका मन्दिरका साथसाथै श्री बालकुमारी, हरसिद्धि, भैरवनाथ र कुमारीहरूका प्राचीन देवालयहरू पनि छन्। बजारभित्र स्वयम्भूको स्तूप (चैत्य) पनि छ। अघि-अघिका राजा र मन्त्रीहरूको दरबारको भग्नावशेष पनि यस बजारमा छन्। रानीको दरबार चाहिं अझै सुरक्षित रहेको छ। यहाँ बालाचतुर्दशी, रामनवमी, चैत्राष्टमी, बडादशैं, भीमा एकादशी आदिमा मेला लाग्दछ (८८–२/९५–९६)। यसै ठाउँमा पाण्डवहरू गुप्तवास बसेका थिए भन्ने किंवदन्ती छ।

**दोलालघाट** (काभ्रेपलान्चोक)

१. [सं० दुलालेश्वर+घाट] इन्द्रावती र सुनकोसीको सङ्गमस्थलकै माथि दुलालेश्वरको मन्दिर रहेको घाट हुनाले 'दुलालेश्वरघाट' नाम रहेको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो। (८८–२/५८७)

यो ठाउँ काठमाडौंबाट १७ कोस (५६ किलोमिटर) पूर्वमा अवस्थित छ।

**द्यःछें** (ठेचो ललितपुर)

१. [नेवा० द्यः+छें] नेवारीभाषामा 'द्यः' भनेको 'देवता' र 'छें' भनेको 'घर' हुन्छ। नवदुर्गानाच सिकाउने र नाच बाहिर ल्याउने घर हुनाले ठेचो गाउँको मध्यभागमा रहेको यो घर ~ भनिन्छ।

नवदुर्गानाच वर्षमा ६ पटक (विजयादशमी, कार्तिक-पूर्णिमा, थिंला पूर्णिमाको भोलिपल्ट, अक्षयतृतीया, घण्टा-कर्णतृतीया र पञ्चदानका दिन) नचाउने चलन छ।

# ध

**धनकुटा** (इलाम)

१. [ने० धान+कुट्नु] केही उत्तरतिर रहेका डाँडाका थुम्काहरू ढिकीका खामा जस्ता देखिने र कागते पोखरी चाहिं धान कुट्ने ओखलजस्तो लाग्ने हुँदा ठाउँको नाम नै 'धानकुटा' रहन गएको र त्यसैको अपभ्रंश भई ~ भएको हो। (८८–१/३६७)

**धनुषसर** (धनुषा)

१. [सं० धनुष्+सर] शिवधनु रहेको पोखरी हुनाले ~ नाम रहन गएको हो। (८८–२/२५६)

शिवका परम भक्त महाराज जनकदेखि प्रसन्न भएर शिवले आफ्नो 'पिनाक' नामक धनुष उनलाई दिएका थिए। पछि रामचन्द्रद्वारा भाँचिएको त्यो शिवधनु जुन ठाउँमा रहेको थियो त्यहाँ पोखरी बन्यो। यो पोखरी जनकपुरस्थित रममन्दिरको पूर्व र गङ्गासागरको पश्चिममा पर्दछ। (८८–२/२६४)

**धनुषा** (जनकपुर अञ्चल)

१. [सं० धनुष] रामचन्द्रले भाँचेको शिवधनुको एक भाग खसेको ठाउँ हुनाले ~ नाम रहन गएको हो।

२. [सं० धनुष] शिवधनु राखिएको मञ्च बनाइएको ठाउँ हुनाले ~ भनिएको हो।

तथाकथित धनुषको आकारको शिला देखिने यो स्थान एक धर्मस्थल मानिएको छ। यहाँ माघ महीनाको प्रत्येक आइतवारका दिन स्नान गर्न र जलफूल चढाउन पहाड तथा तराईबाट टाढा-टाढाका मानिसहरू आउँछन्। शनिबार रात बस्ने गरी आएका मानिसहरू आइतबार बिहान स्नान गरी उक्त धनुषको दर्शन गरी फर्कने गर्दछन्। यहाँ रामनवमी र विवाह-पञ्चमीको दिन पनि मेला लाग्छ (८८–२/२६८)। जनकपुरबाट करीब ७ कोस उत्तरपूर्वी

कुनामा चुरे डाँडाको फेदीमा यो स्थान पर्दछ ।

**धनेश्वर** (काभ्रेपलाञ्चोक)

१. [सं० धन+ईश्वर] धनेश अर्थात् कुबेरले स्थापित गरेको शिवलिंग हुँदा ~ भनिएको हो।* (५२/४३)

**धरहरा** (काठमाडौं)

१. [?] भित्रभित्रै खुड्किला सहितको ईंटको अग्लो डोलो कीर्तिस्तम्भ हुनाले ~ भनिएको हो। हेर्नुस् भीमसेन स्तम्भ ।

**धर्मढोको** (दोलखा)

१. [सं० ने० ढोका] विभिन्न खोल्सा, तलाउ आदि पार गरेपछि कालिन्चोक माईको कुण्ड रहेको टाकुरामा पुग्नुभन्दा अघि बीच बाटोमा पर्ने एउटा ठूलो ढुङ्गाको च्यापाबाट केवल धर्मात्मा मानिसहरू मात्र छिर्न सक्छन् भन्ने विश्वासअनुसार त्यसको नाम नै ~ रहन गएको छ। (८८–२/९८)

**धर्मस्थली** (काठमाडौं)

१. [सं० धर्म+स्थली] परापूर्व कालमा धर्मदत्तले बसाएको बस्ती भएको हुनाले ~ नाम रहन गएको हो। काठमाडौंबाट उत्तरमा पर्ने यो बस्ती बालाजुबाट १ कोस पर रहेको छ ।

**धर्मावती** (प्यूठान)

१. [सं० धर्म+वती] नारीकोट थुम र भित्रीकोट थुमभित्र पर्ने जग्गाजमीनलाई सिंचित गरी बढी धानको उत्पादन गर्ने सम्भावना दिने नदी हुनाले ~ भन्ने नाम रहन गएको हो (?)। (८८–४/३३९)

स्थानीय मानिसहरू यस नदीलाई झिमरूक भन्दछन् ।

**धर्मौली** (तराई)

१. [धर्म+आवली] ? आधुनिक नेपालको सीमामा (गोरखपुरनजीकै) रहेको ~ भन्ने गाउँलाई विद्वान्हरूले कोलीय गणराज्यको मूलथलो पैल्याएका छन् ।

**धवलागिरि** (कर्णाली अञ्चल)

१. [सं० धवल+गिरि] सेतो हिउँले ढाकिएको पर्वत हुनाले ~ भन्ने नाम रहन गएको हो। (८८–३/६१५)

पुलस्त्य ऋषिले सत्ययुगमा यहाँ तपस्या गरेका थिए भनिन्छ। यसको अग्लाइ समुद्रको सतहबाट ८१६७ मिटर (२६,७८८ फीट) छ। (८८–३/६१५)

**धवलागिरी अञ्चल** (पश्चिमी नेपाल)

१. [सं० धवल+गिरि+अञ्चल] धवलागिरि पर्वतको आधारमा अञ्चलको नाम नै ~ राखिएको हो।

पहाडतर्फका मुस्ताङ, पर्वत, म्याग्दी र बागलुङ गरी ४ जिल्लाहरू रहेको ~ को क्षेत्रफल ८४४४ वर्गकिलोमिटर छ। (१६९/७)

**धादिङ** (बाग्मती अञ्चल)

१. [चे० धा+दिङ] चेपाङभाषामा 'धा' को अर्थ 'ज्वाला' र 'दिङ' को अर्थ 'देवता' हुन्छ। पहिले कुनै समय-मा यहाँ ज्वालामुखी रहेको हुँदा ज्वालादेवी भन्ने अर्थमा ठाउँको नाम नै ~ रहन गएको होला (९२/१२५–१२६)। क्यूरिनीटार भन्ने ठाउँमा रहेको एउटा दुलोबाट समय-समयमा भित्रतिर विष्फोटन भएको आवाज आउने गर्दछ र धूवाँ पनि निस्किरहन्छ। स्थानीय बासिन्दाहरू दुलोबाट विष्फोटनको आवाज आएपछि भूतको सवारी भयो भन्ने गर्दछन्। यस्तै आवाज आइरहने र धूवाँ निस्किरहने अर्को एउटा दुलो यसै जिल्लाको नलाङको सिद्धालेख भन्ने डाँडा-मा पनि छ। यस जिल्लाको झार्लाङक्षेत्रमा तातापानीहरू र साल्बासमा ज्वालामुखीदेवीको मन्दिर पनि छ। (९२/१२५–१२६)। पहिलेको लामिडाँडा, धादिङ र सल्यान ३ इलाका मिली हालको ~ जिल्ला बनेको छ।

**धान्यकुण्ड** (काठमाडौं)

१. [सं० धान्य+कुण्ड] धान अर्थात् सप्तधान्यादिका बीजहरू निस्कने कुण्ड भएको हुनाले ~ भनिएको हो। हेर्नुस् सहबुङ्गा ।

---

* धनेशः स्थापयामास धनेश्वरमिति ध्रुवम् ।
—नेपालमाहात्म्य, अ० ५, श्लो० ५।

**धान्यगिरि** (थानकोट, काठमाडौं)

१. [ सं० धान्य+गिरि ] संस्कृतमा 'धान्य' भनेको 'धान' र 'गिरि' भनेको 'पर्वत' वा 'थुम्को' हुन्छ। नेवारीमा यो थुम्को 'वाद्वँ' भनिन्छ। (१२४/?)

**धालसिक्व** (काठमाडौं)

१. [ नेवा० धाले+सि+क्वय् ] नेवारीमा 'धाले' भनेको 'दाडिम,' 'सि' भनेको 'फल' र 'क्वय्' वा 'क्व' भनेको 'तल' वा 'मुनि' हुन्छ। तसर्थ दाडिमको रूखमुन्तिर रहेको ठाउँ भन्ने अर्थमा ~ नाम रहन गएको होला।

**धिमालधुरा** (झापा)

१. [ धि० ढे+माल+दरा>धिमालधुरा] धिमालभाषामा 'ढे' वा 'धे' भनेको 'छुट्टिएको,' 'माल' भनेको 'मधेस' र 'देरा' भनेको गाउँ हुन्छ। लिम्बू या राई दाजुहरूसँग छुट्टिई मधेसमा बस्न थालेकोले 'ढेमाल' वा 'धिमाल' भनिएका मानिसहरू बस्ने बस्ती हुनाले ~ नाम रहन गएको होला। (४५/२)

२. [ धि० दि+मालो+देरा ] धिमालभाषामा 'दि' वा 'धि' को अर्थ 'नदीछेउ', 'मालो' को अर्थ 'बेपत्ता' र 'देरा' को अर्थ 'गाउँ' हुन्छ। नदी छेउछाउ बेपत्ता भएका हुनाले 'धिमाल' भनिएको जातिले बसालेको बस्ती हुनाले ~ भनिएको हो। (४५/२)

परापूर्व कालमा उत्तरपूर्वी पहाडबाट मदेस हान्न आफ्ना फौज लिएर आएका धौले राजा कतै जित्दै त कतै हार्दै फर्कन लाग्दा मदेसको फौजले एक्कासि आक्रमण गरी लखेटेकोले बाटो बिर्सेर अलमलिई बेपत्ता भएका धौले राजाका फौज तल तराईतिर बस्ती बसाइरहन लागेका थिए भन्ने किंवदन्ती छ। (४५/२)

**धुनीबेंसी** (धादिङ)

१. [ सं० धुनि+बेंसी ] संस्कृतमा 'धुनि' को अर्थ 'नदी' हुन्छ भने नेपालीमा 'बेंसी' चाहिं 'उपत्यका' लाई भन्दछन् (?)। नदीको उपत्यका भन्ने अर्थमा ठाउँको नाउँ नै ~ रहन गएको प्रतीत हुन्छ।

**धुलाबारी** (झापा)

१. [ धि० धौला+बाडी ] धौला राजवंशीले बसाएको बस्ती हुनाले राजवंशी (धिमाल) भाषामा 'धौलाबाडी' भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो।*

**धुलिखेल** (काभ्रेपलान्चोक))

१. [ नेवा० धुं+ख्यः ] नेवारीमा बाघलाई 'धुँ' र खेल्ने–डुल्ने मैदानलाई 'ख्यः' वा 'ख्यल' भन्दछन्। कुनै समयमा बाघ लाग्ने घना जङ्गल भएको ठाउँ हुनाले 'धुँख्यः' भन्ने नाम रहेको र त्यसैबाट ~ हुन गएको हो। (८८–२/४८२)

२. [ ने० धूलो+खेल्नु ] मानिसहरूले बस्ती बसाल्दै लगेपछि अघिका वनसम्पदा मासेर उजाडिएका डाँडाकाँडामा हुरी बतासले गर्दा धूलैधूलो उड्ने–खेल्ने भएको हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (८८–२/४८२)

**धूलेश्वर** (दुल्लु)

१. [ सं० धूलि+ईश्वर ] धूलो निस्कने मुहान हुनाले ~ भनिन्छ। (८८–४/५५०)

दुल्लुबजारदेखि १ कोस उत्तर नाभिखोलाको सिरानमा मन्दिरको माझमा रहेको यज्ञकुण्डबाट धूलो निस्किरहने हुँदा यहाँ ज्वालामुखी रहेको अनुमान गरिन्छ।

**धैबुङ** (नुवाकोट)

१. [ सं० दया+भङ्ग ] संस्कृतभाषाको 'दया' र 'भङ्ग' दुई शब्दको योगबाट 'दयाभङ्ग' भन्ने नाउँ रहन गएको र कालान्तरमा यसैको अपभ्रंश भई ~ हुन गएको हो। (१५६–१/६)

गोसाइँथान (नीलकण्ठ) पर्वतबाट दक्षिणतर्फ लम्किएको यस डाँडोले कोसी र गण्डकीनदीको प्रवाहलाई भङ्ग गरी दुईतिर अलग्याइदिएको छ।

---

* 'धौला राजवंशी' बाट सृष्टि भएको यो गाउँ अब त राजवंशीको बीऊ खोज्दै हिंड्नुपर्छ होला।
–अमृतलाल श्रेष्ठ

**धोबीखोला** (काठमाडौं)

१. [ नें० धोबी+खोलो ] धोबीहरूले लुगा धुने गरेको नदी हुनाले ~ नाम रहन गएको हो। हेर्नुस्: हिज्याखुसि।

**धौलागिरि (धवलागिरि)** (बाग्लुङ)

१. [ सं० धवल+गिरि ] सफा हिउँले ढाकिएको 'धवल' वा सेतो 'गिरि' अर्थात् पर्वत हुनाले ~ नाम रहेको हो।

**ध्यनाच्च (ध्यानोच्च)** (काठमाडौं)

१. [ सं० ध्यान+उच्च ] शिखिबुद्धले ध्यान गरेको पर्वत हुनाले ध्यानोच्च भन्ने नाउँ रहन गएको र यसैबाट ~ भएको हो। (११७/५५)

**नागह्रदमा** स्वयम्भूको अलौकिक ज्योति कमलमा प्रकट भएको कुरा सुनी अरुणपुरीबाट **शिखिबुद्ध** आएर ध्यानद्वारा भविष्यमा हुने सारा कुरा विचार गरी मेष-संक्रान्तिका दिन आफूले जानेका सबै कुरा सबैमा प्रकट गर्दै उनी स्वयं स्वयम्भूको त्यसै ज्योतिमा अन्तर्निहित भए (११७/५५) । मञ्जुश्रीले **नागवासह्रद**को पानी बाहिर पठाउने इन्तजाम गरेको क्रममा आफ्नी एउटी पत्नी केशिनी-लाई **फूच्च** (गोदावरी चुचुरो) र अर्की पत्नी उपकेशनीलाई चाहिं **चन्द्रगिरि**देखि दक्षिणपूर्व र **पाटन**देखि सोझै दक्षिणमा पर्ने ~ मा बसालेका थिए रे। यहाँ मेष (वैशाख) संक्रान्तिको दिन मेला लाग्छ।

**ध्यानोच्चगिरि** (काठमाडौं)

१. [ सं० ध्यान+उच्च+गिरि ] हेर्नुस् ध्यनाच्च।

# न

**न:क्वा** (नुवाकोट)

१. [ नेवा० नव+क्वाठ ] नौ वटा किल्लाहरूको केन्द्र भएको हुनाले नेवारीमा 'नवक्वाठ' अर्थात् 'नौ वटा किल्ला' भन्ने नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो। (८८–२/५८७) हेर्नुस् नुवाकोट ।

गोपाल राजवंशावली (सन् १३८८) मा पनि 'नवक्वाठ' भनी लेखिएको छ ।

२. [ नेवा० नव+क्वाथ ] 'नव' अर्थात् 'नौ तला' र 'क्वाथ' अर्थात् 'दरबार' रहेको ठाउँ हुनाले 'नवक्वाथ' भन्ने नाम रहन गएको र त्यसैबाट ~ हुन गएको होला ।

पहिले यहाँको दरबार नौतले थियो र पछि घटाई साततले बनाइयो । (३७/६६)

**नक्साल** (काठमाडौं)

१. [ सं० नक्सागर>नक्साल ] लिच्छवि राजा मान-देवकी आमाद्वारा निर्मित नक्सागर भगवतीको मन्दिर रहेको ठाउँ हुनाले ठाउँको नाम पनि 'नक्सागर' नै रहेको र कालान्तर-मा अपभ्रंश भई ~ नाउँ प्रचलित भएको हो ।

**नगरकोट** (काठमाडौं)

१. [सं० नगर+कोट्ट] श्री ५ पृथ्वीवीरविक्रम शाहका राज्यकाल (ई० १८८१–१९११) मा भादगाउँ उत्तरको पहिले भङेरी डाँडो भनिने पहाडको नाउँ ~ राखिएको हो। (३९-/२१६)

~ डाँडामा फेद फेदतिर तामाङहरूको ज्यादै पातलो बस्ती छ ।

**नछेंटोल** (काठमाडौं)

१. [ नेवा० नँ+छें+त्वा:] नेवारीभाषामा 'नँ' को अर्थ 'फलाम', 'छें' को अर्थ 'घर' र 'त्वा:' को अर्थ 'टोल' हुन्छ। फलामे घर भएको टोल भएको हुनाले ठाउँको नाम नै ~ रहन गयो ।

**न:त्वा** (ललितपुर)

१. [नेवा० न:+त्वा:] नेवारीभाषामा 'न:' भनेको 'नयाँ' र 'त्वा:' भनेको 'टोल' हुन्छ । नयाँ बनेको टोल भन्ने अर्थमा स्थाननाम ~ रहन गएको हो ।

**नमुरा** (काभ्रे)

१. [सं० नमः+बुद्धाय>नाम्बुडा>नमुरा] नमोबुद्ध भनिने प्रख्यात बौद्ध मन्दिर रहेको स्थान हुनाले नमोबुद्ध भनिएको र यसैको अपभ्रंश भई नाम्बुडा र पछि ~ नाम रहन गएको हो । (८८–२/४८७)

२. [सं० नमः+बुद्धाय] कुनै समयमा जङ्गलमा जाँदा एक भोकाएकी बघिनी देखेर दया जागी आफ्नो मासु काटी त्यसलाई खुवाउने **संखु** राज्यका राजकुमारको अस्थि राखेर निर्माण गरिएको मन्दिर ६ सय वर्षपछि तपस्या गर्न आउँदा बुद्धले देखेर नतमस्तक भएको हुनाले सो मन्दिरको नाउँ 'नमोबुद्धाय' रहन गयो (८८–२/४८७) । यसैलाई 'नमोबुद्ध चैत्य' पनि भन्न थाले । बौद्धमार्गीहरूको एउटा पवित्र तीर्थस्थल मानिने ~ बनेपाबाट १३ किलोमिटर जति दक्षिण-पूर्वमा एउटा डाँडोको काखमा अवस्थित छ । त्यहाँ एउटा घ्याङ र केही घरहरू रहेका छन् । नमोबुद्धको प्रस्तर-मूर्ति र अरू दुई प्रस्तरमूर्तिहरू पनि रहेका छन् । केही माथि एउटा ठूलो बौद्धविहार छ जहाँ बुद्धका तीन ठूलठूला मूर्तिहरू राखिएका छन् । त्यहीं नै एउटा ढुङ्गामा राजकुमार महासत्त्वले जङ्गलको बीचमा एउटी भोकाएकी बघिनी र उसका पाँच जना डमरुहरूलाई आफ्नो मासु काटेर ख्वाइ रहेको दृश्य अङ्कित गरिएको छ । (१६०/४३) । मृत व्यक्तिको अस्थि यहाँ सेलाएमा मुक्ति पाइन्छ भन्ने बौद्धमार्गीहरूको विश्वास छ र यहाँ टाढा-टाढाबाट यस कामको निम्ति बौद्धमार्गीहरू आउँछन् (८८–२/४८७) । यहाँ हरेक वर्ष कार्तिक पूर्णिमामा मेला लाग्छ र १२ वर्षमा एकपल्ट १५ दिनसम्म ठूलो मेला चल्दछ । पञ्चदान उत्सवको दुई दिनअघि नमोबुद्धको मूर्ति पनि नमोबुद्ध बनेका राजकुमार महासत्त्वको जन्मस्थल पाञ्चालदेश (पनौती) लगिन्छ र पञ्चदानका दिन त्यहाँ रथजात्रा गरिन्छ । रथयात्रापछि नमोबुद्धको मूर्ति त्यहाँ एउटा पुरानो घरमा राखिन्छ जुन नमोबुद्धको घर मानिएको छ । यसरी दुई दिन जात्रा गरी नमोबुद्धको मूर्ति फेरि फर्काएर ~ मा नै लगिन्छ । (१६०/४४)

**नयाँछाप** (सिन्धुली)

१. [किं० नयाँ+छाप] किरातहरूको नयाँ बिर्ता सिर्जना गरिएको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो । (८८–२/१४३) ।

**नयाँमुलुक** (तराई)

१. [ने० नयाँ+मुलुक] ब्रिटिश भारतको सरकारले सन् १८६० मा महाकालीदेखि राप्ती नदीसम्मको समथर भाग (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) नेपाललाई फिर्ता गरेपछि यो इलाका ~ नामले प्रसिद्ध हुन गएको हो । (८८–४/६५६)

२. [ने० नयाँ+मुलुक] एक पटक अलगिएर अंग्रेजको हातमा परेको इलाका पुनः नेपालले फिर्ता पाएपछि मानिसहरूको नयाँ बसोबास हुन थालेको हुँदा ~ भनिएको हो । (८८–४/६६५)

नेपाल र तत्कालीन इस्ट इन्डिया कम्पनीबीच सन् १८१४ को लडाइँपछि सन् १८१६ मा सुगौलीसन्धि (२ डिसम्बर, १८१५) अनुसार नेपालले महाकाली नदीको पश्चिमी इलाका, मेची नदीको पूर्वी भाग साथसाथै महाकालीदेखि राप्ती नदीसम्मको समथर इलाका पनि इस्ट इन्डिया कम्पनीलाई दिनुपरेको थियो । सन् १८५६ को मे १० तारीखका दिन भारतमा अंग्रेज सरकारको विरोधमा ठूलो विद्रोह हुँदा नेपाली प्रधानमन्त्री जङ्गबहादुर आफैं नेपाली सैनिक लिई लखनौको विद्रोह दमन गरी अलाहबादमा लर्ड क्यानिङलाई १ अप्रिल, १८५८ मा भेट्न पुगे । आवश्यक परेको बखत दिएको मद्दतको लागि कृतज्ञता ज्ञापन गर्दै ब्रिटिश सरकारले महाकालीदेखि राप्ती नदीसम्मको समथर भाग फिर्ता गर्‍यो । यस इलाकाको केही भाग जङ्गबहादुर राणा र यिनका ६ भाइहरूले सर्वकर अकर सर्वांक माफ बिर्ता जनाई श्री ५ सुरेन्द्रवीरविक्रम शाहदेवबाट वि० सं० १९१७ सालमा लालमोहर गराई लिएका थिए । (८८–४/६५६)

**नरदेवी** (काठमाडौं)

१. [सं० नर+देवी] कुनै जमानामा मान्छको बलि चढाइने श्वेतकालीको नाम नै ~ रहन गयो ।

**नरदेवीटोल** (काठमाडौं)

१. [ने० नर+देवी+टोल] नरदेवीको मन्दिर रहेको टोल हुनाले ~ भनिन्छ ।

**नरपानी** (अर्घाखाँची)

१. [नर्तनाचल+पानी>नरपानी] रावणले नाचेर शिवलाई खुशी पारेको ठाउँ हुनाले नर्तनाचल भनिएको ठाउँबाट केही दक्षिणमा रावणले नै पहरो फोरी पानी निकालेको ठाउँ पनि हुनाले यी दुवैको संयोगबाट 'नर्तनाचल पानी' भन्ने नाउँ रहन गएको र त्यसैबाट ~ हुन गएको हो। (४१/५६-६५, ८८–३/८२६)। महाभारत-शृङ्खलामा दुई चुचुराहरूको बीचमा रहेको समुद्र-सतहदेखि करीब १८२९ मिटर (६००० फीट) को उचाइँमा पर्ने भन्ज्याङमा ~ अवस्थित छ।

**नर्तनाचल** (अर्घाखाँची)

१. [सं० नर्तन+अचल] रावणले नाचेर शिवलाई खुशी पारेको पर्वत हुनाले ~ नाम रहन गएको हो। (४१/५६-६५, ८८–३/८२६)

वराहपुराणमा पनि ~ र वाणगङ्गाको उल्लेख गरिएको छ।

**नवलपरासी** (लुम्बिनी अञ्चल)

१. [ने० नवलपुर+परासी] उत्तर-पूर्व चापेर बसेको नवलपुरक्षेत्र र उत्तर-पश्चिमबाट दक्षिण-पश्चिम ढल्केर बसेको परासीक्षेत्र मिलेर ~ नाम रहन गएको हो। (८८–३/८७६)।

पूर्वी भागमा नारायणी नदीले बनाएको भित्री मधेसको नवलपुरक्षेत्र र पश्चिमी भागमा तराईको परासीक्षेत्रलाई चुरे पहाडले छुट्याएको छ। वि०सं० २०१९ भन्दा अघि यस जिल्लाको नाम **पाल्ही माझखण्ड** थियो।

**नःबही** (ललितपुर)

१. [सं० नन्द+विहार] पुरानो नाउँ नन्दविहारको अपभ्रंश भई नन्दवहिल र यसैको आधारमा ~ नाम रहन गएको हो।

**नागछाँगा** (भोजपुर), कोसी अञ्चल)

१. [ने० नाग+छाँगो] माले दुर्गा गाउँको सिरानमा रहेको ठूलो छाँगोमा जिउँदा नागको आकार सल्बलाएको जस्तो देखिने हुनाले ~ नाम रहन गएको हो। (५०/२८)

भोजपुर जिल्लाको मध्य पश्चिम भागमा धोल्लेखानी-अन्तर्गत कटुन्जे गाउँको पश्चिमपट्टि विहारे खोलाको शिरमा भालेढुङ्गा गाउँदेखि उत्तरपट्टि लकलम्पा गाउँमुन्तिर ठूलो छाँगोमा नागको आकार स्पष्ट देखिने र तलको दहमा त्यो प्रतिबिम्बित हुँदा जिउँदा नागहरू सल्बलाएको भान पर्ने हुनाले यस प्राकृतिक छटालाई ~ भनिन्छ। "अन्दाजी दुई सय पचास फीट जति अग्लो चिल्लो कालो टलक्क टल्किने अन्दाजी अस्सी फीट जति फराकिलो सलक्क परेको शिला दुई पहराको बीचमा खडा छ। शिलामा भने अटाई-नअटाई गुडुल्की परेका नागका चित्रहरू सिन्दूरे रङ्गमा चित्रित छन्। चित्रको माथिबाट पानीको छहरो शिलाभरि पाँजिदै छर्ल्किदै तल दहमा खस्छ। माथि शिलाभरि चित्रित नागको चित्र दहको पानीमा परी देखिने प्रतिबिम्ब जीवित झैं भार पर्छन्। शिलाको माथि शिर भागमा अर्थात् छाँगामाथिबाट हुरिंदै झर्ने पानीको मूलमा पनि सेतो रङ्गमा चित्रित अर्को नागचित्र सुशोभित छ।" (५०/२८–३३)

**नागबहाल** (ललितपुर)

१. [सं० नाग+विहार] नागनागिनीका मूर्तिहरू प्रदर्शित गरिएको विहार हुनाले 'नागविहार' भनिएको र त्यसैबाट ~ नाउँ रहन गएको हो (३० क/९२)।

**नागवास** (काठमाडौं)

१. [ने० नाग+वास] नागहरूका राजा कर्कोटक नागसहित विभिन्न नागहरूले वास गरेको तलाउ हुनाले ~ भनिएको हो। (१२०/६–१०) हेर्नुस् नागह्रद।

**नागार्जुन** (काठमाडौं)

१. [?] वज्रयानका महागुरु आचार्य नागार्जुनपाद (अष्टम शताब्दी) भारतबाट नेपाल आएर स्वयम्भूसित जोडिएको काठमाडौंको उत्तरस्थित **जामाच्व** डाँडोमा बसेको हुँदा पहाडको नाम नै ~ रहन गयो। (८८–२/७४३, १९/२५३)

"नागार्जुनले 'रसरत्नाकर' नामक रासायनिक ग्रन्थ र 'गुह्य समाज'को टीका लेखेका थिए। नेपालमा यिनी अत्यन्त लोकप्रिय भएको कुरा यिनका मूर्ति ठाउँ-ठाउँमा

पाइएकोबाट अनुमान हुन्छ । स्वयम्भूनाथनेर भएको एउटा विहारमा राखिएको यिनको मूर्तिको अद्यावधि पूजा हुँदै छ" । (१६/२५३)

**नाट्येश्वरी** (बाजुरा)

१.[ सं० नाट्य+ईश्वरी ] नाट्येश्वरी भगवतीको मन्दिर रहेको ठाउँ हुनाले ~ भनिएको हो ।(८८–४/७६८)

जिल्लाको सदरमुकामबाट ४ कोस (१३ किलोमिटर) दक्षिण-पूर्वमा रहेको यस धार्मिक स्थलमा जनैपूर्णिमा, चैते दसैं र बडादसैंमा समेत ठूलो मेला लाग्छ । जनैपूर्णिमाको ठूलो मेलामा धेरै संख्यामा बोकाहरूको बलि चढाई पूजा गरिन्छ । उक्त मेलामा आउनेहरू पहिले बडी मालिकाको दर्शन गरी नाट्येश्वरीदेवीको दर्शन गर्न आउँछन् (८८–४/७६८) ।

**नाभिखोला** (दैलेख)

१. [ने० नाभि+खोलो ] शिरस्थानदेखि आधा कोस पर रहेको **नाभिस्थान**को आधारमा खोलाको नाम नै ~ रहन गएको हो ।

यस खोलाको किनारामा शिरस्थान, नाभिस्थान र पादुकास्थानका ज्वालाहरूमा जमीनमुनिबाट निस्केको ग्यास आफै बलिरहेको हुन्छ ।

**नाभिस्थान** (दैलेख)

१. [ सं० नाभि+स्थान ] सतीदेवीको नाभि पतन भएको ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको हो।(८८–४/५६२)

**नाभिखोला**को तीरमा रहेको यस स्थानमा प्रतिवर्ष माघेपूर्णिमामा मेला लाग्छ ।

**नारखोला** (मनाङ)

१. [ने० नार+खोलो] नारगाउँ नजीकैबाट बग्ने हुनाले दामोदर हिमालको हिउँ पग्ली बगेर आउने खोलाको नाम ~ रहेको छ । (८८–३/१२१)

नारगाउँबाट एक कोस जति तल **फूखोला** मिलेपछि ~ ले ठूलो रूप लिन्छ र त्यहाँबाट सीधा दक्षिणतर्फ बग्दै कुम गाउँनजीकै मर्स्याङ्दी नदीमा मिल्न पुग्छ ।

**नारानहिटी (नारायणहिटी)** (काठमाडौं)

१. [ सं० नारायण+नेवा०+हिति ] नारायणस्थान-नजीकै दक्षिणतर्फ रहेको धारा हुनाले नेवारीभाषामा यसको नाम ~ रहन गएको हो । (१४३/५)

२. [ सं० नारायण+नेवा०+हिति ] राजा स्वयंव्रतले **चार नारायण** (चंगु, इचंगु, विसंखु र शेषनारायण आदि) को स्थानबाट पवित्र जल ल्याएर आफ्नो दरबारनेरै धारा (नेवारीमा हिति) बनाउनुको साथै चतुर्मूर्ति नारायणको स्थापना पनि गरेका हुनाले धाराको नाम ~ रहन गयो। (१३०/७५–७६)

किंवदन्तीअनुसार यस धाराबाट रोजको एक थुङ्गा फूल आउने गर्दथ्यो र त्यो फूल पाउने मानिस निहाल (धनी) हुन्थ्यो । (१४३/५)

**नारायणगढ** (चितौन)

१. [ नारायणी+गढ ] नारायणी नदीको किनारामा परेको शहर हुनाले ~ नामले प्रसिद्ध भएको छ ।

**नारायणपुर** (चितौन)

१. [ ने० नारायण+पुर ] भूमिसुधार मन्त्रालयका सचिव नारायणविक्रम शाहको प्रयासले वि० सं० २०१३ सालपछि बसाइएको बस्ती हुनाले ~ भनिन थालेको हो ।

**नारायणहिटि दर्बार** (काठमाडौं)

१. [ ने० नारायण+हिटि+दर्बार ] नारायणको पुरानो मन्दिर र धारा पनि रहेको हातानेर बनाइएको राजप्रासाद हुनाले ~ भनी प्रसिद्ध भएको हो । (११/५६)

श्री ५ पृथ्वीवीरविक्रम शाहका पालामा वीरशम्शेरको प्रधानमन्त्रित्वकालमा यहाँ राजदर्बार निर्माण गरिएको थियो।

**नारायणी** (नारायणी अञ्चल)

१. [ ने० नारायण+ई ] शेषशायी नारायण काली र गण्डकीको सङ्गममा सुतिरहेका छन् भन्ने जनधारणाअनुसार

त्यस सङ्गमपछि नदीको नाम नै ᒐ रहन गएको छ।(२५/?)

**नारायणी अञ्चल**

१. [ ने० नारायणी+अञ्चल ] नारायणी नदीको आधारमा अञ्चलको नाम नै ᒐ राखिएको छ। (१६८–१४८)

मकवानपुर, चितौन, पर्सा, बारा र रौतहट गरी जम्मा ५ जिल्लाहरू भएको यस अञ्चलको क्षेत्रफल ८३७१ वर्ग किलोमिटर (३२६४ वर्गमाइल) छ।

**नाला** (काभ्रेपलान्चोक)

१. [ ? ] आनन्द मल्लद्वारा नाला भगवतीको स्थान-नेर बसाइएको शहर हुनाले ᒐ नाम रहन गएको हो। (१६/३७)

यहाँ करुणामय नामक प्रख्यात बौद्धमठमा रातो मच्छिन्द्र-नाथको मूर्ति राखिएको छ। कार्तिक पूर्णिमामा यहाँ बौद्ध-हरूको विशाल मेला लाग्छ। (८८–२/४८७)

**नाला** (काभ्रेपलान्चोक)

१. [सं० ईषरिमनालङ्ग्राम>नाला] लिच्छवि-कालको पुरानो नाउँ 'ईपरिमनालङ्ग्राम'को अपभ्रंश भई छोटकरीमा ᒐ भन्ने नाम रहन गएको हो। (९५ क/७४)

नाला–भगवतीको मन्दिरमा रहेको राजा शिवदेव द्वितीयको पालाको अभिलेख (इ. ६९४) मा पुरानो नाउँ उत्कीर्ण छ। त्यसमा ध्रुवशील र उनका भाइ अणङ्गशीलले जलद्रोणी स्थापना गरेको वर्णन परेको छ।

२. [ ? ] आनन्द मल्लद्वारा नालाभगवतीको स्थान-नेर बसाइएको बस्ती हुनाले ᒐ भन्ने नाम रहन गएको हो। (१६/३७)

यहाँ करुणामयनामक प्रख्यात बौद्धमठमा रातो मच्छेन्द्र-नाथको मूर्ति राखिएको छ। कार्तिक-पूर्णिमामा यहाँ बौद्ध-धर्मावलम्बीहरूको ठूलो मेला लाग्छ। (८८–२/४८७)

**नासलचोक** (हनुमानढोका, काठमाडौं)

१. [नेवा० नासल+चुक] नाट्यसिद्धिलाई नेवारीमा नासल भनिन्छ। नाटक देखाउन बनाइएको डबली (चौतारा) भएको चोक हुनाले ᒐ अर्थात् नाट्यशालाचोक नाम रहन गएको हो।

**हनुमान् ढोका**को ठीक भित्रपट्टि मुख्य चोकको माझमा ढुङ्गाहरू जडेर उठाइएको सफा डबली (चौतारा) छ। यसैमाथि राज्याभिषेकको दिन राजसिंहासन राखिन्छ। यो चोक चारैतिरबाट प्राचीन बान्गीका झ्यालहरू र भुइँतला बैठकहरूका खम्बाहरू र काठ, धातु तथा पत्थरका शृङ्गारपूर्ण कालीगढीले प्रज्वलित उन्नत मन्दिरहरूसहितका भवनहरूले घेरिएको छ। (१६३/९)

**निकासखोला** (सुर्खेत)

१. [नि० निकास+खोलो] सुर्खेत उपत्यकाभित्रका सबै नदीनालाहरूको पानी लिएर उपत्यकाबाट बाहिर निस्केर जाने खोला हुँदा यसको नाम ᒐ रहन गएको हो। (८८–४/६०७)

एक बाँसपानी, खोर्के, भरौली, डुन्ढाना आदिको संयुक्त खोला र अर्कोचाहिं इत्ती, निमारे, गाग्रे, टुनी आदिको संयुक्त गेरुवा खोला समेत मुख्य दुई हाँगामा बगेर आई बनेको ᒐ भेरी नदीमा गएर मिल्दछ। (८८–४/६०७)

**निगालासैनी** (देहीमाणु, बैतडी)

१. [ने० निगाला+शयनी] निगालाको गाँजबाट उत्पन्न भएकी वा निगालाको झ्याङमा सुतिरहेकी देवी हुनाले ᒐ नाउँ रहन गयो। (४३/४०९)

**निगालीसागर (निग्लिसागर)** (कपिलवस्तु)

१. [ ? निगाली+सागर ] स्थानीयभाषामा निगाली भनिने माथिल्लो भाग फुटेर लडेको अशोकस्तम्भ रहेको ताल अर्थात् सागर हुनाले ᒐ नाम रहन गएको हो।(८८–३/-१०१८)

**सगरहवा** गाउँबाट १ कोस जति पूर्वमा पर्ने ᒐ गाउँमा रहेको तालको पश्चिम किनारामा रहेको **अशोकस्तम्भमा** ब्राह्मीलिपि र पालीभाषामा कुँदिएका अभिलेखहरू छन्। (८८–३/१०१८)

**निग्लिहवा** (कपिलवस्तु)

१. [ ?, निगाली + हवा ] निगाली अर्थात् अशोकस्तम्भको फुटेर लडेको खण्ड रहेको गाउँ हुनाले निगालीहवा भनिएको र यसैबाट ~ नाम रहन गएको हो । (८८–३/१०१८) हेर्नुस् निगालीसागर वा निग्लिसागर ।

**निशानस्थान** (धनकुटा)

१. [ने० निशान + स्थान ] अधिष्ठात्रीदेवीको रूपमा जङ्गी निशान (झन्डा) को पूजा–अर्चना गरिने कोतथलो हुनाले ~ नाउँ रहन गएको हो ।

~ को चोकभित्र रहेको मसलाको बोटको फेदवरिपरि बनाइएको चौताराको चारै दिशामा १।१ गरी चारवटा शिलापत्रहरू छन् । यो कोतथलो संवत् १८७६ असार सुदि १० रोज ६ मा काजी जसपाव थापाले बनाई निशान स्थापित गरेको बुझिन्छ कोतथलामा हाल एउटा पुरानो जङ्गी निशानको अतिरिक्त श्रीजङ्ग (उत्तरतिर) र इन्द्रध्वज (दक्षिणतिर) कम्पनीका निशानहरू पनि विद्यमान छन् । धनकुटाकी अधिष्ठात्रीदेवी हुँदा निशानलाई दिनहुँ विधिपूर्वक जागा–सुकला गराउने र पूजार्चन गर्ने चलन छ । अघिअघि शीतलामाई र हैजा फैलिएको बखत जनताको अनुरोधमा निशानलाई बजार घुमाउने चलन थियो ।

**निसीभुजी क्षेत्र** (बागलुङ)

१. [ने० निसी + भुजी + क्षेत्र] सुर्तीवाङको लेकस्थित चुयानेटा देउरालीबाट बगर आउने भुजीखोला र रियालनेटा, तुलाचनधुरी, भलकोटदेखि बगर आउने निसीखोलाको नामबाट बागलुङ जिल्लाको सुदूर पश्चिम भागलाई ~ भनिन्छ । (८८–३/६६४)

बुर्तिवाङ ~ को मुख्य व्यापार केन्द्र हो । निसी र भुजी खोलाको सङ्गम पाखुटे भन्ने ठाउँमा भएको छ । त्यसपछि यस खोलालाई **बरिगाड** भन्दछन् ।

**नीलकण्ठपर्वत** (पर्वत, धौलागिरी अञ्चल)

१. [सं० नील + कण्ठ + पर्वत] नीलकण्ठ महादेवको रूपमा पुजिने हुँदा पर्वतको नाम नै ~ रहन गएको हो । (११६/४७)

**नीलकण्ठह्रद** (गोसाइँकुण्ड)

१. [सं० नील + कण्ठ + ह्रद ] देव र दानवको संयुक्त अभियान समुद्रमन्थनमा निस्केको कालकूट (हलाहल) विष लोककल्याणको लागि महादेवले निलेर घाँटीमा अड्काएपछि विषले पोलेर घाँटी नै नीलो भएका महादेव विषको ज्वालाले छटपटिएर उत्तरतर्फ लाग्दै गएर डाह शान्त गर्ने पहाडको फेदीमा रहेको जलको निर्मल कुण्डमा पल्टेको हुनाले त्यसको नाउँ नै ~ रहन गयो । (१२६/२१)

**नीलकण्ठहिमाल**

१. [सं० नील + कण्ठ + हिम + आलय ] **नीलकण्ठह्रद** जुन हिमालयको काखमा रहेको छ त्यसको नाम नै ~ पर्न गएको छ । (१५६–१/?)

समुद्र-सतहबाट २४७८० फीट अग्लो यो पर्वत **गोसाइँथान** पनि भनिन्छ । (१५६–१/?)

**नुप्पुनद्रङ्ग** (केवलपुर, धादिङ)

१. [ ?, नुप्पुन + द्रङ्ग ] नुप्पुन भनिने ठाउँमा द्रङ्ग अर्थात् कर लिने अड्डा राखिएको हुँदा ठाउँको नाम नै ~ रहन गएको हो । (६५।४७)

केवलपुर (पश्चिम १ नम्बर) मा प्राप्त लिच्छलिकालीन अभिलेखमा यस नामको उल्लेख पाइन्छ ।

**नुवाकोट** (वाग्मती अञ्चल)

१. [सं० नव + कोट्ट ] त्रिशूली नदी र तादी नदीको बीचमा पर्ने डाँडाहरूमा धैबुङकोट, धादिङकोट, रामकोट, फिर्केपकोट, सल्यानकोट, भैरमकोट, बेलकोट, मालकोट र धुवाकोट समेत ९ वटा कोट (किल्ला) हरूको केन्द्रस्थलमा निर्माण गरिएको नयाँ कोट हुनाले संस्कृतमा नवकोट्ट भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो । (८४।२३–२४) हेर्नुस् नःक्वा ।

२. [सं० नव + कोट्ट ] यस क्षेत्रका डाँडाहरूमा ९ वटा किल्लाहरू रहेको हुनाले जिल्लाको नाम नै ~ रहन गएको छ । (८८–२/५७७)

कुनै समयमा बेलकोट, कालिकाकोट, भैरवकोट, मालाकोट, धुवाँकोट, प्यासकोट, सिमलकोट, धैबुङकोट तथा

सल्यानकोट गरी नौवटा कोटहरूको प्रशासन व्यवस्था यहींबाट गरिन्थ्यो । (८८–२/५७७)

३. [नेवा०नव+क्वाथ] पहिले यहाँ नौतले दरबार रहेकोले नेवारीमा नक्वाथ अर्थात् नौतले किल्ला भन्ने नाम रहन गएको र यसैको अपभ्रंश भई ~ हुन गएको हो। (३७/६९) हेर्नुस् नःक्वा ।

भनिन्छ, यहाँ पहिले कोट (निसान पूजा गर्ने ठाउँ), मौलो (वलि दिने ठाउँ), पाटी र मन्दिर आदि पनि नौ–नौ वटा नै थिए । (३७/६९)

४. [ने०नयाँ+कोट] नयाँ किल्ला बनाइएको ठाउँ हुनाले नयाँकोट भनिएको छ त्यसैको अपभ्रंश भई नुहाकोट र ~ नाम रहन गएको हो । (३७/६९)

राजा महीन्द्र मल्लको पालामा बनेको नागासन गणेशको मन्दिरको अभिलेखमा 'नवकोट' लेखिएको छ भने पृथ्वी-नारायण शाहले वि०सं०१८१० फागुन वदी ५ रोज ३ मा धनपति र देवहरि डोटेलहरूलाई पठाएको पत्रको पुछारमा 'नयाँकोट' लेखिएको छ (३७/६९) । पृथ्वीनारायण शाहले सन् १७४४ को सेप्टेम्बर १६ तारीखको बिहान नुवाकोट आक्रमण गरेका थिए ।

**नुवाकोट** (स्याङ्जा)

१. [ने० नयाँ+कोट] नयाँ ठकुराई (राज्य) मा रजस्थल (राजा बस्ने ठाउँ) को निम्ति नयाँ कोट (किल्ला) बनाइएकोले नयाँकोट भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो । (८८–३/३८५)

जैन खानका छोरा सूर्य खानका पालासम्म भीरकोटदेखि क्रमशः उत्तर र पश्चिममा रहेका सातौं र गरौंमा पनि अर्को दुई ठकुराई (राज्य) खडा गरिए र यी दुई ठकुराई सूर्य खानका दुई छोरामध्ये एउटा खान्चा (हरिहरसिंह) ले लिए र अर्को ठकुराई मिचा (अभय सिंह) ले लिए । नयाँ ठकुराईमा रजस्थलको निम्ति नयाँ कोट बनाइएको थियो (८८–३/३८५) । काठमाडौंबाट लगभग ९ कोस टाढा पनि नुवाकोट भन्ने ठाउँ रहेको हुनाले यसलाई **पल्लो नुवाकोट** पनि भन्दछन् ।

**नेतपाःच्व** (काठमाडौं)

१. [नेवा०ने+त+पाः+चो] नेवारीभाषामा 'ने' भनेको बीचको, 'त' भनेको थुम्को, 'पा' भनेको 'उकालो' र 'च्व' भनेको टुप्पो हुन्छ। तसर्थ 'बीचको थुम्काको उकाला-को टुप्पो' भन्ने अर्थमा टोलको नाम नै ~ रहन गएको हो। (१५६/१४)

**नेपाःगाः** (काठमाडौं उपत्यका)

१. [नेवा० नेपाल+गाल] नेवारीभाषामा खाल्डो-लाई 'गाः' अथवा 'गाल' भनिन्छ । तसर्थ **शिवपुरी, नागार्जुन, चन्द्रगिरि** र **फुलचोकी** पर्वतहरूद्वारा घेरिएको ठूलो खाल्डो वा उपत्यका ~ भनिएको हो । (८०/१८३)

नेपालीमा नेपालखाल्डो वा खास नेपाल भनिन्थ्यो । हाल काठमाडौं उपत्यका नाउँले प्रसिद्ध छ । प्रशासनिक दृष्टिले यसलाई सदर पनि भन्दछन् ।

**नेपाल**

१. [ति० ने+पाल] तिब्बत-बर्मी भाषा परिवारका बोलीहरूमा 'ने' शब्दको तात्पर्य 'घर' वा 'निवासस्थान' र 'पाल' शब्दको तात्पर्य 'ऊन' हुन्छ । अतः ऊनको घर वा ऊन पाइने देश हुनाले ~ नाम रहन गएको हो ।

कौटिल्यको 'अर्थशास्त्र' (अधिकरण २, अध्याय ११, सूत्र १०५–६) र बौद्ध ग्रन्थ 'मूलसर्वास्तिवादविनयसंग्रह' (अध्याय २१, नैसर्गिक १६, टोकियो संस्करण, पृष्ठ १००) को आधारमा नेपाल उपत्यका आदिकालदेखि नै तिब्बत र भारतको बीच ऊनको प्रसिद्ध बजार (मन्डी) भएको कुरा सिद्ध हुन्छ ।

२. [ला० ने+पाल] पुरानो लाप्चाभाषामा 'ने' को अर्थ 'पहाडको गुफा' वा 'मानिस बस्ने कन्दरा' र 'पाल' को अर्थ 'भेंडाको भुत्ला' हुन्छ । यी दुवै शब्दको योगबाट ~नाम रहन गएको हो ।

पुरानो लाप्चाभाषामा पूर्वी नेपाल र सिक्किमलाई 'ने' संज्ञा दिइएको छ ।

३. [भो०ने+पाल] भोट–बर्मेली भाषामा 'ने' को अर्थ 'पवित्र स्थल' र 'पाल' को अर्थ 'ऊन' हुन्छ । तसर्थ ऊन हुने पवित्र स्थल भन्ने अर्थमा ~ नाम रहन गएको हो ।

भोटका लामा ग्रन्थहरूमा 'न्यस्' (Gnas) लेखिए तापनि यसको उच्चारण 'ने' नै गरिन्छ र लामाहरू यस शब्द-बाट **'पवित्रस्थल' वा 'गुफा' बुझ्दछन ।**

४. [कि० ने+पार>नेपाल] सम्भवतः किरातहरू-को नेपार (आजकल न्यार्पा) भनिने उपजातिको नामबाट देशको नाम नै 'नेपार' रहन गएको र त्यसैको अपभ्रंश भई ∽ हुन गएको हो ।

किरातहरूको नेपाल (न्यार्पा) उपजाति काठमाडौं उपत्यकाको निकटवर्ती क्षेत्रमा पाइन्छ । 'नेपार' शब्दबाट नै 'नेपाल' बनेको हुनु सम्भव छ, किनभने प्राचीन मागधी-भाषामा पनि 'र' को स्थानमा 'ल' को प्रयोग सामान्यतया पाइन्छ ।

५. [भो०नेप+आल] भोटेभाषामा 'नेप' को अर्थ 'पानी सुकाई बस्ती बसाएको' भन्ने हुन्छ । नेपाल उपत्यका पहिले ठूलो सरोवरको रूपमा रहेको कुरा भौगर्भिक अनुसन्धानबाट पनि प्रमाणित हुन्छ र पछि त्यहाँ मानिसहरूको बस्ती बसेको हुँदा ∽ नाम रहन गएको हो ।

बौद्ध मतानुसार मञ्जुश्रीले पहाड काटेर पानी सुकाए-पछि ज्योतिर्लिङ्गको दर्शन पाएर शहर बसाई आफ्ना शिष्य धर्माकरलाई राज्य दिए । हिन्दू ग्रन्थअनुसार बाग्मतीको पानी छेकेर बसेको असुर (कच्छपासुर) लाई मारी विष्णुले चोभार र कटुवाल-दहको बाँध फोरी थुनिएको जललाई बाहिर निकालेर जमीन सुक्खा गराई यस रमणीय उपत्यकालाई बस्ती बसाई गुल्जार गराउने कार्यभार 'ने' मुनिलाई सुम्पेका थिए ।

६. [सं०निप+आल] 'निप' भन्ने जातिले बसोबास गरेको क्षेत्र हुनाले ∽ नाम रहन गएको हो ।

निप जातिको नै कालान्तरमा नेपा र नेवा नाम रहन गएको बोध हुन्छ । 'प' को विकृत रूप 'व' तथा 'र' को एवं 'ल' मा भिन्नता नमानेर जातिवाची 'नेपार' वा 'नेवार' शब्दबाटै देशवाची ∽ शब्द सिद्ध भएको देखिन्छ ।

७. [ति० ने+पाल] तिब्बतीभाषामा 'ने' भनेर 'पवित्र गुफा' लाई र 'पाल' भनेर 'समूह' लाई भनिन्छ । पवित्र गुफाहरूले परिपूर्ण भएको देश ∽ भनियो । काश्मीर-देखि पूर्व कामरूपदेखि पश्चिम सम्पूर्ण पहाडी भू-भाग-∽ नामबाट सम्बोधित गरिन्छ* ।

---

* नेपालदेशो देवेशि विन्ध्ये शैले च तिष्ठति ।
काश्मीरान्तु समारभ्य कामरूपात्तु पश्चिमे ॥
शक्तिसङ्गम् तन्त्र, श्लोक ३३

८. [सं० मुनि+पाल] 'मुनि'को अपभ्रंश भई 'ने' हुन गएको र 'पाल' भनेको चाहिं 'समूह' हुनाले मुनिहरूको समूहले निवास गर्ने गुफाहरूले परिपूर्ण प्रदेश भन्ने अर्थमा ∽ भनेर सम्बोधन गरियो** ।

९. [सं०नय+पाल] न्यायद्वारा पालिएको देश हुनाले 'नयपाल' भन्ने नाउँ रहन गएको र त्यसैको आधारमा ∽ हुन गएको होला*** ।

१०. [सं०नेमिनाथ + पाल > नेमिपाल > नेपाल] अग्रवाल जातिका पूर्वजहरूमा धनपालका वंशज नेमिनाथले एउटा नयाँ देश स्थापना गरेको हुँदा 'नेमिपाल' नाम रहन गएको थियो र त्यसैको अपभ्रंश भई ∽ भयो ।

अग्रवाल जातिका पूर्वज धनपाल नाउँ गरेका एक राजाका क्रमशः शिव, नल, अनल, नन्द, कुमुद, वल्लभ, हरित र शुक नाम गरेका आठ राजकुमारहरूको विवाह क्रमशः त्यसै समयका अर्को एक ठाउँका बिशाल नाउँ गरेका राजाका पद्मावती, मालती, सुभगा, कान्ति, श्री, ध्रुवा, बसुन्धरा र रजा नामका आठोटी राजकुमारीहरूसँग हुन गयो । यिनमा शिव र पद्मावती-को वंशमा क्रमशः विष्णु, राज, सुदर्शन, धुरन्धर, समाधि, मोहनदास तथा नेमिनाथ पैदा भए । यिनै नेमिनाथले स्थापना गरेको नयाँ देश 'नेमिपाल' वा ∽ कहलायो (सत्यकेतु विद्या-लङ्कार, 'अग्रवाल जातिका प्राचीन इतिहास', प्रथम अध्याय, पृष्ठ १–१५) ।

११. [सं० ने+पाल] 'ने' अथवा 'नेमि' नाम भएका मुनिले पालना गरिएको हुनाले हिमालयको काखमा रहेको क्षेत्रको नाम ∽ रहन गयो**** (५२/१२०) ।

मरीची ऋषिका पुत्र नेमुनि दुम्जा (पूर्वी नेपाल) बाट आएर साँखुबाट दक्षिणतर्फ रहेको मणिचूड पर्वतमा धेरै काल-

---

** ने नामकेन मुनिना पालित इति नेपालः ।
–पाणिनी, अष्टाध्यायी २।२।२४

*** नयेन पाल्यते यः सः नयपालः ।
–पाणिनी, अष्टाध्यायी, अनेकमन्यपदार्थे, २।२।२४

**** नेमिना मुनिना यस्मात् पालितम् पुण्यकर्मणा ।
क्षेत्रं हिमवतः कुक्षावतो नेपालसंज्ञकम् ॥
–नेपाल–माहात्म्य अ० ११,श्लो० ६१–६२

सम्म खड्गजोगिनी देवीको तपस्या गरेर बसेका थिए र खड्गजोगिनी मन्दिरको दायाँपट्टिको मूर्ति नेमुनिको हो भन्ने जनधारणा छ (१६०/६३)। गोपालवंशावलीमा पशुपतिनाथ पत्ता लगाउने गाईधनीको नाम 'नेप' लेखिएको पनि मननीय छ।

१२. [सं०ने+पाल] 'ने' अर्थात् 'स्वर्गको मार्गनिर्देशक' वा 'स्वयम्भू' आदि बुद्धद्वारा 'पालित' अर्थात् 'रक्षित' देश हुनाले ~ नाम रहन गएको हो।

बौद्ध मतानुसार 'ने' को अर्थ निर्देशात्मक हुन्छ र स्वयम्भू आदिबुद्धलाई 'ने' को संज्ञा दिइएको छ। 'नेपाल-माहात्म्य'मा नेपालको सीमा पूर्वमा सबै पाप नाश गर्ने पुण्य जला कौशिकीगङ्गा (कोसी), पश्चिममा त्रिशूलीगङ्गा, उत्तरमा शिवपुरी र दक्षिणमा शीतलोदका (चिसापानी खोलो) बताइएको छ* हिमवत्खण्डमा चाहिं गण्डकी र कौशिकी (कोसी), नीलकण्ठ (हिमाल) र नटेश (भारतको चम्पारन जिल्लाअन्तर्गत नारायणीको किनारमा रहेको नटेश्वर नामक शिवलिङ्ग) को चौकिल्लाभित्र रहेको वन तथा स्थललाई सुखदायक देवक्षेत्र नेपाल भनिएको छ।** वर्तमान नेपाल अधिराज्यको उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बतप्रदेश, पूर्वमा भारत गणतन्त्रको सिक्किमराज्य र उत्तरी बङ्गाल, दक्षिणमा भारतको विहार र उत्तरप्रदेश तथा पश्चिममा भारतकै उत्तरप्रदेश पर्दछन्। हिमालयपर्वतको दक्षिणतर्फ २६°२२' र ३०°२७' उत्तरी अक्षांश तथा ८०°४' र ८८°१२' पूर्वी देशान्तर रेखाहरूको बीचमा १४७१८१ वर्गकिलोमिटर क्षेत्रफलमा ~ अवस्थित छ। पूर्वमा मेचीदेखि पश्चिममा महाकाली नदीसम्म सरदर लम्बाइ ८८५ किलोमिटर र उत्तर-दक्षिण न्यूनतम चौडाइ १४५ किलोमिटर र अधिकतम चौडाइ २४१ किलोमिटर गरी सरदर चौडाइ १९३ किलोमिटर छ। समुद्रको सतहबाट दक्षिणतिर १५२ मिटरदेखि लिएर क्रमशः बढ्दै गई उत्तरमा ८८३९ मिटरभन्दा बढी अग्लाइसम्म पुगेको ~ को कुल क्षेत्रफलको ८३ प्रतिशतमा पहाड र १७ प्रतिशतमा समथर मैदान रहेको छ। (१६६/१)

नेपाल शब्द सर्वप्रथम 'अथर्व परिशिष्ट' (ई०पू०६००–८००) मा उल्लेख भएको देखिन्छ। 'महाभारत', 'वृहस्पति-अर्थसूत्र' र कौटिल्यको 'अर्थशास्त्र' मा पनि नेपालको उल्लेख गरिएको छ। पुरातात्त्विक साधनमा समुद्र गुप्तको प्रयाग स्तम्भाभिलेख र नेपालमा लिच्छवि राजाहरूका ६ वटा अभिलेखहरूमा नेपाल शब्द उत्कीर्ण गरिएको छ। चिनियाँ यात्री हुयन्त्साङ्गले नेपाललाई 'निपोलो' लेखका छन् भने तिब्बतीभाषामा 'वालयुल' वा 'वाल्पो' भनी लेखिएको पाइन्छ। मङ्गोलियालीभाषामा नेपाललाई 'बाल्बा' भन्दछन्। स्कन्दपुराण हिमवत्खण्डमा भनिएअनुसार यस देशको नाम सत्ययुगमा 'सत्यवती' थियो भने त्रेतायुगमा 'तपोवन', द्वापरयुगमा 'मुक्तिसोपान' र कलियुगमा 'नेपाल' नाम हुन गयो***।

**नेपालगन्ज** (बाँके)

१. [ने० नेपाल+गन्ज ?] सम्भवतः नेपाल जस्तो शहर भन्ने अर्थमा ~ नाम रहन गएको होला।

बाँके जिल्ला, भेरी अञ्चल र मध्य–पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम रहेको ~ मा वागीश्वरी पोखरी र रानीतलाउ प्रसिद्ध छन्। यहाँको श्रीवागीश्वरीको मन्दिर पनि प्रसिद्ध छ। यहाँ रामनवमी र बडादशैंको नवमीमा ठूलो मेला लाग्छ। (८८–४/६६०)

**नौडाँडा** (बेनी, नुवाकोट)

१. [ने० नौ+डाँडा] नौ वटा पर्वतहरूको समूह हुनाले ~ भनिन्छ।

---

* पूर्वस्यां कौशिकी पुण्या सर्वपापविनाशिनी।
गङ्गा त्रिशूलगङ्गाख्या प्रतीच्यां दिशि संस्थिता ॥३॥
उत्तरस्यां दिशि तथा सीमा शिवपुरी मता।
दक्षिणस्यां दिशि नदी पवित्रा शीतलोदका ॥४॥
एतन्मध्ये महापुण्यं नेपालं क्षेत्रमीरितम्।
—नेपाल–माहात्म्य, अ० ५, श्लो० ३–५

** गण्डकी कौशिकी चैव तयोर्मध्ये वनस्थलम्।
नीलकण्ठ नटेशौ च तयोर्मध्ये तथाविधम्।
नेपाल इति विख्यातं देवक्षेत्रं सुखप्रदम् ॥
—स्कन्दपुराण, हिमवत्खण्ड, अ. ७०

*** सत्ये सत्यवती यत्र त्रेतायां तु तपोवनम्।
द्वापरे मुक्तिसोपानं कलौ नेपालिका पुरी ॥
—स्कन्दपुराण, हिमवत्खण्ड, अ० ७२

**नौतले दरबार** (वसन्तपुर, काठमाडौं)

१. [ने० नौ+तला+दर्बार] नौ तला भएको राज-दरबार हुनाले ~ भनिएको हो । (१३०/६६)

नेवारीमा यसलाई **गुतेंछें** भन्दछन् । पृथ्वीनारायण शाहले ने०सं० ८९० मा यसको जीर्णोद्धार गराएका थिए । (१३०/६६)

**नौलखामन्दिर** (जनकपुर)

१. [ने० नौ+लाख+मन्दिर] टिकमगढकी महारानी वृषभानुकुमारीबाट **जानकी मन्दिर**को निर्माणार्थ नौलाख रुपैयाँ सङ्कल्प गरिएको हुनाले ~ नामले प्रसिद्ध भएको हो । (४८/४७)

यस मन्दिरको निर्माण समाप्त गर्दा बाइस लाख (अर्को एक स्रोतअनुसार चाहिं पन्ध्र लाख) रुपियाँ व्यय भइसकेको थियो रे ।~ को प्रतिष्ठा वि०सं०१९६७ साल माघ २८ गते (११ फरवरी, १९११) भयो । (४८/४७)

**न्यातपो** (न्यातपौ) (भक्तपुर)

१. [नेवा० न्यात+पोल] नेवारीभाषामा 'न्यात' भनेको 'पाँच' र 'पोल' भनेको 'तला' हुन्छ । राजा भूपतीन्द्र मल्लको पालामा ने०सं० ८७३ मा बनाइएको पाँच तला भएको देवल हुनाले न्यातपोल भनिएको र त्यसैको वर्तमान रूप ~ हुन गएको हो । (१३०/७६)

भूपतीन्द्र मल्लले यो देवलको निर्माणमा ढिलाइ हुँदा आफैंले ईँट बोकेर जनतालाई उत्साहित गरेका थिए । भनिन्छ, देशरक्षाको लागि तीनतले मन्दिर बनाएर भैरवको स्थापना गरिएको थियो । तर भैरवले प्रजालाई दुःख दिन थालेको हुँदा विद्वान्हरूसँग सल्लाह गरेर भैरवलाई शान्त गर्न नजीकै ५ तले मन्दिर बनाएर त्यसभित्र यमराज वाहन भएका तन्त्र-शास्त्रको देवताको स्थापना गरियो । भित्रको देवतालाई कसैले पनि हेर्न सक्तैन । त्यहाँ प्रत्येक स्तरमा १० गुना बढी शक्ति भएका द्वारपालहरू राखिएका छन् । सबभन्दा तल भक्तपुरका राजाका दुई महावीरहरू जय मल्ल र फत्त मल्लको शालिक छ, त्यसपछि दुई हात्ती, अनि दुई सिंह र त्यसपछि दुई काल्पनिक जन्तु (Griffin) र सबैभन्दा माथि चाहिं बघिनी र सिंहिनी रहेका छन् । (१५५/८३)

**न्यासलचोक** (हनुमान्ढोका, काठमाडौं)

१. [सं. न्याय+शाला+चोक] राजाले न्याय दिने न्यायशाला रहेको चोक हुनाले न्यायशालाचोक नाम रहन गएको र यसैको अपभ्रंश भई नेवारीमा ~ भनिएको हो । (१९/१५२)

हनुमान्ढोका दर्बारभित्र यो चोक प्रताप मल्लले बनाउन लगाएका हुन् ।

**पचली** (काठमाडौं)

१. [सं० पञ्च+लिङ्ग] बाग्मती र विष्णुमतीको दोभाननेर पाँचवटा लिङ्गहरू रहेकोले पञ्चलिङ्ग तीर्थ नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो ।*
(५२/१२६)

सूर्यवंशी राजा गुणकामदेवले महालक्ष्मीबाट स्वप्नमा आज्ञा भएअनुसार कलिगत ३८२५ मा कान्तिपुर शहर बनाइसकेपछि देशरक्षार्थ अरू देवदेवीहरूको स्थापनाको साथसाथै गणेश, अष्टमातृकागणले सहित गरी पञ्चलिंगेश्वर भैरवलाई देश (शहर) को दक्षिणी भागमा स्थापना गरेका थिए । त्यही पञ्चलिङ्गभैरव रहेको ठाउँ हुनाले पञ्चलिङ्गको अपभ्रंश भई ~ नाम रहन गएको हो । (१०५/९६)

**पञ्चकोशी** (**पञ्चतीर्थ**) (दैलेख)

१. [सं. पञ्च+कोसी (तीर्थ)] शिरस्थान, नाभि-स्थान, पादुकास्थान, कोटिलेश्वर (कोटिला) र धूलेश्वर भन्ने नामले सुविख्यात पाँच तीर्थस्थल~ भनिन्छन् (१२७/६०, ८८–४/५६२) ।

**शिरस्थान**, **नाभिस्थान** र **पादुकास्थान**का ज्वालाहरू नारायणको शिर, नाभि र पाउबाट निस्केका हुन् भन्ने एक थरीको भनाइ छ भने सतीदेवीका अङ्गहरूको पतन हुँदा शिरस्थानमा शिर, नाभिस्थानमा नाभि, पादुकास्थानमा पाउ, कोटिलामा अङ्ग र धूलेश्वरमा धूलो पतन भएको थियो

---

* वाग्मत्या विष्णुमत्याश्च संभेदमतिपुण्यदम् ॥
यत्र लिङ्गानि पञ्चापि वर्तन्ते मकरध्वज ।
पञ्चलिङ्गाह्वयं तीर्थनाम तस्य प्रतिष्ठितम् ॥
—नेपाल माहात्म्य, अ. ११, श्लो. १०४–१०५

भन्ने अर्को थरीको मत छ । यसरी ज्वालामुखीका चिन्हहरू मिलाई विष्णु वा देवीको मूर्तिको कल्पना गरिएको छ । कर्णालीनदी र लोहोरेखोलाको सङ्गमस्थलमा पहाडको खोंचमा डुंगेश्वरमठ कालसैनीको मन्दिर र धूनीघर आदि छन् ।~ घुमी दर्शनपूजा गरेपछि डुंगेश्वरको दर्शन नगरे पूर्ण फलप्राप्ति हुँदैन भन्ने विश्वास गरिन्छ । यहाँबाट अढाई कोस टाढा लोहोरे खोला र पराजुलखोलाको दोभान नजीकै डुंगेश्वर मन्दिर छ। प्रतिवर्ष श्रीपञ्चमीको दिन यहाँ मेला लाग्छ। (८८–४/५६३)

**पञ्चदेवल** (कालिकोटदरा, जुम्ला)

१. [सं. पञ्च+देव+आलय] शिवजीका पाँचवटा मन्दिरहरू हुनाले~ भनिएको हो। (८८–४/४५८)

चार कुनामा चरवटा सानासाना र बीचमा एउटा ठूलो गरी जम्मा पाँचवटा शिवालयहरू पञ्चपाण्डव वनवास आउँदा बनाएका हुन् भन्ने लोकोक्ति छ।

**पटको** (पतुको) (ललितपुर)

१. [? पटुक] पटुक वा पतुक भन्ने किराती राजाको दरबार रहेको ठाउँ हुनाले ~ नाम रहन गएको हो। (५७/५)

क्वाबहालनजीकको ढिस्कोलाई किराती राजा पटुक (पतुक) को अवशेष हो भन्दछन्। यस माटोको ढिस्कोनजीकै केही पुराना मुद्राहरू पनि प्राप्त भएका छन्। किराती राजा पटुक सोमवंशीको आक्रमणबाट किरातीको अर्को दरबार यक्षमूलत्तिरबाट भागेको पनि किंवदन्ती छ। (५७/५)

**पट्टनपुरी** (जनकपुर)

१. [सं. पट्टन+पुरी] हेर्नुस्, तीनपाटन ।

**पड्केघारी** (गोरखा)

१. [ने. पड्के+घारी] पड्के भन्ने रूखको घारी भएको ठाउँ हुनाले बूढीगण्डकीको किनारामा पर्ने एक कोसजति लामो झाडीको नाम नै ~ राखिएको छ। (१०७/७९)

**पर्णेना** (अर्घाखाँची)

१. [सं. पाणिनि>पर्णेना] पाणिनि ऋषिले तपस्या गरेको ठाउँ हुनाले पाणिनि-तपोभूमि गाउँ भन्ने गरिएको र यसैको छोटकरी रूप ~ हुन गएको हो । (४१/५६, ८८–३/८२६)

ईशापूर्व केही शताब्दीअघि खिदिमनजीकै तुदी भन्ने डाँडामा रहेको तुदी क्षेत्रमा पाणिनि ऋषि आई शिवजीको तपस्या गरेर वरदान पाई संस्कृत व्याकरण तयार पार्न सफल भएका थिए। (८८–३/८२६)

**पत्तार पोखरी** (लक्ष्मीपुर, सिराहा)

१. [ने० पत्तार+पोखरी] हरिसिंहदेव राजाको दरबार रहेको ठाउँ पत्तारमा रहेको एक पुरानो सुन्दर पोखरी हुनाले ~ नाम रहन गएको हो। (८८–१/८७२)

प्रत्येक वर्ष वैशाख १ गतेदेखि १५ दिनसम्म यस पवित्र स्थलमा भव्य मेला लाग्छ जसमा भारतबाट समेत मानिसहरू आएर स्नान गरी सलेश मन्दिरमा जान्छन्।

**पद्मकाष्ठ** (पद्मकूट) **गिरि** (काठमाडौं)

१. [सं० पद्म+काष्ठ+गिरि] कमलको आकारको पहाड हुनाले ~ नाम रहन गएको हो।

यसै पर्वतमा बस्ने ग्वालाको ने भन्ने गाईले नित्य पशुपतिनाथमा दूधको धारा चुहाउने गरेको किंवदन्ती छ।

**पद्मकाष्ठपुरी** (काठमाडौं)

१. [सं० पद्म+काष्ठ+पुरी] पद्मकाष्ठगिरिमा बसाइएको शहर हुनाले ~ नाम रहन गएको हो। (६८/५)

कान्तिपुर र ललितपुर दुवै शहरको समीपमा रहेको अग्लो डाँडामा कलिगताब्द ३९४२ (विक्रमको बाह्रौं शताब्दीको चतुर्थांश) मा यो नगर स्थापित गरिएको थियो भनिन्छ । वंशावलीहरूमा यस नगरको आकार त्रिकोण भनेर लेखिएको छ, तर यसको आकार किस्तीको जस्तो छ भन्ने लोकोक्ति छ। (६८/५) हेर्नुस् कीर्तिपुर ।

**पनौती** (काभ्रेपलान्चोक)

१. [सं० पुण्यवती>पनौती] प्राचीन नाम पुण्यवतीको अपभ्रंश भई~ नाम रहन गएको हो।(८८–२/४८५)

२. [सं० पुण्यवती>पनौती] पुण्यवती वा पुण्यमती नदीको

किनारामा बसेको बस्ती हुनाले पुण्यवती नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो ।

पुण्यमती, बिहावर खोला र रोसी खोलाको सङ्गम-स्थलमा माघ महीनाभर प्रत्येक १२ वर्षमा मकरमेला र प्रत्येक ६ वर्षमा कुम्भमेला लाग्छ । (८८–२/४८५)

**पब्बतरट्ट** (?)

१. [सं० पर्वत+राष्ट्र] पहाडी क्षेत्रसम्म फैलिएको राष्ट्र हुनाले पर्वतराष्ट्र भन्ने नाउँ रहन गएको र त्यसैको अपभ्रंशबाट~ हुन गएको हो । (६५/५४)

बौद्धग्रन्थ संयुक्त निकाय अट्टकथामा 'विदेहरट्ट' मध्ये पब्बतरट्ट नगरको चर्चा गरिएको हुँदा हाल **जनकपुर** र **भित्रीमदेससम्म**को केही इलाका पहिले ~ भनिन्थ्यो भन्ने अड्कल गरिन्छ। (६५/५४)

**पर्वत** (धवलागिरि अञ्चल)

१. [सं० पर्वत] अनेकौं अग्ला-होचा अजङ्ग-अजङ्गका पहाड-पर्वतहरूले भरिपूर्ण क्षेत्र हुनाले ~ नामबाट प्रख्यात भएको हो। (८८–३/४३६)

वि० सं० १८४४ तिर नेपाल अधिराज्यमा गाभिनु-अगाडि पहिलेको चौबीसे राज्यहरूमध्येको एक पर्वत राज्यको सिमाना उत्तरमा भोट, दक्षिणमा गुल्मी र गलकोट, पूर्वमा मोदी खोला र पश्चिममा जुम्ला राज्यसम्म फैलिएको थियो । पर्वत राज्यका राजाहरूमा **मलेबम**को निकै ख्याति थियो। (८२/४२)

**पर्सा** (नारायणी अञ्चल)

१. [सं० पारसनाथ > पारस > पर्सा] मकवानी राजा माणिक्य सेनले ई० सं० १७०७ मा महुवनमा पारसनाथको मठ स्थापना गरेको ठाउँ हुनाले पारसनाथको छोटकरी रूप पारसको अपभ्रंश भई ~ नाम रहन गएको हो । (८८–२/११४५)

पारसनाथमठको निमित्त तीन मौजा संन्यासी भोदुनाथ गिरीलाई दिइएको थियो । त्यो मठ आजसम्म पनि चालू छ।

**पर्सागढी** (पर्सा)

१. [ने० पारसनाथ+गढी] मकवानी राजा माणिक्य सेनले स्थापना गरेको पारसनाथमठनेर उनैले बनाएको गढी हुनाले पारसगढी नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो । (८८–२/११४५)

~ का खण्डहरू आज पनि विद्यमान छन् ।

**पराशरक्षेत्र** (तनहुँ)

१. [सं० पराशर+क्षेत्र] पराशर ऋषिले तपस्या गरेको ठाउँ हुनाले~ भनिन थाल्यो ।

मादी र सेती गण्डकीको रमाइलो दोभानमा रहेको द्वीपमा नै पराशर ऋषिबाट मत्स्योदरी (मत्स्यगन्धा) का छोरा पुराणसंहिताकर्ता, वेदशास्त्रप्रवर्तक, महाभारतका रचयिता वेदव्यासको जन्म भएको थियो । (८८–३/२४७)*

**पराशरगुफा** (गुहा) (तनहुँ)

१. [सं० पराशर+गुहा] सेती र मादीको सङ्गम नजीकै रहेको गुफामा पराशर ऋषिले तपस्या गरेको हुनाले ~ भनिएको हो। (८८–३/२४७)

प्रत्येक माघे संक्रान्तिका दिन यस ठाउँमा मेला लाग्छ । चौमासका एकादशीहरूमा पनि भक्तजनहरू यहाँ स्नान गर्न भेला हुन्छन् ।

**पलान्चोक** (बाग्मती अञ्चल)

१. [?] लिच्छवि राजा मानदेवद्वारा निर्माण गरिएको मानिने पलान्चोक–भगवतीको मन्दिर रहेको डाँडा हुनाले~ नाउँ रहन गएको हो। (८८–२/५८६)

---

* पारकोटे ऽ न्यतीर्थञ्च वर्तते पुण्यदायकम् ।<br>
माद्रिकाशुक्लगण्डक्योः सङ्गमे शंकराभिधम् ॥<br>
तपश्चकार तत्रैव पराशरमहामुनिः ।<br>
पराशरगुहा तत्र तपः सिद्धिप्रदायिनी ॥<br>
जज्ञे मत्स्योदरीपुत्रस्तत्र द्वीपे पराशरात् ।<br>
पुराणसंहिताकर्ता वेदशास्त्रप्रवर्तकः ॥

—गण्डकीक्षेत्रमाहात्म्य, अ० ५, श्लो. ५४–५६

समुद्र सतहबाट करीब १५६३ मिटरको उचाइमा रहेको मन्दिरवरिपरि बस्ती बसेको छ। मन्दिरमा एक मिटर अग्लो कालो ढुङ्गामा कुँदिएको भगवतीको भव्य र सुन्दर मूर्ति छ। यहाँ चण्डीपूर्णिमामा प्रसिद्ध मेला लाग्छ। प्रत्येक मङ्गलवार र शनिवार काठमाडौंलगायत टाढा-टाढाका भक्तहरूको भीड लाग्छ। (८८–२/५८६)

**पल्लो किरात** (मेची अञ्चल)

१. [ने० पल्लो+किरात] अरुणकोसीदेखि पूर्वको भूभाग〜 भनिन्छ। (१५३/३१)

यस प्रदेशमा मुख्यतया लिम्बूहरूको बस्ती छ।

**पल्लो नुवाकोट** (पश्चिम चार नम्बर)

१. [ने० पल्लो+नुवाकोट] काठमाडौंबाट ६ कोसजति पश्चिममा रहेको **नुवाकोट** (राजा मिचा खानद्वारा संस्थापित शाहवंशको भीरकोटपछि दोस्रो राज्य) लाई वल्लो नुवाकोट र चौबीसी क्षेत्रमा रहेको नुवाकोटलाई 〜 भन्ने गरिएको हो।

**पशुपति** (काठमाडौं)

१. (सं० पशु+पति) **श्लेष्मान्तकवन**मा पशु अर्थात् मृगरूपले बसेका शिव हुनाले〜 भन्ने नाम रहन गयो।* (५२/४)

पशुपति नाथको पहिलो उल्लेख संवत् ४५५ को पशुपति भस्मेश्वरको अभिलेखमा भएको छ। लिच्छविकालीन नेपालका राजाहरूको प्रशस्तिमा पशुपति शब्द व्यवहृत गरिएको देखिनुका साथै 'पशुपति' शब्द अङ्कित मुद्राको प्रचलनले समेत〜 नेपालको प्रसिद्ध देवताको रूपमा मान्य रहेको कुरा सिद्ध हुन्छ। (३३/३६)

**पशुपतिक्षेत्र** (काठमाडौं)

१. [सं० पशु+पति+क्षेत्र] पशुपतिनाथ रहेको प्रदेश हुनाले काठमाडौं उपत्यका〜 नामले प्रसिद्ध भयो। (३३/३६)

पशुपतिनाथको वरिपरिको एक कोसको परिधि अति पवित्र〜 मानिन्छ।

**पशुपतिनगर** (इलाम)

१. [ने० पशुपति+नगर] इलामका बडाहाकिम नेत्रजङ्ग थापाले वि०सं० १९८९ सालमा ब्रिटिश पेन्सन-वालहरूलाई 'चार कटेरी' भन्ने वनमा बसाएर बनाएको बस्तीको नाउँ〜 राखिएको हो। (८८–१/१९३)

**पहाडखण्ड**

१. (ने० पहाड+खण्ड) नेपालको मुख्य भूभाग महाभारत पर्वतशृङ्खलामा अवस्थित भएको हुनाले यो क्षेत्र 〜 भनिन्छ।

नेपालको कुल क्षेत्रफलको ६८ प्रतिशतमा पहाडी इलाका रहेको छ।

**पाँचगाउँ** (मुस्ताङ)

१. [ने० पाँच+गाउँ] थिनी (ठिनी), स्याङ (स्याङग), मार्फा, चिवाङ (छेवाङ्ग) र छैरो (छेरोक) नामका पाँच गाउँहरूको समूह रहेको इलाका हुनाले〜 भनिन्छ। (८८–३/५२९, १५३/८९, १५८/६८)

**टुकुचे** र **कागबेनी**को बीचमा पर्ने यस क्षेत्रका बासिन्दा (थकाली जातिका मानिसहरू) पाँचगाउँले भनिन्छन्।

**पाँचथर** (फिदिम, मेची अञ्चल)

१. [ने० पाँच+थर] ?, पहिले **दश लिम्बुवान** भनिने यस क्षेत्रका राजाहरू फिदिममा रहेको 'अम्वे पोजोमा' भन्ने तीर्थस्थलमा जम्मा भई महत्त्वपूर्ण विषयहरू चुमलुङ (संयुक्त सभा) द्वारा निर्णय गर्ने परम्परा थियो।

**पाँचपोखरी** (सिन्धुपाल्चोक)

१. [ने० पाँच+पोखरी] स-साना पाँचवटा दहहरूको समूह हुनाले〜 नाम रहन गएको हो। (८८–२/४२१)

---

* स्थितोऽहं पशुरूपेण श्लेष्मान्तकवने यतः।
अतः पशुपतिर्लोके मम नाम भविष्यति॥
—नेपालमाहात्म्य, अ० १, श्लो० २६

नाउलिङ तथा चोचे डाँडाको उत्तरमा करीब ३९६५ मिटर (१३००० फीट) को उचाइमा स्थित यिनै कुण्डहरूबाट इन्द्रावती खोला निस्कन्छ । रैथाने पोखरी र तातापानी पनि यस जिल्लाका प्रसिद्ध स्थल हुन् ।〜मा श्रावण पूर्णिमा र भाद्र शुक्ल एकादशीदेखि पूर्णिमाका दिनसम्म ठूलो मेला लाग्छ ।

**पाँचमाने डाँडा** (जीतपुर, काठमाडौं)

१. [ने० पाँच+माने+डाँडो] चिनियाँ फौजको नेपाल आगमनको स्मृतिमा निर्माण गरिएका पाँचवटा माने अर्थात् स्तूपहरू रहेको हुँदा काठमाडौं उपत्यकाको उतर-पश्चिमस्थित डाँडो 〜 भनिन थाल्यो । (१६५/१६५)

**पाँचसय दरा** (जुम्ला)

१. [ने० पाँच+सय+दरा] सम्भवतः पाँच सय घरधुरी भएको इलाका हुनाले〜 भन्ने नाम रहन गएको हो । (१२७/३४)

**पाकोपोखलङ्ध्याङ** (काठमाडौं)

१. [नेवा० पा+क्व+पुखुली+द्यां] नेवारीभाषा-मा 'पाः' भनेको 'ढिस्को' वा 'डाँडो', 'क्व' भनेको 'तल', 'पुखुलि' भनेको 'पोखरी' र 'द्यां' भनेको 'कान्ला' हुन्छ । ढिस्कोमुन्तिर पोखरीको कान्लानेर रहेको ठाउँ भन्ने अर्थमा टोलको नाउँ नै 'पाःक्वपुखुद्यां' रहन गएको प्रतीत हुन्छ । यसैको अपभ्रंश भई 〜 हुन गएको हो ।

**पाटन** (बैतडी)

१. (?) पश्चिमी नेपालतिर पहाडका टुप्पामा चोसो नपरी फराकिलो चौरको रूपमा रहेको लेकाली भागलाई 〜 भन्ने चलन छ ।

रुकुम जिल्लामा चीनीपाटन, चौरीबुकीपाटन, लाल-पाटन भन्ने ठाउँहरू पनि छन् । (८८–४/५३)

**पाटन** (ललितपुर)

१. [सं. पट्टन>पाटन] व्यापारको केन्द्रको रूपमा रहेको बस्तीलाई संस्कृतमा 'पट्टन' भनिने हुनाले त्यसैबाट अपभ्रंश भई 〜 नाम रहन गएको हो । (८८–२/८६३)

वाङ हुएनत्से नामक चीनियाँ यात्रीले नेपालको राज-धानीलाई 'पोलो-तन' भनेका छन् र यसको दक्षिण–पूर्वमा 'अकि पोली' भन्ने ताल भएको उल्लेख गरेका छन् । ललितपुरको दक्षिण–पूर्वमा पोखरी भएको र 'पोलो-तन' को उच्चारण पनि 'पाटन' सँग मिल्ने हुनाले पनि शायद चिनियाँ यात्रीले 〜 लाई नै पो-लो-तन भनेका हुन् कि ? (८८–२/८६३)

२. [सं. ललित+पट्टन>पाटन] पुरानो नाउँ **ललितपत्तन** शब्दको पछिल्लो खण्ड 'पत्तन' को अपभ्रंशबाट 〜 नाम रहेको हो ।

३. [सं. अशोक+पत्तन>पाटन] सम्राट् अशोक द्वारा स्थापित बस्ती हुनाले अशोकपत्तन भनिएको र त्यसैको अपभ्रंश भई 〜 भनिन लाग्यो । (४७/४१)

बुद्धको धर्मचक्रको आकारमा अवस्थित नगर〜 शब्दको प्रयोग गोर्खाली काजी कालु पाँडेलाई काठमाडौंका राजा जयप्रकाश मल्ल र ललितपुरका राजा जाज्यप्रकाश मल्लले लेखेको पत्रमा गरिएको छ । तसर्थ गोरखा र तनहुँतिर **ललितपुर**लाई 〜 भनिन्थ्यो भन्ने थाहा पाइन्छ । नेवारीमा 〜 लाई '**यल**' भन्दछन् ।

**पाटी भन्ज्याङ** (सुन्दरीजल)

१. [ने. पाटी+भन्ज्याङग] **गोसाइँकुण्ड** जाने बाटोमा पर्ने **शिवपुरी डाँडा** पार गर्ने ठाउँमा बनाइएको पाटी अर्थात् धर्मशाला रहेको देउराली हुनाले 〜 नाम रहनगएको हो । (१५५/१२०–१२१)

**पाण्डवनगर** (गर्दी, चितवन)

१. [सं. पाण्डव+नगर] सोमेश्वर पर्वतको घाँचमा घना जंगलको बीचमा पाँच पाण्डवको ढुङ्गाका मूर्तिहरू भएको ठाउँमा रहेको बस्ती हुनाले 〜 नाम रहेको हो । (८८–२/१२३०)

यी नै मूर्तिहरूसँगै एउटा पुरानो ठूलो इनार पनि छ । सोमेश्वर पर्वतको टुप्पामा चाहिं पुराना इँट र घडाका टुक्राहरू भेट्टाइएका छन् । (८८–२/१२३०)

**पाण्डुसेरागुफा** (सिंजादरा, जुम्ला)

१. [ने० पाण्डु+सेरा+गुफा] कोटघर गाउँअन्तर्गत एउटा विशाल पहरोको भित्रपट्टि रहेको ठूलो ओडार अर्थात्

गुफाभित्र अँध्यारो भागमा पाँचवटा सिंहासनको आकृतिमा भिन्नाभिन्नै पाँचवटा मूर्तिहरू रहेको ठाउँ हुनाले ~ भनिएको हो । (८८–४/४५८)

ती मूर्तिहरू पञ्चपाण्डवका मूर्तिहरू हुन् र गुप्तवासको कालमा पाण्डवहरू यहीं लुकेका थिए भन्ने जनविश्वास छ। गुफाको नजीकै रहेका दुइटा ठूला पहराहरूमध्ये एउटा पहरामा महिलाको जस्तो आकार परेकोले द्रौपदी र अर्को पहरामा भएको पुरुष आकारलाई युधिष्ठिर हुन् भनिन्छ । गुफानजीकै एउटा दह छ ।

**पात्ती नदी** (पर्वत, धौलागिरि अञ्चल)

१. [सं. पार्वती+नदी>पात्ती नदी] पर्वतबाट बगेको गङ्गा हुनाले पार्वती नदी भनिन्थ्यो र त्यसैको अपभ्रंश भई ~ नाम रहन गयो। (११६/४५)

२. [सं. पार्वती+गङ्गा] पार्वतीको जन्मस्थलबाट बग्ने नदी भएको हुनाले पार्वती गङ्गा भन्ने नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाउँ रहेको हो। (११६/४६)

पर्वत जिल्लाको दक्षिण-पश्चिमस्थित पाङ्ग (हाल धाइरिङ्ग पाङ्ग) भन्ने ठाउँमा नै पार्वतीको जन्म भएको थियो भन्ने विश्वास गरिन्छ।* ~ को पश्चिमतिर पर्ने यो समथर परेको ठाउँको पश्चिमतिर उत्तरबाट बगेर आएको काली गण्डकी पर्छ भने दक्षिणतिर पनि पश्चिमतिरबाट बग्दै आएको त्यही कालीगण्डकी नै पर्छ । पूर्वतिर चाहिं पर्वतैबाट बगेर झरेका मोदीको (हाल मोदी नदी) र पार्वती गङ्गा (हाल पात्ती नदी) कालीगण्डकीमा गई मिल्दछन् । (११६/४५)

**पाथरी** (राजमार्ग)

१. [धि० पाथर+ई] पत्थरिलो जमीन भएको ठाउँमा रहेको गाउँ हुनाले धिमाल भाषामा ~ भन्ने नाउँ रहन गएको हो । (४५/१८)

---

* पर्वते कालिकातीरे पार्वती जन्मभूमिका ।
पर्वताधिपते रम्या राजते राजधानिका ॥
साङ्गपांगमनोहारी पुरदुर्गजलाचला ।
मोदिका पार्वती गङ्गा सङ्गता कालिकाम्भसि ॥
—गण्डकीनगमालिका

**पाथीभरा** (ताप्लेजुङ्ग)

१. [ने० पाथी+भरा] अन्नले भरिएको पाथीको रूपमा पूजिने भगवती भएको हुनाले ~ नाम रहन गएको होला ।

फुरुम्बो गाउँअन्तर्गत करीब ३६५८ मिटर उच्चाइमा अवस्थित यस भगवतीथानको सम्बन्धमा अनेकौं किंवदन्तीहरू छन् । ताप्लेजुङ्ग बजारबाट एक दिनमा त्यहाँ पुगिन्छ ।

**पादुकाखोला** (दैलेख)

१. [ने. पादुका+खोला] किनारामा धार्मिक दृष्टिबाट महत्त्वपूर्ण पादुकास्थान ज्वाला भएकोले खोलाको नाम ~ रहन गएको हो । (८८–४/५४६)

भवानी डाँडा र चाम्रेकोटको केही उत्तरबाट उत्पत्ति भएको यो खोला जलुकेघाट नजीकै कर्णालीमा मिल्दछ ।

**पादुकास्थान** (दैलेख)

१. [सं. पादुका+स्थान] सतीदेवीको पाउ पतन भएको ठाउँ हुनाले ~ भनिएको हो। (८८–४/५६२)

दुल्लु बजारदेखि दुई कोस पश्चिमतिर पादुकाखोलाको किनारामा रहेको यस ज्वालालाई अधिराज्यभरि सबैभन्दा ठूलो ज्वालाको रूपमा लिइन्छ। धार्मिक दृष्टिबाट महत्त्वपूर्ण यस ठाउँमा कालसैनी देवता पनि छन्, प्राचीन मूर्ति र मन्दिरहरू पनि छन्। यहाँ प्रतिवर्ष माघ शुक्ल पूर्णिमाका दिन ठूलो मेला लाग्छ ।

**पानीअड्डा** (काठमाडौं)

१. [ने० पानी+अड्डा] राजधानीमा खानेपानीको आपूर्तिसम्बन्धी रेखदेख गर्ने कार्यालय रहेको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो ।

**पापकुण्ड** (मुगु)

१. [सं० पाप+कुण्ड] यस कुण्डमा स्नान गर्नाले आफूबाट हुन गएको पापको प्रायश्चित्त हुन्छ भन्ने जनधारणाअनुसार **ऋणमोक्षदह** समूहको यस कुण्डको नाउँ नै ~ रहन गएको छ । (८८–४/३४०)

**पापीटारा** (दोलखा)

१. [ने० पापी+टार्नु] कालिन्चोक माईको टाकुरामा पूर्वतर्फबाट जाँदा नागबेली आकारबाट डरलाग्दो भीरमा बनेका १५५ खुड्किलाहरू पापीहरूले उक्लन नसक्ने विश्वासअनुसार यी खुड्किलाहरूलाई ~ भनिएको हो। (८८–२/९८)

पश्चिमतर्फको बाटोमा चाहिं करीब ३ गज चौडाइ र ६ गज जति लम्बाइको २२ खुड्किले फलामे भऱ्याङ छ। साहसपूर्वक बनाइएको यस भऱ्याङले एक टाकुराबाट अर्को टाकुरालाई जोड्छ। दुई टाकुराका बीच ज्यादै नै गहिरो छ। यसको तल कुखुरा बासेको प्रतिध्वनि र बत्ती बलेको देखिन्छ भन्ने जनश्रुति प्रचलित छ। (८८–२/९८)

**पारकोट** (दाङ)

१. [ने० पारि+कोट] सम्भवतः आफ्नो चौहदबाट बाहिर पर्ने हुनाले उहींले चौबीसेहरू दाङलाई ~ भन्थे। (५/७)

पारकोटे भन्ने भैंसीका एक जातको नाम काठमाडौंमा पनि प्रसिद्ध छ।

**पारावत महाविहार** (काठमाडौं)

१. [सं० पारावत+महा+विहार] भास्करदेव संस्कारित केशवचन्द्रकृत ~ को आधुनिक नाउँ इटुंबहाल हो।

यो विहारसम्बन्धी कथा निकै प्रसिद्ध छ।

**पालपा (पाल्पा)** (लुम्बिनी अञ्चल)

१. [ति० बाल+बा>पालपा] तिब्बतीभाषामा 'बाल' वा 'पाल' को अर्थ 'ऊन' वा 'पशमीना' र 'बा' वा 'पा'को अर्थ 'देश' हुन्छ। तसर्थ हिमालयका उत्तरतिर निवास गर्ने जनसमुदायले अधिक रूपमा पश्मीना बनाइने ठाउँ हुनाले दक्षिणतिरको भूभागलाई 'बालबा', 'बालपा' अथवा 'पालपा' अर्थात् ऊनको देश वा पश्मीनावाला देश भनेको होला।

तिब्बतदेखि मङ्गोलियासम्म पूरै नेपाललाई 'बाल्बा' वा उच्चारणभेदअनुसार 'पाल्पा' पनि भन्दछन्। 'बा' को उच्चारण 'प' हुनु असम्भव छैन। मङ्गोलियालीभाषामा खुकुरीलाई पनि 'बाल्बा' भन्छन् भने चीनीयाँ भाषामा चाहिं यसको अर्थ 'उत्तम' भन्ने हुन्छ रे। नेपाली खुकुरी आदि शिल्पकलाका उत्कृष्ट वस्तुहरूको माध्यमले उत्तरतिरका मानिसहरूले यस देशलाई चिनेको वा पाल्पा भेककै कुनै व्यक्ति सर्वप्रथम चीन पुगेको हुँदा हिमालयपारि बस्नेहरूले यस देशलाई नै ~ भनेको हुन सक्छ। सन् ४२८ मा कपिलवस्तुबाट दूतमण्डल चीन गएको उल्लेख पाइन्छ भने नेपालबाट तेह्रौं शताब्दीमा तिब्बत तथा चीन जाने शिल्पाचार्य अरनिको (सन् १२६० तिर तिब्बत पुगेका) लाई चीनको युआन इतिहासमा 'पलैपो' (पाल्पा) को निवासी भनिएको छ। चीनका बादशाह कुवलय खानले सन् १२७४ तिर यिनलाई चीनका शिल्पीहरूका नायक नियुक्त गरेर 'मिङ्ग होइ' (प्रत्युत्पन्नमति) भन्ने उपाधिले समेत विभूषित गरेका थिए र ऊन प्रचुर मात्रामा हुने देशको मानिस हुनाले नै यिनी 'बालबाहु' वा 'बलबाहु' नामले प्रख्यात भएका थिए।

**पाल्पाभैरव** (पाल्पा)

१. [ने० पाल्पा+भैरव] पाल्पामा रहेको भैरव हुनाले ~ भनिएको हो।

मणि मुकुन्दसेनले काठमाडौं उपत्यकामा आक्रमण गरी मच्छेन्द्रनाथको रथको अगाडि राखिएको भैरवको टाउको पाल्पा ल्याई स्थापना गराएको बुझिन्छ। मूल मूर्ति कसैले हेर्न पाउँदैनन्। यसको एक प्रतिमूर्ति मन्दिरको माथिल्लो तलामा स्थापित छ र सबैलाई दर्शन गर्न पनि खुल्ला छ। यति गोप्य र महिमासाथ राखिएको ~ सेनहरूका इष्टदेवताहरूमध्ये प्रमुख होलान् र सेन राजाको सदरमुकाम पनि यहीं नै थियो होला भन्ने अनुमान हुन्छ। (९/१४७, ६७क/१०)

**पाल्ही** (नवलपरासी)

१. [? पाली>पाल्ही] पालीभाषाभाषीहरू बस्ने ठाउँ हुनाले हाल लुम्बिनी अञ्चलमा पर्ने यो क्षेत्र नै ~ माझखण्ड नामले प्रसिद्ध हुन गएको हो।

२. [?] परासी बजारदेखि २० कोस (करीब ६४ किलोमिटर) दक्षिणस्थित पाल्ही देवीको नामबाट यस क्षेत्रको नाम ~ राखिएको हो। (८८–३/८७५)

**पालुङ** (मकवानपुर)

१. (नेवा. पा+लों) नेवारीभाषामा 'पा' माने 'ठूलो' र 'लों' माने 'ढुङ्गा' हुन्छ। यहाँको तःछें टोलमा रहेको साढे तेह्र हात लामो र साढे चार हात चौडा ठूलो ढुङ्गाको आधारमा नै यस ठाउँको नाउँ ~ रहन गएको हो। (८८–२/९८०)

सोलु गाउँबाट झरेको **सोलु खोला** र उत्तरतिरबाट झरेको पाण्डुकेश्वर खोलाको बीचमा ~ बजार छ। मल्ल राजाको पालामा लुकेर टक मारेको आरोपमा करीब ६ सय वर्षअगाडि पाटन (ललितपुर) बाट निष्कासित भएर आएका श्रेष्ठहरूले यहाँ बस्ती बसाएका हुन् भनिन्छ।

२. [नेवा० पा+ल्हों] नेवारीभाषामा 'पा' भनेको 'सिंगो' र 'ल्हों' वा 'लों' भनेको 'ढुङ्गा' हो। सिङ्गो ढुङ्गा रहेको ठाउँमा बसाइएको बस्ती हुनाले 'पाल्हों' वा 'पालो' नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो।

भनिन्छ मल्लराजाको पालामा उक्त ढुङ्गा पाटन लग्न भनी केही व्यक्तिहरूले ल्याएका थिए तर पछि त्यसलाई पचासौं मानिसहरूले उठाउन कोसिस गर्दा पनि उठाउन सकेनन्। त्यसै ढुङ्गाको नजीकै शोभाभगवतीको मन्दिर, अलि पर इन्द्रायणीको मन्दिर र पुरानो तुलजाभवानीको मन्दिर तथा भैरवनाथको मन्दिर छन्। इन्द्रायणीका पूजाहारी पोडे जातिका हुन्छन्। महाभारत पर्वतश्रेणीको काखमा रहेको ~ क्षेत्रमा नै अलि माथि डाँडामा ऋषिश्वर महादेवको मन्दिर छ। पुत्रप्राप्तिका लागि यी महादेवको पूजा गर्न हजारौं नर-नारी यहाँ आउँछन्। वर्षेनी फागुन पूर्णिमाको दिन ठूलो मेला लाग्छ।

**पिप्रावा** (लुम्बिनी अञ्चल)

१. [सं० पिप्पलि+वन>पिप्रावा] पिप्पलको वन हुनाले पिप्पलिवन नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो।

आधुनिक नेपालको दक्षिणी सीमामा लुम्बिनीबाट १२ माइल जति दक्षिण र दक्षिणपश्चिममा पर्ने ~ लाई मोरिय (मौर्य) गणराज्यको थलो ~ पिप्पलिवन मानिएको छ। (१५७/५६)

**पुथादह** (डोल्पो)

१. [? पुथादेओ+दह] डोल्पो भेकका बासिन्दा-हरूको इष्टदेवता पुथादेओ बस्ने तलाउ भएको हुनाले ~ नाम रहन गएको हो। (१११/१७१)

सानो भए पनि ज्यादै सुन्दर यो दह ठाँगे, जंगला पहाडको उत्तरी काखमा जङ्गलको बीचमा गोलाकार परेर रहेको छ। पुङ्तीखोलाको उद्गमस्थल ~ को क्षेत्रमा पर्छ। यस दहको धार्मिक महत्त्व बढी छ। (१११/१७२)

**पुनिमलपट्टी** (हुमदरा, जुम्ला)

१. [ने० पुण्य+मल्ल+पट्टी] पुण्य मल्ल (तेह्रौं-चौधौं शताब्दी) को क्षेत्र भन्ने अर्थमा हुमदराको यो ठाउँ ~ भनिएको होला।

**पुरानो कोट** (पाल्पा)

१. [ने० पुरानो+कोट] सेनवंशी राजाहरूको राजधानी रहेको ठाउँको प्राचीन किल्ला हुनाले ~ भनिएको हो।

भैरवस्थानको थुम्कोबाट पश्चिमपट्टि रहेको थुम्कोमा ~ रहेको छ। भैरवस्थानको विशाल मन्दिरसँगै जोडिएको दक्षिणपट्टिको घरलाई 'मणिमुकुन्दसेनको दरबार' भन्दछन्। ~ बाट पाल्पा खस्यौलीतर्फ जाने बाटोमा एउटा सिलिंगको रूखमा बेरेर राखिएको झ्यालीलाई स्वर्गबाट खसेको झ्याली भन्छन्। (९।१४७)

**पुरानो भन्सार** (काठमाडौं)

१. [ने० पुरानो+भन्सार] लिच्छविकालीन दक्षिणकोलिग्रामद्रङ्गभित्रको भन्सार रहेको ठाउँ हुनाले ~ नाउँ रहन गएको अनुभव हुन्छ। (९८/२६)

**पुलचोक** (ललितपुर)

१. [नेवा० पुखू+च्व+पूच्व] ललितपुरको पश्चिमपट्टि रहेको पोखरीमाथिको अग्लो ठाउँमा बसालिएको बस्ती हुनाले नेवारीमा 'पुखूच्व' भन्ने नाउँ रहन गएको हो। यसैको अपभ्रंश भई नेवारीमा आज पनि 'पूच्व' र नेपालीमा चाहिं ~ भनिन्छ। (८४/२५)

२. [नेवा० पुपला+च्व+गाँ] पूर्वतर्फबाट धपाइएका गाउँलेहरूले ललितपुरका राजाको स्वीकृति लिएर ने० सं० १० सालमा शहरबाट बाहिर पर्ने अग्लो ठाउँमा गाउँ बसालेकोले नेवारीमा 'देयात पुलाच्व गाँ' भन्ने नाम रहन गएको थियो । पछि छोटकरीमा त्यसको नाउँ 'पुलाच्व' भयो र त्यसैको आधारमा ~ नाउँ रह्यो। (८४/२५)

यसलाई दानापुर पनि भन्दछन्। बुङ्गद्यो (करुणामय) को रथ पनि यहीं बनाइन्छ र यहींबाट रथजात्रा शुरू गरिन्छ ।

**पुला** (म्याग्दी)

१. [सं० पुलस्त्य > पुला] सत्ययुगमा पुलस्त्य ऋषिले 'पछइ' भन्ने ठाउँमा बसी होम, तप आदि गरेकोले बेनीदेखि एक कोस उत्तरमा रहेको डाँडामा अवस्थित यो गाउँ ~ भनिन्छ ।(८८–३/६२८)

यहाँ रहेको वरनाथको मन्दिर प्रख्यात छ। यहाँ नै तातोपानीको प्रसिद्ध कुण्ड पनि छ।

२. [सं० पुलस्त्य+प्रयाग>पुला] धवलागिरिको दक्षिणी काखमा कालीगण्डकी र म्याग्दी (मङ्गला) नदीको सङ्गमस्थलमा प्राचीन कालमा पुलस्त्य ऋषिले तप, यज्ञादि कर्म गरेको तपोभूमि हुनाले 'पुलस्त्य–प्रयाग' भनिएको यो ठाउँ हाल ~ भनिन्छ । (८८–३/६२६)

हाल यो ठाउँ **बेनी** नामले प्रसिद्ध छ।

**पुलाचौर** (म्याग्दी)

१. [ने० पुला+चहुर] पुला गाउँ नजीकै डाँडामा रहेको चहुर हुनाले ~ भनिएको हो।(८८–३/६२८)

**पूचो (पूच्व)** (ललितपुर)

१. [नेवा० पुखु+च्व+पुलाच्व>पूचो] हेर्नुस् पुलचोक ।

**पूर्णेडाँडा** (इलाम)

१. [ने० पूर्णिमा+डाँडा] वैशाख र मङ्सिर **पूर्णिमामा** "झ्याम्टे" नामक मेला लाग्ने हुनाले डाँडोको **नाम नै** ~ रहन गएको छ।

पहिले इलाम जिल्लाको सदरमुकाम यहीं थियो । त्यहाँ विजयादशमीमा सरकारतर्फबाट पहिलो बलि पञ्चकन्यालाई चढाइन्छ ।

**पोखरा** (कास्की)

१. [ने० पोखरी] सेती गण्डकी (शुक्ला गण्डकी, दुग्धगङ्गा) नदीले छाडेको खाल्टाखुल्टी र तालतलैयाहरू रहेको हुनाले यस ठाउँको नाम नै ~ हुन गयो ।(४३/१२६)

नेपालमा –थोक,–खेत, –बेंसी इत्यादि स्थाननाम भएका गाउँ, टोल र स्थानहरू प्रशस्तै छन्। जस्तै–मौलोडा–(महाकाली अञ्चल), –रुकुम, (राप्ती अञ्चल), कम्मले–(रोल्पा), लक्ष्मीपुर–(सल्यान), भीम–(बाग्लुङ), खोर–(पर्वत), थुम–(स्याङ्जा), घन–(लमजुङ), मदन–(पाल्पा), जोगपानी बन्दी– (पाल्पा), खनलुटी–(अर्घाखाँची), माझकोट ठूलो–(अर्घाखाँची) आदि।

२. [सं. परुष्णी>पोष्करिणी>पोखरा] ऋग्वेदका सात नदीमध्येको परुष्णी (हाल राबी भनिन्छ) नदीको आधारमा पोष्करिणी भन्दाभन्दै आजको ~ बन्न पुगेको हुन सक्छ । (११६/१०)

**पोखरा छत्तीसकुरिया** (पोखरा)

१. [ने० पोखरा+छत्तीस+कुरिया] अघि तामाङ र मगरहरूका स-साना बस्तीहरूलाई देशान (एक किसिमको भयानक सरुवा रोग) आई उजाड पारेपछि काठमाडौं, भक्तपुर, पाटन र पनौती आदि स्थानहरूबाट नेवारहरू आई देशान पूजा गरी छत्तीस कुरिया बसाली बस्ती बसेको हुनाले ~ भनिएको हो ।(२२/१०)

एक थरीको भनाइअनुसार हल्लने ढुङ्गादेखि माथि विन्ध्यवासिनीदेखि तल र अर्का थरीको भनाइ-अनुसार पोखराको प्रसिद्ध गणेशस्थानदेखि साँघुमुखतिर आउने तेर्सो बाटो र तेर्सापट्टिको गणेशस्थानदेखि नदीपुर, पोडेटोलतिर जाने तेर्सो बाटोदेखि माथि र लामाचौताराको मन्दिर नभएको गणेशस्थानदेखि तल यो बस्ती बसालिएको थियो । भीमसेनटोल, भैरवटोल र लामाचौतारातिरका पुराना कागजपत्रहरूमा उक्त स्थानलाई~ भनिएको देखिन्छ । यही ~ का रकमले अघि प्रतिवर्ष बिस्केटमा गणेशको जात्रा

चलाउने गरिन्थ्यो । पोखराको नेवार-समाजमा प्रत्येक वर्ष वैशाख-जेठतिर देशपूजा (देशान पूजाको लघुरूप) गर्ने चलन पनि छ। (२२/११)

**पोखरा बेंसी** (कास्की)

१. [ने० पोखरी + बेंसी] सराङकोटको फेदी पोखराको सिरान श्री विन्ध्यवासिनीदेवीको मन्दिरदेखि पश्चिमपट्टि चारैतर्फ (दक्षिणतिर बाहेक) डाँडाले घेरिएको एउटा सानो उपत्यका र बगुवा माटो भएको खहरे खोला जम्ने र बरसातमा मात्र मूल निस्कने जयमूल नामक एउटा ठूलो पोखरी पनि भएको हुँदा यस स्थानलाई ~ भन्दछन्। (२२/७)

जयमूलकै पोखरीको आधारमा नगरको नाम पनि पोखरा भएको हुनुपर्छ। पहिरोद्वारा उक्त पोखरी पुरिएको हुनुपर्छ। (२२।७)

**पोखरी** (उदयपुर)

१. [ने० पोखरी] हात्ती, गैंडा आहाल बस्ने ठूलो पोखरी भएको ठाउँ हुनाले ~ नाम रहन गएको हो।

अहिले पनि त्यो पोखरी आकारको जग्गा छँदै छ। त्यसको नजिकै ~ गाउँ भन्ने दाहालहरूको बस्ती छ।

**पोखरीथोक** (गोरखा)

१. ने० [पोखरी+थोक] एउटा सानो पोखरीको निर्माण गरिएको ठाउँमा बसेको बस्ती हुनाले ~ भन्ने नाउँ रहन गएको हो।(१२८ ग/ १५४)

हटियाथोकबाट करीब २० मिनेट ओरालो हिंडेपछि ~ पुगिन्छ। यहाँ राम शाहले निर्माण गरेको मुरलीधर नारायण-मन्दिर र रामेश्वर महादेवको मन्दिर छन्। यहाँ रहेका ढुंगेधाराहरू र पृथ्वीपति शाहको सालिक पनि काठमाडौंली ढाँचाका छन्।

**पोटलासैनी** (पुर्चौंडी, बैतडी)

३. [ने० पोट्ला+शयनी] 'पोदला' अर्थात् भाङ्ग्रा बुन्ने पाट' बाट उत्पन्न भएकी देवी हुनाले ~ नाम रहन गयो (४३।४०६)।

**पौवासार्ताप** (पाँचथर)

१. [ने० पौवा+सार्ताप] सिलौटे कुटी र लोब्रेकुटी समेत भएको **सिलौटी डाँडा**मा अवस्थित यस ठाउँमा परम्परादेखि साधुसंन्यासी बस्ने पौवा अर्थात् धर्मशाला पनि रहेको हुनाले ~ भनिएको हो।

**प्रतापपुर** (स्वयम्भू, काठमाडौं)

१. [सं० प्रताप+पुर] राजा प्रताप मल्लले स्थापित गरेको बस्ती हुनाले ~ नाउँ रहन गएको हो।(७९/ ?)

यसको पूर्वतर्फ एउटा चैत्यको २ फीट दक्षिणतिर साढे नौ फीटमुनि जमीनमा पद्मपाणि बोधिसत्त्वको मूर्ति फेला परेको छ।

**पृथ्वीगढी** (धुलिखेल, काभ्रे)

१. [ने० पृथ्वी+गढी] श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह (वि० सं० १७७९–१८३१) को विजयस्मारकस्वरूप पनौतीको काभ्रे डाँडामा निर्माण गरिएको किल्ला हुनाले ~ भनिएको हो। (८८–२/४८१)

**पृथ्वीधारा** (धुलिखेल, काभ्रे)

१. [ने० पृथ्वी+धारा] पृथ्वीगढीभन्दा अलि तलतिर पाखोमा रहेको धारालाई ~ नामकरण गरिएको छ। (८८–२/४८१)

**पृथ्वीनगर** (बर्दिया)

१. [सं० पृथ्वी+नगर] श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको स्मृति र सम्मानमा पहिले गुलरिया भनिने बजारको नाउँ ~ राखिएको छ। (१०/?)

बर्दिया जिल्लाको सदरमुकाम रहेको यो ठाउँ नेपाल-गञ्जबाट १३ कोस पश्चिमतर्फ रहेको छ।

# फ

**फकताङलुङमा (कञ्चनजङ्घा)** (पल्लो किरात)

१. [कि० फक+ताङ+लुङ+मा] काँधजस्तो आकारको पर्वत हुनाले किराँत भाषामा **कञ्चनजङ्घा**लाई ~ भन्दछन् ।(२८/५६)

यो हिमाल पर्वत दक्षिणदेखि उठ्तै बस्तै गरेर उत्तरतिर गएर धेरै उठेको छ।

**फटकशिला** (सिन्धुपाल्चोक)

१. [सं० फटकेश्वर+शिला] फटकेश्वर महादेवको लिङ्ग अर्थात् शिला भएको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो।(२६/६३)

**फड्के छाँगो** (पोखरा, कास्की)

१. [ने० फड्के+छाँगो] **फेवाताल**बाट निस्केको पानी जमीनमुनि दबेर जाने ठाउँको झरना हुनाले ~ नाम रहन गएको हो। हेर्नुस् डेभिडफल।

**फलेसाँगु** (लमजुङ)

१. [ने० फल्याक + साँगु] मर्स्याङदी नदीमा काठका फल्याकहरूले बनाइएको पक्की पुल रहेको ठाउँ हुनाले ~ भनिएको हो ।(८८–३/१८८)

यस ठाउँलाई दलाल र **मनाङे बेंसी** पनि भनिन्छ ।

**फसिक्यबटोल** (काठमाडौं)

१. [नेवा० फसि+क्यब+त्वाल] नेवारीभाषामा 'फसि' को अर्थ 'फर्सी', 'क्यब' को अर्थ 'बारी' र 'त्वाल' को अर्थ 'टोल' हुन्छ । फर्सी धेरै फल्ने बारी भएको ठाउँमा देखा परेको टोल हुनाले ~ नाम रहन गयो ।

**फाक्दिङ्ग** (लुक्ला, सोलोखुम्बु)

१. [शे० फाक्+दिङ्ग] शेर्पा भाषामा 'फाक्' भनेको 'सुँगुर' र 'दिङ्ग' भनेको 'चेप्टो' हुन्छ । कुनै समयमा यहाँ सुँगुर पालिन्थे । त्यसैले ~ नाम राखिएको होला ।

**फिदिम** (पाँचथर)

१. [लि० फे+देन] लिम्बूभाषामा 'फे' भनेको 'फराकिलो' र 'देन' भनेको 'ठाउँ' हुन्छ । अतः फराकिलो ठाउँ भन्ने अर्थमा ~ नाउँ रहेको हो ।

दुई पहाडको बीचमा पूर्वबाट पश्चिमतिर होचिंदै गएको फराकिलो ठाउँ छ ।

२. (लि० फे+देन) लिम्बूभाषामा 'फे' को अर्थ 'धनु' र 'देन' को अर्थ 'हान्ने' हुन्छ । सम्भवतः धनु हान्ने फराकिलो ठाउँ हुनाले नै ~ नाउँ रहन गएको होला ।

यो पाँचथर जिल्लाको सदरमुकाम हो । **लिम्बुवान** दशथुमका सुब्बाहरू प्राचीन कालमा यही डाँडामा जम्मा भएर चुम्लुङ भनिने बैठक गर्दथे भनिन्छ ।

**फिदिमगढी (फेदेनगढी)** (पाँचथर)

१. [ने० फे+देन+गढी > फिदिमगढी] फराकिलो ठाउँमा बनाइएको गढी हुनाले लिम्बूभाषामा फेदेनगढी भनिएको र त्यसैबाट ~ नाउँ हुन गएको हो ।

यहाँ सिद्धदेवीको स्थान र एउटा कुण्ड पनि छ।

**फुङलिङ बजार** (ताप्लेजुङ)

१. [लि० फुङ+लिङ+बजार] लिम्बूभाषामा 'फुङलिङ' भनेको 'फूलैफूल भएको ठाउँ' हुन्छ । यसैको आधारमा ताप्लेजुङको सदरमुकाम ~ भनिन्छ ।

यो बजार २७°२१ उत्तरी अक्षांश र ८७°४० देशान्तरमा समुद्र सतहदेखि १८५० मिटर उचाइमा अवस्थित छ। पल्लो बजार चाहिं **जिमीपोखरी** भनिन्छ।

**फुटासिली** (बुडूगाउँ, बझाङ)

१. [ने० फुटेको+शिला] एउटा अजङ्गको शिला दुई फ्याकमा फुटेको ठाउँ हुनाले ~ नाउँ रहन गयो। (३०/५६)

यो ठाउँ बुडू गाउँ नजिकैको खोलानेर छ। त्यो **बुडूमस्टा**का फुटासिली भन्ने भान (वाहन) को थान हो भन्ने जनधारणा छ । यसले कहिले कुकुर, कहिले सर्प त

कहिले मान्छेको रूप धारण गर्छ भन्ने कथन छ। (३०/५६)

**फूच्च** (गोदावरी, काठमाडौं)

१. [सं० फुल्ल+उच्च) संस्कृतभाषाको 'फुल्लोच्च' को अपभ्रंश भई नेवारीमा 'फुलोच्च' र ~ नाम रहन गएको हो। हेर्नुस् फुलचोक ।

**फुलचोक** (**फुलचोकी**) (काठमाडौं)

१. [सं० फुल्ल+उच्च] निक्खर सेतोदेखि लिएर गाढा रातोसम्म विभिन्न रङ्गका गुराँसका फूलहरू ढकमक्क फुलेका पाइने पर्वत हुनाले संस्कृतमा 'फुलोच्च' भन्ने नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाम हुन गएको हो।

२. [सं० फूल+उच्च] त्रेतायुगमा अनुपम नामक स्थानबाट आई **नागह्रद**लाई घेर्ने पर्वतशृङ्गहरूमध्ये एउटा उच्च पर्वतमा बसी त्यहाँ उम्रिरहेका रूखहरूबाट झरेका एक लाख फूलहरूले स्वयम्भूको पूजा गरेको हुनाले यो पर्वत फूलोच्च वा फुल्लोच्चनामले प्रसिद्ध भयो र त्यसैबाट ~ नाम रहन गयो। (११७/५५)

यसलाई गोदावरी चुचुरो पनि भनिन्छ । लुभुबाट केही दक्षिण-पूर्वी कोणमा पर्ने यस पहाडको उचाइ समुद्र सतहबाट ९०५० फीट छ । मञ्जुश्रीले **नागवासह्रद**को पानी बाहिर पठाउने इन्तजाम गर्ने क्रममा आफ्नी स्त्री केशिनीलाई यहाँ बसालेका थिए भनिन्छ ।

**फूखोला** (मनाङ)

१. [? फू+खोला] फूगाउँ हुँदै बग्ने नदी हुनाले ~ नाम रहन गयो। (८८–३/१२१)

फूगाउँको सिरानमा पर्ने फेरी हिमालबाट उत्पत्ति भएको यो खोला नारखोलामा मिल्दछ ।

**फूगाउँ** (मनाङ)

१. [?] फेरी हिमालबाट बग्दै आएको फूखोलाको किनारामा रहेको बस्ती हुनाले ~ नाम रहन गयो । (८८/१२१)

**फूलहर** (जनकपुर)

१. [?, फूल+हर] सीताले शिवधनुषको पूजा गर्न नित्य सहेलीका साथ फूल टिप्न जाने वाटिका हुनाले ~ नाउँ रहन गएको हो। (४३/७७)

यहाँ गिरिजामाईको मन्दिरमा हरेक वर्ष मकरको मेला लाग्छ । सीताजीले त्यहाँ गिरिजामाईको पूजा गर्ने गरेकी थिइन् भन्ने जनधारणा छ ।

**फेवाताल** (पोखरा)

१. [नेै० फेवा+ताल] पहिले फेवा भन्ने बाक्लो गाउँ र फाँट रहेको ठाउँभन्दा माथिको सानो तालको पानी बढेर छोप्तै आउँदा जलाम्य भई बनेको तलाउ हुनाले ~ भन्ने नाउँ रहन गयो। (४३/१२६)

यसको अर्को नाउँ **बैदामताल** हो । अहिले जमेको तालनेर बैदाम, फेवा, मार्गी, अनदू भन्ने गाउँहरू थिए भनिन्छ । तालको बीचमा रहेको थुम्कोमा **बराह** देवताको मन्दिर रहेको छ ।

# ब

**बखानपुर** (चितौन)

१. [नेै० बखान+पुर] बखानसिंह गुरुङको प्रयासबाट वि० सं० २०१३ सालपछि बसाइएको बस्ती हुनाले ~ भनिन थाल्यो ।

**बघोरतप्पा** (तनहुँ)

१. [सं० व्याघ्र+पुर> बघोरतप्पा] सम्भवतः बुद्धकालीन जातकहरूमा वर्णित व्याघ्रपुरको अपभ्रंश भई नवलपुरको निकटमा रहेको यो ठाउँ ~ भनिएको होला (८१/१६)। व्याघ्रको अपभ्रंश बघोर हुनु सम्भव छ।

२. [सं० व्याघ्र+पथ+तप्पा] बाघ हिंड्ने ठाउँका कोलीय वंशका पूर्वपुरुषहरूले कोल (कोविदार) वृक्ष काटी बसाएको कोलनगर भनिने ठाउँ व्याघ्रपथ वा व्याघ्रपञ्ज

नामले प्रसिद्ध भएको थियो। यसैबाट ~ नाम रहेको होला। (७८/१२४)

**बझाङ** (सेती अञ्चल)

१. [सं० वज्र+अङ्ग] 'वज्र' अर्थात् 'एउटा कालो ढुङ्गो' 'अङ्ग' अर्थात् 'महादेवको अंग' को रूपमा पूजिने वज्रेश्वर रहेको ठाउँ हुनाले ~ नाम रहन गएको हो।

~ कोटमा वज्रेश्वर महादेवको स्थान छ। वज्र-भैरवको थानदेखि अलि पर एउटा कालो ढुङ्गो अर्थात् वज्र महादेवको रूपमा पुजिन्छ। वज्रभैरवको संसर्गबाट शिवजीको नाम पनि वज्रेश्वर रहेको प्रतीत हुन्छ। (१२८ क/ ६७)

बझाङभित्र आठवटा साना-साना दराका रूपमा उपराज्यहरू थिए। तिनलाई चार थामी चार अछामी भनी भन्दछन्। थामी चाहिं बझाङकै र अछामी चाहिं उँधोका तर कुटुम्बकै। ती हुन् : १. तलकोटी (तल्लीकोट), २. थलारी, ३. बजुराल (बाजुरा), ४. कुँडीकोटे, ५. जुगाड, ६. दर्नाली, ७. बिमकोटे र ८. घुँघरकोटे। (३०/४८)

**बट्टार** (नुवाकोट)

१. [नें० बाटो+टार] पश्चिममा त्रिशूली नदी र पूर्वमा तादी खोलाको बीचमा रहेको टारको बीचबाट काठमाडौं-त्रिशूली राजमार्ग गएको हुनाले 'बाटोटार' नाउँ रहन गएको होला र यसैबाट ~ हुन गएको हो। (८८–२/५६६)

फराकिलो सम्म परेको रातमाटे यो टार त्रिशूली बजारबाट एक कोस दक्षिणमा पर्दछ। नजीकै माझीटार र पीपलटार भनिने ठाउँहरू पनि छन्।

**बत्तीसपुतली** (काठमाडौं)

१. [नें० बत्तीस+पुतली] विक्रमाजीत वा विक्रमादित्य नामका न्यायी र पराक्रमी राजाको सिंहासनमा कालान्तरमा भोज नामक राजाले बस्न खोजेको हुँदा बत्तीसवटा पुतलीहरू उत्पन्न भई सिंहासन नै उडाएर लगेको ठाउँ हुनाले ~ नाम रहन गएको हो।

प्राचीन **विशालनगर**का राजाको उक्त सिंहासन बत्तीस लक्षणले युक्त थियो र भोज राजाले उक्त सिंहासनमा बस्न हठ गरेकोले तीमध्ये प्रत्येक लक्षण पुतलीको रूप लिई विक्रमाजीत (विक्रमादित्य) राजाको ठूलो पराक्रमको बखान गर्दै उडेर गयो र आखिर तिनीहरूले सिंहासन पनि उडाएर लगे।

**बनेपा** (काभ्रेपलाञ्चोक)

१. [?, बने+पुर>बनेपा] प्राचीन नाउँ बनेपुरको अपभ्रंश भई ~ भनिन थालेको हो। (८८–२/४८३)

२. [सं० धनु+पुर>बनेपा] चण्डेश्वरी र धनेश्वरी डाँडाहरूको बीचमा धनुषाकार झैं बसेको शहर हुनाले धनुपुर वा धनुषपुर भनिन्थ्यो। यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो। (८८–२/४८३)

बनेपा मोलखा टोलस्थित गोरखनाथको मन्दिरमा पाइएको शिलालेख शिवदेव प्रथमको पालाको हो भनिन्छ।

**बनौली** (राजविराज)

हेर्नुस्, रजाबनौली।

**बयरबना** (मोरङ)

१. [धि० बयर+वन] बयरको वन भएको ठाउँमा रहेको धिमाल बस्ती हुनाले ~ भनिएको हो। (४५/१८)

**बयलकाँढा गढी** (सुर्खेत)

१. [नें० बयल+काँडा+गढी] यो ऐतिहासिक गढी सुर्खेत उपत्यकामाथि डाँडाको टाकुरामा छ। यो गढी पहिलेका बाइसी-चौबीसी राजाका पालाको किल्ला हो। यसको केही दूरीमा फाटफुट अक्षर देखिने ढुङ्गाको खम्बा (विजयस्तम्भ) गाडिएको छ। (८८–४/६१६)

**बयलपाटा** (अछाम)

१. [नें० बयल+पाटा] 'बयल' भनेको 'हावा' र 'पाटा' भनेको 'मुस्लो' हो। दिनभरि नै हावाको मुस्लो एक-

नाससित चलिरहने ठाउँ हुनाले ~ भनिएको हो । (४३/३३२) हरेक वर्ष कार्तिक पूर्णिमाका दिन ~ को मेला लाग्छ । त्यसमा राँगो छाड्ने काम हुन्छ र छाडेको राँगोलाई लखेट्दै खड्गले हिर्काउँदै काटिन्छ । यो चाड अछामीहरूको लागि आफ्नै परम्पराअनुसारको दशैं हुन गएको छ ।

**बरमाझिया** (उदयपुर)

१. [ने० बर+माझ+इया] बरको रूख माझमा रहेको गाउँ हुनाले कुकुरखोला र तावाखोलाको बीचमा रहेको दनुवार बस्तीको नाम ~ रहन गएको हो ।

**बरिगाड** (बागलुङ)

१. [ने० बडी+गाड] पाखुटे भन्ने ठाउँमा निसी र भुजी भन्ने दुई खोला मिलेपछि ठूलो भएर बग्ने नदी हुनाले बडीगाड नाउँ रहन गएको र त्यसैबाट ~ हुन गएको प्रतीत हुन्छ ।

**बर्दिया** (भेरी अञ्चल)

१. [ने० बर्द+इया] स्थानीय भाषामा गोरुलाई 'बर्द' भनिन्छ । यसैको आधारमा बलिया र राम्रा गोरुहरू पाइने यस जिल्लाको नाम नै ~ रहन गएको छ । (१०/?)

२. [सं० वलीवर्द+इया>बर्दिया] संस्कृतभाषामा 'वलीवर्द' को अर्थ 'गोरु' भन्ने हुन्छ । आफ्नो विशिष्ट ऐश्वर्य-को रूपमा गोरुहरूप्रति आफ्नो हार्दिक कृतज्ञता व्यक्त गर्दै ठाउँको नाम नै यसैको आधारमा ~ राखिएको छ । (१०/?)

बर्दिया जिल्लाको उत्तरी हिस्सा पहाडको घाँचमा नवाबकालीन केही भग्नावशेषहरू पाइन्छन् । नेपालमा सम्मिलित हुनुभन्दा पहिले यहाँ केही मुसलमानहरू र शाहा हरूको बसोबास थियो । यस जिल्लामा मुख्यतः थारू (७५ प्रतिशत), बाजी (२० प्रतिशत), अहीर, मुसलमान र पहाडी जातिहरू (५ प्रतिशत) रहेका छन् ।

**बर्मालीटोल** (भैरहवा)

१. [ने० बर्मा+ली+टोल] बर्माबाट स्वदेश फर्कका प्रवासी नेपालीहरू बस्ने इलाका हुनाले ~ भनिएको हो ।

**बाँके** (भेरी अञ्चल)

१. [ने० बाँकी>बाँके] 'बाँकी' भन्ने गाउँको आधारमा ~ नाम रहन गएको अनुमान हुन्छ । यस क्षेत्रमा बसाइँ सरेर आउने मानिसहरूमध्ये औलोको घातक प्रहारबाट बाँचेर बाँकी रहन गएका मानिसहरूको बसोबास स्थल 'बाँकी' भनिन थाल्यो र त्यसै स्थाननामबाट जिल्लाको नाम ~ हुन गयो । (८८–४/६५०)

**बाइसधारा** (बालाजु, काठमाडौं)

१. [ने. बाइस+धारा] राजा प्रतापमल्लद्वारा निर्मित २२ वटा ढुंगे धाराहरू रहेको ठाउँ हुनाले ~ पनि भन्दछन् । (८८–२/७४३)

**बाइसी राज्य** (कर्णाली प्रदेश)

१. [ने० बाइस+राज्य] कर्णाली भेगका खस राज्यको पतन (विक्रम सोह्रौं शताब्दी) पछि २२ स-साना राज्यहरू स्थापना भएका थिए र यसैको आधारमा ~ भनिएको हो ।

कर्णाली प्रदेशमा नागराजले स्थापना गरेको खस राज्य अभयमल्लपछि टुक्रियो । मेदिनी बर्मा, वलिराजहरूले जुम्ला भेकमा कब्जा जमाए । तल दुल्लु भेक संसार वर्माले कज्याए । सोह्रौं शताब्दीको अन्तसम्ममा यहाँ अनेक साना-साना राज्य-हरूको संख्या बाइस जति पुग्यो (१००/९९)। सन् १७७९मा श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको विजय अभि-यानपूर्व जुमलेश्वरका अधीनस्थ यी २२ राज्यहरू हुन्–जुम्ला, डोटी, बझाङ, अछाम, थल्लारा (थलहरा), दैलेख, जाजर-कोट, वाम्फी, दाङ-देउखुरी, फलेवाङ, रोल्पा, रुकुम, मुसि-कोट, खुंग्रीकोट, जहारी, दार्मा, माल्नेता, कालागाउँ, गुलुम, गोरियाकोट, घुघुरकोट, गजूर । (११/?)

**बाउन्नगण्डा** (जनकपुर)

१. [ने० बाउन्न+गण्डा] कैयौं हजार वर्षपहिले धनुषा

र जनकपुरमा खनिएका ५२ वटा प्रसिद्ध तलाउहरूको समूह हुनाले ~ भनिएको हो । (४३/७६)

**बाउन्नचूले घर** (दोलखा)

१. (ने. बाउन्न+चुलो+घर) बाउन्न परिवारहरू बसोबास गर्ने एउटा ठूलो घर हुनाले ~ भनिएको हो । (८८–२/९६)

दोलखामा मुख्य चोक शिम्भुनाथदेखि पश्चिमतर्फ डोक्छेंटोलमा यो घर थियो ।

**बाउन्नझ्याले दरबार** (भक्तपुर)

१. [ने. बाउन्न+झ्याल+दरबार] राजा भूपतीन्द्र मल्लको पालामा (ने. सं. ८१९) ऐना हालिएका ५२ झ्यालहरूले सिंगाएको जुन भव्य दरबार बनाइएको थियो त्यसको नाम ~ रहन गयो । (१३०/७५)

नेवारीमा 'न्येन्यापाः झ्याः दुगु लायकू' भनिने यस दरबारको मूल ढोका सुनले मोरिएको छ । 'न्येन्यापाः' को अर्थ 'पचपन्न' हुन्छ ।

**बागमती** (बाग्मती)

१. [ने. बाघ+मती] शिवपुरी लेकको पूर्व-दक्षिण पानीढलो क्षेत्रको करीब २६५० मिटरको अग्लाइमा रहेको 'वाग्द्वार' वा 'वाग्धारा' भनिने मुहानबाट बाघको मुखबाट निस्केको नदी हुनाले ~ भनिएको हो ।

२. [सं. वाक्+मती] संस्कृतभाषामा 'वाक्' वा 'वाग्' भनेको 'वचन' वा 'बोली' हुन्छ । प्रह्लादको तपस्याबाट खुशी भएका शिवको वचन वा हाँसो अर्थात् वाक्‌बाट निस्केकी नदी हुनाले ~ नाम रहन गयो ।* (३८ क/१५, ५२/७३)

'नेपाल-माहात्म्य'मा 'हासाद्विनिर्गताम्' (अध्याय १, श्लोक २८) भनेर उल्लेख गरिएको काठमाडौं उपत्यकाको यस प्रमुख नदीको नाउँ लिच्छवी अभिलेखहरूमा सात ठाउँमा आएको छ । सम्भवतः यस नदीको नेवारीमा नाम 'न्हख्' (न्हखुसि) हो । (३८ क/१६)

**बागमती अञ्चल**

१. (ने. बाग्मती+अञ्चल) बागमती नदी बग्ने क्षेत्र भएको हुनाले ~ भन्ने नाम राखिएको हो ।

उपत्यकाको काठमाडौं, ललितपुर, भक्तपुर, पूर्वी पहाडतर्फका काभ्रे, सिन्धुपाल्चोक र पश्चिमी पहाडतर्फका रसुवा, धादिङ र नुवाकोटसमेत गरी ८ जिल्लाहरू समावेश भएको ~ १०६७८ वर्ग किलोमिटर (३६६३ वर्गमाइल) क्षेत्रमा फैलिएको छ । (१६८/१४१)

**बागेश्वरी पोखरी** (नेपालगञ्ज, बाँके)

१. [ने. वाग्+ईश्वरी+पोखरी>वागीश्वरीपोखरी >बागेश्वरीपोखरी] बागेश्वरीको मन्दिरनजीकै रहेको पोखरी हुनाले ~ नाउँ रहन गएको हो । (८८–४/६६०)

**बाङ्गेमूढा** (काठमाडौं)

१. (ने. बाङ्गो+मूढो] कीलैकीला ठोकिएको एउटा बाङ्गो मूढा रहेको ठाउँ हुनाले ~ भनिएको हो ।

नेवारीमा 'कीलागल' भनिने यस ठाउँमा रहेको त्यस बाङ्गो मूढामा कीला ठोकेर दाँत दुखेको निको हुन्छ भन्ने विश्वास गरिन्छ ।

**बाघभैरव** (कीर्तिपुर)

१. [ने. बाघ+भैरव] गोठालाहरूले खेलबाड गर्दा बनाएको बाघको मूर्तिमा भैरवले प्रवेश गरेको हुँदा ~ नाम रहन गएको हो । (६८/६–७)

बाघभैरवको थानमा मुख बाएको र जिभ्रो नभएको ~ को मूर्ति रहेको छ । वंशावलीअनुसार ~ थानको निर्माण कलिगताब्द ३९८३ वा ३९४२ मा कीर्तिपुरको स्थापनाको एक वर्षपछि भएको हो ।

---

*हरहासाद्‌समुद्‌भूता निर्गता गिरिगह्वरात् ।
फेनोर्मिमाला धवला नदी पुण्यजलामला ॥
शंकरो वचनं चेदं बहिर्याता यतो नदी ।
अतोऽस्या वाग्मती नाम भविष्यति न संशयः ॥
—नेपाल–माहात्म्य, अ. ७, श्लो. ५७/५८ ।

**बाच्छाखोला** (पर्वत)

१. [नि. बाच्छो+खोलो] कुनै समयमा गाईको बाच्छो बगाएर लगेको खोला हुनाले ~ भन्ने गरिएको हो । (८६–३/४४४)

भोक्सिङको डाँडाबाट मूल फुटेर निस्केको ३ कोस (१० किलोमिटर) लामो यो खोला कालीगण्डकीमा मिसिन्छ ।

**बाजथलो** (पश्चिमाञ्चल)

१. [नि. बाज+थलो] बाजलाई पासो थापेर शिकार गरिने ठाउँ हुनाले ~ भन्दछन् । (१११/२१–२२) ~ मा बाज पक्रेर बिक्री गर्ने गरिन्थ्यो र भारतमा त्यसको राम्रो मूल्य पाइन्थ्यो ।

**बाजुरा** (सेती अञ्चल)

१. [नि. बार्जु+गाड>बाजुरा] जिल्लाको सदर-मुकाम टाँटेनजीकै बग्ने बार्जुगाड भनिने खोलाको नामबाट इलाकाको नाम नै ~ रहन गएको हो । (८८–४/७८६)

२. [?, बार्जु>बाजुरा] बार्जु भन्ने स्थाननामको अपभ्रंश भई ~ नाम रहन गएको हो । (८८–४/७८६)

अभय मल्लको ताम्रपत्र (ई. १३७६) मा बाजुं भन्ने स्थानको उल्लेख पाइन्छ ।

३. [नि. बजुराल>बाजुरा] झुवरो अर्थात् बाजुरा अन्न मात्र हुने इलाका हुनाले ~ नाम रहन गयो ।

**बाजियान** (पर्सा)

१. [था. बाजी+यान] थारूभाषामा 'बाजी' अर्थात् 'गैरथारू' जातिका मानिस बस्ने ठाउँ हुनाले ~ भनिएको हो ।

पर्सा जिल्लाको दक्षिणतर्फ पर्ने यस ठाउँमा मुख्यतया अहिर, कोइरी, कोहार, कुर्मी, तेली, बरही, राजपूत, कलवार, कायस्थ आदि गरेर गैरथारू जातिको बाहुल्य छ । पर्सा जिल्लाको उत्तरी भाग थरूहट भनिन्छ ।

**बाणगङ्गा** (अर्घाखाँची, कपिलवस्तु)

१. [सं. वाण+गङ्गा] रावणले नर्तमाचलभन्दा केही दक्षिणमा आफ्नो बाणले पहरो फोडेर पानी निकालेको ठाउँबाट बग्ने नदी हुनाले ~ भनिएको हो । (४१/५६–६५)

२. [सं. रावण+गङ्गा] रावणले पहरो फोरी निकालेको नदी हुनाले शुरूमा सम्भवतः 'रावणगङ्गा' भनिन्थ्यो र पछि यसैको अपभ्रंश भई ~ नाम रह्यो । (८८–३/८२१)

चुरिया डाँडाको उत्तरी ढालबाट उत्पत्ति भई पूर्वतर्फ बग्दै चुरिया (चुरे) डाँडालाई काटी तराई फाँटमा निस्कने यो नदी रामचन्द्रले बाण हानी उत्पन्न गरेको हुँदा ~ भनिएको हो भन्ने पनि किंवदन्ती पाइन्छ । यस नदीको किनारामा रामघाट, लक्ष्मणघाट आदि धार्मिक स्थानहरू छन् । करीब ७ कोस (२२ किलोमिटर) लामो यो नदी भारतमा पुगी **रापती नदी**मा मिल्दछ (८८–३/१००२–१००३) । अनावृष्टिको बेला ~ को रामघाटमा गई पाठपूजा, यज्ञ गर्ने र पानी माग्ने भनी ~ मा डुबुल्की मार्ने चलन छ । जिल्लाका प्रतिष्ठित व्यक्तिहरूले यसरी डुबुल्की लगाएपछि पानी पर्छ भन्ने विश्वास गरिन्छ । (८८–३/१०२६)

**बान्नीकोट** (बझाङ)

१. [?, बद्री+कोट>बान्नीकोट] बान्नी शब्द बद्रीको अपभ्रंश प्रतीत हुन्छ । बद्रीनारायण धामबाट नीलो रङ्गको शिलाको साथमा बझाङ ल्याइएको मस्टोदेवता स्थापित गरिएको ठाउँमा बनाइएको कोट हुनाले ~ नाम रहन गएको हो ।

२. [नि. बान्नी+कोट] बझाङ राज्यमा बान्नी मस्टोनजिकै सर्वप्रथम कोट स्थापना गरिएकोले त्यसको नाम नै ~ रहन गयो र यसैको आधारमा इलाकाको नाम पनि बान्नीदरा हुन गयो ।

सिंजाखोला उपत्यकामा ~ भन्ने ठाउँ छ ।

**बान्नीमस्टो** (बझाङ)

१. [?, बद्री+मस्टो] बद्रीनारायण धामको तीर्थयात्रा गरेर फर्कंदा साथमा लागेर आएको एउटा नीलो रङ्गको शिला (ढुङ्गा) मा प्रकट भएको देवता हुनाले बद्रीमस्टो भन्ने नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो ।

~ नै मस्टोदेवताको आदिथलो प्रतीत हुन्छ । 'बान्नी फुटे छुटे' अर्थात् बान्नीबाट मस्टा फुटेर ढडारबाट छुटेर गए भन्ने आहान नै छ ।

**बारगाउँ (बाऱ्हगाउँ)** (मुस्ताङ)

१. [नि. बाह्र+गाउँ] उत्तरमा ह्लोमन्थाङ (मुस्ताङ) र दक्षिणमा **पाँचगाउँ** र थाकको बीचमा पहिले बाह्रवटा गाउँहरू रहेको हुँदा यस क्षेत्रको नाम नै ~ रहन गएको हो। (८८–३/५३०, १५३/१५७, १५८/७३)

यस क्षेत्रमा बस्ने मानिसहरू बारगाउँले भनिन्छन् । उनीहरू आफूलाई भोटे भनेको मन पराउँदैनन्, तर गुरुङ भन्न रुचाउँछन् (१५८/७३) । हाल मुक्तिनाथ क्षेत्रका ६ गाउँहरू समेत मिलाउँदा यस इलाकामा १८ गाउँहरू रहेका छन् । (१५३/१५७)

**बारमगरात (बाऱ्हमगरात)** (पश्चिमाञ्चल)

१. [ने. बाह्र+मगरात] सम्भवतः १२ थरका मगरजातिको वासस्थान हुनाले ~ भनिन्छ । (१५३/५७)

भेरी र मर्स्याङ्दी नदी बीचको यस भेकमा वर्तमान लुम्बिनी, राप्ती र भेरी अञ्चलका सम्पूर्ण पहाडी इलाकाहरू पर्दछन् (१५३/५७) । यहाँ रहेका मगरहरूको बाह्र वासस्थान यस प्रकारका छन् : सतहुँ, पैयुँ, भिरकोट, ढोर, गह्रौं, रिसिङ, घिरिङ, गुल्मी, अर्घा, खाँची, मुसिकोट र इस्मा (१५६/४०)

**बारबीस दरा** (जुम्ला)

१. [ने. बाह्र+बीस+दरा] सम्भवतः बाह्रबीस अर्थात् २४० घरधुरी रहेको इलाका हुनाले ~ नाम रहन गएको हो । (१२७/३४)

**बार खण्ड र अठार खण्ड** (छबीस दरा, अछाम)

१. [ने.] तडी गेरा गाउँको उत्तरमा रामारोशनको मनमोहक स्थलमा ठूला ठूला मैदान र त्यसभित्र बाह्रवटा पोखरी तथा अठारवटा ढिस्को हुनाले ~ भनिएको हो । (८८–४/८३७)

करीब २५३० मिटर (८३०० फीट) को उचाइमा रहेका अनेकन जङ्गली फूल र बुकीले शोभायमान मैदानहरू र लामीताल तथा बाटुल्लाताल जस्ता सुन्दर पोखरीहरूले गर्दा यहाँको प्राकृतिक दृश्य ज्यादै नै आकर्षक र रम्य छ । बडामालिकाको दर्शन गर्न जाने यात्रीहरू प्रायः यहाँको दृश्यावलोकन गर्ने गर्दछन् । अछामको सदरमुकाम मङ्गलसेनबाट १५-२० कोस टाढा यहाँ बैजनाथको शिवालय छ र शिवरात्रीमा मेला लाग्दछ । यो ठाउँमा अस्तु सेलायो भने मुक्ति पाइन्छ भन्ने विश्वासअनुसार मानिसहरू पितृकार्य गर्न पनि यहाँ पुग्छन् । (८८–४/८३७)

**बाऱ्हवर्षे इनार** (काठमाडौं)

१. [ने. बाह्र+वर्ष+इनार] पूरा बाह्र वर्ष लगाएर निर्माण गरिएको इनार हुनाले ~ नाम रहन गएको हो ।

एकपल्ट ठूलो अनावृष्टि हुँदा नामूद तान्त्रिक शान्तिकर गुभाजुले राजा गुणकामदेवको पुरेत भई नागको पुरश्चरण गर्दै पाताल देखिने गरी एउटा इनार खन्न लगाए । प्रतिष्ठाको दिन नागलोकका राजाले यसै इनारबाट आई दर्शन दिएपछि वृष्टि भयो । पछि राजा प्रतापमल्लको पालामा अनावृष्टि हुँदा नागको पुरश्चरण गर्न यस इनारभित्र मानिस पठाउँदा तिनीहरू तल पुग्न नपाउँदै मरेकाले इनार पुरिदिए भनिन्छ ।

**बारा** (नारायणी अञ्चल)

१. [ने. बारा+गढी+बारा] उम्जन गाउँअन्तर्गत पर्ने बारागढी भन्ने स्थानको नामबाट जिल्लाको नाम नै ~ रहन गएको हो ।

कुनै वेला बारागढी नै यस जिल्लाको सदरमुकामको रूपमा रहेको थियो ।

**बालाजु (बालाज्यू)** (काठमाडौं)

१. [ने. बाल+जी] बालाजी वा बालनीलकण्ठ नामक शेषशायी विष्णुको प्रस्तरमूर्ति रहेको ठाउँ हुनाले ~ नाउँ रहेको हो । (८८–२/७४३)

विष्णुको अवतार मानिने नेपाल नरेशले बूढानीलकण्ठको दर्शन गर्न नहुने भएकोले त्यसैको दुरुस्त तर सानो प्रतिरूप बनाएर यहाँ स्थापित गरिएको हो भनिन्छ ।

**बालुवाही** (झापा)

१. [धि. बालुवा+ही] बालुवा भएको ठाउँमा रहेको धिमाल गाउँ भएको हुनाले ~ भनिएको हो । (४५/१६)

**वाल्मीकिनगर** (लुम्बिनी अञ्चल)

१. [ सं० वाल्मीकि+नगर ] तमसा नदीको किनारास्थित वाल्मीकि आश्रम, सीताको कुटी, वाल्मीकीश्वर महादेवको मन्दिर, इनार आदिको अवशेष प्राप्त भएको हुँदा पहिले भैंसालोटन भनिने ठाउँको नाम ~ राखिएको हो। (११०/५४)

लुम्बिनी अञ्चलका तात्कालिक अञ्चलाधीश ताराप्रसाद उपाध्यायले वर्षौं देखि वाल्मीकि आश्रमको खोजीमा रहेका धनराज पुरीलगायत विहार राज्य (भारत) का राज्यपाल र सिंचाइ मन्त्रीलाई भैंसालोटनको निरीक्षण गराएका थिए। वाल्मीकीश्वर महादेवको मन्दिर, आश्रमका भित्ताहरू, स्तम्भहरू, प्रस्तरनिर्मित कलश, सीताको कुटी र इनारका अवशेषहरू सप्रमाण हेरेपछि तमसा नदीको किनारास्थित वाल्मीकि आश्रम रहेको ठाउँ हुनाले ~ नामकरण गरिएको थियो। सरकारी स्तरबाट वि० सं० २०२१ साल माघ १९ गते (तदनुसार १ फरवरी, १९६५) का दिन आदिकवि महर्षि वाल्मीकिको जन्मजयन्ती समारोह मनाउने कार्य सम्पन्न गरिएको थियो। उक्त समारोहको अध्यक्षता भारत विहारराज्यका तात्कालिक राज्यपाल अनन्तशयनम् आयङ्गरद्वारा गरिएको थियो र अतिथिस्वागत चाहिं तात्कालिक पञ्चायतमन्त्री शैलेन्द्रकुमार उपाध्यायद्वारा तथा धन्यवादज्ञापन चाहिं विहारराज्य (भारत) का तात्कालिक सिंचाइ मन्त्री एवं भारत-नेपाल मैत्री सङ्घका अध्यक्ष दीपनारायण सिंहद्वारा भएको थियो (११०/५४–६१) ~ बाट एक मील टाढा तमसा, गण्डकी र स्वर्णरेखा नदीहरूको सङ्गम छ। यसै त्रिवेणीदेखि दुई मील पूर्व वाल्मीकिको आश्रम तमसा नदीको छेउमा आज पनि मौजूद छ। त्यहाँ एउटा रूखमुनि खण्डित धेरै प्रस्तरमूर्तिहरू राखिएका छन्।

**वासुकि नागको क्षेत्र** (काठमाडौं उपत्यका)

१. [ने० वासुकी+नाग+क्षेत्र] नागह्रदमा वासुकिनाग बसेको धारणाअनुसार काठमाडौं उपत्यकालाई अद्यापि ~ भन्दछन्।

**बाही** (बारा, नारायणी अञ्चल)

१. [?] सिम्रौनगढ क्षेत्रको वरिपरि चारैतिर लगभग १४ कोससम्म बेह्रिएको ढिस्कोलाई ~ भन्दछन् (१२६/?)

यो ढिस्को प्राचीन किल्लाको अवशेष हुन सक्छ जसमा हाल रूख र बुट्यानहरू उम्रिरहेका छन्।

**बाहुनमारा** (जनकपुर, धनुषा)

१. [ने० बाहुन+मार्नु] कुनै समयमा जङ्गलको बाटो जाँदा एउटा बाघले बाहुनलाई मारेको ठाउँमा बसाइएको गाउँ हुनाले ~ भन्ने नाउँ रहन गयो।

रातु नदीको आसपास रहेका धेरै गाउँहरूमध्ये यो पनि एक हो। नदीको नामबाट यो गाउँ **रातु** पनि भनिन्छ। पहिले यस ठाउँमा जङ्गल थियो। यहाँ गाउँ बसेको १५ वर्ष जति मात्र भयो।

**बिजुली डाँडा** (जाजरकोट, सल्यान)

१. [ने० बिजुली+डाँडो] जाजरकोट जिल्लाको कुसेमुसे लेकको दक्षिण-पश्चिम भेकमा अवस्थित पेकको एक डाँडोमा बाह्र भाइ मस्टा बसेकाले प्रकाशित भएको हुँदा ~ भनिएको हो। (३०/५०, ८८–४/५१६)

यस डाँडामा रहेका प्रसिद्ध मस्टाको मन्दिरका धामीहरूले तातो फलाम चाट्ने र उमालेको तातो तेल खाने गर्छन् भन्ने विश्वास गरिन्छ। यो मन्दिरमा वैशाख पूर्णिमा र भदौ पूर्णिमाको दिनमा मेला लाग्छ। (८८–४/५१६)

**बिजेश्वरी डाँडा** (रुकुम)

१. [ ने० विजय+ईश्वरी+डाँडो ] बिजेश्वरी (विजयेश्वरी) देवीको मन्दिर रहेको डाँडो हुनाले ~ नाम रहन गएको हो। (८८–४/६५)

पहिले यस डाँडामा जाजरकोटे राजा बस्ने जगतीपुर रहेको थियो। यहाँ विजेश्वरी देवीको मन्दिरका साथै महादेवको प्राचीन तथा प्राकृतिक मन्दिर पनि छ। महादेव-मन्दिर छेउछाउ लामालामा ढुङ्गाहरू आश्चर्यजनक रूपमा धनुषकाँड गाडिएझैं गाटिएका छन्। यहाँ द्वादशीका दिन लाग्ने ठूलो मेलामा रुकुम, रोल्पा, जाजरकोट र सल्यानका हजारौं नरनारी भेला हुन्छन्। (८८–४/६५)

**बिजेपुर (विजयपुर)** (धरान, सुनसरी)

१. [सं० विजय+पुर] सेनवंशी राजा विजय सेन (समय अज्ञात) को पालामा बनेको शहर हुँदा विजयपुर नाम रहन गएको र यसैको अपभ्रंशबाट ~ हुन गएको हो (४८/६५,४०/६)।

पूर्वमा टिस्टा र पश्चिममा कोसी (कमला नदी), उत्तरमा किराँत राज्य लिम्बुआन (मिकलुङ र दक्षिणमा गङ्गा किनारा पुण्ड्र (वर्तमान पूर्णिया) सम्म फैलिएको मोरङ राज्यको राजधानी यहीं थियो। ~ मा सेन राजाहरूको निकै ठूलो दरबारको भग्नावशेष छ जुन तल्लो दरबार र आधा कोस उकालो गएपछि अर्को माथिल्लो दरबार भनिन्छ। वि० सं० १८३१ आषाढ ४ गते (१७ जुलाई, १७७४) मा यो राज्य नेपालमा गाभियो।

**बिहारे खोला** (भोजपुर, कोसी अञ्चल)

१. [ने० विहारेश्वर+खोलो] बीच खोलामा विहारेश्वर नामक पशुपतिको मन्दिर रहेको हुनाले नागछाँगाबाट प्रकट भएर बग्ने खोलाको नाम नै ~ रहन गएको छ। (५०/२८–३०)

विहारेश्वर-मन्दिरमा प्रत्येक वर्ष बालाचतुर्दशीका दिन भव्य मेला लाग्छ।

**बीरेठाँटी** (पर्वत)

१. [ने० बीरे+ठाँटी] बीरे नामक कुनै व्यक्तिले ठाँटी अर्थात् पाटी वा पौवा बनाएको ठाउँमा मोदी नदी र भुरुङ्दी खोलाको दोभानमा क्रमशः बस्ती बस्न थालेकोले ~ भन्ने नाम रहन गएको हो। (८८–३/४५९)

यो स्थान पहिले दाहसंस्कार गर्ने एक घाटको रूपमा रहेको थियो।

**बुकी** (म्याग्दी)

१. [?] प्रशस्त वनबुकी हुने भएकोले खर्क (**ढोर**) भन्दा केही माथिको लेकाली भागलाई ~ भनिन्छ। (८८–३/६१७)

यो ~ प्रदेशमा भेडा, घोडा र भैंसी गोठ राखिन्छ।

**बुङ्ग** (काठमाडौं उपत्यका)

१. [नेवा० बुङ+गा] नेवारीभाषामा 'बुं' को अर्थ 'पानी उम्रनु' र 'गा' को अर्थ 'खाल्टो' हुन्छ। पानीको मुहान भएको ठाउँ हुनाले ~ नाम रहेको हो। (१६१/३१८)

**बुङ्गद्य** : (काठमाडौं)

१. [नेवा० बुङ+गा+द्यः] नेवारीभाषामा पानीको मुहानको देवता भन्ने अर्थमा ~ भनिन्छ।

किंवदन्तीअनुसार नेपाल उपत्यकामा खडेरी परेको हुनाले आसामको कामरूपबाट यो देवता ल्याइएको हो भनिन्छ। लेभीको भनाइअनुसार चाहिं स्थानीय बासिन्दाहरूले सातौं शताब्दीको मध्यतिर राजा नरेन्द्रदेवको पालामा मछिन्द्रनाथ उपत्यकामा ल्याइनुभन्दा पहिलेदेखि नै ~ को पूजा गर्ने गरेको हुनुपर्छ। पछि त्यसैलाई मच्छिन्द्रनाथको रूपमा पूजा गर्न थालिएको होला। (१६१/३१८)

**बुङ्गमती** (काठमाडौं उपत्यका)

१. [नेवा० बुङ्गद्यः+माइती] बुङ्गद्यःको माइती भन्ने अर्थमा 'बुङ्गमाइती' नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाउँ रहन गएको होला।(१६१/३१९)

बुङ्गद्यःलाई स्त्रीको रूपमा विचार गरिन्छ र बाह्रा (प्रथम रजस्वला बार्ने) र इही (विवाह गर्ने) चलन पनि छ। फेरि ६ महीना पाटन (ललितपुर) मा बसेपछि ६ महीना ~ मा बस्न जाँदा बुङ्गद्यः माइती गएको कल्पना गरिन्छ। (१६१/३१९)

**बुट्टाबाडी** (झापा)

१. [धि० बुट्टा+बाडी] सम्भवतः रूखबुट्टाहरू प्रशस्त भएको ठाउँमा रहेको बस्ती हुनाले ~ भनिएको हो।(४५/१८)

**बुड़गाउँ** (बझाङ)

१. [ने० बुड़+गाउँ] बुड़ू मस्टो रहेको गाउँ हुनाले ~ नाम रहन गएको हो। (३०/५९)

**बुढान** (दाङ)

१. [था० बुढा+आन] सम्भवतः 'बुढा' भनिने कुनै जातिले बसोबास गरेको थलो हुनाले थारू भाषामा ~ भनिएको हो। (५९।५५)

दाङतिरका थारूहरू आफ्नो प्रदेशदेखि दक्षिणतिरको भागलाई ~ भन्दछन् । कर्णाली-प्रदेशका एक थरी वैश्यहरू आफूलाई अझै बुढा भन्दै छन् । यस सन्दर्भमा बुढाथोकी भन्ने थरनाम पनि तुलनीय छ । (५९/५५)

२. [था० बुद्ध+आन] सम्भवतः बुद्धधर्म मान्ने मानिसहरू बस्ने प्रदेश भएको हुनाले थारूहरूले ~ भनेको होला । (५९/५५)

दाङका थारूहरू आफ्ना परिवार लिएर **नयाँ मुलुक**तर्फ बसाइँ सर्नुलाई पनि ~ तिर जानु भन्दछन् ।

**बुलबुले** (बागलुङ)

१. [ने० बुलबुल+ए] पानी बुलबुल भइरहने हुँदा ढोरपाटन मैदानको बीच भागमा रहेको सानो पोखरीको नाउँ नै ~ रहेको छ । (८८–३/६७७)

परापूर्वकालमा जुम्ली राजा र भोटे राजाको बीचमा ~ निर लडाइँ भएको थियो भन्ने जनश्रुति छ । (८८–३/६७८)

**बूढानीलकण्ठ** (काठमाडौं)

१. [सं० वृद्ध+नील+कण्ठ] संस्कृतभाषामा 'वृद्ध' शब्द विष्णुको र 'नीलकण्ठ' शब्द महादेवको पर्याय स्वरूप छ । हरि-शङ्करको जलशयन प्रस्तरमूर्ति हुनाले यसको नाम 'वृद्धनीलकण्ठ' रहन गएको र त्यसैको अपभ्रंश-बाट ~ नाम रहेको हो। (३६/३४)

ईशाको छैटौं शताब्दीमा निर्माण गरिएको मानिने शिवपुरीस्थित एक पोखरीको बीचमा प्रतिष्ठापित यस मूर्तिलाई हरि-शङ्करको जलशयनमूर्तिको रूपमा स्वीकार्न सकिन्छ । यो मूर्ति चतुर्बाहुयुक्त भएर शेषशायी हुनुको अतिरिक्त गदा र चक्रधारी पनि छ जसबाट त्यसको विष्णुरूप स्पष्ट अवलोकित हुन्छ । तर त्यस मूर्तिका बाँकी दुई हातमध्ये एक हातले विभूतिको डल्ला र अर्को हातले कलश (?) समातेको र मूर्तिको निधारमा त्रिपुण्ड्र, गलामा रूद्राक्षको माला र नाडीमा सर्पका वलय पनि छन् जसबाट शिवरूप प्रदर्शित हुन्छ । ऋग्वेदमा वृद्धहरूमा पनि अतिवृद्धको रूपमा विष्णुको वर्णन गरिएको छ र महादेवको एक नाम जलेशाय पनि रहेको छ । नारायण शब्दलाई अर्थ्याउँदा 'पानीमा रहने' भन्ने बुझिन्छ र यो 'जलेशाय वा जलशयन नारायण' हरिहरको नै प्रस्तरमूर्ति प्रतीत हुन्छ । (३६/३३–३४)

२. [सं० बुद्ध+नीलकण्ठ] बौद्ध धर्मका प्रवर्तक बुद्ध र महादेवको अर्को नाम नीलकण्ठको योगबाट 'बुद्ध-नीलकण्ठ' भन्ने नाम रहन गएको र यसैको अपभ्रंश भई ~ नाम रहेको हो । हेर्नुस्– भुइजसि ।

सम्भवतः तत्कालीन उपत्यकावासीहरूमा बौद्ध सम्प्रदाय र शैव सम्प्रदायको विशेष प्रचलन हुँदा सर्वसाधारण जनताले यस प्रस्तरमूर्तिलाई बुद्ध वा विष लागेर पल्टेका नीलकण्ठ महादेव ठानेर 'बुद्धनीलकण्ठ' भन्न थाले होलान् ।

३. [ने० बूढा+नीलकण्ठ] पहिले नीलकण्ठ भन्ने वृद्ध महन्तले पूजा चलाएको हुँदा ~ नाम रहेको हो । (१०८/५४)

**बूढासुब्बा** (विजयपुर, धरान, सुनसरी)

१. [ने० बूढा+सुब्बा] गोर्खालीहरूद्वारा कैद गरिएका 'बूढासुब्बा' अर्थात् विजयपुर राज्यका हर्ताकर्ता मन्त्री बुद्धिकर्ण राईले आफ्नो धनुकाण गाडी जुन ठाउँमा समाधि बसेर प्राणत्याग गरे त्यस स्थानलाई ~ भन्दछन् ।

२. [सं० वृद्ध+सिद्ध] कुनै बूढा सिद्धको समाधिस्थल हुनाले 'बूढासिद्ध' भनिएको र त्यसैबाट ~ नाम रहन गएको होला । (४८/६८)

विजयपुरबजारबाट करीब १०० गज पूर्वमा बाक्लो बाँसघारीको बीचमा रहेको कटेरोभित्रको स्थान ~ भनिन्छ । ~ को चिहानको वरिपरि पछि गारो लगाएर बनाइएको मन्दिर हुनाले ~ को मन्दिर भनिन्छ । ~ किरातीहरूको देवता मानिन्छ । यस मन्दिरको १० हातजति पूर्वमा रहेको अर्को अझ सानो मन्दिर चाहिं ~ की बहिनीको मन्दिर भनिन्छ । ~ को वरिपरिका बाँसको टुप्पो हुँदैन, ठूटे हुन्छ भन्ने जनविश्वास छ । (४८/६८)

**बेत्ररोपण शिवजल** (धैबुङ, तुवाकोट)

१. [सं० वेत्र+रोपण+शिव+जल] शिवजीले 'वेत्र' अर्थात् 'बेतको लट्ठी' गाड़ेको ठाउँबाट निस्केको पानी हुनाले ~ भनिएको हो।

**बेत्रावती** (धैबुङ, नुवाकोट)

१. [सं० वेत्र+वती] शिवजीले बेतको लट्ठी गाडेर प्वाल पारी पानीको अविच्छिन्न धारा निकालेको ठाउँबाट बगेको नदी हुनाले ~ भनिएको हो।

जिल्लाको उत्तर-पश्चिमको भाल्चे क्षेत्रबाट बग्दै आएको सलाङ्खु (पाँचसय खोला) र उत्तर-पूर्वका यार्सा, जिबजिबे तथा धैबुङक्षेत्रबाट आएको फलाङ्खु (बेत्रावती) खोला त्रिशूली नदीमा मिलेको सङ्गमस्थल पनि ~ भनिन्छ। इ० सं० १७९२ मा नेपाल र भोटका बीच युद्ध हुँदा चीनियाँ फौज भोटेखोलाको तीरैतीर ~ मा आएको थियो। गोरखाली फौजले चीनियाँसँग यहाँ घमासान लडाइँ गरेको थियो। पछि इ० सं० १८५५ मा पनि जर्नेल बमबहादुरको नेतृत्वमा भोट गएको गोरखाली फौज ~ हुँदै अगाडि बढेको थियो। (८८–२/५९७)

**बेदीपुर** (सुनसरी, कोसी अञ्चल)

१. [सं० विजय+पुर>बेदीपुर] हेर्नुस् बिजेपुर।

२. [सं० वेदी+पुर] द्वापरयुगमा पाँच पाण्डवहरूले वनवासको समयमा घुम्दै आउँदा यज्ञ गर्न यस ठाउँमा बनाएको वेदी पछि पुरेर हिंडेका हुँदा ~ भनिएको हो। (४०/६)

यस ठाउँको पश्चिममा धरान बजार, उत्तरमा फुस्रे र सर्दूखोला, दक्षिणमा बाझगरा पर्दछ। पाण्डवहरूले यज्ञ गर्दा टाँगेको चँदुवाले गर्दा ~ मा शीत नपरेको हो भन्ने किंवदन्ती छ। (४०/६)

**बेनी** (म्याग्दी, पर्वत)

१. [सं० वेणी>बेनी] म्याग्दीखोला (मङ्गलानदी) र कालीगण्डकीको सङ्गमस्थल हुनाले ~ भनिएको हो। बेनीको अर्थ दोभान वा सङ्गम हुन्छ (जस्तै–त्रिवेणी)। (८८–३/६२६)

**बेनीबजार** (म्याग्दी, पर्वत)

१. [ने० बेनी+बजार] म्याग्दी (मङ्गला) र कालीगण्डकीको दोभानमा रहेको बजार हुनाले ~ नाउँ रहन गएको हो।

यो बजार कालीनदीको दुवै किनारामा रहेको छ। भूरे राजाको पालामा ~ शीतकालीन राजधानी भएको कुरा उनका पालाको कोटभण्डारले सिद्ध गर्छ। पर्वतराज्यका राजा मलेबमले यहाँ तेलिया ईंटको कलापूर्ण दरवार बनाए र वि० सं० १७५१ मा बेनीदोबिल्लाको शिवालय पनि खडा गराए। मलेबम, शाहबम र कीर्तिबम यी तीन राजाहरूको पालामा (वि० सं० १९४२ सम्म) ~ पर्वत राज्यको राजधानी थियो। (८८–३/६२६)

**बेंसीशहर** (लमजुङ)

१. [ने० बेंसी+शहर] लमजुङराज्यका राजा-हिउँदमा लमजुङ दरबारबाट तल बेंसीमा बस्न जाने गरेको कारणले यो ठाउँ ~ भनिएको हो। (८८–३/१८६)

यहाँको ऐतिहासिक दरबार भत्किसकेको छ र पुराना झिंगटी तथा ईंटका टुक्राहरू अझै पाइन्छन्। हाल यो लमजुङ जिल्लाको सदरमुकाम हो।

**बेंसीशहर नारानथान** (लमजुङ)

१. [ने० बेंसी+शहर+नारायण+स्थान] बेंसी-शहरमा नारायणको मन्दिर भएको ठाउँ हुनाले ~ भनिएको हो। (८८–३/१८६)

**बैतडी** (महाकाली अञ्चल)

१. [ने० बह+तडी] स्थानीय भाषामा 'बह' भनेको 'हावा' र 'तडी' भनेको 'अडिने ठाउँ' हुन्छ। यहाँ रहेका पर्वतमालाहरूले हावालाई रोक्ने हुनाले यस ठाउँको नाम 'बहतडी' र त्यसैबाट ~ हुन गएको हो। (४३/४४४)

२. [सं० वायु+उत्तड] संस्कृतभाषामा 'वायु' भन्नाले 'हावा' र 'उत्तड' भन्नाले 'उन्मुख' हुन्छ। अग्लो ठाउँ भएकोले ज्यादा हावा लाग्ने हुँदा संस्कृतमा यस ठाउँको नाम 'वायूत्तड' रहेको र त्यसको अपभ्रंश भई क्रमशः 'वायोतड', 'बैतड' र अन्तमा ~ नाउँ रहन गएको हो। (८८–४/१०२३)

३. [सं० वायु+उत्तड] यहाँ 'वायूत्तड पर्वत' (हाल ग्वाले केदार नामले प्रसिद्ध) रहेको हुनाले 'वायूत्तड' नाम रहेको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो। (८८–४/१०२३)

यहाँ अति सौन्दर्यले पूर्ण भएका पर्वतमालाहरू छन्।

चारैतिर **चार केदार** (थल, ध्वज, सिद्ध र केदार) डाँडाहरू भएको यो ठाउँ स्वर्गभूमि हो भनी पुराणमा वर्णन गरिएको छ । ग्वालेकेदार (वायूत्तडपर्वत) छिमेकी पहाडहरूभन्दा अग्लो भएकोले त्यहाँ ज्यादै हावा लाग्ने गर्छ ।

**बैरीछल** (**बैह्रीछल**) (कास्की)

१. [ने० बैह्री+छल] 'बैह्री' अर्थात् 'दुश्मन' लाई 'छल' अर्थात् छलेको ठाउँ हुनाले ~ नाउँ रहन गयो । (४३/१३१)

घले राजा र कास्कीकोटका राजाले मीत लाउने दिनमा डुहुनी खोलाको बगरमा बालुवाभित्र लुकाइएका तरवारहरू झिकेर गोर्खालीहरूले दुश्मन छलेको ठाउँ यही हो भनिन्छ। (४३/१३१)

**बोधलासैनी** (बैतडी)

१. [ने० बोधला+शयनी] 'बोधला' अर्थात् 'रँगाएको भाँग्रो वा धोक्रो' मा 'शयनी' अर्थात् 'सुतेकी' देवी उत्पन्न भएको हुँदा ~ नाम रहन गयो । (४३/४०६)

**बौद्ध** (काठमाडौं)

१. [सं० बुद्ध] बौद्धनाथमन्दिरका चारैतिर चक्राकार रूपले बसेको गाउँ हुनाले ~ भनिएको हो। (११/६२)

पशुपतिनाथको मन्दिरबाट आधा कोस उत्तरतिर रहेको बौद्धनाथ मन्दिर ईंटले बनेको वेदीमाथि गोलाकार भई उभिएको छ । यस मन्दिरको व्यास १ सय गजको छ । वेदीका माथितिर १५ इन्च लामो र ६ इन्च चौडा व्यासको कुलङ्गाका बीचमा बोधिसत्त्वको प्रतीमा छ । शरत्कालमा तिब्बतीय यात्रीहरू र भोटेहरू दर्शनार्थ यहाँ आउँछन् । (११/६२)

**ब्यासगर्खा** (दार्चुला)

१. [व्यास+गर्खा] व्यास ऋषिले तपस्या गरेको क्षेत्र हुनाले ~ भनिएको हो ।

नेपाल अधिराज्यको सबैभन्दा पश्चिम र अन्तिम गाउँ छ्याङरु र अप्पी हिमालको ठीक उत्तरपट्टि रहेको तिङ्कर गाउँ नै खास ~ हो जुन झन्डै १३ हजार फीट उँचाइमा छ । छ्याङरु टारको चुलीमा रहेको ब्यासगुफामा ३ देखि ५ सय वर्ष पुराना अस्थिपञ्जरहरू छन् । यस गुफालाई व्यासऋषिको तपःस्थल मानिन्छ।

**ब्युहुँकोट** (बाग्लुङ पर्वत)

१. [सं० व्योम+कूट] पर्वत जिल्लाको नीलकण्ठ (हाल दहरे) लेकदेखि चार कोस उत्तरमा रहेको अग्लो (आकाश छुने) पहाडमा बनेको दरबार हुनाले 'व्योमकूट' वा 'व्योमकोट' भनिन्थ्यो जसको अपभ्रंश हुँदै पहिले यो दरबार रहेको पहाडको नाम नै ~ रहन गयो ।* (११६/४७)

# भ

**भक्तपुर** (काठमाडौं उपत्यका)

१. [सं० भक्त+पुर] भक्तहरू बस्ने बस्ती भएको हुनाले ~ नाम रहन गएको हो।

यस शहरलाई उत्तरमा खासाङ्खुसुङ र दक्षिणमा हनुमन्ते खोलाले छुट्टयाइदिएको छ । राजा आनन्द मल्लले यस शहरलाई अष्टकोणाकार ढाँचामा अष्टमातृका देवदेवीहरू आठै दिशामा विराजमान गराई बनाएका हुन् । पूर्वमा ब्रह्माणी, आग्नेय कोणमा माहेश्वरी, दक्षिणमा कौमारी र वैष्णवी, नैर्ऋत्य कोणमा वाराही, पश्चिममा इनागाल गणेश, वायव्य कोणमा इन्द्रायणी, उत्तरमा महाकाली, ईशान कोणमा महालक्ष्मी र बीचमा त्रिपुरसुन्दरी आदि देवीगणहरू विराजमान भएको यो धार्मिक स्थल हो । भक्तपुर राजदरबार, न्यातपोलमन्दिर आदि यहाँ वास्तुकलाका अनुपम नमूनाहरू रहेका छन् । कुनै समय वर्तमान दरबार (लायकू) को चौकुना गिर्दाभित्र ९९ चोकहरू थिए भनिन्छ । तर आज केवल तीन वा चार वटासम्म चोक देख्न पाइन्छ। दरबार चौकुनाको पछिल्तिरको बगैंचाको आकारलाई लिएर कल्पना गर्दा राजचोकको घेरा

---

* नीलकण्ठोत्तरे भागे दूरे समैकयोजने ।
व्योमकूटो हिमाद्रेश्च गृहमासीत्सुशोभनन् ॥
—हिमवत्खण्ड
(मधुपर्क, वर्ष १४, अङ्क ४, पृ० ४६)

सम्भवतः त्यहीं हुनुपर्छ । दुवैपट्टि देवीहरूका साथ सिंहका भव्य मूर्तिहरूले अरू केही नभई द्वारपाल भन्ने जनाउँछन् । तेस्रो चोकमा स्वर्णद्वार (सुन ढोका) बाट भित्र सुनको जलप लगाइएको तुलजाको मन्दिर प्रतिष्ठित छ । (१६३/१०)

**भगवतीस्थान** (चितवन)

१. [सं० भगवती+स्थान] भिल्लहरूले जडभरत-लाई वलि दिन खोज्दा भद्रकाली प्रत्यक्ष भएको ठाउँ हुनाले ~ भनिएको हो । (६१/८)

चितवनमा देवघाट जाने बाटोनेर ~ अद्यापि छँदैछ ।

**भण्डारखाल** (काठमाडौं तथा ललितपुर)

१. [ने० भण्डार+खाल] 'भण्डार' अर्थात् 'खजाना' वा 'बहुमूल्य पदार्थ' र 'खाल' अर्थात् 'खाल्डो' वा 'पोखरी' शब्दको योगबाट ~ नाउँ रहन गएको हो । (६७/१३२, १६/१५३/१३०/७१)

राजदरबार हनुमानढोकाभित्र राजा प्रतापमल्लले खजाना राख्ने ठाउँमा पोखरी सहितको एउटा उपवन बनाउन लगाएर त्यसको नाउँ ~ राखेका थिए । (१६/१५३) त्यहाँसम्म बूढानीलकण्ठबाट कुलो बनाएर पानी ल्याइएको थियो र ज्ञानेश्वरबाट नारायणको पुरानो मूर्ति ल्याएर पोखरीमा स्थापित गरिएको थियो (१३०/७१) । ~ को एक अंशमा राजस्व राख्ने चलन अझ छुटेको छैन । उपत्यकाका तीन मल्ल राजदरबारमा ~ को अस्तित्व थियो । (६७/१३२) ललितपुरको भण्डारखाल अहिले पुरातत्त्व-विभागको मातहतमा रही पुरातत्त्व-बगैंचाको नाममा पनि प्रसिद्ध हुन पुगेको छ ।

**भन्सारचोक** (ललितपुर)

१. [ने० भन्सार+चोक] लिच्छविकालीन यूपग्रामद्रङ्गभित्रको भन्सार रहेको ठाउँ हुनाले पाटन दरबारभित्रको नरेन्द्रदेवको अभिलेख भएको चोक ~ भनिएको हो । (६६/२६)

मल्ल राजाहरूको पालामा दरबारभित्र भन्सार अड्डा भएर यो चोकको नाम ~ रहेको होइन (६६/२६) ।

**भन्सारटोल** (चापागाउँ, ललितपुर)

१. [ने० भन्सार+टोल] लिच्छविकालदेखि नै भन्सार रहेको ठाउँमा रहेको टोल हुनाले ~ भनिएको हो । (६६/२६)

यहाँ रहेको अभिलेखमा 'स्थरुद्रङ्ग' नामक स्थानीय बजारमा माछा बेच्न आउनेहरूलाई माछाको भन्सारदरमा कमी गरी सुविधा प्रदान गरिएको कुरा परेको छ । मल्ल-कालमा पनि यस ठाउँलाई 'भन्सारगृह' भनिन्थ्यो भन्ने कुरा यहीं रहेको ने० सं० ७७२ को अभिलेखबाट थाहा पाइन्छ । (६६/२६)

**भन्सारहिटी** (नक्साल, काठमाडौं)

१. [नेवा० भन्सार+हिति] लिच्छविकालमा द्रङ्गभित्रको भन्सार रहेको ठाउँमा बनेको धारा हुनाले नक्साल गैह्रीधाराको नाम ~ रहेको अनुमान हुन्छ । (६६/१७)

**भविष्यवक्ता** पोखरी (भोजपुर)

१. [ने० भविष्य+वक्ता+पोखरी] जिल्लामा कुनै विघ्नबाधा आइपरेमा पोखरीको पानी रातो भई भविष्यवाणी हुन्छ भन्ने जनधारणाअनुसार **माझकिरात**को पुरानो गढी हतुवागढी छेउमा रहेको कहिल्यै नसुक्ने सानो पोखरी ~ भनिन्छ । (८८–१/६१८)

**भाजङ्गाल** (काठमाडौं)

१. [नेवा० भाजं+गाल] नेपालभाषामा 'भाजं' भनेको 'ठूलो हाँडी' र 'गाल' भनेको 'खाल्टो' हुन्छ । नेवार-जातिमा मृत शरीर लैजाँदा हाँडीमा गुइँठाको आगो हालेर लैजाने र संस्कार आदि सकिएपछि त्यो हाँडी फालिने हुँदा यस्तो हाँडी धेरै जम्मा भएको एउटा निश्चित खाल्टोले ~ भन्ने नाउँ पाएको हुन सक्छ । (१०६/६८)

यो स्थान कीर्तिपुर वानस्पति अनुसन्धान केन्द्रको दक्षिण हुँदै पाँगा शहरतिर जाने बाटोमा पर्छ ।

**भाजङ्गाल श्मशान** (पाँगा, काठमाडौं)

१. [नेवा० भाजँगाल+सं० श्मशान] भाजँगाल भनिने ठाउँ नजीकै रहेको मसान हुनाले ~ नाम रहन गएको हो। (१०६/६८)

अग्लो ढिस्कोमा रहेको ~ मा खास गरेर पाँगावासीहरू शव दाह गर्ने गर्छन् । त्यस श्मशानमा कुनै पनि शव दाह गर्न लैजाँदा केही पराल र नौ कप्टेरा दाउराभन्दा एक कप्टेरा पनि बढी वा घटी पारेर लैजान हुँदैन रे । यदि कसैले अनजान वा थाहा पाएरै त्यसो गर्‍यो भने सो शव नजली भोलिपल्ट बिहानसम्म पनि जस्ताको तस्तै रहिरहन्छ भन्ने जनविश्वास छ । (१०६/६८)

**भादगाउँ** (काठमाडौं उपत्यका)

१. [सं० भक्त+ग्राम>भादगाउँ] पहिले भक्तहरू बस्ने गाउँ हुनाले संस्कृतमा यसको नाउँ 'भक्तग्राम' राखिएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो ।

उपत्यकामा सर्वप्रथम यहीं नै हिन्दूधर्मावलम्बीहरूको बसोबास रहेको हुनाले यो ठाउँ 'भक्तग्राम' भनिएको हो भन्ने अनुमान हुन्छ । लोकव्यवहारमा गाउँ कहलाउने ~ का राजा तथा कविहरूले यसलाई **भक्तपुर** भक्तपुरी वा भक्तपट्टन इत्यादि लेखेका छन् । नेवारीभाषामा ~ लाई ख्वप भनिन्छ ।

**भानुमती गङ्गा** (खोटाङ)

१. [सं० धेनु+मती+गंगा>भानुमती गङ्गा] गाईको मुखको आकार भएको ठूलो ढुङ्गाबाट मूल फुटेर बग्ने नदी भएको हुनाले संस्कृतमा धेनुमती गङ्गा भन्ने नाम रहन गएको र कालान्तरमा त्यसैको उच्चारण अपभ्रंश भई ~ नाम रहन गएको होला । (८८–१/६६३)

यो खोला खोटाङ थुमको दिप्लुङबाट बगी सावा खोलामा मिसिन्छ । स्थानीय मानिसहरू यस खोलाको पौराणिक विशेषतामा विश्वास गर्छन् ।

**भामा ओडार** (रोल्पा)

१. [म० भा+मा+ओडार] मगरभाषामा 'भा' भनेको 'बा' र 'मा' भनेको 'आमा' हुन्छ । आमाबाबुले आफ्ना छोराछोरीहरूको पालनपोषणको व्यवस्था मिलाए जस्तै पहिले त्यस ओडारमा भाँडाबर्तन र खाने-पिउने आदिको बन्दोबस्त हुने भएकोले ~ भन्ने नाउँ रहन गएको होला। (८८–४/१०८)

एउटा घरको प्रतीकको रूपमा रहेको यस ओडारको बनावट र कलाले अवश्य पनि प्रत्येक मानिसलाई एउटा रहस्यमय आनन्द दिन्छ ।(८८–४/१०८) यो ओडार जलजलाधुरीको बीचमा रहेको छ ।

**भार्गवसर** (सुगागाउँ, महोत्तरी)

१. [सं० भार्गव+सरः] भार्गव ऋषिले तपस्या गरेको ठाउँमा उनैले बनाएको पोखरी हुनाले ~ भन्ने नाउँ रहन गएको हो ।(८८/२–३१५)

ब्राह्मणहरू जनैपूर्णिमाको दिन यस पोखरीमा स्नान गरी जनै फेर्ने गर्छन् ।

**भालूको दुलो** (गुप्ती क्षेत्र, पश्चिम ४ नम्बर)

१. [ने० भालू+दुलो] कुनै समयमा भालू बस्ने गरेको ओडार हुनाले ~ भन्ने नाम रहन गएको हो ।

दुलो अर्थात् ओडारभित्र पसेपछि तला उठ्दै उठ्दै सात तले कोठाहरू पनि देखा पर्छन् ।

**भाले बास्ने ताल** (दरबाङ, म्याग्दी )

१. [ने० भाले+बास्ने+ताल] मालिकाको धुरीबाट रसाएर निस्केको झरनाले बनाएको मनमोहक ताललाई ~ भन्दछन्।(८८–३/६२८)

**भावर** (तराई)

१. [?, भगरात > भावर] बालुवा र कङ्कडहरू मिसिएको माटोले गर्दा पानी जमीनको सतहमुनिबाट बग्ने ठाउँ हुनाले भगरात वा ~ भनिएको हो ।

महाभारत पहाडभन्दा दक्षिणमा रहेको यस ~ प्रदेशमा भूमिगत जलभण्डार पर्याप्त भएको हुँदा लामो जरा भएका अग्ला अग्ला रूखहरू (साल, सिमल, सिरिस, कर्मा, बाँझ, विजयसाल, रुद्राक्ष आदि) प्रशस्त पाइन्छन् ।

**भित्रीकोट** (प्यूठान)

१. [ने० भित्र+कोट] चन्द्रवंशीय राजाहरूको

पुरानो दरबार हुनाले ~ नाम रहन गएको प्रतीत हुन्छ। (८८–४/१४७–१४८)

यो ठाउँ प्यूठान खलङ्गाबाट तीन कोस (करीब ६ किलोमिटर) पश्चिमतर्फ समुद्री सतहबाट करीब १३७२ मिटर अग्लो ठाउँमा रहेको छ। त्यसको पूर्वतर्फको गुफा वास्तवमा राजा र राजपरिवारका सदस्यहरू ~ को पूर्वी फेदबाट बगिरहेको धर्मावती (झिमरुक) नदीमा आउने सुरुङ हो भन्ने जनश्रुति छ।

**भित्री मदेश** (भित्री मधेश) (तराई)

१. [ने० भित्र+मध्य+देश] चुरे पहाड र महाभारत लेखको बीचमा पर्ने सम्म परेका दूनहरू हुनाले ~ भनिएको हो।

समुद्र सतहबाट ६१० देखि ९१४ मिटरसम्मका अग्लाइमा अवस्थित सम्म परेका कतुवा आकारका उपत्यका वा दूनहरू नै ~ भनिन्छन्।

**भीमढुङ्गा** (भीमकालीपाटन, पोखरा)

१. [सं० भीम+ने० ढुङ्गो] संस्कृतभाषामा 'भीम' को अर्थ 'डरलाग्दो' हुन्छ। सेती गण्डकी (दूधगङ्गा) को बगरको मुखमा रहेको डरलाग्दो (ठूलो) ढुङ्गो हुनाले यसको नाम ~ रहन गएको होला।(२२/६)

पोखरा उपत्यकामा यस्तो ठूलो ढुङ्गो अन्त कतै देखिंदैन।

२. [ने० भीम+ढुङ्गो] भीमसेनले ठेलो फालेको ढुङ्गो हुनाले ~ भनिएको हो।(४३/१२६)

कुनै समयमा भीमसेनले रिसले चूर भएर पृथ्वीलाई नै चकनाचूर पार्ने सुरले यो ढुङ्गो उचालेर ठेलो फाल्न खोजेका थिए तर देवताहरूले भीमसेनको हात समातिदिएको हुनाले यो ढुङ्गो भीमकालीपाटनमा नै रह्यो।(४३/१२६) यस ढुङ्गोलाई 'दूधगङ्गाको छालका भीमहातले हिमालबाट ठेलो मिल्काएको हुनुपर्छ।' (४३/१२६) अहिले पनि भोजभतेर खानुपरेमा ~ लाई पूजा गर्ने प्रथा चलिआएकै छ।

३. [सं० भीम+ने.+ढुङ्गो] भीमसेनले भकुन्डो (कन्दुक) खेलेको ढुङ्गो हुनाले ~ नाम रहेको हो।(२२/६)

उक्त ढुङ्गाको चोइटो उछिट्टिएर तेर्सापट्टिको हल्लने ढुङ्गा र लामपाटनको मान्द्रेढुङ्गा बनेको हो भन्दछन्(२२/६)

**भीमनगर** (चितौन)

१. [ने० भीम+नगर] सरदार भीमबहादुर पाण्डेको प्रयासद्वारा बसाइएको बस्ती हुनाले ~ नाउँ रहन गएको हो।

**भीमफेदी** (मकवानपुर)

१. [ने० भीम+फेदी] भीमसेन बास बसेको फेदी हुनाले ~ नाम रहन गयो।(६६/३)

चिसापानी गढी रहेको पहाडको दक्षिणी काखमा बर्सेनि दुवैतर्फबाट खोलाले र पैराले काट्दै लगेको सानो स्थानमा रहेको ~ बजारमा भीमसेनको प्रसिद्ध मन्दिर छ। हरेक वर्ष श्रावणमा भीमसेनको धूमधामसित जात्रा हुन्छ। मन्दिरमा भीमसेन र द्रौपदीका मूर्तिहरू छन्। पाण्डव-हरूलाई चौध वर्षको वनवास भोग्नुपर्दा भीमसेनलाई कुनै कारणवश काठमाडौं उपत्यका जानुपर्‍यो। हेटौंडामा पुग्दा उनको हिडिम्ब राक्षससँग भेट भयो र ती दुवैमा घनघोर लडाइँ भयो। आखिर हिडम्बले हार मानी आफ्नी बहिनी हिडिम्बासँग भीमसेनको विवाह गराई सन्धि गरे। धोसिङमा पुग्दा खानपीन गरी बाटो लागे। पहाडको फेदीमा पुग्नासाथ कुखुरा बासेकोले त्यो रात त्यसै फेदीमा बास बस्नुपर्‍यो।*

**भीममुक्तेश्वर** (काठमाडौं)

१. [सं० भीम+मुक्त+ईश्वर] भीमसेन थापा (वि० सं० १८३२–१८९६)को लाश स्याल र गिद्धलाई खुवाउन फालिएको थलामा उनका भतीजा माथबरसिंह

---

* "पैदल आएका भीम
साँझ चिसापानीको फेदीमा बास बसेर
बिहानीपख एक वृद्धबाट समाइएपछि
शिला भई बिलाइदिंदा
उनकै नामबाट सम्बोधित
भीमफेदी............।"
(६६/३)

थापाले आफू मुख्त्यार भएपछि भीमसेन थापाको मुक्तिको लागि महादेवको देवल स्थापना गरेको हुँदा ~ नाउँ राखिएको हो। (७०/८८)

भीमसेन थापालाई कठोर कैदमा कसैलाई पनि भेट्न नदिई राखिएको थियो। रजजङ्ग पाण्डेले भीमसेन थापाकी पत्नीलाई नांगै तीन शहर (काठमाडौं, पाटन र भक्तपुर) घुमाउने निर्णय भएको छ भनी सुनाउन लगाए। यस्तो अपमानजनक कुरा सुन्न नसकी असह्य भएर जेलमै आत्महत्या गर्न खोज्दा मर्न नसकी ९ दिनपछि वि० सं० १८९६ साल श्रावणमा उनी मरे। रणजङ्ग पाण्डेले उनको लाश जलाउन पनि दिएनन्। भीमसेन थापाको लाश विष्णुमतीमा लगी स्याल र गिद्धलाई खुवाउन फालियो। (७०/८८)

**भीमलगुफा** (दुम्जा)

१. [ने० भीम + मल्ल + गुफा] तिब्बतीहरूसँगको लडाइँमा भीममल्ल काजी (भीमलकाजी) ले जुन गुफामा बसी आफ्नो दलको रक्षा गरेका थिए त्यो गुफा ~ भनिन थाल्यो। (११/६५)

तरीया गाउँ निकट दुई–तीन सय मानिस बस्न हुने एउटा ठूलो स्वाभाविक गुफालाई ~ (नेवारीमा भीमलपाकु) भन्दछन्। अघि भीममल्ल काजी (भीमल काजी) ले तिब्बतमाथि आक्रमण गर्दा तिब्बतीहरूले माथितिरबाट नेपालीहरूलाई थिचेर मार्ने विचारले एउटा ठूलो पर्वतखण्ड नै खसाएका थिए। त्यसलाई भीमल काजीले हातले रोकेर जुन गुफा बन्न गएको थियो त्यसैमा बसी उनले आफ्नो दलको रक्षा गरेका थिए भन्ने किंवदन्ती प्रचलित छ। (११/६५)

**भीमलपाकु** (दुम्जा)

१. [नेवा० भीम + मल्ल + पा + कु] नेवारीभाषामा 'भीमल' शब्द 'भीम मल्ल' को छोटकरी रूप र 'पा' भनेको 'पहाड' र 'कु' भनेको चाहिं 'टुक्रा' वा 'खण्ड हुन्छ। भीममल्लले हातले रोकेको पर्वत खण्डद्वारा बनेको गुफा हुनाले ~ नाम रहन गएको हो। (११/६५)

**भीमलठाना** (ओखलढुङ्गा)

१. [ने० भीम + मल्ल + ठाना] भीममल्ल (भीमल) काजीको फौजले डेरा गरेर बसेको ठाउँ हुनाले ~ भनिएको हो। (८८–१/७०९)

लक्ष्मीनरसिंह मल्ल (प्रतापमल्लका बाबु)ले आफ्नो फौजलाई काजी भीम मल्लको नेतृत्वमा पूर्व सर गर्न पठाएका थिए।

**भीमसेनथान** (काठमाडौं)

१. [सं० भीमसेन + स्थान] राजा जगत्प्रकाश मल्लको पालामा दारसिंह र वासिंह भारो नाउँका व्यक्तिहरूले बनाएको भीमसेनको मन्दिर रहेको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो। (१३०/७६)

राजा महेन्द्र मल्लले ने० सं० ६६० मा भीमसेनको मूर्ति स्थापना गरेका हुन्। (१३०/७७)

**भीमसेनले फ्याँकेको ढुङ्गो** (रामपुर, पाल्पा)

१. [ने० भीमसेनले + फ्याँकेको + ढुङ्गो] भीमसेनले छेलो खेल्दा फ्याँकेको ढुङ्गो हुनाले ~ भनिन्छ।

बेझाङको खेतमा एउटा अजङको ठूलो गोल ढुङ्गो छ जसको उँचाइ लगभग दुई मिटर छ र माटोमा पनि धेरै नै धसिएको देखिन्छ।

**भीमसेन स्तम्भ** (काठमाडौं)

१. [सं० भीमसेन + स्तम्भ] मुख्तियार भीमसेन थापाले सुनधारा नजीकै निर्माण गराएको करीब २०० फुट अग्लो धरहरा हुनाले ~ भनिएको हो। (८८–२/७३७)

भीमसेन थापाले वि० सं० १८८२ मा दुईवटा धरहरा बनाएका थिए, तर तीमध्ये एउटा १९९० सालको भूकम्पमा ढल्यो। अघिअघि यहाँबाट बिगुल फुकेर सैनिक भेला गर्ने चलन थियो। यो काठमाडौंका थोरै मुगलशैलीका उदाहरण-हरूमध्येको एक हो। (८८–२/८३७)

**भीमाद** (पोखरा)

१. [सं० भीम + बन्ध > भीमबाँध, > भीमाद] संस्कृत-

भाषामा 'भीम' भनेको 'ठूलो' र 'बन्ध' भनेको 'बाँध' हुन्छ। कुनै समयमा यहाँ एउटा प्राकृतिक बाँध बाँधिई सेती गण्डकीको जलप्रवाह रोकिएको ठाउँ हुँदा 'भीमबन्ध' नाम रहन गएको र त्यसैको अपभ्रंश भई 'भीमबाँध' र त्यसको छोटकरी रूप ~ हुन गएको हो। (२२/८)

२. [म० भीम + दी] संस्कृतभाषाको 'भीम' अर्थात् 'ठूलो' वा 'भयंकर' र मगरभाषाको 'दी' अर्थात् 'पानी' प्रत्ययान्तको योगबाट 'भीमदी' बनी त्यसैको अपभ्रंश भई ~ नाउँ रहन गएको हो। (२२/१०)

भौगोलिक स्थितिको अध्ययन गर्दा कुनै समयमा यहाँ ठूलो पोखरी रहेको अनुमान हुन्छ। रिसिङको रानी-पोखरीमा उत्तरबाट सेतीको पानी र दक्षिणबाट कालीको पानी आएर मिसिएको छ भन्ने लोकोक्ति छ।

३. [सं० भीम+बन्ध] 'भीम' अर्थात् 'ठूलो' वा 'बलियो' 'बन्ध' अर्थात् 'बाँध' बाँधेर सेती गण्डकीलाई थुनिएको ठाउँ हुनाले 'भीमबन्ध' नाम रहनगएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो।*(२२/१०)

कुनै समयमा पटनीको लागि वा अन्य कुनै प्रयोजनको लागि बाँध बाँधेर सेतीगण्डकीको पानी कालीगण्डकीमा मिलाउने प्रयास गरिएको रहेछ कि भन्ने अनुमान लगाउन सकिन्छ।(२२/१०)

४. [सं० भीम + बन्ध] महाराज युधिष्ठिरले अश्वमेधयज्ञ गर्दा (कसै-कसैको भनाइअनुसार चाहिं द्रौपदीको लागि अलौकिक फूलको खोजमा उत्तरापन्थतिर जान लाग्दा) पूर्वतर्फ दिग्विजय गर्दै आएका भीमसेनले ठूलो पोखरीको पानी सुकाउन बाँध भत्काइदिएको हुँदा उनैको नामबाट उक्त ठाउँ 'भीमबन्ध' भनिएको र पछि ~ हुन गएको हो। (२२/९)

भीमसेनले बाँध भत्काइदिएपछि पोखरीको पानी निथ्रँदै गई खोपिल्टो परेको वाराहीको फेवाकुण्डसहित बेगनास, रूपा, मैंधी, दिपाङ, खास्टे, बुड्वा समेत सात ताल (सप्तकुण्ड) मात्र पोखरा उपत्यकामा बाँकी रहन गएको हो भनिन्छ।(२२/९)

**भीमेश्वर** (दोलखा)

१. [सं० भीम+ईश्वर] कुनै समय बटुवाहरूले चुल्हा–चम्का जोरेर भात पकाउन लाग्दा उत्तरपट्टिको चम्का पुर्लुक्क पल्टिंदै रहेको देखी अचम्म मानेर खुकुरीले भुइँ खोस्रेर हेर्दा भीमकाय कालो ढुङ्गाको रूपमा प्रकट भएको देवता हुँदा ~ नाम रहन गयो।

दोलखाबजारको पूर्व दिशामा सबैभन्दा अग्लो भागमा छाना नभएको एकतले खुला मन्दिरभित्र उत्तरतर्फ शिवलिंग आकारको डेढ फुट अग्लो खप्पर नभएको खुँडे मूर्ति देख्न सकिन्छ। भुइँ खोस्रँदा खुकुरीले काटिएको ठाउँमा रगत निस्की खुँडा परेको हो भनिन्छ। ~ मूर्तिबाट पसीना बगेमा खतराको संकेत पाइन्छ भन्ने विश्वास गरिन्छ। त्यसको दायाँ र बायाँ आमा र स्वास्नीको मूर्ति छ। मूर्तिको पछाडि काठको खम्बा (नेवारीभाषामा चूलका पसी) गाडिएको छ। यहाँ भीमा एकादशीमा लाख बत्ती बालिन्छ।

**भीरकोट** (पश्चिमाञ्चल)

१. [सं० भृगु+कुटी>भीरकोट] भृगु ऋषिको आश्रम अर्थात् कुटी रहेको हुँदा 'भृगुकुटी' भनिएको र त्यसैको अपभ्रंशबाट ~ नाम हुन गएको हो।

**भुइजःसी** (भ्वीजः सि) (काठमाडौं)

१. [सं० भूमि+जल+शायी>भूमिजलसी>भुइजःसि] 'भुइ' अर्थात् 'भूमिरूपी' र 'जलसि' वा 'जः सि' अर्थात् 'पानी राख्ने ठूलो भाँडो' भन्ने अर्थमा नेवारीमा ~ भन्ने नाउँ रहन गएको हो। (३६/३०)

२. [सं० भुम्भुक्किका+जल+शयन] संस्कृतभाषाको 'भुम्भुक्किकाजलशयन' भन्ने नाउँको अपभ्रंश भई नेवारीमा ~ नाम हुन गएको हो। (९५/८०)

**भुइजःसिनारान** (बूढानीलकण्ठ, काठमाडौं)

१. [भूमि+जल+शयन+नारायण] भूमिरूपी ठूलो भाँडोमा अवस्थित पानीमा रहेको नारायण भन्ने अर्थमा

---

*भीमबन्धं दृढं बद्ध्वा गृहीत्वा शुक्लगण्डकीम्।
शूलेन भेदिताद्रन्ध्राच्छिवो मिलति कृष्णया।
—गण्डकीक्षेत्र-महात्म्य, अ. १, पृ. ८७

'भूमिजलशयन नारायण'को अपभ्रंश भई नेवारीमा ~ भनिएको हो। (३६/३०)

नेवारी शब्द 'जः सि' वा 'जलसि' को व्युत्पत्ति 'जलशायी' शब्दसित तादात्म्य गर्न सकिन्छ । 'नारायण' शब्दलाई अर्थ्याउँदा पनि 'पानीमा रहने' भन्ने नै बुझिन्छ । महादेवको एक नाम 'जलशाय' भएको र नेपालभाषामा प्रचलित 'जः सि' वा 'जलसि' शब्दले पनि 'महादेव' भन्ने बुझाउन सक्छ । त्यसैले जलशयन हरिहर (नारायण र शिव)लाई शिवपुरीस्थित ~ भनिएको हो । अंशुवर्माको हाँडीगाउँको अभिलेख (संवत् ३२) मा तत्समय ज्यादै प्रचलित देवताहरूको नामक्रममा 'भुम्भुक्किकाजलशयन' को चर्चा गरिएको छ (३६/३५, ६५/८०) । हेर्नुस् बूढानीलकण्ठ।

**भुखाद्यः** (भक्तपुर)

१. [नेवा० भू+खाय+देव>भुखाद्यः] नेवारीभाषामा 'भु' भनेको 'भूमि', 'खाय' भनेको 'काम्नु' र 'द्यः' भनेको 'देवता' हो । त्यसैले भूकम्पदेव हुनाले ~ नाम रहन गएको हो। (१६१/३३०)

भूकम्पदेव (भुखाद्यः ) को मूर्ति वराह (बँदेल) आकारको छ र तेल तथा सिन्दूर दलेर त्यसको पूजा गरिन्छ । कुह्मालेले पुजारीको काम गर्छ र दलि पनि दिने चलन छ । ~ काम्दा भूकम्प जान्छ भन्ने जनविश्वास छ। (१६१/३३०)

**भुरिचुला** (जुम्ला)

१. [ने० भुरि+चुला] 'भुरि' भनेको 'अग्लो पहाड' र 'चुला' भनेको 'तिखो चुचुरो' हुन्छ । पानसय दराको तीखो चुचुरो भएको अग्लो पहाड भनिन्छ । (४७/३८)

जुम्लाको रकालदरा र पलाँतादराको बीचमा विद्यमान अग्लो चुचुरोमा पुङ मालिकाको एउटा अग्लो द्योल (देवल) छ। यस चुचुराका वरिपरिका पाटनमा गोन्यासीम, छोटचाखाडा, धम्धम्या, तामाखानी आदि नामका वनहरू छन् । त्यहाँको लेकाली भेकमा फाब्रेबाली (फापरको बाली) निकै नै हुन्छ । एकपल्ट एक जना भेडागोठालाले आफूले खाने गरेको फापरका पीठाको डाँफेको आकार बनाएर खेलाउँदै आफ्नो एक्लोपन बिताउने गर्थ्यो। एक दिन ढुङ्गामा राखिएको त्यो फापरको डाँफे अचानक भुर्र उडेर जुम्ला पानसय दराको एउटा पहाडको शिखरमा आएर बस्यो । त्यो डाँफे पुङमालिकाको पाटनबाट त्यस टाकुरामा आएदेखि त्यस भेकतिर फापरको बाली बढी उब्जन थाल्यो र त्यस भेकतिरका मानिसहरूले त्यस पहाडलाई ~ अर्थात् 'पहाडको अग्लो तीखो चुचुरो' भन्न थाले । (४७/३८)

**भेडासिङ** (काठमाडौं)

१. [ने० भेडा+सिङ] दुई गल्लीको दोबाटोमा एउटा सानो खाल्टोमा भेडाको सिङ अङ्कित शिलाको मूर्ति रहेको हुनाले त्यस टोलको नाउँ नै ~ रहन गयो ।

स्थानीय बासिन्दाहरू त्यस मूर्तिलाई भैरवको रूपमा पूजा गर्छन् ।

**भेडियारी** (विराटनगर)

१. [?] विराटनगर बजारदेखि ८ किलोमिटर दक्षिणमा (भारतको जोगबनी बजारदेखि १ किलोमिटर पूर्व नेपालको सरहदभित्र) रहेको ~ मा नै विराट राजाको दरबार थियो भनिन्छ।

**भेरी** (पश्चिमाञ्चल)

१. [सं० भेरी] भेरी रणवाद्य बजेको जस्तै गरी सुसाएर बग्ने नदी भएको हुनाले ~ नाम रहन गएको हो ।

**भेरी अञ्चल** (पश्चिमाञ्चल)

१. [सं० भेरी+अञ्चल] भेरी नदी बग्ने क्षेत्र भएको हुनाले ~ नामकरण गरिएको हो। (१६८/१७५)

१०५२६ वर्गकिलोमिटर ( ३६०६ वर्गमाइल ) क्षेत्रफलमा फैलिएको ~ मा पहाडतर्फका दैलेख, जाजरकोट, सुर्खेत र तराईतर्फका बाँके तथा बर्दिया गरी ५ जिल्लाहरू रहेका छन्। (१६८/१७५)

**भेलपा** (काठमाडौं )

१. [सं० भैरव+पात>भेरुपात>भेलपा] भैरवको मूर्ति 'पात' अर्थात् 'खसेको' ठाउँ हुनाले संस्कृतमा 'भैरवपात' भनिएको र त्यसैको अपभ्रंश भई 'भेरुपात' र

अन्तमा नेवारीमा ~ नाम रहन गयो। (८४/२३)

मल्लकालमा एकपल्ट पचलीभैरवको जात्रा ल्याउँदा जैशीदेवलको केही पर भैरवको मूर्ति खसेर फुटेको थियो। त्यसै ठाउँलाई ~ भन्दछन्। (८४/२३)

**भैरवथान** (पाल्पा)

१. [सं० भैरव+स्थान] भैरव वा कालभैरवको मन्दिर रहेको ठाउँ हुनाले ~ भनिएको हो। (१७ क/२४, ८८–३/७८१)

२. [सं० भैरव+स्थान] सेनवंशी राजा भैरवसेनले काशीबाट ल्याएर स्थापना गरेको देवताको मन्दिर हुनाले ~ नाम रहेको हो। (१७ क/२४,६/१४७–१४८)

३. [सं० भैरव+स्थान] मुकुन्दसेनले काठमाडौं उपत्यकामाथि धावा गरी जितेर मत्स्येन्द्रनाथको रथको अगाडि राखिने भैरवलाई आफ्नो राज्य पाल्पामा स्थापना गरेको हुनाले ~ नाम रहेको हो। (८८–३/७८१)

तानसेनबाट करीब साढे ६ किलोमिटर पर पाल्मा नामक स्थानमा स्थापित भैरव (कालभैरव) लाई सेनवंशी राजाहरूले आफ्नो इष्टदेवताको रूपमा मानेका थिए भैरवको मूर्ति बडो भयङ्कर भएकोले देख्नेहरूलाई डरले अनिष्ट पार्ला भनी त्यस मूर्तिको दर्शन गर्न दिइँदैन। सबैले दर्शन गर्ने चाँदीको मूर्ति माथिल्लो तलामा स्थापना गरिएको छ। यस मन्दिरको तल्लो तलामा माईको मूर्ति स्थापित छ। यहाँ गोरखनाथ-सम्प्रदायका पुजारीहरू छन्। यस देवस्थलमा चामलको रोट (ठूलो, बाक्लो र गोलो रोटी) र पञ्चबलि पनि चढाउने परम्परा छ। प्रत्येक शनिवार र मङ्गलवार पूजा गर्न आउने मानिसहरूको घुइँचो लाग्ने गर्छ। (१७ क/२५, ८८–३/७८१)

**भैंसालोटन** (लुम्बिनी अञ्चल)

१. [हि० भैंसा+लोटन] सम्भवतः कुनै समयमा भैंसी लडेको ठाउँ हुनाले ~ नाउँ रहेको होला। हेर्नुस् बाल्मीकिनगर।

**भोजपुर** (माझकिरात, कोसी अञ्चल)

१. [नें० भोज+पुर] पृथ्वीनारायण शाहले माझ किरातमा विजय प्राप्त गरेपछि ठूलो भोज लगाएको ठाउँ हुनाले ~ नाम रहन गएको हो। (८८–१/६०२)

भोजपुर बजारको सिरानमा सिद्धकालीको प्रसिद्ध मन्दिर छ। यस देवीलाई ~को रक्षावाहिनीको रूपमा पूजिन्छ। हरेक वर्ष पुस महीनामा भोजपुरबजारमा १५ दिने मेला लाग्छ जुन डबलीमेलाको नामले प्रसिद्ध छ। यो मेला पहिले करीब आधा कोस दक्षिणमा रहेको टक्सारको डबलीमा लाग्दथ्यो। यस मेलामा टाढा-टाढाबाट मानिसहरू आई व्यापार र मनोरञ्जन गर्छन्। यस मेलामा ओखलढुङ्गा जिल्लाबाट गलैंचा, राडी, पाखी इत्यादि र उत्तरतर्फबाट घोडा, भेडा आदि पनि ल्याइन्छन्। अघि तिब्बतसँगको व्यापार चल्दा यस मेलामा ठूलो चहलपहल हुन्थ्यो।

**भोट** (उत्तरी हिमाली उपत्यका)

१. [ति० बोद>भोट] नेपालको उत्तरी भागमा रहेका अति उच्च हिमाली उपत्यकाहरूलाई स्थानीय भाषामा 'बोद' भन्दछन् र त्यसैको अपभ्रंश भई नेपालीमा ~ भनिएको हो। (१५६/९)

छार्का ~, मनाङ ~, मुस्ताङ ~, डोल्पा ~ आदि प्रसिद्ध छन्।

तिब्बतीहरू आफ्नो देशलाई 'बोड–पा' (Bod–pa) भन्दछन्। स्थानीय नाउँ 'बोड' वा 'बोद' संस्कृतको 'भोट' को अपभ्रंश पनि हुन सक्छ। (१५६/९)

**भोटाहिटी** (काठमाडौं)

१. [नेवा. भोत+हिति] नेवारीभाषामा 'बनेपा' लाई 'भोत' र 'धारा'लाई 'हिति' भन्दछन्। बनेपाको मान्छेले बनाएको धारा भन्ने अर्थमा 'भोतहिति' नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो।

**भोटेकोसी** (रसुवा, सिन्धुपाल्चोक)

१. [ने. भोट+कोसी] 'भोट' अर्थात् 'तिब्बत' बाट बग्दै आएको नदी हुनाले ~ नाउँ रहन गएको हो। (२९/८६)

यो नदी गहिरो र यसको गति तीव्र छ। बाह्रबीसे छेउमा सुनकोसी नदीसँग मिसिन्छ। (२९/८६)

**भोटेबहाल** (काठमाडौं)

१. [ने. भोटे+विहार>भोटेबहाल] 'भोटे' अर्थात् तिब्बतबाट आउने बौद्धहरू बस्ने 'विहार' भएको हुनाले ~ नाम रहन गएको हो। (१६/२८५)

**चाभेलमा** रहेको यस विहारको नाम पाण्डुभूमिविहार हो कि भन्ने अनुमान गरिन्छ। यस विहारमा तिब्बती पण्डित तथा अनुवादक (लोचव) हरू बसी संस्कृत ग्रन्थको तिब्बती-भाषामा अनुवाद गर्ने काम गर्थे। (इन्डियन पिपुल, भाग ५, पृ. ४२६–२७)

**भोलाछें** (भौल्वाछें) (भक्तपुर)

१. [नेवा. भो+ल्वा:+छें] नेवारीभाषामा 'भौ' भनेको 'बिरालो', 'ल्वा:' भनेको 'झगडा गरेको' र 'छें' भनेको 'घर' हुन्छ। बिरालो र मूसाको झगडा भएको ठाउँनेरको घर हुनाले 'भौल्वाछें' नाउँ रहेको र त्यसैको आधारमा ~ हुन गएको हो।

एकपल्ट राजा आनन्दमल्ल शहर बसाउन घोडा चढी जग्गाहरूको अनुसन्धान गरिरहेका थिए। घना जङ्गलको छन् बीचबाट बगिरहेको हनुमन्ते खोलाको किनारामा (हाल भद्रकालीको पीठनेर) एकान्तमा हाड र छाला मात्र भएकी एउटी बूढी करुण अवस्थामा कपाल फुकाई बसिरहेकी थिई। त्यसलाई देखेर राजाले सोधे, 'तपाईं को हुनुहुन्छ ? किन यसरी घना जङ्गलमा एक्लै बसिरहनुभएको हो ?' राजाको यस्तो प्रश्न सुनेर बूढीले भनी, 'यहाँदेखि उत्तर लाग्दा तिमीले विपरीत कुराहरू देख्न पाउनेछौ।' राजालाई यति उत्तर दिएर बूढी (भद्रकालीदेवी) अदृश्य भई। राजाले आश्चर्य मानी उत्तरतर्फ आफ्नो घोडा बढाए। आखिर एक ठाउँमा (हाल महाकालीको सत्तलपछाडि) एउटा सानु मूसो र एउटा ठूलो बिरालोको भिडन्त उनले देखे। त्यसै ठाउँमा घर बनाएर बस्ती बसालियो। हाल यो ठाउँ ~ टोल भनिन्छ।

**भौल्वापुखू** (भक्तपुर)

१. [नेवा. भौ+ल्वा+पुखू] नेवारीभाषामा 'भौ' भनेको 'बिरालो', 'ल्वा' भनेको 'झगडा गरेको' र 'पुखू' भनेको 'पोखरी' हुन्छ। एउटा सानु मूसो र एउटा ठूलो बिरालोको भिडन्त भएको ठाउँमा ठूलो खाडल बनेको र त्यसमा पानी भरिई पोखरी बनेको हुँदा ~ नाम रहन गएको हो।

# म

**मकवानपुर** (नारायणी अञ्चल)

१. [सं० मुकुन्द+पुर>माकन्दपुर>मोकांपुर>मकवानपुर] राजा मुकुन्द सेनले बसाएको शहर भएको हुनाले 'मुकुन्दपुर' नाउँ राखिएको र कालान्तरमा 'माकन्दपुर', मोकांपुर हुँदै ~ भनिन थाल्यो। (४/८१, ८८–२/६७४)

सम्भवतः पाल्पाका राजा मुकुन्द सेन प्रथम (इ. सं. १५४०–१५७५) ले आफ्नो राज्य पूर्वमा दूधकोसीसम्म फैलाएपछि 'मुकुन्दपुर' भन्ने शहर बसाएका होलान्। काठमाडौंको एक ठ्यासफू (ने. सं. ७९१ तदनुसार इ. सं. १६७१) मा यस स्थानलाई 'मुकुन्दपुर' भनी लेखिएको छ भने अर्को एक ऐतिहासिक साधन (हेर्नुस् ६८/१७६) अनुसार यसलाई 'मोकांपुर' भनी लेखिएको छ। ललितावल्लभ (श्री ५ पृथ्वीनारायण शाहका दरबारिया कवि) ले आफ्नो पुस्तक 'पृथ्वीन्द्रवर्णोदय' सर्ग १ मा यस स्थानलाई 'माकन्द' भनी उल्लेख गरेका छन् (८६/५५४–५५६–६०३)। आफ्ना कागतपत्रमा सेन राजा मानिक सेनले आफूलाई 'मकवानी' भनी उल्लेख गरेको हुँदा पाल्पाका सेन राजाहरू आफूलाई 'मकवानपुरे' भनी गर्व गर्थे भन्ने थाहा पाइन्छ (८–२/६७४) ~ को शासनमा बनियाँ क्षत्रीहरू सेन राजाहरूका मन्त्री र अर्जेलहरू चाहिं पुरोहित थिए। पछि यिनै बनियाँ र अर्जेलहरूले धोका दिई सेन राजाहरूलाई पदच्युत गरेका थिए र यो कुरा थाहा पाएर सेन राजाहरूले 'अर्जेलहरूलाई पुरोहित्याइँ नफापोस्, बनियाँका छोरीबेटीलाई पोइ नफापोस्, पातलको दाउराको खरानी नहोस् र रामविलास चामलको बास्ना नआओस्' भनी श्राप दिएका थिए भन्ने किंवदन्ती छ। (८८–२/६७७) जनकलाल शर्माको भनाइअनुसार ~ दशौं शताब्दी (वि. सं. १०००) मै एक विशाल तथा शक्तिशाली सेन राज्य भैसकेको थियो। सन् १७६२ अगस्त (वि. सं. १६८४ भदौ ६ गते) ~ विजय गरियो र नेपाल अधिराज्यमा मिलाइयो।

**मगरात (मगरांत)** (गण्डकीको बहाउक्षेत्र)

१. [ने. मगर+आँत] गण्डकीको बहाउक्षेत्र मगर-जातिले बसोबास गरेको क्षेत्र हुनाले ∽ भनिएको हो। (१२७/७३, ६७ क/८)

पश्चिम भेरीदेखि पूर्व त्रिशूलीसम्म फैलिएको पहिले 'बाह्र मगरात' भनिने यस क्षेत्रमा गण्डकी, लुम्बिनी, राप्ती र भेरी अञ्चलका पहाडी जिल्लाहरू पर्छन्। तनहुँ, पाल्पा, अर्घाखाँची, गुल्मी, स्याङजा, कास्की, पर्वत, डोल्पा, म्याग्दी, बाग्लुङ, रुकुम, रोल्पा, प्यूठान, सल्यान, दैलेख र जाजरकोटमा मगरहरूका प्रशस्त बस्तीहरू छन्। गण्डकी-प्रदेशका सबै राज्यहरू नै शुरुदेखि मगरप्रधान रहेका छन्। तानसेनदेखि तमघाससम्म बाटामा पर्ने गाउँ र पहाडका नामहरू पनि मगराँती शब्दका साक्षी बक्छन्, जस्तै : थोर्गा, चोइगा, हुँगा, सिरिङ्गा, रेसुङ्गा, बाग्लुङ, अग्लुङ, फलावाङ, लिवाङ, स्याङजा, ह्याङजा इत्यादि (१२७/७३–७४)। भनिन्छ, पूर्व कञ्चनजङ्घाको क्षेत्रबाट आफ्नो सरदार रानीका साथ मगरहरू पश्चिमतिर सर्दै आई बाह्र मगर बस्तीहरूमा बसेका थिए (६७ क/८)। कल्हणकृत 'राजतरंगिणी'मा उल्लेख गरिएअनुसार कश्मीरका राजा जयापीड विनयादित्य (आठौं शताब्दीको मध्य) आफ्नो विजययात्रामा नेपालसम्म आइपुगेर "नेपाल-पालक मायाबी अरमुडीको युद्धकौशलमा परी" "काल (काली ?) गण्डकीको तटस्थित दुर्गमा" थुनिएका थिए (६७ क/८)। अरमुडी सम्भवतः मगर राजा थिए।

**मङ्गः** (मङ्गल) (ललितपुर)

१. [सं. मणि+गृह+मणिगल>मङ्गल] संस्कृतको 'मणि' र 'गृह' शब्दको योगबाट 'मणिगृह' भनिएको र 'मणिमण्डप' वा 'मणिगृह' पनि यहीं नै भएकोले 'मणिगृह' नाम रहन गएको हो। यसैको अपभ्रंश भई नेवारीमा ∽ नाम रहन गयो।

यसै ठाउँमा १६ थाम भएको 'मणिमण्डप', कलात्मक सौन्दर्य भएको 'मणिधारा' (नेवारीमा मङ्गः हिति), अनि 'मणिगणेश' को मूर्ति र देवल, 'मणिकेशव' को मन्दिर र 'मणिकोबहाः' भन्ने सुरुङ पनि छन्।

२. [सं. मान+गृह>मानिगल>मानिग्ल> मङ्गल >मङ्गः] राजा मानदेव (वि. सं. ५२०–५६१) ले बनाएको 'मानगृह' भन्ने राजदरबार रहेको ठाउँको नाम कालान्तरमा उच्चारण बदलिंदै 'मानिर्गल', 'मानिग्ल' हुँदै 'मङ्गल' वा 'मङ्गः' हुन गएको हो। (८८–२/८६३, ९०/६–१०, १३२/?)

मानदेवदेखि भीमार्जुनदेवसम्मका लिच्छवि राजाहरू मानगृहलाई मुकाम पारी देशको केन्द्रीय प्रशासन चलाउँथे। सत्रौं-अठारौं शताब्दीसम्म पनि पाटनका राजाहरूले आफूलाई 'मनिगलाधिपति' भन्ने गरेको तथ्यबाट पनि 'मनिगल' शब्द 'मानगृह' को अपभ्रंश हो भन्ने बुझिन्छ। लुसियानी पेटेचले पनि 'गल' लाई नेवारी जनजिब्रोद्वारा गरिएको 'गृह' शब्दको अपभ्रंश मानेका छन् (८८–२/८६३)। वि. सं. ६९८ देखि १०४३ सम्म ३४५ वर्षभित्र 'मानगृह' को उच्चारण बिग्रँदै 'मानिर्गल' वा 'मानिग्ल' बनेको देखिन्छ (१३२/?) हस्तलिखित 'गीतगोविन्द' (वि. सं. १४०३–६) मा 'मनिगल' शब्द अङ्कित छ।

**मङ्गःटोल** (ललितपुर)

१. [नेवा. मणि+गल+त्वाल] संस्कृत 'मानगृह' को अपभ्रंश रूप 'मनिगल'को नाउँबाट टोलको नाउँ नै ∽ रहन गएको हो।

**मङ्गलबजार** (ललितपुर)

१. [ने. मान+गृह+बजार>मङ्गलबजार] 'मानगृह' वा 'मानिगल' भन्ने ठाउँमा बसाइएको बजार हुनाले ∽ नाम रहन गएको हो। (८८–२/८६३)

ललितपुर नगरको केन्द्रमा पर्ने ∽ लिच्छविसम्राट् मानदेवद्वारा निर्मित 'मानगृह' रहेको ठाउँ थियो भन्ने अनुमान गरिन्छ।

**मङ्गलसेन** (अछाम)

१. [सं. मङ्गल+शयनी>मङ्गलासेनी>मङ्गलसेन] मङ्गलासेनी भगवती रहेको ठाउँ हुनाले ∽ नाउँ रहन गएको हो। (८८–४/८३६)

सुरी लेकको उत्तर फर्केको पहाडी ढालमा करीब १३२६ मिटर (४३५० फीट) को उचाइमा दरबार बनाउँदा मङ्गलासेनी भगवतीको स्थान विलीन हुन गए तापनि सो क्षेत्रलाई नै ∽ भन्न लागे। नेपालको एकीकरणको समयतिर

देवचन्द्र शाह स्वतन्त्र राज्य ~ का राजा थिए । पछि सिर्तोमा राज्य चलेपछि यिनकै सन्तानहरू राजा भए। हाल यी राजाहरूको भव्य दरबारमा श्री ५ को सरकारका अड्डाहरू राखिएका छन् । (८८–४/८३६)

**मच्छिन्द्रबहाल** (काठमाडौं)

१. [सं. मत्स्य+इन्द्र+विहार] मत्स्येन्द्रनाथको मूर्ति राखिएको विहार हुनाले 'मत्स्येन्द्रविहार' भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो। (३० क/३८)

उहिले जमल भन्ने ठाउँमा कृषकहरूले जमीन खन्दा सेतो मच्छिन्द्रनाथ (नेवारीमा जन्माद्यः) को मूर्ति भेट्टाई वंगः (वर्तमान इन्द्रचोक) नेरको कनकचैत्य महाविहारमा विराजमान गराइएको थियो । यसैले प्रत्येक वर्ष चैते दशैं (चैत्र-शुक्ल-अष्टमी) का दिन जमलबाट सेतो मच्छिन्द्र-नाथको रथ तानेर असनमा ल्याइपुऱ्याइन्छ र त्यसै दिन कनफट्टा जोगीहरू चक्रपूजा गर्छन् । अनि नवमीका दिन असन-बाट हनूमान्ढोका काल भैरव र दशमीका दिन कालभैरव-बाट लगनसम्म रथजात्रा हुन्छ । त्यहाँबाट खटमा जात्रा गरी-~ कै मन्दिरमा विधिपूर्वक विराजमान गराएर चारदिने रथजात्रा गरिन्छ। (३० क/३९)

**मङ्गलसेन** (अछाम)

१. [सं० मङ्गल+शयनी>मङ्गलासेनी>मङ्गल-सेन/मङ्गलासेनी भगवती रहेको ठाउँ हुनाले ~ नाउँ रहन गएको हो। (८८–४/८३६)

सुरी लेकको उत्तर फर्केको पहाडी ढालमा करीब १३२६ मिटर (४३५० फीट) को उचाइमा दरबार बनाउँदा मङ्गलासेनी भगवतीको स्थान विलीन हुन गए तापनि सो क्षेत्रलाई नै ~ भन्न लागे। नेपालको एकीकरण-को समयतिर देवचन्द्र शाह स्वतन्त्र राज्य ~ का राजा थिए। पछि सिर्तो राज्य चलेपछि यिनकै सन्तानहरू राजा भए। हाल यी राजाहरूको भव्य दरबारमा श्री ५ को सरकारका अड्डाहरू राखिएका छन् । (८८–४/८३६)

**मच्छेगाउँ** (काठमाडौं)

१. [सं. मत्स्य+ग्राम] मत्स्यनारायणको स्थानमा रहेको गाउँ हुनाले 'मत्स्यग्राम' नाउँ रहन गएको हो र त्यसै-को अपभ्रंश भई ~ हुन गएको हो ।

पुरुषोत्तम महिनाभरि यहाँ मेला लाग्छ ।

**मजिमपाट** (काठमाडौं)

१. [सं. मञ्जु+पत्तन] महाचीनको पञ्चशीर्ष-पर्वतबाट आएका मञ्जुश्रीले बसाएको शहर हुनाले 'मञ्जु-पत्तन' भनिएको र कालान्तरमा त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो । (१३६/६३)

गुह्येश्वरी पुगेर मृगदावनको छेदन गर्नुभन्दा अगाडि नै मञ्जुश्रीले कोटुवाल पुगेर कोटपालपर्वत काटेका थिए र पछि गोकर्णडाँडामा पनि छेडो काटेर तीन-चार ठाउँबाट पानी बाहिर पठाएपछि पद्मगिरि (स्वयम्भूको पहाड) देखि गुह्ये-श्वरीसम्म एउटा ठूलो नगर बसाए । यस नगरको रजाइँ कुनै धर्माकर भन्ने एक क्षेत्रीय राजालाई दिई मञ्जुश्री चीनतर्फ फर्केपछि उनका शिष्यहरूले यस शहरको नाम 'मञ्जुपत्तन' राखे ।

**मझकोट** (धादिङ)

१. [ने. माझ+कोट] वरिपरिका डाँडाहरूमा रहेका किल्लाहरूको बीचमा पर्ने किल्ला हुनाले ~ नाउँ रहन गएको प्रतीत हुन्छ ।(९३/१२७)

पृथ्वीनारायण शाहको उपनयनसंस्कार मैदीस्थित यसै ~ मा भएको थियो।

**मञ्जुपत्तन** (काठमाडौं)

१. [सं. मञ्जुश्री+पत्तन] हेर्नुस् मजिमपाट ।

**मञ्जुश्री चैत्य** (भादगाउँ)

१. [सं. मञ्जुश्री+चैत्य] भादगाउँ नजीकैको एउटा सानो महामण्डप नामक पहाडमा महाचीन देशबाट स्वयम्भूको दर्शन गर्न आएका मञ्जुश्री बोधिसत्त्वले तीन रात निवास गरेको ठाउँमा बनाइएको चैत्य हुनाले ~ भनिएको हो।

**मञ्जुश्रीस्थान** (स्वयम्भू, काठमाडौं)

१. [सं. मञ्जुश्री+स्थान] नागह्रदको पानी पर्वत छेदन गरी बाहिर पठाएपछि मञ्जुपत्तन नामको शहर बसा-एर आफू चीन गएपछि मञ्जुश्रीका शिष्यहरूले गुरुपूजाको निमित्त चैत्य खडा गरेको ठाउँ हुनाले ~ भनिएको हो।

यहाँ वसन्त पंचमीका दिन गुरुपूजा गरिन्छ र यात्रा हुन्छ।

**मटिहानी** (महोत्तरी)

१. [सं. मृत + खनि > मटिहानी] रामचन्द्रसँग सीताको विवाहको समयमा माटो खनेर लगेको ठाउँ हुनाले 'मृतखनि' भन्ने नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाम हुन गयो।(८८–२/३१९)

यो ठाउँ जलेश्वरबाट करीब २ कोस पूर्वमा नेपाल-भारत सीमानानजीकै रहेको छ।

**मटिहानी मठ** (महोत्तरी)

१. [ने. मटिहानी+मठ] तस्मैया बाबाले भजन-कीर्तन गर्ने उपयुक्त स्थान खोज्दै मटिहानी भन्ने ठाउँमा पुग्दा मूसा र बिरालोको भिडन्तमा मूसाले बिरालोलाई हराएको दृश्य देखेर त्यहीं आफ्नो आश्रम बनाएको हुँदा ~ भनियो। (८८–२/३१९)

मकवानपुरका राजाले तस्मैया बाबाको दर्शन गरी आश्रमको नाममा ४०० बिघा जग्गा दिए। तस्मैया बाबाले गाडेको त्रिशूल, चिम्टा र उनको खाट तथा ओछ्यान अद्यापि महन्त बस्ने भवनको एक कोठामा सुरक्षित नै छन्।(८८–२/३०९)

**मणिचूड** (**मणिचूर**) (काठमाडौं)

१. [सं. मणि+चूडक] संस्कृतको 'मणि' अर्थात् 'रत्न' र 'चूडक' अर्थात् 'कूवा' शब्द मिलेर ~ शब्द बनेको हो। बुद्धले पूर्वजन्ममा आफ्नो नरमणि धोएर इन्द्रलाई दान गरेको कूवाको नाम नै ~ रहन गयो।(१२/१–२)

२. [सं० मणि+चूड] राजा मणिचूडले आफ्नो शिरमा रहेको नरमणि दान गरेको ठाउँ भएकोले ~ नाम रहन गयो।(१०५/४९–५०)

काठमाडौंबाट अन्दाजी सात कोस उत्तरतिर **साँखु** नजीकै रहेको कूवा (कुण्ड) ~ दह भनिन्छ। त्यहाँ श्रावण-शुक्ल-पूर्णिमा (ऋषितर्पणी वा जनै-पूर्णिमा) का दिन मेला-लाग्छ।(१०५/५०)

**मणिचूडपर्वत** (साँखु, काठमाडौं)

१. [सं० मणि+चूडक+पर्वत] मणिचूड नामक कूवा रहेको डाँडो हुनाले ~ नाम रहन गएको हो।(१२/१-२)

२. [सं० मणि+चूड+पर्वत] मणिचूड नामक प्राचीन राजासमक्ष मणिजोगिनी (खड्गजोगिनी वा उग्रतारा) उत्पन्न भएको ठाउँ हुनाले ~ नाउँ रह्यो।(१६०/७३)

**साँखु**बाट उत्तरतर्फ रहेको यस पर्वतमा खड्गजोगिनीको मन्दिर रहेको छ।

**मणिमण्डप** (ललितपुर)

१. [सं० मणि+मण्डप] दरबारसँगै मणिधारामाथि रहेको सोह्रखुट्टे पाटीको रूपमा बनेको सत्तल हुनाले ~ भनिएको हो।(९७/१२९)

**मङ्गलबजार**मा रहेको यसै मण्डपमा पाटनका पनि राजा बनाइएका काठमाडौंका राजा महीन्द्रसिंहको राज्याभिषेक गरिएको थियो।(९७/१२९)

**मणिमती** (काठमाडौं)

१. [सं० मणि + मती] बुद्धले सौराष्ट्र देशबाट आई इन्द्रियलाई वश गरेर मणिधातु (मणिचूड) पर्वतमा ठूलो पञ्चाग्नि ज्वाला बाली तपस्या गर्दा निस्केको पसीनाबाट उत्पन्न भएको नदी हुनाले ~ नाम रहन गयो।* (५२/६)

**मत्स्यदेश** (मोरङ)

१. [सं० मत्स्य+देश] पुरातात्त्विक अवशेषहरूको आधारमा मोरङ नै महाभारतकालीन ~ भएको अनुमान हुन्छ।(१३५/?)

झापा मोरङका साँगुरीडाँडा, ससमयगढ, किशरीनदी, सत्तासीधाम, विराट-पोखर, किलागढ, लुकानी, कीचकवध

---

*सौराष्ट्रदेशादागत्य बुद्धरूपी जनार्दनः ।
मणिधातौ गिरिवरे तपस्यामकरोद्वशी ॥
तपस्यातो गिरिवरे पञ्चाग्निज्वालया भृशम् ।
प्रस्वेदान्निर्गता सद्यो नाम्ना मणिमती नदी ॥
—नेपाल–माहात्म्य, अ० १, श्लो० ५७–५८।

आदि ठाउँहरूमा ~ बारेका लोकोक्तिहरू सुनिन्छन्। (१३५/?)

**मदारस्थान** (रूपौलिया, नवलपरासी)

१. [उ० मजार+स्थान] उर्दूमा 'समाधि' लाई 'मजार' भनिने हुँदा सतपति गाउँमाथिको दाङन्ने (चुरे) डाँडामाथि रहेको एक मुसलमान सन्तको समाधिस्थल 'मजारस्थान' भनिएको र त्यसैको अपभ्रंश भई ठाउँको नाम नै ~ हुन गयो।(८८–३/६०३)

नेपाल अधिराज्यका विभिन्न भागहरूको साथै भारतका विभिन्न भागका मुसलमान र हिन्दूहरूसमेत सन्तानप्राप्तिको लागि – मा भाकल (मनौती) चढाउन आउँछन्। प्रत्येक वर्ष यहाँ १४ दिनसम्म मेला लाग्छ। (८८–३/६०३)

**मदेश (मधेश)** (तराई प्रदेश)

१. [सं० मध्य+देश] 'मध्य' अर्थात् 'बीचको' र 'देश' अर्थात् 'भेक' भन्ने अर्थमा तराई प्रदेशलाई ~ भन्दछन्। (५६/३१)

चुरे र महाभारतको बीचको भागलाई भित्री ~ र चुरेदेखि दक्षिणको भागलाई खास ~ भनिन्छ। प्राचीन ग्रन्थहरूमा 'मध्यदेश' को उल्लेख पाइन्छ। कुरुपाञ्चाल राष्ट्र र कुरुक्षेत्र मण्डल 'मध्यदेश' का मुख्य अङ्ग थिए। त्यस समय 'मध्यदेश' को पश्चिमी तथा मध्यपहाडी प्रदेशको नाम **सपादलक्ष** थियो र यहाँका प्राचीन वासिन्दाहरू खस थिए। अवध, भोजपुर र मगधचाहिं 'मध्यदेश' का भाषिक प्रान्तहरू थिए।(५६/३१)

**मध्यपुर** (काठमाडौं)

१. [सं० मध्य+पुर] कान्तिपुर र भक्तपुरको बीचमा पर्ने बस्ती हुनाले ~ भनिएको हो।

हाल यो ठिमी नामले प्रख्यात छ र यहाँ माटाका भाँडाकुँडा बनाउने व्यवसाय हुन्छ।

**मनकामना** (गोर्खा)

१. [सं० मनः+कामना] मनले चिताएको इच्छा पूरा गर्ने भगवती भन्ने अर्थमा ~ नाम रहन गएको हो। (१३०/८८)

गोर्खा दरबारको दक्षिण दिशातर्फ ४ कोस जति टाढा ~ भगवतीको मन्दिर छ। राम शाहकी रानी स्वयं मनकामना भगवतीको अवतार थिइन् भन्ने जनविश्वास छ। यहाँ कार्तिक र जेठका पूर्णिमामा ठूलो मेला लाग्छ।

**मनमती** (काठमाडौं)

१. [सं० मणि+मती] **मणिचूड**डाँडाको मणिचूडकदहबाट निस्केको नदी हुनाले 'मणिमती' भनिन थालेको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गयो।(१२/२)

यो नदी मनहरा पनि भनिन्छ।

**मनमयजु** (काठमाडौं।

१. [?] मनमयजुको मन्दिर रहेको गाउँ हुनाले ~ नाम रहन गएको हो।(८८–२/७४३)

वि० सं० १७४७ मा निर्मित ~ को मन्दिर तान्त्रिक परम्पराको हुनु सम्भव छ। यहाँका पुजारीहरू नेवार छन्, तर यिनले केश काट्नु हुन्न, खेती गर्नु हुन्न, कुर्कुच्चासम्म छोप्ने लामो जामा लाउनुपर्छ तथा बलिको भोग खानुपर्छ भन्ने विश्वास गरिन्छ। (८८–२/७४३)

**मनहरा (मनोहरा)** (काठमाडौं)

१. [सं० मनः+हर] मनोहर पानी भएको नदी हुनाले ~ नाम रहन गएको हो।*(५२/१२४)हेर्नुस् **मनमती**।

**मनाङ** (गण्डकी अञ्चल)

१. [ति० ह्य+नाङ] तिब्बती भाषामा "ह्य" को माने 'सहायता' र 'नाङ' को माने 'देऊ' भन्ने हुन्छ।

नार खोला तरी नार गाउँ पुगेका खोर्सानी घले र वानर घलेले त्यहाँ रहेको घरको ढोका खोल्न नसकी छानामा उक्लेर धुवाँ निस्कने प्वालबाट आफूले खोला तरेको डोरीमा शङ्ख, घन्टा, ढाल, तरवार सबै बाँधेर बजाउँदै तल खसाल्दा भित्र रहेका मानिसहरूले आत्तिँदै 'ह्यनाङ'

---

*इमां मनोहरां पश्य मनोहरजलां नदीम्।
हंसकारण्डवाकीर्णा चक्रवाकोपशोभिताम्॥
–नेपाल–माहात्म्य, अ० ११, श्लो० ६६।

अर्थात् 'हामीलाई नमार, बरु सहायता देऊ' भनेर कराएको हुँदा त्यस गाउँको नाम नै 'ह्मनाङ' रह्यो र त्यसैको अपभ्रंश भई ~ हुन गयो । (८८–३/१२७)

~ भनिने ठूलो गाउँको नामबाटै जिल्लाको नाम पनि ~ राखिएको छ । ~ जिल्लाका घलेहरू आफ्नो पुर्ख्यौंली नाम खुर्सानी घले र वानर घले भन्छन् । किंवदन्तीअनुसार उक्त दुवै घलेले ~ राज्यको स्थापना गरेर त्यस क्षेत्रको शासन चलाउन थाले । त्यस वेला यस राज्यको सिमाना पश्चिममा मुस्ताङ, पूर्वमा चामेको सुके खोला, उत्तरमा तिब्बत र दक्षिणमा अन्नपूर्ण र लमजुङ हिमालयसम्म फैलिएको थियो । घले राजाले बनाएको दर्बार **ल्यूजोङ** भनिन्छ र कुनै समयमा राजा हुन पुगेका घले राजाका सन्तानहरूलाई हालसम्म पनि राजा घलेको रूपमा सम्बोधन गरिन्छ । घले राजाका सन्तानहरू पहिले ताचै गाउँमा बस्थे, हाल ङावल, घ्यारु, मनाङ, खाङसार, टङ्की र पिसाङमा छन् । (८८–३/१२७)

**मनाङताल** (मनाङ)

१. [ने० मनाङ+ताल] अन्नपूर्णा हिमालको फेदीमा **मनाङ भोटमा** रहेको सरोवर हुनाले ~ भनिएको हो । (८८–३/१३१)

**मनाङभोट** (गण्डकी अञ्चल)

१. [ने० मनाङ+भोट] हिमाली भेकमा पर्ने मनाङ जिल्ला हुनाले ~ भनिएको हो । (८८–३/११७)

**मनाङ बेंसी** (लमजुङ)

१. [ने० मनाङ+बेंसी] हिउँदमा उत्तरतर्फबाट मनाङका धेरै मानिसहरू आएर बस्ने उपत्यका हुनाले ~ नाउँ रहन गएको हो । (८८–३/१८८)

**मरुटोल** (काठमाडौं)

१. [सं० मण्डप + टोल] **काष्ठमण्डप** नजीकको टोल भएको हुनाले 'मण्डपटोल' भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो । (८८–२/७२६)

२. [नेवा० मरु+त्वा] नेवारीभाषामा 'गजूमरु' अर्थात् 'गजूर नभएको' गणेशस्थाननजीकैको 'त्वाल' अर्थात् 'टोल' हुनाले ~ भन्ने नाम रहन गएको हो । (८८–२/७२६)

**मरुसत:** (**मरुसत्तल**) (काठमाडौं)

१. [नेवा०] मरुटोलमा रहेको सत्तल अर्थात् पौवा (पाटी, धर्मशाला) हुनाले नेवारीमा ~ भनिएको हो । (१३०/६६)

नेपाली कलाको मौलिक ढाँचामा बनेको झिंगटीको छाना हालिएको तीनतले यो सत्तल राजा लक्ष्मीनरसिंह मल्लको पालामा ने० सं० ७०५ मा बिसेत भन्ने कुनै व्यक्तिले एउटै रूखको काठले निर्माण गरेको हुँदा **काष्ठमण्डप** पनि भनिन्छ । (१३०/६६)

**मर्स्याङताल** (मनाङ)

१. [ने० मर्स्याङ+दी+ताल] मर्स्याङदी नदीदेखि उत्तरको टारजस्तो ठाउँमा रहेको सुन्दर ताल हुनाले ~ भनिएको हो । (८८–३/१३१) हेर्नुस् मनाङताल ।

**मर्स्याङदी** (गण्डकी अञ्चल)

१. [म० मनाङ+दी] **मनाङ भोटबाट** बगेर आउने नदी हुनाले मगरभाषामा मनाङदी भनिएको र उच्चारणभेदले गर्दा ~ नाम रहन गएको होला ।

२. [मर्स्याङ+दी] उत्तरतर्फ रहेको मर्स्याङताल वा मनाङतालबाट बगेर आउने नदी हुनाले मगरभाषामा ~ नाम रहेको हो ।

**मलयनाथ** (लेकम, बैतडी)

१. [सं० मलय+नाथ] लेकमगर्खामा रहेको यो पर्वत मालिकार्जुन पनि भनिन्छ ।

गुरुबाबा गोरखनाथसँग झोलीतुम्बा मागेर ~ ले आफ्नी साध्वी पत्नी भाकासिरीलाई छिउलाको हातबाट उम्काएर आफ्नो किल्लामा ल्याएको किंवदन्ती छ । (४३/४२८)

**मलवारा** (कैलाली)

१. [सं० मल्ल+द्वार>मल्लवार] मल्लहरूको राज्य सिंजामा प्रवेश गर्ने द्वार अर्थात् 'मल्ल राज्यको ढोका' समानको ठाउँ हुनाले ~ नाम रहेको हो । (१६/५१–५२, ८८–४/६३५)

पन्ध्रौं शताब्दीतिर जुम्लाका खसिया **मल्ल राज्यमा** पर्ने दक्षिणी ढोकाको रूपमा यो स्थान रहेको थियो। तत्कालीन जुम्ली राजाले आफ्नी छोरी हारमता मैयाँबाट जन्मेको पुत्र देवचन्द्रलाई आफ्नो राज्यको एक भाग दिंदा सो नयाँ राज्यको सीमाना पूर्वमा कर्णाली गंगा र दक्षिणमा ~ भन्ने उल्लेख गरिएको थियो। (८८–४/६३५) यसको अर्को नाउँ भजनी हो।

**मलेबम** (पर्वत)

१. [?, मलेबम] निकै ख्यातिप्राप्त मलेबम नामक राजाको राज्य हुनाले पर्वत राज्यलाई नै ~ पनि भनिन्थ्यो। (८२/४२,८८–३/६२५)

मलेबमले बेनी दोबिल्लाको शिवालय (वि० सं० १७५१), म्याग्दी र काली गण्डकीको किनारामा ढुङ्गाको कलापूर्ण शिवालय (वि० सं० १७५४) र बेनीमा नै तेलिया ईँटको दरबार (वि० सं० १७६१) बनाई बेनीलाई नै राजधानी तुल्याएका थिए।

**मल्ल राज्य** (पश्चिमी नेपाल)

१. [सं० मल्ल+राज्य] मल्ल राजाहरूले शासन गरेको क्षेत्र हुनाले ~ भनिएको हो।

कर्णाली अञ्चलको सिंजाखोला उपत्यकामा सिंजा **लामाथाडा**लाई राजधानी बनाएर शासन गर्ने नागवंशी सिंजापति प्रताप मल्ल (चौधौं शताब्दीको पूर्वार्द्ध) ले आफू निःसन्तान हुँदा उत्तरतिरका मानसरोवर अञ्चलका आफ्ना भैयाद गेलावंशी पुण्य मल्ललाई निम्त्याई आफ्नो राजपाट सुम्पेपछि उत्तरी भेकको राज्य र दक्षिणी भेकको राज्य एकै सूत्रमा बाँधिएर एक विशाल ~ खडा हुन गएको थियो। (?/७८)

**मल्लाज** (बागलुङ)

१. [सं० मल्ल+राज] नागबम मल्ल (पन्ध्रौं शताब्दी) ले जितेर राज्य गरेको ठाउँ हुनाले 'मल्लराज' भनिएको र त्यसको अपभ्रंश भई ~ नाउँ रहन गएको हो। (८८–३/६७२)

वि० सं० १५३० तिर पर्वतका राजा डिम्बले युवराज नागबमलाई सौगात दिएर दिल्लीका सुल्तान सिकन्दर लोदीकहाँ पठाउँदा त्यहाँ कुस्तीमा भाग लिई विजयी भएकोले 'मल्ल' भन्ने पदवी दिइएको थियो। उनैले जितेको मादी खोलापूर्वको डाँडाकोटलाई त्यहाँका छेत्रीहरूले राजभक्ति देखाई 'मल्लराज' भनी नाउँ राखेका थिए। (८८–३/६७२)

**मस्टामाण्डु** (डडेलधुरा)

१. [ने० मस्टो+माडौ] मस्टो देवताको मन्दिर भएको ठाउँ हुनाले ~ भन्ने नाउँ रहेको हो। (११/२२)

**महल** (उकुम, दार्चुला)

१. [फा० महल] विशाल-विशाल पत्थरका खम्बाहरू, झ्याल र खापाहरू भएको एउटा भव्य मन्दिरको भग्नावशेष भएको हुनाले ~ भनिएको हो। (३/४०)

उकुम भन्ने ठाउँमा रहेको त्यस भग्नावशेषमा मूर्तिहरू पनि छन्।

**महाकाली नदी** (सुदूर पश्चिमाञ्चल)

१. [सं० महा+काली+नदी] पानीभित्रको कुनै पनि चीज देख्न नसकिने ज्यादै नै कालो रङ्गको धमिलो पानी बग्ने खोला हुनाले महाकाली अर्थात् ज्यादै नै काली भन्ने अर्थमा नदीको नाम समेत ~ रहन गएको हो।

नेपाल अधिराज्यको पश्चिमी सिमानामा बग्ने ~ दार्चुलाको भोटबाट निस्केर बैतडीको सेरासम्म बडो वेगले नाच्दै, खेल्दै, उफ्रँदै **चौलाने**को पानीलहरमा मिल्दछ। दुवैको सङ्गमस्थलमा चौलानेको पानीलहर महाकालीको लहरमाथि चढेको देखिन्छ। महाकालीलाई स्वास्नी र चौलानेलाई लोग्ने नदी भन्ने विश्वास गरिन्छ। 'कालिका पुराण'मा ~ लाई **देविकानदी** भनिएको छ।

**महाकाली अञ्चल** (सुदूर पश्चिमाञ्चल)

१. [ने० महाकाली+अञ्चल] महाकाली नदीको आधारमा सुदूर पश्चिमको क्षेत्र ~ भनिएको हो। (१६८/१८२)

जम्मा ६७६० वर्ग किलोमिटर (२७५३ वर्गमाइल)

क्षेत्रफलमा फैलिएको ∽ मा पहाडतर्फ दार्चुला, बैतडी, डँडेल-धुरा र तराईतर्फ कञ्चनपुर समेत गरी जम्मा ४ जिल्ला पर्छन् ।(१६८/१८२)

**महादेवखोला** (मकवानपुर)

१. [ने० महादेव+खोला] उत्तरबाट झरेको पाण्डुकेश्वर नामको खोला हुनाले ∽ भन्ने नाउँ रहन गएको होला ।(८८–२/६८०)

उत्तरबाट बगेर **पालुङ** बजारनेर आउने यो खोला **शङ्खमूलमा सोल्टुखोला** र हात्तीपाइला **खोलामा** मिल्छ । (८८–२/६८०)

**महादेवगुफा** (भोजपुर)

१. [ने० महादेव+गुफा] भित्र शिवजीको मन्दिर भएको एउटा निकै लामो गुफा हुनाले ∽ भनिएको हो ।

गुफाबाहिर भगवती (सिद्धकाली) को मन्दिर छ र यो गुफा **टक्सार बजार**सम्म पुगेको छ भन्ने जनधारणा रहेको छ ।

**महापाल** (ललितपुर)

१. [नेवा० महाजु+पाल] नेवारीभाषामा 'महाजु' भनिने अमात्यहरूको बस्ती भएको ठाउँ हुनाले ∽ नाम रहन गएको हो ।(८४/२४)

पाटनको तःझ्याः भन्ने ठाउँदेखि ह्लागलटोलसम्म महाजु अर्थात् अमात्यहरू फैलिएका छन् ।

२. [सं० महान्+पाल] घमन्डले शिर नझुकाउने अमात्यहरूको बुद्धिको परीक्षा लिन उनीहरूको निवासस्थान तःझ्याःको मूलढोकामा राजाले झुन्डयाउन लगाएका दुइटा तरबारसमक्ष पनि शिर नझुकाई भित्र पस्न लाग्दा ५ जना अमात्यहरू चटाचट काटिएका र दुई जनाले मात्र बुद्धि पुऱ्याई टाउको निहुराईकन भित्र पसेको हुँदा तिनलाई राजाले 'महान्' (नेवारीमा महाँ) भन्ने पदवी दिई प्रशस्त जग्गा पनि बकस दिएको ठाउँ नै ∽ भनिन थाल्यो ।(८४/२४) महाजुहरू बस्ने यो इलाका हाल ∽ टोल भनिन्छ ।

**महाबैं लेक** (जुम्ला)

१. [ने० महाबैं+लेक] महाबैं भनिने स्थानीय ग्रामीण देवताको थलो रहेको पर्वत हुनाले ∽ नाम रहन गयो । (३०/६३)

यो लेक जुम्लाबाट दैलेख जाने बाटोमा रहेको छ ।

**महाभारत** (मध्य नेपाल)

१. [सं० महा+भारत] दक्षिणमा पर्ने भूभागबाट उत्तरतर्फ हेर्दा अग्ला-अग्ला पहाडहरूको शृङ्खला देखिने हुनाले ∽ भन्ने नाम रहन गएको होला ।

चुरे पहाडको उत्तरमा पूर्व मेचीदेखि पश्चिम महाकाली-सम्म नै अविच्छिन्न रूपले फैलिएको ∽ को शृङ्खलालाई केवल तीन ठाउँमा उत्तरबाट बगिआएका विशाल नदीहरू–कर्णाली, नारायणी (गण्डकी) र कोसीले काटेका छन् । ∽ लेकको सरदर अग्लाइ २७४३ मिटर छ तापनि केही शिखरहरू ३३५२ मिटरभन्दा बढी अग्ला छन् ।

२. [ने० महा+भारत] दक्षिणतर्फबाट उत्तरतिरका उर्बर उपत्यकासम्म पुग्न जुन पहाडहरू पार गर्न महाभारत अर्थात् असाध्य गाह्रो पर्ने हुन्छ तिनैको नाम ∽ रहेको हुन सक्छ ।

**महाभारतवर्ष** (नेपाल)

१. [सं० महा+भारत+वर्ष] चन्द्रवंशी राजा भरतले राज्य गरेको प्रदेश हुनाले हिन्दुस्थान 'भारतवर्ष' भन्ने कहलिएझैं सूर्यवंशी राजाहरूले शासन गरेको महाभारत डाँडासहित उत्तर हिमालसम्मको भूभाग ∽ कहलियो । (६१/१०)

**महामण्डप** (भक्तपुर)

१. [सं० महा+मण्डप] त्रेतायुगमा महाचीन देशबाट स्वयम्भू ज्योतिको दर्शन गर्न भनी नागह्रदको तटमा आएका मञ्जुश्री बोधिसत्त्वले तीन रात निवास गरेको ठाउँ हुनाले ∽ भनिन्छ ।

भादगाउँनजीकैको एउटा सानो पहाड ∽ नामले प्रसिद्ध छ । यहाँ मञ्जुश्री चैत्य पनि भएकोले **मञ्जुश्रीस्थान पनि भनिन्छ ।**

**महेशदोभान** (धादिङ)

१. [ने० महेश+दोभान] महेशखोलाको दोभान हुनाले ~ भनिएको हो ।

**महोत्तरी** (जनकपुर अंचल)

१. [सं० महा+उत्तर+ई] ज्यादै उत्तरमा पर्ने ठाउँ भएको हुनाले ~ नाम रहन गएको प्रतीत हुन्छ।

जलेश्वरबाट डेढ कोस जति टाढा पर्ने ~ गाउँको नामबाट नै जिल्लाको नाम पनि ~ राखिएको हो । (८८–२/३१४)

२. [ने० महोदर+ई] **महोदरी पोखरी** रहेको गाउँ हुनाले महोदरी गाउँ भन्ने नाम रहेको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो ।(८८–२/३०९)

**महोदरी पोखरी** (महोत्तरी)

१. [?, महोदर+ई] महोदर ठाकुर नामका एक ब्राह्मणले करीब पाँच बिघा जमीनमा बनाएको पोखरी हुनाले ~ नाउँ रहन गयो ।(८८–२/३१४)

**माई** (इलाम, झापा)

१. [?] नदीलाई मातृ वा देवीको रूपमा विचार गरिने हुनाले झापामा बग्ने माइखोलालाई छोटकरीमा ~ भनेको हुन सक्छ ।

~ खोलाको आधारमा धिमालहरू पूर्व र पश्चिम छुट्ट्याउने महत्त्वपूर्ण सीमाविभाजन गर्छन् । यसैको आधारमा उनीहरू आफूलाई पूर्वेली धिमाल (झापा) र पश्चिमेली धिमाल (झापा र मोरङ) भन्ने गर्छन् (४५/६)। इलाममा 'माई' शब्द रहेका नदीहरू थुप्रै छन् । जस्तै–महामाई, जोगमाई, देउमाई, पूवामाई आदि ।

**माईपोखरी** (इलाम)

१. [ने० माई+पोखरी] माईखोलाको शिरमा नदी जमेर बनेको कुण्ड हुनाले ~ भनिएको हो ।(१४४/१२३)

इलामबजारदेखि चार कोस उत्तरमा ठूलो रमणीय वनभित्र नौ कुना परेर रहेको ठूलो पोखरी भगवतीमाईको वासस्थान मानिन्छ । यहाँ हरेक साल **हरिशयनी एकादशी** (कार्तिकको ठूलो एकादशी) को अघिल्लो रात मेला लाग्छ। यहाँ बलि दिइन्न । वनभोज खाने चलन छ। यहाँ साधु बस्ने कुटी र मन्दिर पनि बनाइएको छ ।(१४४/१२३) यस पोखरीको गोलाइ एक माइल जति छ। **यो पोखरी इलामबाट** सर्दै गएको भन्ने जनश्रुति छ ।

**माईबेनी** (इलाम)

१. [ने० माई+वेणी] माईखोला र जोगमाईको दोभान परेको ठाउँ हुनाले ~ भनिन्छ ।(१४४/१२१)

उहिले सत्ययुगमा यसै स्थलमा ठूलो ढुङ्गामाथि जहिले पनि दुईटा माछा र दुई ताप्के निस्केर बटुवाहरूलाई तृप्त हुने गरी खाना मिल्दथ्यो । एकपल्ट एउटा लोभीले खाइवरी ताप्के नै बोकी हिंडेकोले त्यहाँ रहेकी माई भगवती पनि माई खोलाको शिरमा आफ्ना गणसहित बस्न गइन् र माघे संक्रान्तिका दिन मात्र यहाँ फर्कने हुँदा हरेक वर्ष यहाँ मैदान परेको स्थलमा मेला लाग्छ । (१४४/१२२) **माईपोखरी**बाट निस्केको माईखोला झापाको सुरुङ्गामा पुगी कनकाई नामले पुकारिन्छ ।

**माग** (मालीगाउँ, काठमाडौं)

१. [सं० मान+गृह>माग्वल>माग] सम्भवतः मानगृहको अपभ्रंश हुँदै 'माग्वल' बाट नेवारीभाषामा ठाउँको नाम नै ~ रहन गएको हो।

विशालनगरको हातामा रहेको यस गाउँका बासिन्दाहरूलाई नेवारीमा मागःमि भन्दछन् । यो गाउँ नेपालीमा चाहिं मालीगाउँ नामले प्रसिद्ध छ।

**माछापुछ्रे** (पोखरा)

१. [ने० माछा+पुच्छर+ए] दुई हिमचुली जोडिएकोले माछाको पुच्छरजस्तो आकारको देखिने शिखर ~ भनिएको हो ।

पोखरा उपत्यकाबाट १६ कोस उत्तरमा रहेको २३,००० फीट अग्लो यस हिउँचुलीलाई गुरुङहरू 'काफे' भन्छन्।

**माझकिरात** (पूर्वी नेपाल)

१. [ ने० माझ + किरात ] दूधकोसीदेखि अरुण कोसीसम्मको भूभाग **वल्लोकिरात** र **पल्लोकिरात**को बीचमा पर्ने हुनाले ∽ भनिएको हो । (१५३/३१)

खम्बु (राई) जातिको बसोबास भएको क्षेत्र हुनाले यो **खम्बुवान** पनि भनिन्छ ।

**माझीकुनो** (पोखरा)

१. [ ने० माझी + कुनो ] तीन शताब्दीअघि बेगनासतालको पूर्वी तटको समीप माझीहरूको आवादी भएको सानो बस्ती रहेको ठाउँ हुनाले ∽ भन्ने नाउँ रहन गएको हो। (५४/५७)

**माडीफाँट** (पाल्पा)

१. [ ने. माण्डव्य + फाँट ] माण्डव्य (अणिमाण्डव्य) ऋषिको आश्रम रहेको फाँट हुनाले माण्डव्यफाँट नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ∽ हुन गएको हो । (६७क/६–७, ८८–३/७८१)

निरपराध तपस्वी माण्डव्यलाई शूलारोहण (शूली चढाउने) राजाज्ञा दिइएको स्थान मानिने प्रभास पनि ∽ को नजीकै छ । यहींबाट तिनाउ खोला निस्केको छ । (६७ क/ ७)

**मातातीर्थ** (थानकोट, काठमाडौं)

१. [सं. माता + तीर्थ ] पोखरीको छेउमा बसेर खाजा खाइरहेको एउटा ग्वाला (गोपाल) केटोले आफ्नी मरेकी आमालाई सम्झेर एक टुक्रा रोटी मिल्काउन आँट्दा मरिसकेकी आमाले पोखरीबाट हात बाहिर पठाएर रोटी लिएको हुँदा ∽ नाम रहन गएको हो ।

चन्द्रागिरी पर्वतको काखमा रहेको ∽ पोखरीनेर हरेक वर्ष चैत्र कृष्ण चतुर्दशी र औंसीका दिन आमा नहुने नरनारी-हरूको मेला लाग्छ ।

**मानविहार** (काठमाडौं)

१. [सं. मान + विहार ] लिच्छवी राजा मानदेवले बनाएको विहार हुनाले नाम रहेको हो। (१६/२८३)

अंशुवर्मा (सप्तम शताब्दी) को एउटा शिलालेखमा ∽ को उल्लेख पाइन्छ ।

**मानु डाँडा** (तन्हौं)

१. [सं. महाहनु > मानु + डाँडो ] महाहनु नामक ऋषिले तपस्या गरेको पर्वत हुनाले 'महाहनु पर्वत' भन्ने नाम रहन गएको र त्यसैको अपभ्रंश भई ∽ नाम हुन गएको हो । (६४/८)

**मानेडाँडा** (भोजपुर)

१. [ ने. माने + डाँडो ] तामाङभाषामा 'स्तूप' लाई 'माने' भनिने र स्तूप रहेको पर्वत हुनाले नाउँ नै ∽ रहन गएको हो ।

**मानेश्वर** (हाँडीगाउँ, काठमाडौं)

१. [ सं. मानदेव + ईश्वर ] मानदेव (इ. ४६४–५०५) ले थापेको शैवमन्दिर हुनाले ∽ नाम रहन गएको बुझिन्छ ।

अंशुवर्माको हाँडीगाउँको अभिलेखमा ∽ भनिने देवताको उल्लेख भएको छ भने इ. ७५० तिरको भनी अन्दाज गरिएको नक्साल अभिलेखमा ∽ नाउँ भएको र द्रंगको बारेमा थाहा पाइन्छ । हाँडीगाउँनेर श्रीमन्मानेश्वरी नाउँले कहलिने मन्दिर नै ∽ को मन्दिर हो भन्ने निर्क्यौल गरिएको छ । अभिलेखहरूबाट धारामानेश्वर र प्रवर्धमानेश्वर नाउँका अरू मन्दिर पनि थाहा पाइएका छन् । यी दुवै मन्दिर पनि मानदेवले नै थापेको अडकल गरिएको छ । (६५ क/१२६)

**मारुगोर लेक** (हुम्ला)

१. [सं. महा + अघोर > मारुगोर + लेक] पुरानो नाम 'महाअघोर' शब्दको अपभ्रंशबाट कर्णालीको प्रसवण क्षेत्रमा पर्ने लेकको नाम ∽ रहन गएको प्रतीत हुन्छ । (६४/२५)

**मालटार** (काठमाडौं)

१. [ ?, माग्वल + टार ] सम्भवतः माग्वल ग्राम रहेको टार हुनाले ∽ भन्ने नाम रहेको हो ।

'मालटार' को 'माल' शब्द 'माग्वल' कै परिवर्तित रूप हो भन्न सकिन्छ, यद्यपि 'मालताल' र 'माल' अर्थात् 'माल-

अड्डा' शब्दको पनि साम्य देखिन्छ। बलम्बु मालटारमा पाइएको अभिलेखमा पंक्ति ७२१० मा 'माग्वल ग्राम' को चर्चा गरिएको छ। (६५/?)

**मालिका** (बाजुरा)

१. [सं. मालिका] मालिकादेवी रहेको ठाउँ हुनाले ~ नाम रहन गएको हो। (८८–४/७६७)

समुद्रतलबाट ४३६० मिटर (१४४०० फीट) अग्लो ठाउँमा रहेको यस धार्मिक स्थलमा श्रावण शुक्ल पूर्णिमाका दिन एक मेला लाग्छ। बडीमालिकाको मेलामा साधु-सन्त र जोगीहरूका अतिरिक्त हुम्ला, जुम्ला, डोटी, अछाम, बझाङ र भारततर्फबाट समेत निकै संख्यामा यात्रीहरू आउँछन्। यस अवसरमा घरेलु ऊनी कपडा, राडी, पाखी, लिऊ इत्यादिको खरिद-बिक्री हुन्छ। मालिका देवीमा बोका बलि चढाई पूजा हुँदैन। (८८–४/७६७)

**मालिकास्थान** (डोटी)

१. [सं. मालिका+स्थान] मालिकादेवीको मन्दिर रहेको ठाउँ हुनाले ~ भन्ने नाउँ रहेको हो। (८८–४/८८३)

सिलगढीबाट करीब ६ कोस टाढा पर्ने ~ मा रहेको मालिका देवीको मन्दिरको शैली कुमाउँका मन्दिरहरूको शैलीसित मिल्दोजुल्दो छ। अमरसिंह थापाले भोटसँग लड्न जानुअघि 'लडाइँ जित्न सके यहाँ देवीको मन्दिर बनाउनेछु' भनी भाखा राखेर लडाइँ लड्न गएका र सो लडाइँ जितेर फर्की आएपछि यो मन्दिर बनाउन लगाएको हो। यस मन्दिरको निमित्त उनले गुठी पनि स्थापना गरिदिएका थिए। उस बेलाको दरभाउअनुसार आना माना घ्यू-तेल, पैसा माना चामल, आठ आनामा बोका र अढाई रुपियाँमा राँगाका दरले हालसम्म पनि यहाँका केही गाउँहरूको मालपोत जिन्सीमा नै उक्त मन्दिरमा चढाउन अनिवार्य गरिएको छ। यहाँबाट बाजुरास्थित बढीमालिकाछेउ वर्षको तीन पटक पाँच-पाँच पाथी चामल र तीन-तीनवटा बोका चढाउन पठाउने परम्परा छ। यहाँ बालेको अखण्ड बत्ती निभेमा बोका भोग दिएर मात्र सो निभेको बत्ती बाल्ने चलन छ। (८८–५/८८३)

**मालीगाउँ** (विशालनगर, काठमाडौं)

१. [नेवा. माग+मि+गाँ] नेवारीभाषामा 'मागमि' अर्थात् 'मागका मान्छे' बस्ने 'गाँ' अर्थात् 'गाउँ' हुनाले 'माग मिगाँ' नाम रहेको र त्यसैको अपभ्रंश भई ~ हुन गएको प्रतीत हुन्छ। हेर्नुस् माग।

**मिथिला** (जनकपुर अञ्चल)

१. [सं. मिथि+ला] राजा निमिको मृत शरीर मथन गर्दा उत्पन्न भएकोले मिथि नाम पाएका राजाले राज्य गरेको प्रदेश हुनाले ~ नाम रहन गयो।

वशिष्ठ ऋषिको सरापले गर्दा देहहीन भएका राजा निमिका छोरा हुनाले मिथिलालाई विदेह पनि भन्दर्छन् र विदेहवंशका राजाहरूले राज्य गरेको प्रदेश हुनाले **विदेह** नामले पनि यो प्रदेश प्रसिद्ध छ। 'वर्णरत्नाकर' र अन्य तान्त्रिक ग्रन्थहरूमा यस प्रदेशलाई 'तीरभुक्ति' अर्थात् 'तिरहुत' भनेर उल्लेख गरेको पाइन्छ। विनयचन्द्र सेन (कलकत्ता विश्वविद्यालयका प्राध्यापक)को कथनअनुसार 'गण्डकीदेखि कोसीसम्म ३०६ किलोमिटर र गङ्गादेखि हिमालयको बीचमा २०६ किलो मिटर' मिथिला राज्य फैलिएको थियो। हाल ~ क्षेत्रअन्तर्गत प्राचीन कालका वैशाली विदेह तथा अङ्ग प्रान्तहरू समावेश छन् र यस क्षेत्रमा बस्ने जनता मैथिल वा मैथिली भनिन्छन्।

२. [सं. मन्थ+ला>मिथिला] उणादि सूत्रअनुसार 'मन्थ' धातुबाट 'मिथिला' शब्दको उत्पत्ति भएको हो र मन्थनबाट उत्पन्न भएका मिथि (विदेह वा जनक) राजाको राज्य हुनाले ~ नाम रहन गएको हो।

'रामायण' र 'याज्ञवल्क्यस्मृति' मा ~ नामको नै उल्लेख पाइन्छ।

३. [सं. मिथिल+आ] 'मत्स्यपुराण' मा उल्लिखित 'मिथिल' नामक एक ओजस्वी ऋषिको नामबाट नै सम्भवतः यस प्रदेशको नाम ~ रहन गएको हो।

**मिथिलाविहारी** (कचुरा, धनुषा)

१. [हि. मिथिला+विहारी] मिथिलामा विहार गर्ने देवता हुनाले ~ नाम रहन गएको हो। (८८–२/२६७)

जनकपुरबाट साढे छ किलोमिटर उत्तरमा पर्ने कचुरी गाउँमा ~ को मूर्ति रहेको छ। प्रत्येक वर्ष फागुन शुक्ल परेवाका दिन त्यसै मूर्तिलाई डोलामा राखी जनकपुरका

विभिन्न मन्दिरहरूका मूर्तिहरूसहितको डाला समावेश गरी जनकपुरको चारैतिर १५ दिनसम्म परिक्रमा गरी फागुन पूर्णिमाका दिन जनकपुरधाम परिक्रमा गराएर ~ को जात्रा समाप्त गरिन्छ। (८८–२/२६७)

**मुकुन्दपुर** (पाल्पा)

१. [सं. मुकुन्द+पुर] मुकुन्दसेनले आफ्नो दरबार बनाई बसेको ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गयो। (२५/?)

यो ठाउँ **देवघाट**देखि पश्चिमको गैंडाकोटदेखि पश्चिममा पर्ने अर्को डाँडोमा छ। गैंडाकोटमा पनि मुकुन्दसेनले प्रस्तर मन्दिर बनाएका थिए जुन ठाउँमा हाल कालिकाको मन्दिर छ। (२५/?)

**मुकुन्देश्वर** (देवघाट, तन्हौं)

१. [सं. मुकुन्द+ईश्वर] पाल्पाली राजा मुकुन्दसेन (मुनि मुकुन्दसेन) ले आफ्नो शेष जीवनको गुजारा गरेको ठाउँमा उनको नामबाट निर्मित शिवलिंग हुनाले ~ नाम रहन गएको हो। (८३/७)

**देवघाट**मा रहेको ~ महादेवको शिवलिंगको नजीच एउटा चक्रैचक्रले भरिएको साढे दुई हात लामो र उन्नाईस अंगुल अग्लो एउटा शिला पनि मणिमुकुन्दसेनको स्मृतिमा रहेको छ। कुनै माझीले जाल हान्दा आएको त्यो शिला जतिचोटि फाल्दा पनि फेरि जालमा नै पर्दै गरेको हुँदा ~ महादेवका स्थानमा राखिएको हो भन्ने जनविश्वास छ। (८३/७)

**मुक्तिनाथ** (प्यूठान)

१. [सं. मुक्ति+नाथ] मुक्ति प्रदान गर्ने महादेवको स्थान हुनाले ~ नाम रहन गएको हो। (११/१९)

काली (कालिका) नदीको देब्रेपट्टि थाक खोलाको किनारामा २११४२ फीट अग्लो ठाउँमा ~ को मन्दिर रहेको छ। मन्दिरभित्र ज्योति बलिरहेको छ।

**मुक्तिक्षेत्र** (प्यूठान)

१. [सं. मुक्ति+क्षेत्र) मुक्तिनाथको प्रसिद्ध मन्दिर भएको ठाउँ हुनाले ~ भनिएको हो। (११/१९)

**मुगु** (कर्णाली अञ्चल)

१. [?] नामजा भन्ज्याङबाट दक्षिण बगेको मुगु कर्णाली (खोला) को बायाँ किनारामा अवस्थित गाउँ हुनाले ~ भन्ने नाम रहन गएको हो। (८८–४/३४९)

समुद्रको सतहबाट अन्दाजी ३८११ मिटर (१२५०० फीट) को उचाइमा रहेको ~ गाउँ र अन्य तामाङ गाउँका बासिन्दाहरूलाई मुगाल भन्दछन्। ~ गाउँमा धेरै बौद्ध गुम्बाहरू छन्। मुगु कर्णाली बग्ने जिल्लाको नाम पनि ~ नै राखिएको छ। (८८–४/३४९)

**मुसिकोट** (रुकुम)

१. [ने. मुसी+कोट] मुसी नामकी एउटी नोकर्नीले पत्ता लगाएको रमणीय स्थानमा राजाले बस्ती बसाएर किल्ला पनि निर्माण गरेको हुनाले ~ भन्ने नाम रहन गयो। (८८–४/६२)

पाने खोलाको वारिपारि र समान उचाइका डाँडामा कोट र **खलङ्गा** रहेकाछन्। कोट पहिलेका राजाहरूको वासस्थान थियो। ~ नेपाल अधिराज्यमा एकीकृत भएपछि मुसिकोटे राजालाई डाङ्डुङ्गे भन्ने ठाउँ (छाप) घरबासको रूपमा दिइयो। डाङ्डुङ्गेमा मुसिकोटे राजाका सन्तानहरू अझै छन्। (८८–४/६२)

**मुसेमाडू** (विनायक गाउँ, अछाम)

१. [ने. मुसे+माणौ] मुसे भण्डारी भन्ने धामीले गाउँकै नजीक मस्टोको घरथान अर्थात् माडौं स्थापना गरेको हुनाले ~ नाम रहन गयो। (१२५ क/५९)

विनायक गाउँको मध्यभाग (धामी गाउँ) मा अवस्थित कालासिल्टाको घरथान नै ~ भनिन्छ। बुट्टेदार काठमा खम्बाहरूले थामिराखेको ढुङ्गाको छाना र ढुङ्गाकै गारोमा छानामाथि अर्को सानो छाना निकालिएको पूर्व मुहडा गरेर रहेको ~ मा मस्टो देवताको कुनै मूर्ति छैन। लिङ्गोको फेदमा वरिपरि राखिएको चुच्चे ढुङ्गाहरू नै शायद मस्टो देवताका प्रतीक होलान्। (१२५ क/५९)

**मुस्ताङ** (धवलागिरि अञ्चल)

१. [ति. ल्हो+मन्थाङ] तिब्बतीभाषाको परम्परा-

गत नाउँ 'ल्होमन्थाङ' बाट अपभ्रंश भई ~ नाउँ अस्तित्वमा आएको हो । (८८–३/४९८)

'ल्होमन्थाङ' वा 'लोमान्ताङ' को नाउँ सं. १६१२ मा ~ भएको हो भन्ने मिखेल पिसेलको भनाइ छ।(१६२/१२७) आफ्ना हराएका भेडाहरू खोज्दै-खोज्दै एउटा हरियो दूबोले भरिभराउ चौर अर्थात् लोमान्ताङ वा ल्होमन्थाङमा आइपुग्दा त्यहाँ चरिरहेको भेटिएको हुँदा अमेपाल नामका भेडा-गोठालाले त्यसै ठाउँमा आफ्नो परिवार र गाउँ-छिमेकहरूको बसोबास गराएर राज्य स्थापना गरेको हुनाले 'लोमान्ताङ' (ल्होमन्थाङ) नाउँ रहन गयो । (८८–३/५३४–५३५)

२. [ति. स्मोङ+ताङ] तिब्बतीभाषामा 'स्मोङ' वा 'सोङ्ग' को अर्थ 'प्रार्थना' र 'ताङ' को अर्थ 'स्थल' हुन्छ । धार्मिक मनोवृत्तिका बौद्ध धर्मावलम्बीहरूको प्रार्थना गुञ्जिरहने उपत्यका भएकोले हिमालयको काखमा रहेको एउटा सानो राज्यको नाम नै 'स्मोङताङ' रहन गएको र त्यसैको अपभ्रंशबाट ~ हुन गएको हो । (१५०/९७)

उत्तर-दक्षिण फैलिएको ~ गाउँको लम्बाइ करीब २८० मिटर र पूर्व-पश्चिम चौडाइ १६० मिटर मात्र छ । यहाँको घरसंख्या करीब १२० र जनसंख्या करीब १२०० छ । यहाँका घरहरू एक-अर्कोसँग काँधमा काँध जोडेर उभिएका जस्ता देखिन्छन् र छानाचाहिं मुडुला र थ्याप्चा छन् । चार टोलमा विभाजित ~ को 'दे' नामक प्रमुख टोलमा राजाको पाँच तले दर्बार छ र सो सेतो दरबारभन्दा अग्लो भवन त्यहाँको गुम्बा मात्र छ । शहरको चारै कुनामा एकेकवटा छोर्तेन (चैत्य) छन् । चारैतिरबाट अग्लो पर्खालले घेरिएको ~ लाई टाढाबाट हेर्दा एउटा विशाल दुर्गजस्तो देखिन्छ । यो पर्खालको एक ठाउँमा एउटै मात्र तर अति विशाल कोठाको ढोका छ जुन हरेक रात बन्द गरिन्छ । हरेक पचास-पचास मिटर जति फरक गरी निर्मित एक प्रकारका बुर्जा यो विशाल पर्खालबाट उठेका छन् र पर्खालको थाप्लोमा भित्रपट्टि एक छेउबाट अर्को छेउसम्म वरिपरि एक बार्दली छ जसमा मानिस हिंड्न सक्छन् र पर्खालमाथिबाट बाहिरको गतिविधि हेर्न सक्छन् । उत्तर-पूर्व कुनामा पर्खाल अलिकति भित्र घुसेको छ । (८८–३/५१४–५१५) ~ अर्थात् ल्होमन्थाङका बासिन्दाहरू 'ल्होबा' भनिन्छन् । (८८–३/४९८)

**मूलगढी** (मकवानपुर)

१. [ने. मूल+गढी] सेनवंशी राजाहरूको पुरानो वा मुख्य गढी भएको हुँदा ~ भनिएको हो । (४/८१)

करीब ३ हजार फीट उचाइमा रहेको यस भग्न किल्लाको लम्बाइ एक सय गजभन्दा केही बढी र चौडाइ पचास गजभन्दा केही बढी छ । एउटा प्राचीन सेन-वंशावलीमा यो किल्ला तुलासेन नाम गरेका एक सेन राजाले बनाएका थिए भनी उल्लेख गरिएको छ भने जनश्रुतिअनुसार हेमकर्ण सेन र अर्को एक स्रोतअनुसारचाहिं नरवीर महत नामक एक वास्तुकलाविद् यस गढीको निर्माणकर्ता मानिन्छन् । (४/८१)

**मृगेश्वर** (आर्यघाट काठमाडौं)

१. [सं. मृग+ईश्वर] मृगभेष धारण गरी घुम्ने शिवजीको मूर्ति भएको हुँदा ~ भनिएको हो । (७० क/९०)

पशुपति आर्यघाटको सानो मन्दिरमा विरूपाक्षको मूर्तिनजीकै रहेको मृगरूपी शिवको मूर्ति कुँदाइको शैलीको दृष्टिले पुरानो देखिए तापनि त्यसको पादपीठ भने उत्तर-ठकुरी कालमा बनाइएको जस्तो देखिन्छ । (७० क/९०)

**मेची** (मेची अञ्चल)

१. [?, मेचे] सम्भवत: मेचे जातिको बसोबास क्षेत्रमा बग्ने नदी हुनाले ~ नाम रहन गएको हो ।

यो नदी भारत र नेपालको साँध छुट्याएर उत्तर इलाम जिल्ला र भारतको दार्जीलिङ्ग जिल्लाको साँधैसाँध पहाडबाट झर्दै तराईमा झापा जिल्लाको पूर्वी सिमानामा बगेको छ ।

**मेची-अञ्चल** (पूर्वी नेपाल)

१. [ने. मेची+सं. अञ्चल] नेपालको पूर्वी सीमा मेची नदीको आधारमा ~ भन्ने नाम राखिएको हो । (१६८/१६१)

पहाडतर्फ ताप्लेजुङ्ग, पाँचथर, इलाम र तराईतर्फ झापासमेत गरी चार जिल्लाहरू समावेश भएको ~ को क्षेत्रफल ७२११ वर्गकिलोमिटर (२७८६ वर्गमाइल) छ । (१६८/१६१)

**मेहेलसैनी** (तल्लीस्वराड, बैतडी)

१. [ने. मेहेल+शयनी] ढाक्रेको सुकेको मेहेल (मयल) को लट्ठी मुजुराएको रूखबाट उत्पन्न भएकी देवी हुनाले ~ नाउँ रहन गयो। (४३/४०६)

**मैनाघोपा** (झापा)

१. [धि. मैना+घोपा] मैना चरीको गुँड (धिमाल-भाषामा 'घोपा') प्रशस्त हुने ठाउँमा रहेको गाउँ हुनाले ~ नाम रहन गएको हो। (४५/१८)

**मोदी** (पर्वत)

१. [सं. मधु+गंगा>मोदीगंगा>मोदी] संस्कृत-मा 'मधु' अर्थात् 'मह' झैं मीठो पानी भएको 'गङ्गा' अर्थात् 'नदी' हुनाले 'मधुगङ्गा' भन्ने नाउँ रहेको र कालान्तरमा अपभ्रंश भई 'मोदीगङ्गा' र छोटकरीमा ~ भनिएको हो। (४० क/७–८)

माछापुछ्रे हिमालबाट उत्पन्न भएको यो नदी काली-गण्डकीमा मिसिन्छ। उद्गमस्थलतिर दुवै किनारामा ठूला-ठूला पहराहरूमा मौरीका घरहरू भएको र त्यसको महले गर्दा नदीको पानी मधुमय लागेको हुन सक्छ। (४० क/७–८)

२. (गु. मह+दी) गुरुङभाषामा महझैं गुलियो पानी भएको खोला हुनाले 'महदी' भनिएको र त्यसैको अपभ्रंशबाट ~ नाम रहेको हो।

**मोदीबेनी** (पर्वत)

१. [सं. मधु+वेणी] संस्कृतमा 'मधु' अर्थात् महझैं मीठो पानी भएको नदी र 'वेणी' अर्थात् 'संगम'वा 'दोभान' भन्ने अर्थमा 'मधुवेणी'भन्ने नाम रहन गएको र कालान्तरमा त्यसैको अपभ्रंशबाट ~ भनिएको हो। (४० क/७–८)

२. [ने. मोदी+वेणी] मोदी खोला र काली नदीको सङ्गमस्थल हुँदा ~ भन्ने नाम रहन गएको हो। (११/१७, ८८–३/४५७) कालीगण्डकीको शाखानदी मोदी खोलाको दोभान हुनाले पर्वत जिल्लाको दक्षिणी भागमा रहेको यस घाटको नाम ~ रहन गएको हो किनभने मुख्य नदीमा कुनचाहिं शाखानदी मिसिएको हो भन्ने स्पष्ट पार्ने घाटको नामकरणमा शाखानदीलाई प्राधान्य दिइन्छ। काली नदीको तीरैंतीर **मुक्तिनाथ** जाने मूलबाटोमा पर्ने प्राचीन ऐतिहासिक धार्मिक स्थलको रूपमा रहेको ~ मा पुग्दा पूर्वमा मर्स्याङ्गदी खोला र पर्वत जिल्लाको झादी खोला, पश्चिममा कालीगण्डकी र बाग्लुङ जिल्लाको बलेवाको ठाडो भीर र दक्षिणमा मोदी र कालीको मिश्रण भै दुइ भीरको खोंचबाट बगेको रमणीय दृश्य देखिन्छ। कुनै समयमा जयरामदास नाम गरेका एक तपस्वीले नरसिंहको आकार भएको अन्दाजी तीन सेरको शालिग्राम भेट्टाई यसै दोभानमा रहेको आफ्नो आश्रममा ल्याई १५/१५ हातको चौघेरा पर्खाल हालेर एक मन्दिर बनाई स्थापना गरेका थिए। पछि जङ्गबहादुर राणाले नरसिंहको नाउँमा करीब दुई सय मुरी धान हुने खेत र **कुस्मा**को दक्षिण-पट्टिको भेक मुक्तिनाथ जाने-आउने साधु-सन्त र तीर्थयात्री-हरूलाई सिधा दिन गुठीको रूपमा राखिदिएका थिए। यो परम्परा जयरामदासका सन्तान-दरसन्तान द्वारिकादास, जनार्दनदास, तुलसीदास, गीर्वाणदास र प्रेमदासले पनि कायमै राखेका थिए। उक्त नरसिंहको मूर्तिबाहेक यहाँ अन्य १३ वटा अति पुराना विभिन्न आकर्षक मूर्तिहरू पनि थिए। (४० क/७–११)

**मोदीबेनी** (पर्वत)

१. [ने. मोदी+वेणी] मोदी र काली नदीको सङ्गम-स्थल हुँदा मोदी नदीको दोभान भन्ने अर्थमा ~ भन्ने नाम रहन गएको हो (११/१७, ८८–३/४५७)।

काली नदीको तीरैंतीर **मुक्तिनाथ** जाने मूल बाटोमा पर्वत जिल्लाको दक्षिणी भागमा यो तीर्थस्थल रहेको छ। (८८–३/४५६)

**मोमदुगल्ली** (ललितपुर)

१. (ने. मो+मदु+गल्लि) नेवारीभाषामा 'मो' भनेको 'टाउको' 'मदु' भनेको 'नभएको' 'गल्लि' भनेको 'सडक' हुन्छ। यहाँ 'छिन्नमस्ता' अर्थात् 'टाउको नभएकी' (नेवारीमा 'छ्यँमदुम्ह' वा 'मोमदुम्ह') भगवतीको मूर्ति रहेको हुनाले ~ नाम रहन गएको हो।

**मोरङ** (**मोरङ्ग**) (कोशी अञ्चल)

१. [स. मराङ] सतारभाषामा 'मराङ' माने 'ठूलो' वा 'विराट'हो। सम्भवतः महाभारतकालीन विराट राजाको

राजधानी रहेको ठाउँ हुनाले 'मराङ' भनिएको र त्यसैबाट ~ नाउँ रहन गएको होला। (१३५/?)

२. [कि. मोर+अङ्ग] 'मोर' भन्ने किराती राजाको 'अङ्ग' अर्थात् 'प्रदेश' हुनाले ~ भनिएको हो।

३. [कि. मुङ+म+रोङ>मोरङ] दक्षिणी चीनबाट मुङ-म-रोङ (सातौं शताब्दी) को नेतृत्वमा सान मकवान वंशका जातिहरू आई **लिम्बुवान**को पहाडी भेक र तराई भागमा कब्जा जमाई यस भेकको शासन चलाउन दरबार बनाएको ठाउँ हुनाले नेताको नाउँबाट ठाउँको नाम पनि ~ रहन गयो।

**मोहनचोक** (काठमाडौं)

१. [नेवा. मोहन+चुक] राजा प्रताप मल्लले **हनुमानढोका** दरबारभित्र मोहन अर्थात् कृष्णको सुन्दर मूर्ति भएको 'चुक' अर्थात् 'चोक' बनाउन लगाएको हुनाले ~ नाउँ रहन गयो। (१६/१५२)

**म्याग्दी** (धवलागिरि अञ्चल)

१. [म. म्याङ+दी] मगरभाषामा पानी अर्थ बुझाउने 'दी' प्रत्यय लागेको 'म्याङ' भनिने खोलाको आधारमा 'म्याङदी' भन्ने नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो। (८८-३/६१५)

२. [सं. मङ्गला+नदी] संस्कृतभाषामा 'मङ्गलानदी' भनिएको र त्यसैको अपभ्रंश भई 'म्याङदी' वा ~ नाम रहन गएको हो। (८८-३/६१५)

संसारको छैटौं सबभन्दा अग्लो शिखर धवलागिरि (८१६७ मिटर) हिमालको दक्षिण-पश्चिमतिरबाट हिमनदी पग्लेर निस्केको ~ नदीको नामबाट जिल्लाको नाम पनि ~ रहन गएको छ। जयन्ती-मङ्गला-कालीको सङ्गमले ~ जिल्लालाई धार्मिक स्थल बनाएको छ। (८८-३/६१५)

**म्याङलुङ** (तेह्रथुम)

१. [लि. म्याऊ+लुङ] लिम्बूभाषामा 'बिरालो' लाई 'म्याऊ' र 'ढुङ्गो' लाई 'लुङ' भन्दछन्। कुनै समयमा यहाँको जङ्गलमा शिकार खेल्न जाँदा शिकारीहरूले बिरालोको म्याउम्याउ सुनेको र त्यस ठाउँमा ढुङ्गा राखेको हुनाले सो ठाउँलाई 'म्याऊलुङ' भन्न थालियो र पछि यसैबाट ~ नाम रहन गयो। (८८-१/३३५)

**मृगस्थली** (काठमाडौं)

१. [सं० मृग+स्थली] हिन्दू देवता शिव मृग रूपमा देखिएका हुनाले **गुह्येश्वरी**को वन अद्यावधि ~ नामले प्रख्यात छ। (११७/५६)

शिवले एक सिङ र तीनोटा आँखा भएको, मोटो र राम्रो मृगको रूप लिएर क्रीडा गरेको ठाउँमा शिवको खोजी गर्दै ब्रह्मा, विष्णु र इन्द्र आई तीनै जनाले सिङ समात्दा तीन टुक्रा भै मृगरूपी शिवको सिङ भाँचिएकाले तीनै लोकमा एक-एक टुक्रा सिङ स्थापना गरिएको र ~ मा वाग्मतीको किनारामा पनि एक टुक्रा स्थापित गरिएको छ।

**मृगेन्द्रशिखर** (काठमाडौं)

१. [सं० मृग+इन्द्र+शिखर] मृगेन्द्र अर्थात् सिंहको रूपमा शिखर अर्थात् पर्वतको टाकुरामा हरि रहेको हुँदा ~ भन्ने नाम रहन गएको हो।* (५२/७२)

## य

**यङ्गाल** (काठमाडौं)

१. [सं० इन्द्र+गृह>यङ्गाल] 'इन्द्र' शब्दको विकृत रूप 'यँ' र 'गृह' शब्दको विकृत रूप 'गाल' भएको हुँदा लिच्छविकालीन राजभवन 'इन्द्रगृह' शब्दको नेवारी रूप ~ नाम रहन गएको हो।

यो ठाउँ काठमाडौं शहरको दक्षिणी भागमा अवस्थित छ। लिच्छविकालमा तेग्वल, माग्वल, (मानगृह), शिवगल (शिवदेवको पालामा बनेको कैलाशकूट भवन), गीग्वल,

---

*मृगेन्द्ररूपमास्थाय हिमवच्छिखरे हरिः।
स्थितो यस्मादतः शैलं मृगेन्द्रशिखरं विदुः॥
—नेपाल-माहात्म्य, अ० ७, श्लो० ५३।

यूगवल (इन्द्रगृह) आदि भवनहरू रहेको उल्लेख शिलालेख-हरूमा पाइन्छ ।

**यँ** (काठमाडौं)

१. [कि० यलम्ब] यलम्ब नामक वीर किराती राजाले बसाएको राजधानी हुनाले उनैको नामबाट ⌒ भन्ने नाउँ रहन गएको हो ।(१०५/?)

यलम्ब द्वापर युगका महादेवका अंश भएका किराती राजा मानिन्छन् । अद्यापि नेवारीभाषामा **काठमाडौं**लाई ⌒ भनेर नै सम्बोधन गरिन्छ ।

**यँगालहिटी** (काठमाडौं)

१. [नेवा० यँ+गाल+हिति] यँगाल टोलमा रहेको धारा हुनाले नेवारीमा ⌒ नाम रहन गएको हो ।(३० क/११)

ज्यादै प्राचीन कालको ढुंगेधारा रहेको स्थानमा एक शिलाभिलेखमा 'यँगाल' लाई 'इन्द्रगृह' भनिएको छ ।

**यँकिदह** (काठमाडौं)

१. [नेवा० यँकि+दह] नेवारीमा 'यँ' भनेको 'इन्द्र' हुने हुनाले **इन्द्रदह** नै नेवारीमा ⌒ भनिन्छ ।

**यल** (ललितपुर)

१. [सं० यूप+ग्राम > यल] संस्कृतभाषामा 'यूप' को अर्थ 'मौलो' (यज्ञ-यज्ञादि विशेष पर्वमा बलि दिने पशु बाँधिने र मार हान्ने काठको कीला) र 'ग्राम' को अर्थ 'गाउँ' हुन्छ । सम्भवतः 'यूपग्राम' को उच्चारण बदलिएर 'यग्ला' र पछिबाट ⌒ नाम रहन गएको हुन सक्छ ।(१३२/?)

लिच्छविकालमा 'यूपग्राम' भनिने **पाटन** शहरलाई विक्रम संवत्को चौधौं शताब्दीदेखि आजसम्म नै अटूट रूपमा नेवारीमा ⌒ भनिंदैछ ।(१३२/?) लिच्छविकालका तीन अभिलेखमा यूपग्रामको उल्लेख भएको छ। (६५/११०)

२. [नेवा० यल+सिं > यल] संस्कृतभाषाको 'यूप' अर्थात् 'इन्द्रध्वज' लाई नेवारीमा 'यलसिं' (हाल 'यः सिं) भनिने हुनाले नेवारीमा ⌒ नाम रहन गएको प्रतीत हुन्छ। (३८ क/१२-१३)

बाबुराम आचार्यको भनाइअनुसार लिच्छविकालका शिलालेखमा उल्लिखित 'यूपग्राम' नै वर्तमान ⌒ को पूर्वरूप हो (६५/११०) । प्राचीन समयमा प्रायः शत्रुहरूमाथि विजय प्राप्त गरेपछि विजयस्तम्भको रूपमा 'यूप' अर्थात् 'मौलो' ('इन्द्रध्वज') गाड्ने चलन थियो । लिच्छवि राजा धर्मदेवले पाटन लगायत आफ्नो राज्यका विभिन्न ठाउँहरूमा यूप थापेका थिए।(६४/४१)

**यासोक** (पाँचथर)

१. [?] सिद्धदेव र सिंहदेवीको मन्दिर रहेको **पाँचथर** जिल्लाको दक्षिणी भागमा पर्ने यस ठाउँमा लिम्बु-वानभरिको तीनवर्षे मेला पनि लाग्छ ।

**यूपग्राम** (ललितपुर)

१. [सं० यूप+ग्राम] संस्कृतभाषामा 'यूप' को अर्थ 'मौलो' र 'ग्राम' को अर्थ 'गाउँ' हुन्छ । सम्भवतः लिच्छवि राजा धर्मदेवले मौलो गाडेको ठाउँमा बसेको गाउँ हुनाले ⌒ नाम रहेको हो।(६४/४१)

⌒ को आधारमा नै नेवारीमा **यल** (वर्तमान पाटन) भनिएको हो ।

**यें** (काठमाडौं)

१. [कि० यलम्बर>यम्बु>यें] किरात राजा यलम्ब (यलम्बर) को नाउँबाट 'यम्बु' अर्थात् 'यलम्बरको जग्गा' भनिएको र यसैबाट नेवारीमा ⌒ नाम रहन गएको हो ।

किराती वा शेर्पा भाषामा काठमाडौंलाई अद्यापि 'यम्बु' (यलम्बरको जग्गा वा देश) भनिन्छ ।

**यँदे** (काठमाडौं)

१. [नेवा० यँ+देश] नेवारीभाषामा 'यँ' वा 'यें' को अर्थ 'इन्द्र' र 'दे' को अर्थ 'देश' वा 'जग्गा' हुन्छ । घरको जग्गाका मालिक मानिने इन्द्रको नामबाटै शहरको नामकरण गरिएको हुँदा नेवारीमा ⌒ भनिएको हो।

इन्द्रका धेरै नामहरूमध्ये 'वास्तोष्पति' पनि एउटा हो जसको अर्थ हुन्छ 'घरको जग्गाका मालिक' । नयाँ घरहरू बन्दै शहर बसेकोले इन्द्रको नामबाट ⌒ नाम रहन गएको होला । काठमाडौं शहरको केन्द्रमा रहेको **इन्द्रचोक** पनि यसैको द्योतक हो ।

**योसिख्यः** (भक्तपुर)

१. [नेवा० यो + सिं + ख्यल] नेवारीभाषामा 'यँ' वा 'यो' भनेको 'इन्द्र', 'सिं' भनेको 'रूख' वा 'काठको लिङ्गो र 'ख्यः' वा 'ख्यल' भनेको 'चहुर' हुन्छ। 'योसिं' अर्थात् 'इन्द्रध्वज' वा 'लिंगो' ठड्याइने चहुर हुनाले ~ नाउँ रहन गएको हो।

चैत्रमसान्तका दिन यहाँ **योसिंगु** (योसिंवन) बाट ल्याइएको लिङ्गो ठड्याइन्छ। कसै–कसैले यसलाई महाभारत युद्धमा विजयको उपलक्ष्यमा खडा गरिएको विजयध्वजा (विश्वध्वजा) भन्ने गरेका छन्।

**योसिंगुं** (नाला, भक्तपुर)

१. [नेवा० यो + सिं + गुं] नेवारीभाषामा 'योसिं' भनेको 'इन्द्रध्वजा' अर्थात् 'लिंगो' र 'गुं' भनेको 'वन' हुन्छ। इन्द्रजात्राको निम्ति लिङ्गो (इन्द्रध्वजा) ठड्याउन रूख काटिने वन हुँदा ~ नाम रहन गएको हो। (३१/११८, १०५/८२)

काठमाडौंदेखि छ-सात कोस पूर्व नाला गाउँनिर रहेको सल्लाघारीबाट सल्लाको एउटा सुरिलो रूख छानी विधिवत् बोकाको बलि दिई पूजा गरेर काटिन्छ अर्थात् विधिपूर्वक पूजा गरी छाडेको बोकाले रोजेको रूख ढालेर लिङ्गो बनाई उत्सवयात्रा गर्दै **भादगाउँ** ल्याइपुऱ्याइन्छ। त्यहाँ एक-दुई दिन राखिसकेपछि त्यस लिङ्गोलाई ठिमीका मानिसहरूले भादगाउँबाट काठमाडौंको **भोटाहिटी** टोलमा ल्याउँछन् र त्यहाँ एक दिन राखेर भाद्र शुक्ल अष्टमी (सिलु–मे गाउन छाडी मालश्री गीत गाउन थालिने र काठमाडौंदेखि तीन कोस जति उत्तर-पूर्व कोणमा रहेको काकेश्वरी महादेवस्थानमा मेला लाग्ने काके अष्टमी) का दिन त्यस लिङ्गोलाई भोटाहिटीबाट **हनुमानढोका**नेर कालभैरवको अगाडि राख्न ल्याइन्छ। (१०५/८३) यसै लिङ्गोलाई हनुमान्ढोका तलेजुसामुन्ने भाद्र शुक्ल द्वादशीको दिन बिहान राजकीय सम्मानका साथ विशेष पूजा गरी सजधजका साथ विजय-ध्वजापताका फरफराएर उभ्याइन्छ। लिङ्गोको फेदमा इन्द्रको सुन्दर मूर्तिको पनि विधिवत् पूजा हुन्छ र शाही सेनाका टोलीहरूबाट राजकीय सम्मान प्रदान गरिन्छ। (३१/११८)

# र

**रक्तसैनी** (बुङ्गल, अछाम)

१. [सं० रक्त + शयनी] रक्त अर्थात् रगतबाट उत्पन्न भएकी देवी हुनाले ~ नाउँ रहन गएको हो। (४३/४०६)

**रजगाउँ** (दोलखा, रामेछाप)

१. [सं० राजा + ग्राम] कुनै जमानामा राजा बस्ने ठाउँ भएकोले पकरवास क्षेत्रमा पर्ने यस ठाउँको नाम 'राजग्राम' रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाउँ रहन गएको हो। (८८–२/१६३)

**रजवाबजार** (सर्लाही)

१. [ने० राजा + शिवालय + बजार] फरहदवा गाउँनेर राजाले बनाएको शिवालय अर्थात् शिवको मन्दिर हुनाले 'रजवा' भनिएको ठाउँमा रहेको बजार हुँदा ~ नाम रहन गएको हो। (८८–२/३७४)

आफ्नो जीवनको शेषकालमा शिकार खेल्न आउँदा यसै ठाउँमा बिरामी परी जङ्गबहादुर राणाको मृत्यु भएको थियो भन्ने जनश्रुति छ। (८८–२/३७४)

**रजस्थल** (स्याङ्जा)

१. [सं० राजा + स्थल] राजा बस्ने ठाउँ हुनाले ~ नाउँ रहन गयो। (८८–३/३८४)

शाहवंशका मूलपुरुष जैन खान (इ० सं० १५०० तिर) कालीगण्डकीको पश्चिम किनारामा रहेको रिडीघाट तरी त्यसको पारिपट्टि लसर्घा भन्ने स्थानमा एक राज्य खडा गर्ने कार्यको शुभारम्भ गरी पहिला अल्पकालीन वासस्थान बनाएको ठाउँ हुनाले ~ भनिएको हो। (८८-३/३८४-३८५)

**रजाबनौली** (राजविराज)

१. [ने० राजा + बनौली] राजा परादित्य शिवसिंहको मातहतका एक रजौटाको राजधानी रहेको ठाउँ हुँदा ~ नाउँ रहन गयो।

राजविराजदेखि पाँच कोस (१६ किलोमिटर) सीधा पश्चिममा रहेको हाल बनौली मात्र भनिने यसै स्थानमा बसेर मैथिल कवि विद्यापतिले 'लिखनावली' नामको आफ्नो ग्रन्थ लेखेका हुन् भन्ने किंवदन्ती छ।

**रण–उजीरेश्वरी** (पाल्पा)

१. [ने० रण+उजीर+ईश्वरी] अंग्रेजी–भारतीय सैन्यको आक्रामक अहम्मन्यतालाई पददलित पारेको उपलक्ष्यमा वीर कर्णेल उजीरसिंह थापाको नाममा सन् १८१५ (वि० सं० १८७२) मा स्थापित भगवती हुनाले ~ नाम रहन गएको हो।(६७ क/ ११)

तानसेन शहरमा ~ भगवतीको जात्रा गरिंदा तैनाथवाला बडाहाकिमसमेत सरकारी फौज र अड्डाखानाका कर्मचारी-हरूले साथ दिन्छन्। रथस्थित मूर्तिमा बजारका मानिसहरूले बलिदान चढाउँछन्। घर-घरका बार्दली र झ्यालबाट बर्साइने फूलप्रसाद, रोटी, पैसा टिप्ने र खोज्ने मदमस्त रथवाहकहरूका काँधमा र हात-हातमा पनि गर्न्हुँगो रथ डोलिन्छ। यो जात्रा भाद्रकृष्ण नवमीका दिन हुने गर्छ। (६७ क/११)

**रत्नसागर** (तिलाठी, सप्तरी)

१. [सं० रत्न+सागर] राजा रत्नसेनले (समय अज्ञात) खनाएको पोखरी हुनाले ~ नाम राखिएको हो। (८८–१/८२२)

हाल यो पोखरी छैन।

**रत्नसागर** (जनकपुर)

१. [सं० रत्न+सागर] वैष्णव र साधुहरूलाई निम्त्याएर भोज ख्वाउन चाहिने सरसामान जम्मा गर्ने चिन्तामा यताउति भौंतारिइरहेका एक महन्तले एउटी कन्याको सल्लाहअनुसार तलाउबाट विभिन्न किसिमका रत्न र मणिमाणिक्यले भरिएको गाग्रो पाएको हुँदा ~ नाउँ रहन गयो।

**रत्नेश्वर** (द्यौपाटन, काठमाडौं)

१. [सं० रत्न+ईश्वर] रत्नसङ्घ भन्ने व्यक्तिले थापेको शिवलिङ्ग हुनाले ~ नाम रहन गएको हो। (९५ क/११५)

द्यौपाटनको पाटाटोलस्थित शिवलिङ्गमै अभिलेख (इ० ४७७) कुँदिएको छ। रत्नसङ्घ नाउँ लेखिएको अर्को शिवलिङ्ग अभिलेख पनि द्यौपाटनमा रहेको छ। त्यसमा रत्नसङ्घ र प्रभुसङ्घ दुई जनाले मिलेर शिवलिङ्ग थापेको वर्णन छ।(९५ क/११५)

**रभुवा** (खोटाङ)

१. [?] ओखलढुङ्गाबाट बगी आएको ठोटने खोला र केही टाढा रावाखोला दूधकोसीमा बगी आएकोले त्रिवेणी परेको ठाउँ ~ भनिन्छ।

यस ठाउँमा माघे संक्रान्ति लाग्ने पहिलो प्रहर अर्थात् पुस जाँदो माघ लाग्दो मध्यरातदेखि बिहानसम्म ठूलो मेला लाग्ने परम्परा चलेको छ।

**रमापानो (रम्भापानी)** (पाल्पा)

१. [ने० रमा+पानी] रमा अर्थात् सीताजीको इच्छामा निस्केको पानीको मुहान रहेको ठाउँ हुनाले ~ भनिएको हो।(८८–३/७८०)

तानसेनबाट करीब १२ किलोमिटर पूर्वमा रहेको पानीको मूललाई सुरक्षित राखी रमादेवी भन्ने गरिएको छ। अयोध्या शहरमा यज्ञ गरिसकेपछि सीताजीको साथमा गण्डकीको स्नान गर्न भनी जाँदा वास परेको यस ठाउँमा पानीको अभाव देखी सीताजीले ज्यादै चिन्तित भएको हुँदा रामचन्द्रले डाँडामा वाण गाडेर पानी निकालेका थिए भन्ने किंवदन्ती छ।(८८–३/७८०)

२. [ने० रम्भा+पानी] स्वर्गकी अप्सरा रम्भाले तपस्या गरेको ठाउँमा रहेको पानीको सानो मूल हुनाले ~ भनिएको हो।(६७ क/७)

**रिमिधा**को लेकनजीकै हुमिनहाटनेर यस स्थलमा पर्व-पर्वमा ठूलो मेला लाग्नुको साथै बलिदान दिई पूजा गर्ने मानिसहरू पनि बराबर आइरहन्छन्।

**रमितेडाँडा** (ललितपुर)

१. [ने० रमिता+डाँडो] काठमाडौं उपत्यका

तथा वीरगन्जको दृश्य एकैपल्ट देखिने हुनाले कालेश्वरीको लेखलाई ∽ पनि भन्ने गरिएको छ। (८८–२/८४२)

समुद्र सतहबाट अन्दाजी २४९९ मिटर (८१९६ फीट) अग्लो यो डाँडो बाग्मती र टुङुन खोलाको जल-विभाजकको रूपमा रहेको छ। (८८–२/८४२)

**रसुवागढी** (रसुवा)

१. [ने० रसुवा+गढी] नेपाली फौजको सहायतार्थ भोटेखोला र लिण्डेखोलाको घाँटीमा अवस्थित रसुवामा टाढा-टाढाका गाउँहरूबाट आएका मानिसहरूले घर लौरी सरकारी झारमा ढुङ्गा बोकेर गढी निर्माण गरेको ठाउँ ∽ भनिएको हो। (८८–२/५४५)

वि० सं० १९१२ को फागुन महीनामा बमबहादुरको नेतृत्वमा पठाइएको नेपाली फौजले त्रिशूलीको किनारको बाटो गई केरुङ कब्जा गरे। प्राचीन कालदेखि काठमाडौं उपत्यका र भोटक्षेत्रको व्यापार यसै गढीको बाटो गरी हुन्थ्यो। ∽ मा स्थापित शिलालेखमा गढी निर्माणको उल्लेख भएको छ। (८८–२/५४५)

**राउलाकेदार** (बैतडी)

१. [सं० रोनेश्वर+केदार] रोनेश्वर केदार भन्ने नाउँकै अपभ्रंशबाट ∽ नाम रहेको होला। (८८–४/१०३६)

बरायल गाउँ नजीकै करीब २७४४ मिटर (९००० फीट) को उचाइमा रहेको यस ठाउँमा दिपायलका राजा नागमल्लले एक जना पँधेरु (बाहुन) लाई बैतडीको गतिविधि बुझ्न पठाएका थिए र पछि चन्द ठकुरीहरूले त्यस बाहुनलाई मारी सो ठाउँ आफ्नो हातमा लिएका थिए भनिन्छ। त्यस ठाउँमा शिवजीको मूर्ति र तोप-गठ्ठाहरू रहेका छन्। त्यहाँको पूजा-आजा पनि चन्दहरूले नै चलाइआएका छन्। चैत, साउन र माघ महीनामा र नवरात्रिमा यज्ञ र देवताको आराधना गर्न मानिसहरू त्यहाँ जाने चलन छ। (८८–४/१०३६)

**राजविराज** (सप्तरी)

१. [सं० राज+विराज] राजदेवीले विराज गरेको ठाउँ हुँदा ∽ नाम रहन गएको हो।

समुद्रको सतहभन्दा ६१ मिटर (२०० फीट) उचाइमा अवस्थित यस ठाउँमा राजदेवीको पुरानो मन्दिर छ। कोसीको बाढीबाट हनुमान्नगर खतरामा परेपछि वि० सं० २००० सालमा सप्तरी जिल्लाको सदरमुकाम ∽ मा सारिएको हो।

**राजविहार** (काठमाडौं)

१. [सं० राज+विहार] लिच्छवि राजा शिवदेव (अंशुवर्माका समसामयिक) ले आफ्नो नामले बनाएको **शिवदेवविहार** नै पनि ∽ नामले संबोधित हुनु पनि सम्भव छ। (१९/२८३)

**रातु** (जनकपुर, धनुषा)

१. [?, रातु] रातु नामक नदीको किनारामा रहेको गाउँ हुनाले ∽ नाम रहन गएको हो। हेर्नुस् बाहुनमारा।

**रानीघाट** (पाल्पा)

१. [ने० रानी+घाट] खड्गशमशेर (वि० सं० १९५० देखि १९५४ सालसम्म पाल्पाका तैनाथवाला) की रानी तेजकुमारी (मृत्यु वि० सं० १९४९) परलोक भएको रिडी नदीको किनारामा उनैको नामबाट बनेको घाट हुनाले ∽ नाम रहन गएको हो। (६७ क/१३, ८८–३/७८०)

तानसेनदेखि उत्तरतिर कालीगण्डकीको किनारामा खड्गशमशेरले यो घाट बनाई खड्गमुक्तेश्वर महादेव र गङ्गाजीको मूर्ति स्थापना गराएका थिए। उक्त मूर्तिहरूको प्रतिष्ठा वि० सं० १९५४ सालमा वैकुण्ठचतुर्दशीका दिन भएको थियो। (८८–३/७८०)

**रानीघाट-दरबार** (पाल्पा)

१. [ने० रानी+घाट+दरबार] खड्गशमशेरले आफ्नी पत्नी तेजकुमारीको देहावसानपछि स्मारकको रूपमा कालीगण्डकीको तट रानीघाटमा बनाएको दरबार हुनाले ∽ भनिएको हो। (९/१४९)

यो भव्य दरबार र मन्दिर गण्डकीको किनारैमा विशाल चट्टानमाथि जग उठाएर बनाइएको छ र पारिबाट हेर्दा

यो पानीमाथि तैरेको दरबारजस्तो प्रतीत हुन्छ। (६/१५०)

**रानीताल** (कञ्चनपुर)

१. [ने० रानी+ताल] सिंहपाल राजाका रानीले स्नान गर्ने पोखरी हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (८८–४/११२५)

यो पोखरी **सिंहपुर** भन्ने ठाउँमा रहेको छ।

**रानीपोखरी** (काठमाडौं)

१. [ने० रानी+पोखरी] राजा प्रताप मल्लकी रानी-को आज्ञाले बनाइएको पोखरी हुँदा ~ नाम रहन गएको हो। (१६/१५४, ८८–२/७३७, १३०/७०)

रानी भुवनलक्ष्मीले आफ्ना छोरा चक्रवर्तेन्द्र मल्लको नाउँमा सन् १६६६ (वि०सं० १७२७ र ने०सं० ७८६) मा यस पोखरीको निर्माण गराएकी थिइन्। ने०सं० ७८५ देखि ७९० सम्म पाँच वर्ष लगाएर खनिएको यो विशाल पोखरी (लम्बाइ १८० मिटर र चौडाइ १४० मिटर) को माझमा एक सुन्दर शिवमन्दिर बनाइएको छ र पश्चिमपट्टिको किनारा-बाट त्यहाँसम्म पुग्ने पुलबाटो रहेको छ। पोखरीको दक्षिणी किनारामा पत्थरको ठूलो (जीउँदो आकारको) हात्तीमाथि मन्दिरतिर फर्केर बसेका राजा प्रताप मल्ल र तिनका दुई छोराका मूर्ति पनि छन् (८८–२/७३७)। ~ को निर्माणको कुरा लेखिएको शिलालेख नेपाली भाषामा कुँदिएको हुँदा तिनताक पहाडियाहरू आएर यसै पोखरीको वरपर बस्ता रहेछन् भन्ने अनुमान हुन्छ। (१६/१५४)

**रानीपोखरी** (तेह्रथुम)

१. [ने० रानी+पोखरी] किराती प्रदेशमाथि शासन गर्ने **विजयपुरका** राजा कामदत्त सेन (इ०सं० १७६१–१७६६) ले आठराईबाट विवाह गरेको लिम्बू रानी थाङसामाको सम्झनामा खनिएको कुवा हुनाले ~ नाम रहन गएको हो। (२७/११६)

यो कुवा (पोखरी) फेदाम थुममा छ।

**रानीपौवा** (मुस्ताङ)

१. [ने० रानी+पौवा] रानी सुवर्णप्रभाको नाममा निर्मित पौवा भएको ठाउँ हुँदा **मुक्तिनाथ** क्षेत्रको यो स्थान ~ भनिन्छ। (८८–३/५१६)

**रानीवन** (काठमाडौं)

१. [ने० रानी+सं०वन] **कान्तिपुरका** राजा शिव-सिंह मल्ल (इ० सं० १५८५–१६३१) की रानी गङ्गादेवीले स्थापना गरेको बगैंचा (उपवन) हुनाले ~ भनिएको हो। (१६/१३१)

बालककालमा मानसिक रोगले पीडित आफ्ना नाति लक्ष्मीनरसिंह (हरिहरसिंहका जेठा छोरा) लाई शान्ति-पूर्वक बस्न भनेर रानी गङ्गादेवीले बनाइदिएको यो उपवन काठमाडौंमा वर्तमान भारतीय राजदूतावासनेर छ। (१६/१३२)

**रापती (राप्ती)** (गण्डकी अञ्चल)

१. [सं. अचिरावती>ऐरावती>रापती] **प्यूठान** जिल्लामा बग्ने झिमरुक (धर्मावती) तथा माडी (माण्डवी) नदी उत्तरबाट दक्षिणतर्फ बग्दै प्यूठान जिल्लाको बाँगेसाल गाउँनेर **ऐरावती** भन्ने ठाउँमा आएर मिलेपछि ~ नामले बग्न थाल्छ। पुरानो नाउँ अचिरावतीको अपभ्रंश भई ऐरा-वती र त्यसैबाट ~ नाम रहन गएको हो। (८८–४/१४०)

**चित्तौन** जिल्लाको पूर्वी सीमानामा बग्ने मनहरी नदी, खैरहनीनेरबाट बग्ने बूढी राप्ती र अरू साना-साना खोलाहरू सबै यस जिल्लाको बीचैंबीच भई बगेको ~ नदीमा गई मिसिएका छन् र ~ नदीचाहिं नारायणीमा गई मिसिएको छ। (७१/१५२)

**राप्ती अञ्चल** (मध्य पश्चिमाञ्चल)

१. [ने. रापती+अञ्चल] रापतीनदीको आधारमा अञ्चलको नाम ~ रहेको हो। (१६८/१७३)

पहाडतर्फका रुकुम, रोल्पा, सल्यान, प्यूठान र तराई-तर्फको दाङदेउखुरी समेत गरी ५ जिल्लाहरू भएको ~ ६५०५ वर्गकिलोमिटर (३११६ वर्गमाइल) क्षेत्रफलमा फैलिएको छ। सदरमुकाम तुलसीपुर (दाङ) मा रहेको छ।

**राप्ती उपत्यका** (चित्तौन)

१. [ने० रापती+उपत्यका] **चितौन** जिल्लाको

**बीचैबीच** भई नारायणी नदीमा मिल्ने **रापती** नदीको आधारमा नै चितौन जिल्लालाई ~ पनि भन्छन्। (७१/१५२)

**रामकुवा** (रामपुर, पाल्पा)

१. [ने० राम+कुवा] त्रेतायुगमा केही समय वास बस्दा रामचन्द्रले पानी खाने गरेको कुवा हुनाले ~ भनिएको हो। (६७ क/४१)

**रामकोट** (धादिङ)

१. [ने० राम+कोट] गोरखाका राजा राम शाह (इ० १६०५–३३) ले स्थापना गरेको कोट हुनाले ~ भनिएको हो। (६२।१२७)

रामशाहले गोरखा राज्यलाई बढाई थोपलको तीरसम्म राज्य-विस्तार गरिसकेपछि यो कोट बनाइएको हो। (६२/१२७)

**रामग्राम** (कपिलवस्तु)

१. [सं० राम+ग्राम] कोलीय गणजातिको कहलिएको ठाउँ हुनाले ~ नाम रहेको हो।

ह्वेनसाङ्गको भनाइअनुसार ~ कपिलवस्तुबाट ३०० ली पूर्वतिर पर्दथ्यो। यो ठाउँ सन् १८९८ मा डा. विलियम ह्वेले पत्ता लगाए।

**रामग्रामस्तूप** (कपिलवस्तु)

१. [सं० राम+ग्राम+स्तूप] रामग्राममा रहेको स्तूप हुनाले ~ भनिएको हो।

**रामघाट** (पोखरा)

१. [ने० राम+घाट] रामचन्द्रले एक रात वास बसेको हुँदा सेती (दूधगङ्गा) गण्डकीको किनारामा रहेको घाट ~ भन्ने नामले प्रसिद्ध भयो। (४३/२४२)

**रामघाट** (पाल्पा)

१. [ने० राम+घाट] रामचन्द्रले नुहाउने गरेको घाट हुनाले ~ भनिएको हो। (६७ क/४१)

हरेक वर्ष रामनवमीमा यहाँ ठूलो मेला लाग्छ।

**रामपुर** (पाल्पा)

१. [सं० राम+पुर] त्रेतायुगमा रामचन्द्र केही समय रहेको ठाउँ हुनाले ~ भन्ने नाउँ रहेको हो। (६७ क/४१)

२. [ने० राम+पुर्नु] रामले खाना पकाई पुरेको ठाउँ हुनाले ~ भन्ने नाम रहेको हो। (६७ क/४१)

दरैं गाउँमा चूलो लगाइएका ठूला-ठूला तीन ढुङ्गालाई रामचन्द्रले खाना पकाउन चूलो बनाएका ढुङ्गा भनिन्छ। त्यहाँ नजीकै एक रोपनी जति जग्गामा अहिले पनि खेती गरिँदैन र खेतीपातीको वेला पानी नपरेमा त्यहाँ गई धानको बीउ रोपिदिने हो भने पानी पर्छ भन्ने जनधारणा छँदैछ। (६७ क/४१)

**राममन्दिर** (जनकपुर)

१. [सं० राम+मन्दिर] रामको मन्दिर हुनाले ~ भनिएको हो। (८८–२/२६८)

मकवानपुरे राजा इन्द्रविधाताका समयमा बनेको यस मन्दिरमा पूजाआजा कर्म गर्न उनैले बिर्ता राखिदिएको कुराको ताम्रपत्र अद्यापि छ (८८–२/२६८)। राममन्दिरमा प्रबन्धक संन्यासी छन्।

**रामेछाप** (दोलखा)

१. [ने० राम+छाप] राम भन्ने कुनै व्यक्तिले पाएको बिर्ता हुनाले ~ भन्ने नाउँ रहन गएको हुन सक्छ। (८८–२/१४३)

२. [ने० राज+छाप] राजाले दिएको बिर्ता हुनाले 'राजछाप' भन्ने नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको होला। (८८–२/१४३)

**रामेश्वर** (गोरखा)

१. [सं० राम+ईश्वर] गोरखानरेश राम शाहले स्थापना गरेको महादेव हुनाले ~ भनिएको हो। (३० क/१५४)

**पोखरीथोक** भन्ने ठाउँमा ~ महादेवको मन्दिर रहेको छ।

**राम्दी** (पाल्पा)

१. [म० राम्+दी] मगरभाषामा 'राम्' भनेको

'रमिता' र 'दी' भनेको 'पानी', 'खोला' वा 'घाट' हुन्छ । रमिता हेर्ने घाट भन्ने अर्थमा **कृष्णगण्डकी**को तटमा रहेको यस ठाउँको नाम ~ रहन गएको हो ।(६७ क/६)

२. [म० राम+दी] 'राम' अर्थात् रामचन्द्रले 'दी' अर्थात् स्नान गरेको नदी वा घाट हुनाले मगरभाषामा ~ नाम रहन गएको हो । (६७ क/६)

तानसेनबाट उत्तरपूर्वतिर रहेको ~ अर्थात् ~ घाट-नजीकै सुनगुफा वा सिद्धगुफा नामक एउटा प्राकृतिक गुफामा सीताजीको साथमा रामचन्द्र वास बसेका थिए भन्ने जनश्रुति छ ।(६७ क/६, ८८–३/७८०)

**राम्दीघाट** (पाल्पा)

१. [ने. राम्दी+घाट] रामचन्द्रले स्नान गरेको घाट हुनाले ~ भनिएको हो ।(८८–३/७८०)

**रारा** (मुगु)

१. [ति. र+रा] तिब्बतीभाषामा 'र' वा 'रम्' को अर्थ 'बोका' वा 'बाख्रा' र 'रा' को अर्थ 'पाल्नु' हुन्छ । करान-दराका भोटेहरूले कहिलेकाहीं झोपा र चौंरीको गोठ ल्याउने यस ठाउँमा पछि दक्षिणतिरबाट बसोबास गर्न आएका मानिस-हरूले बोका-बाख्रा पाल्ने गरेको हुनाले 'ररा' भन्ने नाउँ रहन गएको र सो शब्द अपभ्रंश भई ~ हुन गएको हो ।(८८–४/३३९)

२. [सं. राजा>राहा>रारा] ठकुरी राजा आएर बसेको ठाउँ हुनाले 'राजा' शब्दबाट 'राहा' र त्यसबाट ~ नाउँ रहेको प्रतीत हुन्छ ।(८८–४/३३९)

अद्यापि दहको उत्तरतिर ~ गाउँ रहेको छ भने पश्चिम-तिर छाप्रु (छाब्रो) गाउँ रहेको छ* ।

**रारादह** (मुगु)

१. [ने. रारा+दह] ठकुरी राजा बसेको दह हुनाले 'राजादह' भनिएको छ तर पछि त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो ।(८८–४/३३९)

मुगु कर्णाली नदीको किनारबाट चार घण्टाको ठाडो उकालो चढेपछि उत्तर लाटाज्यूजूर, पूर्व भदालीडाँडो, दक्षिण चुच्चेमारा र रिकदह तथा पश्चिम खिरौलेका गगनचुम्बी लेकहरू चारैतिर प्रतिबिम्बित भएको विशाल उपत्यकामा ~ छ । सुन्दर उपवनले सिंगारिएको यो दह समुद्रको सतहबाट अन्दाजी ३०४९ मिटर (१००००फीट) को उचाइमा अव-स्थित छ यो तालको क्षेत्रफल चार वर्गमील (१०.४ वर्ग-किलोमिटर) भएको अनुमान गरिन्छ । यसको गहिराइको हकमा 'सातवटा राँगाको छालाको त्यान्द्रो बनाई टुप्पामा ढुङ्गा बाँधेर डुबाउँदा पनि यसको सतह फेला पार्न सकिएन' भन्ने किंवदन्ती छ । तालको पानी बाह्रै महीना अत्यन्तै चिसो हुन्छ । तालको बसाइ हेर्दा त यसको निकास नै छैन होला जस्तो लाग्छ । यसको पूर्वी किनारा पश्चिमी किनाराको तुलनामा केही होचो छ । तर पानी भने पश्चिमी किनाराबाटै बाहिर निस्केको छ । किंवदन्ती अनुसार 'ठाकुरजी छायानाथले तालको पूर्वी किनाराबाट बाण हानेर पश्चिममा प्वाल पारेर पानी बाहिर पठाइदिएका हुन्' । ठाकुरजीले वाण हान्दा घुँडा टेकेर खोपिल्टो परेको भनिने ढुङ्गा तालको पूर्वी किनारा-मा छ । यस तालको पानीको स्रोत कता छ त्यो त देखिदैन, तर तालबाट निस्केर गएको पानीबाट खत्याड खोलो बनेको छ । यसरी पश्चिम निकास भएकोले यस ताललाई कुनै प्रकार-को तीर्थस्थल मानिएको छैन*** । किंवदन्तीअनुसार यहाँ पहिले मानिसहरूको बस्ती थियो । एक दिन एक जना साध आई एउटा घरमा भिक्षा माग्न पुग्दा घरकी बुढियाले भिक्षा दिन ढिलो गरेकोले 'भिक्षा नदिए आफ्नो टाउको फोड्छु' भनी कराउँदा बुढियाले रिसले 'टाउको फोड्छौ भने फोड, मलाई के र' भन्ने जवाफ दिएको कुरा सुन्दा त्यस साधुले आफ्नो खप्पर फोडेछ र सारा गाउँ नाश भई दहमा परिणत भयो । (८८–४/३३९)

---

*रारा गयाँ छाब्रो गयाँ मिली बाटी आयाँ,
मिली बाटी आउँदाखेरि पुर्षो डाँफ्या पायाँ,
पुर्षो डाँफ्या पाउँदाखेरि साइका** चारा लायाँ । –लोकगीत

---

**साइबाज

---

***रारादह तल्लफल्ल+ थाउपानी निझार ❁ ।
हीरो हो कि तूथो Ø हो कि तैं आफै विचार ।।
–लोकगीत

---

+झलमल्ल ❁पश्चिमतिर निकास Ø यूँ

**रिम्मागाउँ** (डोल्पो)

१. [ने. रिम्मा+गाउँ] रिम्मा तालको छेउमा बसेको गाउँ हुनाले ~ नाम रहन गएको हो ।(१११/७९)

**दूनै**बाट १५ कोस उत्तरमा रहेको ~ को पूर्वमा करीब ५ कोस परिधि भएको पूर्वपश्चिम लाम्चिएर उत्तरदक्षिण चौडा भई माछाको जस्तो आकार लिएको अति नै मनोरम रिम्मा-ताल रहेको छ। यसै तालबाट बगेको पानी शूलीगाड भनिन्छ (१११/७९)

**रिडी** (पाल्पा)

१. [?, रुरु+नदी] रुरु नामक ऋषिकन्याको नाम-बाट नदीको नाम नै 'रुरुनदी' रहेको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो ।(८८–३/७७६)

अर्घाखाँचीको करीब १५२४ मिटर अग्लो महाभारतको डाँडाबाट शुरु भएको यो खोला पश्चिमबाट पूर्वतर्फ बगी कालीगण्डकीमा मिसिन्छ ।(८८–३/७६६)

२. [सं. हृषीकेश+नदी] हृषीकेश (ऋषिकेशव) को मन्दिर नजीकैबाट बग्ने नदी हुनाले 'हृषीकेशनदी' भनिए-को र त्यसैको अपभ्रंश हुँदै 'ऋषिनदी' र अन्तमा ~ नाम रहन गएको प्रतीत हुन्छ ।(१२७/६८–६९)

रिडीखोला कृष्णगण्डकीमा मिसिएको दोभाननेर दक्षिण पाखामा ऋषीकेश (ऋषिकेशव) को मन्दिर छ । त्यहाँ शालिग्राम जस्तो सुस्निग्ध कालो आधारशिलामा शङ्ख, चक्र, गदा, पद्म सहितको हृषीकेश (ऋषिकेशव) को मुख्य मूर्तिका वरिपरि गङ्गा, जमुना, लक्ष्मी, गायत्री, सरस्वती इत्यादिका मूर्ति छन् । यो मूर्ति अघि पाल्पाली राजा मुकुन्दसेनले काली-गण्डकीमा स्नान गर्दा अकस्मात् भेट्टाएर यहाँ स्थापना गरेको जनश्रुति छ । कात्तिक एकादशीदेखि पूर्णिमासम्म र माघे संक्रान्तिमा पनि तीन दिनसम्म यहाँ मेला लाग्छ । कात्तिक द्वादशीको दिन हृषीकेश (ऋषिकेशव) को रथ निकाली रिडीबजारमा जात्रा गराइन्छ ।(८८–३/७२६)

**रिडीबजार** (पाल्पा)

१. [ने० रिडी+बजार] रिडी खोला र काली गण्डकी-को दोभानमा रहेको बजार हुनाले ~ भनिएको हो । (८८–३/७६६)

ऋषिकेशव (हृषीकेश)को मन्दिरनजीकै पनि पसलहरू छन् ।(८८–३/७८०)

**रिन्जिङलिङ** (हुम्ला)

१. [ति० रिन्जिङ+लिङ] हल्जीमा रहेको तिब्बती बौद्धधर्मको शाक्यपा सम्प्रदायको गुम्बाको सनातन नाउँ ~ हो ।(१२८ ख' ३३–३४)

तीन तल्ला गरी बनेको यस गुम्बाको आगन अरू घरले घेरिएकोले विहार शैलीको झलक पाइन्छ । बाह्रौं शताब्दीतिर स्थापित गरिएको यस गुम्बामा हाल ध्रिगुङ कादग्युपा धार्मिक सम्प्रदाय मान्ने ५० जना टोवे (पुजारी) छन् । गुम्बाको भुइँतला सबैभन्दा पुरानो छ । एउटा ठाडो काठे भन्याङ उक्लेर अचेलको मुख्य गुम्बा रहेको दोस्रो तलामा पुगिन्छ । यसको बीच खण्डमा शाक्यमुनिको ठूलो धातुमूर्ति छ र छेउमा रानाश्री (ल्हासानजीक ध्रेपुङबाट आएका कादग्युपा लामा जसले वर्तमान गुम्बाको स्थापना गरेका थिए ) र केहीं अवतारी लामाका सालिक छन् । प्रवेशद्वारको भित्तामा दायाँबायाँ महाकाल र डाकिनीका मूर्तिहरू छन् । यस गुम्बामा रहेका माटाका र धातुका मूर्तिहरू तिब्बती कलाकारहरूद्वारा निर्मित भनिन्छ । (१२८ ख'/३३–३४)

**रिमिघा (रिम्घा)** (पाल्पा)

१. [म० रिमि+घा] मगरभाषामा 'रिमि' भनेको 'निगालो' र 'घा' भनेको 'घारी' वा 'झाडी' हुन्छ । यसैले निगालीको झाडी भएको एक पर्वत नै ~ भनिन्छ ।

**बोधा**को टाकुरामा जस्तै ~ पर्वतको टाकुरामा पनि ध्वजापताकासहितको एक पूजास्थल छ ।

**रिसिङ** (तनहुँ)

१. [सं० ऋषि+शृंग] पहिले सत्ययुगमा शृङ्ग ऋषि आएर तपस्या गरेको ठाउँ हुँदा 'ऋषिशृङ्ग' भनिएको र त्यसैको अपभ्रंश भएर ~ नाउँ रहेको हो ।(८८–३/२५२)

दमौलीबाट दक्षिण–पश्चिमको डाँडामा रहेको ~ को आसपास थुप्रै मगरबस्तीहरू छन् । यहाँको प्रसिद्ध रानीपोखरी मगर राजा वा सेन राजाको पालामा बनेको हो । त्यसको

पश्चिमपट्टि एउटा सानो कुवामा उत्तरबाट सेतीनदीको र दक्षिणबाट कालीनदीको पानी आएको र त्यो पानी सेचन गरेपछि रोगव्याधि नलाग्ने विश्वास गरिन्छ।(८८–३/२५२)

**रुकुम** (रुकुम), (राप्ती अञ्चल)

१. [ने० रुक्मणी > रुकुम] रुक्मणी नाम गरेकी राजकुमारीको नाउँबाट चारैतिर अग्लाअग्ला पर्वतहरूको बीचमा रहेको सानो उपत्यका ~ भनिएको हो।(८८-४/६३)

पोखरीको आकार लिएको र स-साना टाकुरा र खाल्टाखुल्टी परेको यो ठाउँलाई 'बाउन्न पोखरी त्रिपन्न टाकुरी' भन्ने चलन छ।(८८–४/६३)

**रुकुमकोट** (रुकुम)

१. [ने० रुकुम+कोट] रुकुम भन्ने ठाउँमा बनाइएको किल्ला हुनाले ~ भन्ने नाउँ रहन गएको हो।(८८–४/६३)

पहिले यो ठाउँ बाहुनठाना भनिन्थ्यो।

**रुद्रगङ्गा** (बागलुङ्ग)

१. [सं० रुद्र+गङ्गा] **रुद्रताल**बाट निस्केको खोला हुनाले ~ नाम रहन गएको हो।(८८–३/७१७)

यस नदीलाई स्थानीय व्यक्तिहरू बडीगाड भन्दछन्। सुर्तीवाङ्को लेकबाट निस्कने शुजीखोला र तुलाचनधुरी भलकोटबाट निस्कने निसीखोलावुर्तिवाङमा मिलेपछि यो नदी **रिडीबजार**को उत्तर-पूर्वको अस्लेबामा **काली-गण्डकी**सँग मिसिएको छ।

**रुद्रताल** (बागलुङ)

१. [ने० रुद्र+ताल] पहाडको टाकुरामा शिवजी (रुद्र) को स्थाननेर रहेको कुण्ड हुनाले ~ भन्ने नाउँ रहन गएको हो।(३० क/१३३)

यहाँ माघे संक्रान्तिमा मेला लाग्छ।

**रुद्रबेनी** (गुल्मी)

१. [सं० रुद्र+वेणी] रुद्रगङ्गा। (बडीगाड) कालीगण्डकीमा मिसिने दोभानको नाउँ ~ रहेको छ। (८८–३/७२८)

यस स्थलमा जनै पूर्णिमा, माघे संक्रान्ति तथा कार्तिक एकादशीमा स्नान गर्ने मेला लाग्छ।(८८–३/७१७)

**रुम्जाटार** (ओखलढुङ्गा)

१. [कि० रुम+जा+टार] राईहरूको पैत्रिक थलो भएकोले 'रुम' वा 'रुम्जा' भनिएको सिस्नेखोलाको पूर्वमा र ठोट्नेखोलाको पश्चिममा प्रायःद्वीप झैं बनेर अग्लिएको भीरमाथि सम्म परेको जग्गा हुनाले ~ भन्ने नाउँ रहन गएको हो।(८८–१/७१०–७११)

पूर्वी नेपालमा गुरुङहरूको सबैभन्दा घना बस्ती भएको ठाउँ पनि यही नै हो। यहाँ राईहरूको 'रुम' भनिने प्राचीन गाउँ रहेको थियो। यस क्षेत्रलाई **वल्लो किरात** भन्ने गरिएकोबाट यहाँ किरातहरूको प्रभुत्व रहेको अडकल गर्न गाह्रो पर्दैन।(८८–१/७१८)

**रुरुक्षेत्र** (पाल्पा)

१. [सं० रुरु+क्षेत्र] रुरु जातका मृगहरूले दूध ख्वाएर हुर्काएकी बालिका अर्थात् रुरुकन्याले तपस्या गरेको प्रदेश हुनाले ~ भनिएको हो।(८८/७६६)

तानसेनबाट अन्दाजी साढे चार कोस उत्तर–पश्चिममा मुक्तिनाथदेखि बग्दै आइरहेको **कालीगण्डकी**को तट ~ नाम-ले प्रसिद्ध तीर्थस्थलको रूपमा रहेको छ। वराहपुराणमा ~ को विस्तृत वर्णन गरिएको पाइन्छ।(८८–३/७२६)

**रूपन्देही** (लुम्बिनी अञ्चल)

१. [?, रुम्बिनीदेवी > रुमिनदेवी > रूपन्देही] मायादेवीको मूर्तिलाई स्थानीय वासिन्दाहरूले 'रुम्बिनीदेवी' भन्ने गरेको र त्यसैको अपभ्रंश 'रुमिनदेवी' बाट जिल्लाको नाम ~ रहन गएको हो।(८८–३/६३९)

**रेसुङ्ग (रेसुङ्गा)** (तमघास, गुल्मी)

१. [सं० ऋषि+शृङ्ग] शृङ्गी ऋषि (शृङ्ग मुनि)ले तपस्या गरेको पर्वत हुनाले ~ नाम रहन गएको हो। (८८–३/७२५)

तमघासनजीकै उत्तर–पूर्वमा समुद्रको सतहबाट २३४२ मिटर अग्लो डाँडामा नै शृङ्गऋषिले तपस्या गरेको

स्थान रहेको थियो । यहाँको पोखरीमा ऋषि शृङ्ग मुनिले नुहाउने गर्थे भन्ने जनश्रुति छ । स्वामी शशिधर, लक्ष्मीधर, आदिले पनि यहाँ तप गरी समाधिमा लीन भएको जनश्रुति छ । यो समाधिनेर एउटा शिवालय छ । त्यहाँ जङ्गबहादुर या जुद्धशमशेरले एउटा ठूलो मन्दिर बनाएर १५ हजार सालाना आम्दानी हुने बिर्ता राखेका थिए । यहाँ साउने संक्रान्ति र कात्तिकको ठूलो एकादशीमा मेला लाग्छ (८८–३/७२६)

**रैंणेसैंनी** (बैतडी)

१. [ने० रैंणे + शयनी] 'रैंणे' अर्थात् 'जौको रास' मा 'शयनी' अर्थात् 'सुतेकी देवी' भन्ने अर्थमा त्रिपुरा-सुन्दरी देवीको नाम ~ रहन गएको हो ।(४३/४०८)

चालीस माना जौको एक रैंणे हुने र मौनी भन्ने थरको क्षेत्रीको हातको जौको भराइबाट देवी उत्पन्न भएकी हुनाले ~ भनिएकी हुन् भन्ने किंवदन्ती छ ।(४३/४०९)

**रोदी** (गण्डकी अञ्चल)

१. [गु० ह्रो+धीं] गुरुङभाषामा 'ह्रो' धातुको अर्थ 'गाउनु' र 'धीं' शब्दको माने 'घर' हुने हुनाले गुरुङ र घले गाउँहरूमा तरुना-तरुनी जम्मा भई गीत गाउने घरलाई 'ह्रोधीं' भन्ने गरेको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो ।(४३/१८१)

**रोल्पा** (गण्डकी अञ्चल)

१. [म० रोल+पा] मगरभाषामा 'रोल' भनेको 'पालो' र 'पा' भनेको 'छुटेको' हुन्छ । अतः पालो छुटेर नयाँ राजा भएको ठाउँ हुनाले ~ भन्ने नाम रहन गएको गएको हो ।(८८–४/६५)

कुनै जमानामा कोटमौलाका राजाले आफ्नो वरिपरिका सबै सानातिना राज्यहरूलाई जितेर फौजी जवानहरुलाई 'रोलकाल' मा जम्मा गराएको वेला मगर जातिका सबभन्दा पहिले राज्य गर्ने वाइजा भन्ने ठाउँका राजा घारे जैतमको फौजले सजिलैसँग 'रोलकाल' भताभुङ्ग पारी कोटमौलाका राजालाई हराएपछि त्यस राज्यलाई समेत वाइजामा गाभेर मगर राजा घारे जैतमले नयाँ राज्यको नाम नै ~ राखे । (८८–४/६५)

**रोसी** (काभ्रे)

१. [सं० रोष+मती] प्राचीन नाम 'रोषमती' को अपभ्रंशबाट ~ नाम रहन गएको हो ।(८८–२/४७४)

फुलचोकीको चुचुरो नै सुनकोसीको सहायक नदी ~ को सिरान हो । पाटन र पनौतीका राजाहरूले त्यहाँ मूल फुटेर निस्केको पानीलाई आ-आफ्नो राज्यमा लैजान खोज्दा फुलचोकीमाईले सुन-चाँदीको माला सबभन्दा चाँडो ल्याउनेको राज्यमा नै खोला फर्काइदिने वचन दिंदा पनौतीका राजाले झटपट बारीमा फुलिरहेको तोरी र मूलाको फूलको माला गाँसेर ल्याई खोला पनौतीतर्फ फर्काएर लगे । पाटनका राजा सुन र चाँदीको कारीगरीपूर्ण माला लिएर आउँदा त ढीला भइसकेको देखी रिसाएकोले नदीको नाम नै रोषमती हुन गयो र त्यसैबाट ~ नाम रहन गयो । (८८–२/७४)

**रोहिणी नदी** (रूपन्देही)

१. [सं० रोहिणी+नदी] यस नदीको पानीको विषयलाई लिएर कोली र शाक्यहरूबीच रक्तपातमय लडाइँ हुन लाग्दा गौतम बुद्धले पानीभन्दा रगत ठूलो भन्ने उपदेश दिई मेलमिलाप गराएको हुँदा नदीको नाम नै ~ रहन गएको हो ।(८८–३/९४२)

चुरे पर्वत शृङ्खलामा पर्ने हाटिकोट, पोखरा डाँडा, धाव आदि स्थानहरूबाट निस्केका खहरेहरू मिलेर ~ बनेको छ ।(८८–३/९४२)

**रौतहट** (नारायणी अञ्चल)

१. [?, राउत+हाट] 'राउत' अर्थात् 'ग्वार' वा 'ग्वाला' जातिको 'हाट' अर्थात् 'निवासस्थान' वा 'बस्ती' भएको ठाउँ हुनाले 'राउतहाट' नाम रहेको र त्यसैबाट जिल्लाको नाम नै ~ हुन गएको हो ।(८८–२/१०२५)

यस क्षेत्रमा बोलिने भोजपुरीभाषामा 'ग्वार' वा 'ग्वाला' हरूलाई 'राउत' भन्दछन् जो यादव वा अहीर थर लेख्ने गर्दछन् । यस जिल्लामा **बाग्मती** पूर्व प्रायः राजपूत र बकैयापश्चिम प्रायः मोहमद्दन (मुसलमान) रहन्छन् । यी दुवै नदीले छुट्टयाइएको मध्य भागमा यादव, तेली, झा र मिश्रहरूको बस्ती अधिक छ ।

# ल

**लगंख्य:** (**लगनखेल**) (ललितपुर)

१. [नेवा० लगन+ख्यल] 'लग्नेश्वर' नामक महादेव रहेको चहुर हुनाले नेवारीभाषामा ~ नाउँ रहन गएको हो ।

मुन्सीहरूको वंशावलीमा उल्लेख गरिएअनुसार अग्लो ठाउँमा रहेको ~ मा नै लिच्छवि राजाहरूको दर्बार थियो।

**लगना** (**लग्ना**) (हुम्ला, तिब्रीकोट)

१. [?, लागना] डाँडा तथा लेकलाई काटेर एक भागबाट अर्को भागमा जाने अग्ला अग्ला देउराली (भन्ज्याङ-हरूलाई स्थानीय बोलीमा ~ भनिन्छ। जस्तै हुम्ला जिल्ला-स्थित न्यालु ~ (करीब १७०० फीट), नारा ~ (१६०८५ फीट) आदि ।

**लमजुङ** (गण्डकी अञ्चल)

१. [ति० ला + मा + जोङ्ग] तिब्बतीभाषामा 'लामा' को अर्थ 'बुद्धिको समुद्र' र 'जोङ्ग' को अर्थ 'किल्ला' हुन्छ । कुनै लामाले बनाएको किल्ला हुनाले 'लामाजोङ्ग' भन्ने नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ~ नाम रहेको प्रतीत हुन्छ।

२. [?, लाम + जोङ्ग] **दुरा डाँडा**मा बस्ने कुस्माकर घिमिरे र खजे दुराले कास्कीका राजा कुलमण्डन शाहका सात भाइ छोराहरूमध्ये लामबाट अलि छुट्टिएर सुतेका कान्छा छोरा यशोब्रह्म शाहलाई आफ्नो राजा थाप्नको लागि मागेर लगेका हुँदा लामबाट झिकेर लगिएको राजाको नामबाट राज्यको नाम नै 'लामजोङ्ग' हुन गयो। त्यसैको अपभ्रंश भई ~ नाम रहेको हो । (८८–३/१२८)

कास्कीका राजा कुलमण्डन शाह (सोह्रौं शताब्दीको पूर्वार्द्ध) का दोस्रा छोरा कालु शाहलाई पनि दुरा जातिले आफ्नो क्षेत्रको राजा बनाउन मागेर लगेका थिए । तर उनलाई शेगन्त जातिका मानिसहरूले शिकार खेल्ने निहुँले जङ्गलमा लगी विषालु वाणद्वारा हत्या गरेपछि दुराहरूले आफ्नो निर्दोषिता देखाएर 'जेठो बाहेक एकलाई रोजेर लैजानू' भन्ने राजाको अनुमति पाएका थिए।

**लमागे खोला** (पर्वत)

१. [ने० लामो+खोला] घण्टे देउराली भन्ने स्थानबाट मूल फुटेर पश्चिममा काली नदीमा मिसिने लामो खोला भएको हुनाले ~ भन्ने नाम रहन गएको अनुमान हुन्छ। (८८–३/४४४)

यो खोला तीन कोस (करीब १० किलोमिटर) लामो छ।

**ललितपत्तन** (ललितपुर)

१. [सं० ललित+पत्तन] ललितारण्य भन्ने बन फाँडेर बसाइएको नगर हुनाले ~ भन्ने नाम रहन गएको हो। हेर्नुस् ललितपुर र पाटन ।

वंशावलीअनुसार कलिगताब्द ३५५५ फाल्गुन शुक्ल ३ रोजका दिन वन फाँडी शहर बसाउन आरम्भ गरिएको थियो । राजा शिवसिंह मल्लको स्वयम्भू शिलालेख (ने० सं० ७१५ तदनुसार इ० सं० १५९५) मा ~ शब्दको प्रयोग गरिएको छ।

२. [सं० ललित+पत्तन] ललित भन्ने सबभन्दा बूढो ज्यापूले **सात दोबाटो**मा बसेर मत्स्येन्द्रनाथको स्थापना-सम्बन्धी विवादमा पनपक्ष्य गरी फैसला सुनाएको हुँदा सात-वटा ओखल समेत भासिएको ठाउँ हुनाले ~ भनिएको हो। (८८–२/८५४)

**ललितपुर** (काठमाडौं उपत्यका)

१. [सं० ललित+पुर] पुरानो नाम ललितपत्तनको आधारमा ~ भन्ने नाउँ रहन गएको हो। हेर्नुस् पाटन र यल।

२. [सं० ललित+पुर] राजदर्बार, बौद्ध स्तूप र कमलपोखरी आदिले गर्दा निकै रमणीय देखिने शहर भएको हुनाले ~ भन्ने नाउँ रहन गएको हो ।

बौद्ध धर्मचक्रको आकारको परिकल्पना गरी प्राचीन, विशेष गरेर वज्रयानी बौद्ध धर्मको केन्द्रको रूपमा रहेको

यस नगरको निर्माण गरिएको हो भन्ने विश्वास गरिन्छ । यो नगरको चारै दिशामा चारवटा स्तूपहरू निर्माण गरिएका छन् । नगरको पूर्वतर्फ रहेको स्तूपलाई त्यताथूर, पश्चिममा रहेकोलाई पुचथूर, दक्षिणमा रहेकोलाई लगंख्यथूर र उत्तरमा रहेकोलाई वेलाछेंथूर भनिन्छ । भारतका सम्राट् अशोकले (वा अशोकका दूतले) यी स्तूपहरू बनाउन लगाएका हुन् भन्ने जनधारणा रहेको छ । विक्रम संवत्को चौथो शताब्दीमा यस नगरको निर्माण गरिएको अनुमान छ । भीमसेन-मन्दिरको उत्तर–पश्चिमतिर रहेको **पटको** भनिने एक ढिस्कोलाई किरातकालीन दर्बारको भग्नावशेष मानिएको छ ।

३. [ सं० ललित+पुर ] ललित भन्ने ज्यापूको आसाम कामरूप कामाक्षाबाट मत्स्येन्द्रनाथलाई बोकेर ल्याई स्थापना गरेको शहर भएको हुनाले ~ भन्ने नाम रहन गएको हो ।(१२४/?)

**लाजिम्पाट** (काठमाडौं)

१. [सं० राज+पट्टन] आफ्नो साथमा चीनका राजकुमारसहित विभिन्न शिल्प जान्ने कालीगढहरू ल्याई महाचीनको पञ्चशीर्ष भन्ने ठाउँबाट आएका मञ्जुश्रीले बसाएको शहर 'राजपट्टन' भनिएको थियो र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो ।(१३६/६३)

**लाटीकोइली** (सुर्खेत)

१. [?] लाटीकोइली मन्दिर रहेको ठाउँ हुनाले ~ भनिएको हो ।(८८–४/६१६)

यहाँ प्रताप शाही र मान शाहीको राज्यकालमा सं० १६३६ मा बनेको मन्दिर छ । त्यस बखत यस मन्दिरको पुजारीमा आत्मानाथ र लगननाथ जोगी रहेको कुरा मन्दिरको द्वारमाथि रहेको शिलालेखबाट बुझिन्छ । (८८–४/६१६)

**लामटाङ खोला** (रसुवा)

१. [ने० लामटाङ+खोला] लामटाङ हिमालको पाँचबाट निस्केको नदी हुनाले ~ भनिएको हो ।

**लामाथाडा** (जुम्ला)

१. [?, लामो+थाडो] स्थानीय भाषामा 'लामा' र 'थाडा' भनेको क्रमशः लामो छाना हुन्छ । सम्भवतः पुराना राजाहरूको लामो छाना भएका राजप्रासादहरू भएको ठाउँ हुनाले ~ भनिएको होला (८८–४/४५७)

वर्तमान हार्टसिजा (हाडसिजा) गाउँनजीकै पूर्वतिर ~ भन्ने ऐतिहासिक डाँडाको थुम्कोमा राजप्रासादका भग्नावशेषहरू छन् । त्यहीं नै कनकासुन्दरीदेवी र त्रिपुरा-सुन्दरीदेवी (जालपादेवी) का मन्दिरहरूको साथसाथै दुईवटा बाघका प्रस्तरमूर्तिहरू पनि छन् जसलाई स्थानीय प्रचलनमा आकाशबाट झरेको स्यूबाघ भनिन्छ ।(८८–४/४५७)

**लामापाँगो** (भक्तपुर)

१. [नेवा० लामा+पाँगो] तिब्बती लामा अर्थात् मिला रेपा (जन्म इ० सं० १०५२) ले तपस्या गरेको गुफा हुनाले नेवारीभाषामा ~ भनिएको अनुमान हुन्छ ।(१६/२७३)

तिब्बती यात्रीहरू अद्यावधि यस गुफाको दर्शन गर्न जान्छन् । यो गुफा भादगाउँ जाने बाटोमा छ । त्यहाँ नेपाल-तिब्बत सीमामा किरौंगभन्दा केही कोस पूर्व क्याङ्गसा गाउँका मार्पाका चेला मिला रेपाले तपस्या गरेका थिए (१६/२७३) । आर्यघाटको एउटा ओडारमा एघारौं शताब्दी-का तान्त्रिक सिद्धहरूका अग्रणी नारो पा बसेको ओडार भन्द-छन् र नेपाल आउने तिब्बती यात्रीहरू त्यसको पनि दर्शन गर्न जान्छन् । (१६/२५७)

**लामाबगर** (दोलखा)

१. [ने० लामो + बगर] गौरीशङ्करपर्वतको फेदीमा कोसीबगर साँघुरिएर लामो एउटा बगर भएबाट उक्त ठाउँको नाम ~ रहन गएको हो ।(८८–२/६७)

यहाँ **भोटेकोसी** करीब आधा माइल भूमिगत भएर बग्छ । जमीनभित्र पानी पस्ने ठाउँमा ठूलो टाँड परेको र नदीले विचित्र प्रकारले ढुङ्गा काटेको छ । शेर्पा जातिका मानिसहरूको बसोबास भएको यहाँको माथिल्लो गाउँमा कन्ग्यू भन्ने गुम्बा छ । यहाँका गुम्बाहरूमा प्राचीन मूर्तिहरू

प्रशस्त छन् । पुस महीनामा दुई दिन 'तोक्या' उत्सव लामा नाचहरूसहित मनाइन्छ ।(८८–२/९७)

**लामाविष्णु** (लेकपर, जुम्ला)

१. [ने० लामा+सं० विष्णु] बौद्धमार्गी भोटेहरूले लामा र मस्टो सम्प्रदायका हिन्दूहरूले विष्णुको रूपमा पूजाआजा गर्ने थलो हुनाले ~ भनिएको हो।(३०/६३-६४)

जालन्धरी राजाको पालामा **जडान** (मुगु आदि ठाउँ) बाट अवतारी लामा आई अनेक चमत्कार देखाएपछि यो ठाउँ ~ नामले प्रसिद्ध हुन गयो। यहाँ मानिसहरू 'लामा पनि उही, विष्णु पनि उही' भनेर पूजाआजा गर्छन्। ~ को स्थानमा हिंसाकर्म वर्जित छ। पशुको भोग नखाने भएकोले यी देवतालाई टाटघा हाल्या रोटी, खीर, सेजो (सात्तुको भोग) चढाउँछन्। यहाँका बूढा क्षेत्रीले ~ को धामी हुने बित्तिकै टुपी फ्याँक्छ र लामाकै वेषभूषा पहिरी लामाकै भाषामा पतुर्ने गर्दछ । श्रावणपूर्णिमा, ज्वारे पूर्णिमा (असोजको पूर्णे), अनन्तपूर्णिमा, कार्तिकपूर्णिमा, भैलोपूर्णिमा (मंसीरको पूर्णे), माघे पूर्णिमा र वैशाखपूर्णिमामा ~ को थलामा चारैतिरबाट बौद्धमार्गी र हिन्दूहरू भेला हुन्छन् । (३०/६३–६४)

**लाम्रा** (पाँचसय दरा, जुम्ला)

१. [ने० लामो+रह>लामीरह>लाम्रा] लामो दह जमेको हुनाले 'लामोरह' वा 'लामीरह' भनिएको र त्यसैको अपभ्रंश भई ~ नाउँ रहन गएको प्रतीत हुन्छ।(१२७/३७)

असी दरासित पश्चिमपट्टि जोडिएरै रहेको पाँचसय दराको मुखैमा रहेको ~ गाउँदेखि खलङ्गासम्म तिलानदीको दह जमेको भए दुई कोस जति लामो रह पर्दो हो र उहिले यहाँ दह रहेको अनुश्रुति छ। (१२७/३७)

**लायकू (लाय्कू)** (काठमाडौं)

१. [सं० राज+कुल>लाय्कुल>लाय्कू] संस्कृतभाषामा 'राजकुल' भनेको 'राजाको घर' वा 'राजदरबार' हुन्छ । त्यसैबाट अपभ्रंश भई नेवारीमा ~ भन्ने नाम रहन गएको हो ।

काठमाडौं, भक्तपुर, ललितपुर र बनेपामा मल्लकालीन ~ हरू रहेका छन् ।

**लायकूसा: टोल** (काठमाडौं)

१. [नेवा० लाय्कू+साल+त्वाल] नेवारीभाषामा 'लाय्कू' भनेको 'राजदरबार', 'साल' भनेको 'तेल पेल्ने कोल' र 'त्वाल' भनेको 'टोल' हुन्छ। तसर्थ दरबारको तेल पेल्ने कोल रहेको टोल भन्ने अर्थमा ~ नाउँ रहेको प्रतीत हुन्छ।

**लिखु** (नुवाकोट)

१. [ति० लि+खु] तिब्बत-बर्मेली भाषामा 'खु' प्रत्ययले 'नदी' भन्ने अर्थ बुझाउँछ। कविलास पर्वतबाट उत्तर हुँदै हानिएर बग्ने नदी हुनाले ~ नाउँ रहन गएको होला।

भालु डाँडाले अलग्याएको यो खोला नुवाकोट-दरबारको चार माइल पर चौघडानेर तादीमा मिल्छ।

**लिमी** (हुम्ला)

१. [?] नालकङ्कर हिमाल (२४०६४ फीट) को काखमा उत्तर-पूर्व र दक्षिण-पश्चिम फैलिएर बसेको उपत्यका ~ भनिन्छ ।

यस उपत्यकामा करीब १२०००देखि १३००० फीटसम्मका उचाइमा पश्चिमबाट गन्ती गर्दा क्रमश: **तिल** (३५ ध्वाङ वा घरधुरी), **हल्जी** (६० ध्वाङ) र जाङ (४५ ध्वाङ) नामक तीन गाउँहरू छन्। समुद्र-सतहबाट १८००० फीटभन्दा अग्लो लापचा भन्ज्याङ भएर पश्चिम तिब्बतको पुराङ क्षेत्रसँग ~ को ऐतिहासिक सम्पर्क छ ।

**लिम्बुवान** (पूर्वाञ्चल)

१. [ने० लिम्बु+वान] लिम्बू जातिले बसोबास गरेको क्षेत्र हुनाले ~ भनिएको हो।

पहिले '**दश लिम्बुवान**' भनिने यस क्षेत्रमा कोसी अञ्चलका तेह्रथुम, धनकुटा र मेची अञ्चलका पाँचथर, ताप्लेजुङ र इलाम जिल्लाहरू रहेका छन्।

२. [लि० लिवावु+लिम्बुवान] लिम्बूभाषामा धनुषलाई 'लिवावु' भन्छन्। धनुर्धारीहरूको देश हुनाले 'लिवावु' भनिएको र त्यसैबाट ~ भन्ने नाम रहन गएको हो। (८८–१/३३२)

यस क्षेत्रका १७ थुममा राज्य गर्ने ८ जना राजाहरूलाई तिनका १० जना सरदारहरूले धनुर्वाणको मद्दतले मारेर

जितेको क्षेत्र हुनाले ~ भन्ने नाम राखिएको हो। (८८–१/३३२)

**लुँहिटी** (काठमाडौं)

१. [नेवा. लुँ+हिटी] नेवारीभाषामा 'लुँ' भनेको 'सुन' र 'हिति' भनेको 'धारा' हुन्छ। सुनको पाताले मोडेको धारा हुनाले ~ नाम रहन गएको हो (१३०/७०)। नेपालीमा यसलाई **सुन्धारा** भन्छन्।

यो धारा प्राइममिनिस्टर भीमसेन थापाको पालामा बनाइएको हो। ललितपुरमा पनि लुँहिति वा सुनधारा नामले प्रसिद्ध धारा नुगलटोलमा छ। यस टोललाई सुनधारा टोल पनि भन्छन्।

**लुङग्री** (रोल्पा)

१. [ति० लुँ+ग्री] तिब्बत-बर्मेलीभाषामा 'लुँ' भनेको 'सुन' र 'ग्री' भनेको 'कण' हुन्छ। सुनको मौले भएको नदी हुनाले हिउँदमा बालुवा चाली सुन समेत निकालिने हुँदा ~ भन्ने नाम रहन गएको होला।

रोल्पा जिल्लाको पूर्व भागमा बग्ने यस नदीको स्रोत जलजला, तीनपारे धुरी र सुनछहरी हो।

**लुभु** (ललितपुर)

१. [नेवा० लुँ+भु] नेवारीभाषामा 'लुँ' भनेको 'सुन' 'भु' भनेको थाल हुन्छ। परापूर्वकालमा गङ्गा महारानीले आफ्नो सुनको थाल (नेवारीमा 'लुँभु') समेत बेचेर निर्माण गरेको बस्ती हुनाले 'लुँभु' भन्ने नाउँ रहन गएको र यसैबाट ~ हुन गएको हो। (८८–२/८५६)

पुरानो बस्ती अग्लो भागमा रहेको र त्यसको मुनि महादेवको मन्दिर भएको हुँदा राज्यमा धेरै मानिसहरूलाई गाँड आएकोले गङ्गा महारानीले कसरी यो रोग व्यापक रूपमा फैलियो भनी बुझ्दा महादेवभन्दा अग्लो भागमा बस्ती बसेकोले महादेव रिसाउँदा यस्तो भएको हो भन्ने पत्ता लागेपछि नयाँ गाउँको निर्माण शुरू गरियो। तर गाउँ निर्माण गर्दागर्दै राज्यमा सबैसँग पूँजी सिद्धिएको हुनाले गङ्गा महारानीले आफ्नो 'लुँभु' (सुनको थाल) बेचेर बाँकी निर्माण कार्य समाप्त गराएकी थिइन्। (८८–२/८५८)

**लुम्बिनी** (कपिलवस्तु)

१. [?, रुम्मिनीदेवी > रुम्मिन्देइ > रुम्मिनी > लुम्मिनी > लुम्बिनी] रुम्मिनीदेवीको नाउँबाट रुम्मिनदेइ, रूपन्देही, रुम्मिनी, लुम्मिनी हुँदा ~ नाउँ रहन गएको हो। (८८–३/६५३)

कपिलवस्तुबाट करीब १० माइल पूर्व, भगवानपुरबाट २ माइल उत्तर र पदेरिआबाट १ माइल उत्तरमा पर्ने यसै ठाउँमा गौतम बुद्धको जन्म भएको थियो भन्ने सम्राट् अशोककोे शिलास्तम्भबाट प्रमाणित हुन्छ। सन् १८९६ मा जनरल खड्गशमशेर तथा जर्मन पुरातत्त्वविद् डा. फुररको संयुक्त प्रयासबाट ~ पत्ता लागेको थियो। जनरल केशरशमशेरले सन् १९३२ देखि १९३९ सम्म यहाँ व्यापक उत्खनन कार्य सञ्चालन गरेर वि.सं. १९६८ तिर (सन् १९११ तिर) लडेर पुरिएको **अशोकस्तम्भ** पुनः खडा गराए। त्यस स्तम्भको दक्षिणपट्टि रहेको पोखरीमा नै बालक गौतम बुद्धलाई नुहाइएको थियो भनिन्छ। ~ को पूर्वी छेउमा रूपन्देही नदी र रूपन्देही (मायादेवी) को मन्दिर पनि छ। मन्दिरमा सालको हाँगा समातेकी मायादेवीको मूर्तिलाई नै स्थानीय मानिसहरू रुम्मिनदेई भनेर पूजा गर्थे र कुखुरा र बोकाको बलि पनि चढाउँथे। त्यस मूर्तिमा भने ईसापूर्व ६२३ वर्षअघि शाक्यकुलमणि राजकुमार सिद्धार्थले राजा शुद्धोदनकी महारानी मायादेवीको कोखबाट लुम्बिनी-बगैंचामा जन्म लिएको घटना बोध गराउँथ्यो। पशुबलि दिइने र रातो सिंदूरले रंगाइने त्यो मूर्ति मायादेवीको नभई बौद्धअनुश्रुतिमा उल्लिखित प्राचीन ब्राह्मणदेवी अर्थात् रुम्मिनीदेईको हो भन्ने पनि एक थरीको मत छ। भारतका सम्राट् अशोकले ईसापूर्व २४९ मा यहाँ आई स्थापित गरेको **अशोकस्तम्भ** भैरहवाबाट तौलीहवा जाने बाटोमा पर्छ। ~ मा चैत्रपूर्णिमामा र वैशाखपूर्णिमामा मेला लाग्छ। सो दिन देश-विदेशका धेरै मानिसहरू भेला हुन्छन् र बुद्धको मूर्ति खटमा राखी यात्रा चलाइन्छ। संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमअन्तर्गत सन् १९६७ मा लुम्बिनी उद्यानको गुरुयोजना तयार पार्ने कार्य जापानका वास्तुकलाविद् प्रो. टाँगेद्वारा भएको थियो। (८८–३/६५३)

**लुम्बिनी अञ्चल** (पश्चिमाञ्चल)

१. [लुम्बिनी+सं० अञ्चल] गौतम बुद्धको जन्म-

स्थल लुम्बिनीको आधारमा अञ्चलको नाम नै ~ राखिएको हो । (१६८/१६७)

पहाडतर्फ गुल्मी, अर्घाखाँची, पाल्पा र तराईतर्फ कपिलवस्तु, रूपन्देही र नवलपरासी गरी ६ जिल्लाहरू समावेश भएको ~ ८६७१ वर्गकिलोमिटर (३६५८ वर्गमाइल) क्षेत्रफलमा फैलिएको छ । (१६८/१६७)

**लुँमडी** (काठमाडौं)

१. [नेवा० लुँ+मह्री] नेवारीभाषामा 'लुँ' भनेको 'सुन' र 'मह्री' वा 'मडी' भनेको 'रोटी' हुन्छ । एक जना ज्यापूले रोइरहेकी बालिकालाई आफ्नो खाजाको लागि ल्याएको रोटी दिंदा बालिका अलप भएको र रोटी चाहिं सुनमा परिणत भएको ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको हो ।

काठमाडौं टुँडिखेलको ईशान कोणमा रूखहरू उम्रेको गोलाकार ढिस्को नै ~ अर्थात् सुनको रोटी भनिन्छ । त्यो थुम्को लज्जापीठ पनि भनिन्छ । त्यहाँ स्थापित भद्रकाली-देवीको नाउँ समेत ~ देवी रहन गएको छ । कवि सुन्दरानन्दले 'त्रिरत्नसौन्दर्यगाथा' भन्ने आफ्नो कृतिमा उल्लेख गरेअनुसार यस ठाउँमा साधना गरेर गुणपाल भन्ने एक सिद्धले भैषज्यसिद्धि प्राप्त गरेको हुँदा भद्रकालीलाई वैद्यराज्ञीको संज्ञा पनि दिइएको छ । यहाँ चैत्र महीनामा पिशाचचतर्दशीको दिन भद्रकालीको पूजा तथा जात्रा गर्ने परम्परा छ ।

**लेखानी** (उदयपुर)

१. [म० ले+खानी] मगरभाषामा 'ले' भनेको 'छ' र 'खानी' भनेको 'तामा वा फलाम खानी' हुन्छ । 'खानी छ' अर्थात् 'खानी भएको ठाउँ' हुनाले ~ नाम रहेको हो ।

जङ्गबहादुरको समयमा पोखरी भन्ने ठाउँका रङ्गनाथ दहाल भन्ने एक धनाढ्य ठालूले गुप्त रूपले फलाम र तामा खानी खोलेर खूब पैसा जम्मा गरेका थिए । एक जना मगरले राजधानीमा उजूर गर्दा 'के खानी साँच्चै नै छ त ?' भन्ने प्रश्नको जवाफमा नेपाली बोल्न नजान्ने हुनाले 'ले खानी' अर्थात् 'खानी छ' भनेर दियो । पक्राउमा परेका रङ्गनाथले जङ्गबहादुरसमक्ष बयान दिंदा 'पूर्वको रंगे, पश्चिमको जंगे' भनेर जवाफ दिएका थिए । पछि त्यो खानी रहेको ठाउँमा बसेको बस्ती नै ~ भनिन थाल्यो ।

**लेले** (ललितपुर)

१. [?] लेले खोलाको उपत्यकामा रहेको गाउँ हुनाले ~ भनिएको हो । (८८–२/८५६)

~ उपत्यकाको पश्चिमी भागमा भरदेउफेदीबाट बग्ने नल्लु (नख्खु) खोला र लेले खोलाको दोभानमा टीकाभैरव स्थान र पूर्वी भागमा सरस्वतीकुण्ड छ । सरस्वतीकुण्डमा स्नान गरे विद्यालाभ हुन्छ भन्ने विश्वास गरिन्छ र प्रत्येक वर्ष वसन्त पञ्चमीको दिन ठूलो मेला लाग्छ । (८८–२/८५६)

**लोटनी** (बझाङ)

१. [ने० लोट्नु] महादेवका सोह्र रानीमध्येकी कान्छी रानी सुर्मा चिप्लेर लोटेको (लडेको) ठाउँ हुनाले ~ नाम रहन गयो ।

**सुर्मासरोवर**को नजीकै रहेको यस ठाउँमा यात्रुहरू पुग्दा लडीबुडी खेल्ने गर्छन् ।

**लोमान्टाङ** (मुस्ताङ)

१. [ति. ह्लो+मान्थाङ] तिब्बतीभाषामा 'ह्लो' वा 'लो' भनेको 'हरियो दूबो' र 'मान्थाङ' भनेको 'चहुर' हुन्छ । आमे पालले भेडा-बाख्राको बथान चरिरहेको हरियो दूबोले भरिएको समथल चहुरमा बनाएको राजधानी हुनाले 'ह्लोमान्थाङ' भनिएको हो र त्यसैको उच्चारण भेदले गर्दा ~ नाम रहेको हो । (१६२/१६१-१६२)

आजसम्म पनि ~ को चिह्नमा बाख्राको टाउको अङ्कित रहेको छ । नेपालीमा यो **मुस्ताङ** भनिन्छ ।

**लोरीकुदान** (कपिलवस्तु)

१. [?, लोरी+कुदान ?] राजा शुद्धोदनले आफ्ना छोरा सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त गरिसकेपछि बोलाई भेटेको 'निग्रोध आराम' भन्ने ठाउँ ~ नै हो भन्ने अन्दाज गरिएको छ । (८८–३/१०१९)

तौलिहवा बजारदेखि एक कोस जति दक्षिणमा रहेको यस ठाउँमा चारवटा थुम्का वा ढिस्काहरू र एउटा पोखरी छ ।

यी ढिस्काहरू प्राचीन स्तूप, मन्दिर, मठहरू भत्की अवशेषहरू थुप्रिएर बनेको देखिन्छ । (८८–३/१०१६)

**लौरीविनायक** (**लोह्लीविनायक**) (दुम्जा)

१. [ने० लौह्ली+विनायक] **गोसाईंथानका** तीर्थयात्रीहरूले गणेशको दर्शन गरेर आफ्ना हातको लौरो अर्थात् लठ्ठी त्यहीं छाडेर अगाडि जाने ठाउँ हुनाले गणेशको नाम नै ∽ रहन गएको हो । (११/६५)

दुम्जा गाउँनेर पर्वतमाथि पाषाणखण्ड रूपका ∽ गणेशको मन्दिर छ ।

**लौरोविनाको उकालो** (रसुवा)

१. [ने० लौरो+विना+उकालो] **गोसाईंकुण्डमा** पुग्न चन्दनबारीको डाँडो पार गरेर चालानपारि पुगेपछि उकालो चढ्दा आफ्नो सिङ्गो जीउ सम्हाल्न समेत मुश्किल हुने हुनाले तलबाट पहाडको बाटो टेकेर आएको लौरो (लठ्ठी) पनि छाडेर मुश्किलले आफ्नो जीउ धान्नुपर्ने भएकोले यस उकालोलाई ∽ भनिएको हो ।

**ल्हुति** (काठमाडौं)

१. [नेवा० लोहँ+हिति] नेवारीभाषामा 'लोहँ' भनेको 'ढुङ्गा' र 'हिति' भनेको 'धारा' हुन्छ । कान्तिपुरका राजा जयप्रकाश मल्लले (ने० सं० ८७५ मा) लहरै २१ वटा ढुंगे धाराहरू राख्न लगाएको ठाउँ हुनाले 'लोहँहिति' भन्न थालियो र यसैको अपभ्रंश भई ∽ नाम रहन गयो (१३०–७३) । हेर्नुस् बाइसधारा ।

बीचको बाइसौं ठूलो धारा चाहिं रणबहादुर शाहले वि० सं० १८५५ मा बनाउन लगाए । यी धाराहरूमा देवीघाट (त्रिशूली) को पानी आउने ठहर गरेर देवीघाटमा जस्तै चैत्रशुक्लपूर्णिमामा (ल्हुतिपुह्नी) मेला भर्ने चलन चलाइयो ।

# व

**वङ्गः** (**वङ्गल**) (काठमाडौं)

१. [नेवा० होङ्गल>ह्वङ्गल>वङ्गल] नेवारीभाषामा 'ह्वङ्गल' वा 'होङ्गल'को अर्थ हुन्छ ∽ सङ्गम वा दोभान । प्राचीन कालमा **वाग्मती** र विष्णुमती (कलामती) को सङ्गमस्थल हुनाले 'ह्वङ्गल' भनिएको र त्यसैको अपभ्रंश भई ∽ हुन गएको हो । (१६७/१२)

हाल यो स्थान नेपालीभाषामा **इन्द्रचोक** भनिन्छ ।

**वज्रयोगिनी** (साँखु, काठमाडौं)

१. [सं. वज्र+योगिनी] मणिचूड पर्वतमा दुई पहराको बीचबाट रश्मिको रूपमा प्रकट भएकी देवी हुनाले ∽ भनिएको हो ।

वज्रधर (वज्रसत्त्व) आदिबुद्धकी शक्तिको रूपमा ∽ लाई मान्दछन् ।

२. [सं० वज्र+योगिनी] बुद्धको तपस्याबाट खुशी भएर ढुङ्गामा प्रकट भएकी गिरिजा (पार्वती) नै ∽ नामले प्रसिद्ध भइन् ।* (५२/६)

**वज्रेश्वर** (बझाङ)

१. [सं० वज्र+ईश्वर] बझाङ राजाले आकाश छोला जस्तो गरी बनाएको आफ्नो कोटघरमा माथिको वज्रको प्रहार रोक्न स्थापना गरेको देवता हुनाले ∽ नाम रहन गएको हो । (४३/३६६)

बझाङ राजाको त्यो अग्लो कोटघर चैनपुरदेखि माथि डाँडाको टुप्पामा छ । त्यसको निर्माणपछि माथिको वज्रले हिर्काउन थालेकोले वज्र रोक्ने उपाय गरिएको हो भन्ने जनविश्वास छ ।

**वरदादेवी** (अछाम)

१. [सं. वर+दातृ+देवी] मागेको वर दिने भग-

---

* तपस्यां कुर्वतस्तस्य बुद्धस्य गिरिजा तदा ।
तुष्टा बभूव प्रकटा नाम्ना सा वज्रयोगिनी ॥
—नेपाल-माहात्म्य, अ. १, श्लो. ५६ ।

वती भन्ने अर्थमा गाजग (जुम्ला) गाउँमा रहेको त्रिपुरा-सुन्दरी देवी ⌒ नाममले प्रसिद्ध छिन् ।

कुनै समयमा जुम्लाका सिंजापति महाराजले अछाम जित्न त्रिपुरासुन्दरी देवीसँग वरदान मागेका थिए । त्यो वरदान सिद्ध भएपछि उनले गाजरा गाउँमा त्रिपुरासुन्दरीलाई इष्टदेवताको रूपमा स्थापना गरे । यी देवीसँग वरदान मागे सिद्ध हुने कुरा किंवदन्ती छ ।

**वराह** (पोखरा)

१ [सं० ] **फेवाताल**को गर्भभित्र वरिपरिका गाउँ सबै पुरिई माझको थुम्को मात्र बाँकी रहेको र त्यहाँ ग्यार्जातिको नाग गएर बसेकोले त्यसलाई पानीले डुबाउन सकेन भन्ने जनविश्वासअनुसार वराह (पानीबाट निस्केका देवता)को स्थापना गरिएको हो । (४३/१३०)

हर्पनको पुछार माझ थुम्कीमा वराहको मूलस्थान अद्यापि छँदै छ ।

**वराहक्षेत्र** (सुनसरी)

१. [सं० वराह+क्षेत्र] सप्तकोशी र कोका (कोकाहा) नदीको दोभानमा कोकामुख वराह, श्वेतवराह, नागेश्वर-वराह, सूर्यवराह, इन्द्रवराह, गुरुवराहका मन्दिरहरू रहेको हुनाले यो इलाका नै ⌒ भनिन्छ । (४६/६)

नेपाल अधिराज्यका सप्तरी, मोरङ, धनकुटा, उदयपुर र भोजपुर यी ५ जिल्लाहरू ⌒ मा मिल्दछन् । यहाँ हालै मान्छेभन्दा ठूलो एक वराहमूर्ति फेला परेको छ । बुधगुप्त (वि० सं० ५३३–५५७)का पालाको ताम्रपत्रानुसार पुण्ड्र-वर्धन भुक्तिमा महाराज जयदत्त (प्रान्तपति) को शासनकाल-मा त्यहींका नगरश्रेष्ठी रिभुपालले तीन दीनार (स्वर्णमुद्रा) को एक कुल्यवापका दरले खेत किनेर ⌒ मा रहेका कोकामुख भगवान्लाई चार र श्वेतवराह भगवान्लाई सात गरी जम्मा एघार कुल्यवाप (?) खेत डोङ्गाग्राम (सम्भवतः वर्तमान मोरङको 'डोङग्राहा') मा गुठी राखेका थिए । (४६/६)

**वरुण** (कोसी अञ्चल)

१. [सं० ] तिब्बतीभाषामा चुकचु भनिने ⌒ नदी मकालुतर्फबाट उत्पन्न भई बग्दै आएको छ । यस नदीको सिह्रानीमा सातवटा हिमदहहरू छन् ।

**वल्लोकिरात** (पूर्वाञ्चल)

१. [ने० ओल्लो+किरात] हेर्नुस् ओल्लो किरात ।

**वल्लो नुवाकोट** (नुवाकोट)

१. [नि. ओल्लो+नुवाकोट] काठमाडौं उपत्यकाको पश्चिमतिर सबभन्दा वर रहेको नुवाकोट हुनाले ⌒ भनिएको हो । हेर्नुस् नुवाकोट ।

**वागेश्वरी पोखरी** (नेपालगन्ज, बाँके)

१. [ने० वागेश्वरी+पोखरी] हेर्नुस् वागेश्वरी पोखरी ।

**वाग्द्वार** (काठमाडौं)

१. [सं० वाक्+द्वार ] काठमाडौं उपत्यकामा बग्ने बाग्मती (बागमती) नदीको मुहान हुनाले ⌒ भनिएको हो (३० क/१२७) ।

यसलाई वाग्धारा पनि भन्दछन् । यहाँ वैशाख-संक्रान्ति (१ गते) मेला लाग्छ ।

**वाग्मती/वाङमती** (काठमाडौं)

१. [ सं० वाक्+मती ] हेर्नुस् बाग्मती ।

**वाद्वँ** (थानकोट, काठमाडौं)

१. [नेवा० वा+द्वँ] नेवारीभाषामा 'वा' भनेको 'धान' र 'द्वँ' भनेको 'डंगुर' वा 'थुप्रो' हुन्छ । **चन्द्रागिरि** पर्वत र **दहचोक** डाँडाको बीचमा अवस्थित थानकोट उपत्यकामा धानका खेतहरूको माझमा रहेको एउटा थुम्को 'धानको थुम्को' वा 'धान्यगिरि' भनिने हुनाले यसको नाम ⌒ रहन गएको हो । (१२४/?)

**शोणितपुर**मा बिहान र बेलुकी २०/२० मुरी चामलको भात पकाएर खानुपर्ने एउटा दैत्यले एकपल्ट आफूसँग भएको धानको रास र आफ्नो आयुको हिसाब लगाएर हेर्दा एक छाक-लाई नपुग्ने देखी मर्नुअगाडि भोकै बस्नुभन्दा त अहिले नै बरु एक छाक नखाएर सुत्नु जाती भन्ठानेर बेलुकी केही पनि नखाई सुत्न गयो । भोलिपल्ट यो दैत्य उठेन र उससँग भएको धानको रास पनि पहाडमा परिणत भयो (१२४/?)

**वाणगङ्गा** (अर्घाखाँची)

१. [ सं० वाण+गङ्गा ] हेर्नुस् बाणगङ्गा ।

**वामीटक्सार** (गुल्मी)

१. [ ने० वामी+टक्सार ] नजीकैको तामाखानीबाट तामा निकाली टक मार्ने सरकारी कार्यालय रहेको ठाउँ हुनाले ~ भनिएको हो । (८८–३/७२७, १३७/१४६)

तमघासबाट पाँच कोस उत्तरतिर बडीगाड नदीको किनारामा रहेको यस स्थानमा वि० सं० १६६४–६५ सालमा **टक्सार** रहेको थियो । यहाँ वि०सं० १६०६ सालमा बनेको शिव र भगवतीको मन्दिर, वि. सं. १६७३ सालमा बनेको शिवमन्दिर र वि०सं० १६८८ सालमा निर्मित नारायणस्थान आदि छन् । (८८–३/७२७)

**वाल्मीकिनगर** (लुम्बिनी)

१. [ सं० वाल्मीकि+नगर ] हेर्नुस् बाल्मीकिनगर ।

**वासुकिक्षेत्र** (काठमाडौं उपत्यका)

१. [सं० वासुकी+क्षेत्र] हेर्नुस् बासुकि नागको क्षेत्र ।

**विजयपुर** (धरान, सुनसरी)

१. [ सं० विजय+पुर ] हेर्नुस् बिजैपुर ।

**विजयस्तम्भ** (सिन्धुपाल्चोक)

१. [ सं० विजय+स्तम्भ ] दुगुना गढीबाट वि० सं० १६११ मा भएको नेपाल र भोटको लडाइँमा विजयपछि यस गढीमा स्थापना गरिएको स्तम्भ हुनाले ~ भनिन्छ । (२६/६३)

**विजयेश्वर** (पशुपति, सूर्यघाट, काठमाडौं)

१. [सं० विजयवती+ईश्वर] मानदेव प्रथमकी पुत्री (बडामहारानी भोगिनीकी छोरी) विजयवतीले स्थापना गरेको शिवलिङ्ग हुनाले ~ भनिएको हो ।*(६५ क/११५)

*तीव्रप्रसादजलधौतमन:कलङ्का
पुण्यक्रियापरिचयैकरसानुरक्ता ।
लिङ्गन्तदत्र विजयेश्वरमक्षयाय
सातिष्ठिपज्जनमनोनयनाभिरामम् ॥
—अभिलेख-संग्रह, १, पृ० २४ ।

पशुपति-मन्दिरनेर सूर्यघाटमा संस्थापित शिवलिङ्गको पादपीठमा उत्कीर्ण संवत् ४२७ (इ० ५०५)को अभिलेखमा पाँचौं पंक्तिको दोस्रो हरफमा विजयवतीको सन्दर्भमा "..... प्रख्याता विविधकलाविचक्षणत्वात्" अर्थात् "किसिमकिसिमका कलामा सिपालु हुनाले प्रख्यात" भनिएको छ ।(८२ क/१६) ।

**विजयश्री** (पलान्चोक)

१. [ सं० विजय+श्री ] विजयस्वामीले स्थापना गरेको भगवतीको मूर्ति हुनाले ~ नाम रहन गएको हो । (६५क/१४४)

मानदेव प्रथमको पालामा पलान्चोक अभिलेख (इ० ५०३) मा भनिएको छ "सम्राट्गृहपते: पत्न्या विजयस्वामिन्या प्रतिष्ठापिता देवी भगवती विजयश्री:" (हेर्नुस् हिमवत्संस्कृति, १, पृ० ४) । ~ भगवतीकै मूर्तिको प्रतिकृति भन्न सकिने खालका अरू दुई मूर्ति नक्साल भगवती र शोभाभगवती (काठमाडौं) नाउँले प्रख्यात छन् । यी तीनै मूर्तिहरूलाई एउटै कलाकारले बनाएको भन्ने आख्यान प्रचलित छ तर त्यसमा कलाकारको बिजोगको बयान गरिएको छ । (६५ क/१४४)

**विदेह** (जनकपुर)

१. [ सं० वि+देह ] वशिष्ठ ऋषिको श्रापद्वारा शरीर नाश भएका देहहीन निमि राजाको छोरा हुनाले विदेह कहलाएका र स्वयं उत्पन्न भएकोले जनक नामले पनि प्रसिद्ध भएका राजाले राज्य गरेको प्रदेश हुनाले ~ नाम रहन गयो ।

~ राज्य भारतका सात महत्त्वपूर्ण राज्यहरू मध्ये एक मानिन्थ्यो । यसको राजधानी **मिथिला** अहिलेको **जनकपुर**लाई मानिन्छ । पछि वैशालीमा राजधानी सारियो ।

**विनायक** (अछाम)

१. [ सं० वि+नायक ] सम्भवत: गणेशको मन्दिर रहेको गाउँ हुनाले ~ भन्ने नाम रहन गएको हो । (५५/१५६,१२५ क/?)

यहाँ रहेका ढुङ्गाका सात वटा मन्दिरहरूमध्ये एउटा गणेश (विनायक) को मन्दिर हो भन्ने अनुमान हुन्छ ।

**विराटनगर** (मोरङ)

१. [सं. विराट+नगर] कुनै समयमा महाभारतमा उल्लिखित विराट राजाको राजधानी रहेको ठाउँ हुनाले ~ भनिएको हो। (६१/६२)

पहिले **गोग्राहा** भनिने ठाउँमा बसाइएको बस्तीलाई वि०सं० १९७३ मा केशरशमशेर जङ्गबहादुर राणाले ~ को संज्ञा दिएका हुन्। वि०सं० २०२६ मा भेडियारी भन्ने ठाउँमा भएको उत्खननबाट भेटिएका भग्नावशेषलाई विशेषज्ञहरूले दुई हजार वर्षभन्दा प्राचीन बताएका छन्। शायद यो कुनै प्राचीन राजाको राजधानी थियो जसलाई कालान्तरमा विराट राजा ठानियो (६१/६२)। ज्ञातव्य के छ भने झापाका आदिवासीहरूले आफूलाई कीचक र विराट राजाका सन्तान मानेर राजवंशी भन्ने गरेका छन्। (१३५/?)

**विराटपोखरी** (महेशपुर, झापा)

१. [ने० विराट+पोखरी] विराट राजाले खनाएको विशाल पोखरी मानिने हुनाले ~ भनिन्छ। (८८–१/२२१)

अहिले यो विशाल ~ धान-खेतको रूपमा छ।

**विशालनगर** (काठमाडौं)

१. [सं० विशाल+नगर] प्राचीन कालमा शङ्खमूल-देखि बूढानीलकण्ठसम्म फैलिएको ठूलो ऐतिहासिक शहर हुनाले ~ नाम रहन गएको हो।

**विश्रामपुर** (रौतहट)

१. [सं० विश्राम+पुर] कुनै समयमा आराम लिने राजदरबार रहेको ठाउँ हुनाले ~ नाम रहेको हुन सक्छ। (८८–२/१०३५)

करीब ४.३ हेक्टर जमीनमा फैलिएको राजदेवी पोखरी र धनगढी भन्ने ढिस्को पुरातात्त्विक अन्वेषणका विषय हुन सक्छन्। धनगढी ढिस्कोबाट ठूलठूला पुराना ढुङ्गाहरू फेला पर्दछन्। (८८–२/१०३५)

**विष्णाप** (शिवपुरी, काठमाडौं)

१. [सं. विष्णु+आप] शिवपुरी लेकको दक्षिणी पानीढलोमा करीब २४३० मिटरको अग्लाइमा रहेको विष्णुमती नदीको मुहान ~ अर्थात् विष्णुको जल भनिन्छ।

**विष्णुमती** (काठमाडौं)

१. [सं. विष्णु+मती] **विष्णाप**बाट बग्ने नदी हुनाले ~ नाम रहन गएको हो।

**वीरगन्ज** (पर्सा)

१. [ने. वीर+गन्ज] वीरशमशेर (प्रधानमन्त्रित्व-काल–इ० १८८५–१९०१) को पालामा बारापर्सा जिल्लाको सदरमुकाम बनेको पहिलेको गहवा भन्ने ठाउँ ~ भनिन थाल्यो। (८८–२/११५६, १५५/१६)

पहिले बारा-पर्सा जिल्लाको सदरमुकाम अलौमा 'अलौ-काण्ड' (जुलाई १८४७) ले गर्दा लामो समयसम्म अराजकता रहेकोले २ कोस पूर्वतर्फ रहेको गहवा गाउँमा सदरमुकाम सारिएको थियो। (८८–२/११५६)

**विरूपाक्ष** (पशुपति, काठमाडौं)

१. [सं० विरूप+अक्ष] संस्कृतभाषामा 'विरूप' अर्थात् रूप, स्थिति वा संख्याको दृष्टिले असामान्य र 'अक्ष' अर्थात् आँखा भएको मूर्ति हुनाले ~ भनिएको हो।

शिवको एक गण (राक्षस) वा स्वयं शिवलाई नै पनि ~ भनिएको पाइन्छ। बाक्ला ओठ, चेप्टो नाक, राम्रा छाँट परेका आँखा आदिबाट अनार्य वा मङ्गोल बान्कीको मुखाकृति भएको ~ मूर्तिको निधारमा तेस्रो नेत्र पनि स्पष्ट देखिने हुनाले यसलाई शिवको मूर्ति भनेर चिन्न त्यति गाह्रो छैन। ऊर्ध्व-लिङ्गका रूपमा देखाइएको यो शिवमूर्ति जमीनमा आधा गाडिएको छ। यो मूर्ति कम्मरदेखि उँभो नाङ्गै छ र जनै नभएको स्पष्ट देखिन्छ। यसको घाँटीमा दुईवटा छुट्टा-छुट्टै मसिना धागाहरू छन् र कानमा विचित्र आकारका कुण्डलहरू छन्। यस मूर्तिको केशविन्यास विचित्र खालको छ। कुमसम्म आउने गरी केशका लट्टा झुण्डिएका छन्। दुवै हात जमीनमुनि छोपिएका हुनाले तिनमा के-के छन् भन्न सकिदैन। शैलीको हिसाबले यसलाई चौथो शताब्दीको अन्ततिरको मूर्ति भन्न सकिन्छ। भक्तजनहरू बागमतीमा नुहाइसकेपछि यस मूर्तिको टाउकामा पानी खन्याई अर्चना गर्छन्। यो मूर्ति रहेको सानो मन्दिरको एक कुनामा ~ की आमाको मूर्ति भनिने तर वास्तवमा चाहिं सूर्यमूर्ति देखिन्छ। (७० क/९४–९५)

२. [ग्रीक. इडिपस Oedipux > विदुपक्ष > विरूपाक्ष] ग्रीसको पौराणिक कालका सुप्रसिद्ध राजा इडिपस (Oedipux) ✓ बाट अपभ्रंश हुँदा 'विदुपक्ष' भनिएको र त्यसबाट पनि अपभ्रंश भई ✓ नाम रहन गएको हो। (१२६ क/१२६)।

"काठमाडौंको पशुपतिछेवैंको विरूपाक्षको कथा ग्रीसको पौराणिक कालको सुप्रसिद्ध राजा इडिपसको कथासँग जोडिन पुगेको छ" (हेर्नुस्: मी. सु. नारायणप्रसाद श्रेष्ठ, "पाल्पा कि बालवा ? कल्पना कि वास्तविकता ?" मधुपर्क, वर्ष १७, अङ्क ४, भदौ २०४१, पृष्ठ १२६)।

**वीरेन्द्रनगर** (सुर्खेत)

१. [सं० वीरेन्द्र+नगर] वि०सं० २०२३ सालदेखि आबादी र बसोबास हुन थालेको पहिले चौभानचौर भनिने यस स्थानमा गोठीकाँडाबाट जिल्लाको सदरमुकाम सारिएपछि नगर विकास गर्ने सिलसिलामा तात्कालिक श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव (वर्तमान श्री ५ महाराजाधिराज) को नाउँबाट यस ठाउँको नामकरण ✓ गरिएको हो। (८८–४/६१४)

**वेत्रावती** [रामकाली गाउँ, धैबुङ, नुवाकोट]

१. [सं० वेत्र+वती] हेर्नुस् वेत्रावती।

**वैश्वानर–ज्वालाक्षेत्र** (दुल्लु)

१. [सं० वैश्वानर+ज्वाला+क्षेत्र] वैश्वानर अर्थात् शिव (अग्नि)को ज्वाला मानिएका नाभिस्थान, शिरस्थान, पादुकास्थान र कोटेश्वर आदि रहेको क्षेत्र हुनाले ✓ भनिएको हो। (५५/१४४)

यस क्षेत्रमा शैवमन्दिर र मूर्तिहरू पाइन्छन्।

**व्यास ऋषि हिमाल** (महाकाली अञ्चल)

१. [सं० व्यास+ऋषि+हिम+आलय] व्यास ऋषिले तपस्या गरेको ठाउँमा रहेको हिमालय श्रृङ्खला हुनाले ✓ भनिएको हो (८८–४/६८८)।

सुदूर पश्चिमाञ्चलको सुदूर उत्तरमा रहेको ✓ मा सबभन्दा अग्लो चुचुरो अपि हिमाल (समुद्रको सतहबाट ७१३४ मिटर वा २३३६६ फीट), मयूर अथवा कापु लेख (६३६६ मिटर वा २०६८० फीट), नाम्पा हिमाल (६७५७ मिटर वा २२१६२ फीट) आदि हिमशिखरहरू छन्। (८८–४/६८८) ✓ को काखतिर बस्ने मानिसहरू व्यासी वा सौका भनिन्छन्।

**व्यासगर्खा** (दार्चुला)

१. [ने० व्यास+गर्खा] व्यास ऋषिले तपस्या गरेको क्षेत्र हुनाले ✓ भनिएको हो।

**व्यासगाउँ** (दार्चुला)

१. [ने० व्यास+गाउँ] व्यास ऋषिले तपस्या गरेको ठाउँमा रहेको गाउँ हुनाले ✓ भनिएको हो। (८८–४/६८८)

परापूर्व कालमा व्यास ऋषिले यसै ठाउँमा बसेर तपस्या गरेका र वेदहरू लेखेका थिए भन्ने जनश्रुति छ। (८८–४/६८८)।

**व्यासगाड** (डोल्पो)

१. [सं० व्यास+गर्त] व्यासहिमालबाट निस्केर आएको खोलो हुनाले ✓ नाम रहन गएको हो। (१११/११२)

यो खोलो (स्थानीय भाषामा गाड) भैरवो नदीको सहायक नदी हो।

**व्यासगुफा** (तन्हौं)

१. [ने० व्यास+गुफा] महर्षि व्यासले तपस्या गरेको गुफा हुनाले ✓ नाम रहन गएको हो। (६४/८)

यो गुफा दमौली नजीकै छ। त्यसको नजीकैको बस्तीलाई व्यासनगर भन्दछन्।

**व्यासाश्रम** (डोल्पो)

१. [सं० व्यास+आश्रम] व्यासहिमाल (समुद्रसतहबाट २०६०५ फीट अग्लो) को काखमा रहेको मनोरम पाटनमा व्यास ऋषिको आश्रम थियो भन्ने धारणाअनुसार यो ठाउँ ✓ भनिएको हो। (१११/११२)

यस ठाउँमा हिन्दू तथा बौद्ध दुवैले मानिआएको एउटा तीर्थस्थल छ जहाँ केही देवालय पनि छन्। यहाँ श्रावणपूर्णिमाका दिन ठूलो मेला लाग्छ।

# श

**शङ्खदह** (जुम्ला)

१. [सं० शङ्ख+दह] शङ्खको आकार परेको दह हुनाले ~ भन्ने नाम रहन गएको हो। (१२७/२०)

यस दहको पानी पश्चिमतिरबाट खोलिएर बिष्टदहमा मिसिन पुग्छ।

**शङ्खपुर** (काठमाडौं)

१. [सं. शङ्ख+पुर] सात गाउँलाई एकजूट पारेर **शङ्खको आकारको शहर बसालिएको हुँदा** ~ भन्ने नाउँ **रहन गएको हो**। (१६०/७४)

जोगदेव वज्राचार्य (**भाषा सिद्धि वज्राचार्यका उत्तराधिकारी**) **ले उग्रतारा** खड्गजोगिनीको निर्देशनानुसार कलिगत १८०१ मा सात गाउँलाई एकजूट पारेर शङ्खको आकारको शहर बसाली एउटा रूखमुनि पल्टिरहेको बालक घरमा ल्याई पालेर शङ्खदेव नाउँको राजा पनि बनाइदिएका थिए। यस शहरका आठ द्वारहरूमा रक्षकको रूपमा अष्टमातृका राखिएका छन्। हाल **साँखु** भनिने यस शहरमा चैत्र शुक्ल पूर्णिमाका दिन एक हप्तासम्म खड्गजोगिनीको रथयात्रा गरिन्छ। (१६०/७५)

**शङ्खमूल** (पालुङ, मकवानपुर तथा ललितपुर)

१. [सं. शङ्ख+मूल] पश्चिमतिर सोल्टु (सोलु) **गाउँबाट सोल्टु** (सोलु) खोला, उत्तरबाट महादेव (पाण्डुकेश्वर) खोला र दक्षिणबाट हात्तीपाइला खोला पालुङ बजारनेर एकै ठाउँमा मिल्ने शङ्खको आकार परेको सङ्गमस्थल हुनाले ~ भनिएको हो। (८८–२/६८०)

२. **ललितपुरको** वाङमतीको एक घाट ~ नामले प्रसिद्ध छ।

**मकवानपुरको** यसै ठाउँको चौरमा जनैपूर्णेमा हिलोजात्रा मनाइन्छ र इन्द्रायणीदेवीको चौरमा तीन वर्षको एकपटक इन्द्रायणी मेला लाग्छ। (८८–२/६८०)

**शनिश्चरे** (झापा)

१. [सं. शनिश्चर] प्रत्येक शनिबारका दिन हाटबजार लाग्ने ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको हो।

**झापाको** सदरमुकाम **चन्द्रगढीबाट उत्तरतिर करीब १८** किलोमिटर टाढा यो ठाउँ रहेको छ।

**शहरतारा** (डोल्पा)

१. [म. शहर+तारा] मगरभाषामा बस्तीलाई 'तारा' भनिने र शहरजस्तो बस्ती भएको हुनाले ~ भनिएको हो। (८८–३/५७३)

~ गाउँको पुछारमा दुईतिर अजामुखी र बीचमा गोमुखी गरी लहरै तीनवटा धाराहरू छन्। तीनै धाराहरूको **मुख** सुनको जलप लगाइएको धातुको छ।

**शान्तिपुर** (काठमाडौं)

१. [सं. शान्ति+पुर] शान्तिकर गुभाजु नामका नामूद तान्त्रिकले अनावृष्टिको आपदबाट देशवासीहरूको रक्षार्थ **स्वयम्भूमा** बनाउन लगाएको आगम (आगँ) हुनाले ~ भनिएको हो।

सिम्भूको आगँको ढोकाभित्र बायाँपट्टि राखिएको शिलापत्रमा ने. सं. ७७८ मा प्रताप मल्लले स्वयं आफैंले आगँभित्र पसी ग्रन्थ झिकेर ल्याई **मखनका** गुभाजुलाई स्तोत्रपाठ गराउन लगाई वृष्टि गराएको कुरा अङ्कित छ।

**शामुंग-नाम्रेप्की-ला** (सोलुखुम्बु)

१. [शे. शामुङ्ग+नाम्रेप्की+ला] शेर्पाभाषामा 'शामुङ्ग' भनेको 'टोपीले', 'नाम्रेप्की' भनेको 'आकाश छुने' र 'ला' भनेको 'भन्ज्याङ' हुन्छ। समुद्रसतहबाट करीब ४ हजार मिटरको अग्लाइमा रहेको भन्ज्याङ हुनाले ~ भनिएको हो। (१५२/१७८)

**शारदानगर** (चितौन)

१. [सं. शारदा+नगर] शारदा शाहको नामबाट वि. सं. २०१३ सालतिर बसाइएको बस्ती हुनाले ~ भनिएको हो।

**शालिग्रामनदी** (गण्डकी अञ्चल)

१. [सं. शालिग्राम+नदी] विविध चक्रअङ्कित शालिग्राम पाइने भएकोले कालीगण्डकीलाई ⌣ भन्दछन्। (८८–३/७१८)

मुस्ताङ भोटको मुक्तिनाथ क्षेत्रबाट दक्षिणतर्फ बग्दै आएको यस नदीको शास्त्रीय नाम चक्रनदी हो।

**शिलादेवी** (डोटी)

१. [सं. शिला+देवी] लज्जाएकी पार्वती ढुङ्गामा परिणत भएकी हुँदा ⌣ भन्ने नाम रहन गएको हो। (२६/१२५) हेर्नुस् शैलेश्वरी।

**शिवगढी** (कपिलवस्तु)

१. [ने. शिव+गढी] जङ्गलको बीचमा रहेको शिवमन्दिरनजीकै बाँके जिल्लासँग सिमाना जोडिएको ठाउँमा रहेको गढी हुनाले ⌣ भनिएको हो। (३० क/१३४)

शिवमन्दिरमा शिवरात्रीमा मेला लाग्छ।

**शिवदेवविहार** (काठमाडौं)

१. [सं. शिवदेव+विहार] लिच्छवि अधिपति शिवदेवले आफ्नो नामले बनाएको विहार हुनाले ⌣ भनिएको हो। (१६/२८३)

सप्तम शताब्दीका अनेक शिलालेखमा यस राजविहारको उल्लेख भएको छ।

**शिवपुरगढी** (नवलपरासी)

१. [सं. शिव+पुर+ने. गढी ?] **त्रिवेणीबजार**-नजीकै दक्षिण-पश्चिममा रहेको ⌣ का छेउछाउ मन्दिरका भग्नावशेषहरू पाइएका छन्। यहाँ राजा भर्तृहरि निवास गर्थे भनिन्छ। (८८–३/८६४)

**शिवपुरी** (ललितपुर)

[सं. शिव+पुरी] ललितपुरबाट **पशुपतिनाथ**को दर्शन गर्न जानु निरापद नभएको हुनाले राजा सिद्धिनरसिंह मल्ल (इ. १६३१–१६५४) ले आफ्नै राजधानीमा पशुपतिनाथको मूर्ति स्थापना गरी सो ठाउँको नाम ⌣ राखेका थिए। (१६/१८२)

**शिवपुरी** (काठमाडौं)

१. [सं. शिव+पुरी] शिवलिङ्गमय ठाउँ भएको चुचुरो भएको हुनाले ⌣ भनिएको हो।* (५२/७३)

२. [सं. शिव+पुरी] शिवका गणहरू बस्ने नगर भएको हुनाले पहाडको नाउँ नै ⌣ रहन गयो।

**शिवभन्ज्याङ** (मकवानपुर)

१. [शिव+ने. भन्ज्याङ] पाण्डुकेश्वर महादेवको स्थाननजीकै पर्ने समुद्रसतहबाट ८२६२ फीटको अग्लाइमा रहेको द्यौराली हुनाले ⌣ भनियो।

त्रिभुवन-राजपथमा पर्ने यति अग्लो ठाउँमा जस्तो मोटर सडक संसारमा विरलै पाइन्छ।

**शैलेश्वरी** (डोटी)

१. [सं. शैल+ईश्वरी] शङ्करका साथ विहारको क्षणमा देवगणलाई देखी लज्जित भएकी पार्वती एक तालको माझमा विशाल हिमचुलीको आकारको शिलामा परिणत भएकी हुनाले ⌣ भन्ने नाउँ रहेको हो। (१४५/४८)

पार्वतीका साथ शङ्कर यस मनोरम स्थलमा विहार गरिरहेको वेला राक्षसहरूले देवलोकमा आतङ्क मच्चाउन लागेको हुँदा ब्रह्मा, विष्णु र इन्द्रादि देवगण शङ्करको खोजी गर्दै आइपुगे। जलक्रीडा गरिरहेकी पार्वती लजाई हिमचुलीको आकारमा उभिएको शिलामा परिणत भइन् र तालमा जल-भित्र नीलकमलजस्ता सुन्दर पार्वतीको पाउ देखी ब्रह्माजीले कर जोडी स्तुति गर्दा पार्वतीको प्रादुर्भाव भयो र शिलामा एक अंश रहने कुरा बताउँदै शत्रुको भय नरहने वरदान दिइन् (१४५/४८–५३)। डोटीको सदरमुकाम शिलगढीमा शैले-श्वरीको मन्दिर रहेको छ। वनवासको समयमा रामचन्द्रद्वारा

---

*अस्यार्धभागे सत्स्थानं शिवलिङ्गमयं शुभम्।
भविष्यति यतो लोकस्ततः शिवपुरी जगुः॥
–'नेपाल-माहात्म्य', अ. ७, श्लो. ६०।

स्थापना गरिएकी देवी हुन् भन्ने विश्वास गरिन्छ। (२६/१२५)

**शोणितपुर** (थानकोट, काठमाडौं)

१. [सं. शोणित+पुर] वाणासुरले सुनैसुनले बनाए-को शहर हुनाले ~ भनिएको हो*। (५२/८४) हेर्नुस् थानकोट।**

**श्रीमानविहार** (काठमाडौं)

१. [सं. श्री+मान+विहार] लिच्छवि राजा मान-देवद्वारा प्रतिष्ठापित विहार भएकोले ~ भन्ने नाम रहन गयो। (३४/११)

गोपाल वंशावलीअनुसार राजा मानदेवले आफ्ना पिता विश्वदेव वा वृषदेव (इसाको चौथो शताब्दी) लाई अज्ञानतावश वध गरेको हुँदा महाघोर पातक लागेकोले त्यो पापबाट मोचन हुन अनेकौं विहारहरूको निर्माण गर्ने क्रममा आफ्नो नाममा यो विहार प्रतिष्ठापित गरेका थिए (३४/११)।

परन्तु अहिलेसम्मको अनुसन्धानको आधारमा चाहिं वृषदेव-द्वारा नै यस विहारको प्रतिष्ठापन भएको अनुमान हुन्छ। वृषदेवको नामको अगाडि पनि 'श्रीमान्' शब्द प्रयोग भएको र उनी आफू पनि बौद्धधर्मका समर्थकसमेत भएको हुँदा उनले बनाएको विहारको नाम ~ रहन गएको प्रतीत हुन्छ।

**श्लेष्मान्तक वन** (काठमाडौं)

१. [सं. श्लेष्मान्तक+वन] संस्कृतभाषामा लप्सीलाई 'श्लेष्मान्तक' भनिने हुँदा नागह्रद तालको पानी बगेर गई पहिले ताल रहेको ठाउँमा लप्सीका रूखहरू उम्रिएको वन-जङ्गल देखा परेकोले त्यसको नाम ~ अर्थात् 'लप्सीको वन' रहन गयो। (१२०/६–१०)

शाल, ताल, तमाल, हिन्ताल (सानो ताल) आदिले भरिभराउ भएको, खजूर, सुन्तला, बिमिरा आदिले सिंगारिएको, विभिन्न झरनाहरू भएको, विभिन्न पक्षीहरूले शब्द गरिएको प्रदेशको नाम नै ~ राखियो*। यो देवीदेवताहरू रहेको तीर्थस्थल मानिन्छ।❁

# स

**सक्व** (काठमाडौं)

१. [नेवा. स+क्व) नेवारीभाषामा 'स' भनेको 'भोट' वा 'तिब्बत' र 'क्व' भनेको 'मुनि' हुन्छ। तिब्बतसँगको व्यापारको मूल बाटोमा पर्ने भोटकै मुनि रहेको ठाउँ अर्थात् नेवारीमा 'सँदेक्वय्' भन्ने अर्थमा ~ भन्ने नाउँ रहन गएको हो।

२. (सं. शङ्ख+पुर) शङ्खको आकार परेको शहर हुनाले संस्कृतमा 'शंखपुर' भनिएको र त्यसैको अपभ्रंश भई नेपालीमा साँखु र नेवारीमा ~ भन्ने नाउँ रहेको हो। हेर्नुस् शङ्खपुर।

**सखडा** (सप्तरी)

१. [सं. शक्र+अखडा+शखडा>सखडा] तिरहुतका राजा शक्रदेवले आफ्ना कुलदेवी शक्रेश्वरीको मन्दिर बनाई आफ्नो जीवनको शेष भाग बिताएको ठाउँ हुनाले

---

*वाणासुरो दैत्यराजः शोणिताख्ये पुरेऽभवत्।
–'नेपाल-माहात्म्य', अ. ८, श्लो. ७०।

**शोणितपुर हो प्राचीन नाउँ।
हुँदाहुँदा भो थानकोट गाउँ॥
हाल शहर भो झन् झन् राम्रो।
शोणितपुर नै घर हो हाम्रो॥
–लोकप्रकाश श्रेष्ठ 'ॐ'।

* श्लेष्मान्तकवनं तस्य पुरा नाम प्रतिष्ठितम्।
शालैस्तालैस्तमालैश्च हिन्तालैः परिपूरितम्॥
खर्जूरैर्नागरङ्गैश्च बीजपूरैश्च मण्डितम्।
नानानिर्झरणोपेतं नानापक्षिनिनादितम्॥
–'नेपाल-माहात्म्य' अ. १, श्लो. ७–८।

❁ सन्ति तीर्थान्यनेकानि श्लेष्मान्तकवने शुभे।
देवताः सकलास्तत्र स्थिता भक्तवरप्रदाः॥
–'नेपाल-माहात्म्य', अ. २, श्लो. २।

'शकअखडा' भन्ने नाउँ रहेको र त्यसैको आधारमा ~ हुन गएको प्रतीत हुन्छ । (८८–१/८२१)

राजविराजदेखि करीब ११ किलोमिटर टाढा रहेको यस ठाउँमा शक्रेश्वरी (छिन्नमस्ता भगवती) को स्थान छ । शक्रदेव (विक्रमजित हसरतको 'हिष्ट्रि अफ नेपाल' अनुसार सिंहदेव र एक वंशावलीअनुसार शक्तिदेव) ले सन् १३१० (शाके १२३२) मा आफ्ना छोरा हरिसिंहदेवलाई राजप्रतिनिधि बनाई आफूले यस ठाउँमा शेष जीवन बिताएको विश्वास गरिन्छ । यहाँ दसैंमा ठूलो मेला लाग्छ । (८८–१/८२१)

**सगरमाथा** (सोलुखुम्बु)

१. [सं. सगर+माथा] संस्कृतभाषामा 'आकाश' लाई 'सगर' र 'शिर' लाई 'माथा' भनिने हुँदा आकाशसम्म मस्तक पुगेको अर्थमा संसारको सबभन्दा अग्लो चुचुरोको नाम नै ~ हुन गएको हो । (४८/५७–५८)

**एभरेष्ट** नामले संसारप्रसिद्ध यस टाकुरालाई स्थानीय तिब्बतीमूलक भाषामा झोमोलुङमा वा झ्यामोलोङमा भन्दछन् । सन् १९२१ मा सर्वप्रथम ~ आरोहण गर्ने प्रयास भयो । सन् १९५३ को २९ मईका दिन ब्रिटिश पर्वतारोही दलमा सम्मिलित भै गएका नेपाली तेन्जिङ सेर्पा र ब्रिटिश एडमन्ड हिलारी सर्वप्रथम ~ को चुचुरोमा पुग्न सफल भए । यस आरोहणको रजत जयन्तीको सन्दर्भमा सन् १९७८ को मई २९ देखि जून ४ सम्म नेपालमा नेपाल पर्वतारोहण (सगरमाथा) सप्ताह २०३५ मनाइएको थियो र विशेष हुलाक-टिकट प्रकाशित भएको थियो । सन् १९७५ को १६ मईका दिन आङ छिरिङ सेर्पाको साथमा जापानी महिला जुन्को ताबेई र सन् १९७८ को १६ अक्टोबरका दिन चाहिं फ्रेन्च-जर्मन आरोहण दलकी सदस्या वाण्डा रुत्क्वीजा पनि ~ को चुचुरोमा पुगिन् (१५/२२१–२२२) । सन् १९८२ को ४ देखि ९ मईसम्म ११ जना सोभियत पर्वतारोहीहरूले सबभन्दा जटिलतम बाटो दक्षिण-पश्चिमको कोणबाट ~ आरोहण गरे जसमध्ये ४ जनाले त रातको समयमा आरोहण गरेर नयाँ कीर्तिमान पनि स्थापित गरेका थिए । उक्त शिखरमा पुग्न सफल भएका ११४ जना पर्वतारोहीहरूमध्ये १८ जना नेपाली छन् (कार्तिक २०३९ को तथ्याङ्क) । सोलुखुम्बु पाङ्बोचेमा जन्मेका २७ वर्षीय सुन्दर सेर्पा (१९ असोज २०३९) ~ को चुचुरोमा तीन पटक पुग्ने संसारका पहिला व्यक्ति हुन् । उनले सन् १९७९ मा जर्मन पर्वतारोही दलका साथ, सन् १९८१ मा अमेरिकी पर्वतारोही दलका साथ र सन् १९८२ मा क्यानाडाली पर्वतारोही दलका साथ ~ आरोहण गरे ।

**सगरमाथा अञ्चल** (पूर्वाञ्चल)

१. [सं. सगर+माथा+अञ्चल] विश्वको सर्वोच्च शिखर (समुद्र सतहबाट ८८४८ मिटर) सगरमाथाको आधारमा अञ्चलको नाम नै ~ राखिएको छ ।

पहाडतर्फ सोलोखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर तथा तराईतर्फ सिरहा र सप्तरी गरी ६ जिल्लाहरू समावेश भएको ~ को क्षेत्रफल १०६४५ वर्ग किलोमिटर (४८७३ वर्गमाइल) छ र सदरमुकाम राजविराजमा रहेको छ (१६८/१५५) ।

**सगरहवा** (कपिलवस्तु)

१. [? सगर+हवा] सगरनाम भन्ने तालको नाउँमा 'हवा' स्थानवाची प्रत्यय लागेर ठाउँको नाउँ नै ~ रहन गएको हो । (१७/३) ८८–३/१०१८)

कपिलवस्तुबाट तीन किलोमिटरमा पर्ने यस ठाउँमा सगरनाम ताल रहेको छ । यस ठाउँमा उत्खनन कार्य गर्दा १७ वटा स्तूपहरू भेटिएका थिए (१७/३) । यस स्थानमा बुद्धको जीवनकालमै महानाम शाक्यकी दासीपुत्री वासभ खत्तीया (कोशलनरेश प्रसेनजित्की रानी)बाट जन्मेका विरुढक राजाले जातीय भेदभावको भावनाले उत्प्रेरित भई शाक्यवंशको सामूहिक हत्या गरेको अडकल गरिएको छ । यस हत्याकाण्डमा मारिएका शाक्यहरूको स्मृतिमा ती स्तूपहरू खडा गरिएको अनुमान छ । यी स्तूपहरूभित्र कमलका आकारको इँट र त्यसमा अस्थि, सुनका नागहरू, त्रिशूल, माला इत्यादि राखिएको पाइन्छ । (८८–३/१०१८)

**संक्रान्तिडांडा** (आठराई)

१. [ने. संक्रान्ति+डाँडो] प्रत्येक संक्रान्तिका दिन ठूलो हाटबजार लाग्ने डाँडा हुनाले ~ भन्ने नाम रहेको हो । (८८–१/३३६)

आठराईको यो रमणीय स्थान समुद्रसतहबाट करीब

२०२१ मिटरमाथि अवस्थित छ।

**संखु** (काभ्रे)

१. [नेवा. सं.+खु] नेवारीभाषामा 'सं' भनेको 'उडुस' र 'खु' भनेको 'चोर्नु' हुन्छ। उडुसहरूले उडाएर अर्थात् चोरेर लगेको शहर हुनाले ~ भन्ने नाउँ रहेको होला। (८८—२/४८७)

अहिले ~ शहरको भग्नावशेष मात्र बाँकी छ। त्यसको नजीकै **नमुरा** रहेको छ।

**संखुवा** (संखुवासभा)

१. [?] कोसी नदीको जलाधारक्षेत्रभित्र रहेका अनेक थुमहरूमध्ये संखुवा नामक थुममा बग्ने नदी हुनाले ~ नाम रहेको होला। (८८—१/२८५)

**संखुवासभा** (कोसी अञ्चल)

१. [ने. संखुवा+सभा] संखुवा र सभा नामका नदीहरूको नामबाट जिल्लाको नाम पनि ~ राखिएको हो। (८८—१/२८५)

**संखुवा उत्तर** र **सभा उत्तर** भन्ने दुई थुम र अन्य पाँच थुमहरू मिलाएर यो जिल्ला बनेको छ।

**संझर** (मोरङ)

१. [?] संझर भनिने खोलाको नाउँको आधारमा धिमाल गाउँको नाम पनि ~ रहन गएको हो। (४५/१८)

**सतीको वन** (पनौती, खोपासी)

१. [ने. सती+को+वन] कुनै वेला (महारानी राजराजेश्वरीको समयतिर) पुण्यमती नदीको किनारामा तथाकथित पुण्य कमाउन खोज्नेहरूले एउटी अबलालाई उसको मृत पतिको चितामा सती पठाउने उद्देश्यले डढाएर खरानी पार्न खोज्दा त्यो विधुवा आत्तिएर लुक्न पुगेको जङ्गल हुनाले ~ भन्ने नाम रहन गयो। (६३/५)

**सत्तले** (नुवाकोट)

१. [ने. सात+तले] पृथ्वीनारायण शाहद्वारा निर्मित सात तला भएको महल हुनाले 'साततले' भनिएको र त्यसैको छोटकरी उच्चारण हुँदा ~ भन्ने नाम रहन गएको हो। (५/२३१)

सम्भवतः पहिले धेरै तला भएका ठूल्ठूला धर्मशालाहरू बनाइने हुँदा तिनको नाम पनि सत्तल अर्थात् साततला रहन गएको होला। जस्तै मरुसत्तल, सिंहसत्तल आदि।

**सत्यवती ताल** (पाल्पा)

१. [ने. सत्यवती+ताल] सत्यवती नामकी एउटी बाहुनीबज्यैले तपस्या गरेको ठाउँनेरै रहेको तलाउ हुनाले ~ भनिएको हो। (६७ क/७)

**तानसेनबाट पाँच कोस दक्षिण-पश्चिम र बुटवलबाट** दुई कोस टाढा कौडेलेक शृङ्खलाको पठारमा अग्लो भागमा दोभानको नजिकै यो ताल रहेको छ। वाक्य नफुटेका केटाकेटी-हरूलाई यस तालमा स्नान गराई जल खुवाएपछि बोल्न थाल्छन् भन्ने विश्वास गरिन्छ। (८८—३/७६६—७६७) मगराँतमा मानिने पूर्णिमा (कार्तिकशुक्लपूर्णिमा) को रात यहाँ ठूलो मेला लाग्छ, तर सूर्य नझुल्किँदै झिसमिसेमा यस तालमा स्नान गरी बहिरी सत्यवती बज्यैसँग ठूलो ठूलो स्वरले कराएर मनमानी वरदान मागी यात्रुहरू यहाँबाट प्रस्थान गर्छन्। खास गरी छोराछोरी नहुने आइमाईहरूले सन्तान माग्ने परम्परा छ। (६७ क/७, ८८—३/७६६—७६७)

**सत्यवतीमाई** (पाल्पा)

१. [ने. सत्यवती+माई] हेर्नुस् सत्यवतीताल।

**सदाशिवमल्लचोक** (भक्तपुर)

१. [सं. सदाशिव+मल्ल+ने. चोक] कान्तिपुरका राजा सदाशिव मल्ल (इ. सं. १५७६/१५८५) लाई भक्तपुरका राजाले समाती थुनेको चोक हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (१६/१३०)

राजा सदाशिव मल्ल आफूले पालेका घोडाहरूलाई रैतीहरूको खेतमा स्वच्छन्द छाडिदिन्थे। राजाको यस्तो व्यवहारले असन्तुष्ट भएका प्रजाले एक दिन राजालाई मनोहराको किनारमा भेटेर नोल र मुंग्रोले आक्रमण गर्दा उनी भागी भक्तपुर पुगे। भक्तपुरे राजाले उनलाई समाती आफ्नो

दरबारको एउटा चोकमा थुनिराखे । केही कालपछि उनी त्यहाँबाट पनि भागी बेपत्ता भए । (१६/१३०)

**सपादलक्ष** (मध्य पहाडी प्रदेश)

१. [सं. सपाद+लक्ष] प्राचीन कालमा वर्तमान नेपालको पश्चिमी तथा मध्य पहाडी प्रदेश ~ भनिन्थ्यो। (५६/३१)

वर्तमान नेपालको सम्पूर्ण पश्चिमी भाग र हालको भारतको गढवाल, अलमोडा तथा नैनीताल जिल्लाहरू ~ का टुक्रिएका अङ्ग हुन् । यहाँका प्राचीन बासिन्दाहरू खस थिए । भारततिर बोलिने कुमाउनी भाषा र नेपालतिर बोलिने डोटेलीभाषा खस कुराकै शाखा सन्तान हुन् । (५६/३१)

**सप्तकोसी** (पूर्वाञ्चल)

१. [सं. सप्त+कौशिकी] प्रसिद्ध सात नदीहरू (सुनकोसी, तामाकोसी, लिखु, दूधकोसी, अरुण, तमोर र इन्द्रावती) को समुदाय हुनाले संस्कृतभाषामा 'सप्तकौशिकी' भनिएको र त्यसैको अपभ्रंशबाट ~ नाम रहन गएको हो । (११८/१०४३)

कञ्चनजङ्घा र गोसाइँथानको बीच तम्मर (तमोर), अरुण, इन्द्रावती, सुनकोसी, दूधकोसी, लिखु र तामाकोसीको प्रवाहभूमि पर्छ । हिमालबाट डाँडाकाँडालाई सम्याउँदै जाँदा जो अघि पुग्छ उसैले दूधकोसीसित बिहे गर्नेछ भन्ने कबूल-अनुसार मामा अरुण त्यसै बगेकोले भानिज तम्मरचाहिं अर्कै बाटो जान्छु भनी फर्कियो र पछि मामाले फकाई सुनकोसी-सँग बिहे गरिदिए भन्ने लोकको धारणासँग प्रकृतिको बनावट पनि मिल्छ । यी सातै कोसी एक समूह भएर बग्न थालेको सङ्गम (त्रिवेणी) विचित्र ढङ्गको देखिन्छ ।

**सप्तगण्डकी** (पश्चिमाञ्चल)

१. [सं. सप्त+गण्डकी] मध्यपश्चिमी नेपालमा प्रवाहित सात नदीहरू (तादी, मादी, मर्स्याङ्दी, त्रिशूली, कालीगण्डकी, सेती र बूढीगण्डकी) को समुदाय हुनाले ~ नाम रहन गएको हो । (११८/१०४३, ७१/१५१–१५२)

त्रिशूलीदेखि कालीसम्मको प्रदेशमा मादी, सेती, मोदी, तथा सा-साना नदीहरू मिसिएर सेतीको नाउँबाट शरणघाट हुँदै त्रिशूली, चेपे तथा अरू नदी मिसिएर आएको नदीसँग मिसिई गाईघाटको नाउँबाट झरेर कालीगण्डकी र मादी मिसिएर देउघाटनेर दुवैको सङ्गम भै नारायणीको नाउँले चितवन जिल्लाको सिमानामा बगेको छ। (७१/१५१–१५२) ऋग्वेदमा भनिएका 'सप्तस्वसा नद्यः' (सात बहिनी नदी)-लाई यस ~ प्रदेशमा जेठी, माहिली आदि नामले भनिने कथा आज पनि प्रचलित छ । (११६/१०)

**सप्तरी** (सगरमाथा अञ्चल)

१. [सं. सप्त+अरि] संस्कृतभाषामा 'सप्त' भनेको 'सात' र 'अरि' भनेको 'शत्रु' हुन्छ। वेला-वेलामा बाढी ल्याएर धेरै दुःख दिने गरेको सातवटा शत्रुरूपी सप्तकोसी नदीहरू बग्ने क्षेत्र हुनाले 'सप्तअरि' वा 'सप्तारी' भनिएको र त्यसैको आधारमा जिल्लाको नाम नै ~ रहन गएको हो । (८८–१/८०६)

~ जिल्लाको ठूलो भागलाई सताउँदै सप्तकोसी नदी यस जिल्लाको उत्तर-पूर्वी सिमानाबाट बगी भारतभूमिमा प्रवेश गर्छ । यस नदीले आफ्नो प्रवाह बदलिरहने र वर्षेपिच्छे आउने बाढी ठूलो क्षेत्रमा फैलिनाले यसले कतिपय सानाठूला टप्पूहरू बनाएको छ । हाल कोसीमा बाँध बनेपछि यसको बाढीको प्रकोपउपर केही हदसम्म नियन्त्रण हुन सकेको छ। (८८–१/८१२)

**सभा** (संखुवासभा)

१. [?] सभापोखरीबाट निस्की सभा थुममा बग्ने नदी भएको हुनाले ~ भन्ने नाम रहन गएको हो।(८८–१/२८५)

**सभापोखरी** (संखुवासभा)

१. [सभा+ने. पोखरी] सभा नदीको सिरान हुनाले समुद्रसतहबाट ४२४० मिटरको उचाइमा रहेको हिमदहको नाम नै ~ रहन गएको हो। (८८–१/३००)

यस प्रख्यात र पवित्र पोखरीको बीचमा केही गोल परेको जमीन छ । अघि व्यास ऋषिले त्यसैमा बसेर तपस्या गरेका थिए भनिन्छ । ~ मा जनैपूर्णिमाको दिन मेला लाग्छ। (८८–१/३००)

**समदा गढी** (मोरङ)

१. [ने० समुद्र + गढी ] सम्भवतः समुद्र गुप्तको नामले बनेको किल्ला हुनाले 'समुद्रगुप्तगढी' भनिएको छ। त्यसैको अपभ्रंशबाट ~ नाम रहन गएको हो। (१८/५७)

अहिलेको कोसी ब्याराजभन्दा केही कोस दक्षिणतर्फ यस गढीको भग्नावशेष रहेको छ। जनश्रुतिअनुसार सो गढीमा नापित (हजाम) बास बस्दैनन्। स्मरणीय छ, मगधका एक राजालाई हजामले क्षौरकार्यका निहुँले हत्या गरेको कथा पनि भेटिन्छ। (१८/५७–५८)

**समनपुर** (रौटहट)

१. [?, समन + सं. पुर] नेपाली फौज र अंग्रेज फौजका बीच सन् १८१५ को १ जनवरीका दिन घोर घमासान लडाइँ भएको ठाउँ हुनाले लडैया ~ भनिन्छ। (८८–२/१०३२)

सर्वजित् थापाको नेतृत्वमा रहेको नेपाली फौजले मेजर जनरल मार्लेले समनपुरको निमित्त आफ्नो थप फौज नपठाएको मौका पारी मेजर ब्रेडसाको नेतृत्वमा खडा गरिएको अंग्रेज चौकीमाथि आक्रमण गरी अंग्रेजी फौजका हात-हतियार र गोलीगट्ठा पनि आफ्नो हातमा पारेको थियो। पछि सहायता पठाइएको अंग्रेजी फौजले पनि भागाभाग गर्नुपरेको हुँदा सीमापारि भारतीय क्षेत्रहरूमा यसलाई अझै लडैया ~ भन्ने चलन छ (८८–२/१०३२)/~ बजारमा स्थापित राजदेवी मन्दिरनजीकै रहेको इनार अंग्रेजहरू त्यहाँ बस्दा बनाइएको हो भनिन्छ। (८८–२/१०३५)

**सम्मख्यः** (स्वयम्भू, काठमाडौं)

१. [ने. सम्म + नेवा. ख्यल ] 'सम्म' अर्थात् 'समतल' र 'ख्यः' वा 'ख्यल' अर्थात् मैदानको योगबाट नेवारीभाषामा ~ भन्ने नाउँ रहन गएको प्रतीत हुन्छ। (१४१/१००)

स्वयम्भूडाँडाको पश्चिम-पूर्वतिरको एउटा सानो समतल भूमि नै ~ भनिन्छ जहाँ १२ वर्षमा एकचोटि नेपालका राजा अथवा राजप्रतीक खड्गको उपस्थितिमा भोग पनि हुन्छ। (१४१/१००)

**सम्यक्पर्वत** (स्वयम्भू, काठमाडौं)

१. [नेवा० सम्म + ख्यः + पर्वत] 'सम्मख्यः' रहेको डाँडो हुनाले 'सम्मख्यःपर्वत' भनिएको र त्यसैको आधारमा स्वयम्भू महाचैत्य भएको पहाडलाई ~ भनिएको हो। (१४१/१००)

यो चैत्य भएको पर्वतलाई वज्रकूट, गोश्रृङ्ग, गोपुच्छ इत्यादि पनि भनिएको पाइन्छ। (१४१/१००)

२. [ सं० सम्यक् + पर्वत ] बौद्धमार्गीहरूद्वारा १२ वर्षमा एकपल्ट मनाइने सम्यक् जात्रा सम्पन्न गरिने **पहाड** भएको हुनाले ~ भन्ने नाउँ रहन गएको होला।

**सरस्वतीतीर** [ दुनै, डोल्पा ]

१. [सं. सरस्वती + तीर ] किनारामा एउटा सरस्वतीको मन्दिर रहेको भैरवीनदी (ठूली भेरीको सहायक नदी)को तीरमा बसेको बस्ती हुनाले ~ भनिएको हो। (११२/१२)

डोल्पा जिल्लाको सदरमुकाम रहेको यस ठाउँलाई **दुनै** पनि भन्दछन्। वि. सं. १९८३ पछि निर्मित सरस्वतीको मन्दिरभित्र सरस्वतीको मूर्तिबाहेक गणेश, चतुर्भुज नारायण, आर्यतारा, हरगौरी र पृथ्वीनारायण शाहको मूर्ति पनि राखिएको छ। (८८–३/५७१)

**सरस्वती सदन** (काठमाडौं)

१. [सं० सरस्वती + सदन ] शुरूमा नेपालीभाषा-प्रकाशिनी-समिति र नेपाली भाषानुवाद-परिषद्को कार्यालय रहेको र पछि त्रिचन्द्र कलेज (क्याम्पस) को कार्यालय राखिएको भवन हुनाले विद्याकी अधिष्ठात्री देवी शारदाको नामबाट ~ भन्ने नाम राखिएको हो।

यस भवनमा सरस्वतीको वाहन मुजूरको मूर्ति भएको सानो कौसी पनि छ। यहाँ महाकवि लक्ष्मीप्रसाद देवकोटा, इतिहास-शिरोमणि बाबुराम आचार्य, वैयाकरण र कथाकार पुष्करशमशेर, पण्डित बुद्धिसागर पराजुली, विद्वान् बदरीनाथ भट्टराई, नाटककार र कवि बालकृष्ण समजस्ता अनेकानेक प्रबुद्ध विद्वान्हरू वादविवाद गर्दथे र साहित्यिक कृतिहरूको रचना गर्दथे। आफू ने. भा. प्र. स. को अध्यक्ष रहँदा बालकृष्ण समले 'भक्त भानुभक्त', 'उ मरेकी छैन', 'प्रेमपिण्ड' र 'नियमित आकस्मिकता' का धेरै भागहरू यहीं बसेर लेखेका थिए।

**सरापकोट** (पाल्पा)

१. [ने० सराप+कोट] माण्डव्य ऋषिले सराप दिएको ठाउँमा रहेको किल्ला हुनाले ~ भनिएको हो। (८८–३/७८१)

**माडी फाँट** नजीकैको डाँडो ~ भनिन्छ। किंवदन्ती अनुसार एकपल्ट तानसेनका सेनवंशी राजाको एउटा हीराको हार हराउँदा चोर पत्ता लगाउन राजाका सिपाहीहरू रातदिन घुम्न थाले। त्यसै बेला एक राती बेँसीमा आश्रम बनाई बसेका राती पनि बडो स्वच्छन्दी भई हिंड्ने माण्डव्य ऋषिलाई राती घुमिरहेको फेला पारेर चोर ठानी सिपाहीहरूले समातेर राजाका अगाडि हाजिर गराए। राजाले पनि केही छानबीन नै नगरी, चोरलाई शूलीमा चढाई सबैलाई चेताउन सबैले देख्ने ठाउँमा राखिदिनू भन्ने हुकुम दिए। यसरी शूलीमा चढाइएका माण्डव्य ऋषि तपस्याको बलले नमरेको हुँदा पछि ऋषि भन्ने थाहा पाएर शूलीबाट निकाल्न खोज्दा एक टुक्रा शूली ननिस्की ऋषिको शरीरमा नै अड्किरह्यो। यसरी आफूलाई निरपराध शूलीमा चढाइएको हुँदा माण्डव्य ऋषिले सराप दिए। (८८–३/७८१)

**सलेष मन्दिर** (सिराहा)

१. [ने० सलेष+मन्दिर] उहिले सलेष भन्ने राजाले स्थापना गरेको मन्दिर हुनाले ~ भनिएको हो। (८८–१/८७२)

लाहानबाट चार-पाँच किलोमिटर टाढा रहेको सलेष फूलबारी पनि दर्शनीय स्थान हो।

**सल्यान** (गण्डकी अञ्चल)

१. (?) सल्यान भनिने डाँडाको नामबाट जिल्लाको नाम नै ~ रहन गएको हो।

**सल्यानकोट** (धादिङ)

१. [ने० सल्यान+कोट] सल्यान नाम गरेको डाँडामा बनाइएको गढी वा किल्ला हुनाले ~ भन्ने नाम रहन गएको हो। (८८–२/६२०)

लमजुङ र तनहुँसितको पश्चिम सिमाना निश्चित गरी सिमानाको रक्षार्थ सिरानचोकमा गढी बनाई पालोपहरा बलियो गराएपछि रामशाहद्वारा विस्तार गरिएको बूढीगण्डकीपारिको क्षेत्रको रक्षार्थ ~ को गढी बनाएका थिए। त्यहाँ महिनखम्बा नामक शिलास्तम्भ पनि रहेको छ। (८८–२/६२०)

**सल्यानकोट देवी** (धादिङ)

१. [ने० सल्यान+कोट+देवी] राम शाहले सल्यान नामक डाँडामा गढी बनाई भगवतीको मूर्ति स्थापना गरेको हुँदा ~ नाम रहन गएको हो। (८८–२/६२०)

यहाँ स्थापित 'महिनखम्बा' नामक शिलास्तम्भमा संस्कृतभाषामा रचिएका केही श्लोक र उस समय प्रचलित खस (गोरखाली) भाषाको गद्यलेख पनि कुँदिएको छ। उक्त देवीको मन्दिरभित्र पुजारी र टहलुवा बाहेक अरू भित्र पस्न नहुने भएकोले ढोकामा साँझ-बिहान पूजापाठ गरिन्छ। पृथ्वीनारायण शाह पनि ~ को दर्शनार्थ **सल्यानकोट** गएका थिए भनिन्छ। एक दिन राती सपनामा दुई हातमा दुई खड्ग लिएकी सात-आठ वर्षकी बालिकाले राजाछेउ आएर आफूलाई पुजारीकी छोरी भनी परिचय दिइन्। दुवै खड्ग पृथ्वीनारायण शाहलाई दिंदै उक्त बालिकाले 'म पनि केही माग्छु, थपी जाऊ' भनेर जसै दुई पाइला सारेकी थिइन् राजा निद्राबाट ब्यूँझिहाले। पृथ्वीनारायण शाहबाट पुजारी र कुलानन्द ज्योतिषलाई बुझ्दा ती सपनामा देखिएकी बालिका देवी हुन् भनेको हुनाले उसै बेला धूप, दीप, नैवेद्य, ध्वजा, नित्यपूजाको लागि र सात राँगो तथा सात बोका बलिको लागि थपी बोर्लाङघाटको आम्दानी र घाटछेउको टार ~ लाई चढाइयो। (८८–२/६२२, ६०/१–६)

**सल्यानटार** (धादिङ)

१. [ने० सल्यान+टार] बूढीगण्डकी र आँखुको दोभानमा रहेको टार ~ भनिन्छ। (६२/१२७)

~ मा जमीन खन्दा पुरानो जमानाका घरका भित्ताहरू, इँटा र ढुङ्गाहरू फेला पर्दछन्। यसैको आधारमा मानिसहरू यहाँ दैत्यराज हिरण्यकशिपुको राजधानी थियो र यो त्यसैको भग्नावशेष हो भन्छन्। नजीकैको जङ्गलको बीचमा रहेको गोलाकार ढुङ्गालाई विष्णुले नरसिंहावतार लिंदा फोडेर निस्केको हिरण्यकशिपुको दरबारको बैठकको खम्बा भन्छन्। ~ नै भक्त प्रह्लादलाई नाना किसिमका यातनाहरू दिइएको

**र विष्णुले नरसिंह अवतार लिएको ठाउँ मानिन्छ । यहाँ त्रिपुरासुन्दरीको स्थान पनि छ ।** (६२/१२७)

**ससुरधारा (सहस्रधारा)** (पाङ गाउँ, पर्वत)

१. [ सं० सहस्र+धारा ] केही उठेको पहाडबाट विविध धारामा छरिएर झरेको झरना हुनाले 'सहस्रधारा' भनिएको हो र यसैको आधारमा ⌒ नाम रहन गएको हो। (८८–३/४४५)

यो झरना एउटै सोतो भएर झरेको छैन ।

**सहबुङ्गा (सहबोङ्गा)** (जीतपुर, काठमाडौं)

१. [नेवा० सह+बुङ्गा] मौसमअनुसार निरन्तर अनेकौं प्रकारका अन्नका बीजहरू निस्किरहने कुण्ड हुनाले नेवारीभाषामा ⌒ भनिएको हो ।(हेर्नुस् धान्यकुण्ड)

भक्तपुर शहरदेखि अन्दाजी डेढ कोस जति टाढा जीतपुर क्षेत्रअन्तर्गत खेतको बीचमा अलिअलि फरक पारी ४–५ ठाउँबाट पानीको मूल फुटिरहेको छ जसमध्ये बीचको कुण्ड (बुङ्गा) चाहिं ठूलो छ । संस्कृतमा यसलाई **धान्यकुण्ड** भनिन्छ । एकपल्ट अनावृष्टि भई सप्तधान्यादि अन्नहरूको बीजसमेत मासिइसकेको हुँदा राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तको आराधनाबाट मच्छिन्द्रनाथ प्रकट भई खेतीपाती गर्न यसै ⌒ बाट सप्तधान्यादिको बीज लिनू भन्ने आज्ञा भएको थियो भन्ने किंवदन्ती छ ।]

**साँखु** (काठमाडौं)

१. [ सं० शङ्ख+पुर ] शङ्खको जस्तो आकार पारेर बसाइएको शहर हुनाले 'शङ्खपुर' नाम रहन गएको र त्यसैको अपभ्रंशबाट ⌒ हुन गएको हो ।

२. [नेवा० सँ+क्वः] नेवारीभाषामा 'सँ' भनेको 'भोटदेश' र 'क्वः' भनेको 'मुनि' हुन्छ । भोटमुनि पर्ने ठाउँ हुनाले 'सक्वः' नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ⌒ हुन गएको हो ।

**साँगा** (काठमाडौं)

१. [ लि. साङ्गा+शङ्गा>साँगा ] लिम्बूभाषामा 'साङ्गा' को अर्थ 'ताँबो' हुन्छ । ताँबोको खानी भएको वा त्यसको उद्योग खडा भएको ठाउँ हुँदा किरातकालमा 'साङ्गा' र पछि लिच्छविकालमा 'शङ्गा ग्राम' भनिएको र त्यसैको अपभ्रंश भई ⌒ नाउँ रहन गएको हो । (६५ क/३६)

अंशुवर्माको साँगाको अभिलेख (नोली पृ० ५३) मा 'शङ्गाग्राम' उल्लिखित छ । चिनियाँ राजदूत वांगको वृत्तान्तबाट नेपाली दरबारमा ताँबाका नलीहरू र टायल रहेको थाहा पाइन्छ । रुद्रयामलतन्त्रअन्तर्गत धातुवाद वा धातुमञ्जरीमा नेपालका तामाखानीको चर्चा गरिएको छ ।* प्राचीन कालदेखि यहाँको ताँबो भारत भेकमा मूल्यवान् र उच्च कोटिको मानिन्थ्यो (हेर्नु. R. Roy, "**History of Chemistry in Ancient medieval India**", p. 93–94)

**साँगुटार (साँघुटार)** (रामेछाप)

१. [ने० साँघु+टार] प्रधानमन्त्री चन्द्रशमशेरको पालामा लिखु खोलामा बनाइएको पक्की पुल अर्थात् साँगु (साँघु) नेरै टारमा पछि बजार बस्न शुरू भएको हुँदा त्यसको नाउँ नै ⌒ रहन गयो । (८८–२/१६३)

**साईकुमारी देवी** (मुसिकोट, रुकुम)

१. [ने० साई+कुमारी+देवी] मागेको वरदान दिने देवी हुनाले ⌒ भनिएको हो । (८८–४/६३)

मुसिकोटमा डिग्रे भन्ने ठाउँमा ⌒को मन्दिर रहेको छ । पहिलो छोरा जन्मेपछि 'पुत्याहा' गर्ने भनेर यस मन्दिरमा बोका बलि दिने चलन छ । साथै विदेशयात्रा (काला पहाडको यात्रा) मा जानुअघि पनि⌒को पूजा गरी साइत गरिन्छ । कार्तिकपूर्णिमाको दिन पूजा-आजा गर्न रोल्पा, सल्यान र जाजरकोटका मानिसहरूसमेत हजारौंको संख्यामा आउँछन् । यो डिग्रेमेला जिल्लाको सबभन्दा ठूलो मेला हो । ⌒ को मन्दिरदेखि केही मुनि तीनवटा धाराहरू छन् जसमध्ये बीचको धाराबाट पानी नआएको वेला अनिकाल पर्छ भन्ने जनधारणा छ । यसै ठाउँनेर सम्भवतः चूनखानी भएको हुँदा सेतो चौलानी जस्तो पानी चुहिने एक ओडार पनि छ । अघि त्यहाँ दूधको धारा छुट्ने गर्थ्यो भन्ने विश्वास गरिन्छ । (८८–४/६३)

---

* ताम्रोत्पत्तिश्च महता सुखेनैव प्रजायते ।
नेपाले कामरूपे च बङ्गले मदनेश्वरे ॥
P. Roy, ibid, p. 400.

**सागरहवा** (कपिलवस्तु)

१. [सं. सागर+हवा] पानीको तलाउ आदि जलराशिलाई 'सागर' र सम्भवतः ठाउँलाई 'हवा' भनिने हुँदा श्रीनगर भन्ने गाउँको आसपास तलाउहरू रहेको ठाउँ ~ भनिएको हो। (६७/६३)

यो ठाउँ कपिलवस्तुको भग्नावशेषको दुई-तीन माइलमाथि उत्तरतिर रहेको छ।

**सातखम्ब** (डाँडीमाडी, दुल्लु)

१. [ने. सात+खम्बा] सातवटा शिलास्तम्भ रहेको ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (१२७/५६)

यी खम्बाहरूमा कुनै अभिलेख कुँदिएको छैन। यस्तै सत्र-अठार खम्बाहरूको लहर जुम्ला सिरदुस्कामा पनि छ। तिनमा कुनै-कुनैमा घोडचढीको आकृति खोदिएको हुनाले प्राचीन कालमा मूलबाटोलाई संकेत गर्ने नै यी स्तम्भहरूको उद्देश्य देखिन्छ। (१२७/५६)

**सातगाउँ** (काभ्रेपलान्चोक)

१. [ने. सात+गाउँ] सात गाउँहरूको समूह हुनाले ~ भनिएको हो। (८८–२/४७८)

लिच्छविकालदेखि आवाद भइरहेका साँगा भन्ज्याङदेखि पनौतीसम्म फैलिएका बनेपा (बनेपुर), पनौती (पानवती), नाला, धुलिखेल (धौखेल), खड्पु (श्रीखण्डपुर), चौकोट (चकोट ऋषिको आश्रमनेर) र साँगा (नासिका पीठनेर) ले मध्यकालको शुरुमा 'देश' भन्ने संज्ञा पाएर विकसित हुने औसर पाए। अद्यापि यी परम्परागत गाउँहरूलाई नेवारीभाषामा 'दे' अर्थात् देश भनेर सम्बोधन गरिन्छ।

**सात थाप्ला (सात थोपला)** (मुस्ताङ)

१. [ने. सात+थोपला] कुनै समय सातवटा थोपला वा थापला अर्थात् प्रशासनिक एकाइमा विभाजित हुँदा मुस्ताङ राज्यलाई ~ पनि भन्ने गरिन्छ। (८८–३/५४६)

प्रत्येक थापला (थोपला) अन्तर्गत दुईदेखि पाँचसम्म गाउँहरू हुन्थे। हरेक गाउँको मुखियालाई गेम्बा भनिन्थ्यो भने हरेक प्रशासनिक एकाइको टाउकेलाई लुम्बो भनिन्थ्यो। अनि साधारण रैतीहरूचाहिं मिस्से भनेर सम्बोधन गरिन्थे। गेम्बाहरूले लुम्बोलाई प्रशासनमा सघाउँथे। (८८–३/५४६)

**सातदोबाटो** (ललितपुर)

१. [ने. सात+दो+बाटो] सातवटा बाटोको सङ्गमस्थल हुनाले ~ भनिएको हो। (८८–२/८५४)

अघि काठमाडौं उपत्यकामा बाह्र वर्षसम्म जलवृष्टि नभई सुक्खा पर्दा भक्तपुरका राजा, कान्तिपुरका आचार्य र ललितपुरको एक ज्यापू भरियाले भारतको आसाम प्रदेशको कामरूप कामाक्षामा गई साधनाको बलले ल्याएको मत्स्येन्द्रनाथलाई कहाँ स्थापना गर्ने भन्ने विषयमा विवाद उठ्दा उपत्यकाको सबभन्दा बढी उमेर भएको ललित भन्ने एक कृषकले सातवटा बाटो मिल्ने ठाउँमा सातवटा ओखलमाथि चढेर देवता बोकी ल्याउने ज्यापूकै शहरमा स्थापना गर्नुपर्छ भनी पक्षपातपूर्ण निर्णय दिएकोले सातैवटा ओखल समेत उक्त वृद्ध कृषक भासिएको ठाउँ **ललितपत्तन** भनियो। (८८–२/८५४)

**सातसय टिस्टुङ** (मकवानपुर)

१. [ने. सात+सय+टिस्टुङ] सम्भवतः सात सय घरधुरी भएको हुनाले उत्तरमा कटुन्जे, दक्षिणमा फुर्के, पश्चिममा मङ्गलीथोक र पूर्वमा नौखण्डेखर्कका डाँडाहरूको बीचमा बसेको रमाइलो उपत्यका पहिले ~ भनिन्थ्यो। (८८–२/९७९)

**साप्सुखोला** (खोटाङ)

१. [ने. साप्सु+खोलो] साप्सुधाप नामक पवित्र मुहानबाट बगेको खोला हुनाले ~ नामकरण गरिएको हो। (८८–१/६६३)

खोटाङ जिल्लाको पूर्वी भागबाट बगेको यो खोला जिल्लाको पश्चिमी भागबाट बगी झर्ने स-साना खोलानालालाई सहायकको रूपमा धारण गरेपछि दिखुवाखोला भन्ने नामले सुनकोसीमा मिल्छ (८८–१/६६३)। पवित्र मानिने ~मा पञ्चबलि चढाई भाकल पूरा गर्ने चलन पनि छ। (८८–१/६७३)

**साप्सुधाप** (खोटाङ)

१. [ने. साप्सु+धाप] साप्सुखोलाको मुहान हुनाले ~ भनिएको प्रतीत हुन्छ। (८८–१/६७३)

दिक्तेलबजारबाट पाँच कोस (१६ किलोमिटर) टाढा समुद्र सतहबाट लगभग १२२५ मिटर (५००० फीट) को उचाइमा रहेको निर्मली गाउँको लेकमा रमणीय चौरको एक विशाल ढुङ्गामुनिबाट पानीको मूल निस्की बगेको छ। यसै मुहानवरिपरि ढुङ्गाका विभिन्न मूर्तिहरू स्थापना गरिएका छन्। यो विशेषतः किरात जातिको तीर्थस्थल मानिन्छ। ~ मा जनैपूर्णिमाका दिन ठूलो मेला लाग्छ। (८८–१/६७३)

**साम-जोङ** (मुस्ताङ)

१. [ति. सा+सोम+जोङ] तिब्बतीभाषामा 'सा' भनेको 'जग्गा', 'सोम' भनेको 'पाले' र 'जोङ' भनेको 'किल्ला' हुन्छ। तिब्बत (चीन) र मुस्ताङ (नेपाल) को सिमानामा पर्ने हुँदा वास्तवमा नै 'जग्गा' वा 'सीमाको पाले' स्वरूप रहेको यस ठाउँमा किल्ला पनि बनेको हुँदा 'सासोमजोङ' भनिएको र त्यसैबाट छोटकरीमा नाउँ रहन गएको हो। (१६२/२३६)
हेर्नुस् सा-सोम।

**साम्रीखोला** (नुवाकोट)

१. [ने. साम्री+खोला] साम्री भन्ज्याङबाट शुरु भएर बग्ने नदी हुनाले ~ भनिएको हो। (१५६ग/६४)

यो नदी **त्रिशूलीमा** मिल्दछ।

**सारस्वर** (सिराहा)

१. [?] सारस्वरनाथ भनिने महादेवको मन्दिर रहेको गाउँ हुनाले ~ नाउँ रहन गएको हो। (८८–१/८७२)

यो गाउँ सिराहाबाट एक कोस (३ किलोमिटर) जति टाढा रहेको छ।

**सालबारी** (मोरङ)

१. [धि. साल+बाडी] सालको जङ्गल प्रशस्त भएको ठाउँमा बसाइएको धिमाल गाउँ हुनाले ~ नाम रहन गएको हो। (४५/१८)

**साली-भिनाजुका पाइला** (सुर्खेत)

१. [ने. साली+भिनाजुका+पाइला] सम्भवतः सरस्वतीलाई साली र विष्णुलाई भिनाजु मानेर एउटा शिला-मा कुँदिएका चारवटा पाइलाहरूलाई ~ भन्ने गरिएको होला। (३५/५७)

यो चारवटा पाइला अङ्कित शिला उन्नाइसौं शताब्दीतिर बनेको देवती (षड्भुजायुक्त दुर्गा) को मन्दिरअगाडि रूखमुनि राखिएको छ। लक्ष्मी (भौतिक धनकी देवी) र सरस्वती (ज्ञानधनकी देवी) दुवै विष्णुका शक्तिको रूपमा दिदीबहिनी मानिन्छन्। (३५/५७)

**सा-सोम** (मुस्ताङ)

१. [ति. सा+सोम] तिब्बतीभाषामा 'सा' भनेको 'जग्गा' र 'सोम' भनेको 'पाले' हुन्छ। त्यसैले सीमावर्ती यो गाउँ ~ भनिएको होला। (१६२/२३६)

**सिउनाथ खोल्सा** (डँडेलधुरा)

१. [ने. शिव+नाथ+खोल्सो] **घट्टेश्वर** महादेव रहेको खोल्सो हुनाले 'शिवनाथ खोल्सो' नाउँ रहन गएको र पछि अपभ्रंश भई ~ नाम हुन गएको प्रतीत हुन्छ। (४३।४१८)

**सिंगु** (स्यंगु, स्वयम्भू, काठमाडौं)

१. [नेवा. सिँ+गुँ] नेवारीभाषामा 'सिँ' भनेको 'दाउरा' र 'गुँ' भनेको 'वन' वा 'पर्वत' हुन्छ। तसर्थ कुनै समयमा **कान्तिपुर**का बासिन्दाहरूको दाउरा लिन जाने वन वा डाँडो हुनाले ~ भनिएको होला। (१४१/१००)

२. [नेवा. सि+गुँ] नेवारीभाषामा 'सि' वा 'सिइ' को अर्थ 'मृतक' र 'गुँ' को अर्थ 'पर्वत' वा 'गुम्बा' भन्ने हुन्छ। तसर्थ मृतक राख्ने गुम्बा वा मुर्दा गाड्ने पर्वत हुनाले ~ भन्ने नाउँ रहन गएको होला। (१४१/१००)

पादरी जिसेपले सन् १८०१ मा प्रकाशित गरेको एउटा लेखमा यस स्थानको विषयमा भनिएको छ: "काठमाडौंको उत्तरतिर एउटा सिम्बी पर्वत छ जहाँ तिब्बतका लामाहरू र त्यसै देशका ठूला व्यक्तिहरूको चिहान छ।" (१४१/१००)
"....ठाउँ पनि त त्यस्तै छ नि। चारैतिर मसानै मसान।

इन्द्रायणी, शोभा-भगवती, मुसलमानका च्यान, प्रतापमल्लको घाट जता हेऱ्यो उतै मसान। साँच्चै भन्ने हो भने सिंगुका प्रत्येक चैत्य र चीबहाल पनि मसानै हुन्।" (१११/५८)

३. [सं. स्वयम्भू>स्यंगु>सिम्भू>सिंगु] संस्कृत नाम **स्वयम्भू**को अपभ्रंश भई नेपालीमा 'सिम्भू' र नेवारीमा चाहिं ~ वा 'स्यंगु' भनिएको हुन सक्छ। (१४१/१००)

**सिंजा** (सिँजा, जुम्ला)

१. [?] सिँजा खोलाको फाँटमा बसाइएको बस्ती हुनाले ~ वा सिँजा नाउँ राखिएको होला।

जुम्लाको माझमा संवत् ११८० तिर नागराजले खस-राज्यको राजधानीको रूपमा ~ को निर्माण गरेका थिए। दायाँ मैपानी कर्णाली, बायाँ तिलानदी कर्णाली, मध्य हिमा-नदीको आग्नेयकोणमा बनेको यो राजधानी आज प्रायः भग्न हालतमा छ। दायाँ, बायाँ र पछाडि तीनतिर हिउँचुली लेक छन् र अगाडि हिमानदीको फाँट छ।

**सिंजाखोला** (सिँजाखोला, जुम्ला)

१. [ने. सिँजा+खोलो] ऋणमोक्ष लेकबाट तल झरेर सिँजा उपत्यकामा नागबेली खेल्दै बग्ने हिमानदी हुनाले ~ भन्ने नाम रहेको हो। (१२७/५५)

यो **कर्णाली नदी**को एक प्रमुख शाखा नदी हो र यसैको सिरानतिर **रारा** दह सुशोभित छ।

**सिंजेमा ताल** (ओलाङ्चुङगोला, ताप्लेजुङ)

१. [ने. सिंजेमा+ताल] लिम्बूहरू यसताललाई **'मानस ओरक'** पनि भन्छन्।

वरपर घुम्न कोसौंको बाटो हिंड्नुपर्ने ~ को दर्शन गर्न वर्षेनि सयौं मानिसहरू आउँछन्।

**सिंधुली** [जनकपुर अञ्चल]

[१. सं. सिन्दुर > सिन्दुरी > सिंधुली] संस्कृतमा 'सुरुङ'लाई 'सिन्दुर' भनिने र नजीकै एउटा सुरुङ पनि रहेको हुनाले 'सिन्दुर' बाट 'सिन्दुरी' हुँदै ~ नाम रहन गएको होला। (६२/३–४)

१. [ने. सुरुङ>सुन्दुरी>सिन्दुरी>सिन्धुली] माडी फाँटबाट गढीतर्फ जाने बाटोमा रहेको सुरुङको आधारमा नेपालीमा 'सुन्दुरी' भनिएको र त्यसैको **अपभ्रंश भई ~ नाम** रहन गएको होला। (६२/३–४)

३. [ने. सिन्धुल+ई] उज्जैनबाट उत्तराखण्डमा तपस्या गर्न आएका सिन्धुल नाम भएका राजा सिद्ध भएको ठाउँ हुनाले ~ भन्ने नाम रहन गएको हो। (८८–२/२०१)

तपस्वी राजा सिन्धुलले सिद्धि प्राप्त गरेको तपोभूमिमा स्थापना भएको मानिने सिद्धेश्वरको देवालय सिंधुलीगढीमा अवस्थित छ। (८८–२/२०१)

**सिंधुलीगढी** (जनकपुर अञ्चल)

१. [ने. सिन्धुली+गढी] 'सिन्दुरी' वा 'सुन्दुरी' अर्थात् सुरुङ रहेको ठाउँनजीकै बनाइएको किल्ला हुनाले ~ नाउँ रहन गएको हो। (६२/३–४)

**सिंहदरबार** (काठमाडौं)

१. [सिंह+सं. दरबार] मोहडामा नेपालको राष्ट्रिय झन्डा समातेको सिंहको भव्य मूर्ति राखिएको भवन हुनाले ~ भनिएको हो।

चन्द्रशमशेर राणाले नेपाल राजकोषको लाखौं रुपियाँ खर्च गरी 'राणा प्राइममिनिष्टर' बस्ने घरको रूपमा निर्माण गराएको यो दरबार पछि एक करोड रुपियाँ लिएर उनले नेपाल सरकारको नाउँमा बेचेका थिए (११।३४२)। वि. सं. २००७ साल फागुन ७ गतेदेखि मन्त्रालय (सचिवालय) घोषित गरिएपछि चन्द्रशमशेरका जेठा छोरा, अन्तिम राणा प्राइममिनिष्टर मोहनशमशेर यो दरबार खाली गरी महाराज-गन्जस्थित आफ्नो महल लक्ष्मीनिवास दरबारमा सरेका थिए (७०/२०२)। फ्रान्सका राजा लुइ चौधौंले सन् १६८२ तिर पेरिसबाट केही माइल टाढा बनाउन लगाएको भर्साइ राजप्रासादको नक्कल गरी बनाइएको मानिने ~ जलेर मोहडा मात्र बाँकी रहन गएको छ।

**सिंहदेवी** (नारायणगढ)

१. [सं. सिंह+देवी] सिंहका दुई प्राचीन मूर्तिहरू रहेको भग्नावशेष हुनाले स्थानीय मानिसहरू ~ को स्थान भन्दछन्।

यी सिंहमूर्तिहरू नारायणगढको छेउ करीब आधा कोस पश्चिमोत्तर कुनामा रहेको एउटा विशाल सिमलको फेदमा अद्यापि छन् ।

**सिंहपुर** (कञ्चनपुर)

१. [सं. सिंह+पुर] सिंहपाल नामका राजाले बसाएको बस्ती वा राजधानी हुनाले ~ भन्ने नाम रहन गएको होला । (८८–४/११२५)

रौतेली विचवा गाउँमा पर्ने यो ठाउँ महेन्द्रनगरबाट करीब १६ किलोमिटर (१० माइल) टाढा छ। यहाँ दरबारको भग्नावशेष र **रानीताल** भनिने पोखरी पनि रहेको छ । यहाँ पाइने भग्नावशेषको इँटाको आकार र वजन वर्तमान इँटाको तुलनामा ठूलो र गह्रौं हुन्छ । (८८–४/११२५)

**सिंहसतल** (मरुटोल, काठमाडौं)

१. [सं. सिंह+सतल] चार कुनामा सिंहको मूर्तिले सिंगारिएको पाटी हुनाले ~ भनिएको हो ।

**सिखनपुरवा** (बाँके)

१. [?, सिख+न+पुर+वा] सिख धर्मावलम्बीहरूको बस्ती भएको हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (८८–४/२४)

नेपाल अधिराज्यभरमा शायद सिखहरूको एक मात्र बस्ती यही नै हो।

**सिङसा** (संखुवासभा)

१. [शे. सिङ+सा] शेर्पाभाषामा सम्भवतः उत्तरलाई 'सिङ' र 'भूभाग' लाई 'सा' भनिने हुनाले संखुवासभाको उत्तरी क्षेत्र ~ भनिएको होला । (८८–१/३०४)

यस क्षेत्रका शेर्पाहरू आफूलाई 'सिङसावा' भनी सम्बोधन गर्दछन् । यहाँका बासिन्दाहरू अरुणकोसीको देवतालाई कालो बाखा, कुखुरा, घुँगुर आदिको बलि दिएर पूजा गर्दछन् तर वरुणखोलाको देवतालाई भने कुखुरा चल्दैन भन्ने विश्वास गर्दछन् (८८–१/३०५) । यहाँका शेर्पाहरू 'वोन्पो' धर्म मान्ने गर्दछन् र माने वा गुम्बाहरू बायाँतर्फबाट परिक्रमा गर्दछन् ।

**सिद्धकाली** (संखुवासभा)

१. [सं. सिद्ध+काली] सतीदेवीको दाहिने आँखा पतन भई काली सिद्ध भएको ठाउँ हुनाले ~ भनिएको हो ।

चैनपुर बजारबाट करीब एक घण्टाको बाटोमा ~ को मन्दिर छ। यहाँ बालाचतुर्दशीको दिन मेला लाग्छ।

**सिद्धगुफा** (पाल्पा)

१. [सं. सिद्ध+गुफा ?] कुनै सिद्धले तपस्या गरेको गुफा हुनाले ~ भनिएको होला। (६७ क/६)

**राम्दीघाट**को बजारदेखि उत्तरतर्फ अलिक पर रहेको यस गुफामा थोरै भित्र पसेपछि एक भिरालो चट्टान आउँछ र त्यसबाट झरेपछि पानीको एक सानो कुण्ड आउँछ। स्थानीय गाईभैँसी-पालुवाहरू सर्वप्रथम एक छाकको दूध रत्तीभर नचुहाई, नचलाई सिद्धलाई चढाउन यस गुफामा ल्याउँछन्। सीताको बास ठानिने यस गुफालाई **सुनगुफा** पनि भन्दछन् ।

**सिद्धपाइला** (सुर्खेत)

१. [ने. सिद्ध+पाइला] कुनै सिद्ध महात्माले काशीबाट एक पाइला यस ठाउँमा टेकी अर्को पाइला सार्दा मानसरोवर (तिब्बत) पुगेको हुँदा सिद्धको पैतालाको चिह्न रहेको ढुङ्गालाई ~ भनिएको हो । (८८–४/६१६)

सुर्खेतबाट दैलेख जाने बाटोमा पर्ने एक पहाडमाथि रहेको ठूलो ढुङ्गामा दाहिने खुट्टाको पदचिह्न छ। त्यहाँ प्रत्येक वर्ष जेठ महीनाको पहिलो मङ्गलवारका दिन पूजा गर्ने चलन छ। (८८–४/६१६)

**सिद्धपोखरी** (भक्तपुर)

१. [सं. सिद्ध+ने. पोखरी] स्थल (जमीनको सतह) भन्दामाथि जल भएको प्राचीन वास्तुतन्त्रविधिनिर्मित पोखरी हुनाले ~ भनिएको हो। (१४२/७६)

चारपाटे आकारको भई पूर्व-पश्चिम २७५ मिटर (९०० फीट) लामो र उत्तर-दक्षिण ९२ मिटर (३०० फीट) चौडा यस पोखरीको संस्थापकको रूपमा कसैले अरिमल्ल देव (इ. सं. १२१६) लाई त कसैले राजा यक्ष मल्ल (इ. सं. १४२७)लाई मानेका छन्। वास्तविक नाउँ 'इन्द्रदमन' अथवा

'इन्द्रदह' भएको यस पोखरीको जीर्णोद्धार प्राइम-मिनिस्टर भीमसेन थापाले गराएका थिए ।

२. [सं. सिद्ध+ने. पोखरी] एक सिद्ध तान्त्रिक नागराजाको रूपमा रहेको पोखरी हुनाले ~ भन्ने नाउँ रहन गएको हो ।

कुनै समयमा आफ्नो इच्छानुसार आफूलाई जुनसुकै स्वरूपमा परिवर्तन गर्न सक्ने एक सिद्ध तान्त्रिक थिए । ठिमीनिवासी उनकी स्वास्नीले एक रात उनले स्वरूप बदलेको हेर्ने इच्छा गरिन् र तान्त्रिकले आफ्नो स्वरूप बदलिइसकेपछि 'मलाई हान्नू' भनेर आफ्नी स्वास्नीलाई केही अक्षेता दिएर आफूले एउटा डरलाग्दो सर्पको रूप लिए । स्वास्नी लोग्नेले अह्राएको कुरा बिर्सेर डरले घर छाडी भागिन् । आफ्नो पहिलेको स्वरूपमा फर्कन पाउने आशा लिएर सर्पले केही समयसम्म त पछ्यायौ, तर उज्यालो भइसकेको हुँदा स्वास्नीको पछि लाग्नुभन्दा त पोखरीमा बस्नु उचित ठानी नागराजाको रूपमा उनी पोखरीमा रहन थाले । उक्त पोखरीमा ठिमीनिवासी कुनै पनि मानिस नुहाउन आएमा नागराजाले तानेर डुबाउँछ भन्ने विश्वास गरिन्छ ।

**सिद्धार्थकूप** (लुम्बिनी)

१. [सं. सिद्धार्थ+कूप] सिद्धार्थ गौतम जन्मेपछि नुहाइएको कुण्ड (पुष्करिणी) हुनाले ~ भनिएको हो । (५३/?)

आफ्नो माइती बट्टार (पश्चिम १ नम्बर) जान लाग्दा बाटोमा पर्ने लुम्बिनी बगैंचामा मायादेवीले सिद्धार्थ गौतमलाई जन्माएकी थिइन् । हाल लुम्बिनीमा पाइएको यस पुष्करिणी (कुण्ड) मा नवजात बालकलाई नुहाइएको थियो । (५३/?)

**सिद्धिविनायक** (ललितपुर)

१. [सं. सिद्धि+विनायक] पाटनका राजा सिद्धिनरसिंह मल्ल (सत्रौं शताब्दी) ले स्थापना गरेको गणेश हुनाले ~ नाम रहन गयो । (११७/१५५)

**सिन्धु** (नुवाकोट)

१. [?] शिवपुरी पर्वतको पूर्वतर्फ रहेको **मणिचुड** पर्वतको सिन्धुभन्ज्याङबाट बग्ने नदी हुनाले ~ भनिन्छ । (१५६ग/६२–६३)

नारायणगढनेर तादीमा मिल्ने यस नदीको लम्बाइ १५ माइल जति छ ।

**सिन्धुकोट** (सिन्धुपाल्चोक)

१. [ने. सिन्धु+कोट] छिपु डाँडाको पूर्वी ढालबाट बग्ने सिन्धुखोलाको प्रवाहक्षेत्रमा पर्ने एउटा थुममा बनाइएको किल्ला हुनाले ~ नाम रहन गएको हो । (८८–२/४२१)

**सिन्धुपाल्चोक** (बागमती अञ्चल)

१. [ने. सिन्धु+पाल्चोक] **सिन्धुकोट** र त्यसको नजीकको डाँडाको काखमा रहेको पाल्चोककोटको संयुक्त नामबाट जिल्लाको नाम ~ रहन गयो । (८८–२/४२१)

२. (ने. सिन्धु+पाल्चोक) पहिलेका आठवटा थुमहरूमध्ये सिन्धुथुम र पाल्चोकथुमको संयुक्त नामबाट जिल्लाको नाम ~ रहन गएको हो । (८८–२/४१५)

**सिन्धुबेसी** (नुवाकोट)

१. [ने. सिन्धु+बेसी] सिन्धुखोलाको प्रवाहक्षेत्रमा रहेको बेसी हुनाले ~ भनिएको हो । (१५६ ग/५७)

**सिन्धुली** (जनकपुर अञ्चल)

१. [ने. सुन्दुरी>सिन्दुरी>सिन्धुली] हेर्नुहोस् सिंधुली ।

**सिपूच्च** (काठमाडौं)

१. [सं. शिव+पुरी+उच्च] संस्कृतभाषामा 'शिवपुरीउच्च' अर्थात् 'शिवपुरी शिखर' भन्ने नाउँको अपभ्रंश भएर नेवारीमा ~ भनिएको हो । हेर्नुस् शिवपुरी ।

**सिमरा** (बारा)

१. सं. [शृङ्गी+आश्रम>सिमरा] पहिले शृङ्गी ऋषिको आश्रम रहेको ठाउँ हुनाले ~ नाउँ हुन गएको हो । (८८–२/३७५)

यहाँ केही प्राचीन मूर्तिहरू, इँटहरू र जमीनमुनि प्राचीन निर्माण कार्यका सुरुङजस्ता अवशेषहरू पाइएका छन् । यहाँ

रहेका प्राचीन महादेवस्थानमा वसन्तपञ्चमी र शिवरात्रीको दिन मेला लाग्दछ । (८८–२/३७५)

**सिमरौनगढ (सिम्रौनगढ)** (कलैया, बारा)

१. [सं. सिमरा+वन+गढ] सिमरा नामक वनभित्र बनाइएको शहर हुनाले 'सिमरावनगढ' भनिएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो । (१२६/ )

इ. १०९७ तिर ~ मा दक्षिण भारतबाट आएका कर्णाट-वंशी राजा नान्यदेवको नियन्त्रण थियो । तिरहुत राज्यमा इ. १३२४ सम्म कर्नाटवंशी राजाहरूको नियन्त्रण रहेको देखिन्छ । सोही वंशका अन्तिम राजा हरिसिंहदेव काठमाडौं उपत्यकातिर भाग्न बाध्य भए । (८८–१/८१६)

२. [नेवा. सिमधःनिगु+गढ] राक्षसहरूले एकै रातमा बनाइदिएको शहर बिहान हेर्दा अलि तयार हुन बाँकी रहेको पाइँदा नान्यदेवले नेवारीभाषामा 'सिमधःनिगु गढ' अर्थात् 'पूरा भइनसकेको राजधानी' भन्ने नाउँ राखिदिएको र त्यसैको अपभ्रंश भई ~ नाम हुन गएको हो ।(१२६/ )

आफ्नो साथमा कालीगढहरू ल्याई जङ्गलको बीचमा आफ्नो राजधानी निर्माण गरिरहेका नान्यदेवको साथमा आएकी नोकर्नीसँग रातमा सधैं आई क्रीडा गर्ने एक राक्षसले यदि रातभर कोही बाहिर नआइदिए एकै रातमा शहर तयार पारिदिने वचन दिएको हुँदा राजाले रातमा कोही पनि बाहिर ननिस्कनू भन्ने उर्दी जारी गरेकै राती राक्षसले बोलाइल्याएका सबै राक्षसहरूले मिलेर उत्तर दिशाबाट शुरू गरी दक्षिण दिशातिर गढ बनाउँदै लगेकोमा प्रातःकाल भइदिएकोले बाँकी त्यसै छोडी राक्षसहरू गए । नान्यदेव आफूले ल्याएको श्रीयन्त्रलाई स्थापना गरी देवल बनाई दिनदिनै मन्त्रद्वारा भोगबलि दिई पूजा गर्दै र त्यहाँ राज्य गर्दै रहे । (१२६/ )

**सिमीकोट** (हुम्ला)

१. [ने. सिम+कोट] पश्चिमतर्फ कोट रहेको डाँडा र त्यस डाँडामुनि सिम परेको जग्गा भएकोले दुवैलाई मिलाई ~ नामकरण भएको हो । (८८–४/२९५)

खार्पनाथबाट उत्तर-पश्चिम समुद्रको सतहबाट अन्दाजी २८०० मिटर (९१८४ फीट)को उचाइमा हुम्ला कर्णाली र दोजाम खोलाको सङ्गमस्थलमा अवस्थित मालभूमिलाई ~ भनिन्छ । कोट रहेको डाँडो उक्त मालभूमिको पश्चिमतर्फ छ । (८८–४/२९५)

**सिम्तादरो** (सुर्खेत)

१. [ने. सिम्ता+दरो] 'सिम्ता' अर्थात् 'सल्लाका फल' प्रशस्त पाइने सल्लेरी घारी र सल्लाका वनहरू प्रशस्त भएको क्षेत्र हुनाले दराको नाम नै ~ रहन गएको हो । (२/७८)

यस दरामा खानीखोला, काप्री चौर, बजेडी चौर र इलाका दुर्पाला नामक चार गाउँ पञ्चायतअन्तर्गत विभिन्न गाउँ र डेरा (टोल) हरू छन् । (२/७८)

**सिलगढी** (डोटी)

१. [ने. शिला+गढी] प्रशस्त मात्रामा पत्थरै-पत्थरका खानीहरू पाइने ठाउँमा रहेको किल्ला हुनाले ~ नाम रहन गएको हो । (८८–४/८८२)

२. [ने. शिला+गढी] शिलादेवी (शैलेश्वरी) रहेको ठाउँमा किल्ला बनाइएको हुँदा ~ नाम रहन गएको हो । (८८–४/८८२)

दक्षिण-पश्चिम कोणमा खलङ्गाबाट शुरू हुने उत्तर-पूर्व तिर फैलिएको ~ बजार उकालो लाग्दै समुद्रसतहदेखि करीब ४६०० फीट उच्चा नाचन्थलीसम्म पुगी टुङ्गिन्छ । यसको लम्बाइ लगभग पौने कोस छ ।

३. [ने. शैल+गढी] बजारको सिरानमा रहेको शैलेश्वरी (शिलादेवी) र पुछारमा रहेको गढीभैरवको योग-बाट 'शैलगढी' वा 'शिलागढी' नाउँ रहेको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो । (८८–४/८८२)

शैलेश्वरी (शिलादेवी)को मन्दिरमा कार्तिकपूर्णिमाको दिन ठूलो मेला लाग्छ । अघिल्लो दिन बेलुका स्थानीय नाच तथा गीतको रतेउली खेल्ने परम्परा छ ।

**सिलु** (गोसाइँकुण्ड)

१. [ने. शिव+लुटी] नीलकण्ठ शिव उत्तानो परेर लडिरहेको तलाउ हुनाले 'शिवलुटी' भन्ने नाउँ रहन गएको र त्यसैको संक्षेपीकरणबाट नेवारीभाषामा ~ भनिएको हो । हेर्नुस् : गोसाइँकुण्ड ।

२. [नेवा. शिव+लु+ति] नेवारीभाषामा 'शिव' अर्थात् 'महादेव', 'लूगु' अर्थात् 'प्रकट भएको', 'तीर्थ' अर्थात् 'पवित्रस्थल' भन्ने अर्थमा 'शिवलुयातीर्थ' भनिएको र शब्दका पछिल्ला अक्षरहरू लोप हुने नेवारीभाषाको परिपाटीअनुसार 'शिवलुति' र त्यसको पनि छोटकरी रूप ~ हुन गएको हो। (१२८।२०–२१)।

३. [नेवा. सी+लुये] नेवारीभाषामा 'सी' भनेको 'मुर्दा' र 'लु' वा 'लुये' भनेको 'पाइनु' हुन्छ। गोसाइँकुण्ड जाँदा धकारो लागेर मूर्छा परेका वा प्राण समेत त्यागेका यात्रुहरू बाटामा फेला पर्ने हुनाले यस तीर्थलाई 'सीलु' भनी सम्बोधन गरिएको हो।

शिवले पिएको हलाहल विषको प्रभावले गर्दा धकारो लाग्छ भन्ने धारणा छ।

**सिलौटी डाँडो** (पाँचथर)

१. [ने. सिलौटे+डाँडो] सिलौटे कुटी रहेको डाँडो हुनाले ~ भन्ने नाम रहन गएको हो।

यस ठाउँमा फाल्गुनन्द धर्मगुरुको कुटी तथा देवालय बनाइएको छ।

**सिवालिक** (मधेश)

१. [सं. शिव+आलिक] महाभारत पर्वतशृङ्खलाको हाराहारी दक्षिणतिर पूर्वदेखि पश्चिमसम्म फैलिएको ५०० देखि ७०० मिटरसम्म अग्लो तराईखण्ड र पहाडखण्ड छुट्याउने पर्वत-शृङ्खलाका टाकुराहरू तराईतर्फबाट हेर्दा शिवालयजस्ता देखिने हुनाले ~ भनिन्छ। हेर्नुस् : चुरे।

**सिसवा** (पोखरा)

१.[ने. सिसौ+वन] सिसौका वृक्षहरूले ढाकिएको ठाउँ हुनाले 'सिसौवन' वा 'सवन' भनिएको र त्यसैबाट ~ नाउँ रहन गएको हो।(५४/५७)

मादी र सेती गण्डकी नदीहरूको सङ्गमस्थलनिर स्थित दमौली वा कास्की डाँडा तथा स्याङजाबाट आउने यात्रुहरू यस ठाउँबाट भएर यात्रा गर्दा यहाँको सवन (सिसौवन) देखेर नै यस ठाउँलाई ~ भनेको हुन सक्छ। तीनसय वर्षअघि यस वरिपरिको फाँटमा पनि सिसौवृक्षहरूले ढाकिएको वन (कुञ्ज) थियो।(५४/५७)

**सिसवाबजार** (पोखरा)

१. [ने. सिसौ+वन+बजार] सिसौका रूखहरूले ढाकिएको वनमा बसाइएको बजार हुनाले ~ भनिएको हो। (५४/५७)

यस ठाउँदेखि करीब सवा कोस उत्तर-पूर्वपट्टि बेगनास-डाँडाकै एक अङ्ग ~ पन्जभैयाको डाँडो रहेको छ। यस डाँडाको पश्चिमी ढालको फेदीमा बेगनासताल र पूर्वी ढालको फेदीमा रूपाताल स्थित छ। (५४/५७)

**सीताकुण्ड** (जनकपुर)

१. [सं. सीता+कुण्ड] रामसँग विवाह हुनुभन्दा पहिले सीताले स्नान र शृङ्गारपटार गरेको पोखरी हुनाले ~ भन्ने नाम रहन गएको हो।

**सीताकुण्ड** (रामपुर, पाल्पा)

१.[सं सीता+कुण्ड] सीता रजस्वला हुँदा तत्काल नुहाउन सीताले बनाएको कुण्ड हुनाले ~ नाम रहन गएको हो। (६७ क/४१)

२.[सं. सीता+कुण्ड] सीताको मन्दिरनजीकै रहेको कुण्ड हुनाले ~ भनिएको होला।

दर्छा गाउँको पहाडी काखमा रहेको ~ को पानी कहिल्यै सुक्तैन। यहाँ हरेक वर्ष कृष्णाष्टमीका दिन **रामघाटबाट** ल्याइएको गङ्गाजल मिलाई नुहाउने र ~ को पानी रामघाटमा लगी गण्डकीमा चढाउने चलन छ।

**सीतापाइला** (जोरायल, डोटी)

१. [ने. सीता+पाइला] जोरायल उपत्यका र मालाखेतीको बीचमा रहेको पहाडमा एउटा चट्टान (ढुङ्गा) मा मानिसको जस्तै दुईवटा पाइतालाको चिह्नलाई रामचन्द्रको वनवासको समयमा सीताले टेकेको पाइला भनेर ~ भनिएको हो। (२६/१२५, ८८–४/८८४)

राम, लक्ष्मण र सीता १४ वर्ष वनवासको लागि निस्कँदा जोरायल उपत्यकामा बसेका थिए भन्ने किंवदन्ती छ। स्कन्द-पुराणको मानसखण्डमा डोटीका महत्त्वको वर्णन गरिएको छ।

**सीतामढी** (जलेश्वर)

१. [?] सीताको अर्थ हलोको डोब र मढीको अर्थ हलोले पल्टाइएको माटो हुन्छ । राजा जनकले हलो जोत्दा बत्तीस लक्षणले युक्त भएकी जगजग गर्ने एउटी परमसुन्दरी कन्या पाइएको ठाउँ हुनाले ~ भन्ने नाउँ रहन गएको हो।

यो ठाउँ जलेश्वरबाट केही माइल टाढा रहेको छ ।

**सीबहाः** (ललितपुर)

१. [सं. श्री+विहार>श्रीबहाल>सीबहाः] 'श्री' नाम भएको 'विहार' रहेको ठाउँ हुनाले 'श्रीविहार' भनिएको र कालान्तरमा उच्चारण बिग्रँदै गई 'श्रीबहाल' र त्यसपछि नेवारीभाषामा ~ नाउँ रहन गएको हो ।

**सीबान** (तराई)

१. [ने. सिमाना>सीबान] नेपाल र मुस्लिमकालीन भारतको सीमास्थलमै बनेको शहर हुनाले 'सिमाना' को अपभ्रंश भई ~ नाम रहन गएको हो। (१८/५६)

यो शहर छपरा (भारत) को पश्चिमी भागमा रहेको छ । सोही क्षेत्रको महाराजगञ्ज तहसीलमा कुनै नेपाली राजाले खनाएको ठूलो पोखरी छ। (१८/५६)

**सुकौराबजार** (धादिङ)

१. [ने. सुकौरा+बजार] नजीकै रहेको सुकौरा भन्ने खोल्चाको नामबाट धादिङ जिल्लाको सदरमुकाम ~ भनिएको हो। (६२/१२८)

हाल यो सुनौलाबजार भनिन्छ। (६२/१२८)

**सुनउखडागढ** (महोत्तरी)

१. [ने. सुन+उखडा+गढ] लोप भइरहेको शिवलिङ्ग पत्ता लगाउन महादेवले सपनामा बताएअनुसार जगदीश बाबा नाम गरेका योगीले खनेको ठाउँबाट खर्चको लागि चाहिने सुन निस्केको हुँदा ~ भन्ने नाम रहन गएको हो। (८८–२/३१६)

यो ठाउँ **जलेश्वर**बाट उत्तरतिर रहेको छ । (८८–२/३१६)

**सुनकोसी** (सिन्धुपाल्चोक)

१. [ने. सुन+कोसी] नदीको छेउछाउमा बालुवामा सुनका कणहरू पाइने भएकोले ~ भन्ने नाम रहन गएको हो। (८८–२/४७३)

पहिले पहिले यस नदीले सुन बगाएर ल्याउँथ्यो भन्ने भनाइ छ ।

२. [सं. हिरण्य+कौशिकी] संस्कृतमा 'हिरण्य' भनेको सुन र 'कौशिकी' भनेको 'कोसी' हुनाले हिरण्येश्वर पर्वतबाट बग्ने नदीको नाम रहन ~ गएको होला ।

यो नदी कालिन्चोकबाट आएर बाह्रबिसेछेउ भोटेकोसीसँग मिसिन्छ । **पाँचपोखरी**बाट निस्केको इन्द्रावती चाहिं मेलम्चीखोलासँग मिसिंदै दोलालघाटमा सुनकोसीसँग मिसिन्छ। ~मा कुशेश्वर महादेवको स्थानमा कार्तिकमा मेला लाग्छ ।

३. [ने. सुन+कोसी] हिरण्येश्वर पर्वतमा सनातन नामक ऋषिसँग भेट हुँदा हिमालयकी छोरी पार्वतीलाई पसीना आई पहेंलो सुनको रङ्गमा बग्न थालेको हुनाले नदीको नाम नै ~ रहन गयो। (८८–२/४७३)

**सुनगुफा** (पाल्पा)

१. [सं. सिद्ध+गुहा] **सिद्धगुफा** भन्ने नाउँको अपभ्रंश भई ~ भनिएको प्रतीत हुन्छ। (६७ क/६)

**सुनचौर** (सिन्धुपाल्चोक)

१. [ने. सुन+चहुर] नाराथानमा सुनखानी भएको मैदान हुनाले ~ भन्ने नाउँ रहन गएको हो।

**सुनछहरी** (स्युरी गाउँ, रोल्पा)

१. [ने. सुन+छहरो] करीब २१३४ मिटर (७००० फीट) को उचाइमा रहेको छहराबाट स्थानीय बासिन्दाहरूले सुन छान्ने काम गर्दै आएको हुनाले ~ भन्ने नाम रहन गएको हो । (८८–४/१०७)

एउटा निःसन्तान व्यक्तिले आफूले जम्मा गरेको प्रशस्त सुन अर्को जुनीमा भोग गर्नुपर्छ भनेर राँगाको खोक्रो सिङमा भरी आफ्नो कमारोलाई बोकाएर छहराको शिरमा रेजु (खरको डोरी) हाली छहराको बीचोबीच पहरा खोपी सुन

गाड्न लगाएपछि त्यो कमारोले गएर फेरि सुन झिक्ला भन्ने डरले डोरी काटिदियो र फर्किन लागेको कमारो तत्कालै मरिहाल्यो । यसरी रहस्यमय तरीकाले गाडेको सुनलाई पानीले खोतल्दै सुनका कनिका पानीमा मिसिएर झर्न थालेकोले छहराको नाम नै ~ रहन गयो । (८८–४/१०७)

**सुनधारा** (काठमाडौं)

१. [ने. सुन+धारा] सुनका मोलम्मा लगाइएका बाघमुखे धाराहरू भएको हुनाले ~ भन्ने नाम रहन गएको हो । (८८–२/७३७)

शहीदस्मारकबाट खिचापोखरी जाने बाटोको दाहिनेपट्टि निक्कै गहिरो ठाउँमा रहेका यी धाराहरूमा कहाँबाट पानी ल्याइएको छ र त्यसको निकास कहाँ छ भन्ने ठीक अडकल लगाउन गाह्रो छ, तर त्यहाँ वर्षभरि नै प्रायः एकनासले पानी आइरहन्छ । यी धारा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहकी कान्छी मुमा त्रिपुरसुन्दरी देवीले भीमसेन थापाको मुख्तियारी कालमा निर्मित गराएकी हुन् । (८८–२/७३७)

२. ललितपुरको नुगलटोलमा पनि ~ छ । त्यसले गर्दा टोलकै नाम पनि ~ हुन पुगेको छ ।

**सुनसरी** (कोसी अञ्चल)

१. [सं. स्वर्ण+सरिता] बालुवामा सुनका कण पाइने नदी हुनाले संस्कृतमा 'स्वर्णसरिता' भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम हुन गएको हो ।

धरानबजारको उत्तरमा रहेको महाभारतपर्वत-शृङ्खलाको फुस्रेडाँडाबाट दक्षिणतर्फ बग्ने सरदु (सर्दु) खोला कूपी, पुलाहा र बाहुनी नामले विभिन्न स्थानमा बग्दै आखिरमा ~ को नामले महेन्द्रनगर, भोक्राहा, इनरुवा, जल्पापुर, वसन्तपुर तथा रामनगर क्षेत्रलाई रसिलो पार्दै भारत पसेको छ ।

**सुनसरी जिल्ला** (कोसी अञ्चल)

१. [ने. सुनसरी+जिल्ला] महाभारतबाट झरेर दक्षिणतिर बग्ने सुनसरी नदीको आधारमा पूर्वमा बूढी नदी, उत्तरमा धनकुटा-भोजपुरको महाभारत पर्वत, पश्चिममा सप्तरी र दक्षिणमा पूर्णिया (भारत) को बीचको भूभाग ~ भनिन्छ ।

प्राचीन कालदेखि पूर्व पहाडको मूलढोकाको रूपमा रहिआएको धरानबजार, **विजयपुर** जस्ता ऐतिहासिक केन्द्र, **सप्तकोसी**को तटमा अवस्थित पवित्र तीर्थस्थल वराहक्षेत्र आदिले ~ को महत्त्व बढाएका छन् । उत्तरपश्चिम कुनामा त्रिवेणीघाटमा अरुण र तमोर मिसिएपछि **सप्तकोसी** बनेको नदीले ~ मा प्रवेश गर्छ ।

**सुनारगाउँ** (जुम्ला)

१. [सं. स्वर्ण+ग्राम] बलिराजाको राजधानी 'स्वर्णग्राम' को अपभ्रंश भई ~ भन्ने नाउँ अस्तित्वमा आएको हो । (५९/७८)

यो गाउँ जुम्लाको केन्द्र चौघानदेखि पूर्वतिर छ । सिंजाली महाराज मेदिनी वर्माका छयालीस सामन्तहरूमध्येका एक बलिराजको ताम्रग्रन्थ (संवत् १४५५) यसै ठाउँमा लेखिएको हुनुपर्छ । तिहारको भैलोका प्रेरणादाता बलिराजा यिनै हुन् भन्ने कुरामा धेरै नेपाली विद्वान्हरूको एकमत पाइन्छ । (५९/७८)

**सुनीगाड** (बझाङ)

१. [ने. सुन+गाड] सुन बगाई ल्याउने खोला हुनाले ~ नाउँ रहेको हो । (४३/३६८)

यो खोला बझाङको धूलिगाउँ मन्तिरबाट बगेको छ । सेतीको किनाराका गाउँलेहरू यस खोलाले बगाउँदै ल्याएको सुन बालुवा चालेर जम्मा गर्छन् ।

**सुनौलाबजार** (धादिङ)

१. [ने. सुकौरा+बजार] पहिले **सुकौराबजार** भनिने धादिङ जिल्लाको वर्तमान नाम ~ हुन पुगेको छ ।

**सुन्दरीचोक** [हनुमानढोका, काठमाडौं)

१. [ने. सुन्दर+चोक] प्रताप मल्लले खूब सिंगारेर बनाउन लगाएको चोक हुनाले ~ भन्ने नाउँ राखिएको हो । (१६३/९)

यो प्रताप मल्लको राजमन्दिर हो र उनले ३३ करोड देवदेवीको स्तुति खोदाउन र सिंगार्न यहाँ जीवनभर काम गरेका थिए । (१६३/९)

२. ललितपुरको मङ्गलबजारमा कलात्मक सुन्दर धारा भएको एक चोक छ । यो मल्लकालिक प्रासादभित्र छ। यो ~ नामले प्रसिद्ध छ ।

**सुन्दरीजल** (काठमाडौं)

१. [सं. सुन्दर+जल] पहाडको खोंचमा कन्चन पानीको अति नै मनोहर झरना हुनाले ~ भनिएको हो।

काठमाडौंबाट साढे तीन कोस उत्तर-पूर्वमा पहाडको खोंचमा झर्ना बग्ने ठाउँ सेतो देखिन्छ र त्यहाँको पानीको सौन्दर्य हेरेर नै ~ भन्ने नाउँ राखिएको जस्तो छ। ~ पोखरीचाहिं एक कोस जति उकालो पहाड चढेपछि आउँछ । नीलो पोखरी निर्मल र स्वच्छ छ र त्यसको पींधमा टल्कने ढुङ्गाहरू स्पष्ट देखिन्छन् ।

**सुप्रभानगरी** (शोणितपुर, काठमाडौं)

१. [सं. सु+प्रभा+नगरी] महेन्द्रदमनले आफ्नी बहिनी प्रभावतीको निमित्त बनाइदिएको अत्यन्त रमणीय शहर हुनाले ~ भनिएको हो ।* (५२/६०)

**सुरौदीफाँट** (स्याङ्जा)

१. [ने. सुरौदी+फाँट] पार्वैको डाँडाबाट उत्पन्न भएर शुरूमा उत्तरतिर र पछि पुनः दक्षिण लाग्दै बाघाटानिर सेतीनदीमा मिल्ने आठ कोस लामो सुरौदी खोलाको छेउमा रहेको फाँट हुनाले ~ भनिन्छ । (८८–३/३७८)

**सुर्खेत** (सेती अञ्चल)

१. [सं. सुर+क्षेत्र] 'सुर' शब्दले 'देवता'लाई र 'क्षेत्र' शब्दले 'भूमि'लाई बुझाउँछ । प्राचीन संस्कृत नाम 'सुरक्षेत्र'को अपभ्रंश भई नेपालीमा 'सुर' शब्दलाई यथावतै राखी 'क्षेत्र' शब्दलाई मात्र 'खेत' भन्ने रूपान्तर गरी देवभूमिकै अर्थ बुझाउने यस क्षेत्रलाई ~ भन्ने नाम दिइएको हो । (३५/४७)

दक्षिण चुरे शृङ्खला र उत्तरमा महाभारत लेकको बीचमा रहेको ६५४ वर्गमाइल फैलिएको ~ जिल्लालाई दुईतिरबाट भेरी नदीले घेरेको छ। यसको दक्षिणी सिमाना बबै नदी हो । यसदेखि बाहेक झुप्राखोला र चिङ्गाड खोलाहरूले यस उपत्यकालाई शोभायमान पारेका छन्। यसको बीचमा पश्चिमबाट पूर्वतिर उठ्दै गएको लाटीकोइली डाँडा विराजमान भएको छ। त्यसैमा **काँक्रेविहार** भग्नावशेषको रूपमा छ । काँक्रेविहारमा अहिले पनि दुइवटा मूर्तिहरू छन् जुन बुद्धका मूर्ति हुन् । एउटा स्पष्ट देखिन्छ भने अर्को चाहिं भित्रतिर पल्टेको प्रस्तरको स्तम्भमा नियालेर हेर्नुपर्दछ । माथिबाट टुटेफुटेका अन्य प्रस्तरस्तम्भहरूले त्यो मूर्ति छोपिएको छ। काँक्रेविहारको सन्निकट कालीमाटी भन्ने स्थानमा विशाल स्तम्भसहितका दर्शनढुङ्गाको एउटा ठूलो देवल छ, किन्तु देवलभित्र कुनै मूर्ति छैन। उक्त देवलमा कुँदिएको शिलालेखमा १६५१ साल भनेर उल्लेख गरेको पाइन्छ । चौहानचौर जङ्गलको किनारमा गढी नामक स्थानमा पोखरीको बीचमा स्थित एउटा मन्दिरको भग्नावशेष देखिएको छ र एउटा ठूलो (चार फीटको) मायादेवीको मूर्ति जस्तो पनि पाइएको छ । यहाँ बाह्रौंदेखि सोह्रौं शताब्दीसम्म जैनवाद र बौद्ध सभ्यताको निकै विकास भएको बुझिन्छ । यहाँ बुद्ध धर्मको व्यापक प्रचार हुँदा शङ्कराचार्यले बुद्धधर्मको खण्डन गर्दै वैदिक धर्मको स्थापना गरेका थिए भन्ने किंवदन्ती पनि छ। लाटीकोइलीमा शिवको मन्दिर पनि छ। त्यहाँको शिलालेखमा अठार सय सालमा स्थापना भएको भन्ने अङ्कित छ तापनि त्यो कतैबाट भग्नावशेष प्राप्त गरेर स्थापना गरेको होला भन्ने अनुमान हुन्छ। विभिन्न ठाउँमा गणेश, विष्णु, लक्ष्मी आदि हिन्दू देवदेवीका सुन्दर मूर्तिहरू पनि छन्। उपत्यकाको उत्तरतिर महाभारतशृङ्खलाको निकट **सिद्धपाइला** भन्ने स्थान पनि छ। वि.सं. १३७० मा लिखित 'अभिसमयालङ्कार' नामक ग्रन्थको पुष्पिकामा "संवत् १३७० फाल्गुण वदि २ शनिदिने सुरक्षेत्रे राजराजेश्वर लोकेश्वर श्री रिपुमल्लदेवराज्ये." भन्ने लेखिएको छ। यसबाट त्यसताका ~ उपत्यका सिंजाली राजा जितारि मल्लका भतिजा रिपु मल्लको राज्यान्तर्गत थियो भन्ने स्पष्ट हुन्छ। (३५।४७)

२. [सं. सुर+क्षेत्र] सुर (देवता)ले पहाडबाट झरेका खोलानालाहरूको पानी जम्ने तलाउको पानी एक रातमै खोली दक्षिण भेरीतर्फ निकालेर बस्ती बस्न लायक मैदान (क्षेत्र) बनाइदिएको हुनाले 'सुरक्षेत्र' भन्ने नाम रहन गएको र त्यसैको अपभ्रंश भई ~ **नाम हुन गएको हो**(।७५/?) ८८–४/६०३)

---

* सुप्रभा नगरी रम्या"
—नेपालमाहात्म्य, अ. ६, श्लो. १७।

चुरे र महाभारत पर्वतको बीचमा पूर्व र पश्चिममा ज्यादा फैलिएर अवस्थित करीब २५–३० वर्गमीलको रमाइलो फाँट पहिले विशाल तालको रूपमा थियो र तालको पानी हट्न गई बसोवास गर्न योग्य र मलिलो भूभागमा परिणत भयो ।

३. [ने. सुर+खेत] पाण्डवहरू आई रातारात खनजोत गरी लिङ्को लगाई सम्म पार्दापार्दै उज्यालो भएको हुँदा माझमा राँटो त्यसै छाडिदिए। बिहान सबैले हेर्दा राम्रो खेतीयोग्य फाँट देखी रातभरिमा यति राम्रो सम्म खेत बनाउने सामर्थ्य देवताहरूकै ठानी 'सुरखेत' भन्ने नाम राखे ।(७५/?)

समुद्री सतहभन्दा ७०० मिटर उचाइमा करीब ६ हजार हेक्टर धानखेती हुने उर्बरा जमीन छ । माझमा एउटा सानो १५० फीट जति अग्लो लाटीकोइली र **काँक्रेबिहार** भन्ने डाँडो रहेको छ । दक्षिणमा शक्तिकाँडा डाँडासम्मको निकास खोलामा पर्ने सम्पूर्ण जलस्रोतका जमीनलाई ~ उपत्यका मानिन्छ । थारूहरू १९६० सालमा दाङबाट यहाँ बसाइँ सरेका थिए जो हाल वीरेन्द्रनगर बजारबाट २ माइल दक्षिणमा पर्ने लाटीकोइली गाउँमा बस्छन् ।

४. [सं. शूर+क्षेत्र] 'शूर' अर्थात् 'साहसी वीरहरू' को 'क्षेत्र' अर्थात् 'मैदान' भन्ने अर्थमा 'शूरक्षेत्र' भन्ने नाउँ रहेको र त्यसैबाट ~ हुन गएको हो ।

**सुर्मासरोवर** (दोलिचौर, बझाङ)

१. [ने. सुर्मा+सरोवर] आँखाको आकार भएको रमणीय जलाशय हुनाले ~ भनिएको हो । (८८–४/७४८)

लगभग ४३०० मिटर (१४१०० फीट) को उचाइमा रहेको ~ बाट सुनीगाड र बाहुलीगाड भनिने खोला बगेको छ । ~ को भित्तामा रहेका पत्थरहरू सुनका ढीका जस्ता देखिन्छन् भन्ने भनाइ छ ।

२. [सं. सुर्मा+सरोवर] महादेवका सोह्रवटी रानीहरूमध्ये सबभन्दा कान्छी सुर्मा नाम गरेकी रानी सौताहरूसँग मिल्न नसकी थारको भेषमा उत्तरतर्फ लागेर समाधिस्थ भएको जलाशय हुनाले ~ नाम रहन गएको हो ।

यो सरोवर बझाङे राजाहरूको दरबार भएको चैनपुरदेखि १६ कोस टाढा अवस्थित छ । ऋषितर्पणीका दिन यहाँ ठूलो मेला लाग्छ । श्रावण एकादशीदेखि यात्रुहरू यहाँ आउन थाल्छन् र त्रयोदशीमा यहाँ पुगी चतुर्दशीमा फर्केर जान्छन् । चैनपुरमा पनि सुर्मारानीको मन्दिर छ । (८८–४/७५८)

**सुवर्णमय मण्डप** (काठमाडौं)

१. [सं. सुवर्ण+मय+मण्डप] पशुपतिनाथको मन्दिरदेखि चारैतर्फ एक-एक कोसको परिधिभित्र रहेको क्षेत्रलाई हिमवत्खण्डमा ~ भनिएको छ । (११/५३)

**सूर्यविनायक** (भक्तपुर)

१. [सं. सूर्य+विनायक] सूर्यको अवलोकनबाट उत्पन्न भएको गणेश हुँदा ~ नाम रहन गयो ।* (५२/६१)

**सूर्यावती** (नुवाकोट)

१. [सं. सूर्य+वती] सूर्यकुण्डबाट निस्केको नदी हुनाले ~ भनिएको हो ।(१५६ ग/६४)

यो नदी शुरूमा पूर्वतर्फ हानिएर बग्छ र पछि पश्चिमतर्फ मोडिएर **देवीघाट**नेर त्रिशूलीमा मिल्दछ । यसको स्थानीय नाम तादी हो । (१५६ ग/६४)

**सेती** (सुदूर-पश्चिमाञ्चल)

१. [ने. सेती+ई] ढुङ्गा र बालुवाको रङ पनि पूरै सेतो भएको र निर्मल पानी पनि नैनसूत झैं गोरो देखिने हुनाले नदीको नाम नै ~ रहन गयो । (६०/८८)

घाम लागेको वेलामा डीलबाट तल हेरेको खण्डमा यो नदी पग्लेको चाँदी झैं चम्किँदै हिँडिरहेको भान हुन्छ । (६०/८८)

२. [सं. शुक्ला+गङ्गा] सेतो रङ्को स्वच्छ पानी बग्ने नदी हुनाले संस्कृतमा 'शुक्लागङ्गा' भनिएको र त्यसैको अपभ्रंश भई ~ नाम रहन गएको हो । (४३/१३१)

पहाडको एक मनोरम स्थलमा शिव र पार्वती विहार गरी बसेका बखत पार्वतीलाई प्यासले सताउँदा शिवले झटपट आफ्नो त्रिशूलले हिमालयपर्वत छेदन गरी पवित्र स्वच्छ गङ्गाजलको धार उत्पन्न भई नदीको रूपमा बग्न थाल्यो (१४५/४८–५३) । सत्य युगमा काली र सेती नामका दुई

---

* सूर्यावलोकनान्नाम मुने सूर्यविनायकः ।
—नेपाल-माहात्म्य, अ. ६, श्लो. ६२ ।

दिदीबहिनी थिए । दुवैले समुद्रमा छिटो पुग्न बाजी थापेर दगुर्न थाले । पोखरा उपत्यकामा ग्राइपुग्दा बहिनी सेती ग्राइमाईले (ग्रर्को एक स्रोतग्रनुसार बाहुनले) हलो जोतेको देखेर यस्तो ग्रपवित्र दृश्य हेर्न नसकी लाजले पाताल पसिन् र दिदी कालीसँगको बाजी हार्नुपर्‍यो (६०/८८–८९)। पोखरा उपत्यकामा ठाउँ-ठाउँमा इनार झैं गहिरिएर पाताल-सम्म पुगेका खोलाहरू सेती नदीको पानीसँग जोडिन पुगेका छन् भन्ने विश्वास गरिन्छ। (४३/१३१)

३. [ने. सीता+नदी] सीतानदी भन्ने नाउँको ग्रप-भ्रंश भई ~ नाउँ हुन गएको हो ।

यो नदी बझाङ जिल्लाको उत्तरी भागमा ग्रवस्थित व्यास ऋषि हिमालको उराई-लेकबाट बगेर ग्राई बन्किया र कापकोट लेकको बीचबाट बगेको छ ।

**सेती अञ्चल** (सुदूर-पश्चिमाञ्चल)

१. [ने. सेती+ग्रञ्चल] सेती नदीको ग्राधारमा ग्रञ्चलको नाम नै ~ राखिएको छ। (१६८/१७९)

पहाडतर्फका बझाङ, बाजुरा, डोटी, ग्रछाम र तराई-तर्फको कैलाली समेत गरी ५ जिल्ला समावेश भएको ~ १२,४८८ वर्गकिलोमिटर (४८६१ वर्गमाइल) क्षेत्रफलमा फैलिएको छ। (१६८/१७९)

**सेतीगण्डकी** (सेती ग्रञ्चल)

१. [सं. शुक्ला+गङ्गा] हिमालयबाट दूधधारा बगाउँदै ल्याउने नदी हुनाले 'शुक्लागङ्गा' भनिएको र त्यसैको ग्राधारमा ~ नाम रहन गएको हो। (४३/१३१)

**सेतीबेनी** (पर्वत)

१. [ने. सेती+बेनी] सेतीगण्डकी र कालीगण्डकीको दोभान परेको ठाउँ हुनाले ~ भनिएको हो। (८८–३/४५९)

**सेरा** (बैतडी)

१. [?] 'सेरा' भन्नाले 'फाँट' बुझिन्छ। महाकाली नदी र चौलाने नदीको दोभानको फाँट हुनाले ~ भन्ने नाम रहन गएको हो ।

जुम्लातिर ठूला-ठूला खेतलाई पनि 'सेरा' भन्ने चलन छ। गाउँ खाने कथामा भनिने 'सेरोफेरो'ले पनि यसैको संकेत गर्दछ । (५९/१३५)

**सैलुङ** (हेलम्बु)

१. [ता. सय+लुङ] तामाङभाषामा 'डाँडा' लाई 'लुङ' वा 'गङ' पनि भन्दछन् । एक सय डाँडाहरू भएको हुनाले ~ नाम रह्यो। (९६/झ)

उत्तरमा योलम्बू (योल्मा) र दक्षिणमा मधेससँग मिलेको ~ डाँडाको वर्णन तामाङ्ग ह्वाईमा भएको छ। (९६/झ)

**सोतीपसल** (लमजुङ)

१. [ने. सोती+पसल] ग्रादिकवि भानुभक्त ग्राचार्य-को कवितामा उल्लेख भएको गजाधर सोतीको गाउँमा रहेको बजार हुनाले ~ भन्ने गरिएको हो। (८८–३/१८९)

यो बजार रिस्ती खोलाको फाँटमा ग्रवस्थित छ ।

**सोमेश्वर** (देवघाट)

१. [सं.सोम+ईश्वर] सोमनाथ सिग्द्याल (वि. स. १९४१–२०२९) द्वारा एक शिवालय बनाई स्थापित गरिएको शिवलिङ्ग हुनाले ~ नाम रहन गयो ।

सोमनाथ सिग्द्यालले त्यहाँ एक धर्मशाला पनि बनाई शिवालय भत्केबिग्रेमा मर्मत गर्ने एक गुठीको पनि बन्दोबस्त गरिदिएका थिए ।

**सोरठपुर** (जयनगर, मधुवनी)

१. [?, सोरट्ठ+पुर] सोरठी (रासनृत्यका प्रचारक राजा जयसिंहकी छोरी) को माइतीघर रहेको बस्ती हुनाले पहिले 'सारट्ट' भनिने यो ठाउँ हाल ~ भनिन्छ । (४४/६२)

भारतको जयनगरनजीकै रहेको यस बस्तीमा प्रत्येक वर्ष 'सोरठमेला' लाग्छ जसलाई 'दुलहा-दुलही छान्ने चाड' पनि भन्दछन् । नेपाल र भारतका मानिसहरू भेला हुने त्यस मेलामा विवाह गराउने पुरोहित र बाजा बजाउने चमारहरू पनि तयार भएर बसेका हुन्छन् । त्यस ठाउँको विवाह सोरठी-को कथामा पर्ने प्रणालीग्रनुसार हुन्छ । (४४/६२)

**सोलुखुम्बु (सोलोखुम्बु)** (सगरमाथा ग्रञ्चल)

१. [शे. स्यार+खुम्+बु) शेर्पाभाषामा 'स्यार' वा 'सार' को ग्रर्थ 'पूर्व', 'खुम्' को ग्रर्थ 'सुरक्षित' वा 'पवित्र'

र 'बु' को अर्थ 'भूमि' हुन्छ। पूर्वतिर अवस्थित सुरक्षित वा पवित्र भूमि भन्ने अर्थमा 'स्यारखुम्बु' भन्ने नाउँ रहन गएको र त्यसैको अपभ्रंश भई ~ हुन गएको हो।

शेर्पा शब्द पनि 'स्यार' र 'वा' को संयोगबाट बनेको छ जसको अर्थ हुन्छ– पूर्वतर्फ बस्ने मानिस। शेर्पाहरू पहिले **सोलु**मा बस्थे। पछि उनीहरू **खुम्बु**मा पनि बस्न लागे र 'खम्बुङवा' अर्थात् 'पश्चिमतिरबाट आएका मानिस' भनिन थाले।

२. [ने. सोलु+खुम्बु] सोलु नदी र खुम्बु हिमनदीको नाउँबाट जिल्लाको नाउँ ~ रहन गएको हो।

**सोह्लखुट्टे पाटी** (काठमाडौं)

१. [ने. सोह्ल+खुट्टा+ए+पाटी] सोह्लवटा थाम वा खुट्टा हालेर बनाइएको चारपाटे सत्तल भएको ठाउँ हुनाले ~ नाम रहन गयो।

पाटन दरबारसँगै गैह्री धारामाथि रहेको **मणिमण्डप** पनि सोह्लवटा थाम गाडेर बनाइएको हुँदा ~ भनिन्छ।

**सौगः (सौगल)** (ललितपुर)

१. [सं. गौ+गृह] पहिले गाई पाल्नेहरूको बस्ती वा गाईगोठ रहेको ठाउँ हुनाले संस्कृतमा 'गौगृह' भनिएको र गाई पालिने ठाउँमा गोबर पनि हुने नै भएको हुँदा नेवारी-भाषामा 'गौगल' बाट अपभ्रंश भएर ~ भन्ने नाम रहन गयो।

२. [सं. सप्त+गृह>सप्तगल>सतिग्ल>सौगल] सात ओटा मन्दिर (देवल) भएको ठाउँ हुनाले संस्कृतमा 'सप्तगृह' भनिएको र कालान्तरमा त्यसको अपभ्रंश हुँदै 'सप्तगल', 'सतिग्ल' बाट नेवारीभाषामा ~ भनिन थाल्यो।

यी सातवटा मन्दिरहरू शान्ति कुतुगल भन्ने ठाउँमा थिए। यसै टोलको नारायणमन्दिरको शिलालेखमा चाहिं 'सतगल' अङ्कित छ। कुनु शर्माद्वारा लेखिएको 'ललितपुरया कीर्तिपताका' भन्ने काव्य (ने. सं. ७७२ चैत्र कृष्ण दशमी) मा 'सतिग्ल' पनि लेखिएको पाइन्छ।

**स्याङ्जा** (गण्डकी अञ्चल)

१. [म. सिंजा>स्याङ्जा] सिंजा थरका मगरहरूको वासस्थान भएकोले मगरात प्रदेशको यो ठाउँ ~ भनिएको हो। (८८–३/३७४, ८८–३/३८४)

**स्यूराज** (कपिलवस्तु)

१. [सं. शिव+विराज] शिवको मन्दिर रहेको डाँडा हुनाले 'शिवविराज' वा 'शिवराज' अर्थात् शिवको निवास-स्थान भन्ने अर्थमा ~ नाम रहन गएको हो। (८८–३/१०१६)

कपिलवस्तु र बाँके जिल्लाको सिमानामा पर्ने एउटा डाँडाको टुप्पामा एउटा पुरानो गढी र शिवको मन्दिर रहेको छ।

**स्वर्गद्वारी** (प्यूठान)

१. [सं. स्वर्ग+द्वार] परापूर्व कालमा चतुर्भुज खुंग्री भन्ने ठाउँका सोह्र जना ऋषिमुनिहरूले स्वर्गको कामना गर्दै अखण्ड यज्ञ गरी तपस्या गरेको र स्वर्ग गएको ठाउँ हुनाले 'स्वर्ग जाने ढोका' भन्ने अर्थमा ~ नाम रहन गएको हो। (२१/७१), (८८–४/१४८)

२. [सं. स्वर्ग+द्वार] पञ्चपाण्डवले स्वर्ग जान यज्ञ गरेको ठाउँ हुनाले ~ भनिएको हो।

यो स्थान प्यूठानको सदरमुकाम खलङ्गाबाट १२ कोस (२६ किलोमिटर) पश्चिमतर्फ समुद्रको सतहबाट २१२२ मिटर (६९६० फीट) अग्लो लेकमा अवस्थित छ। त्यहाँ ९ मन्दिरहरू भएको यज्ञकुण्ड (मध्यभागमा ठूलो होमकुण्ड र ४ मूल दिशा तथा ४ उपदिशामा समेत होम तथा पूजापाठ गर्ने स्थान) छ। पूर्व र वायव्यमा देवी-पाञ्चायतन, पश्चिममा विष्णु-पञ्चायतन, उत्तर-इशानमा शिव-पाञ्चायतन, दक्षिण र नैर्ऋत्यमा सूर्य-पाञ्चायतन, आग्नेयमा गणेश-पाञ्चायतन स्थापित गरिएका छन्। कुष्ठरोगले पीडित महाप्रभु पद्मगिरि (जन्मस्थल : रोल्पा जिल्लाको रुम्टी गाउँ, मृत्यु : १४ मार्ग, १९९७) ले यस निर्जन ठाउँमा अखण्ड यज्ञको आरम्भ गरी आश्रमको स्थापना गरेका थिए (२१/७१)। हरेक साल वैशाख पूर्णिमा र कार्तिकपूर्णिमाको दिन ~ मा मेला लाग्छ र अधिराज्यका अन्य भाग तथा भारतबाट समेत हजारौं तीर्थ-यात्रीहरू भेला हुन्छन्। सो दिन यज्ञ-सञ्चालन गर्ने पण्डित र वेदपाठ गर्ने ब्राह्मणहरूको नियुक्ति हुन्छ। (८८–४/१४८)

**स्वाडो (स्वारो)** (कर्णाली-प्रदेश)

१. [ने० स्वाडो+स्वारो] कर्णाली-प्रदेशमा कुलो नलाग्ने पाखो भीर जग्गालाई 'स्वाडो' भनिने र त्यसैको उच्चारण-भेदले गर्दा गोरखा जिल्लातिर ~ भनिन्छ। (१२८ ग/१५५)

उदाहरणार्थ गोरखा जिल्लाको रानीस्वारा, ठिम्रेस्वार आदि।

# ह

**हटियाथोक** (गोरखा)

१. [ने० हाट+थोक] गोरखा नरेश रामशाहले ललितपुर राज्यबाट व्यापारीहरूको एक दल लगेर दरबार निरको थोक अर्थात् इलाकामा मूल ६ कोठीसहित चौबीस कोठीको बजार स्थापना गरेको हुनाले ~ नाउँ रहन गएको हो। (१२८ग/ १५४)

पृथ्वीनारायण शाहले गोरखा छाडेपछि यो बस्ती उट्टा लागेर तलतिर फराकिलो थोक वा ठाउँमा सर्न थाल्यो। यहाँ व्यापारीहरूको प्रतीक भीमसेनको थान अद्यापि छ र बस्तीका चिह्नस्वरूप जगहरू पनि भेटिन्छन्। त्यहाँको घडेरीबारी जिमीजग्गा चौबीस कोठीका सन्तानहरूको स्वामित्वमा छ। (१२८ ग/१५४)

**हनुमत्तीर्थ** (काठमाडौं)

१. [सं० हनुमान्+तीर्थ] हनुमदीश्वर नामको ठूलो लिङ्ग स्थापना गरिएका वीरभद्राको दोभान भएको हुनाले ~ भनिएको हो*। (५२/२४)

२. [सं० हनुमान्+तीर्थ] रामचन्द्रले लङ्कामा चढाइ गर्न समुद्रमा पुल बाँध्नु पर्दा वायुपुत्र हनुमान् हिमालयमा आई पर्वतको चुचुरो फोरेर उठाई उडेर आउँदा खूब थाकेर वीरभद्राको दोभानमा थकाइ मारेर फेरि त्यो पर्वत बोकी उडेर गएको ठाउँ हुनाले भन्ने नाम रहन गएको हो**। (५२/२४)

---

*संस्थाप्य तु महालिङ्गं नाम्ना हनुमदीश्वरम्।...
ततः प्रभृति तज्जातं हनुमत्तीर्थमुत्तमम्॥
—नेपाल-माहात्म्य, अ० ३, श्लो० १७–१८।

**यदा च रघुनाथेन सागरे सेतुबन्धनम्।
कर्तव्यं वायुतनयस्तदाऽऽगत्य हिमालयम्॥
उत्पाट्य हिमवच्छृंगम् दोर्भ्यामादाय मारुतिः।
वीरभद्रासङ्गमेऽतिश्रान्तः संस्थाप्य तं गिरिम्॥
—नेपाल-माहात्म्य, अ० ३, श्लो० १५–१६

**हनुमान्ढोका** (काठमाडौं)

१. [नेवा० हनुमान्+ध्वाका] राजा प्रताप मल्लको पालामा कान्तिपुरको राजदरबारको ढोकामा हनुमान्को प्रतिमा (मूर्ति) राखिएको हुनाले ~ नाम रहन गएको हो। (१६/१५२, ११/५४, १३०/७०)

मल्ल नरेशहरूको प्राचीन दरबारको ढोकासम्मुख नारानचोकमा हनुमान्को बृहत् मूर्ति स्थापित गरिएको छ। वायुपुत्र वीर हनुमान्लाई द्वारपालको रूपमा विराजमान गराएको प्रतीत हुन्छ। (११/५४)

**हनुमान्ढोका दरबार** (काठमाडौं)

१. [ने० हनुमान्+ढोका+दरबार] मूल ढोकामा हनुमान्को विशाल मूर्ति रहेको दरबार हुनाले ~ भनिएको हो। (११/५४, १६/१५२)

काठमाडौं नगरका पश्चिमीय ढोकाका सम्मुख नारानचोकमा हनुमान्को मूर्ति रहेको ठाउँमा बृहत् दरबार बनेकोले ~ भन्ने नाउँले प्रसिद्ध भएको हो। (११/५४)

**हनुमान्नगर** (सप्तरी)

१. [सं० हनुमान्+नगर] हनुमान्को प्रसिद्ध मन्दिर रहेको बजार हुनाले ~ भन्ने नाम रहेको हो। (८८–१/८२०)

वि. सं. २००० सालसम्म अर्थात् **कोसी** नदीको बाढीबाट खतरा पुग्नुअघि सप्तरीको सदरमुकाम यहीं थियो। (८८–१/८२०)

**हनुमान्भञ्ज्याङ** (गोरखा)

१. [ने० हनुमान्+भञ्ज्याङ] उभिइरहेको हनुमान्को मूर्ति रहेको भञ्ज्याङ हुनाले ~ भन्ने नाम रहन गएको हो। (१२८ ग/१५३)

गोरखा दरबारको पछाडि ढुङ्गाको सिंढी ओर्लंदै जाँदा ~ पुगिन्छ । यतैबाट पूर्वतर्फ गोरखा-काठमाडौंको पुरानो बाटो गइरहेको छ ।

**हपारा (हाग्पारा)** (कोसी अञ्चल)

१. [कि० हाग्पारा>हपारा] कुनै समयमा तमोर नदीको वारिबाट ढाक्रेहरूले डाँको हाल्दा पारिपट्टिको पहराले 'हाग्पारा' भन्ने जवाफ दिएकोले पहराको त्यसै प्रतिध्वनिको आधारमा ठाउँको नाउँ नै ~ भयो।
यो गाउँ तमोरको किनारमा रहेको छ ।

**हरिहरपुरगढी** (सिन्धुली)

१. [ने० हरिहर+पुर+गढी] मकवानी राजा हरिहर सेनले बनाएको किल्ला हुँदा ~ भनिएको हो ।

लोहाङ् सेनका नाति राघव सेनका छोरा हरिहर सेन गोण्डवासम्मको इलाका जितेर हिन्दूपति कहलाएका थिए । सन् १७६२ को ४ अक्टूबरको राति ~ माथि गोरखालीहरूले कब्जा गरे ।

**हलिथुम** (गोर्खा)

१. [ने० हली+थुम] लमजुङ र गोर्खालीहरूको लडाइँ निरन्तर भइरहने हुँदा दिनभर ब्याँसीमा काम गर्ने हलीहरूले रातमा आश्रय लिने अग्लो डाँडो वा थुम हुनाले ~ भन्ने नाम रहन गएको हो।(६/५८)

यो डाँडो गोर्खा दरबारदेखि पश्चिमपट्टि रहेको छ।

**हलेसी** (खोटाङ)

१. [सं० हरि+ईश्वर>हलेसी] हरि अर्थात् विष्णुले भस्मासुरलाई मराई महादेवलाई स्थापना गरेको हुनाले 'हरीश्वर' भनिएको र त्यसैको अपभ्रंश भएर ~ भन्ने नाम रहन गएको हो।(४६/५)

दूधकोसीको पार्श्ववर्ती पहाडी खण्डमा दिक्तेल (खोटाङ जिल्लाको सदरमुकाम) बाट लगभग आठ कोस (२६ किलो-मिटर) पश्चिममा रहेको एउटा गुफाभित्र प्राकृतिक रूपले बनेको पत्थरको एउटा शिवलिङ्गलाई पूजा गरिन्छ। त्यसैलाई ~ महादेव भनिन्छ। गुफाभित्र यो मूर्तिको अतिरिक्त विभिन्न प्राकृतिक बनावटका अन्य आकर्षक मूर्तिहरू पनि पाइन्छन्। यसको दक्षिणपट्टि करीब एक हजार गज टाढा अर्को एउटा ठूलो गुफा पनि छ। यसको लम्बाइ लगभग ६८ मिटर (७५ गज) छ र गुफाको प्रवेशद्वारनिर पत्थरको बसाहा महादेव रहेको गुफातिर मोहडा फर्काई बसेको छ। यहाँ शिवरात्री, बालाचतुर्दशी र रामनवमीमा मेला लाग्छ । यो शिवालय गुठीद्वारा सञ्चालित छ।(८८–१/६७२)

**हल्जी** (हुम्ला)

१. [?] **लिमी** उपत्यकाको सबभन्दा फराकिलो ठाउँमा भएको बाक्लो बस्ती ~ भनिन्छ।(१२८ ख/३२)

समुद्रको सतहबाट १२१०० फीटको उचाइमा रहेको यस गाउँमा ६० ध्वाङ (घरधुरी) छन्।(१२८ ख/३२)

**हल्जी गुम्बा** (हुम्ला)

१. [ने० हल्जी+गुम्बा] हल्जी भनिने गाउँमा रहेको बौद्धविहार हुनाले ~ भनिएको हो। (१२८ ख/३२)

**हाँडीगाउँ** (काठमाडौं)

१. [सं० हरि+पुर>हाँडीगाउँ] राजा बलदेव (शासनकाल इ. सं. १०५२ देखि इ. सं. १०६२) ले 'हरिपुर' भन्ने नाउँबाट स्थापना गरेको बस्ती त्यसैको अपभ्रंश भई ~ भनिएको हो (१६/२१) ।

'गोपाल वंशावली' (पृष्ठ ११) मा हरिपुर भनेर उल्लेख गरिएको ~ को प्राचीन नाम 'साङ्काश्यनगरी' थियो। आफू निःसन्तान भएको हुँदा राजा धर्माकरले बौद्धधर्मका अनुयायी राजकुमार धर्मपाललाई आफ्नो उत्तराधिकारी घोषित गरेका थिए। धर्मपालको वंशमा जन्मेका सुधन्वा नामक राजाले साङ्काश्यनगरीको स्थापना गरी त्यसैलाई राजधानी बनाएका थिए । (११७/५६)

**हाउडी** (जुम्ला)

१. [जु० हाउडो>हाउडी] जुम्लीभाषामा 'हाउडो' भनेको 'हुस्सु' हुन्छ । घाम लाग्दा हुस्सु उठ्ने हिमाली लेक हुनाले लेकको नाम नै ~ रहन गएको र त्यसैको फेदीमा बसेको गाउँ पनि ~ भनिएको हो । (१२७/५७)

**हाट** (बैतडी)

१. [सं. हाटेश्वर>हाट] हाटेश्वर महादेवको मन्दिर रहेको ठाउँ हुनाले छोटकरीमा ~ भनिएको हो। (४३/४४४)

पहिले राजाधानीलाई पनि ~ भनिन्थ्यो र हाल हप्ताको कुनै एक दिन बजार लाग्ने ठाउँलाई पनि ~ भन्दछन्। यस ठाउँमा बैतडीका चन्द राजाहरूको राजधानी हुनु पनि सम्भव छ। नजीकैको थुम्कोमा पुरानो कोट पनि रहेको छ। महादेवको मन्दिर रहेको हुँदा **देवलहाट** पनि भनिन्छ।

**हाटसिंजा** (जुम्ला)

१. [ने० हाट+सिंजा] कुनै समयमा खसराज्यको राजधानी रहेकोले 'सेंजानगर' कहलाउने सौभाग्य पाएको हिमानदीको किनारमा बसेको सिंजा गाउँ हुनाले ~ भनिएको हो। (१२७/३४)

यहाँ प्राचीन राजधानीका चिह्नहरू पनि रहेका छन्।

**हाटेश्वर** (बैतडी)

१. [सं० हाट+ईश्वर] हाटमा रहेको महादेव हुनाले ~ भन्ने नाम रहन गएको हो। (४३/४४४)

यहाँ डोटीमा बसेका जाड जातिका राजाद्वारा स्थापना गरिएका ७ वटा शिवालयहरू रहेका छन्। पानी नपरी खडेरी परेको वर्ष त्यहाँ पूजापाठ गरी महादेवसँग पानी माग्ने चलन छ।

**हात्तीटार** (रजगाउँ, रामेछाप)

१. [ने० हात्ती+टार ?] भीमसेन र एउटी किच्कन्नी-बीच घमासान युद्ध भएको ठाउँ ~ भनिन्छ। (८८–२/१६३)

यहाँ एउटा ठूलो ढुङ्गामा देखिने दाग भीमसेनले त्यसमा घुँडा धस्दा लागेको हो भन्ने विश्वास गरिन्छ। यहाँ रहेको पहाडको तल्लो भागमा अवस्थित गुफामा नै किचकन्नी लुकेकी थिई भन्ने भनाइ छ। त्यहाँ एउटा टुक्रिएको गदा पनि पाइएको छ। सो गदा उठाई श्वास रोकी मन्दिर परिक्रमा गर्न सके सड्केको, गोला भएको, मुटुको व्यथा भएको रोग निको हुन्छ भन्ने विश्वास गरिन्छ। (८८–२/१६३)

**हात्तीसार** (चैनपुर, बझाङ)

१. [ने० हात्ती+सार] बझाङ्गे राजा गजराज सिंहकी रानीले आफ्नो विवाहमा दाइजो पाएको हात्तीलाई तराई-बाट ल्याएर राखेको दरबार हुनाले ~ भन्ने नाम रहन गएको हो। (४३/३६७)

चैनपुरमा राजा गजराजसिंहले निर्माण गराएको पुरानो दरबारको नाम काकताली परेर ~ कहलाउन पुगेको छ।

**हानगादी** (पाल्पा)

१. [म० हान+गादी] मगरभाषामा 'हानगादी' को अर्थ 'जाँड ल्या' भन्ने हुन्छ। गाउँको नाम नै ~ रहन गएको छ। (२४/३१)

२. [म० हानगा+दी] मगरभाषामा 'दी' ले कुनै खोला भन्ने अर्थ दिन्छ। सम्भवतः 'हानगा' भनिने नदीको किनारामा रहेको गाउँ हुनाले ~ भनिएको होला। (२४/३१)

**हिटिकुनी** (नालामुख, पोखरा)

१. [नेवा० हिति+कुण्ड] नेवारीभाषामा 'हिति' भनेको 'धारा' र 'कुनि' भनेको 'कुण्ड' हुन्छ। जलकुण्ड सहित-को ढुंगे धारा हुनाले ~ भन्ने नाउँ रहन गएको हो। (२२/८)

जर्नेल भूपेन्द्रजङ्ग राणाले अँधेरी कुनाबाट नाला ल्याई बनाएको धारा नेपालीभाषामा नालामुख पनि भनिन्छ। हाल यो धारा नालनिकास बन्द भई पुरिएको छ। (२२/८)

**हिजाखुसि (हिज्याखुसि)** (काठमाडौं)

१. [नेवा० हि+ज्या+खुसि] नेवारीमा 'हिज्या' भनेको 'लुगा धुने काम' र 'खुसि' भनेको 'नदी' हुन्छ। पहिले देउपाटनका धोबीहरूले यस खोलाको किनारामा लुगा धुने काम गर्ने हुनाले ~ नाम रहन गएको हो। (३८ क/१३)

राजा लक्ष्मीनरसिंह मल्लले एउटी धोबिनी बिहे गरेपछि अछूत मानिने देउपाटनका धोबीहरूले लुगा धुने काम छाडे। हेर्नुस्: धोबीखोला।

२. [?, हुडिखु>हिज्याखुसि] 'डि' (इ)को संगतले 'हु' भनेको 'हि' हुन सक्ने हुँदा सम्भवतः लिच्छविकालमा 'हुडिखु' भनिने खोला नै पछि ~ भनिएको होला। (३८ क/१३)

नारायणचौर, नक्सालको अभिलेख (इ. सं. ७१३–३३) मा 'हुडिखु' भन्ने उल्लेख गरिएको छ। (३८ क/१३)

**हिमाल (हिमालय)** - (उत्तराखण्ड)

१. [ सं० हिम+आलय ] संस्कृतमा 'हिम' भनेको 'हिउँ' र 'आलय' भनेको 'घर' हुन्छ । सदाकाल हिउँले ढाकिइरहने अग्लो पर्वतशृङ्खला हुनाले ᔕ अर्थात् 'हिउँको घर' भनिएको हो ।

अफगानिस्तानदेखि वर्मासम्म फैलिएको उत्तुङ्ग हिम-शिखरयुक्त हिमालय-पर्वतमालाको मध्यभाग उत्तरतर्फ नेपाल अधिराज्यको लम्बाइभरि नै फैलिएको छ । उत्तरबाट बगी आएका कैयन् नदीहरूले गर्दा ᔕ पर्वत श्रेणीहरूको शृङ्खला-क्रम बीच-बीचमा खण्डित हुँदै गएको छ । यी विभिन्न शृङ्खला र तिनका उच्चतम शिखरहरूका बेग्लाबेग्लै नामहरू राखिएका छन् र अक्सर यी अग्ला-अग्ला भागहरू पनि ᔕ भनिन्छन् । ᔕ मेखलाका कुम्भकर्ण, गणेश, महालंगूर, रोल्वा-लिङ, थाप्ले, लामटाङ, जुगल, अन्नपूर्णा, पेरी मुस्ताङ, लार्के, व्यास आदि कैयौं प्रमुख शृङ्खलाहरू पूर्वदेखि पश्चिम-सम्म फैलिएका छन् । विश्वको सर्वोच्च शिखर **सगरमाथा** र अन्य विश्वप्रसिद्ध चुचुराहरू यहाँ रहेका छन् ।

**हिमालखण्ड** (उत्तरी भाग)

१. [ सं० हिम+आलय+खण्ड ] समुद्रसतहबाट ४८७७ मिटरमा स्थित हिमरेखादेखि लिएर ८८४८ मिटर-सम्म सदा हिउँ जमिरहने पर्वतशृङ्खला ᔕ भनिन्छ ।

**हुड्के कबेटा** (विनायक, अछाम)

१. [ ने० हुड्के+कबेटा ] स्थानीय भाषामा 'हुड्को' बजाउनेलाई 'हुड्के' र 'ओडार' लाई 'कबेटा' भन्छन् । कुनै हुड्के डराएर लुकेको ओडार हुँदा ᔕ नाम रहन गएको हो । (१२५ क/५९)

अद्यावधि त्यस ओडारमा हुड्को बजेको आवाज सुनिन्छ भन्ने जनधारणा छ ।

**हुम्ला** (सेती अञ्चल)

१. [ति० हुम्+ला ] सम्भवत: तिब्बतीभाषामा 'हिउँ' लाई 'हुम्' वा 'हिम' र 'भन्ज्याङ' लाई 'ला' भन्दछन् र हिमाली भन्ज्याङहरू रहेको क्षेत्र नै ᔕ भनिएको हो । (८८–४/२८३)

२. [ सं० हिम+आलय>हुम्ला ] संस्कृतको 'हिमालय' को अपभ्रंश भई ᔕ नाम हुन गएको हो । (८८–४/२८३)

३. [ ने० हुम्ला ] सुदूर-पश्चिमाञ्चलको एक महत्त्व-पूर्ण नदी 'हुम्ला' बग्ने इलाका हुनाले जिल्लाको नामकरण नै शायद ᔕ गरिएको होला । (८८–४/२८७)

यो नदी तिब्बती क्षेत्रको गुर्ला, दाङला, शिब्लाक्षला आदि मानसरोवर र राक्षसतालको दक्षिण-पश्चिमस्थित पर्वत-मालाको दक्षिणी ढालहरूबाट उत्पन्न भई ताकलाकोट, खोजरनाथ हुँदै **सेरा** भन्ने ठाउँमा नेपालभित्र पस्छ । (८८–४/२८७)

**हेटौंडा** (मकवानपुर)

१. [ने० हेट+औंडा] 'हेट' 'हेटान' भनेको 'तल' अर्थात् 'पहाडको फेदी' र 'औंडा' भनेको 'ठाउँ' हो । तसर्थ काठमाडौं-बाट बीरगन्जतिर झर्दा पहाडखण्ड सकिएपछि शुरू हुने समथर ठाउँ हुनाले ᔕ नाउँ रहन गएको हो ।

२. [सं० हिडिम्बा>हेटौंडा] 'हिडिम्बा' भन्ने राक्षसको निवासस्थान हुनाले 'हिडिम्बा' बाट यस स्थानको नाम ᔕ हुन गएको हो* । (८८–२/६७८)

यो ठाउँ महाभारत ग्रन्थमा वर्णित हिडिम्बा राक्षस र उसकी बहिनी भुटनदेवीको स्थान हो भनिन्छ । यहाँस्थित भुटनदेवीको स्थानमा बर्सेनि यात्रा चल्दछ । (८८–२/६७९)

**हौगः (हौगल)** (ललितपुर)

१. [ सं. हस्ति+गृह ] संस्कृतभाषामा 'हस्ती' को अर्थ 'हात्ती' र 'गृह' को अर्थ 'घर' वा 'गोठ' हुन्छ । कुनै समयमा हात्ती पालिने ठाउँ भएको हुँदा 'हस्तिगृह' नाम रहेको र त्यसैको अपभ्रंश भई 'हस्तिगल' बाट ᔕ नाम हुन गएको हो । (८४/२६)

---

*हिडम्बा नाम गरेको राक्षस
पाण्डुपुत्र भीमबाट मारिएपछि
उसैकी बहिनी भुटनदेवीसँग गान्धर्व विवाह गरी
सुहागरात मनाएको बस्ती
हिडम्बाको अपभ्रंश नामकरण
हेटौंडा....................।
—सुभाषचन्द्र पौड्याल । (६६/३)

२. [नेवा. हस्ति+गल>हतिगल>हौगल] हात्ती राख्ने गोठ भन्ने अर्थमा संस्कृत शब्द 'हस्ती' र नेवारी शब्द 'गल' को समास गरेर ~ भन्ने नाम रहेको र पछि 'हतिगल' उच्चारण भएर अपभ्रंश भई 'हौगल' बाट ~ नाउँ हुन गएको हो।(८४/२६)

३. [सं० हाटकेश्वर>हटगल>हौगः] हाटकेश्वर लिङ्ग भएको ठाउँ भएकोले 'हटगल' नाउँ रहन गएको र त्यसको अपभ्रंशबाट ~ हुन गएको हो।(८४/२६)

४. [सं० हस्तिनाद>हस्तिगल>हतिगल>हौगल] हस्तिनाद महाविहार रहेको टोल हुनाले 'हस्तिगल' भनिएको र त्यसैबाट 'हतिगल' र 'हौगल' भन्ने उच्चारण हुँदै ~ नाम रहन गएको हो।(८४/२६)

**ह्नखु (ह्नखुसि)** (काठमाडौं)

१. [नेवा० न्ह+खुसि] नेवारीभाषामा 'न्ह' को अर्थ 'हाँसो' र 'खु' वा 'खुसि' को अर्थ 'नदी' हुन्छ। तसर्थ शिवको हाँसोबाट निस्केको नदी हुनाले ~ नाम रहन गयो*। (३८क/६) हेर्नुस्: बाग्मती।

२. [नेवा० न्व+खु] नेवारीभाषामा 'न्व' (पुरानो भाषामा 'नो' र अचेल 'नु' को अर्थ 'वाक्' र 'मुख' हुन्छ भने 'खु' वा 'खुसि' को अर्थ 'नदी' हुन्छ। तसर्थ संस्कृत नाम 'वाग्मती' को नेवारी अनुवाद गरिंदा 'न्वखु' हुन गएको र त्यसैको अपभ्रंश समेत भई ~ नाम हुन गएको होला। (३८ क/१६)

'वाक्' को तिब्बती अनुवाद 'ङग्' पनि पाइएको छ। बाग्मतीको पुरानो किरात नाम 'न्वखु' हुन सक्ने देखिन्छ। बाग्मतीको एउटा दोभान '**नक्खु**' सित पनि यसको स्वर-साम्य छ। (३८ क/१६)

**ह्नसिकाप** (काठमाडौं)

१. [नेवा० न्हसि+काप्] नेवारीभाषामा 'न्हसि' भनेको 'खड्ग' (संस्कृतमा 'असि') र 'काप्' भनेको 'पर्वतको काप' हुन्छ। उपत्यकाको पानी बाहिर पठाउन मञ्जुश्रीद्वारा खड्गले काटिएको कच्छपालपर्वतको काप हुनाले ~ भन्ने नाम रहेको हो। (१०४/३०)

**ह्रदगोल** (ललितपुर)

१. [सं० ह्रद+गोल] संस्कृतभाषामा 'ह्रद' भनेको 'दह' वा 'तलाउ' र 'गोल' भनेको 'बाटुलो आकार' हुन्छ। कुनै समयमा दहको आकारको ठाउँ हुनाले पाटनलाई प्राचीन समयमा ~ भन्ने गरिन्थ्यो। (४६/४२)

उहिले उहिले **बाग्मती** नदी-सिरानको उपत्यकामा एउटा पोखरी थियो। त्यस पोखरीलाई बाग्मती नदीले खोली महाभारतपहाड काटेर लैजाँदा जमीन सुक्खा भई ~ भनिएको हुनुपर्छ। पछिबाट त्यहाँ वृक्ष-वनस्पति उम्रेर घना जङ्गल भयो र वनजन्तुहरू पनि देखिए। अन्तमा त्यहाँ पूर्व अथवा पश्चिमतिरबाट किरातहरू आएर शिकार खेल्न र भेडा, सुँगुर आदि पाली छाप्रो बनाई घरवार पनि गर्न लागे। पाटनको छुसिका गल्लीनेर पर्ने यंगुबहालभित्र मानदेव द्वितीयको समयमा निर्मित अवलोकितेश्वर मूर्तिको पाद-पीठमा अङ्कित अभिलेखमा ~ नामको प्रयोग भएको छ। (४६/४२)

**हृषिकेश (हृषिकेशव)** (पाल्पा)

१. [सं० हृषिक+केशव] संस्कृतमा इन्द्रियलाई 'हृषिक' र विष्णुलाई 'केशव' भनिन्छ। रुरुकन्याका इन्द्रिय-हरूलाई नियमन गरेर बाहिर प्रत्यक्ष भएका विष्णु हुनाले ~ भन्ने नाउँ रहन गएको हो।

१. [ने० ऋषि+केशव] पाल्पाली राजर्षि मणि-मुकुन्दसेन (शासनकाल वि. सं. १५७५–१६१० तदनुसार इ. सं. १५१८–१५५३) ले कालीगण्डकीबाट बाहिर झिकिए-को शालिग्रामद्वारा निर्मित नारायणको मूर्ति हुनाले ~ नाम रहन गएको हो। (६/१४६, ६७ क/४६ ४/६६)

शालिग्रामबाट बनेको कालो रङ्गको चतुर्बाहु नारायणको मूर्तिको उचाइ ३ फिट ६ इन्च छ। यो शिलामूर्ति बढ्दै अग्लो हुँदै गएको छ भन्ने जनधारणा छ। पाल्पाली राजा मणिमुकुन्द-सेनले पहाडको एक उच्च स्थानमा शिलामूर्तिलाई विधिवत्

---

*"हासाद्विनिर्गताम्"

—नेपाल-माहात्म्य, अ० १, श्लो० २८।

स्थापना गरी नित्य पूजा-आजा, पुजेरी खान्की, सन्त-साधुका निम्ति सिधा, रथयात्रा आदिको लागि खर्च चलाउन गुठीको बन्दोबस्त गरिदिएका थिए। पछि १८१६ सालमा रणदल पाण्डेले एक सुन्दर मन्दिर बनाएर सुनको गजूर र एक ठूलो घण्ट चढाए। हरेक वर्ष कार्तिक महीनामा पर्ने हरिबोधिनी एकादशीका दिन **रुरुक्षेत्रमा** मेला लाग्छ र रिडी गण्डकी वारिपारि घुमाएर भोलिपल्ट कार्तिक-शुक्ल-द्वादशीका दिन ५ को रथयात्रा भव्य रूपमा सम्पन्न गरिन्छ। (९/१४८)

# सन्दर्भ-ग्रन्थसूची


१. अधिकारी, लेखनाथ, 'व्यासमार्ग—एक परिचय', 'गोरखापत्र', ८ पुस, वि. सं. २०३५।

२. 'अप्रिय', महेन्द्रप्रसाद, 'सिम्ताली भाषिका : अनुसन्धानको गर्भमा', 'मधुपर्क' (मासिक), वर्ष १०, अङ्क ११, चैत्र २०३४ (मार्च—अप्रैल १९७८)।

३. अमात्य, साफल्य, 'उकुंको भग्नावशेष र जनश्रुति' (पुरातत्त्व—इतिहास), 'मधुपर्क', वर्ष ४, अङ्क ५, आश्विन २०२८ (अक्टोबर १९७१)।

४. अमात्य, साफल्य, 'मकवानपुर गढी' (इतिहास—पुरातत्त्व), 'मधुपर्क', वर्ष ५, अङ्क ११, चैत्र २०२९ (अप्रैल १९७१)।

५. आचार्य, बाबुराम, 'पुराना कवि र कविता', नेपाली भाषा प्रकाशिनी समिति, काठमाडौं, वि. सं. २०१७ (द्वि.सं.), साझा प्रकाशन, वि. सं. २०२३ (प्र. सं.)।

६. आचार्य, बाबुराम, 'श्री ५ बडा-महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी', भाग १, भाग २, भाग ३, भाग ४, श्री ५ को सरकार, प्रमुख संवाद-सचिवालय, काठमाडौं, वि. सं. २०२४।

७. आचार्य, लक्ष्मण शास्त्री, 'महोत्तरीको सांस्कृतिक पृष्ठभूमि', 'ऐँसेलु', पूर्णांक २।

८. आचार्य, लक्ष्मी, 'देशको माटो, देशको ढुङ्गा', धरान नगर-पञ्चायत, वि. सं. २०३०।

९. उदय, विजय 'पाल्पाली' 'पाल्पाको ऐतिहासिक विवेचना', 'पाल्पाली संगम', काठमाडौं, वि. सं. २०३९।

१०. उपाध्याय, मुकुन्दशरण, 'विकासतर्फ अग्रसर बर्दिया', 'गोरखापत्र', ७ माघ, २०२९।

११. उपाध्याय, रामजी, 'नेपालको इतिहास', काशी, वि. सं. २००८।

१२. ओजश्री, 'चुड्याँ कप्तान' (बाल कथाहरू), काठमाडौं, वि. सं. २०३६ (इ. सं. १९७९)।

१३. कञ्चन, योगेन्द्र, 'कुभिन्डे दह—भौगोलिक परिचय', 'गोरखापत्र', २८ भदौ, २०३२।

१४. कन्दङ्वा, काजीमान, 'कीपट : एक दृष्टिकोण', 'ऐँसेलु', पूर्णांक २।

१५. कार्की, युवराज सिंह, 'विश्व—परिचय', काठमाडौं, भाग २।

१६. कुमार, नारायण, 'दङौरा थारुहरूको संस्कृति', 'हाम्रो संस्कृति', श्री ५ को सरकार, संस्कृति-विभाग, सिंहदरबार, काठमाडौं, वर्ष ३, अङ्क २, ७ फागुन, २०२५।

१७. कुँवर, चेतबहादुर, 'लुम्बिनी क्षेत्रका प्रमुख बौद्ध तीर्थस्थल', 'गोरखापत्र' (शनिवासरीय परिशिष्टाङ्क), ६ असार, २०३८।

१७. क. कुँवर, चेतबहादुर, 'ऐतिहासिक तथा सांस्कृतिक पृष्ठभूमिमा पाल्पाको भैरवस्थान', 'मधुपर्क', वर्ष १४, अङ्क ११–१२, २०३८ (१९८२)।

१८. कोइराला, मातृकाप्रसाद, 'दक्षिण एशियाली इतिहासमा हराएका केही कडीहरू', 'रत्नश्री', वर्ष १८, अङ्क २।

१९. ज्ञवाली, सूर्यविक्रम, 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास', रायल नेपाल एकेडेमी, काठमाडौं, वि. सं. २०१९ (प्र. सं.)।

२०. ज्ञवाली, सूर्यविक्रम, 'वीर बलभद्र'।

२१. गुरुङ, गणेशमान, 'स्वर्गद्वारी आश्रम', 'मधुपर्क', वर्ष १४, अङ्क २, असार २०३८ (जून-जुलाई १९८१)।

२२. गुरुङ, जगमान, 'कास्की-पोखरा', 'प्राङ्गण', वर्ष १, अङ्क ३, जेठ-साउन, २०३६।

२३. गौतम, प्रेमनारायण प्रसाद, 'भारतका नेपालीहरूको सांस्कृतिक जीवन', 'धर्मसन्देश', असम नेपाली युवक सङ्घ, पाटगाउँ, ग्वालपाडा, असम, वर्ष २, अङ्क १, वि. सं. २०३० (नववर्ष)।

२४. गौतम, श्रीकृष्ण, 'पश्चिमाञ्चलको नेपाली बोनाइ-गुल्मी जिल्लाको विशेष सन्दर्भ, 'रूप-रेखा', पूर्णाङ्क २०८, भदौ २०३५, काठमाडौं।

२५. घिमिरे, विष्णुप्रसाद, 'देवघाट : परिचय', 'गोरखापत्र' (शनिवासरीय परिशिष्टाङ्क), ८ माघ, २०३४, काठमाडौं।

२६. चालिसे, विजय, यस 'डोटी र यस वरिपरिका धार्मिक परम्परा', 'मधुपर्क', वर्ष १४, अङ्क ८, पुस २०३८ (डिसम्बर-जनवरी १९८१-८२)।

२६. क. चालिसे, विजय, 'डोटेली लोक-संस्कृति र साहित्य', साझा प्रकाशन, काठमाडौं, पहिलो संस्करण, वि.सं. २०३९।

२७. चेमजोङ, ईमानसिंह, 'किराती जनताको इतिहास र संस्कृति', भाग दोस्रो।

२८. चोङवाङ, हर्कराज, 'पूर्वी नेपालको लोक संस्कृति', 'हाम्रो संस्कृति', वर्ष २, अङ्क १, आश्विन २०२४।

२९. जोशी, नारायणविलास, 'सिन्धुपाल्चोक जिल्ला : एक परिचय', 'सोह्र जिल्ला र भूमिसुधार', श्री ५ को सरकार, भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालय, भूमिसुधार-विभाग, काठमाडौं, ४ भाद्र २०२४।

३०. जोशी, सत्यमोहन, 'कर्णाली लोक-संस्कृति मस्टाका आलनहरू', 'प्रज्ञा', वर्ष २, अङ्क ३, पूर्णाङ्क ७, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं।

३०. क. जोशी, सत्यमोहन, 'नेपाली चाडपर्व', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि. सं. २०३९।

३१. जोशी, सत्यमोहन, 'नेपाली संस्कृति र इन्द्रजात्रा', 'हिमानी', (त्रैमासिक साहित्य सङ्कलन), नेपाल साहित्य संस्थान, काठमाडौं, वर्ष १, अङ्क १, आश्विन-मंसीर २०१९।

३२. जोशी, सत्यमोहन, 'न्ह्यखँ' (प्राक्कथन), 'खड्गसिद्धि', मा. हेमलाल जोशी, काठमाडौं, ने. सं. १०७६।

३३. जोशी, हरिराम, 'नेपालमा शैव धर्म', 'प्रज्ञा', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वर्ष १, अङ्क ४, वि. सं. २०२८।

३४. जोशी, हरिराम, 'श्रीमानविहार : एक संक्षिप्त अध्ययन', 'मधुपर्क', वर्ष ८, अङ्क ३, श्रावण २०३२ (जुलाई-अगस्ट १९७५)।

३५. जोशी, हरिराम, 'सुर्खेत-एक संक्षिप्त अध्ययन', 'मधुपर्क', वर्ष ११, अङ्क १, जेठ २०३५ (मे-जून १९७८)।

३६. जोशी, हरिराम, 'हाम्रो संस्कृति', श्री ५ को सरकार, सञ्चार-मन्त्रालय, सूचना-विभाग, काठमाडौं, वि. सं. २०३७।

३७. तमोट, काशीनाथ, 'नुवाकोट दरबारको महत्त्वमाथि प्रकाश', 'प्रज्ञा', वर्ष २, अङ्क २, पूर्णाङ्क ६, वि. सं. २०२९।

३८. तमोट, काशीनाथ, 'नेपाली संस्कृतिमा डबलीको स्थान', 'नेपाली लोक-संस्कृति-संगोष्ठी', नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, वि. सं. २०३२।

३८. क. तमोट, काशीनाथ, 'बाग्मतीको पुरानो नामको खोजीमेलो', 'नेपाली संस्कृति : विविध पक्ष', श्री ५ को सरकार सञ्चार-मन्त्रालय, सूचना-विभाग, काठमाडौं, वि. सं. २०३८ (इ. सं. १९८२)।

३९. तानासर्मा, 'भानुभक्तदेखि तेस्रो आयामसम्म', साझा प्रकाशन, काठमाडौं, वि. सं. २०२७।

४०. तिम्सिना, गोविन्द, 'विजयपुर—एक पुरातात्त्विक रमाइलो खोज', 'गोरखापत्र' (शनिवासरीय परिशिष्टाङ्क), १६ मंसीर २०३०।

४०. क. तिवारी, ऋषिकेश, 'मोदीबेनी : एक चिनारी', 'मोदीबेनी', रूपायन प्रेस, ढोकाटोल, काठमाडौं, पुस २०३५।

४१. त्रिपाठी, कृष्णमणि (सं.) 'पाणिनि तपोभूमि', 'भारतीय साहित्य विद्यालय, वाराणसी, इ. सं. १९५८।

थापा, धर्मराज, 'दैलेखी जन-जीवन', 'हाम्रो संस्कृति' 'वर्षको तीनपल्ट हुने सामयिक प्रकाशन), श्री ५ को सरकार, संस्कृति विभाग, सिंहदरबार, काठमाडौं, वर्ष २, अङ्क २, ७ फागुन २०२४।

४३. थापा, धर्मराज, 'मेरो नेपाल-भ्रमण' (गवेषणापूर्ण लोकसंस्कृति र लोकगीतको सङ्कलन), सावित्री थापा, बाटुलेचौर, पोखरा, वि. सं. २०१६।

४४. थापा, भैरवबहादुर, 'सोरठीलाई खोज्दा', 'प्रज्ञा', राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वर्ष २, अङ्क ४, पूर्णाङ्क ८, वैशाख २०३०।

४५. दिवस, तुलसी, 'धिमाल लोक-धर्म र संस्कृति', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं, वि. सं. २०३९।

४६. दीप, ध्रुवकृष्ण, 'सांस्कृतिक नगर–ललितपुर', 'हाम्रो संस्कृति', वर्ष १, अङ्क २, फागुन २०२३।

४७. देवकोटा, रत्नाकर, 'चीमारा मालिकाबाट देखिएको कर्णाली अञ्चल', 'रमझम', वर्ष ८, अङ्क ३, रमझम कार्यालय, राजदरबार, १४ पौष २०२९।

४८. देवकोटा, राजेश्वर र शर्मा, जनकलाल, 'नेपाली निबन्धावली', रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, ?।

४९. नेपाल, ज्ञानमणि, 'कोसी-प्रदेश', 'प्रज्ञा' (त्रैमासिक पत्रिका), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वर्ष २, अङ्क १, वि. सं. २०२८।

५०. नेपाल, पूर्णप्रकाश 'यात्री', 'नेपाली संस्कृतिमा नागछाँगा', 'मधुपर्क', वर्ष १४, अङ्क १, जेठ २०३८।

५१. नेपाल, पूर्णप्रकाश 'यात्री', 'सेती अञ्चल दिग्दर्शन', हिमाली सौगात प्रकाशन, विराटनगर।

५२. 'नेपाल-माहात्म्य', अनु. खनाल, मुक्तिनाथ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, संस्कृति-विभाग, कमलादी, काठमाडौं, वि. सं. २०२८।

५३. पराजुली, कृष्णप्रसाद, 'सिद्धार्थ कूप', 'स्वास्नीमान्छे', वर्ष २, अङ्क ४, वैशाख २०१७।

५४. पाण्डेय, नन्दलाल, 'माझी बस्तीको ऐतिहासिक-आर्थिक झलक', 'मधुपर्क' (मासिक), वर्ष ९, अङ्क ११, चैत्र २०३३ (मार्च-अप्रैल १९७७)।

५५. पाण्डेय, रामनिवास, 'पश्चिमी नेपालको शैव-शाक्त परम्परा', 'नेपाली लोक-संस्कृति संगोष्ठी', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि. सं. २०३२।

५६. पिंडाली, केशवराज, 'कति प्राचीन, कति विशिष्ट', 'प्रज्ञा', संख्या ५, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि. सं. २०२९।

५७. पोखरेल, गोपाल 'विवश', पाटन-ललितपुरको संक्षिप्त ऐतिहासिक रूप', 'गोरखापत्र', २७ वैशख २०३८।

५७. क. पोखरेल, गोपाल 'विवश', 'नेपाल नाम कसरी रह्यो ?', 'मधुपर्क', वर्ष १४, अङ्क ११-१२, चैत-वैशाख २०३८ (अप्रिल-मे १९८२)।

५८. पोखरेल, बद्री, 'खप्तड बाबासँग छोटो भेटघाट', 'मधुपर्क' (मासिक), वर्ष ११, अङ्क २-३, असार-साउन २०३५ (जुलाई-सेप्टेम्बर १९७८)।

५९. पोखरेल, बालकृष्ण (सं.), 'पाँच सय वर्ष' (नेपाली गद्यसाहित्यको ऐतिहासिक सङ्गालो), जगदम्बा प्रकाशन, श्रीदरबार, ललितपुर, वि. सं. २०२०।

६०. पोखरेल, बालकृष्ण, 'पोखरा-उपत्यका', 'कलेज स्तरका निबन्धैनिबन्ध', सहयोगी प्रकाशन, काठमाडौं, वि. सं. २०२७।

६१. पोखरेल, बालकृष्ण, 'विराटनगर', 'निबन्धैनिबन्ध', काठमाडौं।

६२. पोखरेल, बालकृष्ण, 'सुन्दुरी माने सुरुङ', 'सक्‌सक्' (सामयिक साहित्यिक पत्रिका), वर्ष १, अङ्क ३, वि. सं. २०२८।

६३. पौड्याल, रामराज, 'खोपासी-पनौतीको प्रवास', 'गोरखापत्र', १४ फागुन, २०२८ ।
६४. पौड्याल, रामराज, 'प्यारो पोखरा', 'गोरखापत्र', ४ कार्तिक, २०३० ।
६५. पौड्याल, रामराज, 'हाम्रो जनजीवनका पक्षहरू', श्री ५ को सरकार, संचार-मन्त्रालय, प्रचार-विभाग, काठमाडौं, वि. सं. २०२४ (इ. सं. १९७७) ।
६६. पौड्याल, सुभाषचन्द्र, 'दुई स्थान : एक चिनारी', (किंवदन्तीअनुसार), 'गोरखापत्र' (शनिवासरीय परिशिष्टाङ्क), ६ मंसीर २०३८ ।
६७. प्रधान, अयोध्याप्रसाद, 'कपिलवस्तुका सिद्ध कपिल', 'हाम्रो संस्कृति', श्री ५ को सरकार, संस्कृति-विभाग, सिंहदरबार, काठमाडौं, वर्ष ४, अङ्क १, ५ आश्विन- २०२६ ।
६७. क. प्रधान, अयोध्याप्रसाद, 'धार्मिक स्थलको लागि प्रसिद्ध पाल्पा', 'पाल्पाली संगम', काठमाडौं, वि. सं. २०३९ ।
६८. प्रधान, भुवनलाल, 'कीर्तिपुरको स्थापना', 'मधुपर्क', वर्ष ८, अङ्क १०, चैत २०३२ (फरवरी-मार्च, १९७६) ।
६९. बस्नेत, त्रिभुवनबहादुर, 'भूमिसुधारको सन्दर्भमा ललितपुर', 'सोह्र जिल्ला र भूमिसुधार', श्री ५ को सरकार, भूमि-सुधार, कृषि तथा खाद्य मन्त्रालय, भूमिसुधार-विभाग, काठमाडौं, ४ भाद्र २०२४ ।
७०. बस्न्यात, लेखवीरसिंह, 'नेपाल राष्ट्रको ऐतिहासिक झलक', नेपाली साहित्य-भवन, विराटनगर, वि. सं. २०२८ ।
७०. क. बाङ्देल, लैनसिंह, 'प्राचीन नेपाली मूर्तिकलाको इतिहास', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि. सं. २०३९ ।
७१. बासुपासा, 'चितवन जिल्लाको परिचय', 'सोह्र जिल्ला र भूमिसुधार', काठमाडौं, ४ भाद्र २०२४ ।
७२. बिष्ट, डोरबहादुर, 'ठकुरी र क्षेत्रीको पुर्खेउली' (सामाजिक इतिहासको एक चिरफार), 'मधुपर्क', वर्ष ५, अङ्क १, जेठ २०२९ (जून १९७२) ।
७३. बिष्ट, डोरबहादुर, 'मेरो भन्नु' (भूमिका), 'सोताला' (उपन्यास), साझा प्रकाशन, काठमाडौं, वि. सं. २०३३ (प्र. सं.) ।
७४. भट्ट, आनन्ददेव, 'इतिहास-शिरोमणि श्री बाबुराम आचार्य', 'हाम्रा प्रतिभाहरू', काठमाडौं, १५ असार २०१९ ।
७५. भट्टराई, देवप्रसाद, 'सुदूर पश्चिमाञ्चल विकास केन्द्र - सुर्खेत', 'गोरखापत्र', २५ पौष, २०२९ ।
७६. भट्टराई, माधव, 'पवित्र तीर्थस्थल-दूधकुण्ड', 'हाम्रो संस्कृति', काठमाडौं, वर्ष ३, अङ्क ३, ३० जेठ २०२६ ।
७७. भट्टराई, शरदकुमार, 'एक रहस्यमय गुफा' (स्थान परिचय), 'हाम्रो संस्कृति' (वर्षको तीनपल्ट हुने सामयिक प्रकाशन), श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, संस्कृति-विभाग, सिंहदरबार, काठमाडौं, वर्ष ३, अङ्क २, ७ फागुन २०१५ ।
७८. भिक्षु, अमृतानन्द, 'बुद्धकालीन राजपरिवार' (भाग १), आनन्दकुटी विहार गुठी, स्वयम्भू, काठमाडौं, बुद्धाब्द २५१५ (प्र. सं.) ।
७८. क. भिक्षु, अमृतानन्द, 'बुद्धकालीन ब्राह्मण' (संग्रह १), आनन्दकुटी विहार गुठी, स्वयम्भू, काठमाडौं, वि. सं. २०२८ ।
७९. भिक्षु, सुदर्शन, 'पद्मपाणि बोधिसत्त्व', पासामुना, असं भोटाहिटी, ये (काठमाडौं) ने. सं. ११०० (वि. सं. २०३६) ।
८०. मल्ल, कमलप्रकाश, 'नेपाःगाःया भाषाविज्ञानकथं पुरातत्त्व विवेचना', 'सिँकःमिया स्वाने', नेपालभाषा परिषद्, न्यत तुंछे, कान्तिपुर, ने. सं. १०९८ ।
८१. मल्ल, कृष्णबम र शर्मा, जनकलाल, 'राप्ती उपत्यका', नेपाल-भारत मैत्री संघ, काठमाडौं, वि. सं. २०१४ ।
८२. मल्ल, मोहनबहादुर, 'पर्वतको इतिहास', 'प्राचीन नेपाल', संख्या १६ ।
८२. क. मानन्धर, पूर्णदास, 'लिच्छविकालीन चित्रकलाको सन्दर्भ', कला नाफा पत्रिका', वर्ष १९, संख्या ७, काठमाडौं, श्रावण २०४१ ।

८३. मिश्र, टुकराज पद्मराज, 'भानुभक्त र मोतीराम', 'मधुपर्क' (मासिक), वर्ष ९, अङ्क १२, वैशाख २०३४।

८४. मिश्र, मदनमोहन, 'नेपाल संस्कृतिया छगू झलक', कान्तिपुर, ने. सं. १०८४ वि. सं. २०२०)।

८५. मुनँकर्मी, लीलाभक्त, 'मल्लकालीन नेपाल', रत्न पुस्तक भण्डार, काठमाडौं, आषाढ २०२५ (जून १९६८)।

८६. मुनँकर्मी, लीलाभक्त,'हजार वर्षअघिदेखिको ऐतिहासिक कथा-संग्रह', लीला ब्रदर्स, नासमनाटोल, भक्तपुर, कार्तिक २०२३ (नवम्बर १९६६)।

८७. मेघदूत,'आनन्दकुटीया जातः','आनन्दभूमि', आनन्दकुटी विहार गुठी, स्वयम्भू, काठमाडौं, वर्ष १०, अङ्क ४, श्रावण २०३९ (अगस्ट १९८२), ने. सं. ११०२ गुँला (बु. सं. २५२६)।

८८. 'मेचीदेखि महाकाली' (भाग १, भाग २, भाग ३, भाग ४), जाँचबुझ समिति, राजदरबार, काठमाडौं।

८९. योगी, नरहरिनाथ, 'इतिहास-प्रकाशमा सन्धिपत्र-संग्रह', काठमाडौं।

९०. योगी, नरहरिनाथ (सं.), ('दिव्य उपदेश' (सप्तम संस्करण), काठमाडौं, वि. सं. २०१६।

९०. क. योगी, नरहरिनाथ, 'हाम्रो देश-दर्शन', काठमाडौं।

९१. रथी, धनशमशेर, 'नेपालको गौरव', 'रमझम', राजदरबार, काठमाडौं, वर्ष ८, अङ्क ३, १४ पौष २०२९।

९२. राना, तेजेन्द्रप्रताप,'धादिङ जिल्ला','सोह्र जिल्ला र भूमिसुधार', श्री ५ को सरकार, भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालय, भूमिसुधार विभाग, काठमाडौं, वि. सं. २०२४।

९३. रिमाल, प्रदीप,'कर्णाली-लोक-संस्कृति' (साहित्य, संगीत, कला), खण्ड ५ नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं, वि. सं. २०२८ (प्र. सं.)।

९४. रेग्मी, जगदीशचन्द्र, 'मानदेव प्रथमका तीन पुर्खा', 'मधुपर्क' वर्ष ३, अङ्क १, जेठ २०२७ (जून १९७०)।

९५. रेग्मी, जगदीशचन्द्र, 'लिच्छवि-संस्कृति', काठमाडौं।

९५. क. रेग्मी, जगदीशचन्द्र, 'प्राचीन नेपाली संस्कृति', साझा प्रकाशन, काठमाडौं, वि. सं. २०४०।

९६. लामा, सन्तवीर (पाखीन), 'तम्बा कइतेन् ह्वाइ रिमठिम' (तामाङको पुर्ख्यौंली रीतिथिति र गीत), रत्न पुस्तक भण्डार, काठमाडौं, भाद्र २०२५ (प्र. सं.)।

९७. वज्राचार्य, गौतमबज्र,'नेपालको कला','नेपाल परिचय', पाठ्यक्रम-विकास-केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, चैत्र २०३२ (अप्रिल १९६७)।

९८. वज्राचार्य, धनवज्र,'इतिहास-संशोधनको प्रमाण-प्रमेय', जगदम्बा-प्रकाशन, श्रीदरबार, ललितपुर, वि. सं. २०१९.

९९. वज्राचार्य, धनवज्र, 'द्रंग—व्यापारको केन्द्र', 'मधुपर्क', वर्ष ४, अङ्क १०, फागुन २०२८।

१००. वज्राचार्य, धनवज्र, 'मध्यकालीन नेपाल', 'नेपाल परिचय', पाठ्यक्रम-विकास-केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, चैत्र २०३२ (अप्रिल १९६७)।

१०१. वज्राचार्य, धनवज्र, 'लिच्छविकालका बस्ती', 'पूर्णिमा' अङ्क १८।

१०२. वज्राचार्य, धनवज्र, 'लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव', 'पूर्णिमा', अङ्क १७।

१०३. वज्राचार्य, पुण्यरत्न, 'नेपालका पुरातात्त्विक जिज्ञासापूर्ण कतिपय स्थान', 'गोरखापत्र', १६ मार्ग २०१९।

१०४. वज्राचार्य, पुण्यरत्न, 'रहस्यमय कच्छपालपर्वत' (चोभारको डाँडो), 'हिमानी' (त्रैमासिक साहित्य-सङ्कलन), नेपाली-साहित्य-संस्थान, काठमाडौं, वर्ष १, अङ्क ३, चैत्र-ज्येष्ठ २०२०।

१०५. वज्राचार्य, पुण्यरत्न, 'हाम्रा चाडपर्व', रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, वि. सं. २०२० (ने. सं. १०८३)।

१०६. वज्राचार्य, वर्णवज्र, 'श्रीचण्डेश्वरीको कथा',(परणामसहित), नेपाल प्रिन्टिङ्ग प्रेस, असन, त्यौडटोल, काठमाडौं, अक्षयतृतीया, वि. सं. २०१९।

१०७. वस्ताकोटी, खिलनाथ, 'बाँदरको डर लाग्छ,' (बिर्सनै नसकिने), 'मधुपर्क', वर्ष १०, अङ्क ७, मार्ग २०३४ (नभेम्वर-

दिसम्बर १९७७) ।
१०८. वाग्ले, गोपिराज, 'हाम्रो परम्परा र बूढानीलकण्ठ', 'हाम्रो संस्कृति', वर्ष २, अङ्क २, ७ फागुन २०२४।
१०९. वाग्ले, रामजीप्रसाद, 'भाजंगाल–रहस्यमय श्मशान', 'हाम्रो संस्कृति', काठमाडौं, वर्ष २, अङ्क १, आश्विन २०२४।
११०. शर्मा, एस. एस., 'खोजखाज', भानु-प्रकाशन, काठमाडौं, शर्मा प्रिन्टिङ्ग प्रेस, भद्रपुर (मेची अञ्चल), २७ पौष २०२६ (प्र. सं.) ।
१११. शर्मा, जनकलाल, 'कौतुकमय डोल्पो', साझा प्रकाशन, काठमाडौं, वि. सं. २०३१ (प्र. सं.) ।
११२. शर्मा, जनकलाल, 'डोल्पा र केही अन्य स्थलको पुरातात्त्विक उपलब्धि', 'प्राचीन नेपाल', अङ्क १५, काठमाडौं, वि.सं. २०२८ ।
११३. शर्मा, जनकलाल, 'बिर्सिनसक्नु छ्वेकमको काख', 'विदेह' (द्वैमासिक), नम्बर ३, काठमाडौं, आषाढ-श्रावण २०३० ।
११४. शर्मा, जनकलाल, 'नेपालमा वर्षा गराउन गरिने विविध अभिचार', 'मधुपर्क' (मासिक), वर्ष १०, अङ्क १।
११५. शर्मा, जनकलाल, 'महाकवि देवकोटा–एक व्यक्तित्व, दुई रचना', साझा प्रकाशन, काठमाडौं, वि. सं. २०३२।
११६. शर्मा, पूर्णप्रसाद ढुंगेल, 'पार्वतीको जन्मस्थल' 'मधुपर्क' (मासिक), वर्ष १४, अङ्क ४, भदौ २०३८ (अगस्ट-सेप्टेम्बर १९८१) ।
११७. शर्मा, बालचन्द्र, 'नेपालको ऐतिहासिक रूपरेखा', कृष्णकुमारी देवी, वाराणसी, वैशाख २०२२ (द्वि. सं.) (प्रथम संस्करण २००८) ।
११८. शर्मा, बालचन्द्र, 'नेपाली शब्दकोष', रायल नेपाल एकेडेमी, काठमाडौं, वि. सं. २०१९।
११९. शर्मा, महेश्वर, 'ऋग्वेद र नेपाल', 'हाम्रो संस्कृति', काठमाडौं, वर्ष ३, अङ्क ३, ३० जेठ २०२६।
१२०. शर्मा, रीता, 'नागवासको पौराणिक कथा', 'नेपाल' काठमाडौं, वर्ष ४, अङ्क २, कार्तिक २०३०।
१२१. शर्मा, वासुदेव, 'तीर्थस्थल गोपालेश्वर महादेव', 'हाम्रो संस्कृति', काठमाडौं, वर्ष ३, अङ्क २, ७ फागुन २०२५।
१२२. शान्तिसुरभ, 'हाम्रो संस्कृतिमा गोरखनाथ', 'हाम्रो संस्कृति', काठमाडौं, वर्ष २, अङ्क १, आश्विन २०२४।
१२३. श्री निष्पक्ष, 'सचेतक सदा अल्पमतमा हुन्छ', 'राष्ट्रपुकार' (साप्ताहिक), काठमाडौं, वर्ष १२, अङ्क २, ८ श्रावण २०३८ ।
१२४. श्रेष्ठ, कृष्णप्रकाश, 'नेपालका किंवदन्तीहरू' (अप्रकाशित) ।
१२४क. श्रेष्ठ, कृष्णप्रकाश, 'नेपालका स्थाननामहरूको विवेचना', 'नेपाली संस्कृति : विविध पक्ष', श्री ५ को सरकार, सञ्चार-मन्त्रालय, सूचना-विभाग, काठमाडौं, वि. सं. २०३८ (इ. सं. १९८२) ।
१२४ख. श्रेष्ठ, कृष्णप्रकाश, 'स्थाननाम : भाषिक तथा सांस्कृतिक निधि', 'रूप-रेखा', काठमाडौं, पूर्णाङ्क २६०, पौष २०३९।
१२५. श्रेष्ठ, तेजप्रकाश, 'अछामी लोकसाहित्य' (अप्रकाशित) ।
१२५क. श्रेष्ठ, तेजप्रकाश, 'कालाशिला, मुसेमाडु र धामी', 'नेपाली संस्कृति : विविध पक्ष', श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौं, वि. सं. २०३८ (इ. सं. १९८२) ।
१२६. श्रेष्ठ, तेजप्रकाश, 'सिम्रौनगढ', (ऐतिहासिक चिनारी कथा), लोकप्रकाशन, कालीमाटी, काठमाडौं, वि. सं. २०३३ (प्र. सं.) ।
१२७. श्रेष्ठ, देवीचन्द्र, 'काठमाडौंबाहिर', श्रीमती राधा श्रेष्ठ, कुसुमलाछी, काठमाडौं, वि. सं. २०२८ (प्र. सं.)।
१२८. श्रेष्ठ, देवीचन्द्र, 'गोसाइँकुण्डको खोज', 'रूप–रेखा' (मासिक), पूर्णाङ्क १४१ ।
१२८क. श्रेष्ठ, देवीचन्द्र, 'भाङग्रा-पुराणमा मुक्ति खोज्दछ बझाङ', 'रूपरेखा' (मासिक), पूर्णाङ्क २५७, असोज २०३९।
१२८ख. श्रेष्ठ, देवीचन्द्र, 'लिमी लापचाको काखमा रुन्छ माजुलै', 'मधुपर्क' (मासिक), काठमाडौं, वर्ष १४, अङ्क ५, असोज २०३८ ।

१२८ग. श्रेष्ठ, देवीचन्द्र, 'इतिहासको पदचाप', 'पच्चीस वर्षको नेपाली निबन्ध', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, प्रथम संस्करण, वि. सं. २०३९ ।

१२८घ. श्रेष्ठ, देवीचन्द्र, 'इतिहासको पदचाप', 'पच्चिस वर्षको नेपाली निबन्ध', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, प्रथम संस्करण, वि. सं. २०३९ ।

१२९. श्रेष्ठ, देवीचन्द्र, 'संसारको छानुमा शान्ति र पवित्रताको पहिलो दह मानसरोवर', 'रूप-रेखा' (मासिक), पूर्णाङ्क २०५, जेठ २०३५ ।

१२९क. श्रेष्ठ, नारायणप्रसाद मी. सु., 'पाल्पा कि बालबा ? कल्पना कि वास्तविकता ?', 'मधुपर्क' वर्ष १७, अङ्क ४, काठमाडौं, भदौ २०४१ ।

१३०. श्रेष्ठ, भगवतीप्रसाद, 'सामान्य ज्ञान', नेपालभाषा-परिषद्, कान्तिपुर, ने. सं. १०८० (प्र. सं.) ।

१३१. श्रेष्ठ, भीमप्रसाद, 'जुम्ला क्षेत्रीय प्रशासनको डिलबाट', 'कर्णाली प्रदेश– एक बिटो अध्ययन', काठमाडौं ।

१३२. श्रेष्ठ, लीलाराज, 'प्राचीन ललितपुर (यूपग्राम), 'गोरखापत्र', काठमाडौं, १६ माघ २०२२ ।

१३३. श्रेष्ठ, विहारीकृष्ण, 'कर्णाली-लोकसंस्कृतिः जनजीवन (दियार गाउँका ठकुरीहरू)', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि. सं. २०२८ ।

१३४. श्रेष्ठ, स्वयम्भूलाल, 'नेपालका बासिन्दाहरू– एक विचार', 'प्रगति' (द्वैमासिक साहित्यिक पत्रिका), काठमाडौं, वर्ष ६, पूर्णाङ्क १७ ।

१३५. श्रेष्ठ, स्वयम्भूलाल, 'राजा विराटको मत्स्यदेश झापा मोरङ्ग', 'युवक' (साप्ताहिक), झापा, भद्रपुर ।

१३६. श्रेष्ठ, स्वयम्भूलाल, 'हामी नेपाली', श्रेष्ठ प्रकाशन, ललितपुर, वि. सं. २०२८ ।

१३७. सांकृत्यायन, राहुल, 'सिंहल-घुमक्कड जयवर्धन', राजपाल, दिल्ली, इ. सं. १९६० ।

१३८. सांकृत्यायन, राहुल, 'हिमालय-परिचय' (१) (गढवाल), इलाहावाद, इ. सं. १९५३ (प्र. सं.) ।

१३९. सापकोटा, बाबुराम, 'तोक्माको यात्राः तामेको स्मृति', 'हाम्रो संस्कृति' काठमाडौं, वर्ष ४, अङ्क १, आश्विन २०२६ ।

१४०. सापकोटा, महानन्द, 'खसको कुरो', 'प्रज्ञा', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वर्ष १, अङ्क ४, वि.सं. २०२८ ।

१४१. साय्मि, धूस्वाँ, 'स्वयम्भू महाचैत्य : एउटा विश्लेषण', 'मधुपर्क' (मासिक), काठमाडौं, वर्ष ४, अङ्क ९, माघ २०२८ (फरवरी १९७२) ।

१४२. सिजापति, मिठ्ठूदेवी, 'गोरखा राष्ट्रिय ऐतिहासिक चित्रावली', बनारस, इ. सं. १९५६ ।

१४३. सिजापति, ललितजङ्ग, 'नेपाली ऐतिहासिक कथासंग्रह', नेपालीभाषा प्रकाशिनी समिति, काठमाडौं, वि. स. २०११ (तृ. सं.) ।

१४४. सुब्बा, मायाँदेवी, 'माईबेनी-मेला', 'रत्नश्री' (नारी अङ्क), काठमाडौं, वर्ष १६, अङ्क १ ।

१४५. सुब्बा, मायाँदेवी, 'श्रीशैलेश्वरी' (ऐतिहासिक लोककथा), 'रत्नश्री', काठमाडौं, वर्ष १८, अङ्क २, असोज-कात्तिक २०३७ ।

१४६. सुवेदी, हंसपुरे, 'आबुई दाइ पनि....' (यात्रा संस्मरण), 'रूप-रेखा', पूर्णाङ्क २०८, भदौ २०३५ ।

१४७. कार्पोभिच, नाताल्या मार्कोभ्ना, 'मुस्ताङको बाटो' (नेपालको डायरीबाट), 'नाउका' मास्को, सन् १९७८ । (दरोगा भ मुस्ताङ)

१४८. तुर्किन, भ्सेभलोद निकोलाएभिच, 'नेपालका वनजङ्गल हुँदै' (भौगोलिक पुस्तकमाला), 'मीस्ल', मास्को, सन् १९६४ । (स्क्वोज जुङ्गलेइ नेपाला)

१४९. मान्भेलोभ, भ्लादिमिर इभानोभिच, 'बादलपारि हिउँचुलीको देशमा' (भ स्ताने जाअब्लाचनिख भेर्शिन), 'नाउका, मास्को, सन् १९८२ ।

१५०. मर्जाएभ, ए. एम., 'भौगोलिक नाउँहरू' (गेय्रोग्राफिया भ नाज्वानियाख), मास्को, सन् १९७९ ।

१५१. याकुबेनोक, ल्युदमिला भिक्तोरोभ्ना, 'विष्णुको छत्रछायामा' (नेपालको यात्रावर्णन) (पोद किलोभ विष्णु), 'नाउका', मास्को, सन् १९७५ ।

१५२. शेर्पा, तेन्जिङ नोर्गे, 'हिउँको बाघ' (तिग्र स्नेगोभ) (The Tiger of Snow) (जेइम्स रामजाइ उलमान-लिखित तेन्जिङ शेर्पाको जीवनी), 'मालादाया ग्वार्दिया', मास्को, सन् १९६१ ।

153. Bista, Dor Bahadur. 'People of Nepal', Published by Department of Publicity, Ministry of Information and Broadcasting HMG of Nepal, Kathmandu, 11 June 1967 (First Edition), Printed at Sree Saraswati Press Ltd., Calcutta-9.

154. Dey, N. L., 'Geographical Dictionary of Ancient and Medieval India'.

155. Forbes, Duncan, 'The heart of Nepal', Robert ulf Limited 63 Old Bomton Road, S.W. 7, London, 1962.

156. Hodgson, B. H., 'Essay on the Languages, Literature and Religion of Nepal and Tibet', London, 1874. (1. Geography of the Himalaya; 2. The Chepang and the Kusunda tribes; 3. Nayakote & its tribes).

157. Law, B. C. (लाहा विमलचन्द्र), 'India as described in Early Texts of Buddhism & Jainism', London, 1941.

158. Majupuria, Indra & Majupuria, Trilok Chandra, 'Marriage Customs in Nepal' (Ethnic Groups, their Marriage Customs and Traditions), Printed : Raj Rattan Press, Jullundur (India), Kathmandu, Nepal, 1978.

159. Malla, Kamal Prakash, 'Linguistic Archaeology of the Nepal Vally' (Preliminary Report), 'Kailash' (A Journal of Himalayan Studies), Volume V111, No 1-2, 1981.

160. Manandhar, Jhan Kaji, 'Nepal-Legend and Drama', Publisher : Sukha Veti Manandhar Banepa Wankhya, Nepal, 1982.

161. Nepali, Gopal Singh, 'The Newars' (An Ethno-Sociological Study of a Himalayan Community), United Asia Publications 12, Rampath Row, Bombay-1 (First Edition), Jen. 1965.

162. Peissel, Michel, "Musting- A lost Tibetan Kingdom', Collins and Harvill Press, London, 1968.

163. Rajbhandary, Adya Charan, 'The Coronation Book of Their Majesties of Nepal' (King Mahendra Bir Bikram Shaha Deva & Queen Ratna Rajya Lakshmi Devi Shaha), Printed by M. K. Mukerji, Temple Press, Calcutta (India), 1956 (2013).

164. Regmi, Dilli Raman, 'Ancient and Medieval Nepal', Kathmandu, Nepal, 1952.

165. Regmi, Dilli Raman, 'Modern Nepal', Calcutta, 1961.

166. Regmi, Mahesh Chandra, 'Nepali Economic History',

167. Saymi, Dhooswan. 'The Lotus & the Flame' (An account on Nepalese Culture), Department of Information, Ministry of Communication, HMG/Nepal, Kathmandu, February 1972.

168. Thapa, N. B. & Thapa, D. P., 'Geography of Nepal' (Physical, Economic, Cultural & Regional), Orient Longmans, Calcutta, 1969.

169. Statistical Pocket Book, NEPAL, 1982, Central Bureau of Statistics, Kathmandu, March, 1982.